६. वैदिक समाजका चार वर्ण – वैदिक साहित्यमा समाजको कल्पना एउटा सुसंगठित शरीरधारी पुरुषका रूपमा गरिएको छ । त्यो पृथक्-पृथक् रूपमा विभक्त थिएन । त्यो एउटा भेदरहित संगठन थियो । समाजका चार वर्णलाई परस्परमा सहयोग गर्ने पूर्ण शरीरका अपरिहार्य अंगसमान मानिएको छ ।[३०] यस मन्त्रका अनुसार पूर्ण शरीरका अंगसमान यिनी वर्णहरूमा न कुनै ठूलो छ, न त कुनै सानो । शरीरको कुनै अंगलाई निकृष्ट भन्न सकिन्न । भिन्न भिन्न अंगका आ-आफ्नै कार्य रहेका छन् र तिनैद्वारा सबै एक-आपसमा मिलेर शरीर (समाज)लाई संरक्षण र पोषण गर्दछन् । मुखमण्डलमा मस्तिष्क र सबै ज्ञानेन्द्रिय रहेका छन् । उनीहरूले शरीरलाई मार्ग देखाउनुका साथै विभिन्न पदार्थ र परिस्थितिप्रति सचेत गराउने कार्य गर्दछन् । त्यसै गरी ब्राह्मण वर्गले समस्त समाजको उन्नति र कल्याणका लागि सोच्दछ एवं समाजलाई शिक्षित गर्दछ । बाहुहरू जसरी आपत्ति आउँनासाथ आक्रमण हुँनासाथ प्रतिकारका लागि उठ्दछन्, त्यसै गरी क्षत्रिय धर्मले समाजलाई विपत्ति र बाह्य आक्रमणबाट सुरक्षा गर्दछ । जसरी शरीरको जंघाले मनुष्यलाई आवश्यक पदार्थ जुटाउन, कृषि आदि कर्म गर्न र त्यसद्वारा उदर पोषणमा सहायता गर्दछ, त्यसै गरी वैश्यको कर्म (व्यवसाय) देशविदेशमा घुमेर समाजका लागि आवश्यक सामग्री जोर जाम गर्नु, कृषिको व्यवस्था गर्नु, पशु पालन गर्नु आदि हो । त्यसै गरी पाउकै भरमा समग्र शरीर खडा रहन्छ र यता-उता हिँडडुल गर्न समर्थ हुन्छ । त्यसै गरी शूद्रवर्ण पनि सम्पूर्ण समाजको आधार हो । त्यसैले आफ्नो शिल्प र श्रमद्वारा आवश्यक साधन र उपकरणहरू समाजका सबै वर्गहरूका लागि उपलब्ध गराउँदछ । त्यसैले शुद्धिको माध्यमबाट रोगरहित स्वस्थ जीवनलाई संभव बनाउँछ । जसबाट समाजका सबै वर्ग गतिशील भएर प्रगति पथमा अग्रसर हुन्छन् । यसरी वैदिक वर्णव्यवस्थाको अर्थ गुणकर्म हो, न कि जाति । यसका मतमा सबैको समान आवश्यकता रहेको छ । सबैको समान महत्त्व छ, यहाँ न कुनै उँच नीचको भेदभाव छ, न त कुनै अस्पृश्यता नै । वेदको स्पष्ट उद्घोष छ – न कुनै ठूलो छ, न त सानो नै । यी सबैभाइ एकसाथ सौभाग्यका लागि बढ्दछन् ।[३१] त्यसैले यजुर्वेदको एउटा मन्त्रमा सबै कर्मकारहरूको महत्त्वलाई समान रूपमा प्रस्तुत गर्दै, काठको काम गर्ने मिस्त्री, रथनिर्माता, कुमाले, विश्वकर्मा(कामी), निषाद(माछामार्ने), पुञ्जिष्ठ (पक्षी बेच्ने), र शिकारी सबैलाई नमस्कार गरिएको छ ।[३२] यिनै आधारमा वेदले शूद्र र आर्य सबैको कल्याण देखेर काम गर्न निर्देश दिएको छ ।[३३] परमेश्वरसँग ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र सबैमा समान रूपले दीप्ति आधान गर्न प्रार्थना गरिएको छ । जसबाट सबैको कल्याण हुनुका साथै कसैलाई पनि अपमानित हुन नपरोस् ।[३४] सबैको समान समृद्धिमा नै समाजको समृद्धि संभव छ । समाजमा सबै स्वस्थ रहँदा नै समाजले उचित दिशामा प्रगति गर्न सक्दछ ।

---

[२०] यज्ञो यज्ञेन कल्पन्ताम् । – शुक्लयजुर्वेद ।
[२१] ध्वरति हिंसाकर्मा तत्प्रतिषेधो निपातः अहिंस्र । – निरुक्त ।
[२२] इदमहमनृतात् सत्यमुपैमि । – यजुर्वेद १।५ ।
[२३] आरोहणमाक्रमणं जीवतो जीवतोऽयनम् । – अथर्ववेद ५।३०।७ ।
[२४] मित्रस्य चक्षुषा समीक्षामहे । – यजुर्वेद १६।१८ ।
[२५] सर्वा आशा मम मित्रं भवन्तु । – अथर्ववेद १९।१५।६ ।
[२६] मानो द्विक्षत कश्चन । – अथर्ववेद १२।१।२४ ।
[२७] पुमान् पुमांसं परिपातु विश्वतः । – ऋग्वेद ६।७५।१४ ।
[२८] ऋग्वेद । १०।२२।८ ।
[२९] अथर्ववेद १२।२।५१ ।
[३०] ब्राह्मणोऽस्य मुखमासीद् वाहू राजन्यः कृतः । ऊरु तदस्य यद् वैश्यः पद्भ्यां शूद्रो अजायत ॥ – ऋग्वेद १०।९०।१२ ।
[३१] अजेष्ठासो अकनिष्ठास एते सं भ्रातरो वावृधुः सौभगाय । – ऋग्वेद ५।६०।५ ।
[३२] यजुर्वेद १६।२७ ।
[३३] प्रियं सर्वस्य पश्यत उत शूद्र उतार्ये ।– अथर्ववेद १९।२६।१ ।
[३४] रु चं नो धेहि ब्राह्मणेषु रुचं राजसु नस्कृधि ।
रुचं विश्येषु शूद्रेषु मयि धेहि रुचा रुचम् । – यजुर्वेद १८।४८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७.वैदिक समाज र शिक्षा – वेदले सबैका साथ मधुर वाणीयुक्त व्यवहार गर्ने उपदेश दिएको छ । उसको कथन छ – मैले यस्तो कल्याणमयी वाणी बोलूँ र म यस्तो होऊँ, जसबाट मैले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र सम्पूर्ण जनताका लागि कल्याणकर ज्ञानको प्रचार र प्रसार गरूँ ।[३५] यथार्थमा भन्दा सम्पूर्ण शिक्षाको लक्ष्य भनेकै एउटा मनुष्यको परिस्थितिलाई सम्झनु र उसको रक्षा गर्नु नै हो ।[३६] वैदिक समाज व्यवस्थाले यस सामूहिक समन्वयका साथै व्यक्तिगत जीवनको पूर्णताका लागि पनि समन्वयमा बल दिएको छ । ब्रह्मचर्य या शिक्षाको महत्त्वका वारेमा अथर्व वेदमा एउटा सम्पूर्ण सूक्त प्रतिपादित छ ।[३७] ब्रह्मचारीको समाजमा अत्यन्त सम्मानजनक स्थान रहेको छ । ब्रह्मचारीमा नै देवताहरू समान रूपले शुभेच्छु हुन्छन् । साना-ठूला सबै जनहरूले ब्रह्मचारीको नै अनुसरण गर्दछन् । त्यसैले ब्रह्मचारीलाई आचार्य र प्रजापति पनि भनिएको छ । राजाले पनि ब्रह्मचर्यद्वारा नै राष्ट्रको रक्षा गर्दछन् ।[३८] वस्तुत: यहाँ ब्रह्मचर्यको माध्यमबाट ब्रह्मचर्याश्रममा शिक्षाको महत्त्वमाथि प्रकाश पारिएको छ । जीवनलाई पूर्ण, संयत र सभ्य बनाउन शिक्षाको महत्त्वमाथि बल दिनु एउटा उन्नत एवं स्वस्थ सामाजिक व्यवस्थाको लक्षण हो । शिक्षाले नै मनुष्यमा पशुताबाट अलग गरेर मानवताका गुणहरूलाई पल्लवित र पुष्पित गराउँछ । विद्याको अभावमा मनुष्य पशुसरह हुन जान्छ । यथार्थमा भन्दा ब्रह्मचर्याश्रम नै सबै आश्रमको मूल हो । यसको व्यवस्था बिग्रँदा सबै आश्रम र समाजको अवस्था बिग्रन जान्छ । आज हामीहरूले देखी र भोगिरहेका छौं – शिक्षा क्षेत्रमा भएका विकृति र विसंगतिले गर्दा सम्पूर्ण समाज र राष्ट्रको वातावरण विश्रृंखलित र अव्यवस्थित हुँदै गइरहेको छ । अर्काको भाषा र संस्कृतिलाई अनियन्त्रित र अनावश्यक रूपमा अपनाउँदा, आफ्ना भाषाको प्रयोग र आफ्ना संस्कृतिप्रति गौरव एवं सम्मान नहुँदा वास्तविक समाजनिष्ठ व्यवस्थाबाट हामीहरू टाढा हुँदै गइरहेका छौं । ब्रह्मचर्याश्रम भनेको तपस्याको अर्को नाम हो ।[३९] ब्रह्मचारीको जीवन तपोमय, संयमित र कठोर नियममा बाँधिएको हुन्छं । वैदिक व्यवस्था अनुसार समाजमा ज्ञान र बुद्धिका साथै शारीरिक शक्तिको पनि आवश्यकता हुन्छ । त्यसैले शरीरलाई पाषाणसदृश बनाउने प्रार्थना गरिएको छ ।[४०] वैदिक समाज व्यवस्थामा परिश्रम गर्ने, तपस्या गर्ने र विद्याका इच्छुक सबै शिक्षाका अधिकारी मानिएका छन् । सबैले ब्रह्मचर्याश्रममा प्रवेश गर्न सक्दछन् । सभ्य र सामाजिक बन्न यो आश्रम सबैका लागि अनिवार्य मानिएको छ । यसै आधारमा पछि गएर अनपढ व्यक्तिहरूलाई 'पतित सावित्रीक' तथा समाजबाट बहिष्कृत मान्न थालियो ।

८. वैदिक समाजमा मातृशक्ति – ब्रह्मचर्याश्रममा प्रवेशार्थ शूद्र या स्त्री कसैलाई पनि विषेध गरिएको छैन । कन्याले पनि ब्रह्मचर्यद्वारा युवक पतिलाई प्राप्त गर्दछिन् ।[४१] वाणी सूक्तले मातृशक्तिलाई परा शक्तिका रूपमा चित्रित गरेको छ । ती शक्तिले सम्पूर्णलोक र प्राणीहरूलाई धारण गर्दछिन् । उनी वायुसमान सर्वत्र निर्वाध रूपले जान्छिन् । यस पृथ्वी र द्युलोकभन्दा पनि टाढा उनको गति छ । यसैबाट उनका महिमाको अनुमान लगाउन सकिन्छ ।[४२] वेदले विधवालाई स्पष्ट रूपमा पुनर्विवाहको लागि प्रेरित गर्दछ । पतिको शवका समीप बसेकी शोक विह्वल स्त्रीलाई सम्बोधन गर्दै वेदमा भनिएको छ – तिमी उठ र जीवित जनहरूको लोकमा आऊ । तिमीलाई धारण–पोषण गर्ने तथा पाणिग्रहण गर्न इच्छुक व्यक्तिका साथ तिमी पतिका साथ जस्तै अनुभव गर ।[४३] त्यस समयमा पुनर्विवाहको विषयलाई लिएर स्त्री-पुरुषलाई समान रूपले अवसर प्राप्त थियो ।

९. वैदिक समाज र गृहस्थाश्रम – वैदिक समाज व्यवस्था समन्वयात्मक छ । ब्रह्मचर्य एवं तपस्यापश्चात् जीवनको पूर्णता एवं समाजको आवश्यकता र त्यसको पोषणका लागि ब्रह्मचर्याश्रमको समाप्तिपछि व्यक्तिको विवाह गरेर गृहस्थाश्रममा प्रवेश गर्नु आवश्यक मानिएको छ । यस सन्दर्भमा मनुको कथन छ – जसरी सबै नद र नदीहरू समुद्रमा नै स्थिर र आश्रित हुन्छन्, त्यसै गरी सबै आश्रम गृहस्थाश्रममा नै आश्रित हुन्छन् ।[४४]

वेदको आदेश छ विवाह गरेपछि पतिपत्नीले एउटै घरमा (पतिको घरमा) रहनुपर्दछ र अलग हुनु हुँदैन । पुत्र र नाति-नातिनाहरूसँग खेल्दै आफ्ना घरमा आनन्दित भएर पूर्ण आयु प्राप्त गर्नुपर्दछ ।[४५] अर्थात् गृहस्थ जीवन बिताउनुपर्दछ । ऋग्वेदको यस आदेशले पति पत्नी अलग नहुनु र मिलेर बस्नु गृहस्थको प्रथम आदर्श हो । गृहस्थका अन्य सुविधा र आमोद–प्रमोदहरू यसैमा नै आधारित छन् । यसै गरी अथर्ववेदको निर्देशन छ – पत्नीले पतिप्रति

---

[३५] यथेमां वाचं कल्याणीमावदानि जनेभ्य: ।
ब्रह्मराजन्याभ्यां शूद्राय चार्याय च स्वाय चारणाय च ॥ – वां.सं. २६।२ ।

[३६] पुमान् पुमांसं परिपातु विश्वत: । – ऋ. ६।७५।१४ ।

[३७] अथर्ववेद ११ को पाचौं सूक्त ।

[३८] ब्रह्मचर्येण तपसा राजा राष्ट्रं वि रक्षति । – अथर्ववेद ११।५ ।

[३९] ब्रह्मचारी..........लोकांस्तपसा पिपर्ति । – अथर्ववेद ११।५।४ ।

[४०] अश्मा भवतु नस्तनू: । – वा.सं. २९।४९ ।

[४१] ब्रह्मचर्येण कन्या युवानं विन्दते पतिम् । – अ.वे.११।५।१८ ।

[४२] अहमेव वात इव प्रवाम्यारभमाणा भुवनानि विश्वा ।
परो दिवा पर एना पृथिव्यैतावती महिमा सं बभूव ॥ – ऋग्वेद १०।१२५।८ ।

[४३] उदीर्ष्व नार्यमि जीवलोकं गतासुमेतमुपशेष एहि ।
हस्तग्राभस्य दिधिषोस्तवेदं पत्युर्जनिलमभि सं बभूथा ॥ – ऋग्वेद १०।१८।८ ।

[४४] यथा नदीनदा: सर्वे सागरे यान्ति संस्थितिम् ।
तथैवाश्रमिण: सर्वे गृहस्थे यान्ति संस्थितिम् ॥ – मनु ६।९० ।

[४५] इहैव स्तं मा वि यौष्टं पूर्णमायुर्व्यसुतम् ।
क्रीडन्तौ पुत्रैर्नप्तृभिर्मोदमानौ स्वे दमे ॥ – ऋ. १०।८५।४८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्त र मधुर वाणी बोल्नुपर्दछ ।[४६] मधुर वाणीले न केवल घरको वातावरणलाई मधुर बनाउँछ, अपि तु घरबाहिर काम गर्ने पतिलाई र उसको सम्पर्कमा आउनेहरूलाई पनि प्रभावित गरेर कार्यक्षमता बढाउन सहयोग पुऱ्याउँछ । मनुष्यको बाह्य जीवनमा परिवारको प्रतिविम्ब अवश्य पर्दछ । त्यसै गरी वैदिक व्यवस्थाले नव विवाहितालाई पूर्ण अधिकार दिएर अद्भुत सामाजिक सन्तुलन स्थापित गरेको छ । नव वधुसँग भनिएको छ – 'तिमी आफ्ना ससुरा, सासु, देवर र नन्दकी साम्राज्ञी होऊ' भनेर उनलाई परिवारको सर्वोच्च शासकको पदमा पुऱ्याइएको छ ।[४७] यस पदको प्रतिष्ठा उनले कटुताबाट हैन मधुरताबाट नै बनाउन सक्तछिन् । त्यसै कारण पत्नीलाई नै घर भनिएको छ ।[४८] गृहस्थीका केन्द्र सन्तानहरू हुन्छन् । पति-पत्नीका अधिकांश प्रयत्न सन्तानहरूको सुख-सुविधाका लागि हुन्छन् । संभवतः त्यसैले पत्नीलाई जाया भनिएको हो । उनले सन्तानलाई जन्म दिनुका साथै उनीहरूको निर्माण पनि गर्दछिन् । उनी पतिकी पूर्णता हुन् । पति उनीविना अधुरा हुन्छन् ।[४९] पति र पत्नीको संयोग केवल शारीरिक संयोग मात्र नभएर यो हार्दिक संयोग पनि हो ।[५०] यही हार्दिक संयोग नै वैदिक विवाहको आदर्श हो । पति पत्नीको प्रेममा आधारित यस संयोगको तुलना चखेवा-चखेवीसँग गरिएको छ ।[५१] हार्दिक संयोगको यसै भावनाले नै पतिपत्नी र परिवारमा पूर्ण सामञ्जस्य स्थापित गर्दछ । त्यसैले वेदले सामर्थ्यभन्दा अधिक सन्तानोत्पत्तिलाई अनुमति दिदैँन । ऋग्वेदले भनेको छ – अधिक सन्तान भएकाहरूलाई धेरै कष्ट हुन्छ ।[५२] वेदको भावना छ – जति सन्तान हुन्छन् , ती सबै वलिष्ठ र महान् होऊन् ।[५३]

वैदिक सामाजिक व्यवस्थामा घरलाई धेरै महत्त्वपूर्ण स्थान प्राप्त छ । यजुर्वेदमा प्रार्थना गरिएको छ – पृथ्वीमा घर दृढ रहुन् ।[५४] घरमा पूर्ण समृद्धि र वैभव होस् र अथर्व वेदको अभिलाषा रहेको छ – हाम्रा घरहरू मधुर वाणीले युक्त, भाग्यशाली, अन्नले परिपूर्ण, प्रमोदपूर्ण हाँस्य भएका, तृषा र क्षुधारहित होऊन् ।[५५] यथार्थमा भन्दा यस्ता घर-परिवार उन्नत र प्रगतिशील समाजका आदर्श हुन् । यो आदर्श शुद्धकर्महरूद्वारा व्यसनहरूबाट टाढा रहेर मात्र प्राप्त गर्न सकिन्छ । त्यसैले वेदको आदेश छ – ए मनुष्य ! जुवा नखेल, कृषिकर्मजस्तो शुद्ध कर्म गर र जुन धन उपलब्ध हुन्छ , त्यसमा प्रसन्न रहू ।[५६]

१०. निष्कर्ष – वैदिक समाज व्यवस्थाको विशेषता भनेकै त्यसमा निहित पूर्णता हो । समाजका प्रत्येक व्यक्तिले मनका कामनाहरूको पूर्ति, मनमा उत्तम योग्यताको चिन्तन, विचार र वाणीमा सत्यता, पशु-समृद्धि, अन्नको रस, यश र शोभाको प्रार्थना गर्दछन् ।[५७] यसरी वेदले सबै मानवलाई पूर्णताद्वारा उन्नत जीवनको मार्गमा लैजान चाहन्छ ।[५८] यसका लागि प्रत्येक व्यक्तिको मनलाई कल्याणमय संकल्पयुक्त हुने कामना गरिएको छ ।[५९] मैले कहिले पनि दुष्कर्म नगरूँ, मेरो मनमा कसैप्रति दुर्भावना न उठोस् किनभने कुमार्गमा चल्ने या दुष्कर्म गर्ने व्यक्तिले ऋत, सत्य र शाश्वत नियमको मार्गलाई पार गर्न सक्तैन ।[६०] यो अकर्मण्यता र आलस्यको मार्ग होइन, यो त कर्म, परिश्रम र जागरणको मार्ग हो । मेरो दाहिने हातमा कर्म भयो भने मेरो बायाँ हातमा स्वतः नै विजय हुने छ ।[६१] ईश्वर पनि उसैको मित्र या सहायक हुन्छ, जो गतिशील या कर्मशील छ ।[६२] जुन व्यक्तिहरू कर्म गर्दा-गर्दै थाक्दैनन्, देवता उनका मित्र हुन्छन् ।[६३] त्यसैले मानव मात्रले कर्म गर्दै सय वर्षसम्म बाँच्ने इच्छा राख्नुपर्दछ ।[६४] अतः स्वप्नलाई त्याग गरेर जागृत भई कर्म गर्नु प्रत्येक मनुष्यका लागि आवश्यक मानिएको छ । जाग्नु समृद्धि र ऐश्वर्यका लागि हुन्छ भने सुत्नु (स्वप्न) असमृद्धि एवं अनैश्वर्यका लागि ।[६५] यो जागर आँखा खोलेर हेर्ने जागरण मात्र होइन, यो जागरण मानसिक जागरण पनि हो ।

---

[४६] (क) जाया पत्ये मधुमतीं वाचं वदतु शन्तिवाम् । – अ.वे. ३।३०।२ ।
(ख) स्वस्ति मात्र उत पित्रे नो अस्तु । – अथर्ववेद १।३१।४ ।
[४७] साम्राज्ञी श्वसुरे भव साम्रज्ञी श्वश्रूवां भव ।
ननान्दरि साम्राज्ञी भव साम्राज्ञी अधि देवृषु ॥ – अथर्ववेद १४।१।२२ ।
[४८] जायेदस्तम् । – ऋग्वेद ३।५३।४ ।
[४९] तस्मात् पुरुषो जायां वित्वा कृत्स्नतरमिवात्मानं मन्यते । – ऐतरेय ब्राह्मण १।२।५ ।
[५०] समञ्जन्तु विश्वेदेवाः समायो हृदयानि नौ । –ऋ. १०।८५।४७ ।
[५१] इहेमाविन्द्र सन्नुद चक्रवाकेव दम्पती । अथर्ववेद १४।२।६४ ।
[५२] वहुप्रजा निर्ऋतिमा विवेश । – ऋग्वेद १।१६४।३१ ।
[५३] मम पुत्राः शत्रुहणोऽथो मे दुहिता विराट् । – ऋ. १०।१५९।३ ।
[५४] दृंहन्तां दुर्याः पृथिव्याम् । – यजुर्वेद १।११ ।
[५५] सूनृतावन्तः सुभगा इरावन्तो हसामुदाः ।
अतृष्या अक्षुध्या स्त गृहा मास्मद् विमीतन ॥ – अ.वेद ७।६०।९ ।
[५६] अक्षैर्मादीव्यः कृषिमित्कृषस्व वित्ते रमस्व बहुमन्यमानः । – ऋ. १०।३४।१३ ।
[५७] मनसः काममाकूतिं वाचः सत्यमशीय ।
पशूनां रूपमन्नस्य रसो यशः श्रीः श्रयतां मयि स्वाहा ॥ – वा.सं. ३९।४ ।
[५८] कृधी न ऊर्ध्वान् चरथाय जीवसे । – ऋ. १।३७।२४ ।
[५९] तन्मे मनः शिवसङ्कल्पमस्तु । – वा.सं. ३४।६ ।
[६०] ऋतस्य पन्थां न तरन्ति दुष्कृतः । – ऋ. ९।७३।६ ।
[६१] कृतं मे दक्षिणे हस्ते जयो मे सव्य आहितः । – अ.वेद ७।५२।८ ।
[६२] इन्द्र इच्चरतः सखा । – ऐ. ब्राह्मण ७।१५ ।
[६३] न ऋते श्रान्तस्य सख्याय देवाः । – ऋ. ४।३३।११ ।
[६४] कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः । – वा.सं. ४०।२ ।
[६५] भूत्यै जागरणम् अभूत्यै स्वप्नम् । – वा.सं. ३०।१७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा चारैतर्फ जे भइरहेको छ, त्यसप्रति हामीहरू जागरुक हुनुपर्दछ । हामी नै अग्रणी पुरोहित हौँ र हामी राष्ट्रमा जागरित भइरहनुपर्दछ ।[६६]

व्यक्तिहरूबाट नै समाजको उन्नति हुन्छ । प्रत्येक व्यक्तिको बुद्धि र बल यति उन्नत होस्, जसका कारण चारै दिशाहरू उसका सामुन्ने नतमस्तक होऊन् ।[६७] यही नै वैदिक महर्षिहरूको सामाजिक समुन्नतिको आदर्श हो । आदर्श समाज निर्माणका लागि उल्लूजस्ता अज्ञानी, ब्वाँसो जस्ता हिंसक प्रवृत्ति भएका, कुकुरजस्ता इर्ष्यायुक्त, बाजजस्ता मदयुक्त तथा गिद्धजस्ता लोभी जनहरूबाट समाज मुक्त हुनु आवश्यक छ । त्यसै कारण इन्द्र (परमेश्वर)सँग यस्ता व्यक्तिहरूको विनाशका लागि प्रार्थना गरिएको छ ।[६८] अन्तमा वाजसनेयी संहितामा उल्लिखित वैदिक सामाजिक समुन्नतिको भावनालाई अग्रसारित गर्दै यस आलेखलाई विराम दिने अनुमति चाहान्छु । हे परमेश्वर !, हाम्रा राष्ट्रमा ब्रह्मतेजयुक्त ज्ञानी विद्वान् होऊन्, समृद्ध स्त्रीहरू होऊन्, विजयी सैनिक र वीर युवकहरू सभामा बसेर विचार-विमर्श गर्न समर्थ होऊन् ।[६९] यही वैदिक मनीषीहरूको कामना थियो र यही नै वैदिक समाज व्यवस्थाको आदर्श हो । शिवमस्तु ।

सन्दर्भग्रन्थ सूची

१. ऋग्वेद संहिता, वाराणसी : चौखम्वा विद्याभवन, १९९१ ।

२. शुक्लयजुर्वेद संहिता, वाराणसी : मोतिलाल बनारसीदास, १९७८ ।

३. सातवलेकर श्रीपाद दामोदर(व्याख्याता तथा सम्पादक), अथर्ववेद संहिता, औध : स्वाध्याय मण्डल, १९३५

४. श्रीमद्भागवत-महापुराण (छियालीसवाँ संस्करण), गोरखपुर : गीता प्रेस, वि.सं. २०५९ ।

५. ऐतरेयब्राह्मणम्, वाराणसी : तारा प्रिंटिंग वर्क्स, १९८० ।

६. निरुक्तम्, वारणसी : चौखम्वा विद्याभव, १९८३ ।

७. वाजसनेयी संहिता (महीधरकृतवेददीपाख्यभाष्यसहिता), वाराणसी : चौखम्वा संस्कृत सीरीज अफिस, १९७२ ।

८. उपनिषत् संग्रह, वाराणसी : मोतिलाल बनारसीदास, १९८४ ।

९. मनुस्मृति, दिल्ली : चौखम्वा संस्कृत प्रतिष्ठान, २००७ ।

---

[६६] वयं राष्ट्रे जागृयाम पुरोहिताः । – वा.सं. ९।२३ ।

[६७] मह्यं नमन्तां प्रदिशश्चतस्रः । –ऋ. १०।१२८।१ ।

[६८] उलूकयातुं शुशुलूकयातुं जहि श्वयातुमुत कोकयातुम् ।
सुपर्णयातुमुत गृध्रयातुं दृषदेव प्र मृण रक्ष इन्द्र ॥ – ऋ. ७।१०४।२२ ।

[६९] आ ब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामाराष्ट्रे राजन्यः शूर इषव्योऽतिव्याधी महारथो जायताम् .... पुरन्धिर्योषाजिष्णू रथेष्ठाः सभेयो युवास्य यजमानस्य वीरो जायताम् ॥ – वा. संहिता २२।२२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा संस्कृत अध्ययन अध्यापनको परम्परा

प्रा. डा. विष्णुप्रसादशर्मा देवकोटा

१ विषय प्रवेश

संस्कृत एक वाङ्मय र भाषा पनि हो । यो विभिन्न विचार , अनुभव , प्रविधि, स्वास्थ्यविज्ञान र अध्यात्मको खानी हो । यसलाई हामी हाम्रो वैचारिक र भाषिक स्रोत पनि भन्न सक्दछौं । भाषा एक विचार सम्प्रेषणको माध्यम हो । सृष्टिकाल देखि नै संसारका सम्पूर्ण प्राणीहरूलाई आ-आफ्ना भाव र विचारहरूलाई प्रकट गर्न दुई साधनहरू प्राप्त भए – शब्द र सङ्केत । शब्दहरू आजका जस्ता परिष्कृतरूपमा होइन, अपरिष्कृतरूपमा नै प्राप्त भए । भाषाको आजको रूप त मानिसको अनन्तकालको खोज, परिश्रम र परिष्कारको फल हो । शब्द दुई प्रकारका हुन्छन् – सार्थक र निरर्थक । मानवले आफ्ना भाव र विचार प्रकट गर्नका लागि जुन मौखिक शब्दहरूको प्रयोग गर्दछ, ती सार्थक शब्दहरू हुन् र मानवेतर प्राणीहरूद्वारा जुन मौखिक शब्द वा ध्वनिहरू बोलिन्छन् ती मानवका लागि निरर्थक हुन् तर मानवेतर ध्वनि वा भाषा बुझ्ने विधा पनि आज विकसित हुदैछन् ।

शब्द शब्द नेपालीको तत्सम शब्द हो । यसको व्युत्पत्ति हुन्छ, शपति=अर्थमाकोशति श्रोतुः प्रतीतिपथमवतारयितुम् । यसको अर्थ हो श्रोतालाई बुझाउन अर्थलाई बोल्ने वाला अर्थात् अर्थबोधक शब्द त्यसको अर्थ हो । यस विग्रहमा शप आक्रोशे पाणिनीय धातुबाट औणादिक दन् प्रत्येय भएर शब्द नामक शब्द रचना हुन्छ ।

भावाभिव्यक्तिको अर्को साधन हो सङ्केत । सङ्केत पनि दुई प्रकारका हुन्छन् – इसारास्वरुप र मुखाकृतिबोध्यरूप । हामीले हात खुट्टा टाउको र सम्पूर्ण शरीरनै हल्लाउने एवम् कुनै मुद्राबाट आफ्ना भावहरू प्रकट गरेको देख्दछौ । स्वयम् पनि ती र तीमध्ये कुनै माध्यमद्वारा आफ्ना आशय र भाव व्यक्त गर्दछौं । लाटा र बहिराहरूका लागि यस्ता इसाराको प्रयोग हुन्छ । यसरी इसारा पनि भावाभिव्यक्तिको माध्यम हो । अर्को सङ्केत हो मुखाकृति बोध्य । कुनै धार्मिक सनातन संस्कृति र परम्परामा निष्ठावान् व्यक्तिलाई तपाईकी कन्या (अविवाहिता छोरी) गर्भिणी भएकी छिन् भन्ने कुनै डाक्टर वा अनुभवीले भनेमा सो सुन्नेबित्तिकै ऊ विवर्ण र उदासीन एवम् दुःखी हुन्छ । उसको त्यस बेलाको मुखाकृतिले उसको स्थिति र पीडाको बोध गराउँछ । यस्तै कुनै पुत्राभिलाषी सद्‌गृहस्थीलाई तपाईंको छोरो जन्मेको छ भन्दा उसको मुखाकृति हसिलो देखिन्छ । ऊ प्रसन्न देखिन्छ[1] काम, कोध, लोभ र मोह आदिबाट पनि मुखाकृतिमा फरक आउछ । यसरी सङ्केत पनि भावाभिव्यक्तिको व्यञ्जक हो तर शब्द या शब्दहरूको समूह भाषाभिव्यक्तिको शीघ्र, सुगम, सभ्य, सरल, सुबोध र चिरस्थायी राख्न सकिने साधन भएको हुनाले यसको नै प्रचलनका साथै विकास र परिष्कार हुँदै गयो र आजको स्थिति र सामर्थ्यमा भाषा पुगेको हो ।

आजका भाषाविद्‌हरू मानववाणी वा बैखरी बोलीलाई मात्र भाषा भन्दछन् तर हाम्रा पूर्वीय चिन्तकहरूले एकतर्फ मानवीय प्राणीका सूक्ष्म चिन्तनात्मक अश्रव्य रूप र मध्यमावाणीको र अर्को तर्फ अमानव प्राणीका वाणीहरूको पनि अध्ययन गरेका छन् । यसरी के भन्न सकिन्छ भने जहिलेदेखि मानवजाति छ, मानव मस्तिष्क छ, मानव मन छ, त्यसबेला देखिनै उसको भाषा छ । भाषाविना चिन्तन र मस्तिष्कको कल्पना पनि गर्न सकिन्न , चाहे त्यो अविकसित भाषा नै किन नहोस् । ऋगवेदमा भाषाका तीन रूपहरूको चर्चा छ , अस्पष्ट, अर्धस्पष्ट र सुस्पष्ट । मानववाणीलाई सुस्पष्ट नामक भेदले सङ्केत गरिएको छ । शतपथ ब्राह्मणमा वाणीका चार सिंढीहरूको चर्चा भएको कुरा भाषा वैज्ञानिकहरू लेख्दछन् । ती चार श्रेणीहरू हुन् - १. सरीसृपवाणी २. पक्षिवाणी ३. पशुवाणी ४. मानववाणी । यसरी भाषाको अध्ययन वेदकालिक भएको तथ्य स्पष्ट हुन्छ र त्यतिखेर देखिनै यसको परिष्कार र विश्लेषणको काम हुँदै गएको हो । भाषाको उत्पत्ति आधुनिक होइन ।

परिवार, समाज र स्थान विशेषको भाषा फरक-फरक भएझैं प्रारम्भमा देवपरिवारमा संस्कृत भाषाको सृष्टि र प्रचलन भयो । असुर, यक्ष, गन्धर्व र सनातनधर्मावलम्बी ऋषि, महर्षि र राजा महाराजाहरूले देवपरिवारसँग संस्कृतभाषा सिकेर व्यवहारमा ल्याए । प्रथमवाणी र विचारका स्रोत वेदहरू संस्कृतमा लेखिएका कारण पनि संस्कृतको व्यवहार चलेको हो । देवपरिवार र देवताहरूको भाषा संस्कृत भएको हुनाले नै यसलाई देववाणी भनिएको हो ।

२ भाषाको उत्पत्ति

यूरोपियन विचारधारा अनुसार मनुष्य एक विचारशील प्राणी हो । अर्थात् ती विचारकहरू अनुसार मानिसको आदि सँस्कृति पशुहरूको संस्कृति थियो । शनैः शनैः विकास पाएर पशुहरू पनि मनुष्य बनेका हुन् । किन्तु पूर्वीय चिन्तकहरू, शास्त्र र शास्त्रकारहरू सृष्टिका सम्पूर्ण जीवजन्तु - स्थावर र जङ्गमहरूको उत्पत्ति एकै साथ भएको मान्दछन् । डार्विनको विकासवादको विपरीत हाम्रा शास्त्र र शास्त्रकारहरूको मत यो छ अनेक प्रकारका प्राणीहरू एक समयमा एकै साथ उत्पन्न भए । ब्रह्माजीबाट उनका मानसपुत्रहरू र उनका पुत्रहरू उनीहरूबाट जन्मे –

ब्रह्मणो मानसाः पुत्रा विदिताः षड्महर्षयः ।
मरीचिरत्र्यङ्गिरसौ पुलस्त्यः पुलहः कतुः ॥
मरीचेः कश्यपः पुत्रः कश्यपात्तु इमाः प्रजाः ।

---

[1] विश्वनाथ पञ्चानन, न्यायसिद्धान्तमुक्तावली, शब्दखण्ड, चौखम्वा संस्कृत सिरीज आफिस वाराणसी १९७२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजज्ञिरे महाभागा दक्षकन्यास्त्रयो दश ॥ [२]

कश्यपबाट जन्मेका प्रजाहरूले वाणी वा बोली पनि उनैबाट पाए –

अनादिनिधना नित्या वागुत्सृष्टा स्वयंभुवा ।
आदौ वेदमयी दीव्या यत: सर्वा: प्रवृत्तय: ॥ [३]

यसरी ऋषिहरूद्वारा सृष्टिको आरम्भमा नै वेदहरूको आधारमा सर्वव्यपहारोपयोगी भाषाको उपदेश भयो । ऋग्वेद स्वयं भन्दछ – "देवीं वाचमाजनयन्त देवास्तां विश्वरुपा: पशवो वदन्ति" । यसरी देवता र ऋषिहरूद्वारा वेदहरूको आधारमा उपदेश गरिएको भाषा सँस्कृत भाषा नै थियो । यस कारण पनि संस्कृत भाषालाई "गीर्वाणवाणी" पनि भनिन्छ ।

३ संस्कृत नाम पर्नुमा कारण

प्राचीन कालमा देववाणी संस्कृत अव्याकृत वा प्रकृति प्रत्यय आदिको विभागले शून्य थियो । शब्दहरूको उपदेश र साधुत्वसम्पादन प्रतिपदपाठद्वारा हुने गर्दथ्यो । प्रतिपदपाठको अर्थ हो, यो शब्द पनि शुद्ध हो, यो पनि शुद्ध हो र प्रयोगार्ह हो भनेर प्रत्येक शुद्ध वा साधुशब्दलाई पढाउनु वा पढाउने तरिका यो गुरुभूत र धेरै समयसाध्य प्रकिया हो । यसरी शुद्ध शब्दको ज्ञानमा अत्यन्त परिश्रम र त्यो भन्दा पनि बढी समयको व्यय हुने गर्दथ्यो । इन्द्र जस्ता प्रवक्ता गुरु र बृहस्पति जस्ता श्रोता चेलाले पनि यस प्रक्रियाद्वारा व्याकरणको ज्ञान गर्न सकेनन्, पारपाउन सकेनन्[४] । यसकारण देवताहरूले त्यस समयका महान् शाब्दिक वैयाकरण आचार्य इन्द्रसँग प्रार्थना गरे – देव ! हजुरले शब्दोपदेशको शब्दसाधुताको कुनै यस्तो सरल प्रकिया निकाल्नु पऱ्यो वा उपदेश गर्नु पऱ्यो जसबाट स्वल्पपरिश्रम र समयमा साधुशब्दहरूको ज्ञान हुन सकोस् । देवताहरूको यस्तो प्रार्थना सुनेपछि देवराज इन्द्रले देवभाषा संस्कृतका प्रत्येक शब्दहरूलाई मध्यबाट विभक्त गरेर प्रकृतिप्रत्ययको विभागद्वारा शब्दोपदेशको नयाँ प्रकिया प्रारम्भ गरे[५] । पाणिनि व्याकरणको पनि यसै प्रकृति-प्रत्यय विभागरूपी संस्कारद्वारा संस्कृत नाम परेको हो । यसै कारण, संस्कृतवाङ्मयमा पदलालित्यका सम्राट् मानिएका दण्डीले आफ्नो काव्यादर्शमा लेखेका छन् –: "संस्कृतं नाम दैवी वाक् अन्वारव्याता महर्षिभि: ।" प्रथम-परिच्छेद, ३३ श्लोक । यसरी, संस्कृतबाट अपभ्रंश र प्राकृत पाली आदि भाषा जन्मेका हुन्, प्राकृतबाट या अन्य कुनै अपभ्रंश भाषाबाट संस्कार गरेर संस्कृत बनेको होइन । पाणिनीय व्याकरणका दार्शनिक विद्वान् भर्तृहरिले पनि भनेका छन् – "दैवी वाग् व्यवकीर्णेयमशक्तैरभिर्धातृभि:"[६] । अर्थात् संस्कृत नपढेका र त्यसलाई पढ्न छोडेकाहरूबाट व्याकरणको ज्ञान नभएकाहरूबाट संस्कृत भाषा अपभ्रष्ट पारियो र विभिन्न अपभ्रंश शब्द र भाषाहरू निक्ले । शुद्ध शब्द गौ: बाट गाई गाय, गैया, गावी, गोणी र गोपोतलिका आदि अपभ्रंश शब्दहरू यसै आधारमा बनेका हुन् ।

प्राकृत आदि अपभ्रंश भाषाभन्दा संस्कृत भाषाको उच्चारण बढी ल्किष्ट र संश्लेषणात्मक हुन्छ, तथा प्राकृतको उच्चारण संस्कृतको भन्दा सरल र विश्लेषणात्मक हुन्छ । यसरी, सरल उच्चारण र विश्लेषणात्मक प्राकृत भाषाबाट ल्किष्ट उच्चारण र संश्लेषणात्मक सँस्कृतको उत्पत्ति हुन सक्दैन । वरु ल्किष्ट र संश्लेषणात्मक संस्कृतबाट सरल र विश्लेषणात्मक पाली, प्राकृत आदि भाषाको उत्पत्ति नै सम्भव छ । यो शिक्षाशास्त्रीय नियम हो ।

४ संस्कृत शब्दको प्रथम प्रयोग:–

लौकिक संस्कृतवाङ्मयमा देववाणीको लागि संस्कृत शब्दको व्यवहार सर्वप्रथम आदिकवि वाल्मीकिले गरेका हुन् ।

अहं ह्यतितनुश्चैव वानरश्च विशेषत: ।
वाचं चोदाहरिष्यामि मानुषीमिह संस्कृताम् ॥
यदि वाचं प्रदास्यामि द्विजातिरिव संस्कृताम् ।
रावणं मन्यमाना मां सीता भीता भविष्यति ॥[७]

सीतान्वेषणको प्रसङ्गमा लङ्का पुगेका हनुमान् जी सीतालाई भेट्टाएपछि वैचारिक उथलपुथलमा पुग्दछन् र आफूलाई भगवती सीता समक्ष कसरी प्रकट गर्ने भन्ने कुरामा व्यग्र हुन्छन् । लङ्का स्वयं मायानगरी र लङ्केश रावण मायावी थियो । कुनै पनि भेश र भाषा वनाएर सीतालाई भ्रष्ट पार्न सक्ने स्थिति र मन:स्थिति रावणको थियो । हनुमान् जी आफ्नो र आफ्नो व्यवहारका कारण सीलाजीलाई कुनै पनि अप्ठ्यारो नपरोस भन्ने चाहन्थे । उनी सीतासँग कुन भाषा बोल्ने र कसरी पेस हुने भन्ने दोधारमा थिए । उनले सोचे उनको भारी भड्कम असाधारण शरीर र त्यसमा पनि वानरजातिको व्यक्ति भएकाले मुखाकृति नै वानरको भएको हुँदा यदि संस्कृतमा बोलौँ भने मायावी रावण हो यो, भेष बदलेर मलाई ठग्न आएको हो भन्ने अर्को डर र त्रास थपिने । ब्राह्मणको वेशमा विद्वान् ब्राह्मणहरूले संस्कृत बोले झैँ बोलूँ भने पनि मलाई रावण मानेर सीताभयभीत होलिन् भन्ने डर । यस कारण, कसरी म पेस होऊँ भन्ने दोधारको स्थितिमा यी भनाइ आएका हुन् । त्यतिखेर जनसाधारणको बोलचालको भाषा संस्कृत नै भएकोले यो कुरा उठेको हो । हनुमान्जी यस तर्कनापछि संस्कृतमा नै बोल्दछन् तर उनले "म हजुरको खोजीको लागि श्रीरामद्वारा प्रेषित दूत हूँ" भनेर एकाएक

[२] महाभारत आदिपर्व ६५ अध्याय, १०–१३ श्लोक ।
[३] म. मा. शान्तिपर्व २३२।२४ ।
[४] महाभाष्य, प्रथम आह्निक, २३४ पृष्ठ, चौखम्वा सँस्कृत सिरीज वनारस, वि.सं. २०११ ।
[५] तैत्तिरीय-संहिता र त्यसैको शायणऋग्भाष्यको उपोद्घात द्रष्टव्य ।
[६] भर्तृहरि: वाक्यपदीयम्, ब्रह्मकाण्ड, १५५ श्लोक ।
[७] वाल्मीकीय रामायण, सुन्दरकाण्ड, ३० अध्याय र भरतनाट्यशास्त्रम् पठनीय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफुलाई प्रस्तुत गरेनन् । उनले अप्रकटरुपमा नै रघुकुलको वर्णन, त्यसकुलको आदरणीय ऐतिहासिकताको वर्णन, भगवान् रामका उदात्त गुणका र चरित्रका अभिव्यक्तिहरू र प्रशंसाहरू प्रस्तुत गरेर भगवती सीतालाई यो रामभक्त र रघुकुलको ज्ञाता र प्रशंसक व्यक्ति हो भन्ने विश्वास पारेपछि मात्र रुखको हाँगामा लुकेर रघुनाथ र रघुकुलको संस्कृतमा यथार्थ वर्णन गरेको आधारमा सीताजीको आग्रहमा नै उहाँसमक्ष प्रकट भएका हुन् । हनुमान्जी संस्कृतको विशेषज्ञ भएकै कारण अन्य प्रसङ्गमा उनको व्याकरणविशेषज्ञताको प्रशंसा गरिएको छ –

नूनं व्याकरणं कृत्स्नमनेन बहुधा श्रुतम् ।
बहु व्याहरताऽनेन न किञ्चिदपभाषितम् ॥[८]

यसरी, भगवान् श्रीराम भाइ लक्ष्मणलाई हनुमान्जीको संस्कृत भाषा र खास गरेर व्याकरण विशेषज्ञताको प्रशंसा गर्नुहुन्छ । श्रीराम भन्नुहुन्छ – "यति लामो साक्षात्कार र भेटवार्तामा पनि उनको बोलीमा कुनै व्याकरणगत त्रुटि देखिएन, कुनै उच्चारणगत त्रुटि र उच्चारणगर्दा शरीरको अविकृत स्थिति र भाषिक अशुद्धि भेटिएन । यस कारण यिनले व्याकरणको अध्ययन पूर्ण र अभ्यस्तरूपमा गरेको प्रमाणित हुन्छ ।" यो घटना सुग्रीवद्वारा प्रेषित हनुमान्जीको श्रीरामसँगको प्रथम भेटको हो ।

यसरी, संस्कृत भाषा आजका जस्ता कुनै अपभ्रंश भाषाबाट संस्कार गरेर बनाइएको भाषा होइन । यो स्वयं संस्कृत हो । गङ्गा र गण्डकीको जलको संस्कार गरेर कुनै पवित्र वस्तु त्यसमा राखेर त्यो पवित्र भएको होइन, स्वतः पवित्र हो । त्यस्तै संस्कृत पनि पाली, प्राकृतको संस्कारबाट बनेको होइन । महान् वैयाकरण इन्द्रले शब्दहरूमा प्रकृति र प्रत्ययको विभाग गरिदिएकाले चाहिँ संस्कृत भन्न थालिएको अवश्य हो । अन्य भाषाका शब्दहरूको आगमन र मिश्रणले अपवित्र नभएर आफ्नै खूबी र सामर्थ्यमा टिकेको भाषा भएकाले पनि यसलाई संस्कृत भनिएको हो ।

५ विषयवस्तु

जन्मदेखि मरणसम्म र मरणोपरान्त पनि संस्कृतको आवश्यकता हामीलाई हुने भएकाले यो हाम्रो रगतसँग सम्बद्ध छ । यसैकारण अनादिकाल देखि यसको पठनपाठन नेपालमा र भारतका प्रमुखरूपमा र सामान्यरूपमा जर्मनी, अमेरिका र ब्रिटेन आदि देशहरूमा पनि हुँदै आइरहेको छ । यस कारण हाम्रो प्रथम पाठशाला त आमा र बुबाको काख नै हो । त्यस "काखपाठशाला" देखि नै हाम्रो पढाइ र संस्काराधानको काम प्रारम्भ हुन्छ । यस पछिको हाम्रो पाठशाला हो 'पींढीपाठशाला' । यस्ता पाठशालाहरूमा 'गुरुच्चारणानुच्चारण' रूपमा श्रुतिको (श्रवणको) आधारमा नै हजारौं वर्ष संस्कृतको पढाई चल्यो । यस्तै सुनाइको आधारमा हुने पढाइका कारण वेदहरूलाई 'श्रुति' भनिएको हो । मुद्रित साधन विना सुनेर पढिने भएकाले नै वेदहरूलाई यस नामले व्यवहार गरिएको हो । यस्तो अध्ययनमा सयकडौं वर्ष बिताए पछि मात्र यस प्रकारका पाठशालाहरूमा लिखित र मुद्रित पुस्तकाकार सामग्रीहरू पढाउन थालिएका हुन् । लघुसिद्धान्तकौमुदी, अमरकोश, तर्कसंग्रह, रघुवंश र ज्योतिषका प्राथमिक पुस्तकहरू ती पुस्तकाकार सामाग्री हुन् । यी पाठ्यवस्तुहरू संस्कृतसम्बन्धी व्यापक धारणा र प्रतिभाका खानि थिए । लघुसिद्धान्तकौमुदीबाट शब्दहरूको साधुता शब्दभण्डारवृद्धि र अर्थज्ञान हुन्थ्यो । अमरकोशबाट पर्यायवाचीशब्दहरूको र लिङ्गको ज्ञान समेत हुन्थ्यो । अमरकोशको ज्ञान र कण्ठस्थीकरण कै कारण, कविता र काव्य समेत लेख्दा शब्दहरूको कमी हुँदैनथ्यो । तर्कसंग्रहले पदार्थज्ञान र तर्कशक्ति दिन्थ्यो । शीघ्रबोध आदि ज्योतिषका ग्रन्थले समयको ज्ञान गराउँदथे । समय प्राणी र कार्यमात्रको जनक हो[९] । त्यो शुभ भएमा, शुद्ध भएमा सबै काम र मानिस सफल हुने भएकाले त्यसमा जनताको रुचि र सक्रियता हुन्थ्यो । यी सबै विषयहरूको समावेश भएमा मानवजीवन सफल र सुखी हुने ठानेर र मानेर ती विषयहरू पढिन्थे । विषयबोधका साथै कण्ठस्थीकरणमा पनि जोड दिइन्थ्यो र दिएको अनुभव पनि धेरैलाई हुन्छ । आजको जस्तो डिक्सनरी पल्टाएर हेर्ने स्थिति र बाध्यता त्यतिखेर थिएन र त्यस्तो नहोस् भन्नका लागि नै अमरकोश आदि कोशग्रन्थ रटाइन्थे । संस्कृत त्यतिखेरको परम्परा र उपलब्धता समेत भएकाले आजको जस्तो आधुनिक विषयको आकर्षण र त्यतापट्टि लाग्ने स्थिति नभएकाले इनै विषयहरूमा परिश्रम र तल्लीनता विधार्थी र गुरुहरू देखाउँदथे । जसका कारण पठित विषयहरू सधैं उपस्थित र विशिष्टीकृत हुन्थे । इनै विषयको उपयोगबाट जीवन निर्वाह हुन्थ्यो । सरकारी जागीर समेत त्यसैको आधारमा पाइन्थ्यो ।

यसै गरी त्यस पछि छात्र–छात्राहरूको संख्यावृद्धिका कारण 'धन्सारपाठशाला' समेत चले र तिनै विषयहरूको पठन-पाठन त्यहाँ चलाइयो । यसै बेला 'मन्दिर पाठशाला' र 'चौतारो पाठशाला' पनि चले । २,४ दिनको मात्रै भए पनि 'मन्दिर पाठशाला'को झीनो अनुभव यस लेखकलाई पनि भएको स्मरण हुन आउँदछ । गोरखा जिल्लाको लिगलिगकोटको बोहोरागाउँमा त्यहाँका देवकोटाहरूद्वारा नै निर्मित 'जयन्तीदेवी'को मन्दिर छ । त्यहाँ मनकामना, वकाङ्का गायत्रीगणेश अर्याल गुरुले पढाउने गर्नुहुन्थ्यो । साल थाहा नभए पनि दाईसँग म पनि पढ्न जान थालेको थिएँ । पुस, माघ जस्तो समय लाग्दछ । २/४ दिन पछि मेरो पढ्न जाने क्रम रोकियो । त्यस्तो हुनु मैं सानो भएर हिंड्न नसकेर हो वा अन्य कारणले हो थाहा भएन । पूर्व मन्त्री वाचस्पति देवकोटा र वहाँका भाई माधव देवकोटा आदि त्यतिखेर गुरुको अगाडि बसेर पढिरहेको स्मरण हुन आउँदछ ।

यस पछि विधार्थिहरूको संख्यावृद्धि, शिक्षाप्रति जनताको चासो बढ्नु आदि कारणले सार्वजनिक ठाउँमा छाप्रो बनाई त्यसमा पढाउने काम हुन थालेको हो । यसलाई 'छाप्रो पाठशाला' भन्न सकिन्छ । हाल सचिव, प्रध्यापक र अन्य माथिल्ला तहमा समेत यस्तै पाठशालाका पूर्वाधारयोग्यता भएका व्यक्तिहरू छन् । यस प्रकारका पाठशालाहरू सम्ममा

---

[८] वा. रामायण, किष्किन्धाकाण्डको हनुमत्प्रेषणनामक तृतीय सर्ग, २९ श्लोक ।

[९] 'जन्यानां जनकः कालो जगतामाश्रयो मतः' पञ्चानन विश्वनाथ, न्यायसिद्धान्तमुक्तावली, प्रत्यक्षखण्ड, ४५ श्लोक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठ्यवस्तुहरू धार्मिक क्षेत्रका लागि वेद, रुद्री, चण्डी, अग्निस्थापना र श्राद्धपद्धति आदि समयज्ञानका लागि शीघ्रबोध, मुहूर्तमार्त्तण्ड र भास्वती आदि ज्योतिष ग्रन्थहरू, नीतिज्ञान, बोध र अनुभवको ज्ञानका लागि 'हितोपदेश , पञ्चतन्त्र, चाणक्यनीतिदर्पण र भर्तृहरिका शतकत्रय आदि ग्रन्थ पढाइन्थे । लघुकौमुदी, अमरकोश, तर्कसंग्रह र रघुवंश आदि त प्रायः सबै विधार्थीहरूले पढ्ने गर्दथे ।

६ किराँतकाल

नेपालमा संस्कृतको अध्ययन अध्यापनको कुरा गर्दा हाम्रो शैक्षिक इतिहासतिर जानुपर्दछ । त्यस इतिहासलाई किरातकाल, लिच्छविकाल, मल्लकाल र शाहकालको रूपमा विभक्त गरिन्छ । यी कालहरूमा ती ती राष्ट्राध्यक्षहरूको अध्यक्षतामा देशको शासन र प्रशासन चल्यो र यी राष्ट्राध्यक्षहरूले संस्कृतको व्यावहारिकता र प्रमुखता स्वीकारे र त्यसको पठनपाठनका साथै ग्रन्थ लेख्ने माध्यम भाषा पनि स्वीकारी संस्कृतमा ग्रन्थहरू लेखे र लेखन लगाए । किराँतकाल भन्दा पूर्वको समयलाई वैदिक कालमा भन्न सकिन्छ । लौकिक संस्कृतको व्यवहार चलेको सर्वप्रथम काल हो, किराँतकाल । यसमा प्रज्ञा र प्रतिभाका धनी किराँतकविहरूले संस्कृतको अध्ययन अध्यापनसँगै कृतिहरू पनि लेखे । यसैबेला मञ्जुश्रीले 'बोधिचर्यावतारः' संस्कृत भाषामा लेखे र त्यसको सेवा गरे । यसरी, ग्रन्थ लेखन सक्ने योग्यता भएका विद्वान्हरू यस कालमा संस्कृतको अध्ययनबाट जन्मे भन्न सकिन्छ ।

७ लिच्छविकाल

लिच्छविकाललाई संस्कृतवाङ्मयको संरक्षण र विकासको दृष्टिले स्वर्णकाल भन्ने गरिन्छ । जसमा कालिदास र भारविका समकक्ष नेपाली संस्कृत कविहरूले लेखात्मक र अभिलेखात्मक कृतिहरू लेखे । यतिखेर भिक्षु प्रभाकरले 'बोधिचर्यावतारः' टीका लेखे । मञ्जुघोषले 'मञ्जुश्रीज्ञानतन्त्रम्', राजा मानदेवले 'नारायणस्तुति' र अंशुवर्माले 'व्याकरणकौस्तुभम्' आदि ग्रन्थहरू लेखेर संस्कृतवाङ्मयको सेवा गरे । संस्कृतको अध्ययनाध्यापन नभइकन ग्रन्थलेख्नेसामर्थ्य व्यक्तिमा नआउने हुँदा यस कालमा संस्कृतको उच्च स्थिति थियो भन्न सकिन्छ । त्यतिखेर परम्परागत पाठशाला र गुरुकुलहरू पनि सक्रियरूपमा चलेका थिए । लिच्छविकाल संस्कृतको लागि स्वर्णकाल मानिएकाले पनि त्यस कालमा अध्ययनाध्यापन र लेखनकार्य पनि प्रचुर मात्रामा थियो नै ।

८ मल्लकाल

यस पछिको मल्लकालमा संस्कृतको स्थिति झन् मजवूत र व्यावहारिक भएको देखिन्छ । त्यस समयमा संस्कृतको अध्ययनाध्यापनका साथै ग्रन्थलेखन अत्यधिकरूपमा भएको देखिन्छ । यस कालमा ब्राह्मण कृतिकारहरूका साथै ४५ जना ब्राह्मणेतर कवि र स्रष्टाहरूले समेत संस्कृतको सेवा गरे । संस्कृतमा कृतिहरू लेखेर संस्कृतवाङ्मयको श्रीवृद्धि गरे[१०] । राजा नान्यदेव र उनको सरस्वती हृदयालङ्कार, धर्मवल्लभको देवीमाहात्म्यम्, अभयमल्लको विष्णुधर्म र पञ्चरक्षा (तन्त्र)) जयस्थिति मल्लको 'मानवन्यायशास्त्रम्' गुह्यसिद्धिशास्त्रम् र रामायणनाटकम् जगत्ज्योति मल्लका नरपतिजय चर्चाटीका शिवस्वरोदय टीकाः आदि २० वटा संस्कृत भाषामा कृतिहरू र जगत्प्रकाश मल्लका पद्यसमुच्चय मदनचरितनाटकम् आदि ११ वटा संस्कृत कृतिहरूबाट नेपालमा मल्लकालमा पनि संस्कृतको अध्ययन अध्यापन उत्कृष्ट थियो भन्ने कुरा ज्ञात हुन्छ । सम्वद्ध भाषाको उत्कृष्ट अध्ययन नभइकन त्यस भाषामा महत्वपूर्ण रचना लेखन नसकिने हुँदा त्यतिखेर संस्कृतवाङ्मयको उत्कृष्ट अध्ययन अध्यापनको अनुमान हुन्छ । यस कालमा ब्राह्मण कृतिकारहरू भए पनि ब्राह्मणेतर कृतिकारहरू बढी भएको देखिएकाले यस भाषालाई ब्राह्मणेतरहरूले समेत श्रद्धा, लगन र आफ्नो भाषा भन्ने मानेर ठूलो संख्यामा पढेको देखिन्छ ।

९ शाहकाल

मल्लकालपछि शैक्षिक इतिहास बोकेको काल शाहकाल हो । संस्कृतको उपयोग संरक्षण र सम्बर्द्धनका साथै संस्कृतकृतिहरूद्वारा यसको भण्डार भर्ने काममा यो काल र यसका राजा महाराजाहरूले पनि सक्रिय भूमिका खेलेको देखिन्छ । संस्कृतको पठनपाठन कृतिलेखन र उच्च तहसम्म संस्कृतको पठनपाठन र अनुसन्धान कार्य समेत यस कालमा भएका छन् । यसकालमा पनि ब्राह्मण र ब्राह्मणेतर कविहरूले संस्कृतका कृतिहरूका माध्यमबाट यसको सेवा गरेको देखिन्छ । सुकृतिदत्त पन्त, शक्तिवल्लभ अर्याल, राममणि आचार्य 'दीक्षित' आदि ब्राह्मण रचनाकार हुन् भने द्रव्य शाह र पृथ्वीनारायण शाह आदि ब्राह्मणेतर स्रष्टा हुन् । द्रव्य शाहको 'चमत्कार सारमञ्जरी' र 'चमत्कार योग रहस्यम्' पृथ्वीनारायण शाहको 'वृत्तरत्नमाला' प्रतापसिंह शाहको 'पुरश्चर्यार्णव' र रणबहादुर शाहको 'भैरवीस्तुति' आदिद्वारा त्यतिखेर प्रारम्भदेखि नै संस्कृतको पठनपाठनको राम्रो व्यवस्था भएको तथ्य भेटिन्छ । यस काललाई आधार मानेर बाँकी शैक्षिक कुरा गरेर प्रकृत शीर्षकलाई स्पष्ट पारिन्छ –

सोह्रौं शताब्दीमा जुम्लाका राजा वत्सराजले विद्या केन्द्रको स्थापना गरि संस्कृतको पठनपाठन गरेको र कास्कीका राजा सिद्धिनारायण शाहले विद्यालय खोलेर जगन्नाथ, मणिभद्र, कुलराज र हर्षदेव आदि पण्डितहरूलाई राखेर पुस्तकालय र छात्रावासका साथ विद्यालय चलाएको कुरा नेपालको शिक्षाको इतिहासमा गोपीनाथ शर्मा लेख्नुहुन्छ । राजकीय स्तरमा संस्कृतको महत्व बुझेर श्री ५ महाराजाधिराज प्रतापसिंह शाहले १८३२ सालमा मकर शु.दि.१३ का दिन सत्यधर पण्डितका नाति चक्रपाणि पण्डितका छोरा वैयाकरण केशरीलाई काशीमा बसेर पढ्नका लागि पढुञ्जेल कायम रहने गरी

[१०] प्रा.डा. वेणीमाधव ढकाल, संस्कृत एवं............. नेपालीसाधकको योगदान, जयतु संस्कृतम् मुखपत्र, २०६२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षाशन (वार्षिक खाना खर्च) ५० रूपयाँ ठेकिएको कुरा अम्विकाप्रसाद अधिकारी लेख्नुहुन्छ ।[११] यस्ता छात्रवृत्तिहरूको उपयोगले नेपालीहरू भारतको काशी, अयोध्या, वृन्दावन र हरिद्वार आदि ठाउँमा र नेपालका मिथिला क्षेत्रमा गएर पढ्ने चलन थियो । भौगोलिक निकटता र नेपालीहरूको संस्कार, संस्कृति र परम्परा समेत मिल्दोजुल्दो भएकाले पनि नेपालका वटुहरू त्यहाँ पढ्न जान्थे । नेपालका विधुर र विधवाहरू तीर्थवास र भगवद्भजनकालागि भारतका ती ठाउँमा गएर वस्ने गरेकाले त्यसमाध्यमले पनि नेपाली विद्यार्थीहरू त्यहाँ जाने गर्दथे । यस्तो प्रचलन हालसम्म पनि छिटफुट रूपमा जीवित छ ।

नेपालमा राणाशासनको प्रारम्भसम्म प्राचीन परम्परागत पिँढी पाठशाला, धन्सार पाठशाला र मन्दिर पाठशालाको रूपमा संस्कृत पढाइहुने गर्दथ्यो । कोतपर्वको माध्यमले वि.सं. १९०३ मा प्रधानमन्त्री भएका जङ्गवहादुर राणाले आफ्नो शासनको चौथो वर्ष १९०६ सालमा बेलायतको भ्रमण गरेर फर्केपछि वि.सं. १९१० मा थापाथलि दरवारको तल्लो तलामा एक अङ्ग्रेजी स्कुलको स्थापना गरे । त्यसको नाम दरबार स्कुल राखियो । वि.सं. १९३२ मा नारायणहिटी संस्कृत पाठशालाको पनि उनले स्थापना गरे । यो पाठशाला जङ्गबहादुरका छोरा जितजङ्गले खोलेका हुन् भन्ने पनि भनाइ छ । रानीपोखरीको हालको दरबार स्कुल वि.सं. १९४८ सालमा बनेको हो । त्यसको उपल्लो तलामा थापाथलिमा खोलिएको स्कुल सारियो र तल्लो तलामा त्यसवेलाको संस्कृत पाठशाला र हालको संस्कृत प्रधान पाठशाला रानीपोखरी सरेको हो । जङ्गवहादुरका भाई रणोद्दीपले त्यो संस्कृत पाठशाला खोलेका हुन् भन्ने पनि सुनिन्छ । यसमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि सर्वप्रथम सुविधाको व्यवस्था गर्ने प्रधानमन्त्री धीरशमशेर हुन् । उनले धार्मिक भावनाले ५४ जना ब्राह्मण छात्रहरूका लागि नित्य भोजन र आवासको व्यवस्था गरेका हुन् । त्यसपछि उनका छोरा वीरशमशेरले थप ५४ जनाको लागि भोजन र आवासको व्यवस्था गरे । श्री ५ र श्री ३ का नाममा वृत्तिहरू थपिदै जाँदा वि.सं.२००४/५ तिर यस छात्रवृत्तिको संख्या २१० सम्म पुगेको थियो । बेनम्बरी रूपमा पनि ४०/५० जना छात्रहरूले समेत आवास र भोजनको समेत सुविधा पाउँथे । जसले गर्दा संस्कृतको पठनपाठन स्तरीय र नियमित हुन थाल्यो । देवशमशेरले खोलेका भाषा पाठशालाले पनि संस्कृतको हितै गरेका हुन् तर वि.सं.२०११ सालको शैक्षिक कदमले २३३ भाषा पाठशालाहरूलाई रुपान्तरित गरेर तीनमा आधुनिक शिक्षा चलाइयो र परम्परागत रूपमा चल्दै आएको संस्कृतको पठनपाठन प्रतिवन्धित भयो र संस्कृतको परापूर्वकालदेखि चलेको अध्ययन अध्यापन रोकियो । नेपालका छानिएका विद्वान्हरूले यस रानीपोखरी पाठशालामा पढाउनु र भोजन, आवास र वस्त्रको समेत उपलब्धताले यो पाठशाला र पाकशाला नेपालमा भएका जिज्ञासु र पठनशील छात्रहरूका लागि आकर्षणको केन्द्र बन्यो । यो पाकशाला दानको उद्देश्य र दाताको इच्छानुसार चल्नुपर्ने संस्था हो । यहाँ उपाध्याय ब्राह्मणका छोराहरूले मात्र प्रवेश पाउने परम्परा हो तर, हालको प्रगतिशील सरकार, विवेकको प्रयोग नगर्ने न्यायालय र विश्वविद्यालयका उदासीन पदाधिकारीहरूका कारण यहाँ सबै जातिका विद्यार्थी र महिला छात्रा समेत बस्न थालेका छन् । एउटै भवन र ढोका भित्र महिलाछात्रहरू कहीं बसेको देखिएको र सुनिएको छैन ।

यसै सुविधामा यहाँ बसेर तनहुका गुरु टीकानिधिल जस्ता विद्वानहरूले व्याकरण आदि विषयमा सम्पूर्वमध्यमा गर्नु भएको देखिन्छ । उहाँको अध्ययन काल १९७६/०७७ तिर हो । यसकै हाराहारीको समयमा गोरखाका गायत्री गणेश गुरु गोरखाकै लीलाकान्त मरहट्ठा र हरिभक्त देवकोटा, राजेश्वर देवकोटा र लमजुङका बद्रीनाथ सुवेदीले व्याकरण आदि विषय पढेर त्यस क्षेत्रमा शिक्षाको प्रचार-प्रसार र सेवा गर्नु भएको हो । स्व. श्रीभद्रशर्माले पनि यसै परम्परामा पढ्नु भएको हो । रानीपोखरी प्रधानपाठशालाले आफ्नो स्थापनाकालदेखि नै मध्यमा तहको पठन-पाठन गर्दै आएको हो । १९५५ साल देखि यसले वनारसमा आफ्ना छात्रहरूलाई परीक्षा दिन पठाउन थालेको हो । यहाँ शास्त्री र आचार्य तहका विद्यार्थीलाई पनि पढाउने व्यवस्था प्रमुखगुरु सोमनाथको पालादेखि भएको हो । १९७३ देखि शास्त्री र आचार्य कक्षाका विद्यार्थीहरूले पनि वनारस गएर जाँच दिन थालेका हुन् । वि.सं.१९९० देखि नेपालको सरकारले ती उपल्लातहका छात्रहरूलाई पढाउन शिक्षकहरूको नियुक्ति गरी उच्च तहको संस्कतको पठन-पाठनमा सहयोग गरेको हो । २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनले काठमाण्डौमा नै परीक्षा दिन पाउने व्यवस्था गऱ्यो । रानीपोखरी गुठीसंस्थानको भवन हुँदै २०२४ सालमा वाल्मीकि विद्यापीठको नामले संस्कृतको उच्च शिक्षाको पठन-पाठन चलेको हो । यसै समयमा दाङको बिजौरी सुनसरीको पिण्डेश्वर र मटिहानीमा संस्कृत महाविद्यालयहरू खुले र संस्कृतको सेवा गरेका हुन् ।

२०१० सालमा गठित राष्ट्रिय शिक्षायोजनाको संस्कृत प्रतिको अनुकूल सिफारिस र दाङमा सम्पन्न बृहत् विद्वत्सम्मेलनका पारित प्रस्तावहरूका कारण नेपालमा छुट्टै संस्कृत अध्ययन संस्थान २०३० सालमा गठित भयो । यस अध्ययन संस्थानले संस्कृतको उच्च तहको पठन-पाठनका साथै अनुसन्धान कार्यहरू पनि गराउन थाल्यो । यसबाट दाङमा भौतिक संरचना र प्राज्ञिक जनशक्ति पनि तयार हुँदै गयो र २०३५ सालमा सम्पन्न जर्मन र नेपाली विद्वान्हरूद्वारा एक विद्वद्गोष्ठी सम्पन्न भयो र त्यसले नेपालमा ४ कक्षादेखि नै अनिवार्य संस्कृत शिक्षणको सिफारिस गऱ्यो । २०४० सालमा ८० जना रा.पं.सदस्यहरूले नेपालमा एक संस्कृत विश्वविद्यालयको आवश्यकता छ भन्दै हस्ताक्षर समेत सङ्कलन गरेकाले २०४३ साल मार्ग २५ गते म.सं.वि.वि. ऐन बन्यो र २०४४ साल श्रावण १ गते देखि सं.अ.संस्थान म.सं.वि.मा परिणत भएको हो । यसका उद्देश्यहरू थिए –

१ नेपाल अधिराज्यमा संस्कृत शिक्षालाई उच्च तहसम्म सुव्यवस्थित गर्नु ।

२ संस्कृत विद्याले विविध क्षेत्रमा प्राप्त गर्दै आएका उपलब्धिहरूलाई समय अनुसार अध्ययन अनुसन्धान संरक्षण र संवर्द्धन गर्नु ।

---

[११] हैमप्रभा संस्कृत अध्ययन-संस्थान जनता विद्यापीठ बिजौरी दाङको मुख पत्रिका २०३४ पृ.१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३ परम्परागत धर्म र नैतिक मान्यता सदाचार र सच्चरित्रताको परिपालन गर्दै नेपाल अधिराज्यलाई संस्कृत विद्याको ज्ञान र प्रेरणा प्राप्त गर्ने केन्द्रको रूपमा विकास गर्नु ।

नेताहरूको बोके प्रगतिशीलताका कारण आज यस विश्वविद्यालयको नाम नेपाल संस्कृत विश्वविद्यालय भएको छ स्तरमा उत्कर्ष छैन । हाल यसका बाह्रवटा आङ्गिक विद्यापीठहरू र सम्बन्धनबाट पाँच विद्यापीठहरू सञ्चालित छन् । यिनीहरूमा मूलविषयको रूपमा संस्कृतका विभिन्न विषयहरू पढाइन्छन् । यी बाहेक आयुर्वेदका ६ र शिक्षा शास्त्रतर्फ ६ विद्यापीठहरू सञ्चालित छन् । आयुर्वेदको प्रत्येक तहमा १५० पूर्णाङ्कको सामान्य संस्कृतको पढाइ हुन्छ र शिक्षाशास्त्रमा संस्कृत विषयहरू लिएर विशिष्ठ परीक्षा दिन पाइने व्यवस्था छ । संस्कृत विद्यापीठमा पढ्न आउने छात्रस्रोत नेपालका ४/५ वटा संस्कृत मा.वि. मात्र हुन् । त्यहाँबाट उत्तीर्ण हुने विद्यार्थीहरू पनि अन्यत्रै पढ्न जान्छन् । संस्कृत भाषा प्रशिक्षणबाट केही संख्या पूरक छात्र छात्रा आउने गरेकाले निर्वाह चलेको छ । यस कारण पनि १०० पूर्णाङ्कको सरल संस्कृतको नेपालमा अनिवार्यता आवश्यकता छ । त्यो नहुँदासम्म नेपालका बोर्डिङ स्कुलहरूले आफ्ना उत्पादनहरूलाई बढी उपयुक्त गराउन र तिनको नेपाली भाषा राम्रो बनाउन समेत संस्कृतको एक पत्र पढाउनुपर्छ यसबाट उनीहरूका विद्यार्थीहरूमा अझै बढी निखारता र दक्षता आउने छ । तेस्रो कुरा नेपालका धार्मिक मठमन्दिर र आश्रमहरूले ठूलो मात्रामा संस्कारवान् र पूर्वाधार योग्यता सम्पन्न छात्रहरू संस्कृत उच्च शिक्षाका लागि ने.सं.वि.मा पठाउनुपर्छ ।

यसरी व्यापकरूपमा संस्कृतको पठनपाठन देशभर भएमा संस्कृत सेवकहरूलाई प्रसन्नता हुनेछ । हालको सन्दर्भमा संस्कृत भाषा एकताको प्रतीक भएकोमा पनि सबैले यसलाई पढ्न आवश्यक छ । संस्कृतको जानकारी भएमा व्यक्ति झन् महान् र उपयोगी हुन्छ । यो संस्कृतको अध्ययन र अध्यापनको परम्परा हो । तराई, पहाड र हिमालमा बस्ने नेपालीहरूलाई धर्म ,संस्कृति परम्परा र नैतिक गुणहरूको विकासका माध्यमले देशलाई एकढिका बनाइराखने एकता सूत्र संस्कृत र त्यसमा निबद्ध विषयवस्तु हुन् । यो यथार्थता हो । नेपालमा वास्तविक र सुहाउँदो विकास यसबाट नै सम्भव छ । यसको अध्ययनाध्यपनको परम्परा निरन्तरित र उत्कृष्ट हुँदै जानुपर्छ ।

सन्दर्भग्रन्थ सूची

१. न्यायसिद्धान्त मुक्तावली शब्दखण्ड, चौखम्बा संस्कृत सिरिज अफिस वाराणसी ई.सं. १९७२ ।

२. महाभाष्यम् - (प्रथमाह्निक) चौखम्वा संस्कृत सिरिज अफिस वाराणसी वि.सं. २०११ ।

३. महाभारत (आदिपर्व) ।

४. वाक्यपदीयम् ब्रह्मकाण्डम्, भर्तृहरि ।

५. वाल्मीकिरामायणम् ।

६. नाट्यशास्त्रम्, भरत ।

७. संस्कृत एवम् .... वेणिमाधव ढकाल ।

८. हैमप्रभा, २०३४, जनता विद्यापीठ, दाङ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मशास्त्रको आधारमा विवाह

काशीराज पोखेल
सहप्रध्यापक

विवाहको अर्थ सृष्टिको विशेष जिम्मेवारी वहन गर्नु हो ।[1] ऋग्वेद अनुसार विवाहको मुख्य उद्देश्य गृहस्थभएर देवताहरूको लागि यज्ञ गर्नु एवं सृष्टिको परम्परालाई कायमराख्न सन्तानोत्पत्ति गर्नु हो ।[2] "विवाह" शब्द जस्तै "उद्वाह" शब्दको अर्थ कन्यालाई पितृ गृहबाट उच्च सन्मानका साथ पत्नीको रूपमा वरले स्व गृह्यसूत्रानुसार वा कुल परम्परा अनुसार कर्म पद्धति पुरा गरी आफ्नो घरमा लैजानु हो । विवाह संस्कारमा प्रयोग हुने "परिणाय" शब्दको अर्थ वैवाहिक अग्निको वस्वधुद्वारा प्रदक्षिणा गर्नुलाई मानिएको छ । "पाणिग्रहणा" शब्दको वैवाहिक अर्थ वरले कन्याको हात पकड्नु (पत्नीकोरूपमा स्वीकार्नु) हो । ब्राह्मणा एवं संहिता ग्रन्थहरूमा पनि "विवाह" शब्दको प्रयोग भएको पाइन्छ ।[3]

विवाह-संस्कार षोडश संस्कार मध्येको महत्वपूर्ण संस्कार हो । धर्मशास्त्रको आधारमा वर्णाश्रम-व्यवस्था अनुसार ब्रह्मचर्याश्रम पुरागरी विद्या, व्रत वा उभयस्नान गरेर स्नातकको रूपमा द्विजहरूलाई गृहस्थाश्रममा प्रवेश गर्ने अधिकार दिइएको छ । स्नातकले गुरुको आज्ञानुसार विधिपूर्वक शास्त्रोक्त लक्षणाले युक्त भएकी सवर्णा कन्या विवाह गर्नुपर्दछ । भनिएको छ –

गुरुणाऽनुमतः स्नात्वा समावृत्तो यथाविधि ।
उद्वहेत द्विजो भार्यां सवर्णां लक्षणान्विताम् ॥[4]

विवाहपूर्व विवाह योग्य वर एवं कन्याको चयनलाई धर्मशास्त्रले विचारणीय पक्षको रूपमा लिएको छ । वर वधुको सम्वन्ध (विवाह) एउटै गोत्र (वंश एवं कुल) भित्र विवाहको लागि अनिष्ट (अधर्म) मानिएको छ । वैज्ञानिक आधारमा पनि एउटै हाडनातामा (एउटै रगत सम्बन्ध) गरिएको विवाह सम्बन्धवाट जन्मिएका सन्तानहरू अशक्त र प्रभावहीन हुन्छन् भन्नेकुरा सिद्ध भएको छ । मनुले पनि भनेका छन् –

असपिण्डा च या मातुरसगोत्रा च या पितुः ।
सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने ॥[5]

वर्णाश्रम व्यवस्था अन्तर्गत गरिने विवाहकालागि स्मृतिकारहरूको एउटै मत पाइदैन । मनुको मतमा अनुलोभ विवाह अन्तर्गत माथिल्लो वर्णाले(जाति) तल्ला वर्णाका (तीन वर्णाका) कन्याहरू विवाह गर्ने अधिकार दिएका छन् । तदनुरूप ब्राह्मणलाई शूद्र कन्या विवाह गर्ने अधिकार प्राप्त देखिन्छ ।

जस्तै –

शूद्रैव भार्या शूद्रस्य सा च स्वा च विशः स्मृते ।
ते च स्वा चैव राज्ञश्च ताश्च स्वा चाग्रजन्मनः ॥[6]

ब्राह्मणले शूद्रा कन्या विवाह गर्न मिल्दछ भन्ने मनुको मतलाई याज्ञवल्क्यले स्वीकारेका छैनन् । भनिएको छ –

यदुच्यते द्विजातीनां शूद्राद्दारोपसंग्रहः ।
नैतन्मम मतं यस्मात्तत्रायं जायते स्वयम् ॥[7]

"स्त्री"लाई "जाया" भन्नुको अर्थ पतिले पत्नीको गर्भबाट पुत्रको रूपमा स्वयं जन्म लिने भएकाले भएकाले भनिएको हो । जस्तै –

पतिर्भार्यां संप्रविश्य गर्भो भूत्वेह जायते ।
जायायास्तद्धि जायात्वं यदस्यां जायते पुनः ॥[8]

एवं "तज्जाया जाया भवति यदस्यां जायते पुनः" इति श्रुतेः ।[9] यसै कुरालाई ऐतरेय ब्राह्मणले पनि स्वीकारेको छ ।[10] विवाह पश्चात् पत्नी पतिकी अर्धाङ्गिनी हुन्छे, पति पूर्णाङ्ग गृहस्थाश्रमका लागि भएको मानिन्छ , तदनन्तर मात्र पुरुष सन्तानोत्पत्तिका लागि (सृष्टि) समर्थ हुन्छ । शतपथ ब्राह्मणको पनि यस विषयमा समर्थन देखिन्छ ।[11]

---

[1] प्रजायाः प्रजनन संवन्ध विनोत्पत्तेभावात्तस्य च क्षेत्र विना सर्वथैवासंभवादवस्यं विवाहः कर्तव्य इति फलितोऽर्थः । संस्कार रत्नमाला – पृष्ठ – ४०४ ।
[2] ऋग्वेद – १०।८५।३६,५।३।२,५।२८।३,३।५३,४ ।
[3] तैत्तिरीय संहिता – ७।२।८७ एवं ऐतरेय व्राह्मणा – २७।५ ।
[4] मनुस्मृतिः – ३ –४ ।
[5] मनुस्मृतिः –३–५ ।
[6] मनुस्मृतिः –३–१३ ।
[7] याज्ञवल्क्यस्मृतिः –आचाराध्यायः – ५६ श्लोकको मिताक्षरा टीकाबाट ।
[8] मनुस्मृतिः –९–८ ।
[9] याज्ञवल्क्यस्मृतिः – आचाराध्यायः – ५६ श्लोकको मिताक्षरा टीकाबाट ।
[10] ऐतरेय ब्राह्मण – ३३।१ ।
[11] शतपथ ब्राह्मण – ५।२।१।१० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मशास्त्र अनुसार पतिले सूर्यादि देवताको प्रसादबाट पत्नी प्राप्त गर्दछ, देवताले न दिएर आफ्नो इच्छाबाट मात्र प्राप्त हुन नसक्ने भएकाले देवताप्रति कृतज्ञ भई पत्नीलाई राम्रोसङ्ग भरण पोषण गरी खुसी तुल्याओस् भनिएको छ। भनिन्छ – देवदत्तां पतिभार्यां विन्दते नेच्छयात्मनः ।

तां साध्वीं विभृयान्नित्यं देवानां प्रियमाचरन् ॥[12]

शास्त्रले पत्नी विनाको घरलाई रित्तो घरको संज्ञा दिएको छ । आश्रम व्यवस्था अनुसार पुरुष विवाहपूर्व स्थायी रूपमा आफ्नो घरमा बस्दैन । विवाह गर्ने इच्छा नभएको पुरुष जीवन भर गुरुकुलमा (ब्रह्मचर्य आश्रम) वा वानप्रथ र सन्यास आश्रममा बस्दछ । यस अर्थमा विवाहलाई गृहस्थाश्रमको संज्ञा पनि दिन सकिन्छ । जस्तै –

"न गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते"[13]

घर (गृहस्थाश्रम) सृष्टि र स्थितिको प्रतीक हो । घरबाट पुत्र पौत्रादिको सृष्टि भई वंश बृद्धि हुन्छ । गृहस्थाश्रमले अन्य तीनवटा आश्रमहरूको आश्रय (जीविका) बनेर पालन पनि गरेको छ । कथन पनि छ –

इथा वायुं समाश्रित्य वर्तन्ते सर्वजन्तवः ।

त्था गृहस्थमाश्रित्य वर्तन्ते सर्व आश्रमाः ॥[14]

सांख्य दर्शनले प्रकृति र पुरुषको औचित्य र सृष्टि प्रतिको सान्दर्भिकता प्रस्तुत गरे झैं धर्मशास्त्रले पनि पति पत्नीको (स्त्री पुरुष) संयोग "विवाह"लाई तदनुरूप स्वीकारेको छ । "विवाह" संस्कारलाई "पाणिग्रहणा" संस्कारको रूपमा पनि व्याख्या गरेको पाइन्छ । "पाणिग्रहणा" संस्कार पुरुषले सवर्णा कन्या विवाहगर्दा मात्र प्रयोग गरिने विधान हो, असवर्णा (भिन्न जातिकी कन्या) कन्या विवाहमा यो विधि प्रयोग हुँदैन । भनिन्छ – "पाणिग्रहणसंस्कारः सवर्णासूपदिश्यते" ।[15] असवर्णा कन्या विवाहमा क्षत्रिया, वैश्या, शूद्राकन्याले आफूभन्दा माथिल्लो वर्णको वरसंग विवाहगर्दा क्रमशः वरले पकडेको "वाण", "कोडा" र वस्त्रको छेउँ पकड्नु पर्दछ । जस्तै –

शरः क्षत्रियया ग्राह्यः प्रतोदो वैश्यकन्यया ।

वसनस्य दशा ग्राह्या शूद्रयोत्कृष्टवेदने ॥[16]

धर्मशास्त्र अनुसार बाबुले आफ्नी कन्या(छोरी) विवाह (कन्यादान) रजस्वला पूर्व नै गर्दिनु पर्ने मान्यता रही आएको देखिन्छ । शास्त्रका यी कुराहरू समाजमा विरोधाभाषपूर्ण मानिन्छन् । अत्याधुनिक विश्वमा स्त्री पुरुषबीच अत्यधिक उमेरमा हुने विवाह सम्बन्धबाट पति-पत्नीको आत्मीयता, सहृदयता पातिब्रत्य आदिको अवस्थाबारे तुलनात्मक अध्ययन गर्दा यस विषयमा शास्त्र चिन्तन र अनुसन्धान गर्न सन्दर्भिक दखिन्छ । वर र कन्या विवाह प्रसङ्गमा उमेरको विषयलाई लिएर शास्त्रमा सामान्य मतान्तरं रहेको पाइन्छ । भनिएको छ –

त्रिंशद्ववर्षोद्वहेत्कन्यां हृद्यां द्वादशवार्षिकीम् ।

यभयष्टवर्षोऽष्टवर्षां वा धर्मे सीदति सत्वरः ॥[17]

शास्त्र अनुसार ३० वर्षको वरले १२ वर्षकी कन्या विवाह गर्न उपयुक्त देखिन्छ । अथवा २४ वर्षको वरले ८ वर्षकी कन्या विवाह गर्न पनि सक्दछ । यस कथनलाई "दक्षले" पनि आफ्नै शैलीमा व्यक्त गरेका छन् । जस्तै – "विवाहेदष्टवर्षामेवं धर्मो न हीयते" । विवाह कालको विषयलाई धर्मशास्त्रमा प्राकृतिक सर्वमान्य सिद्धान्त अनुसार व्याख्या र नियमन गरिएको छ । चराचर जगतमा उद्भिज, स्वेदज, अण्डज एवं जरायुज आदि सम्पूर्ण जीवहरूको पुष्पितावस्था भन्नु (ऋतुकाल) पुलिङ्ग र स्त्री लिङ्गको प्राकृतिक रूपमा स्वतः संयोगावस्था (विवाह) हो । वनस्पतिहरूमा (खाद्यपदार्थहरू) अत्यधिक वर्णसङ्कर हुँदा वास्तविक अवस्थाबाट विकृत भई खाद्यवस्तुहरू पनि स्वरूप नै परिवर्तन भएर भिन्न स्वादमा परिणत भएको देखिन्छ । मानवलाई संरक्षणमा राख्ने व्यवस्था गरिएको हो । वाह्रवर्षको उमेर पुग्दासम्म छोरीको विवाह नगरिदिएमा बाबुलाई ब्रह्महत्या दोष लाग्दछ । उक्त काल पछि कन्याले स्वयं विवाह गरोस् भनिएको छ । जस्तै –

कन्या द्वादशवर्षाणि याऽप्रदत्ता वसेङ्गृहे ।

ब्रह्महत्या पितुस्तस्याः सा कन्या वरयेत्स्वयम् ॥[18]

शास्त्रीय विधान अनुसार ऋतुकाल पूर्व कन्यादान विधिले गर्न लागिएको विवाहमा स्वयंवरको औचित्य देखिदैन । कन्याले विवाहका लागि आफैले वरलाई पतिको रूपमा स्वीकारेर (रोजेर) माला लगाईदिनु नै "स्वयंवर" (वरण गर्नु) गर्नु हो । आधुनिक समाजमा देश, काल, परिस्थिति अनुसार रजस्वला भएको धेरैवर्ष पछि विवाह गरिदिने भएकाले विवाहपूर्व "स्वयंम्वर" गर्ने परम्परा देखिन्छ ।

धर्मशास्त्र अनुसार विवाह ८ प्रकारका छन् । यी विवाहहरूलाई मनु, याज्ञवल्क्य, कौटिल्य आदि धर्मशास्त्रकारहरूले समर्थन गरेका छन् । जस्तै –

---

[12] मनुस्मृतिः – ९ –९५ ।

[13] शान्तिपर्व – १४४६६ ।

[14] मनुस्मृति – ३– ७७ ।

[15] पूर्ववत् – ३ – ४३ ।

[16] पूर्ववत् – ३ – ४४ ।

[17] पूर्ववत् – ९–४४ ।

[18] निर्णयसिन्धु – पृ. ४४८, पं. ९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथाऽऽसुरः ।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः ॥[१९]

यस उक्तिलाई आपस्तम्वले स्वीकारेका छैनन् । उनको मतमा जम्मा विवाहहरूको उल्लेख गरिएको छ । ८ विवाहमध्ये "प्रजापत्य" र "पैशाच" विवाहलाई आफ्नो "आपस्तम्वधर्मसूत्रम्" ग्रन्थमा स्थान दिएका छैनन् । विवाहका लागि कन्या र वर दुवैको विशिष्ट योग्यताको अपेक्षा सबै विवाहमा सबै स्मृतिकारहरूको रहेको पाइन्छ । विवाहका भेदहरूमा मत-मतान्तर देखिए पनि ब्राह्मादि विवाहहरूका लक्षणहरू सबैका मिल्दा जुल्दा देखिन्छन् ।

विवाहका लक्षणहरू –

१ "ब्राह्म-विवाह"– वेद आदि शास्त्रहरू पढेको सदाचारी वरलाई आफैले बोलाई उसको विशेष सत्कार (पूजा) पूर्वक कन्या–वर दुवैलाई वस्त्रभूषणादिबाट अलङ्कृत गरेर कन्यादान गर्नु नै धार्मिक "ब्राह्म" विवाहको लक्षण हो ।

२ "दैव-विवाह"– ज्योतिष्टोमादि यज्ञमा विधिपूर्वक कर्मगरिरहेको "ऋत्विक्"लाई अलङ्कृत "कन्या" दान गर्नु दैव विवाह हो ।

३ "आर्ष-विवाह"– वरबाट वर र गाईको एक जोडा वा गाई एवं वर मात्र २ वटा कन्यापक्षले लिएर विधिपूर्वक कन्यादान गर्नुलाई धर्मयुक्त "आर्ष" विवाह भनिन्छ ।

४ "प्राजापत्य-विवाह"– "तिमी दुवैलें (वर-वधु) सङ्गै धर्म गर्नू" भनेर वस्त्रालङ्कारादिबाट पूजन कन्यादान गर्ने विधिलाई "प्राजापत्य" विवाह भन्दछन् ।

५ "आसुर-विवाह"– कन्या प्रदाता बाबु, बाजे, दाजु–भाइ तथा कन्यालाई वर पक्षबाट यथाशक्ति धन दिएर कन्या दिनु-लिनुलाई "आसुर" विवाह भनिन्छ ।

६ "गान्धर्व-विवाह"– कन्या र पुरुषको पारास्परिक अनुरागबाट भएको संयोगलाई "गान्धर्व" विवाह भनिएको छ ।

७ "राक्षस-विवाह"– कन्या-पक्षसँग मार-काट र तोड-फोड गरी रुँदै कराउँदै गरिरहेकी कन्यालाई जवरजस्ती (वलपूर्वक) हरण गरेर लैजानुलाई "राक्षस" विवाह भन्दछन् ।

८ "पैशाच-विवाह"– निदाएकी, मद्यपानबाट विव्हल भएकी वा शीलको रक्षागर्न असमर्थ भएकी कन्यालाई एकान्त स्थलबाट विवाहकालागि लैजानुलाई अत्यन्त निन्दित पापिष्ठ "पैशाच" विवाह भनिन्छ ।

धर्मशास्त्रले आठ प्रकारका विवाहहरू बताए पनि वर्ण अनुसार केहि विवाह ग्राह्य र केहि त्याज्य मानिएका छन् । ब्राह्मणका लागि –"ब्राह्म", "दैव", "आर्ष" र "प्राजापत्य" ४ विवाह ग्राह्यछन् । क्षत्रियका लागि – "राक्षस" विवाह नै ग्राह्य मानिएको छ । वैश्य र शूद्रका लागि – "आसुर" विवाहलाई उपयुक्त मानिएको छ । जस्तै –

चतुरो ब्राह्मणस्याद्यान्प्रशस्तान्कवयो विदुः ।
राक्षसं क्षत्रियस्यैकमासुरं वैश्यशूद्रयोः ॥[२०]

वहुपत्नीकता –

धर्मशास्त्रमा पुरुषलाई २,३,४ सम्म स्त्री विवाहका लागि अधिकार दिएको छ । जस्तै –

विप्रश्चतस्त्रो विन्देत भार्यास्तिस्त्रस्तु भूमिपः ।
राक्षसं क्षत्रियस्यैकमासुरं वैश्यशूद्रयोः ॥[२१]

विवाहिता पत्नीबाट सन्तान नभएमा, असक्त भई घर न चलेमा उचित व्यवस्थापनका लागि पनि पुरुषले वहुविवाह गर्नु सान्दर्भिक हुनसक्ने कुरा शास्त्रले बताएको छ । शास्त्रको दृष्टिकोण विवाह गरेर सन्तान उत्पादन गरी सृष्टिकमलाई निरन्तरता दिँदै गृहस्थाश्रमलाई बलियो बनाउनु हो । आपस्तम्बले विवाहिता पत्नीबाट धर्मकार्य र सन्तान प्राप्ति भएमा अर्को विवाह नगरोस् भनेका छन् । जस्तै – "धर्मप्रजासम्पन्ने दारे नाऽन्यी कुर्वीत" ।[२२] विवाहिता पत्नी शीलवती र पतिको हित चाहने भए पनि रोगिणी भएर धर्म र सम्पूर्ण कर्म रोकिन गएमा पत्नीबाट अनुमति लिएर दोश्रो विवाह गरोस् तर जेठीलाई कहिले अपमान नगरोस् भनिएको छ । जस्तै –

या रोगिणी स्यात्तु हिता सम्पन्ना चैव शीलतः ।
सानुज्ञाप्याधिवेत्तव्या नावमान्या च कर्हिचित् ॥[२३]

एवं स्त्री वन्ध्या भएमा ९ वर्ष प्रतीक्षा गरोस्, सन्तान जन्मने मर्ने गरेमा १० वर्ष कन्यामात्र जन्मेमा ११ वर्ष र अप्रियवादिनी भएमा तत्काल अर्को विवाह गरोस् भनिएको छ । जस्तै –

अप्रजा नवमे वर्षे दशमे तु मृतप्रजा ।
एकदशे स्त्रीजननी सद्यस्त्वप्रियवादिनी ॥[२४]

---

[१९] मनुस्मृतिः – ३ – २१ श्लो. ।
[२०] मनुस्मृति – ३–२४ श्लो. ।
[२१] गारिनपुराण १५४ अध्याय १ श्लो. ।
[२२] आपस्तम्वधर्मसूत्र – ९ –५–१०–१२ ।
[२३] मनुस्मृति – ९–८२ श्लो. ।
[२४] कृत्यकल्पतरुः, – गार्हस्थ्यकाण्डम्, –१०४ पृष्ठ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाह वासनाको लागि नभएर गृहस्थ-धर्मका लागि अपरिहार्य मानिएको छ । "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता:" भनेर शास्त्रले नारीको सम्मान र उच्चतालाई प्रकट गरेको छ । गृहवधूलाई "गृहलक्ष्मी"को रूपमा पनि मानिन्छ । पुरुषले आफ्नी (गृहलक्ष्मी स्वरूप) पत्नीको रक्षा गर्नु परं कर्तव्य हो, जस्को रक्षाबाट आफ्नो सन्तान, आचरण, कुल, आत्मा र धर्मको स्वत: रक्षा हुन्छ । भनिएको छ –

स्वां प्रसूतिं चरित्रं च कुलमात्मानमेव च ।
स्वं च धर्मं प्रयत्नेन जायां रक्षन्हि रक्षति ॥[२५]

धर्मशास्त्रले नारी जाति एवं विवाहिता स्त्रीलाई (पत्नी) उच्च सम्मानका साथ उच्च सुरक्षा पनि दिनु पर्दछ । नारीमा कोमलता छ, कठोरता छ, तरलता छ, सर्जन शक्ति छ, त्यसैले देवी भगवतीकै प्रतीकको रूपमा पनि उनलाई मानिएको छ । प्रकृति स्वरूप नारीशक्तिको दुरूपयोग भई संसार विकृति तिर नजाओस् भनेर वाल्यावस्थादेखि वृद्धावस्थासम्म पनि नारीलाई विशेष सम्मान पूर्वक सुरक्षा दिएको होइन, नारीमा अवस्थित विशिष्ट धर्महरूको संरक्षणबाट समाजलाई मर्यादित र नैतिक बनाउन खोजिएको हो । जस्तै –

पिता रक्षति कौमारे भर्ता रक्षाति यौवने ।
रक्षन्ति स्थविरे पुत्रा न स्त्री स्वातन्यभपमर्हति ॥[२६]

पिता, पति र पुत्रको संरक्षणमा रहेर नारी-स्वतन्त्रताको हनन हुँदैन । राजा, राष्ट्रपति, प्रधानमन्त्रीले २४औं घण्टा सुरक्षा घेरामा रहेर राज्यका विशिष्ट कामहरू गरेझैं नारीहरूले पनि गर्न सक्दछन् । वैवाहिक विधिले कन्या पिताबाट कन्यादान प्राप्तगर्ने वर कृतज्ञ भई उक्त पत्नीको(नारी) संरक्षण एवं संवर्धनप्रति जिम्मेवार हुनै पर्दछ । पतिले पत्नीलाई वासनाको दृष्टिले मात्र नहेरेर अर्धाङ्गिनीबाट आफू साङ्ग (पूर्णाङ्ग) भएकोमा ममता पूर्वक आत्म-गौरव गर्नुपर्दछ । वैवाहिक पद्धति अनुसार अग्निमा मन्त्रपूर्वक गरिने हवन, पाणिग्रहण, अश्मारोहण, शिलापूजन, अष्टपर्वतपूजा, सप्तपदी हृदयालम्भन एवं चतुर्थीकर्ममा प्रयोगभएका मन्त्रहरूबाट दुवैको हृदयलाई एउटैमा जोड्नुका साथै पुरुषमा पतित्वको आधान र स्त्रीमा पत्नीत्वको आधान गरिएको हुन्छ । वैवाहिक संस्कारबाट सुसंस्कृत पतिव्रता पत्नी र पत्नीव्रत पति नै गृहस्थाश्रमका आदर्श पुरुष एवं आदर्शनारी बन्न सक्दछन् । विभिन्न शास्त्रहरूबाट अनुमोदित कर्ममा प्रवृत्त चारित्रिक नरनारीहरू सु-समाजका प्रवर्तक मानिन्छन् ।

वहुभर्तृकता –

पुरुषले वहु-विवाह गरे जस्तै स्त्रीहरूमा पनि वहु पतिको प्रसङ्ग शास्त्रमा उल्लेख भएको पाइन्छ । जस्तै –

नष्टे मृते प्रव्रजिते क्लीवे च पतिते पतौ ।
पञ्चस्वापत्सु नारीणी पतिरन्यो विधीयते ॥[२७]

तदनुसार नारीले पति हराएमा, मरेमा, सन्यास लिएमा, नपुंसक भएमा र पतित भएमा समेत ५ आपत्कालमा अर्को पति वरण गर्न सकिने कुरा उल्लेख गरिएको छ । पुरुषलाई वहुविवाह गर्ने शास्त्रीय आधार भए झै स्त्रीलाई वहु-पतिको अवसर प्राप्त छैन । महाभारतमा युधिष्ठिरले द्रौपदीलाई ५ पाण्डवकी पत्नीका रूपमा स्वीकारेका छन् । त्यस्तो लोकविरुद्ध कार्य देखेर आदिपर्व – २९५।२७ – २९ अनुसार धृष्टद्युम्नले युधिष्ठिरलाई सम्झाउँदै गरेको प्रश्नको जवाफमा युधिष्ठिरले – "यस्ता कार्यहरू पहिले पनि हुने गर्थे र हामी५पाण्डवहरूमा जसले जुन वस्तु प्राप्त गरेपनि सबैलाई समान भाग लगाउने सम्झौता भएको छ" भन्ने कुरा उल्लेख गरेका छन् । यसै प्रसङ्गमा युधिष्ठिरको भनाई छ – "सूक्ष्मो धर्मो महाराज नास्य विद्मो वयं गतिम् ।

पूर्वेषामानुपूर्वेण यातं वर्त्मानुयामहे ॥"[२८]

तन्त्रवार्तिकमा कुमारिल भट्टले गरेको व्याख्या अनुसार – एकै नासका आपसमा मिल्ने जुल्ने खालका धेरै द्रौपदीहरू थिए, महाभारतमा आलंकारिक रूपले धेरैलाई एउटै रूपमा देखाएका छन् । वास्तवमा ५ द्रौपदीहरू थिए, प्रत्येक ५ द्रौपदीहरूको भिन्ना भिन्न ५ पाण्डवहरू सङ्ग विवाह भएको हुनुपर्दछ । यसै प्रसङ्गमा उल्लेख गरिएको छ – "अथवा बव्हय एवता: सदृशरूपा द्रौपद्य एकत्वेनोपचरिता इति व्यवहारार्थापत्या गम्यते"[२९] मनुस्मृति अनुसार कामवासनाबाट बुद्धि भ्रष्ट भएका राजा वेनले नियोगको चलन चलाएका हुन् । यस प्रकारको पशुधर्मलाई विद्वान्हरूले निन्दा गरेका छन् । विवाह विधिमा विधवा विवाहको उल्लेख छैन र विवाहका मन्त्रहरूमा पनि नियोगको प्रसङ्ग आउँदैन । सनातन धर्मलाई नष्ट गर्ने नियोगको निन्दा मनुले पनि गरेका छन् । जस्तै –

नोद्वाहिकेषु मन्त्रेषु नियोग: कीर्त्यते क्वचित् ।
न विवाहविधावुक्तं विधवावेदनं पुन: ॥[३०]

---

[२५] मनुस्मृति:, – ९।७ श्लो. ।
[२६] पूर्ववत् – ९।३ श्लो. ।
[२७] अग्निपुराण – १५४ अध्याय, विवाह प्रसङ्गबाट ।
[२८] महाभारत – आदिपर्व – १९६ ।
[२९] तन्त्रवार्तिक – पृष्ठ – २०९ ।
[३०] मनुस्मृति: – ९ – ६५ श्लोक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"नियोग" अधर्मको कारक हुने देखिएकाले कलियुगादिमा यसलाई निषेध गरिएको छ। जस्तै –

"उदायाः पुनरुद्वाहं ज्येष्ठांशं गोवधस्तथा।
कलौ पञ्च न कुर्वीत भ्रातृजायां कमण्डलुम् ॥[३१]

आपस्तम्वले वंश क्षयहुने अवस्थामा "नियोग" विधिको प्रयोग गर्न सकिने उल्लेख गरेता पनि यस विधिको दुरुपयोग भई अन्य सिद्ध हुनसक्ने भएकाले पुनः निषेध गरेका छन्। जस्तै – "सगोत्रस्थानीयां न परेभ्यस्समाचक्षीत"। "तदिन्द्रियदौर्बल्याद्विप्रतिपन्नम्"[३२] (अद्यप्येवं पूर्वे कृतक्तः, तथाऽपि तदद्यत्वे विप्रतिपन्नं (विप्रतिषिद्धम्)।

आफ्नो गोत्रभित्र मात्र भनेर नियोगको आदेश दिन सकिने चलन कुनै समयमा रहेतापनि कलियुगका मानवमा इन्द्रियहरू अत्यन्त कमजोर भई आफ्नो वसमा राख्न सक्ने क्षमता नभएकाले वर्तमान अवस्थामा निषेध गरिनु शास्त्रको आशय हो। धर्मशास्त्रले बताएको विवाह-विधान वैज्ञानिक छ, मानव वंशमा पर्ने भौतिक एवं आध्यात्मिक दूरगामी प्रभावको राम्रो अध्ययन गरेर ऋषि, महर्षिहरूले विवाह-धर्मको स्थापना गरेका हुन्। विवाहका लागि शास्त्रीय विवाह नै उत्तम मानिएको छ। असहज परिस्थिति एवं विशेष अवस्थामा प्रयोग गरिएका विवाहलाई प्रमाण मानेर सबैले उपयोग गर्न खोज्दा अनर्थ हुन सक्दछ। विधवा विवाहबाट एवं परस्त्रीमा उत्पन्न क्षेत्रज सन्तानलाई (पुत्र) शास्त्रीय सन्तानको रूपमा मानिएको छैन र पतिव्रता स्त्रीका लागि द्वितीय पतिको विधान पनि कुनै शास्त्रले गरेको पाइदैन। भनिएको छ –

नान्योत्पन्ना प्रजास्तीह न चाप्यन्यपरिग्रहे।
न द्वितीयश्च साध्वीनां क्वचिभ्दर्तोपदिश्यते ॥[३३]

सन्दर्भसामग्री

१ मनुस्मृति – "मन्वर्थमुक्तावली" टीका सहित चौखम्भा संस्कृत संस्थान, वाराणसी।
२ याज्ञवल्क्यस्मृतिः – "मिताक्षरा" व्याख्या सहित चौखम्भा संस्कृत संस्थान, वाराणसी।
३ आपस्तम्बधर्मसूत्रम् –उज्ज्वलाख्यया वृयभया संवलितम्, चौखम्भा संस्कृत सस्थान वाराणसी।
४ धर्मशास्त्रका इतिहास – डा.पाण्डुरंग वामन काणे, उत्तरप्रदेश हिन्दीसंस्थान, लखनऊ।
५ निर्णय सिन्धुः – संग्रहकर्ता - कमलाकर भट्ट।
६ महाभारत।
७ कृत्यकल्पतरु।
८ अग्निपुराण।
९ पारस्करगृह्यसूत्रम् – "हरिहरभाष्य" सहित – सपरिशिष्ट "सरला" हिन्दी व्याख्योपेतम् (चौखम्भा अमरभारती प्रकाशन)

[३१] निर्णयसिन्धुः – तृतीयपरिच्छेद – ५४८ पृ.।
[३२] आपस्तम्वधर्मसूत्रम् – २।२७।२।४।
[३३] मनुस्मृति – ५।१६२ श्लो.।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन हिन्दु राजनीतिकचिन्तनमा मनुको राजधर्म

डा.भेषराज अर्याल
सह-प्राध्यापक (राजनीतिशास्त्र)

पृष्ठभूमि –

सामान्य पाठकहरूको दृष्टिमा राजनीतिक विचारको विकास पूर्वमा भन्दा पशिचमी देशहरूमा धेरै भएको रहेछ भन्ने हुन सक्छ। यस्तो भनाई केही पशिचमी विद्वान् लेखकहरूले पनि प्रचार गरेको पाइन्छ। तर पूर्वीय प्राचीन हिन्दु धर्म ग्रन्थहरूको अध्ययन गरेको खण्डमा उक्त भनाई पूर्णतः गलत ठहरिन्छ। प्राचीन भारतीय हिन्दु समाज धेरै विकसित र परिमार्जित थियो। प्राचीन हिन्दु धर्म ग्रन्थहरू रामायण, महाभारतको शान्ति पर्व, भीष्म पर्व तथा नारद स्मृति, मनुस्मृति, याज्ञवल्क्य स्मृति, बृहस्पति सूत्र, शुकनीति, विदुरनीति, कामन्दकीयनीति सार र कौटिल्यको अर्थशास्त्र लगायत आदि ग्रन्थहरू प्राचीन भारत वर्षको हिन्दु ग्रन्थहरू मात्र नभएर तत्कालीन समाजलाई सुख, शान्ति, समृद्दि र नियमन गर्नकोलागि निर्माण गरिएका सैद्धान्तिक र व्यवहारिक राजनीतिक चिन्तनसंग सम्बन्धित ग्रन्थहरू मानिन्छन्। वास्तवमा प्राचीन ग्रीक् राजनीतिक चिन्तक प्लेटो (ई.पू.४२७-३४७) ले आफ्नो राजनीतिक दर्शन अन्तर्गत "आदर्श राज्य"को आधारमा राज्यमा रहेका जनताहरूलाई ल्याएका छन्। ती जनताहरूलाई उनमा रहेका मानवीय (प्राकृतिक) गुणका आधारमा उत्पादक वर्ग (वासना प्रधान), सैनिक वर्ग (सौर्य प्रधान) शासक वर्ग (ज्ञान प्रधान) गरी तीन वर्गमा विभाजित गरेका थिए। प्लेटोले उल्लेख गरेका उक्त मानवीय गुणहरू प्राचीन भारतीय हिन्दु दर्शनले धेरै वर्ष पहिलेनै सत्व, रज, तमलाई सृष्टिका प्रत्येक आरोह अवरोहमा यिनै तत्वको भूमिका रहेको कुरा बताई सकेको थियो। जस्तै – गीतामा श्री कृष्णले भन्नु भएको छ

सत्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः।
निबध्नन्ति महाबाहो देहे देहिनभव्ययम्[1] ॥ गीता अ. १४।५

(हे भहावाहु अर्जुन भौतिक प्रकृति सत्व रज र तम यी तीन गुणले युक्त छ। जब जीवात्माहरू यस प्रकृतिका सम्पर्कमा आउँछन् ती गुणहरूले तिनलाई बद्ध बनाई दिन्छ।) त्यस्तै अगाडि भनिएको छ –

सत्वं सुखे सञ्जयति रजः कर्मणि भारतः[2] ॥ गीता अ. १४।५

(अर्थात् हे भरत पुत्र ! सतो गुणले मानिसलाई सुखमा आवद्ध गरिदिन्छ, रजो गुणले सकाम कर्ममा बद्ध गराउँछ र तमोगुणले ज्ञानलाई ढाकेर मानिसलाई बौलठ्ठीपन प्रति आवद्ध गराउँछ।

अतः ल्पेटोले आफ्नो राजनीतिक दर्शनमा उल्लिखित वर्ग विभाजन प्राचीन हिन्दु धर्म दर्शनमा -गीतामा) उल्लेखित सत्व, रज र तमको आधारमा गरेका थिए भन्ने प्रष्ट हुन्छ। यस्तो स्थितीमा हाम्रो पूर्वीय हिन्दु दर्शनमा उल्लेख गरिएको राजनीतिक चिन्तन कति विस्तृत र व्यापक रहेछ त भन्ने कुरा स्वतः सिद्ध हुन्छ।

प्राचीन भारतीय शासनव्यवस्था माथि उल्लेख गरिएका हिन्दु धर्म दर्शन अनुसार संचालित थियो। समय, काल, परिस्थिति अनुसार यो क्षेत्रमा धेरै सामाजिक, धार्मिक, आर्थिक र राजनीतिक उथलपुथलहरू भए। प्राचीन कालमा विकसित भएको कममा मध्यकालमा राजनीतिक चिन्तनको विकास हुन सकेन। पहिला विकसित भएका कतिपय सैद्धान्तिक ग्रन्थहरू पनि नाश पारिए।

प्राचीन हिन्दु राजनीतिक चिन्तकहरूले राजनीतिलाई धर्मबाट अलग गरेका छैनन्। बरु राजनीतिलाई धर्मकै एक अभिन्न अंगको रूपमा स्थापित गरेको पाइन्छ। मानव जातिको प्रमुख लक्ष्य धर्मको अनुसरण गर्दै मोक्षप्राप्त गर्नु रहेको छ र शासनको प्रमुख कर्तव्य आफ्ना नागरिकहरूलाई धर्म पालना गर्न गराउन लगाउनु रहेको देखिन्छ। छिमेकी राज्यसंग झगडा पर्न गयो भने पनि ती चिन्तकहरूले शत्रुसंग धर्म युद्ध गर्ने सल्लाह दिएका छन्। "राज्यको उद्देश्य धर्म स्थिर राख्नु हो। धर्मबाट राज्य स्थिर रहन्छ। धर्मलाई संकुचित अर्थमा नलिई समस्त जीवनलाई नियमित गर्ने र सुशासित राख्ने तत्वको रूपमा लिइएको छ।"[3] राज्यमा शासन व्यवस्था सुचारु भएको खण्डमा मात्र नागरिकहरुले धर्म, अर्थ, काम, मोक्ष, चर्तुवग प्राप्त गर्न सम्भव हुन्छ भन्ने मान्यता ती ग्रन्थहरुमा रहेको छ। तत्कालीन राज्यलाई शुक्राचार्य र सोमदेवले धर्म र अर्थको वृक्ष मानेका छन्। प्राचीन हिन्दुराजनितिक दर्शनहरुका सबै ग्रन्थहरुमा स्वधर्मलाई सबैले प्राथकिता दिनुपर्ने कुराको निर्देशन ती चिन्तकहरूले दिएको पाइन्छ। महाभारतको शन्तिपर्वमा राजनीतिक चिन्तकको नम वृहस्पति, विशालाक्ष, काव्यमहेन्द्र, प्राचतस मनु, भारतद्वाज,तथा गौ सिराको नाम उल्लेख छ। भने कौटिल्यको अर्थशास्त्रमा ५० भन्दा बढी राजनीतिक आचार्यहरूको नाम र उनीहरूको राजनीतिक चिन्तनको विवेचना गरिएको छ।[4]राजाले पनि आफ्नो राजधर्मपालना गर्नुपर्ने आदेश ती चिन्तकहरूले गरेका छन्। यदि कुनै राजाधर्म पालन गरेको

---

[1] गीतोपनिषद, श्रीमद् भागवत् गीता यथारूप, अनुवादक तथा व्याख्याकार श्री श्रीमद् अभय चरणाविन्द भक्ति वेदान्त स्वामी, प्रभु पाद १९९७, (भक्तिवेदान्त वुक इस्ट) पृ.४९२, ४९५
[2] ऐजन
[3] गोपाल शिवाकोटी, राजनीतिक विचारधाराको इतिहास, २०४७ (काठमाण्डौ, रत्नपुस्तक भण्डार) पृ.२७९
[4] ऐजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन भन्ने कुरा प्रमाणित भएमा "राजा विरुद्ध विद्रोह गरी गद्दीच्यूत गर्ने अधिकार प्रदान गर्नु अत्यन्त महत्वपूर्ण छ । महाभारत शान्तिपर्वमा धर्मपालना नगर्ने राजालाई हत्या गर्न लायक छ"[५] भनिएको छ ।

मनुस्मृति ग्रन्थका सन्दर्भमा

हिन्दु धर्मग्रन्थहरू मध्ये मनुस्मृतिको नाम विशेष महत्त्वका साथ लिइन्छ । मनु यसका प्रणेता हुन् । त्यसैले प्राचिन हिन्दु राजनीति शास्त्रमा मनुको स्थान माथि रहेको देखिन्छ । मनुको उत्पत्तिको बारेमा श्रीमद् भगवत गीतामा श्रीकृष्ण भन्नुहुन्छ – महर्षय: सप्तपूर्वे चत्वारो मनवस्तथा ।

मद्भावा मानसाजाता येषां लोक: इमा: प्रजा ॥[६]

अर्थ:– (सात जना महर्षिहरू(........................) त्यो भन्दा पूर्वका चार जना महर्षिहरू (सनक, सनन्दन, सनातन र सनतकुमार मनुहरू (मनुष्य जातिका पूर्वजहरू) सबै म बाट अर्थात् मेरा मनबाट पैदा भएका हुन् र विभिन्न लोकमा निवास गर्ने सम्पूर्ण जीवात्माहरू तिनीहरूबाट उत्पन्न भएका हुन् भन्नुभएको छ ।)

मनुलाई कसैले एक व्यक्ति हुन् भनेका छन् भने कसैले यो एक पद हो भनेका छन् । "पुराणले महाभारत युद्धको २५ पिढीं अगाडि मनुकाल मानेको छ । साथै मनु १४ वटा भएको पुराणमा छ । त्यसकारण मनु जसले मनुस्मृतिको रचना गरे । आदि मनु भन्न सकिन्न । मनुस्मृतिको रचना लामो परम्पराको परिणाम हो ।"[७] मनुस्मृतिका ग्रन्थकारको समय निर्धारणको सम्वन्धमा विद्वान्हरूको विचारमा एक मत छैन तर समग्र मनु वंशले गरेको लामो शासन कालका व्यवस्थाहरूलाई ग्रन्थाकारका रूपमा ई.पू.५-२ सम्म सङ्कलन गरिएको हो भन्ने कुरामा हिन्दु दर्शनका विशेषज्ञ मानिने भारतीय राजनीतिक चिन्तक डा. के. पी. जायसवाल लगायत धेरै विद्वान्हरूको मतैक्य रहेको छ । म्याक्समुलरले यो ग्रन्थ ई.पू. चौथो शताब्दी पूर्व लेखिएको हो भनेका छन् । कसैले यसको सङ्कलन भृगु ऋषिद्वारा गरिएको हो भनेका छन् । यो ग्रन्थमा सुरुमा एक लाख श्लोकहरू थिए, पछि बाह्रहजार श्लोकहरू हुँदै हाल छब्बिस सय चौरासी श्लोकहरू रहेका छन् । आधुनिक युगमा वारेन हास्टिङ् (ध्वचचभल जबकतष्लन) नामक विद्वान्ले यो ग्रन्थलाई अंग्रेजीमा अनुवाद गरे पछि यसको प्रचार प्रसार पश्चिमी जगतमा व्यापक रूपमा हुन गयो । "यो एक यस्तो ग्रन्थ हो, जसको आध्यात्मिकता र श्रेष्ठताको तुलना कसैसँग पनि गर्न सकिदैन । जुन वाइवल भन्दा पनि श्रेष्ठ छ"[८] भनिएको छ । मनुस्मृतिमा राजालाई बताएका अर्ति उपदेशका कुरालाई पछि म्याकियावेली (ई.१४६९–१५२७) ले आफ्नो "द प्रिन्स" नामक ग्रन्थ मार्फत फ्रान्सका तत्कालीन शासक गुडलियानो मेडिसीलाई आफ्नो प्रदेश सुदृढ बनाउने उद्देश्यको लागि सल्लाह दिएका थिए । मनुस्मृतिमा मुख्यतया पितामाताको महत्व ब्रह्मचारीको कर्तव्य गुरुसेवा विवाहोचित कन्या यक्षका प्रकारहरू वलिदिनेप्रक्रिया अतिथिको महत्व विद्वान ब्राह्मणको महत्व श्राद्धविचार देवकार्य ऋषि कर्म वृत्ति विचार जुठो सुतक शुद्धा-शुद्धि विचार स्त्री धर्म आश्रय विचार प्राणायाम् सन्यासीहरूको कर्म राजधर्म दण्ड किल्ला युद्धनियम नासो कन्या कर दास जेठो छोराका कर्तव्य वेदको महत्व इत्यादिका विषयमा विशदरूपमा वर्णन गरिएको छ ।

मनुको राजधर्म:

मनुस्मृतिको सातौं अध्यायमा उल्लेख गरिएको "मनुको राजधर्म" भनेको राजाले गर्ने देव उपासना मात्र नभएर राजाले आफ्नो राज्यमा रहेका नागरिकहरूकालागि सुख शान्ति र समृद्दिको लागि गर्नुपर्ने कर्तव्यहरू हुन् भन्ने बुझ्न पर्छ । अर्को शब्दमा भन्नुपर्दा राजाको मूल धर्म भनेको प्रजा प्रतिको कर्तव्य हो । मनुस्मृतिमा राजाको उत्पत्ति र उनको कर्तव्यको सन्दर्भमा भनिएको छ –

अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुमे भयात् ।

रक्षार्थमस्य सर्वस्य राजानमसृजत्प्रभु: ॥[९]

अर्थात्–यो संसारमा राजा नहुँदा चारै तर्फ असुरक्षा अशान्तिले हाहाकार मच्चिन थाल्यो । त्यसकारण भगवान्ले समाजमा शान्ति सुरक्षा कायम राख्ने उद्देश्यले राजाको सृजना गरे भनिएको छ ।

यहाँ पश्चिमी विद्वान् हब्सले आफ्नो "सामाजिक संभौता"मा भने अनुसारको सिद्धान्त मिल्न आउछ । उनले पनि राज्यको उत्पत्ति हुनु पूर्व समाजमा पनि बलिया बाठाहरूको शासन थियो । यसले गर्दा नियम, कानून उनीहरूको इच्छामा निर्भर थियो । कमश: ती बलियाहरूले अराजकता अशान्ति उत्पन्न गरे र जनताहरूले एक आपसमा संभौता गरे र "लेवियाथाँ" (राजा)को निर्माण गरे भन्ने सिद्धान्त निर्माण गरेका छन् । यो कुरा मनुस्मृतिले उल्लेख गरेको उपर्युक्त श्लोकसंग मिल्न आउछ । ईश्वरले राजाको उत्पत्तिको लागि ईन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्रमा र कुवेर यी आठ देवताको शक्ति एकत्र गरेर त्यही शक्तिबाट मानव जातिको रक्षाको निम्ति राजाको सृष्टि गरेको उल्लेख गरिएको छ । यी माथि उल्लिखित देवताहरूको अंशबाट जब राजा उत्पन्न भए तब देखि आफ्नो पराकम र तेजद्वारा सबै प्राणिहरूलाई आफ्नो बसमा राख्न थाले ।

---

[५] ऐजन

[६] श्रीमद् भगवत गीता अध्याय १०।६ (पूर्ववत् पादटिप्पणी संख्या १, पृ.३७१ ।)

[७] ऐ ऐ. पृ.२८२

[८] शीरिषचन्द्र रेग्मी राजनैतिक विचार धारा र विश्लेषण, २०४६ वाराणसी नाथपब्लिसिङ् हाउस पृ.१६९ ।

[९] मनुस्मृति अनु. अध्याय ७।३ तिलक प्रसाद लुइटेल २०६१ (काठमाण्डौ: पैवी प्रकाशन, रामशाह पथ) पृ. १३५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वदमासी गर्ने, नियमको उल्लंघन गर्ने नागरिकलाई राजाद्वारा दण्ड दिनको लागि ईश्वरले पहिले देखि ब्रह्मतेज, धर्म, पुत्र, रूप, दण्ड आदिको निर्माण गरेका छन्[१०] भनिएको छ । यो दण्डलाई राजाले बडो विचार पूर्वक प्रयोग गर्नुपर्छ । उचित रीतिले दण्डको प्रयोग गर्ने राजाले आफ्नो जीवनमा धर्म, अर्थ र काममा सफलता प्राप्त गर्दछन् । तर भोगविलासमा मात्र लागिरहने मूर्ख राजा चाही यही दण्डबाट मारिने प्रावधान रहेको छ । दण्डको शक्ति धेरै भयंकर रहन्छ । अनभिज्ञ र कर्तव्य च्यूत कामी राजाले त्यो धारण गर्न गाह्रो पर्दछ । कमजोर र च्यूत राजालाई यसले त्यो कूलै सहित नष्ट पारिदिन्छ ।[११] तर जुन राजा पवित्र सत्य निष्ठ र शास्त्र अनुकूल आचरण गर्दछन् र त्यस्तै मित्रहरूको सम्पर्कमा रहन्छन् भने त्यस्ता राजाले दण्डको उचित प्रयोग गर्न सक्तछन् । आफ्नो राज्यमा राजाले सुशान्ति कायम गर्नुपर्छ । राम्रा मित्रहरूको सहयोग लिनु पर्छ । जनताहरूको दुःख कष्टहरूको हेरविचार गर्नुपर्छ । त्यस्ता राजाको यश कीति चारै तर्फ फैलिदै जान्छ र उनी सबैका प्रिय हुँदै जानेछन् भनिएको छ ।

राजाले प्रत्येक दिन विहानै उठेर तीनै वेदका साता र नीति शास्त्रको राम्रो ज्ञान भएका उच्चकोटीका वृद्ध ब्राह्मणको सेवा गर्नु पर्छ र उनैको आसानुसार काम गर्नु पर्छ,[१२] भनिएको छ । विनयी राजाको राज्य सधै सुरक्षित रहन्छ । वेन, नहुष, पिजवनका पुत्र, सुदा, सुमुख र निमी जस्ता राजाहरू विनय शील नभएका हुँदा नष्ट भएका थिए । त्यस्तै विनयशील भएकाले पृथु र मनुले राज्य, कुवेरले धन, ऐश्वर्य र विश्वमित्रले ब्राह्मणपद प्राप्त गरेका थिए ।[१३] राजाले आफ्ना इन्द्रियहरूलाई वसमा राख्नको लागि नित्य योगाभ्यास गरिरहनु पर्छ । किनभने जितेन्द्रिय भएको खण्डमा मात्र आफ्ना प्रजाहरूलाई वसमा राखेर शान्ति सुरक्षा कायम राख्न सकिन्छ ।[१४] राजाले काम जन्य १० र कोध जन्य ८ कुराबाट अलग रहन पर्छ । काम जन्य अन्तर्गत – सिकार एवं जुवा खेल्नु, दिउसो सुत्ने, काम कथा, परनिन्दा, स्त्रीमा आशक्ति, मदिरा पान, नाच गान र विना उद्देश्य घुम्नु रहेका छन् भने कसैको चुक्ली लगाउनु कुकर्म गर्नु, द्रोह गर्नु, रिस गर्नु, अर्काको गुणमा दोष देख्नु, आफ्नो अधिकार नभएको सम्पत्ति लुट्नु, कठोर वचन बोल्नु, कुरता पूर्वक दण्ड दिनु रहेका छन् । मृत्यु र दुर्व्यसनीको अन्त्य भएमा स्वर्गमा पुग्दछ ।[१५] राजाले वंश परंपरादेखि राज्यको सेवा गरिरहेका शास्र (शस्त्र) ज्ञानी कुशल परीक्षा गरिएका योग्य ७ । ८ को संख्यामा मन्त्रिहरूको नियुक्ति गर्नु पर्छ । विना मन्त्रीको सहापताले एक्लै राजाले राज्य गर्न सक्तैनन् ।

राजाले प्रत्येक दिन आफ्ना मन्त्रिहरूसंग सन्धि, विग्रह, समुदाय, प्राप्तवस्तु र स्रोत साधनका बारेमा विचार विमर्श गर्नु पर्छ । राज्यका विभिन्न काम सम्पन्न गर्नको निमित्त योगय जागरिला कर्मचारीहरू नियुक्त गर्नु पर्छ । सबै शास्त्रमा कुशल हाउभाउ र इसाराबाट मनको कुरा बुझ्न सक्ने पवित्र कुलको योगय व्यक्तिलाई राजशतमा नियुक्त गर्नु पर्छ ।[१६] राजाले वृक्ष, दुर्ग, महीदुर्ग, गिरि दुर्ग जस्ता उचित दुर्गको आश्रय लिएर नगरमा बास बस्नुपर्छ । शास्त्रमा उल्लेख गरिएको विधि अनुसार आफ्ना कर्मचारीहरूद्वारा प्रजावर्गहरूबाट वार्षिक कर उठाउनु पर्छ । उनीहरू प्रति पिताको जस्तै व्यवहार गर्नु पर्छ । प्रजा पालन गर्ने सन्दर्भमा अन्य कुनै विदेशी राजाले मुद्दाको हाँक दिएमा त्यसबाट पन्छिनु हुँदैन । मुद्दामा सम्पूर्ण शक्ति लगाएर लड्ने पिट्यु फर्काएर नभाग्ने राजा सोझै स्वर्गलोकमा जान्छन् । युद्द गर्दा नपुंशक, हात जोडेर उभिएको, केश झरेकी स्त्री भूइमा बसेको र शरण परेकोलाई मार्नु हुँदैन । त्यस्तै सुतेको, युद्द हातहतियार नलिएको, युद्दका पोशाक नलगाएको, नाङ्गो र लड्न नचाहने दर्शक वा अर्कासंग लड्दै गरेकोलाई आक्रमण गर्नु हुँदैन ।[१७] राजाले आफ्ना सेनालाई सधैं तैयारी अवस्थामा राख्नु पर्छ । शत्रुले आफ्नो भेद नपाओस् तर शत्रुको भेद आफूले पाइनै रहनु पर्छ । कछुवाले आफ्नो अंग लुकाए जस्तै आफ्ना भेदहरूलाई गोप्य राख्नु पर्छ । सिंहले जस्तै आकमण र स्यालले जस्तै अवसर पाउदा साथ शत्रुमाथि जाइ लाग्नु पर्छ । आफू भन्दा वलियो शत्रुको फन्दामा पर्दा साथ खरायो जस्तै गरी भागेर निस्कनु पर्छ ।[१८] राजाले निम्न कुरालाई सधैव पालन गर्नुपर्छ । आफूलाई प्राप्त हुन नसक्ने भूमि र धनको इच्छा गर्नु हुँदैन । प्राप्त भएको सम्पत्तिलाई यत्न पूर्वक रक्षा गर्नुपर्छ । रक्षित धर्मको वृद्धि गर्नु पर्छ । रक्षित धनलाई व्यवसाय गरेर वृद्धि गर्नुपर्छ । वृद्धि भएको धनलाई सुपात्रमा वितरण गर्नुपर्छ । जसरी किसानले खेतमा उम्रेको घाँसलाई उखेलेर फ्याक्छ र धानको रक्षा गर्छ त्यस्तै गरेर शत्रुको नास गर्नु पर्छ ।[१९] जुन राजाले आफ्ना नागरिकहरूलाई दुःख दिन्छ

---

[१०] तस्यार्थे सर्व भूतानां गोप्तारं धर्ममात्मजम्
ब्रह्मतेजो मयं दण्डमसृजत्पूर्वमीश्वरः ॥ मनुस्मृति अध्याय ७ । १४ ।

[११] दण्डो हि सुमहत्तेजो दुर्धरश्चाकृतात्ममि
धर्माद्विचलितं हन्ति नृपमेव सवान्धवम् ॥ पूर्ववत् ७ । २८ ।

[१२] ब्राह्मणान्पर्युपासित प्रातरुत्थाय पार्थिवः
त्रैविद्यावृद्धान्विदुषास्तिष्ठेत्तेषां च शासने ॥ पूर्ववत् ७ । ३७ ।

[१३] पृथुस्तु विनयाद्राज्यं प्राप्तवान्मनुरेव च ।
कुवेरश्च धनैश्वर्यं ब्राह्मण्यं चैव गाधिजः ॥ पूर्ववत् अध्याय ७ । ४२ ।

[१४] इन्द्रियाणां जपे योगं समातिष्ठेद्दिवानिशम् ।
जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः ॥ पूर्ववत् अ. ७ । ४४ ।

[१५] व्यसनस्य च मृत्योश्च व्यसनं कष्टमुच्यते ।
व्यसन्यधोऽधो व्रजति स्वर्गात्सव्यसनी मृतः ॥ पूर्ववत् अध्याय ७ । ५३ ।

[१६] दूतं चैव प्रकुर्वीत सर्वशास्त्र विशारदम् ।
इङ्गिताकार चेण्टक्षं शुचिं दक्षंकुलोद्वतम् ॥७ ।६३ ।

[१७] न सुप्तं न विसन्नाहं न नग्नं न निरायुधम् ।
नयुध्यमानं पश्यन्तं न परेण समागतम् ॥ पूर्ववत् अध्याय ७ । ९२ ।

[१८] वकवच्चिन्तयेदर्थान्सिंहवच्च पराक्रमेत् ।
वृकवच्चावलुम्पेत शशवच्च विनिष्पतेत् ॥ ७ । १०६ ।

[१९] यथोद्धरति निर्दाता कक्षं धान्यं च रक्षति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तो राजाले आफ्नो जीवन र आफन्त सहित राज्य पनि गुमाउँछ । दुई, तीन, पाँच र शय गाउँका बीचमा सुरक्षा पोस्टहरू राख्नु पर्छ । आफ्नो राज्य भित्रका कर्मचारीहरूको काम कर्तव्यको निगरानीको लागि गोप्यश्तको नियुक्ति गर्नुपर्छ । प्रजाबाट घुस लिने पापिस्ट कर्मचारीलाई राजाले सर्वस्व सहित देश निकाला गर्नु पर्छ । "तषां सर्वस्वमादाय राजा कुर्यात्प्रवासनम्" जसरी जुको वाछो र भँवराले थोरै थोरै गरेर आफ्नो खाद्यान्नको जोहो गर्दछ त्यस्तै गरेर राजाले पनि प्रजाबाट अलि अलि कर लिनु पर्छ । काम अनुसार राजा नरम र कठोर हुनु पर्छ । आफ्ना सैनिक सुद्ध भएको बुझेपछि र शत्रु पक्ष कमजोर भएको देखे पछि त्यस माथि आक्रमण गर्नु पर्छ । आफ्नो राज्यबाट लुकी छिपी शत्रु पक्षको शरण पर्न गएका कुनै आफ्ना मित्र वा रिसाएका नोकर रहेछन् भने तिनीहरू संग धेरै सावधानी रहनु पर्छ । आफ्ना सैनिकहरूलाई प्रशिक्षण दिने अवसरमा विजय हुदाको लाभ, मृत्यु भएमा स्वर्गको प्राप्ति, भागेमा नरक जानु पर्ने कुरा बुझाउनु पर्छ । विभिन्न किसिमले सैनिहलाई हर्षित तुल्याउनु पर्छ र वेला वेलामा यिनीहरूको परीक्षा र निगरानी पनि गरिरहनु पर्छ । शत्रुलाई साम, दाम, दण्ड, भेद मध्ये जुनसुकै उपाएले पनि जित्ने काम गर्नु पर्छ ।[२०] आपत्तिवाट वच्नको लागि सके सम्म धनको पनि रक्षा गर्नु पर्छ । धन भन्दा धेरै स्त्रीहरूको अनी त्यही धन र स्त्रीका सहायताले आत्म रक्षा गर्नु पर्छ ।[२१]

यसरी राजाले मन्त्रिहरूको साथ लिएर माथि बताइएका विभिन्न कार्यहरू सम्पन्न गरे पश्चात् भोजन गर्नको लागि अन्तपुरमा जानु पर्छ । भोजनालयमा आत्मिय भान्सेले बनाएको, परीक्षण गरिएको र स्वादिलो विषनाशक मन्त्रले पवित्र पारेको भोजन गर्नु पर्छ । भोजन पश्चाद् अन्तपुरमा गै रानीहरूसंग केही समय विहार गरेर महलको कुनै एकान्त स्थलमा गै गुप्तचरहरूसंग बसेर रहस्यमय संवाद गर्नुपर्छ । त्यस पछि उनीहरूलाई विदादिएर पुनः अन्तपुरमा आई मीठो धुनले मन प्रशन्न बनाउँदै आराम गर्नुपर्छ । शरीर स्वस्थ रहुन्जेल राजाले उक्त कार्य गर्नु पर्छ तर अस्वस्थ भएमा उपयूक्त मन्त्रि वा सहयोगीलाई राज्य सम्बन्धी काम गर्ने जिम्मेवारी दिनु पर्छ ।

निष्कर्ष –

मनुस्मृतिमा उल्लिखित मनुको राजधर्मलाई अध्ययन गरेर आजको परिस्थितिमा ढालेर हेर्दा कतिपय कुराहरू सार्वभौमिक रूपमा अपरिहार्य देखिएका छन् । प्लेटोको आदर्श राज्यमा उल्लेख गरिएका सिद्दान्त र मेकियावेलीले "द प्रिन्स" नामक पुस्तकका माध्यमबाट तत्कालीन शासक गुडलियानो मेडिसीलाई दिएको सल्लाह पनि मनुकै सिद्धान्तमा आधारित देखिन्छ । हब्सले "सामाजिक संझौता" हुनु भन्दा पहिलेको समाजमा रहेको अराजकता यस ग्रन्थको सातौं अध्यायको तेस्रो श्लोकमा इंगित गरिएको छ । हाम्रा लिच्छवि कालीन र राणा कालीन शासन व्यवस्था पनि यसै ग्रन्थमा उल्लेख गरिए अनुसार चलेको थियो । जंग बहादुरको पालामा लेखिएको मुलुकी ऐनमा पनि यसका कतिपय नियम र सिद्धान्तहरू प्रस्ट रूपमा पढ्न पाइन्छ । राजा खाली भोज मस्ती गर्न र कमजोरलाई दुःख दिन मात्र ईश्वरले निर्माण गरेका होइनन् । राजा विहान देखि वेलुकीसम्म आफ्ना नागरिक र राज्यको सुरक्षा एवं समृद्धिको लागि हृदय देखिनै लागिरहनु पर्छ भन्ने कुरा धेरै व्यवहारिक देखिएका छन् । दण्डलाई राजाले होसियारी पूर्वक प्रयोग गर्नुपर्छ । नगरे वंश सहीत उसको विनाश हुने कुरा नेपाल तथा अन्य विदेशी कुलुकमा व्यवहारमा आइसकेको देखिन्छ । भ्रष्टाचारी कर्मचारीलाई दिने दण्ड "प्रषा सर्वस्वमादाय राजा कुर्यात्प्रवासनम्" कस्तो कडा देखिन्छ । आज नेपालमा होस् कि अन्य कुनै राष्ट्रमा होस् जे जस्तो अशान्ति, अराजकता देखिन्छ त्योशासक वर्गको अनुशासन हीन आचरणले गर्दा भएको हो । आफ्नै परिवार, नाता गोतालाई पोस्ने र भोज मज्जा गर्ने एवं दण्डको प्रयोग आफ्नो विचार र व्यक्तिगत हित विरुद्ध बोल्ने गर्नेलाई प्रयोग गर्ने जस्तो गलत कार्यले गर्दा भएको हो ।

अतः आजका हाम्रा शासकहरूले आधुनिक आवश्यक र परिमार्जित नियम कानूनका साथै मनुस्मृतिको अध्ययन गरेर सोही मुतविक शासन सन्चालन गरे देशमा अवश्य पनि शान्ति सुरक्षा र समृद्धि एवं स्थिरता हुने देखिन्छ ।

त्था रक्षेन्नृपो राष्ट्रं हन्याच्च परिपन्थिनः ॥ ७ । ११० ।

[२०] साम्ना दानेन भेदेन समस्तैरथवा प्रथक् ।
विजेतुं प्रयतेतारीन्न युद्देन कदाचन ॥ पूर्ववत् अध्याय ७ । १९८ ।

[२१] ऋापदर्थं धनं रक्षाद्दारान्रक्षेद्धनैरपि ।
आत्मानं सततं रक्षेत् दारैरपि धनैरपि ॥ पूर्ववत् अध्याय ७ । २१३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कारको महत्त्व र सोह्र संस्कारहरू

प्रेमकुमार आचार्य
सहप्राध्यापक

विषय प्रवेश

सनातन सभ्यता प्राचीन सभ्यता हो र यो अत्यन्त उत्कृष्ट एवं वैज्ञानिक सभ्यता हो । यस सभ्यताका अत्यादरणीय, त्रिकालज्ञ पूर्वज ऋषिमहर्षिहरूबाट हाम्रो आर्य सनातन परम्परालाई अझै मर्यादित र सुव्यवस्थित तुल्याउन गहन विचार शोध र अन्वेषण गर्दै महनीय योगदानहरू गरेको पाइन्छ । हाम्रा आगम ग्रन्थ वेद, उपनिषद्, स्मृति, पुराणहरूमा मनुष्य जीवनलाई सार्थक र अनुशासित पार्न धेरै विधि तथा निषेध वाक्यहरू अभिव्यक्त भएका छन् । मनुष्य जीवनलाई दुष्प्रभावित गर्ने अदृश्य विघ्नहरूबाट निरापद तुल्याउन र मानिसभित्रका कल्मष र दुषित विचारहरूलाई हटाएर उसभित्र पवित्रता, शुद्धता, आस्तिकता, धार्मिकता, आध्यात्मिकता र साँस्कृतिकताको आधान गर्न ऋषिमहर्षिहरूले सँस्कारलाई निकै महत्त्व दिएका छन् । मनुष्य जीवनको आरम्भदेखि अन्त्यसम्मका विभिन्न क्षणहरूमा विभिन्न खालका संस्कारहरूको व्यवस्था गरेर पूर्वीय दार्शनिकहरूले संस्कारहरूका माध्यमबाटै सनातन समाजमा आध्यात्मिक आलोक र सुसंस्कृत चेतना छर्ने प्रशंसनीय कार्य गरेका छन् । यसै अर्थमा हाम्रो सनातन समाज र संस्कृतिमा संस्कारहरूको महत्त्वपूर्ण स्थान रही आएको मान्न सकिन्छ ।

संस्कार शब्दको व्युत्पादन

संस्कार शब्द संस्कृत शब्द हो । सम्+कृ+घञ् मिलेर बनेको 'संस्कार' शब्दको अर्थ पूर्ण गर्नु अथवा संस्कृत गर्नु हो । साथै 'संस्कार' शब्दको अर्थ दोषहरूको परिमार्जन गर्नु हो । "श्रौतकर्म वा स्मार्तकर्मद्वारा व्यक्ति सुसंस्कृत हुने भएकाले यसलाई "संस्कार" भनिएको कुरा गोविन्दले[१] भनेका छन् । जीवका दोषहरूलाई परिमार्जन गरेर धर्म, अर्थ, काम, मोक्ष जस्ता पुरुषार्थ चतुष्टय प्राप्तिका निमित्त एवं वल, वीर्य, प्रज्ञा र दैवी गुणहरूको प्रस्फुटनका लागि शास्त्रोक्तविधिपूर्वक सम्पन्न गरिने संस्कारको विशिष्ट महत्व रही आएको छ । यद्यपि संस्कारले कस्ता दोषहरूको परिमार्जन गर्दछ ? र कसरी कुन रूपमा संस्कारको प्रतिक्रिया हुन्छ ? यसलाई विश्लेषण गर्नु कठिन छ तापनि अदृष्ट कुराहरूका सम्वन्धमा त्रिकालज्ञ महर्षिहरूका वाक्यहरू नै विशिष्ट प्रमाणहरू हुन् । श्रद्धापूर्वक ती आर्षवाक्यहरूको पालना गरेमा शास्त्रविहित फल प्राप्त गर्न सकिन्छ । संस्कारले आत्मा र अन्तःकरण शुद्ध पार्छ, मनुष्यभित्रका पापहरू हटाउँछ, अज्ञानलाई टाढा राख्दछ र आचार-विचार र ज्ञान-विज्ञानबाट संयुक्त गर्दछ । संस्कारले मलापनयन एवं गुणाधान गर्दछ । यस विषयमा मनु[२]को भनाइ छ –"वेदमा विधान गरिएका गर्भाधानादि पुण्यकर्महरूद्वारा द्विजहरूको शरीर संस्कार गर्नुपर्दछ । यस्तो संस्कार यसलोक र परलोक दुवैमा पवित्रकारी छ ।"

संस्कार संख्या -

संस्कारसंख्याका वारेमा ऋषिमहर्षिहरूका आ-आफ्नै धारणा पाइन्छन् । गौतमले[३] अठचालीस संस्कारहरूको गणना गरेका छन् । ती यस प्रकार छन्-

(१) गर्भाधान, (२) पुंसवन (३) सीमन्तोन्नयन (४) जातकर्म (५) नामकरण (६) अन्नप्राशन (७) चौल (८) उपनयन, ।

चार वेदाव्रत (९.महानाम्नीव्रत, १०.महाव्रत, ११.उपनिषद्व्रत, १२.उपाकर्म (गोदान) (१३) समावर्तन, (१४) विवाह ।

पञ्चमहायज्ञ (१५.देव, १६.पितृ, १७.मनुष्य, १८.भूत, १९.व्रह्म) ।

सात पाकयज्ञसंस्था (२०.अष्टका, २१.पार्वण, २२.श्राद्ध, २३.श्रावणी, २४.आग्रहायणी, २५.चैत्री, २६.आश्वयुजी) ।

सात हवियज्ञसंस्था (२७.अग्न्याधेय, २८.अग्निहोत्र, २९.दर्शपूर्णमास, ३०.आग्रायण, ३१.चातुर्मास्य, ३२.निरूढ पशुबन्ध, ३३.सौत्रामणी) ।

---

१ संस्क्रियते अनेन श्रौतेन कर्मणा स्मार्तेन वा पुरुषः इति संस्कारः ।
(मुहूर्तचिन्तामणि पीयूषधारा व्याख्या सँस्कारप्रकरणको भूमिका) ।

२ "वैदिकै कर्मभिः पुण्यै र्निषेकादिर्द्विजन्मनाम् ।
कार्यः शरीरसंस्कारः पावन प्रेत्य चेह च ॥" (मनु २।३६) ।

३ गर्भाधानपुंसवनसीमन्तोन्नयनजातकर्मनामकरणान्नप्राशनचौलोपनयनम् । चत्वारि वेदव्रतानि । स्नानं सहधर्मचारिणीसंयोगः । पञ्चानां यज्ञानामनुष्ठानम् । देवपितृमनुष्यभूतव्रह्मणाम् । अष्टका पार्वणः श्राद्धं श्रावण्याग्रहायणी चैत्र्याश्वयुजीति सप्त पाकयज्ञ संस्थाः । अग्न्याधेयमग्निहोत्रं दर्शपूर्णमासवाग्रयणं चातुर्मास्यानि निरूढ पशुवन्धः सौत्रामणीति सप्तहविर्यज्ञसंस्थाः । अग्निष्टोमोऽत्यग्निष्टोम उक्थ्यः षोडशी वाजपेयोऽतिरात्रोप्तोर्याम इति सप्त सोमयज्ञसंस्थाः इत्येते चत्वारिंशत् संस्काराः अथाष्टावात्मगुणाः । दया सर्वभूतेषु क्षान्ति रनसूया शौचमनायासो माङ्गल्यकार्पण्यमस्पृहेति । (गौतम ध.सू. १।८।१४–२४) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सात सोमयज्ञसंस्था (३४.अग्निष्टोम, ३५.अत्यग्निष्टोम, ३६.उक्थ्य, ३७.षोडशी, ३८.बाजपेय, ३९.अतिरात्र, ४०.अप्तोर्याम)।
आठ आत्मगुणहरू (४१.दया, ४२.क्षन्ति(क्षमा), ४३.अनसूया, ४४.पवित्रता, ४५.अनायास, ४६माङ्गल्यं, ४७.अकार्पण्यम्,४८.अस्पृहा)।

अङ्गिराले २५ संस्कारहरूको उल्लेख गरेका छन् । पुराणहरूमा विभिन्न संस्कारहरूको गणना गरी मुख्य रूपमा षोडश (१६) संस्कारको वर्णन गरिएको छ । जुन संस्कारहरूलाई व्यासले[४] यसरी चिनाएका छन् - (१) गर्भाधान, (२) पुंसवन, (३) सीमन्तोन्नयन, (४) जातकर्म, (५) नामकरण, (६) निष्क्रमण, (७) अन्नप्राशन, (८) वपन(चूडा), (९) कर्णवेध, (१०) व्रतादेश (उपनयन), (११) वेदारम्भ (१२) केशान्त(गोदान) (१३) वेदस्नान (समावर्तन) (१४) विवाह, (१५) विवाहाग्निपरिग्रह, (१६) त्रेताग्निपरिग्रह ।

अतिप्रसिद्ध संस्कारहरूको परिचय

यी षोडश संस्कारको संक्षिप्त परिचय तपसील अनुसार छ –

१. गर्भाधान संस्कार - गर्भधारणको समयमा गरिने यो संस्कार वीर्य र गर्भसम्बन्धी पापनाशक संस्कार हो[५] । यो सँस्कार गर्नाले राम्रो र सुयोग्य सन्तान उत्पन्न हुन्छ, दोषहरू पखालिन्छन्, गर्भक्षेत्र सु-संस्कृत हुन्छ, गर्भाधानको समयमा स्त्री-पुरुषहरू जस्तो आहार-विहार र चेष्टाबाट युक्त भएर परस्परमा समागम गर्दछन्, तिनीहरूको सन्तान पनि त्यस्तै स्वभावको हुन्छ भन्ने कुरा सुश्रुतसंहितामा[६] उल्लेख छ । गर्भधारणको स्वाभाविक समयबारे मनु[७] र याज्ञवल्क्य[८]ले स्पष्ट विधान गरेका छन् । मासिक प्रवाहको चौथो रातपछि सोह्रौं रातसम्मको अवधि नै ऋतुकाल हो । यस अवस्थामा पुत्रार्थीले सम रात्रिमा र कन्यार्थीले विषम रात्रिमा पत्नीगमन गर्न सक्दछ । तर अमावास्या, पूर्णमासी, अष्टमी तथा चतुर्दशी जस्ता तिथिहरू र मूल, मघा जस्ता नक्षत्रहरूलाई त्याग गर्नुपर्दछ । यो संस्कारलाई कसैले गर्भसंस्कारका रूपमा लिई प्रत्येक ऋतु सम्पर्कमा गर्भाधान संस्कार गर्नुपर्ने विधान दिएका छन्, भने कसैले योनिसंस्कारका रूपमा लिई गर्भाधानका निम्ति प्रथमपटक ऋतुसम्पर्क गर्दा मात्र यो संस्कार आवश्यक पर्ने ठानेका छन् ।

गर्भाधानका निमित्त पत्नीगमन गर्दा शुभमुहूर्तमा शुभमन्त्रहरूले प्रार्थना गर्नुपर्दछ –

"गर्भं धेहि सिनीवाली गर्भं धेहि पृथुष्टुके ।
गर्भं ते अश्विनौ देवावाधत्तां पुष्करस्रजौ ॥" (वृहदारण्यक ६।४।२१) ।

"हे सिनीवाली ! हे पृथुष्टका ! तपाईंले यी स्त्रीमा गर्भधारण गर्ने सामर्थ्य दिनुहोस्, गर्भलाई पुष्ट पार्नुहोस् । हे अश्विनी कुमारहरू ! गर्भलाई पुष्टता दिनुहोस् ।"

यसरी गर्भाधान संस्कार सम्पन्न गरेमा कामुकताको दमन भई शुभभावापन्न मनको सम्पादन हुन्छ ।

२. पुंसवन संस्कार - पुत्र प्राप्तिका लागि यस संस्कारको विधान गरिएको छ । संस्कार प्रकाशमा भनिएको छ –

"पुमान् प्रसूयते येन तत् पुंसवनमीरितम्" । पुत्रजन्मनाले 'पुम्' नामको नरक भोग्नुपर्दैन[९(क)] भन्ने प्राचीन मान्यता रहेकाले पुत्र उत्पादनका निमित्त पुंसवन संस्कारको विधान गरिएको हो । जब गर्भ दुई वा तीन महिनाको हुन्छ गर्भिणीमा गर्भका लक्षणहरू स्पष्ट देखिन थाल्दछन्, गर्भभित्रको भ्रूण केही चलमलाउन थाल्दछ, त्यतिबेला "पुनर्वसु नक्षत्रमा उपवास गरी तिष्य नक्षत्रका दिन गाईको दहीमा दुईवटा सिमी र १ जौंको दाना राखेर पतिले पत्नीलाई ३ पटकसम्म पिलाउँछ[९(ख)] ।" अथवा "शुभमहूर्तमा मांगलिक पाठ गणेश आदि देवताको पूजन गरी 'वर'को नयाँ पालुवा वा कुशको जराको जललाई मिलाई पिसेर पतिले गर्भिणी पत्नीको दाहिने नाकबाट पिलाउँछ र यस्तो मन्त्र पाठ गर्दछ"[९(ग)] –

---

४ "गर्भाधानं पुंसवनं सीमन्तो जातकर्म च । नामक्रियानिष्क्रमणेऽन्नाशनं वपनक्रिया । कर्णवेधोव्रतादेशो वेदारम्भक्रियाविधिः । केशान्तस्नानमुद्वाहो विवाहाग्नि परिग्रहः । त्रेताग्निसंग्रहश्चेति सँस्काराः षोडशः स्मृताः । (व्यासस्मृति ११३-१५) ।

५ वैजिकं गार्भिकं चैनो द्विजानामपमृज्यते । (मनु २।२७) ।

६ आहाराचारचेष्टाभिर्यादृशीभिः समन्वितौ ।
स्त्रीपुंसौ समुपेयातां तयोः पुत्रोऽपि तादृशः ॥ (सुश्रुत संहिता, शारीरस्थान २।४६।५०) ।

७ ऋतुकालाभिगामीस्यात् स्वदारनिरतः सदा । पर्ववर्जव्रजेच्चैनां तद्वतो रतिकाम्यया ॥
ऋतुः स्वाभाविकस्त्रीणां रात्रय षोडश स्मृता । चतुर्भिरितरैः सार्धमहोभिः सद्विगर्हितैः ॥
तासामाद्याश्चतस्रस्तु निन्दितैकादशी च या । त्रयोदशी च शेषास्तु प्रशस्ता दशरात्रयः ॥
युग्मासु पुत्रा जायन्ते स्त्रियोऽयुग्मासु रात्रिषु ।
तस्माद्युग्मासु पुत्रार्थी संविशेदार्तवेस्त्रियम् ॥ (मनु ३।४५-४८) ।

८ षोडशर्तुनिशास्त्रीणां तस्मिन् युग्मासु संविशेत् ।
ब्रह्मचार्येव पर्वाण्याद्याश्चतस्रस्तु वर्जयेत् ॥
एवं गच्छन् स्त्रियं क्षामां मघां मूलां च वर्जयेत् ।
सुस्थ इन्दौ सकृत्पुत्रं लक्षण्यं जनयेत् पुमान् ॥ (याज्ञ. १।७९-८०) ।

९ (क) पुंनाम्नोनरकाद्यस्मात्त्रायते पितरं सुतः ।
तस्मात् 'पुत्र' इति प्रोक्तः स्वयमेव स्वयंभुवा ॥ (मनुः ९।१३८) ।
(ख) आश्वलायन गृ.सूत्र ११३।२-७ । धर्मशास्त्रको इतिहास प्रथम भाग पृ. १८८ ।
(ग) कल्याण धर्मशास्त्रङ्क वर्ष ७० संख्या १, पृ. ३६४, गीता प्रेस, गोरखपुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"ॐ हिरण्यगर्भः समवर्तताग्रे भूतस्यजातपतिरेकरासीत् ।

स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥" (यजु १३।४) ।

यस संस्कारकै उपाङ्गभूत संस्कार जसलाई अवलोभन भनिन्छ । यो संस्कार गर्दा गर्भस्थ शिशुको रक्षा र असमयमा गर्भच्यूत नहोस् भनी मांगलिक पाठ, गणेश आदि देवताको पूजा एवं हवनादि कार्यको विधान पनि गरिएको छ ।

३. सीमन्तोन्नयन संस्कार - गर्भस्थ बालकमा जो संस्कार दिइन्छ, त्यसको गहिरो प्रभाव पर्दछ । गर्भाधानको चौथो महिनामा कृष्णपक्षको चतुर्दशी तिथिमा पुंनक्षत्र (श्रवण, पुनर्वसु, मृगशिरा, तिष्य आदि नक्षत्र)मा यो संस्कार गरिन्छ । यस संस्कारका बारेमा भनिएको छ- "जब गर्भस्थ बालकका अंग-प्रत्यंग बन्न थाल्दछन्, चेतना र इच्छा जागृत हुन थाल्दछ, तब यो संस्कार गरिन्छ ।" भनिन्छ- यो समय गर्भको शिक्षण समय हो । पौराणिक आख्यान अनुसार- गर्भको यस्तै अवस्थामा महाभक्त प्रह्लादलाई देवर्षि नारदको र अभिमन्युलाई चक्रव्युह प्रवेशको उपदेश प्राप्त भएको थियो भन्ने वचन पनि पाइन्छ । यो संस्कार गर्दा अग्निस्थापना एवं होमादि कार्य सम्पन्न गरेर घृतयुक्त यज्ञ-अवशिष्ट सुपाच्य पौष्टिक क्षीर "ॐ भूर्विनयामि" "ॐ भुवर्विनयामि" "ॐ स्वर्विनयामि" भन्दै यस्तो मन्त्र पढेर पतिले पत्नीलाई खुवाउँछ ।

"येनादितेः सीमानं नयति प्रजापतिर्महते सौभगाय ।

तेनाहमस्यै सीमानं नयामि प्रजामस्यैजरदष्टिं कृणोमि ॥"

अर्थात् जसरी देवमाता अदितिको सीमन्तोन्नयन प्रजापतिले गरेका थिए, त्यसै प्रकारले यी गर्भिणीको सीमन्तोन्नयन गरेर यिनको गर्भस्थ पुत्रलाई जरावस्थापर्यन्त दीर्घजीवी गर्दछु ।

४. जातकर्म संस्कार - कुनैपनि बच्चा जन्मिसकेपछि आमाको स्तनपान नगर्दै बच्चाको नाभिच्छेदन भन्दा पहिले यो संस्कार विधान गरिएको छ । सुनको टुक्राले अथवा अनामिका औंठाले मन्त्रोच्चारणसहित मह र घिउ प्राशन गराएर यो संस्कार सम्पन्न गरिन्छ, भनी मनुले[१०] विधान गरेका छन् । प्रथमतः विधिपूर्वक स्नानादि गरी नान्दीमुख श्राद्ध, देवपूजन गरी आशीर्मन्त्रको उच्चारणका साथ पिताले पुत्रलाई स्पर्श गरेर सुँघ्दछन् । दीर्घायुको लागि पिता वा आचार्यबाट पारस्करद्वारा वर्णित[११] मन्त्र पाठ गरिन्छ- जसप्रकार-

- "अग्निदेव वनस्पतिहरूद्वारा आयुष्मान् छन् त्यसैप्रकार उनको अनुग्रहबाट म तिमीलाई दीर्घायु युक्त गर्दछु ।"
- चन्द्रमा औषधिद्वारा आयुष्मान् छन् उनको अनुग्रहबाट म तिमीलाई दीर्घायु युक्त गर्दछु ।
- वेदब्राह्मणद्वारा आयुष्मान् छन् उनको अनुग्रहबाट म तिमीलाई दीर्घायु युक्त गर्दछु ।
- देवता अमृतद्वारा आयुष्मान् छन् उनको अनुग्रहबाट म तिमीलाई दीर्घायु युक्त गर्दछु ।
- ऋषि व्रतद्वारा आयुष्मान् छन् उनको अनुग्रहबाट म तिमीलाई दीर्घायु युक्त गर्दछु ।
- पितृ स्वधाद्वारा आयुष्मान् छन् उनको अनुग्रहबाट म तिमीलाई दीर्घायु युक्त गर्दछु ।
- यज्ञ दक्षिणाद्वारा आयुष्मान् छन् उनको अनुग्रहबाट म तिमीलाई दीर्घायु युक्त गर्दछु ।
- समुद्र नदिहरूद्वारा आयुष्मान् छन् उनको अनुग्रहबाट म तिमीलाई दीर्घायु युक्त गर्दछु ।

भन्दै पुत्रको चिरायुको कामना गरिन्छ ।

यसरी गरिने जातकर्म संस्कारले सन्तानको आयु र प्रज्ञा बढ्दछ । दीर्घजीवी र प्राज्ञ पुरुषद्वारा नै समाजको उन्नति सम्भव रहेकाले त्यसका निमित्त जातकर्म संस्कार गर्न अत्यन्त आवश्यक छ । जातकर्म संस्कारले मातृगर्भमा आहार रसपानजन्य दोष नष्ट गर्दछ । जातकर्म संस्कार ब्राह्मण क्षत्रिय र वैश्यको समन्त्रक हुन्छ र शूद्रको मन्त्ररहित हुन्छ भन्ने विधान याज्ञवल्क्य[१२] र यम[१३]ले गरेका छन् ।

---

[१०] प्राङ् नाभिवर्धनात् पुंसो जातकर्म विधीयते ।
मन्त्रवत् प्राशनं चास्याहिरण्यमधुसर्पिषाम् ॥ (मनुः २।२९) ।

[११] ॐ. अग्निरायुष्मान् स वनस्पतिभिरायुष्मान् । तेनत्वायुषाऽऽयुष्मन्तंकरोमि । (पारस्कर १।१६।६) ।
ॐ चन्द्रमा आयुष्मान् स ओषधिभिरायुष्मान् । तेनत्वायुषाऽऽयुष्मन्तंकरोमि ।
ॐ ब्रह्म आयुष्मत् तत् ब्राह्मणैरायुष्मत् । तेनत्वायुषाऽऽयुष्मन्तंकरोमि ।
ॐ देवा आयुष्मन्तः ते अमृतेन आयुष्मन्तः । तेनत्वायुषाऽऽयुष्मन्तंकरोमि ।
ॐ ऋषयः आयुष्मन्तः ते व्रतैरायुष्मन्तः । तेनत्वायुषाऽऽयुष्मन्तंकरोमि ।
ॐ पितरः आयुष्मन्त ते स्वधाभिरायुष्मन्तः । तेनत्वायुषाऽऽयुष्मन्तंकरोमि ।
ॐ यज्ञ आयुष्मान् स दक्षिणाभिरायुष्मान् । तेनत्वायुषाऽऽयुष्मन्तंकरोमि ।
ॐ समुद्र आयुष्मान् स स्रवन्तिभिरायुष्मान् । तेनत्वायुषाऽऽयुष्मन्तंकरोमि ।

[१२] ब्रह्मक्षत्रियविट्शूद्रावर्णास्त्वाद्यास्त्रयोद्विजाः ।
निषेकाद्यास्मशानान्तोस्तेषां वै मन्त्रतः क्रियाः ॥ (याज्ञ. १।१०) ।

[१३] शूद्रोऽप्येवंविधः कार्योविना मन्त्रेण संस्कृतः ॥ (यमःस्मृति) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. नामकरण संस्कार - आयु तथा तेज वृद्धि एवं लौकिक व्यवहार सिद्ध होस् भन्नका लागि नामकरण सँस्कार गरिने भनाइ स्मृतिसंग्रह[१४] मा उल्लेख छ । सामान्य रूपमा जन्मको एघारौं दिनमा वा कुल परम्परानुसार अन्यान्य दिनहरूमा पनि यो संस्कार गरिन्छ भन्ने कुरा याज्ञवल्क्य[१५] मनु[१६] आदिले विधान गरेका छन् । नाम राख्दा ज्योतिषीय परिगणनाका आधारमा नक्षत्र, राशि स्पष्ट छुट्टिने गरी राखिनुपर्ने भनिएको छ । नामकरण व्यक्तिको लागि महत्त्वपूर्ण संस्कार हो । व्यक्तिको ख्याति, प्रसिद्धी, एवं प्रतिष्ठा नामबाटै बन्दछ । शुभघडीमा देवपूजन र यज्ञाहुतिद्वारा यो संस्कार शुभारम्भ हुन्छ । शुभकर्म भाग्यको आधार बढ्ने विशिष्ट माध्यम हो । नामकरण संस्कारको आरम्भमा आमाले आफ्नो नवजात बच्चालाई वस्त्रले ढाकी जलले अभिषिञ्चित गरी पिताका काखमा राखिदिन्छिन् । तत्पश्चात् पिताले देवताहरूको पूजन गरेर अग्नि, सोम आदिलाई आहुति दिएर सुन्दर, शोभन र कर्णप्रिय नाम आचार्यको प्रत्यक्ष निर्देशनमा देवता, महिना आदिका नामबाट राख्दछन् । राशिनामका साथै थप व्यावहारिक नाम राख्ने चलन पनि धेरै ठाउँमा देखिन्छ ।

स्त्रीहरूको नाम राख्दा मनुले[१७] भनेका छन् - स्त्रीहरूको नाम सुखसाथ उच्चारण गर्न सकिने, सरल, स्पष्ट अर्थदिने, मनोहर, मंगलसूचक, आशीर्वादयुक्त, अन्त्यमा दीर्घ अक्षरवाला हुनुपर्दछ । ब्राह्मणको नाम मंगलसूचक, क्षत्रियको नाम बलसूचक, वैश्यको नाम धनसूचक र शूद्रको नाम प्रेष्यसूचक हुनुपर्दछ । यो संस्कार सम्पन्न गर्दा विभिन्न देवी-देवता र कुलदेवताको पनि पूजा-अर्चना गरिन्छ ।

६. निष्क्रमण संस्कार - जन्मेको सन्तानलाई घरवाहिर प्रथमपटक निकाल्दा गरिने संस्कार भएकाले यसको नाम 'निष्क्रमण' राखिएको हो । यस संस्कारलाई वालक जन्मेको चौथो वा छैठौं महिनामा पनि सम्पन्न गर्ने चलन छ । आमाले शिशुलाई काखमा राखेर सूर्यचन्द्रादि देवताहरूको पूजन गरी ती देवताको दर्शन गराउनु यो संस्कारको प्रमुख उद्देश्य मानिन्छ । पाञ्चभौतिक शरीर- पृथ्वी, जल, तेज, वायु र आकाशबाट वनेकाले पञ्चमहाभूतका अधिष्ठाता देवताहरूसँग बालकको कल्याणको कामना गर्दै भनिन्छ[१८] - "हे बालक ! तिम्रो निष्क्रमणको समय द्युलोक तथा पृथिवी कल्याणकारी, सुखद एवं शोभास्पद होस् । सूर्यले तिम्रा लागि कल्याणकारी उज्यालो देऊन् । तिम्रो हृदयमा स्वच्छ कल्याणकारी वायु सञ्चरण होस् । गङ्गा, यमुना आदि नदीहरू तिम्रा लागि निर्मल र स्वादिष्ट जल प्रदान गरून् ।

७. अन्नप्राशन संस्कार - बालवालिका जब जन्मदेखि पाँचौ वा छैठौं महिनामा प्रवेश गरी हुर्कन वढ्न थाल्दछन्, दाँत आउन थाल्दछन्, पाचनशक्ति प्रवल हुन्छ, तब उनीहरूलाई आमाको दूधमा कमी हुन थाल्दछ र पौष्टिक आहारको आवश्यकता अरु बढ्दै जान्छ । यसै समयमा अन्नप्राशन संस्कार गरिन्छ ।

यस अन्नप्राशन संस्कारद्वारा आमाको गर्भमा हुँदा वालकमा प्राप्त भएका मलिन भक्षणजन्य दोषहरूको नाश हुन्छ भनिएको छ – "अन्नाशनान्मातृगर्भे मलाशाद्यपि शुद्धचति" । आफ्नो कुलाचार अनुसार बालकको छैठौं महिनादेखि सम महिनाहरूमा र बालिकाको पाँचौ महिनादेखि विषम महिनाहरूमा अन्नप्राशन गराइने कुरा मनु एवं वसिष्ठ[१९] प्रभृतिले स्पष्ट पारेका छन् । मुहूर्तचिन्तामणिको पीयूषधारा व्याख्यामा श्रीमान् गोविन्द पनि त्यही कुरालाई स्पष्ट पार्दछन्- यो संस्कार गर्दा समय शुद्धिको ख्याल राखी शुभमुहूर्तमा देवताहरूको पूजा गरेर आमा-बुवाले सुन-चाँदीको चमचाले दूध, मह, धिउ, जौ, चामल, आदिबाट तयार गरिएको हविष्यान्न खीर प्राशन गराउँदै यस्तो मन्त्र पढ्छन् –

"शिवौ ते स्तां ब्रीहियवावला सावदोमधौ ।
एतौ यक्ष्मं विवाधेते एतौ मुञ्चतो अंहसः ॥" (अथर्व ८।२।१८) ।

अर्थात् "जौ, चामल, तिम्रा लागि पुष्टिकारक र वलदायक होऊन् किनभने यी वस्तुहरू देवान्नमा परिगणित छन् र यक्ष्मानाशक एवं पापनाशक पनि छन्" । शुक्लपक्षका तिथिहरूमा पूर्वाह्नकालिक समयमा यो संस्कार

---

१४ आयुर्वचोऽभिवृद्धिश्च सिद्धिर्व्यवहृतेस्तथा ।
नामकर्मफलंत्वेतत् समुद्दिष्टं मनीषिभिः ॥ (स्मृतिसंग्रह) ।

१५ 'अहन्येकादशे नाम ....' (याज्ञवल्क्य १।१२) ।

१६ नामधेयं दशम्यां तु द्वादश्यां वाऽस्य कारयेत् ।
पुण्येतिथौ मुहूर्ते वा नक्षत्रे वा गुणान्विते ॥ (मनु. २।३०) ।

१७ स्त्रीणां सुखोद्यमक्रूरंविस्पटार्थंमनोहरम् ।
मंगल्यं दीर्घवर्णान्तमाशीर्वादाभिधानवत् ॥
मंगल्यं ब्राह्मणस्य स्यात् क्षत्रियस्य बलान्वितम् ।
वैश्यस्य धनसंयुक्तम् शूद्रस्य प्रेष्यसंयुतम् ॥ (मनु. २।३१, ३३) ।

१८ शिव तेऽऽस्तां द्यावा पृथिवी असंतापे अभिश्रियौ शं ते सूर्य आ तपतु ।
शं वातो वातु ते हृदि । शिवा अभिरक्षन्तु त्वापो दिव्याः पयस्वतीः । (अथर्ववेद सं. ८।२।१४) ।

१९ (क) "षष्ठेऽन्नप्राशनं मासि यद्वेष्टं मंगलं कुले" । (मनु. २।३४) ।
युग्मेषु च षष्ठमासात्संवत्सरे वा नियतं शिशूनाम् ।
आयुग्ममासेषु च कन्यकानां नवान्नसम्प्राशनमिष्टमेतत् ॥" इति वसिष्ठ" ।
(ख) षष्ठमासादारभ्य सममासे षष्ठाष्टमदशमद्वादशमासेषु वालकानामन्नप्राशनम् ।
कन्यकानां पञ्चमाद् विषममासे पञ्चमसप्तमनवमैकादशमासेषु अन्नप्राशनं सत्" ।
(मुहूर्तचिन्तामणि पीयूषधारा व्याख्या सँस्कार प्रकरण १७औं श्लोक) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिनुपर्दछ भनी नारदले स्पष्ट गरेका छन् । अन्नप्राशनको समयमा बालकको जीविका परीक्षा गरिने व्यवस्था पनि मुहूर्त चिन्तामणि[२०]मा मिलाइएको छ ।

८. चूडाकर्म संस्कार - वल, आयु, तेज वृद्धिको कामना गर्दै चूडा संस्कार गरिन्छ । पहिलो, तेश्रो, पाँचौ वा सातौं वर्षमा अथवा कुल परम्परानुसार उपनयनका साथसाथै पनि चूडाकर्म गरिन्छ । कपालमा जहाँ भँवरो परेको हुन्छ त्यस ठाउँमा शिखा राखी बाँकी सबै गर्भदेखिको केश मुण्डन गरिन्छ । मनुले[२१] सम्पूर्ण द्विजातिहरूको चूडाकर्म पहिलो वा तेस्रो वर्षमा गर्नुपर्ने विधान गरेका छन् । पुराणहरूमा[२२] यो संस्कार सम्पन्न गर्दा नान्दीमुख श्राद्ध, पितृअर्चना, देवपूजन, हवन, ब्राह्मणभोजन निर्धनहरूलाई अन्न, वस्त्र, दान गर्नुपर्ने विधान पनि गरिएको छ । यो संस्कार गर्दा यजुर्वेद ३।६३ को मन्त्र[२३] पाठ गरिन्छ- "हे बालक ! तिम्रो दीर्घायु, अन्नग्रहणसामर्थ्य, उत्पादन शक्तिप्राप्ति, ऐश्वर्य वृद्धि, सुन्दर सन्तान एवं वल वा पराक्रम प्राप्तिका लागि तिम्रो चूडाकरण सँस्कार गर्दछु" । मुण्डन गरिसकेपछि स्नान गरेर शिरमा दहि, घिउ लगाइन्छ ।

९. कर्णवेध संस्कार - पुरुषहरूमा पूर्ण पुरुषत्व र स्त्रीहरूमा पूर्ण स्त्रीत्व प्राप्तिका लागि एवं शिशुहरूको शोभन र अलंकरणका निमित्त यो संस्कार सम्पन्न गरिन्छ । जन्मको छैठौं, सातौं, आठौं वा बाह्रौं महिनामा, छैठौं वा सातौं वर्षमा वा आफ्नो कुलाचार अनुसार यो संस्कार सम्पन्न गरिन्छ । यो संस्कार सम्पन्न हुन नसक्दा पुत्र वा कन्या सुसंस्कृत मानिदैनन् । कर्णवेध गरिसकेका व्यक्तिको कानको छिद्रबाट सूर्यराशीमा प्रवेश गरेमा बाल-बालिका शुद्ध हुन्छन् भन्ने भनाइ छ । कान छेड्दा पवित्र स्थानमा शुभलग्नमा देवताहरूको पूजा गरी सूर्यको सम्मुख पारी सुनको वा चाँदीको तारले यजुर्वेदीय[२४] मन्त्र पढ्दै बालकको कान छेँडिन्छ । कान छेँड्दा बालकको दाहिने कान पहिले र देब्रे कान पछि छेँडिन्छ तर बालिकाको देब्रे कान पहिले र दायाँ कान पछि छेडिन्छ । त्यसपछि बायाँ नासिका छेँदिन्छ । सामान्यतया दक्षिणायन, रात्रि एवं जन्मनक्षत्रमा नाक-कान छेँडिदैन ।

१०. उपनयन संस्कार - उपनयनको अभिप्राय स्वाध्याय वा वेदाध्ययनसँग सम्बन्धित छ । प्राचीन आर्यसभ्यतामा उपनयनलाई सर्वाधिक विशिष्ट महत्व दिइएको छ । उपनयन पछि मात्र द्विजत्व प्राप्ति हुन्छ । अर्थात् ब्राह्मण, क्षत्रिय र वैश्य बटुकहरू जब उपनयन संस्कारद्वारा सुसंस्कृत हुन्छन् तव मात्र 'द्विज' भनेर चिनिन्छन् । शूद्र एवं सबै जातीका स्त्रीलाई उपनयन विधान गरिएको छैन ।

जबसम्म व्यक्ति अनुपनित रहन्छ तबसम्म ऊ अनियमित र अनुत्तरदायी नै रहन्छ । उपनयन नहुँदासम्म आचार-विचार, वोली-चाली, रहन-सहन, खानपान आदिमा खास नियम रहँदैन । उपनयन संस्कारपछि मात्र ऊ विधिवत यज्ञोपवीत धारण गर्दै विशिष्ट नियमहरूमा बाँधिन्छ । उपनयनपछि वेदादिशास्त्रको अध्ययन गर्दै ब्रह्मचारीले ब्रह्मचर्यका नियम पालना गर्दै गायत्री जप तथा श्रौतस्मार्तक्रियाहरू गर्दछ । त्यसपछि गुरुकुलमा गएर गुरुको सान्निध्यमा बसेर गुरुद्वारा ऊ शिक्षित -दीक्षित हुँदै जान्छ । उसले ब्रह्मचर्याश्रमको नियममा रहेर वेदाध्ययन, नित्यक्रिया, स्नान, ध्यान, सन्ध्या, जप, तप र गुरुसेवा गर्दै यम-नियम आदि ब्रतहरूको पालना गर्दछ । उपनयन संस्कारको समयका बारेमा गौतम[२५] मनु[२६] याज्ञवल्क्य[२७]को भनाइ मिल्दो-जुल्दो छ । गर्भको आठौं वर्ष, गर्भको एघारौं वर्ष र गर्भको बाह्रौं वर्ष क्रमश: ब्राह्मण क्षत्रिय र वैश्यजातिको उपनयन संस्कारको मुख्यकाल हो भन्ने कुरालाई सबैले मानेका छन् । तोकिएको समयमा उपनयन हुन नसक्नेहरूका लागि गौणकालको विधान गर्दै याज्ञवल्क्य[२८]ले ब्राह्मणको १६ वर्षभित्र, क्षत्रियको बाईस वर्षभित्र र वैश्यको चौबीस वर्षभित्र उपनयन भइसक्नुपर्ने गौणकालको परमावधि तोकेका हुन् । शास्त्रोक्तविधिद्वारा उपनयन संस्कार गर्दा गुरुले 'वटु'को काँध र हृदयको स्पर्श गर्दै यस्तो मन्त्र पढ्दछन्[२९] – "म वैदिक एवं लौकिक शास्त्रहरूको ज्ञान गराउने वेदव्रत, विद्याव्रत यी दुवै तिम्रो हृदयमा स्थापित गर्दछु । तिम्रो मन र अन्त:स्करणले मेरो ज्ञानमार्ग अनुसरण गरोस् । जसरी म उपदेश गर्दै गरुँला, तिम्रो चित्तले त्यसरी नै ग्रहण गर्दै जाओस् । तिमी एकाग्र चित्त

---

२० तस्मिन्काले स्थापयेत् तत् पुरस्ताद् वस्त्रंशस्त्रं लेखनीं पुस्तकं च ।
स्वर्णं रौप्यं यच्च गृह्णातिवालस्तैराजीवैस्तस्यवृत्तिः प्रदिष्टा ॥ (मुहूर्त संस्कार- २२) ।

२१ चूडाकर्मद्विजातीनां सर्वेषामेव धर्मतः ।
प्रथमेब्दे तृतीये वा कर्तव्यं श्रुतिचोदनात् ॥ (मनु. २।३५) ।

२२ चूडाकर्मादिके तथा .... नान्दीमुखं पितृगणं पूजयेत् । (पुराणहरू) ।

२३ नि वर्तयाम्यायुषेऽदन्नाद्याय प्रजननाय रायस्पोषाय सुप्रजात्वाय सुवीर्याय ....। (यजुर्वेद ३।६३) ।

२४ भद्रं कर्णेभि श्रृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुष्टुवाᳪस स्तनूभिव्यशेमहि देवहितं यदायुः ॥ (यजुर्वेदः २५।२१) ।

२५ उपनयनं ब्राह्मणस्याष्टमे ।
एकादशद्वादशयोः क्षत्रियवैश्ययोः ॥ (गौ.ध.सू. १।६।१२)'।

२६ गर्भाष्टमेऽब्दे कुर्वीत ब्राह्मणस्योपनायनम् ।
गर्भादेकादशे राज्ञो गर्भात्तुद्वादशे विशः ॥ (मनु. २।३६) ।

२७ गर्भाष्टमेऽष्टमेवाब्दे ब्राह्मणस्योपनायनम् ।
राज्ञामेकादशे सैके विशामेके यथाकुलम् ॥ (याज्ञ. १।१४) ।

२८ आषोडशादाद्वाविंशात् चतुर्विंशात् च वत्सरात् ।
ब्रह्मक्षत्रविशांकालः औपनायनिकः परः ॥ (याज्ञ. १।३७) ।

२९ मम व्रते ते हृदयं दधामि ममचित्तमनुचित्तं ते अस्तु । मम वाचमेकमना जुषस्वप्रजापतिष्ट्वानियुनक्तु मह्यम् ॥ (यजुर्वेद) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भई मेरा कुरा सुनेर ग्रहण गर । प्रजापति, ब्रह्मा र बुद्धि एवं विद्याका स्वामी वृहस्पतिले तिमीलाई मेरा विद्याहरूसँग संयुक्त गरिदेऊन्" ।

उपनयन संस्कारमा प्रयोग हुने यज्ञोपवीत नौ तन्तुबाट बनेको तीन सराले युक्त हुन्छ भन्दै मनु[३०]ले भनेका छन् - "ब्राह्मणको यज्ञोपवीत कपासको, क्षत्रियको सनको, वैश्यको भैंडाको ऊनको हुन्छ ।"

उपनयनकर्ता बालकले स्नान गरी कौपीनवस्त्र धारण गर्दछ । कम्मरमा मेखला बाँध्दछ । उत्तरीय वस्त्र प्रयोगमा ल्याउँछ । मृगचर्म र दण्ड धारण गर्दछ । गुरुको आज्ञावाट सूर्यदर्शन गर्दै गुरु र विद्यार्थीले परस्परमा हृदयको स्पर्श गरेर अश्मारोहण, हस्तग्रहण गरेपछि गुरुले शिष्यलाई सावित्री मन्त्रको उपदेश गर्ने विधान छ । जुन मन्त्र, बुद्धि र ज्ञानको उत्कर्षको प्रमुख प्रेरक तत्व हो ।

११. वेदारम्भ संस्कार - उपनयनपछि बालकलाई बेदाध्ययनको अधिकार प्राप्त हुन्छ । वेदाध्ययनको सम्यक् ज्ञान प्राप्तिका लागि मेधाजनन संस्कार गरिएमा बालकको मेधा, प्रज्ञा, विद्या एवं श्रद्धाभिवृद्धि हुन्छ र वेदाध्ययनमा विघ्न नभई विशेष अनुकूलताको प्राप्ति हुन्छ । गुरुको सान्निध्यमा पुगेर शिष्यले वेदाध्ययन प्रारम्भ गर्दा उसको बौद्धिक र आध्यात्मिक उत्कर्ष हुन्छ ।

प्राचीनकालमा वेदाध्ययन शिक्षाको प्रमुख अंग थियो । वेद-वेदांगको शिक्षा लिनु छात्रको प्रमुख कर्तव्य ठानिन्थ्यो । वेदाध्ययन गर्ने विधिका बारेमा मनु[३१]ले "वेदाध्ययन गर्ने व्यक्तिले शास्त्रोक्त विधिबाट आचमन गरी ब्रह्माञ्जली बाँधी हल्का वस्त्र धारण गरी जितेन्द्रिय बन्नु पर्दछ र वेदारम्भको आदि र अन्त्यमा ॐ उच्चारण गर्नुपर्दछ । यदि ॐ शब्द वेदारम्भ गर्दा वा अन्त गर्दा उच्चारण गरिएन भने वेदाध्ययन सुस्तसुस्त हराउँदै पूरै विस्मृतिमा पुग्दछ ।" यो संस्कारको महत्व स्पष्ट पार्दै ज्योतिर्निबन्ध[३२]मा भनिएको छ- "वेदविद्याध्ययनले सम्पूर्ण पापहरू लोप हुन्छन्, आयु वृद्धि हुन्छ, सम्पूर्ण सिद्धिहरू प्राप्त हुन्छन्, विद्याद्वारा नै साक्षात् अमृत प्राप्त हुन्छ" ।

गणेश, सरस्वती आदि देवी-देवताको पूजा गरी (विद्यारम्भ) वेदारम्भमा प्रवेश गर्ने विधान छ, निषिद्ध तिथिहरूमा वेदाध्ययन गरिदैन । आफ्नै गुरुबाट अङ्गसहित वेद, वेदाङ्ग, उपनिषद्हरूको अध्ययन गरी तत्वज्ञान प्राप्त गर्नु नै यो संस्कारको विशिष्ट उद्देश्य हो ।

१२. केशान्त (गोदान) संस्कार - यस संस्कारमा शिर तथा शरीरका अन्य भागमा रहेका केश मुण्डन गरिन्छ । मनुका[३३] अनुसार गर्भदेखि सोह्रौं वर्षमा ब्राह्मणको गर्भदेखि बाईसौं वर्षमा क्षत्रियको र चौबीसौं वर्षमा वैश्यको केशान्त संस्कार गरिन्छ । तर आश्वलायन गृह्यसूत्र १।२२।३ मा टीकाकार नारायण अनुसार उपनयनानन्तर १६ वर्षमा केशान्त संस्कार सम्पन्न हुने कुरा मानिएको छ । केशान्तलाई 'गोदान' पनि भनिन्छ । किनभने यसै संस्कारको मंगलमय अवसरमा ब्राह्मण आचार्यलाई प्राचीनकालमा गोदान गरिने परम्परा रहेकोले केशान्तलाई 'गोदान' भनिएको हो ।

यो संस्कार गुरुकुलमै सम्पन्न गरिन्छ । गणेशादि देवताहरूको पूजा गरी यज्ञादि कर्म सम्पादन गरेर स्मश्रु-वपन गरिन्छ । यो उत्तरायणमा मात्र सम्पन्न गरिन्छ । संस्कारदीपकमा भनिएको छ – "केशानामन्तः समीपस्थितः श्मश्रुभाग" इति व्युत्पत्या केशान्त शब्देन श्मश्रुणामभिधानात् श्मश्रु संस्कारएव 'केशान्त' शब्देन प्रतिपाद्यते । अत एवाश्वलायनेनापि "श्मश्रुणी होन्दति इति श्मश्रुणां संस्कार एवात्रोपदिष्टः ।" इति ।

१३. वेद स्नान (समावर्तन) संस्कार - वेदाध्ययनोपरान्त ब्रह्मचारी गुरुकुलबाट फर्कदा गरिने संस्कारलाई नै समावर्तन संस्कार भनिन्छ । समावर्तनको शाब्दिक अर्थ गुरुकुलबाट शिक्षा ग्रहण गरिसकेपछि घरमा फर्कनु हो । प्राचीनकालमा गुरुकुलमा गुरुको सन्निकटमा बसेर वेदाध्ययन पूरा गरेपछि ब्रह्मचारीको समावर्तन संस्कार गरिन्थ्यो । यो संस्कार समारम्भ गर्दा राम्रो दिन छनोट गरी छात्रलाई विशिष्ट प्रकोष्ठमा राखिन्थ्यो । मध्याह्नकालमा ब्रह्मचारीले गुरुका चरणमा परी प्रणाम गरी समिधा खोजी हवन गर्दथे । यस ठाउँमा ८ वटा वेद मन्त्रले अभिमन्त्रित जलयुक्त कलशहरू राखिएका हुन्थे । यज्ञ समाप्ति पश्चात् ब्रह्मचारी ती कलशहरूका जलले स्नान गरी आफ्नो यश, ऐश्वर्य, पवित्रता आदिका लागि देवताहरूसँग प्रार्थना गर्दथे । स्नान गरिसकेपछि गुरुकुलमा रहँदा आफूले प्रयोग गरेका दण्ड, मेखला, मृगचर्म आदि त्याग गरेर नयाँ कौपीन धारण गर्दथे र आफ्नो दाह्री, कपाल, नङ कटाएर स्वच्छ हुन्थे । त्यस समयमा आचार्यवाट विद्यार्थीलाई सुन्दर बस्त्र, आभूषण, दर्पण जल, पुष्प आदि प्रदान गरिन्थ्यो । यज्ञ, होम गर्दै आचार्यले स्नातकलाई "तिम्रा अधिकाधिक शिष्य प्राप्त होऊन्" भनी आशीर्वाद दिन्थे । यसरी आशीर्वाद र अनुमति पाएर स्नातक घरतर्फ प्रत्यावर्तन गर्दथे ।

---

[३०] कार्पासमुपवीतं स्यात् विप्रस्योर्ध्ववृतं त्रिवृत् ।
शणसूत्रमयं राज्ञो वैश्यस्याविकसौत्रिकम् ॥ (मनु. २।४४) ।

[३१] अध्येष्यमाणस्त्वाचान्तो यथाशास्त्रमुदङ्मुखः ।
ब्रह्माञ्जलिकृतोऽध्याप्यो लघुवास जितेन्द्रियः ॥
ब्रह्मणः प्रणवं कुर्यादादावन्ते च सर्वदा ।
स्रवत्यनोङ्कृतं पूर्वं पुरस्ताच्चविशीर्यति ॥ (मनु. २।७०,७४) ।

[३२] विद्यया लुप्यते पापं विद्ययाऽऽयुः प्रवर्धते ।
विशाया सर्वसिद्धिः स्यात् विद्ययाऽमृतमश्नुते ॥ (ज्योतिर्निबन्ध) ।

[३३] केशान्तः षोडशे वर्षे ब्राह्मणस्यविधीयते ।
राजन्यबन्धोर्द्वाविंशे वैश्यस्य द्वयधिके तत ॥ (मनु. २।६५) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्वलायन स्मृतिको चौधौं अध्यायमा उल्लेख भएका पाँच श्लोकमा यही कुरा स्पष्ट गरिएको छ– "विधिपूर्वक स्नान गरेपछि ब्रह्मचारी वेदविद्याव्रत स्नातक भनी चिनिन्थ्यो । अग्निस्थापन, परिसमूहन तथा पर्युक्षण आदि अग्नि संस्कार गरेर ऋग्वेदको दशौं मण्डलका १२८औं सूक्तका ९ वटै ऋचाहरूबाट समिधा हवन स्नातकले गर्दथे । गुरुदक्षिणा दिई गुरुका पाउस्पर्श गर्दै गुरुको आज्ञानुसार स्विष्टकृद् होम सम्पन्न गरेपछि वरुणदेवको प्रार्थना[३४] गरिन्थ्यो – "हे वरुण ! तपाईंले हाम्रो कटि एवं ऊर्ध्वभागको मौञ्जी, उपवीत एवं मेखलालाई हटाएर सूतिकपडाले बनेको मेखला एवं जनै लगाउने आज्ञा दिनुहोस् र निर्विघ्न अग्रीम जीवनको विधान गर्नुहोस् " । त्यसपछि गुरुले- "सत्यं वद । धर्मं चर । स्वाध्यायान्मा प्रमद ।" आदि जस्ता इहलोक परलोक हितकारी जीवनोपयोगी शिक्षा दिन्थे ।

१४. विवाह संस्कार - संस्कारहरूमध्ये सर्वाधिक महत्वपूर्ण संस्कार विवाह संस्कार नै हो । विवाह संस्कारपछि नै व्यक्तिको सामाजिक एवं साँस्कृतिक स्थिति प्रारम्भ हुन्छ । यसपछि नै मानव ब्रह्मचर्याश्रमबाट गृहस्थाश्रममा प्रवेश गर्दछ । उसको व्यक्तिगत जीवन समाप्त हुन्छ र नयाँ दायित्वका साथ सामाजिक जीवन प्रारम्भ हुन्छ । जसरी उपनयन संस्कारपछि व्यक्ति सुसंस्कृत हुन्छ र विशेष व्रत, नियमहरूको पालना गर्दछ त्यसरी नै विवाहपछि पनि ऊ गृहस्थ बन्दछ र गृहस्थकर्तव्य एवं सामाजिक कर्तव्यहरूको पालना गर्दै जान्छ ।

ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी ८ प्रकारका विवाहहरूको चर्चा गरिएपनि यी विवाहहरूमध्ये ब्राह्म, दैव, आर्ष र प्राजापत्य विवाहलाई उत्कृष्ट मानिएको छ । 'विवाह' संस्कारका निमित्त 'उद्वाह', 'विवाह', 'परिणयन', 'परिग्रहण', 'उपयम' आदि शब्दहरू पनि प्रचलनमा आएका देखिन्छन् । यी शब्दहरूको व्युत्पत्तिलभ्य अर्थ फरक पनि देखिएको छ । जस्तै "उद्वाह" शब्दले कन्यालाई पितृघरबाट उच्चताका साथ लैजाने भन्ने बुझाएको छ भने, 'विवाह' शब्दले विशिष्ट ढंगले कन्यालाई स्त्री बनाउन लैजाने भन्ने बुझाएको छ । 'परिणयन' शब्दले अग्निको प्रदक्षिणा गर्नु भन्ने बुझाएको छ । 'उपयम' शब्दले आफ्नो नजिक लगी आफ्नी बनाउनु भन्ने बुझाएको छ र 'पाणिग्रहण' शब्दले कन्याको हात पकड्नु भन्ने बुझाएको छ । तर पनि विवाह संस्कारका सबै विधिहरूलाई बुझाउन यी शब्द निश्चित रूपमा हाम्रो समाजमा प्रचलनमा आइरहेका छन् ।

'विवाह' संस्कारको उद्देश्यका बारेमा चर्चा गर्दा- धर्म तथा सम्पत्तिको आर्जन, सन्तान उत्पादन र रति सुख नै यस संस्कारका प्रमुख उद्देश्यहरू हुन् भनी याज्ञवल्क्यले[३५] स्वीकार गरेका छन् । मनुले[३६] "सन्तानोत्पत्ति, धर्मकार्य, सेवा, उत्तम रति र पितृ एवं आफ्नो स्वर्ग प्राप्तिका कार्यहरू सबै पत्नीकै अधीनस्थ रहेको" स्पष्ट पारेका छन् । जे होस् गृहस्थ धर्मको परिपालना, सन्तान प्राप्ति, रति सुख आदिका लागि विवाह संस्कार अत्यन्त सार्थक हुन पुगेको कुरालाई अस्वीकार गर्न सकिदैन ।

धर्मशास्त्रहरूमा विवाहका लागि वर-वधू चयन गर्ने कुरामा पनि विशिष्ट विधान गरेको पाइन्छ । वरको लक्षणका बारेमा चर्चा गर्दै स्मृतिहरूमा- वर राम्रो कुलको, सत्चरित्रको, शुभगुण सम्पन्न, ज्ञानवान्, बुद्धिमान् र सुन्दर एवं स्वस्थ हुनुपर्दछ भनिएको छ । स्मृति चन्द्रिकामा वर लक्षणका बारेमा यसरी यमले विधान गरेका छन् –

"कुलं च शीलं च वपुर्यशश्च विद्यां च वित्तं च सनाथता च ।

एतान्गुणान् सप्त परीक्ष्य देया कन्या बुधैः शेषमचिन्तनीयम् ॥" (यमस्मृति) ।

उन्मत्त, पतित, कुष्ठी, नपुंसक, स्वगोत्रज, अपाङ्ग, अपस्मार आदि कारणले दूषित भएको पुरुषलाई दोषी पुरुषमा गणना गरिएकोले यस्तालाई विवाहार्थ कन्या दिन नहुने विधान पनि गरिएको छ[३७] । त्यस्तै गरी मनुले विवाहका निमित्त ग्राह्य कन्याका बारेमा यस्तो विधान गरेका छन् –

गुरुणानुमतः स्नात्वा समावृत्तो यथाविधिः ।

उद्वहेत द्विजो भार्यां सवर्णां लक्षणान्विताम् ॥

असपिण्डा च या मातुरसगोत्रा च या पितुः ।

सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने ॥ (मनु. ३।४-५) ।

अव्यङ्गाङ्गीं सौम्यनाम्नीं हंसवारणगामिनीम् ।

तनुलोमकेशदशनां मृद्वङ्गीमुद्वहेत् स्त्रियम् ॥ (मनु ३।१०) । मनुले[३८] गाई, बाखा आदि पशुधन र धनधान्यबाट जतिसुकै समृद्ध रहेपनि जातकर्मादि संस्कारक्रियारहित कुलमा, पुत्र उत्पन्न नहुने कुलमा, वेदको अध्ययन-

---

३४ उदुत्तमं मुमुग्धि नो वि पाशं मध्यमं वृत ।
अवाधमानि जीवसे ॥ (ऋग्वेद १।२५।२१) ।

३५ लोकानन्त्यं दिवः प्राप्ति पुत्रपौत्रप्रपौत्रकैः ।
यस्मात् तस्मात् स्त्रियः सेव्याः कर्तव्याश्च सुरक्षिताः ॥ (याज्ञवल्क्य १।७८) ।

३६ अ त्यं धर्मकार्याणि शुश्रुषा रतिरुत्तमा ।
दाराधीनस्तथा स्वर्गः पित णामात्मनश्च ह- ॥ (मनु. ९।२८) ।

३७ उत्मन्तः पतितः कुष्ठी तथा षण्ढः सगोत्रजः ।
चक्षुश्रोत्रविहीनश्च तथापस्मार दूषितः ॥ (स्मृति चन्दिका) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यापन नहुने कुलमा, शरीरमा धेरै रौंहरू उम्रने कुलमा, ववासीरका रोगी रहेको कुलमा, क्षयरोगीहरूको कुलमा, मन्दाग्नि अर्थात् पाचनक्रिया कमजोर हुने कुलमा, मिर्गिको रोग देखिने कुलमा, सेतो भ्काले रोग देखिने र कुष्ठी रोगीहरू रहेका कुलमा जन्मिएका स्त्रीसँग विवाह गर्नु हुँदैन भनेका छन् ।

साथै मनुले[३९] अविवाह्य कन्याको थप सूचि प्रस्तुत गर्दै भनेका छन् – "कैलो कपाल भएकी, धेरै अङ्ग भएकी, रोगले ग्रस्त भएकी शरीरमा धेरै रौं उम्रिएकी अथवा रोम (रौं) कत्तिपनि नभएकी, धेरै बोल्ने, खैरा आँखा, भएकी, नक्षत्र, रुख, नदीको नाम राखिएकी, म्लेच्छ, पर्वत, पक्षी, सर्प, दासीका नाम राखिएकी, डरलाग्दो नाम भएकी कन्यासँग बिहे गर्नु हुँदैन ।"

विवाह संस्कार सम्पन्न गर्दा वाग्दान, वरवरण, कन्यादान, विवाह होम, पाणिग्रहण, हृदयस्पर्श, सप्तपदी, अश्मारोहण, सूर्यावलोकन, ध्रुवदर्शन, त्रिरात्रव्रत, चतुर्थीकर्म आदि अङ्ग कर्म समेत सम्पन्न हुनुपर्ने कुरा पारस्करले[४०] विधान गरेका छन् ।

विवाह संस्कार देवता र अग्निलाई साक्षी राखेर वैदिक मन्त्रद्वारा सम्पन्न गरिने संस्कार भएकाले यो संस्कारवाट दाम्पत्य सूत्रबन्ध युगयुगान्तरसम्म जन्म-जन्मान्तरसम्म वलियो भइरहने कुरा आर्य सनातन संस्कृतिमा रही आएको छ ।

विवाह संस्कार पुरुषार्थ चतुष्टयको मूल पनि हो । गृहस्थाश्रमका सम्पूर्ण कृत्य सम्पादन गर्न र धर्म, अर्थ, काम, मोक्ष जस्ता चार पुरुषार्थ सिद्ध गर्न यसको ठूलो भूमिका रहेको छ ।

१५.विवाहाग्नि परिग्रह - जुन अग्निमा विवाह सम्पन्न गर्दा लावाहोम गरिन्छ, त्यस अग्निलाई आवसथ्याग्नि भनिन्छ । त्यसै अग्निको आहरण र परिसमूहन आदि क्रियाहरू यस संस्कारमा सम्पन्न हुन्छन् । यस अग्निलाई आनाय्याग्नि, गृह्याग्नि, आवसथ्याग्नि तथा विवाहाग्नि पनि भनिन्छ । विवाहपछि जव वर-बधू आफ्नो घरमा भित्रन थाल्छन्, तव विवाहको वेलामा स्थापित अग्निलाई घरमा ल्याई कुनै पवित्र स्थानमा प्रतिष्ठित गरेर हरेक दिन सायं प्रातः हवन गर्नुपर्दछ । यो नित्य कार्य भएकाले सम्पूर्ण वैश्वदेव आदि स्मार्तकर्म तथा पाकयज्ञ यसै अग्निमा अनुष्ठित हुन्छन् । याज्ञवल्क्यले स्पष्ट उल्लेख गरेका छन् –

"कर्मस्मार्तं विवाहाग्नौ कुर्वीत प्रत्यहं गृही" (या.स्मृति आचार- १९७) ।

१६. त्रेताग्निसंग्रह संस्कार -

"स्मार्तं वैवाहिके वह्नौ श्रौतं वैतानिकाग्निषु" (व्यास स्मृति २१७) ।

विवाहमा घरमा ल्याइएको आवसथ्याग्निका अतिरिक्त अन्य तीन अग्निहरू दाक्षिणाग्नि, गार्हपत्याग्नि, आहवनीयाग्निको स्थापना र त्यसको निरन्तरता एवं संरक्षणको विधान पनि शास्त्रहरूमा निर्देश गरिएको छ । यिनै दाक्षिणाग्नि गार्हपत्याग्नि र आहवनीयाग्निलाई त्रेताग्नि भनिएको हो । यिनै अग्निमा श्रौतकर्महरू सम्पादित हुन्छन् । वेदमा उल्लेख भएका यज्ञकर्महरू सम्पन्न गर्न त्रेताग्निको आधान गरिन्छ । ती यज्ञकर्मद्वारा नै सद्गति एवं पुण्य प्राप्ति हुन्छ । वेदहरूमा कर्म एवं उपासनासँग सम्वन्धित ८४,००० मन्त्र त्रेताग्निशालामा सम्पादन गर्न योग्य यज्ञहरूका अनुष्ठानविधानमा विनियोग गरिएका छन् । ब्राह्मण ग्रन्थहरू, ऋक-परिशिष्ट, श्रौतसूत्र, गृह्यसूत्र एवं मीमांसक जैमिनि आदिका दर्शनहरूमा यसको प्रयोगविधिका बारेमा सविस्तार विवेचना गरिएको छ । शास्त्रमा उल्लेख गरिएका श्रौतकर्मका यिनै विधानहरूबाट मनुष्य सुसंस्कृत हुन्छ र उसलाई परमपुरुषार्थ प्राप्ति हुन्छ ।

अन्त्येष्टि संसकार -

कुनै आचार्यहरूले मृत शरीरको अन्त्येष्टि क्रियालाई पनि संस्कारमा गणना गरेका छन् ।

मनुष्य मरेपछि उसको पार्थिव शरीरको दाहादिक्रिया सम्पन्न हुन्छ । त्यसैलाई अन्त्येष्टि संस्कार भनिन्छ । मृत व्यक्तिका पुत्रादिले दिवंगत पितृहरूलाई परलोकमा शान्ति मिलोस् भन्ने चाहना राखी यो संस्कार सम्पन्न गर्दछन् । सर्वप्रथम मृत व्यक्तिको शरीरलाई स्नान गराई वस्त्रले ढाकेर तुलसी, सुन आदि अर्पण गरी उत्तर शिर गराएर चितामा राखेपछि औरसादि सुसंस्कृत छोराहरूले मन्त्रसहित चितामा अग्नि दिन्छन् । काजक्रिया शुरु हुन्छ । अखण्ड दीप बालिन्छ । तृतीय वा चतुर्थ दिनमा अस्थिसञ्चयन निमित्तक श्राद्ध, दशौं दिनमा दशाह कृत्यकर्म र तिलत्तोयाञ्जलि, एघारौं दिनमा एकादशाह कृत्यकर्म र बाह्रौं दिनमा सपिण्डीकरण लगायतका कर्म गरिन्छन् । वर्ण तथा आश्रम अनुसार प्रेतत्वमुक्तिका लागि दशगात्र विधान, षोडशी श्राद्ध, सपिण्डीकरण आदि क्रियाहरू सम्पन्न गरिन्छन् ।

---

३८ महान्त्यपिसमृद्धानि गोजाविधनधान्यतः ।
स्त्रीसम्वन्धे दशैतानि कुलानि परिवर्जयेत् ॥
हीनक्रियं निष्पुरुषं निश्छन्दो रोमशार्शसम् ।
क्षय्यामयाव्यपस्मारिश्वित्रिकुष्ठिकुलानि च ॥ (मनु. ३।६-७) ।

३९ नोद्वहेत् कपिलां कन्यां नाधिकाङ्गीं न रोगिणीम् ।
नालोमिकां नातिलोमां न वाचाटां न पिङ्गलाम् ॥
नर्क्षवृक्षनदीनाम्नीं नान्त्यपर्वतनामिकाम् ।
न पक्ष्यहिप्रेष्यनाम्नीं न च भीषणनामिकाम् (मनु. ३।८-९) ।

४० पारस्कर गृह्यसूत्र १।८।१ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच प्राणवायु, मन र बुद्धि जस्ता सत्र बस्तुहरूलाई लिई जीव षाट्कौशिक स्थूल शरीरदेखि निस्कन्छ, तब तत्काल जीवले वायवीय शरीर ग्रहण गर्दछ र प्रेतको नाममा पुकारिन्छ । स्थूल शरीरमा धेरै समय बसेका कारण जीव त्यस शरीरप्रति विशेष अभिनिवेशयुक्त हुन्छ र वायुप्रधान शरीरद्वारा पूर्व शरीरका सूक्ष्मावयवहरूतर्फ रहने चेष्टा गरिरहन्छ । यसैकारण प्रेतत्वमुक्तिका लागि दशगात्रादि क्रियाहरू गर्नैपर्ने विधान शास्त्रमा गरिएको छ । यसवेला गरिने यावत् क्रियाहरू अन्त्येष्टि संस्कार अन्तर्गत पर्दछन् ।

उपसंहार -

शरीर र आत्माको शुद्धि र पवित्रताको निम्ति 'संस्कार'को अत्यन्त आवश्यकता छ । 'संस्कार' मनुष्य जीवनको क्रमिक विकासको सुव्यवस्थित, अनुशासित, एकनिष्ठ एवं समग्र रूप हो । संस्कारले व्यक्तिको परिष्कार गर्दछ । व्यक्ति सुसंस्कृत विशुद्ध, चेतनशील बन्नुमा संस्कारकै प्रमुख भूमिका रहन्छ । मनुष्यको व्यक्तिगत र सामाजिक स्थितिलाई सुदृढ पार्न संस्कारकै प्रमुख हात छ । संस्कारद्वारा नै मानिसभित्रका आचरण, चरित्र, कर्तव्य एवं आध्यात्मिक तथा सामाजिक क्रियाकलापहरू प्रभावित हुँदै जान्छन् । मनुष्यजीवनलाई सार्थक र गतिशील तुल्याउन मानवीय कर्महरूलाई जीवन्त एवं प्राणवान् राख्न संस्कारहरू अपरिहार्य छन् ।

आजभोलिको परिवर्तनशील विज्ञानपरक युगमा त संस्कारहरू झनै उपयोगी हुने देखिन्छन् किनकि आचारभ्रष्ट व्यक्तिहरू, भक्ष्याभक्ष्य, वाच्यावाच्य, कर्तव्याकर्तव्य, कार्याकार्य जस्ता सबै कुरामा ख्याल नगर्नाले नै समाप्त हुँदै गइरहेका छन् । संस्कारको महत्व राम्ररी बुझ्न र बुझाउन नसक्दा धेरै मानिसहरू संस्कारविहीन बन्दै गइरहेको स्थिति छ र आफ्नो पहिचान पनि गुम्दै गइरहेको स्थिति छ । नामकरण, अन्नप्राशन चूडोपनयन, विवाह र अन्त्येष्टी संस्कारलाई छोडेर अन्य संस्कारहरूका नामै समेत आजभोलिका आधुनिक भनाउँदाहरूबाट भुल्न थालिएको छ । यस परिस्थितिमा आफ्ना पूर्वजहरूका ती आध्यात्मिक र साँस्कृतिक चिन्तनहरूलाई पछ्याउँदै-

"येनास्य पितरो याता येन याता पितामहाः ।

तेन यायात् सतां मार्गं तेन गच्छन्न रिष्यते ॥" भन्ने मनुको अमृतमय वाक्यको अनुसरण गर्दै अन्य संस्कारहरू सम्पन्न गर्न नभ्याए पनि कम्तिमा यी सोह्र संस्कारहरूलाई निरन्तरता दिन सकेमा मात्र पनि संस्कारकै माध्यमले हाम्रो सनातन सम्प्रदायका समाज र व्यक्तिको उच्चता एवं महानता अझैं बढ्दै जानेछ भन्न सकिन्छ ।

अस्तु

सन्दर्भग्रन्थसूची

१. मुहूर्त चिन्तामणि- पं. केदारदत्त जोशी, मोतीलाल वनारसी दास १९८८ ।
२. मनुस्मृति - कुल्लुक भट्ट टीकासहित, जयकृष्णदासहरिदास गुप्त चौखम्वा संस्कृत सिरिज अफिस वि.सं. १९९२ ।
३. गौतम धर्मसूत्र- हरदत्त टीकासहित चौखम्बा संस्कृत संस्थान वि.सं. २०४३ ।
४. व्याससमृति- धर्मशास्त्र संग्रह खण्ड र कलकत्ता १८७६ ।
५. याज्ञवल्क्यस्मृति- मिताक्षरा टीकासहित चौखम्वा संस्कृत संस्थान २०४७ ।
६. पारस्कर गृहयसूत्र- गुजराती प्रेस संस्करण १९१७ ।
७. यमस्मृति- धर्मशास्त्रसंग्रह खण्ड र कलकत्त (१८७६) ।
८. अथर्ववेद- आर रौथ र डब्लु.डि.ह्विट्ने वर्लिन १८५६ ।
९. वसिष्ट धर्मसूत्र- आनन्दाश्रम स्मृति संग्रह ।
१०. ऋग्वेद सायणभाष्यसहित- सम्पादक यफ मैक्समूलर पुना १९५१ ।
११. पराशरस्मृति- नन्दपण्डितप्रणीत-वम्वई १९११ ।
१२. उपनिषद्- गीता प्रेस, गोरखपुर ।
१३. यजुर्वेद - सायणभाष्यसहित (सम्पादक यफ मैक्समूलर पुना १९५१) ।
१४. ज्योतिर्निवन्ध-
१५. स्मृतिचन्दिका-
१६. सुश्रुतसंहिता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाणिनिको शब्दधर्म

डा.विष्णु दहाल
सहप्रध्यापक (नव्यव्याकरण)

पहिलो भनाइ

विश्वविख्यात भाषाचार्य भगवान् पाणिनिको 'अष्टाध्यायी' सुप्रसिद्ध ग्रन्थरत्नको रूपमा लोकमा मशहुर छ । नामैले बुझ्न सकिन्छ, 'अष्टाध्यायी' आठ अध्यायमा विभाजित सूत्र समुच्चय हो । प्रत्येक अध्यायमा चार पाउ छन् । यसरी अष्टाध्यायीमा बत्तिस पाउको हिसाब पुग्छ । यसलाई समग्र रूपमा दुई भागमा बाँडिएको छ । सपादसप्ताध्यायी र त्रिपादी । सपादसप्ताध्यायी भन्नाले उनन्तिस पाउ र त्रिपादी भन्नाले तीन पाउ । यसै अष्टाध्यायीमा अमरभाषा अर्थात् संस्कृत भाषाको विज्ञान संश्लेषित छ । शब्दनिर्माण र अर्थनिर्धारणको सूक्ष्म विषय समेटिएको यस अष्टाध्यायी ग्रन्थरत्नलाई संसारभरिका भाषा वैज्ञानिकहरूले बडो श्रद्धाका साथ अन्वेषण गर्ने गर्छन् । पाणिनिको शब्दधर्म आनन्दोत्पादक छ । यद्यपि कोशकारहरूले शब्द र धर्मको सम्बन्धलाई जोड्ने प्रयत्न गरेका छैनन् । सत्य, तथ्य र रहस्य शब्दधर्म नै हो । शब्दब्रह्म, शब्दबोध, शब्दानुशासन, शब्दपत्ति, शब्दवृत्ति, शब्दप्रमाण, शब्दार्थ, शब्दातीत, शब्दकोश, शब्दग्रह, शब्दविशेष, शब्दचित्र, शब्दविद्या, शब्दचातुर्य, शब्दयोनि, शब्दशास्त्र, शब्दालंकार, शब्दतन्मात्र शब्दशक्ति, शब्दश्लेष, शब्दसंग्रह आदि सङ्ग्रहित हुँदा शब्दधर्म छुटेको देखिन्छ । आकाशदेशमा रहने, कानको विषय बन्ने ध्वनि विशेष आवाजलाई शब्द भन्ने चलन रहि आएको छ । शब्द भनेको ध्वनि, आवाज, वचन, प्रातिपदिक, उपाधि वा विशेषण हो । धर्म भनेको कर्तव्यपालन, कानून, प्रथा, अध्यादेश वा अनुविधि हो । शब्दधर्म भनेको शब्दाधिकार, शब्दपवित्रता, शब्दशालीनता, शब्दस्वभाव, शब्दगुण, वचनरीति, वचनयज्ञ, शब्दसंगति, शब्दभक्ति हो । लोकलाई धारण गर्ने धर्म पनि सूक्ष्म ढङ्गले शब्द बने जस्तै बन्छ । शब्द र धर्मको निर्माण एउटै सूक्ष्म अंशबाट हुन्छ । त्यसैले यसको सम्बन्ध बढी वैज्ञानिक र व्यावहारिक देखिन्छ । भगवान् पाणिनिले यसको अवलम्बन 'अष्टाध्यायी' ग्रन्थरत्नमा गरेका छन् । त्यसैले अष्टाध्यायीलाई शब्दसिद्धान्त पनि भन्न सकिन्छ । पूर्ववर्ती सबै आचार्यहरूको अभिमत समेटिएकाले यो सिद्धान्त बन्न सकेको हो ।

शिवार्थशीर्षमा शब्दब्रह्मबाट कालको उत्पत्ति ठहऱ्याइएको छ । त्यही काल विकसित हुँदै सावित्री हुन्छ । गायत्रीबाट लोक लोकान्तर बन्ने क्रम बढ्छ । उपनिषद्मा शब्दमहिमा 'वागेव वाक्' सन्दर्भमा टुङ्गिएको छ । उपर्युक्त कथनको तात्पर्य यो दृश्य अदृश्य विश्व ब्रह्माण्ड शब्दबाट विकसित भएको हो र शब्दमा नै टिकेको छ । यो शब्द आफैँमा कसरी निर्मित हुन्छ त ? यसको लौकिक सार के हो त ? भन्ने प्रश्नको सबै समाधान भगवान् पाणिनिले सविस्तार देखाएका छन् । अनन्तकालदेखि अनन्त सन्दर्भमा व्याख्या र विश्लेषण हुँदै आएको भए तापनि यसको साररूप अष्टाध्यायीमा भेटाइन्छ । पूर्वाचार्यहरूको अभिमतलाई समेत राम्ररी लिइएका कारण पाणिनिको शब्दधर्म विश्वसामु आदर र सम्मानले ग्रहण गरिँदै आएको छ । ती मध्ये केही सूत्रहरू उदाहरणको रूपमा प्रस्तुत गरिन्छ । उदारमना सिद्धान्तनिष्ठ पाणिनिको शब्दविज्ञान सर्वजनोपयोगी सर्वलोकोपयोगी हुनुमा यी सूत्रहरू पनि कारण छन् ।

सूत्र – सम्बुद्धौ शाकल्यस्येतावनार्षे १.१.१६

अर्थ – अवैदिक इति शब्द पर भएमा सम्बुद्धि निमित्तक ओकारलाई शाकल्य ऋषिका मतमा प्रगृह्य संज्ञा हुन्छ ।

उदाहरण – विष्णो इति – प्रगृह्यसंज्ञा भएको अवस्थामा प्रकृतिभाव हुन्छ ।
विष्णविति – प्रगृह्यसंज्ञा नभएको अवस्थामा अव् आदेश हुन्छ ।
विष्ण इति – अव् आदेश भएको अवस्थामा विकल्पले व् लोप हुन्छ ।

विशेष – शकलको सन्तान, शाकल प्रातिशाख्यका प्रक्ता एक प्राचीन वैयाकरण । ऋग्वेदको २१ शाखा मध्ये शाकल शाखा प्रसिद्ध छ । ऋग्वेदको परम्परागत पद पाठ व्यवस्थित गर्ने आचार्यको रूपमा शाकल्यलाई स्मरण गरिन्छ ।

सूत्र – उञ उँ ११।१७

अर्थ – अवैदिक इति शब्द पर भएमा शाकल्य आचार्यका मतमा उञ्लाई प्रगृह्यसंज्ञा हुन्छ र उञ्का ठाउँमा ऊँ आदेश हुन्छ ।

उदाहरण – उ इति - प्रगृह्यसंज्ञा भएको अवस्थामा प्रकृतिभाव ।
विति - प्रगृह्यसंज्ञा नभएको अवस्थामा यण् आदेश ।
उँ इति - उञ्का ठाउँमा ऊँ आदेश र प्रगृह्यसंज्ञा, प्रकृतिभाव पक्षमा ।

सूत्र – एङ् प्राचां देशे ११।७४

अर्थ– समुदायस्थ अच्हरूको आदि अच् एङ् छ भने त्यसलाई वृद्ध संज्ञा हुन्छ प्रागदेश विषयमा । पूर्वीय वैयाकरणहरूको मतमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरण – गोनर्दे भवः गोनर्द + छ

गोनर्द + ईय - गोनर्दीय + सु = गोनर्दीयः

विशेष – प्राग्देशीय सीमा कुन भूगोललाई केन्द्र मानेर लिइएको हो ? 'शरावत्या अवधेः यः प्राग्दक्षिणः प्राक्सहितो दक्षिणो देशः स प्राच्य' अमरकोशकारले शरावतीदेखि पूर्व दक्षिण (आग्नेय) भेगलाई प्राच्यदेश भनेका छन् । आप्टेले उल्लेख गरे अनुसार र रघुवंश महाकाव्य १५।९७ को कथा अनुसार रामले लवलाई यहींको शासक बनाएका थिए । काशिकाकारले सत्कारको उद्देश्यले 'प्राचाम्' पद व्यवहृत गरिएको भनेर उल्लेख गरेका छन् ।

सूत्र – इञः प्राचाम् २।४।६०

अर्थ – प्राग्देश बुझाउने गोत्रापत्य अर्थमा विधान गरिएको इञ् प्रत्यय जुन शब्दको अन्तमा छ अर्थात्

गोत्रार्थक इञन्तशब्ददेखि युवापत्य अर्थमा गरिएको प्रत्ययको लुक् हुन्छ ।

उदाहरण – प्राग्देशे पन्नागारो नाम कश्चित्, तस्य गोत्रापत्यमित्यर्थे 'अत इञ्' पान्नागारिः ।

पान्नागारेरपत्यं युवेत्यर्थे पान्नागारिशब्दात् 'यञिञोश्च' इति फक् । तस्यानेन लुक् । पूर्वदेशमा पन्नागार नाम गरेको कुनै विशेष व्यक्ति थियो । त्यसको गोत्रमा जन्मने सन्तान पान्नागारि भयो । त्यो पान्नागारिको युवा सन्तान पनि पान्नागारि नै भयो । अर्थात् पान्नागारिको युवा सन्तान अर्थमा गरिएको 'फक्' प्रत्ययको 'इञः प्राचाम्' सूत्रले लुक् भयो । पान्नागारिः पिता, पान्नागारिः पुत्र ।

सूत्र – अलङ्खल्वोः प्रतिषेधयोः प्राचां क्त्वा ३।४।१८

अर्थ – प्राचीन आचार्यहरूको मतमा प्रतिषेधवाची अलम् तथा खलु उपपद रहेको अवस्थामा धातुदेखि

क्त्वा प्रत्यय हुन्छ । अलम्को स्वरादिगणमा तथा खलुको चादिगणमा पाठ छ ।

उदाहरण – अलं वीर व्यथां गत्वा । खलूक्त्वा खलु वाचिकम् ।

सूत्र – उदीचां माङो व्यतीहारे ३।४।१९

अर्थ – उदीच्य आचार्यहरूको मतमा व्यतीहार अर्थ बुझाउने मेङ् धातुदेखि क्त्वा प्रत्यय हुन्छ ।

उदाहरण – अपमित्य याचते (क्त्वा को स्थानमा ल्यप् अवस्था) याचित्वा अपमयते ।

विशेष – माङ् माने (दि.आ.अ), माङ् माने शब्दे च (जु. आ. अ.) नभएर सूत्रस्थ धातु मेङ प्रणिदाने (भ्वा.आ.अ.) हो । व्यतीहार भनेको फेरबदल वा विनिमय हो । यसलाई पारस्परिकता र अन्तः परिवर्तन पनि भनिन्छ ।

सूत्र – उदीचामिञ् ४।१।१५३

अर्थ – उदीच्य आचार्यहरूको मतमा सेनान्त लक्षण तथा शिल्पवाची शब्दहरूदेखि अपत्य अर्थमा इञ् प्रत्यय हुन्छ ।

उदाहरण – हरिषेण + इञ् आदिवृद्धि सु = हारिषेणिः हरिषेणको पुरुष सन्तान

लक्षण + इञ् आदिवृद्धि सु = लाक्षणिः लक्षणको पुरुष सन्तान

तन्तुवाय + इञ् आदिवृद्धि सु = तान्तुवायिः जुलाहाको पुरुष सन्तान

विशेष – यहाँ विचारणीय विषय के छ भने सामान्य अवस्थामा अपत्य अर्थमा 'सेनान्त लक्षणकारिभ्यश्च ४।१।१५२ सूत्रले ण्य प्रत्यय हुन्छ । ण्य प्रत्यय हुँदा हारिषेण्यः लाक्षण्यः तान्तुवाय्यः प्रयोग सिद्ध हुन्छ । भौगोलिक क्षेत्रमा हुने विशिष्ट प्रयोगहरू पाणिनिले समेटेका छन् । हरिषेणको सन्तानलाई बुझ्ने सन्दर्भमा हुने प्रयोग क्षेत्रले पनि निर्धारण गरेको देखिन्छ ।

सूत्र – उदीचां वृद्धादगोत्रात् ४।१।१५७

अर्थ – उदीच्य आचार्यहरूको मतमा गोत्रदेखि भिन्न वृद्धसंज्ञक प्रातिपदिकदेखि फिञ् प्रत्यय हुन्छ ।

उदाहरण – आम्रगुप्तस्याऽपत्यम् आम्रगुप्त + फिञ् (फ=आयन) + सु = आम्रगुप्तायनिः । प्राच्य

विद्वान्हरूको मतमा आम्रगुप्तिः प्रयोग सिद्ध हुन्छ ।

सूत्र – वाकिनादीनां कुक् च ४।१।१५८

अर्थ – गोत्रप्रत्ययान्तभिन्न वृद्ध संज्ञक वाकिन आदि शब्दहरूदेखि उदीच्य आचार्यहरूको मतमा फिञ्

प्रत्यय र कुक् आगम हुन्छ ।

उदाहरण – वाकिनस्य अपत्यम् , वाकिनकायनिः । प्राच्य विद्वानहरूको मतमा वाकिनिः सिद्ध हुन्छ ।

त्यस्तै गौधेर – गौधेरकायनिः उदीच्य । गौधेरिः प्राच्य

कार्कश – कार्कशकायनिः उदीच्य । कार्कशिः प्राच्य

काक – काककायनिः उदीच्य । काकिः प्राच्य

लङ्का – लाङ्ककायनिः उदीच्य । लाङ्किः प्राच्य

सूत्र – पुत्रान्तादन्यतरस्याम् ४।१।१५९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ – गोत्रप्रत्ययान्तभिन्न वृद्धसंज्ञक पुत्रशब्दान्त प्रातिपदिकदेखि फिञ् प्रत्यय हुन्छ र सो फिञ् प्रत्यय पर भएमा विकल्पले कुक् आगम हुन्छ, उदीच्य आचार्यहरूको मतमा ।

उदाहरण – गार्गीपुत्रस्य अपत्यम्, गार्गीपुत्रकायणिः, गार्गीपुत्रायणिः, प्राच्य आचार्यहरूको मतमा (४) गार्गीपुत्रिः

सूत्र – प्राचामवृद्धात् फिन् बहुलम् ४।१।१६०

अर्थ – वृद्धसंज्ञक भिन्न अन्य कुनै प्रातिपदिकदेखि अपत्य अर्थमा विकल्पले फिन् प्रत्यय हुन्छ, प्राचीन आचार्यहरूको मतमा ।

उदाहरण – ग्लुचुकस्यापत्यं पुमान् – ग्लुचुक + फिन्(फि) – आयनि + सु = ग्लुचुकायनिः फिन् अभाव पक्षमा इञ् भएर बन्छ ग्लौचुकिः । 'प्राचाम्' पद पूजार्थक प्रयोजनका लागि सन्निवेश गरिएको भन्ने बुझिन्छ । त्यो भूगोलमा प्रयोग गरिने शब्दको सम्मान्, जुन भूगोललाई प्राच्य शब्दले बुझाउँछ ।

सूत्र – वृद्धात् प्राचाम् ४।२।१२०

अर्थ – शैषिक अर्थहरूमा वृद्धसंज्ञक प्रागदेशवाची उवर्णान्त सुबन्त प्रातिपदिक शब्ददेखि ठञ् प्रत्यय हुन्छ ।

उदाहरण – आढकजम्बूर्नाम ग्रामः तत्र भवः = आढकजम्बुकः

शाकजम्बूर्नाम ग्रामः तत्र भवः = शाकजम्बुकः

नापितवस्तूर्नाम देशविशेषः तत्र भवः = नापितवास्तुकः

सूत्र – वा सुप्यापिशलेः ६।१।८९

अर्थ – अवर्णान्त उपसर्गदेखि सुबन्त अवयव हुने ऋकारादि धातु पर छ भने पूर्व परका ठाउँमा संहिताको विषयमा विकल्पले वृद्धि एकादेश हुन्छ आपिशलि आचार्यको मतमा ।

उदाहरण – उप ऋषभीयति = उपार्षभीयति, उपर्षभीयति ।

सूत्र – अवङ् स्फोटायनस्य ६।१।११९

अर्थ – पदान्तमा हुने एङन्त गोशब्ददेखि अच् पर छ भने विकल्पले अवङ् हुन्छ स्फोटायन आचार्यको मतमा ।

उदाहरण – गो + अग्रम् = गवाग्रम् । गोऽग्रम्

सूत्र – इकोऽसवर्णे शाकल्यस्य ह्रस्वश्च ६।१।१२७

अर्थ – असवर्ण अच् पर छ भने पदान्त इक्का स्थानमा ह्रस्व हुन्छ शाकल्य आचार्यका मतमा

चक्री अ त्र – चकि अत्र , चक्रयत्र

दधि – अस्ति, दध्यस्ति

मधु – अस्ति, मध्वस्ति

सूत्र – ई चाक्रवर्मणस्य ६।१।१०३

अर्थ – चाक्रवर्मण आचार्यका मतमा अच् पर छ भने प्लुत ई३ प्लुत रहित जस्तै हुन्छ ।

उदाहरण – अस्तु ही३ इत्यब्रवीत् अस्तुहीत्यब्रवीत्

चिनुहीदम्, चिनुही३ इदम् ।

सूत्र – तृतीयादिषु भाषितपुँस्कं पुँवत् गालवस्य ७।१।७४

अर्थ – अजादितृतीयादि विभक्ति पररहेको अवस्थामा इक् अन्त्यमा हुने भाषित पुँस्क शब्द गालव आचार्यका मतमा पुंवत् हुन्छ ।

विशेष – भाषित पुँस्क भन्नाले पुंल्लिङ्गमा भनिएको शब्द । प्रवृत्ति निमित्त एउटै भयो भने त्यसलाई भाषित पुँस्क भनिन्छ । विश्वामित्रको शिष्यकारूपमा गालवको श्रवण गरिन्छ ।

उदाहरण – अनादये, अनादिते । ग्रामण्या, ग्रामणिना

सूत्र – ऋतो भारद्वाजस्य ७।२।७३

अर्थ – तास्मा नित्य अनिट् जो ऋदन्त धातु त्यसदेखि पर थल् प्रत्ययलाई इट् आगम हुँदैन भारतद्वाज ऋषिका मतमा ।

उदाहरण – ययिथ, ययाथ, । पेचिथ, पपक्थ ।

सूत्र – प्राचां ग्रामनगराणाम् ७।३।१४

अर्थ – तद्धित संज्ञक ञित् णित् कित् प्रत्यय पर छ भने दिग् वाचक शब्दहरूदेखि उत्तर ग्राम र नगर वाचि शब्दको आदि अच्को ठाउँमा बृद्धि हुन्छ प्राच्यदेशमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरण – पूर्वा चासौ इषुकामशमी - पूर्वेषुकामशमी, पूर्वेषुकामशम्यां भवः = पूर्वैषुकामशम ।

पूर्वस्मिन् पाटलिपुत्रे भवः - पूर्वपाटलिपुत्रकः ।

सूत्र – प्राचां नगरान्ते ७।३।२४

अर्थ – तद्धित संज्ञक ञित् णित् कित् प्रत्यय पर छ भने नगर अन्त्यमा हुँने अङ्ग पूर्वपद उत्तरपद दुवैको आदि अच्को बृद्धि हुन्छ प्राच्य देशमा ।

उदाहरण – सुह्यनगरे भवः = सौह्यनागरः

महेन्द्रनगरे भवः माहेन्द्रनागरः पुण्ड्रनगरे भवः = पौण्ड्रनागरः

सूत्र – उदीचामातः स्थाने यकपूर्वयाः ७।३।४६

अर्थ – आकार पूर्व यकार ककार हुने (इभयाक) शब्दमा यदि ह्रस्वादेशद्वारा आकार अकारमा (इभयक) परिणत भइसकेको छ भने प्रत्ययस्थ ककार पूर्व सु अकारका ठाउँमा इकार आदेश हुँदैन उदीच्य विद्यान्हरूको मतमा ।

उदाहरण – इभ्याक - इभ्यक = इभ्यका इभ्यिका

क्षेत्रियाक, क्षेत्रियक = क्षेत्रियका, क्षेत्रियिका

विधि र निषेध दुवै अवस्थामा सुप् परक आप् (टाप्, डाप्, चाप्) हुनुपर्दछ ।

चटकाक - चटकक = चटकका चटकिका

मूषिकाक - मूषिकक = मूषिकका मूषिकिका

सूत्र – आदाचार्याणाम् ७।३।४९

अर्थ – नञ् पूर्वमा रहोस् वा नरहोस् पुंल्लिङ्गमा नपढिएको शब्दको आकारका ठाउँमा आकार आदेश

हुन्छ भने प्रत्ययस्थ ककार पूर्व त्यस्तो आदेशभूत अकारका ठाउँमा उदीच्च आचार्यहरूको मतमा आकार आदेश हुन्छ ,सुप् परक आप् छ भने ।

उदाहरण – खट्वा - खट्वाक - खट्वक + टाप् + सु = खट्वाका, खट्विका ।

अखट्वाका, अखट्विका ।

सूत्र – अड् गार्ग्यगालवयोः ७।३।९९

अर्थ – गार्ग्य तथा गालव आचार्यका मतमा रुदादि पाँच धातुहरूदेखि पर अपृक्त हलादि सार्वधातुक प्रत्ययलाई अट् आगम हुन्छ ।

उदाहरण – रुदिर् अश्रुविमोचने (अ.प.से.) तिप् = अरोदत्, सिप् = अरोदः ।

ञिष्वप् शये (अ.प.से.) तिप् = अस्वपत्, सिप् = अस्वयः ।

श्वस प्राणने (अ.प.से.) तिप् = अश्वसत्, सिप् = अश्वसः ।

अन प्राणने (अ.प.से.) तिप् = प्राणत्, सिप् = प्राणः ।

जक्ष भक्षहसनयोः (अ.प.से.) तिप् = अजक्षत्, सिप् = अजक्षः ।

विशेष – ब्रह्माको एक मानसपुत्रको रूपमा गर्गलाई लिइएको छ । यद्यपि गर्गाचार्य पृथक् पनि हुनसक्छ । गर्गद्वारा प्रणीत एक प्रसिद्ध ज्योषिग्रन्थ गर्गसंहिता पाइन्छ । भगवान् पाणिनिले गर्गबाट गार्ग्य बनाएका छन् । गर्गादिभ्यो यञ् ४।१।१०५ गर्गस्य गोत्रापत्यं गार्ग्यः । गालवको बारेमा माथि ७।१।७४ उल्लेख गरिएको छ । अन्य आचार्यहरूको मतमा 'रुदश्च पञ्चभ्यः' ७।३।९८ सूत्रले ईट् हुँदा अरोदीत्, अस्वपीत् अश्वसीत्, प्राणीत् र अजक्षीत् प्रयोगहरू सिद्ध हुन्छन् ।

सूत्र – अदः सर्वेषाम् ७।३।१००

अर्थ – सबै आचार्यहरूको मतमा 'अद' धातुदेखि पर अपृक्त हलादि सार्वधातुकलाई अट् आगम हुन्छ ।

उदाहरण – अद भक्षणे (अ.प.अ.) तिप् = आदत्, सिप् = आदः ।

सूत्र – व्यार्लघुप्रयत्नतरः शाकटायनस्य ८।३।१८

अर्थ – भो भगो अघो तथा अकारपूर्वक पदान्त वकार र यकारका ठाउँमा लघुप्रयत्नतर आदेश हुन्छ अश् पर भएमा शाकटायन आचार्यका मतमा ।

उदाहरण – भोस् + अच्युत - भोय् अच्युत (रुत्व अनुबन्धलोप यत्व) = भोयच्युत

भगोस् + अत्र - भगोय् अत्र (रुत्व अनुबन्धलोप यत्व) = भगोयत्र

अघोस् + अत्र - अघोय् अत्र (रुत्व अनुबन्धलोप यत्व) = अघोयत्र

द्वौ + अत्र - द्वाव् अत्र (आव् आदेश) = द्वावत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष – वकार र यकारको तीन प्रकारको उच्चारण प्रचलित छ ।

१ गुरु = पदको आदिमा पूर्ण प्रयत्नले उच्चारण गरिने । शुक्लयजुर्वेदको माध्यन्दिन परम्परामा गुरु वकार र यकारलाई द्वित्व गरेर लेख्ने प्रचलन छ । य्यज्जाग्रतो दूरमुदैति दैवम् ।

२ लघु = पदको मध्यमा लघुप्रयत्नले उच्चारण सम्भव हुने ।

३ लघुतर = पदको अन्तमा लघुतर प्रयत्नले उच्चारण गर्न सकिने । यसको परिभाषा बालमनोरमामा पाइन्छ । यस्योच्चारणे जिव्हाग्रोपाग्रमध्यमूलानां शैथिल्यं जायते स लघूच्चारणः । लघुः प्रयत्नो यस्योच्चारणे स लघुप्रयत्नः । अतिशयितः लघुप्रयत्नो लघुप्रयत्नतरः (सिद्धान्तकौमुदी बालमनोरमा तत्वबोधिनी टीकासहित प्रथम खण्ड पृष्ठ १६२)

सूत्र – लोपः शाकल्यस्य ८।३।१९

अर्थ – संहिताको विषयमा अवर्ण पूर्वक पदान्त यकार र वकारको लोप हुन्छ अश् पर छ भने शाकल्य आचार्यका मतमा ।

उदाहरण – हर एहि, हरयेहि । विष्ण इह, विष्णविह । क आस्ते, कयास्ते । श्रिया उद्यतः, श्रियायुद्यतः ।

सूत्र – ओतो गार्ग्यस्य ८।३।२०

अर्थ – संहिताको विषयमा ओकारदेखि पर यकारको लोप हुन्छ अश् पर छ भने गार्ग्य आचार्यका मतमा ।

उदाहरण – भो देवाः । भगो नमस्ते । अघो अत्र । भनिन्छ सम्मानका लागि प्रयोग गरिएको गार्ग्य शब्दले यहाँ विकल्पार्थ बुझाउँदैन ।

सूत्र – हलि सर्वेषाम् ८।३।२२

अर्थ – संहिताको विषयमा भो भगो अघो तथा अवर्ण पूर्वक पदान्त 'य्' को लोप हुन्छ हल् पर छ भने सबै आचार्यहरूका मतमा ।

उदाहरण – भो हसति । भगो धमति । अघो जिघ्रति । बालका गच्छन्ति ।

सूत्र – त्रिप्रभृतिषु शाकटायनस्य ८।४।५०

अर्थ – तीन संयुक्त वर्णहरूको द्वित्व हुँदैन शाकटायन आचार्यका मतमा ।

उदाहरण – इन्द्रः, इन्न्द्रः । राष्ट्रम्, राष्ष्ट्रम् । चन्द्रः, चन्न्द्रः ।

सूत्र – सर्वत्र शाकल्यस्य ८।४।५१

अर्थ – संहिताको विषयमा तीन संयुक्त अथवा असंयुक्त वर्णहरूको शाकल्य आचार्यका मतमा द्वित्व हुँदैन ।

उदाहरण – अर्कः । ब्रह्मा ।

सूत्र – दीर्घादाचार्याणाम् ८।४।५१

अर्थ – संहिताको विषयमा दीर्घ अक्षरदेखि पर कुनै पनि वर्णको द्वित्व हुँदैन सबै आचार्यहरूको मतमा ।

उदाहरण – दात्रम् । पात्रम् । सूत्रम् ।

शब्दधर्मको प्रमाण पाणिनि अष्टाध्यायीमा अध्यात्म, कला, विज्ञान, वाणिज्य र अरु जीवनका विविध आयामहरूसँग सम्बन्धित शब्दहरू सजिलै देख्न सकिन्छ । दिग्वाचक, ग्रामवाचक, नगरवाचक, संवत्सरवाचक, संख्यावाचक, नक्षत्रवाचक, नदीवाचक, जातिवाचक, देवतावाचक र गोत्रवाचक आदि शब्दहरू अष्टाध्यायीमा समेटिएका छन् । बहुलविधि र विकल्पविधिको सरल ढँगले विवेचना भएको छ । सबै पूर्वचार्यहरूको अभिमत केन्द्रीकृत भएको छ । लौकिक र वैदिक विधिको समायोजन बडो रोचक ढंगले गरिएको छ । न द्वयचः प्राच्यभरतेषु २।४।११३, रोपधेतोः प्राचाम् ४।२।१२३ , प्राचां कटादेः ४।२।१३, एकाच्च प्राचाम् ५।३।९४, खार्याः प्राचाम् ५।४।१०१, गिरेश्च सेनकस्य ५।४।११२, प्रथमायाश्च द्विवचने भाषायाम् ७।२।८८, अभाषित पुंस्काच्च ७।३।४८, परिस्कन्दः प्राच्यभरतेषु ८।३।७५, यजुष्येकेषाम् ८।३।१०४, स्तुतस्तोमयोश्छन्दसि ८।३।१०५, बहुलं छन्दसि ५।२।१२२, सूत्रहरू संकेत मात्र हुन् । एउटा पुरै सभ्यताको इतिवृत्ति अष्टाध्यायीमा भेटाइन्छ । पाणिनि अष्टाध्यायीका धेरै सूत्रहरूमा स्वतन्त्र ढँगले अनुसन्धान गर्ने विषय छ । किन भने त्यहाँ शब्दधर्म छ । शब्दधर्म सत्यधर्म हो । मानिस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार, सिद्धान्त जीवनदर्शन, आस्था जे जति विकास गर्छ सबै शब्दका माध्यमले प्रसारित हुन्छ । ईशा अक्का अल्ला अम्वा आमा सबै शब्द हुन् । पदार्थ शब्द हो र आत्मा पनि । अनुभूति पनि शब्द हो । शब्दरहित, भावरहित स्थितिमा पनि प्राण वा जीवन चलिरहन्छ । यो धेरै गहिरो पक्ष हो । यसबाट शास्वत आनन्दको मार्गमा पहुँच बढ्छ । यो आनन्द पनि शब्द हो । उपनिषद्मा उल्लेख छ 'तत्सृष्ट्वा तदेवानु प्राविशत्' । यो शब्द ब्रह्माण्डको उत्पत्ति, अवस्था र लयमा समेत सक्रिय रहिरहन्छ । पाणिनिले सङ्केत गरे जस्तै सत्य र सनातन शब्दधर्मै हो ।

<u>सन्दर्भ ग्रन्थ</u>

१. वैयाकरणसिद्धान्तकौमुदी - दीक्षित श्रीमद्भट्टोजि - चौखम्बा सुरभारती प्रकाशन वाराणसी, सन् २००९
२. अष्टाध्यायी – पाणिनि - चौखम्बा सुरभारती प्रकाशन, सन् १९८७
३. संस्कृत हिन्दीकोश आप्टे वामन शिवराम - मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.ली. सन् १९६९
४. ईशादिदशोपनिषद: – मोतीलाल बनारसीदास दिल्ली सन् १९७८
५. अष्टाध्यायी – पाणिनि (व्याख्याकार पं. ईश्वरचन्द्र) चौखम्बा संस्कृत प्रतिष्ठान सन् २००४
६. अमरकोश अमरसिंह – (व्याख्याकार कुलचन्द्र गौतम), यशोदा पुस्तकालय वाराणसी
७. स्तुतिसंचय: – महेश अनुसन्धान संस्थान श्रीदक्षिणाभूर्ति मठ, वाराणसी सं. २०४८
८. धातुपाठ: – प्रो. जे एल. शास्त्री मोतीलाल बनारसीदास दिल्ली सन् १९८४

For Quality Education

Model Academy Kathmandu

Samakhusi - 29

Phone no. 4351571

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्यपरिचय, मिश्रवाक्य र विश्लेषणविधि

ध्रुवप्रसाद भट्टराई
सहप्राध्यापक

१. विषयप्रवेश

वाक्य संस्कृत भाषाको शब्द हो । त्यहाँ 'वच् परिभाषणे' धातु छ । 'वच्' धातुमा 'ण्यत्' प्रत्यय लाग्छ र 'ण्यत्' को 'य' बाँकी रहन्छ । 'वच्' मा वृद्धि भई 'वाच्' हुन्छ अनि 'च्' को 'क' मा परिवर्तन भई 'ण्यत्' को बाँकी 'य' प्रत्यय लागेपछि 'वाक्य' शब्द बन्दछ । यसरी निष्पन्न वाक्य शब्दले मानव बोली, वाणी वा भाषिक अभिव्यक्ति भन्ने अर्थ बुझाउँछ । वाक्य भाषाको माथिल्लो एकाइ हो । भाषाका एकाइहरूलाई सोपानक्रममा देखाउँदा वाक्य उपवाक्यभन्दा माथिल्लो र सङ्कथनभन्दा तल्लो एकाइका रूपमा देखिन्छ । वाक्यमा एक पद मात्र पनि हुन सक्छ र क्रममा मिलेर रहेका एकभन्दा बढी सार्थक पदहरू पनि हुन सक्छन् । तिनले पूर्ण अभिव्यक्ति दिन्छन् । वाक्यबारे पूर्व र पश्चिम दुवैतिर विभिन्न भाषामा परिभाषा भएका छन् तापनि ती विवादरहित छैनन् । वाक्यको विविध आधारमा वर्गीकरण पनि भएको छ । प्रस्तुत लेखमा वाक्यका प्रतिनिधि परिभाषा प्रस्तुत गरी मिश्र वाक्यको स्वरूप र विश्लेषणविधि देखाइएको छ ।

२. वाक्यको परिभाषा

२.१ पूर्वीय परिभाषा

पूर्वीय परिभाषामा प्रायः संस्कृतका विद्वान्हरूको मत समाविष्ट हुन्छ । पतञ्जलिले एउटा समापिका क्रियादेखि अव्यय, कारक र विशेषणयुक्त क्रिया तथा क्रियारहित नाभिक वा मूल पदलाई पनि वाक्य मानेको पाइन्छ (न्यौपाने, २०५१: ३३१) ।

भर्तृहरिले भाषामा वास्तविक सत्ता वाक्यको हुने धारणा प्रस्तुत गरेका छन् (शर्मा, सन् १९९२: २५४) । अन्नं भट्टले पदहरूको समूहलाई वाक्य भनेका छन् भने वात्स्यायनले अर्थ समाप्त गर्ने पदसमूहलाई वाक्य मानेका छन् । यसैगरी मुकुल भट्टले साकाङ्क्ष अनेक पदहरूको समूहलाई वाक्य भनेका छन् भने विश्वनाथले आकाङ्क्षा, योग्यता र आसत्तियुक्त पदसमूहलाई वाक्य मानेका छन् (न्यौपाने, २०५१: ३३१) । वाक्यसम्बन्धी यी पूर्वीय परिभाषा पूर्ण देखिँदैनन् (न्यौपाने र अन्य, २०६७: १३५) । यसरी वाक्यलाई पूर्ण रूपमा चिनाउन जटिल पनि छ ।

२.२ पाश्चात्य परिभाषा

प्रायः अङ्ग्रेजी भाषिक परम्परामा गरिएका परिभाषालाई पाश्चात्य परिभाषा मान्ने गरिन्छ । अमेरिकी भाषाशास्त्री ब्लुमफिल्डले वाक्यलाई एउटा स्वतन्त्र भाषिक एकाइ मानेका छन् । उनका अनुसार यसलाई अरू कुनै ठूला भाषिक एकाइका रूपमा व्याकरणिक रचनामा परिणत गर्न सकिँदैन । हकेटले वाक्यलाई व्याकरणिक रूप मान्दै यो अरू व्याकरणिक रचनाका लागि आउँदैन भनेका छन् । हकेट वाक्यको अवयव अरूमा अवयव हुन सक्दैन भन्छन् (न्यौपाने, २०५१: ३३०) । जी.सी. नेसफिल्डले वाक्य भनेको पदहरूको समूह हो जहाँ कम्तीमा एउटा उद्देश्य र एउटा विधेय हुन्छ र एउटा पूर्ण अर्थको अभिव्यक्ति हुन्छ भनेका छन् (नेसफिल्ड, सन् १९६१: २१६) ।

२.३ भारतीय विद्वान्हरूको परिभाषा

भोलानाथ तिवारीले वाक्य लघुतम पूर्ण स्वतन्त्र भाषांश हो भनेका छन् (तिवारी, २०२०: ५९०) । देवेन्द्रनाथ शर्माको धारणा पदहरूको पारस्परिक सम्बन्धबाट पूरा अर्थ बुझाउने रचना वाक्य हो भन्ने रहेको छ (शर्मा, १९९२: २५३) ।

२.४ नेपाली विद्वान्हरूका परिभाषा

हेमराज पण्डितले कुरा पूरा भएका पदसमूहलाई वाक्य भनेका छन् (पण्डित, २०४२: १) । सोमनाथ सिग्द्यालले एक
पूरा कुरा बुझाउने गरी योजना भएका अनेक पदको समुदायलाई वाक्य भनेका छन् (सिग्द्याल, २०४६: १४८) ।
रोहिणीप्रसाद भट्टराईले उद्देश्यं र आख्यातपद विधेय भएको आफूमा पूर्ण पदसमूह वाक्य हुन्छ भनेका छन् (भट्टराई, २०३३:
५०२) । मङ्गलकुमार नेपालले पंदहरूको समूहलाई वाक्य भनेका छन् (नेपाल, २०६६: ५७) । नरेन्द्र चापागाई दुई वा
दुईभन्दा बढी सार्थक पदसमूह मिलेर पूरा भएको कुरा वाक्य मान्दछन् । उनका विचारमा पूरा कुराको सार्थक पदसमूह नै
वाक्य हो (चापागाई, २०३९: १२६) । हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईका परिभाषामा कर्ता र क्रियापद वा
उद्देश्य र विधेय भएको भाषिक एकाइ वाक्य हो (अधिकारी र भट्टराई, २०६१: ८९९) । चूडामणि बन्धुले वाक्यलाई
भाषाको वाक्यांशभन्दा माथिको र अनुच्छेदभन्दा तलको भाषिक संरचना मानेका छन् (बन्धु, २०४३: ८०) । दीन पन्थीले
एक एक भनाइ टुंग्याउने अर्थात् पूरा कुरा बुझाउने गरी योजना भएका पदहरूको समूहलाइ वाक्य भनिन्छ भनेका छन् (
पन्थी, २०४८: ११३) । शरच्चन्द्र वस्ती पूर्ण भाव प्रकट गर्ने शब्दसमूहलाई वाक्य मान्छन् (वस्ती, २०६४: २२५) ।

यसरी माथि उल्लिखित सबैथरी परिभाषाहरूबाट वाक्यका सम्बन्धमा निष्कर्षमा तीनओटा सूत्र बुझिन आए:

क) वाक्यमा तीन तत्त्व (आकाङ्क्षा, योग्यता र आसत्ति) हुनुपर्छ ।

ख) वाक्यमा दुई अङ्ग (उद्देश्य र विधेय) हुनुपर्छ ।

ग) सन्दर्भ र विषयको विन्यासक्रमअनुसार एउटा पद पनि वाक्यको अर्थबोधक हुन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी तीन सूत्रलाई एकत्रित गरी वाक्यको परिभाषा गर्दा के भन्न सकिन्छ भने एक वा अनेक पदहरूको पूर्ण अर्थबोधक अभिव्यक्ति वाक्य हो ।

३. वाक्यको विभाजन

वाक्य विभिन्न आधारमा वर्गीकृत हुन सक्छन् । ती आधार हुन्: क्रियापदको अर्थ, वाच्यरचना, कर्मकता, क्रियापदको प्रयोग र उपवाक्यगत संरचना (न्यौपाने, २०५१: ३३६) । उपवाक्यगत संरचनालाई रूप वा बनोट पनि भनिन्छ । बनोटका आधारमा वाक्य मूलत: दुई प्रकारका छन्: सरल र जटिल । सरलअन्तर्गत असंश्लिष्ट र संश्लिष्ट वाक्य पर्दछन् । जटिलअन्तर्गत संयुक्त र मिश्र वाक्य पर्दछन् । यसरी मिश्र वाक्य जटिल वर्गका वाक्यको एउटा भेद हो ।

३.१ मिश्र वाक्य

मिश्र वाक्यको शाब्दिक अर्थ मिसिएर बनेको वाक्य भन्ने हो । यहाँ, मिसिएर भन्नुको अर्थ एउटा मुख्य वा प्रधान उपवाक्यसँग एक वा एकभन्दा बढी उपवाक्य मिल्नु हो । त्यसैले एउटा प्रधान उपवाक्य र एकभन्दा बढी अधीन वा अप्रधान उपवाक्य मिली बनेको वाक्य मिश्र वाक्य हो । मिश्र वाक्यको प्रधान उपवाक्य र अप्रधान उपवाक्यलाई सापेक्ष संयोजकले जोडेका हुन्छन् । प्रधान उपवाक्य वाक्यमा प्रधान र स्वतन्त्र रूपमा प्रयुक्त हुन्छ । यसलाई अनाश्रित उपवाक्य पनि भनिन्छ । अधीन उपवाक्य मुख्य उपवाक्यमा अङ्ग बनेर वा आश्रित भएर प्रयोग भएको हुन्छ । अत: अधीन उपवाक्यलाई आश्रित उपवाक्य पनि भनिन्छ । उपवाक्य सरल वाक्य हुन्छन् । मिश्र वाक्यका आश्रित उपवाक्यले शब्द वा पदावली स्तरको काम गर्छन् (अधिकारी, २०६२: २१२) । जस्तै–

मिश्र वाक्य	मुख्य उपवाक्य	+	अधीन उपवाक्य
तिमी त्यहाँ बस जहाँ शान्ति छ ।	(क) तिमी त्यहाँ बस ।	+	(ख) जहाँ शान्ति छ ।

यहाँ (क) उपवाक्य स्वतन्त्र छ । यो एक्लै प्रयुक्त हुन सक्छ । तर (ख) उपवाक्य (क) सँग नजोडिई एक्लै प्रयुक्त हुन सक्दैन र यसको अर्थ पनि स्पष्ट हुन सक्दैन । अत: (ख) उपवाक्य (क) उपवाक्यको अधीन छ । वाक्यमा प्रयुक्त 'जहाँ–त्यहाँ' एकअर्काको अपेक्षा राख्ने भएकाले सापेक्ष संयोजक हुन् ।

३.२ मिश्र वाक्यका अधीन उपवाक्यका प्रकार

मिश्र वाक्यमा आउने अधीन उपवाक्यले मुख्य उपवाक्यका लागि निम्नलिखित भूमिकामा रहेर काम गरेका हुन्छन्:

क) मुख्य उपवाक्यको कर्ता, कर्म वा पूरक भएर,

ख) मुख्य उपवाक्यको विशेषण बनेर,

ग) मुख्य उपवाक्यको क्रियाविशेषण भएर ।

यिनै तीनथरी कामका आधारमा मिश्र वाक्यका अधीन उपवाक्य तीन प्रकारका हुन्छन् ।

३.२.१ नाम उपवाक्य

मिश्र वाक्यमा मुख्य उपवाक्यको कर्ता, कर्म वा पूरक भई काम गर्ने अधीन उपवाक्य नाम उपवाक्य हो । यस्तो उपवाक्यमा के भने, भनी, भनेर, भन्ने जस्ता सापेक्ष संयोजक आएका हुन्छन् भने कतैकतै संयोजक लुप्त पनि हुन सक्छ । नाम उपवाक्य प्रधान उपवाक्यको आदि, मध्य वा अन्त्यमा आउन सक्छ । जस्तै–

उनी असल छन् भन्ने म मान्दछु ।

उनी असल छन् – नाम उपवाक्य (कर्ता)

म मान्दछु – प्रधान उपवाक्य

भन्ने – संयोजक ।

मानिसहरू सत्य झुक्दैन भन्छन् ।

मानिसहरू भन्छन् – प्रधान उपवाक्य

सत्य झुक्दैन – नाम उपवाक्य (कर्म)

संयोजक – X

विद्यार्थी उनलाई असल शिक्षक हुन् भन्छन् ।

विद्यार्थी उनलाई भन्छन् – प्रधान उपवाक्य

असल शिक्षक हुन् – नाम उपवाक्य (पूरक)

संयोजक – X

नाम उपवाक्यलाई यसरी पनि विश्लेषण गर्न सकिन्छ:

वाक्य: 'म मात्र पद लिऊँ' यसले नेतालाई अन्धो बनाएको छ ।

क) यसले नेतालाई अन्धो बनाएको छ – प्रधान उपवाक्य

ख) म मात्र पद लिऊँ – अप्रधान नाम उपवाक्य (कर्ता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) को विश्लेषण

अ) यसले – उद्देश्य

आ) बनाएको छ – विधेय

इ) नेतालाई अन्धो – कर्मविस्तार

(ख) को विश्लेषण

अ) म मात्र – उद्देश्य

आ) लिऊँ – विधेय

इ) पद – कर्मविस्तार ।

३.२.२ विशेषण उपवाक्य

मिश्र वाक्यमा प्रधान उपवाक्यको विशेषण बनेर कार्य गर्ने आश्रित उपवाक्य विशेषण उपवाक्य हो । विशेषण उपवाक्यले प्रधान उपवाक्यको उद्देश्य, कर्म वा पूरकको विशेषता जनाउँछ र विशेषणझैं बनेर काम गर्छ । यसलाई जो, जे, जुन, जति जस्ता सापेक्ष संयोजकले प्रधान उपवाक्यसँग जोडेका हुन्छन् । जस्तै–

जसले परिश्रम गर्छ उसले पुरस्कार पाउँछ ।

क) उसले पुरस्कार पाउँछ – प्रधान उपवाक्य

ख) जसले परिश्रम गर्छ – अप्रधान उपवाक्य

यहाँ, (ख) उपवाक्य (क) को उद्देश्य (उसले) को विशेषण बनेको छ ।

संयोजक – जसले-उसले ।

जसलाई सबैले रुचाउँछन् त्यसलाई सांसद छान्छन् ।

क) त्यसलाई सांसद छान्छन् – प्रधान उपवाक्य

ख) जसलाई सबैले रुचाउँछन् – अप्रधान उपवाक्य

यहाँ, (ख) उपवाक्य (क) को कर्म (त्यसलाई) को विशेषण बनेको छ ।

संयोजक – जसलाई-त्यसलाई ।

त्यो त्यस्ती केटी हो जो सधैं स्कुल जान्छे ।

क) त्यो त्यस्ती केटी हो – प्रधान उपवाक्य

ख) जो सधैं स्कुल जान्छे – अप्रधान उपवाक्य

यहाँ, (ख) उपवाक्य (क) को पूरक (केटी) को विशेषण बनेको छ ।

संयोजक – त्यो-जो ।

विशेषण उपवाक्यलाई यसरी पनि विश्लेषण गर्न सकिन्छः

वाक्यः अर्जुन युधिष्ठिरका भाइ हुन् जो धनुर्विद्याका अद्वितीय प्रयोक्ता थिए ।

क) अर्जुन युधिष्ठिरका भाइ हुन् – प्रधान उपवाक्य

ख) जो धनुर्विद्याका अद्वितीय प्रयोक्ता थिए – अप्रधान उपवाक्य

(क) को विश्लेषण–

अ) अर्जुन – उद्देश्य

आ) हुन् – विधेय

इ) युधिष्ठिरका भाइ – पूरकविस्तार

(ख) को विश्लेषण–

अ) जो – उद्देश्य

आ) थिए – विधेय

इ) धनुर्विद्याका अद्वितीय प्रयोक्ता – पूरकविस्तार ।

३.२.३ क्रियाविशेषण उपवाक्य

मिश्र वाक्यमा प्रधान उपवाक्यको क्रियाविशेषण-जस्तो बनेर कार्य गर्ने आश्रित उपवाक्यलाई क्रियाविशेषण उपवाक्य भनिन्छ । यसले प्रधान उपवाक्यको स्थान, काल, तरिका, प्रयोजन, हेतु, विपरीतता आदि बुझाएर क्रियाविशेषणको जस्तो काम गर्छ । यसलाई जब-तब, जसरी-त्यसरी, जहाँ-त्यहाँ, जहिले-तहिले, भने, किनभने, तसर्थ जस्ता सापेक्ष संयोजकले प्रधान उपवाक्यसँग जोड्छन् । जस्तै–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब परीक्षा आउँछ तब विद्यार्थी पढ्छन्।

क) तब विद्यार्थी पढ्छन् – प्रधान उपवाक्य

ख) जब परीक्षा आउँछ – अप्रधान उपवाक्य

यहाँ, (ख) उपवाक्य (क) को कालबोधक क्रियाविशेषण सरह बनेको छ।

म जसरी सिकाउँछु त्यसरी लेख।

क) त्यसरी लेख – प्रधान उपवाक्य

ख) म जसरी सिकाउँछु – अप्रधान उपवाक्य

यहाँ, (ख) उपवाक्य (क) को रीतिबोधक क्रियाविशेषण सरह बनेको छ।

आज पढाइ हुँदैन किनभने क्याम्पसको चौरमा सभा छ।

क) आज पढाइ हुँदैन – प्रधान उपवाक्य

ख) किनभने क्याम्पसको चौरमा सभा छ – अप्रधान उपवाक्य

यहाँ, (ख) उपवाक्य (क) को कारणबोधक क्रियाविशेषण सरह बनेको छ।

क्रियाविशेषण उपवाक्यलाई यसरी पनि विश्लेषण गर्न सकिन्छ:

वाक्य: त्यहाँ पहिले ठूलो बस्ती थियो जहाँ अहिले सिञ्जा उपत्यका छ।

क) त्यहाँ पहिले ठूलो बस्ती थियो – प्रधान उपवाक्य

ख) जहाँ अहिले सिञ्जा उपत्यका छ – अप्रधान उपवाक्य

(क) को विश्लेषण–

अ) बस्ती – उद्देश्य

आ) ठूलो – उद्देश्यविस्तार

इ) थियो – विधेय

ई) त्यहाँ पहिले – विधेयविस्तार

(ख) को विश्लेषण–

अ) उपत्यका – उद्देश्य

आ) सिञ्जा – उद्देश्यविस्तार

इ) छ – विधेय

ई) जहाँ अहिले – विधेयविस्तार।

४. प्रधान उपवाक्य र अप्रधान उपवाक्यको सीमा

मिश्र वाक्यमा एउटा प्रधान उपवाक्य हुन्छ भने एक वा सोभन्दा बढी अप्रधान उपवाक्य हुन सक्छन्। प्रधान उपवाक्य एउटै भए पनि एकभन्दा बढी अप्रधान उपवाक्य सबैतिर प्रधान उपवाक्यकै अधीनमा रहने हुँदैनन्। अधीनको अधीन, त्यसको अधीन र त्यसको पनि अधीन हुँदै अनेक अप्रधान वा आश्रित उपवाक्य जोडिँदै जाने पनि हुन्छन् (पन्थी, २०४८: १३७)। एउटा प्रधान उपवाक्य भई अरू उपवाक्य अधीनका अधीन हुँदै क्रमशः पाँचओटासम्म पनि अप्रधान उपवाक्य हुन सक्छन्। त्यस्ता वाक्यको विश्लेषण निकै जटिल हुन्छ। यहाँ एउटा प्रधान उपवाक्य र त्यसका क्रमशः अधीन हुँदै गएका पाँच ओटा उपवाक्यको विश्लेषणविधि देखाइएको छ। यसलाई आधार मानी अन्य यस्तै लामा वाक्यको विश्लेषण गर्न सकिन्छ। जस्तै–

ठूला तत्त्वज्ञानीहरू भन्दछन् कि जसले सांसारिक विषयप्रति तृष्णा छोड्दछ र त्यस्ता आत्मचिन्तक व्यक्तिहरूसँग सम्पर्क राख्दछ, जो समानदर्शी छन्, उही मोक्षको अधिकारी हुन्छ।

१) ठूला तत्त्वज्ञानीहरू भन्दछन् – प्रधान उपवाक्य

२) उही मोक्षको अधिकारी बन्दछ – अप्रधान नाम उपवाक्य, वाक्य नं. १ को 'भन्दछन्' क्रियाको कर्म।

३) जसले सांसारिक विषयप्रति तृष्णा छोड्दछ – अधीन विशेषण उपवाक्य, वाक्य नं. २ को 'उही' को विशेषणसरह।

४) (जसले) त्यस्ता आत्मचिन्तक व्यक्तिहरूसँग सम्पर्क राख्दछ – अधीन विशेषण उपवाक्य, वाक्य नं. ३ को समानपदी।

५) जो समानदर्शी छन् – अधीन विशेषण उपवाक्य, वाक्य नं. ४ को 'आत्मचिन्तक व्यक्तिहरूसँग' को विशेषण।

संयोजक – कि, र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. निष्कर्ष

वाक्य भाषाको माथिल्लो एकाइ हो । पूर्व र पश्चिम दुवैतिर लामो समयदेखि वाक्यवारे चिन्तन हुँदै आएको छ । पूर्वमा दर्शन, व्याकरण र साहित्यमा पनि वाक्यविषयक विमर्शन पाइन्छ । आधुनिक युगमा भाषाविज्ञानका सम्प्रदायअनुसार वाक्यलाई चिनाउने प्रयास भएको छ । समय, सन्दर्भ र सम्प्रदायअनुसार वाक्यलाई परिभाषित गरिएको छ तापनि स्वतन्त्र रूपमा एक वा अनेक पदको पूर्ण अर्थबोधक अभिव्यक्ति वाक्य हो । वाक्यको परिभाषाजस्तै विभाजन गर्ने आधार पनि अनेक छन् । त्यस्ता आधारहरूमध्ये रूपरचना पनि एउटा आधारका रूपमा स्थापित छ । रूपरचनालाई आधार मान्दा मिश्र वाक्य पनि महत्त्वपूर्ण वाक्यका रूपमा देखा पर्छ । एउटा प्रधान उपवाक्य र एक वा अनेक अप्रधान उपवाक्य मिली वन्ने भएकाले यसलाई मिश्र वा जटिल वाक्य भनिएको हो । जटिल वर्गको भएकाले मिश्र वाक्यको विश्लेषण पनि जटिल नै हुन्छ । प्रधान उपवाक्य र अधीन वा अप्रधान उपवाक्यहरू छुट्ट्याई प्रयोग भएको ठाउँमा संयोजकसमेत देखाई यसको विश्लेषण गर्न सकिन्छ । नमुनास्वरूप माथि प्रस्तुत विश्लेषणविधिको अनुसरण गरी लामा-लामा मिश्र वाक्य पनि छुट्ट्याएर बुझ्न र बुझाउन सकिन्छ ।

<u>सन्दर्भग्रन्थ सूची</u>

अधिकारी, हेमाङ्गराज, समसामयिक नेपाली व्याकरण, तेस्रो सं., काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

अधिकारी, हेमाङ्गराज र वद्रीविशाल भट्टराई, प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं: विद्यार्थी प्रकाशन प्रा.लि., २०६१ ।

चापागाई, नरेन्द्र, शब्द, वाक्य र अभिव्यक्ति, विराटनगर: जानुका पुस्तक भण्डार, २०३९ ।

तिवारी, भोलानाथ, भाषाविज्ञान कोश, वाराणसी: ज्ञान मण्डल लिमिटेड, २०२० ।

नेपाल, मङ्गलकुमार, संस्कृत व्याकरणप्रकाश, काठमाडौं: समुद्र मन विद्या प्रतिष्ठान, २०६६ ।

नेसफिल्ड, जे.सी., इँग्लिस ग्रामर कम्पोजिसन एन्ड युजेज, मद्रास: म्याकमिलन इन्डिया लिमिटेड, सन् १९६१ ।

न्यौपाने, टङ्कप्रसाद, भाषाविज्ञानको रूपरेखा, धरान: नेपाल वुक डिपो, २०५१ ।

न्यौपाने, टङ्कप्रसाद र अन्य, सामान्य भाषाविज्ञान, काठमाडौं: सनलाइट पब्लिकेसन, २०६७ ।

न्यौपाने, महेश्वर र अन्य, साधारण नेपाली, काठमाडौं: इन्क्लुसिभ प्रकाशक तथा वितरक, २०६८ ।

पण्डित, हेमराज, चन्द्रिका गोरखा भाषा व्याकरण, ललितपुर: साझा प्रकाशन, २०४२ ।

पन्थी, दीन, परिचयात्मक नेपाली व्याकरण, मेघालय: हिमालय वुक स्टल, २०४८ ।

वन्धु, चूडामणि, भाषाविज्ञान, चौथो सं., ललितपुर: साझा प्रकाशन, २०४३ ।

वराल, टीकादत्त, तत्सम नेपाली व्युत्पत्ति शब्दकोश, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६८ ।

भट्टराई, रोहिणीप्रसाद, बृहद् नेपाली व्याकरण, काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३३ ।

वस्ती, शरच्चन्द्र, हाम्रो भाषा, दोस्रो सं., काठमाडौं:, एकता प्रकाशन, २०६४ ।

शर्मा, देवेन्द्रनाथ, भाषाविज्ञान की भूमिका, नई दिल्ली: राधाकृष्ण प्रकाशन, आवृत्ति सन् १९९२ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, आधुनिक भाषाविज्ञान, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६० ।

सिग्द्याल, सोमनाथ, मध्यचन्द्रिका, वीसौं सं., ललितपुर: साझा प्रकाशन, २०४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलङ्कार धारणा र विकास

गणेशप्रसाद घिमिरे
सह प्राध्यापक

१. परिचय

काव्यको स्वरुप निर्धारणमा आफ्नो अस्तित्वलाई सही ढङ्गवाट उद्‌घाटित गर्ने मूल आधारहरु पूर्वको साहित्य चिन्तनमा शब्द र अर्थ मानिएको पाईन्छ । यसै परिस्थितिमा शब्द र अर्थको युगल परिणयका कारण काव्यको निर्मिति वा भित्ती तयार भएको पाईन्छ । यसरी काव्यको स्वरुप निर्धारणमा प्रयोग हुने शब्द र अर्थलाई नै आधारविन्दु मानेर पूर्वको मूल धुरी निर्माण भएको पाईन्छ । यी काव्यमा प्रयोग भएका शब्द र अर्थलाई चमत्कारजनक बनाएर पाठक सामु पुन्याउने कार्य प्राय गरी पूर्वका काव्यचिन्तनका मूल सम्प्रदायको रहेको छ । यसरी काव्यको चमत्कार, उत्कर्ष, रसासिक्त र पाठकको मनलाई आन्दोलित गराउने सैद्धान्तिक आधार प्रदान गर्ने पूर्वको चिन्तनधारा व्यापक विस्तृत रुपमा अघि बढेको देखिन्छ । यी काव्यशोभाकारक तत्वहरुकै परिवेशमा नै अलङ्कार, रीति, गुण आदि काव्याङ्गको चर्चा पूर्वको साहित्यशास्त्रको इतिहासमा छताछुल्ल बनेर बगेको देखिन्छ । यसै परिवेशगत रुपमा अलङ्कारको प्रक्रमले पूर्वीय चिन्तनको फराकिलो स्वरुप निर्धारण गरेको अवस्था देखिन आउँछ । सामान्यतया काव्यको आनन्ददायक स्वरुप तथा काव्यलाई उत्कर्षधायकत्व प्रदान गर्ने चिन्तन पूर्वका मनिषीहरुको काव्यिक आवश्यकताको कसीका रुपमा अलङ्कारलाई लिएको देखिन्छ । पूर्वका विभिन्न काव्य सम्प्रदायहरु मध्ये अलङ्कार सम्प्रदायको विकास र अध्ययनको स्वरुप विसद रुपमा बगेको र अध्ययनको विस्तृततालाई अवलम्बन गर्ने आधारस्वरुपकै विन्दुका रुपमा अलङ्कारलाई लिने गरेको पाइन्छ ।

१.१ अलङ्कारको विकास

संसारमा अवस्थित कुनै पनि पक्षलाई विकसित हुन र आफ्नो अस्तित्वलाई अक्षुण्ण राख्नका लागि समयको मूल मान्यता अघि आएको देखिन्छ । समयको गतिसंगै विभिन्न स्वरुप प्राकृतिक भौतिक मान्यताहरु क्रमशः विकसित भएर अघि बढिरहेका देखिन्छन् । यसरी साहित्यका प्रचलित मान्यतहरु पनि सानो आकारबन्धमा प्रस्तुत भएर समयको क्रमिक गतिसंगै विकासगत मान्यतालाई अवलम्बन गरेर अघि बढिरहेका हुन्छन् । साहियिक मान्यता प्रचलनमा ल्याउने व्यक्तित्व वा काव्यशास्त्री एक रहे पनि त्यस सम्प्रदायको विकासमा विभिन्न व्यक्तित्वहरुले महत्वपूर्ण स्थान ओगटेको देखिन्छ । अलङ्कार सम्प्रदायको प्रतिष्ठापन र परवर्ती आचार्यहरुका मान्यतामा विवादको रेखा कोरिए पनि त्यो विवादले अलङ्कारशास्त्रको इतिहासमा ठोस उपलब्धी प्रदान गरेको देखिन्छ (सिंह ,सन् १९८७ : २८३) । अलङ्कारका सम्वन्धमा सर्वप्रथम कलम चलाउने आचार्यका रुपमा नाट्यशास्त्री भरतलाई लिने गरिन्छ । उनले नाट्यशास्त्रमा अलङ्कारको स्वरुपको उल्लेख नगरी उपमा, रुपक, यमक र दीपक अलङ्कारको उल्लेख गरेका छन् (भरत, २०५२ : २४०) । आचार्य भरतले अलङ्कार सम्वन्धी मत र त्यसको स्वरुप निर्धारण नगरेको भए पनि नाटकमा माथिका चार अलङ्कार नै रहने तथ्य अघि सारेको देखिन्छ । नाट्यशास्त्रीका रुपमा चर्चित भरत अलङ्कारको आवश्यकता नाटककै सापेक्षतामा गर्नु पनि स्वाभाविक नै रहेको पाईन्छ । भरतको नाट्यशास्त्र पछि अलङ्कारका वारेमा कलम चलाउने काव्यशास्त्री भामह हुन् । भामहले अलङ्कारको विकासका क्रममा भरतको उत्तरकाल र आफ्नो पूर्वकालमा कतिपय आचार्यहरुको नामोल्लेख गरेको देखिए पनि उनी हरुका कृति र शास्त्रहरु अप्राप्त भएका कारण प्रमाणिकताको आधार भेंटिदैन (सं. वर्मा,सन् १९८५ : ५५) । भामह पूर्णतः अलङ्कारवादीआचार्यका रुपमा उभिने आचार्य हुन् । उनले काव्यलङ्कारमा अलङ्कारको संख्या ३८ पुन्याएका छन् । यमक र अनुप्रासलाई शब्दालङ्कार मान्ने भामह ३६ अर्थालङ्कारको चर्चा गर्छन् ।

यसरी भामह उत्तरकालमा अलङ्कारको संख्या आचार्यहरुको अनुगमनमा विभिन्न प्रकारको देखापरेको पाईन्छ । उत्तरकालमा आचार्यहरुले पूर्ववर्ती आचार्यहरुको स्वरुपलाई ग्रहण गर्दै र केही नवीन अलङ्कारहरुलाई समावेश गरी अलङ्कारको संख्यामा बृद्धि गरेको देखिन आउँछ । त्यसैक्रममा दण्डी ३९, वामन ३५, रुद्रट ६२, कुन्तक २०, भोज ७२, मम्मट ६८, विश्वनाथ ८७, अप्पयदीक्षित १२५, जगन्नाथ ७०, अलङ्कारहरुको चर्चा आचार्यहरुले आफ्ना काव्यशास्त्रमा गरेको देखिन्छ । आचार्य जगन्नाथको उत्तरकालमा अलङ्कारको संख्या क्रमशः चुलिदै गएको देखिन्छ । यसैक्रममा कुन्तकले वक्रोक्ति र वामनले रीतिलाई काव्यात्मा स्वीकार गरी आफ्नो मान्यताममा नवीनताको ढोका उघारे पनि अलङ्कारको विकासमा यी आचार्यहरुको योगदान पूर्णतया क्रियाशील बनेर आएको देखिन्छ । भामह पछिका आचार्यहरुले कतिपय नयाँ अलङ्कार थपे पनि अलङ्कारको वर्गीककरणमा र धारणामा उनीहरुले नवीनता थपेको देखिन्न । अलङ्कारको विकासमा आएको यो ज्वलन्त पक्षले

काव्यशास्त्रको इतिहासमा पूर्णतः नयाँपनको उद्‌घाटन भएको देखिन्छ । अलङ्कारको संख्यात्मक वृद्धिका साथै गुणात्मक स्वरुपले पनि नवीनतालाई अवलम्वन गर्दै अलङ्कारको वृद्धिगत मान्यतालाई अवलम्बन गरेको पाईन्छ । अलङ्कारको विकासमा देखिएको यो परिवेशलाई काव्यशास्त्रको इतिहासमा महत्वपूर्ण मान्नुपर्ने हुन्छ । जे होस् आचार्य भरतवाट आरम्भ भएको अलङ्कारको संख्यात्मक कोटीले अध्ययन र पर्यवेक्षणको सुदीर्घ परम्परामा आफूलाई समाहित गरी अघि वढेको हुनाले काव्यशास्त्रीहरुको मतानुसार अलङ्कारको स्वरुपलाई अलङ्कारवादी आचार्यहरुले अघि बढाएको देखिन्छ ।

६१
२०५०६

पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.२ अलङ्कारको विकास

संस्कृत काव्यशास्त्रको इतिहासमा उद्भाषित प्रत्येक सम्प्रदायको आ आफ्नो स्थान प्रत्यक्ष अप्रत्यक्ष रुपमा रहेको देखिन्छ । अलङ्कारशास्त्रको समग्र इतिहासमा अलङ्कारको स्वरुपलाई कहाँ र काव्यको कुन स्वरुपमा निर्धारण गर्ने भन्ने धारणा पूर्वको सबैभन्दा विवादास्पद पक्ष देखिएको पाईन्छ । रस र ध्वनिको सर्वोपरि कायम नरहँदाको अवस्थामा अलङ्कारको स्वरुप पहिल्याउने क्रममा विवादको रेखा कोरिएको पाईन्न । तापनि ध्वनिको उद्भव र रसको चौतर्फी विवेचनाले अलङ्कारको स्वरुप तथा स्थानको मान्यतामा परिवर्तनको आवश्यकता महसूस गरी अगाडी बढेको देखिन्छ । ध्वनिको सार्वभौमिकता र रसको प्राथमिकतामा नै पूर्वका आचार्यहरुले अलङ्कारलाई स्थानको आवश्यकतामा राख्ने महसूस गरेको पाईन्छ । अलङ्कारको स्वरुपलाई निर्धारण गर्ने क्रममा काव्यको पर्यालोचन र पर्यवेक्षण गर्ने आचार्यहरुको मान्यतालाई पूर्णतःस्वत सापेक्षित गरेर राख्दा निम्न कालमा अलङ्कारको वर्गीकरण गरी त्यसको विकासको स्वरुपलाई केलाउन सकिन्छ ।

१.२.क ध्वनि पूर्वकाल

आनन्दवर्धनको ध्वनि सिद्धान्तले काव्यशास्त्रको इतिहासमा कदम राख्नु पूर्वको काललाई ध्वनि पूर्वकालका रुपमा लिईएको छ । यसकालका आचार्यहरुमा भामह, दण्डी, उद्भट् र रुद्रटलाई मानिएको छ । यो काल वा समय पूर्णतः अलङ्कार सम्प्रदायको उत्कर्षको काल मानिएको छ । यस समयमा काव्यमा निहित वा काव्यगत आवश्यकताका अन्य सामग्रीहरु अलङ्कार सम्प्रदायमा समाहित भएर आएको देखिन्छ । यसकालमा आदि आचार्य भामह र समापक आचार्यका रुपमा रुद्रटलाई लिईन्छ (सं. वर्मा सन् १९८५ : ५४)।

१.२.ख ध्वनिकाल

आनन्दवर्धन, कुन्तक र मम्मटद्वारा विभूषित यो काललाई ध्वनिकालका रुपमा लिइएको छ । यसकालमा अलङ्कारको विवेचना नभई ध्वनिको विवेचना र विश्लेषण भएको पाईन्छ । अलङ्कारलाई काव्यको कुन श्रेणीमा राख्ने भन्ने मान्यताको सैद्धान्तिक आधारभूमि यस कालले गरेको देखिन्छ । यसकालले अलङ्कारको स्थान निर्धारण गरी ध्वनिको सर्वोपरि मान्यतालाई पूर्णतया आत्मसात गरेको देखिन्छ ।

१.२.ग ध्वनिउत्तरकाल

मम्मट, रुय्यक ,विश्वनाथ तथा जगन्नाथद्वारा सजिएको तथा पूर्णतया ध्वनिकालद्वारा प्रभावित कालका रुपमा यस समयलाई लिने गरिएको छ । यो समयमा ध्वनिलाई सुदृढ तुल्याउनुका साथै अलङ्कारको अस्तित्वलाई पनि अक्षुण्ण राख्ने अवस्था देखाइयो (सं. वर्मा, सन् १९८५ : ५४) । यसरी वर्गीकरण गरिएको अलङ्कारको इतिहासलाई हेर्दा अलङ्कारको स्वरुप नै सहज रुपमा देखापरेको पाईन्छ ।संस्कृत काव्यशास्त्रको इतिहासमा ध्वनिपूर्व अलङ्कारको एकछत्र साम्राज्य थियो । ध्वनि सिद्धान्तको उदयसंगै अलङ्कार काव्यमा गौण रुपमा निर्धारण रह्यो र ध्वनिले आफ्नो अस्तित्वलाई काव्यशास्त्रको इतिहासमा समग्र रुपले निर्धारण गरेको देखियो । तापनि अलङ्कारलाई सिद्धान्तका रुपमा पूर्वको काव्यचिन्तनले सबल तत्व मानेको देखिन्छ ।

१. ३ अलङ्कारको धारणामा पूर्व

अलङ्कारका सम्बन्धमा पूर्वका आचार्यहरुमा वस्तुगत स्वरुपलाई लिएर एकमत पाइँदैन । कतिपयले काव्यमा अलङ्कारको सर्वस्व स्वीकार गरेको पाईन्छ तर कतिपयले अलङ्कारलाई काव्यमा गौण तत्वका रुपमा स्वीकार गरेको देखिन्छ । आचार्य भरतले नाटकलाई आधारवस्तु बनाएर अलङ्कारको संख्यात्मक स्वरुप ४ निर्धारण गरेका छन् । नाट्यशास्त्र पश्चात प्रथम काव्यशास्त्री तथा अलङ्कारका आद्याचार्य भाभहले काव्यमा अलङ्कारको उपस्थिति अनिवार्य सकार्न पुग्छन् । उनी अलङ्कारको अभावमा अन्य काव्यिक तत्वहरुको उपस्थिति रहे पनि काव्यले शोभा नपाउने पक्षमा पूर्णतः वकालत गर्छन् । सुन्दर युवतीको मुखलाई चमत्कारजनक बनाउने अलङ्कार हुन र ती गहना विना युवतीको सुन्दरतामा निखार नआउने तथ्यलाई उद्घाटित गर्दै अन्य काव्यतत्व गुण, रस आदिको उपस्थिति रहे पनि अलङ्कार विनाको काव्य शोभाजनक नहुने तथ्य उनी पेश गर्न पुग्छन् (भामह , सन् १९९२ : १३) । यसरी भामहले काव्यको उत्कर्षाधायक मूल तत्वका रुपमा वक्रोक्तिलाई लिईएको देखिन्छ । यदि अलङ्कारको उपस्थितिक्रममा काव्यमा वक्रोक्ति नभए काव्य काव्यको रुपमा नरहेर वार्ताकै रुपमा रहने तथ्य उद्घाटित गरेको देखिन्छ । वक्रोक्तिको अभावमा पूर्णतः काव्यत्वको उपस्थिति नहुने तथ्य नै भामहको मूल निष्कर्ष रहन गएको देखिन्छ (भामह, सन् १९९२ : ८६) । खासगरी भामहले पूर्णतया काव्यमा अलङ्कारको उपस्थिति अनिवार्य र अलङ्कार विनाको काव्य वार्ताका रुपमा रहने तथय उद्घाटित गरेको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भामह पछि दण्डीले काव्यको शोभा बढाउन प्रयोग हुने धर्मलाई नै अलङ्कारको स्वरुपमा स्थान दिने प्रयत्न गरेको देखिन्छ । दण्डीका दृष्टिमा अलङ्कार काव्यको सर्वस्व नभई काव्यशोभा वा सौन्दर्यवर्धक तत्वकै रुपमा चिनिएको देखिन्छ (दण्डी, २०३० : ७५) । वामनमा आइपुग्दा अलङ्कारको स्वरुपमा किञ्चित परिवर्तन देखिएको पाइन्छ । अलङ्कार काव्यको सौन्दर्यमा अतिशय चमत्कार उत्पन्न गर्नका लागि आउने वा प्रयोग हुने धारणा वामनले राखेको देखिन्छ (वामन, २०३३ : १.२) । शुद्ध गुणयुक्त युवती यदि अलङ्कार रहित रहेर सुन्दर देखिए पनि अलङ्कारसहित उपस्थित भएमा आनन्दादायक वा शोभादायक युवती रहने तथ्यलाई प्रस्तुत गर्दै वामन काव्यमा सुन्दरतालाई अभिवृद्धि गर्ने तत्वका रुपमा अलङ्कारलाई लिने आचार्यका रुपमा प्रस्तुत भएको देखिन्छ । वक्रोक्तिकार कुन्तक काव्यमा वक्रोक्तिकै साम्राज्य स्थापना गर्ने आचार्यकारुपमा उपस्थित देखिएका छन् । काव्यमा वक्रोक्तिले नै चमत्कार जन्य स्वरुप धारण गर्ने तथ्यलाई कुन्तकले अघि सारेको देखिन्छ । अतः अलङ्कारका रुपमा पूर्ववर्तीआचार्यहरुद्वारा स्वीकृत वक्रोक्तिलाई काव्यप्राण मान्ने कुन्तकले वक्रोक्तिको उच्चता काव्यमा सकारेको देखिन्छ ।

ध्वनि सम्प्रदायको स्थापना गर्ने आचार्य आनन्दवर्धनमा आएर अलङ्कारको पूर्ववर्ती अस्तित्वमा ह्रास आएको देखिन्छ । ध्वनिलाई काव्यको सर्वोपरि स्वीकार गर्ने आनन्दवर्धन शब्द रअर्थमा आश्रित अलङ्कारलाई गहनाकै स्वरुपमा परिभाषित गर्न पुग्छन् (आनन्दवर्धन ,२०४२: ९६) । उनले काव्यमा अलङ्कारको स्थानलाई पूर्णतः अस्वीकार नगरे पनि तिनको उपस्थितिले काव्यमा चमत्कार ल्याउने साधनका रुपमा रहने संकेत दिएका छन् । आनन्दवर्धन पछि ध्वनिवादी आचार्य मम्मटले पनि अलङ्कारका सम्वन्धमा आनन्दवर्धनकै स्वरलाई मुखरित गर्न पुगेको देखिन्छ । काव्यमा अङ्गीभूत रसलाई उपकार गर्ने उपकारक तत्व र शरीरका हार समान रुपलाई नै काव्यमा अलङ्कारको मान्यता दिनुपर्ने धारणा मम्मटको रहेको छ (मम्मट, २०५२ : १८९)। आनन्दवर्धन र काव्यप्रकाशकार मम्मटले काव्यमा अलङ्कारको अस्तित्वलाई गौण राखेर हेरेको देखिन्छ । मम्मटले त काव्यमा गुण अनिवार्य तथा अलङ्कार रहित ध्वनि सहितको काव्यलाई काव्य मान्ने लक्षण समेत उद्घाटित गर्न पुगेको देखिन आउँछ (मम्मट ,२०५२ :४) ।

आचार्य जयदेव पनि अलङ्कारलाई काव्यकै शोभाधायक तत्वका रुपमा अलङ्कारलाई स्वीकार्ने काव्यकारका रुपमा देखापर्दछन् । उनी अलङ्कारको सन्निवेशले काव्य सुन्दर तथा चमत्कार जन्य हुने तर जसरी टीका ,हार आदि शरीरका वाह्य धर्मका रुपमा मानिन्छन् अलङ्कार पनि काव्यका वाह्यधर्म हुन र यीनले शव्द र अर्थमा चमत्कार स्वरुप प्रदान गर्ने तथ्यलाई अघि सारेको देखिन्छ (जयदेव , २०४२ : ७८) । काव्यमीमाशाकार राजशेखर काव्यमा अलङ्कार को उपस्थिति प्रायः अनिवार्य ठहर गर्छन् । राजशेखरले वेदका ६ अङ्ग शिक्षा, कल्प , व्याकरण ,निरुक्त ,छन्द ज्योतिषलाई स्वीकार गर्छन् काव्यमा उपकारक र उपयोगी हुनाले अलङ्कारलाई सातौं अङ्गका रुपमा उनले स्वीकार गरेको देखिन्छ (राजशेखर, २०३० :९०) । अलङ्कारको काव्यगत स्वरुप निर्धारण गर्ने क्रममा आचार्य विश्वनाथ पूर्णत : सापेक्षित देखिएका छन् । उनी शव्द र अर्थका अस्थिर धर्म तर काव्यका शोभाधायक हुनाले अलङ्कारले रस ,गुण आदिलाई उपकार गर्ने हुनाले अङ्ग समान हुन्छन् (विश्वनाथ ,सन् १९८६ :२७३) । विश्वनाथ काव्यको अङ्गी रस हो र काव्यको अङ्गका रुपमा अन्य धर्महरु लाई स्वीकार गर्ने आचार्यका रुपमा उभिने व्यक्तित्व हुन् । पण्डितराज जगन्नाथको दृष्टि काव्यको अङ्गीभूत रसको व्यङ्ग्यात्मक स्वरुप प्रदान गर्ने रसादिरुप आत्माका सोभाजनक धर्म नै अलङ्कार हुन भनी आफ्नो तर्क अघि सारेका छन् (जगन्नाथ, २००८ : २१०) । यसरी भरतदेखि जगन्नाथ सम्मको अलङ्कार पर्यालोचन र समीक्षणले काव्यको अस्थिर र अस्थायी धर्मकै रुपमा अलङ्कारलाई लिएको देखिन्छ ।

सन्दर्भ ग्रन्थसूची

१ आनन्दवर्धन, ध्वन्यालोक , वनारस ,ज्ञानमण्डल लिमिटेड ,२०४२ ।

२ जगन्नाथ, रसगङ्गाधर , वनारस ,चौखम्वा विद्याभवन सन् २००८।

३ दण्डी, काव्यादर्श, पटियाला, पन्जावी विश्वविद्यालय २०३० ।

४ भरत, नाट्यशास्त्र, वाराणसी ,सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय २०५२।

५ मम्मट, काव्यप्रकाश, वनारस, चौखम्वा संस्कृत संस्थान २०५२ ।

६ सं.वमा हिन्दी साहित्यकोश, वाराणसी ,ज्ञानमण्डल सन् १९८५ ।

७ सिंह, वच्चन भारतीय एवं पाश्चात्य काव्यशास्त्र का तुलनात्मक अध्ययन, हरियाणा साहित्य ग्रन्थ अकादमी, सन् १९८७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'कर्तव्य' कथा : एक संक्षिप्त विश्लेषण'

ध्रुवराज गौतम
उप-प्राध्यापक

१. पृष्ठभूमि:

कथाकार गुरुप्रसाद मैनाली (वि. स. १९५७-२०२८) आधुनिक नेपाली कथापरम्परामा सुपरिचित नाम हो । यिनले नेपाली कथालाई आधुनिक रुप दिए । सङ्ख्यात्मक दृष्टिले 'नासो' कथा संग्रह (२०२८) भित्र सङ्कलित जम्मा एघारवटा मात्र कथालेख्ने मैनाली नेपाली समाजको वस्तुपरक विवेचना गर्दै आदर्शोन्मुख दृष्टिकोण पस्किन सफल भएका छन् । यस आलेखमा यिनको 'कर्तव्य' कथाको विश्लेषण गरी निष्कर्षमा पुग्ने जमर्को गरिएको छ । कथाको विश्लेषण गर्ने सन्दर्भमा वस्तुविश्लेषण अन्तर्गत कार्यपीठिका, सारवस्तु , रुचिक्षेत्र, पात्र र शैलीविश्लेषणमा अर्थसापेक्ष, दृष्टिविन्दु, कथनकपद्धति, कथानकढाँचा र रुपविन्यासलाई मूल आधार वनाइएको छ ।

२. 'कर्तव्य' कथाको वस्तुविश्लेषण

२.१. कार्यपीठिका

प्रस्तुत कथाको कार्यपीठिका नेपाली ग्रामीण जनजीवन हो । यसमा कथाकारले गाउँले समाजका समाजसेवी गङ्गाधरले गरेका कामकाज तथा उनीप्रति गाउँलेहरूले देखाएको आस्थालाई सरल ढङ्गमा प्रस्तुत गरेका छन् । गाउँमा जो कोही पनि विरामी परेको सुन्नासाथ ओषतिमूलो लिएर उसका झुपडीमा पुग्ने गङ्गाधरलाई गाउँलेहरूले ग्रामपिता भनी स्वीकार्थे । यसैगरी गङ्गाधरको मृत्युपछि घरदेखि घाटसम्म मलामीको लाम लागेको चर्चा हुनुले पनि ग्रामीण समाजको थपपुष्टि हुन्छ । यस्तै पुरानू पानी लाग्ने खोला पैराको डर नभएको मानामुरी फल्ने डोल परेको पिपले खेतको सन्दर्भ, शिरमा जरिवाल गुलावी पगरी, काँधमा रातो दोसल्ला, गलामा फूलको माला, निधारमा पहेंलो ठाडो तिलक, कानमा उज्ज्वल टप लगाएको गन्धर्व जस्तो देखिने वेहुलो श्रीधरपुत्र शशिधरको चर्चा, शास्त्रीय पद्धतिअनुसार शशिधरको विवाह सम्पन्न भएको घटना र अन्त्यमा श्रीधर रोगले ज्यादै कमजोर भएपछि दाजु मुरलीधरले अब यहाँका वैद्यको भर गरेर वस्न भएन, तिमीलाई देशतिर औषधि गर्न लैजान्छु भन्नु जस्ता थुप्रै प्रसङ्गहरूले गाउँले समाजको पक्षपोषण गर्दछन् ।

कथामा वर्णित सन्दर्भ अनुसार श्रीधरलाई छाडी गङ्गाधर र मुरलीधर समाजसेवीका रुपमा उपस्थित छन् । शहरिया समाजमा यस्ता मानिसहरू भेट्न कठीन हुन्छ । विभिन्न पेशामा संलग्न त्यहाँका मानिसको जीवन यन्त्रवत वनेको हुन्छ । त्यसैले यिनीहरूमा अरुको निस्वार्थ सेवाभाव भन्दा व्यापारिक मानसिकताले वढी प्रश्रय पाएको हुन्छ । उनीहरूमा गङ्गाधर र मुरलीधर प्रवृत्ति आचरण पाउन सकिदैन । यस्तै भर्खरै मात्र प्रजातन्त्रको प्राप्ति भएको र त्यसको मूलमर्म बुझ्न नसकेका श्रीधरजस्ता केही व्यक्तिहरूले वुलवुला कपाल पाली अरुलाई थर्काउने, चन्दा असुल्दै हिड्ने जस्ता कियाकलाप पनि त्यस बेलाको गाउँले जनजीवनमा विकसित भएको संङ्केत श्रीधरको स्वभावले गर्दछ । उल्लिखित विवरणहरूका आधारमा मैनालीले यस कथामा मुख्य कार्यस्थलो गाउँलाई नै बनाएको देखिन्छ । वैवाहिक संस्कार, परम्परागत चालचलन, खेतीयोग्य जग्गाजमिन, धार्मिक अनुष्ठान, वैद्यव्यवसायमा आधारित ओषतिमूलोको चर्चा आदि प्रसङ्गहरूले पनि सोही कुरालाई सङ्केत गर्दछन् । यसर्थ प्रस्तुत कथामा गाउँलाई नै कार्यपीठिकाका रुपमा चित्रित गरिएको छ ।

२.२. सारवस्तु

गाउँले समाजको एक प्रतिष्ठित परिवारको पारिवारिक द्वन्दलाई तत्कालीन युगको आर्थिक, साँस्कृतिक तथा राजनैतिक पृष्ठभूमिमा स्पस्ट पारी अन्ततोगत्वा दाजुभाइका बीचको आदर्शमय मिलन देखाई कर्तव्यलाई कसैले पनि भुल्नु हुँदैन भन्नु नै प्रस्तुत कथाको सारवस्तु हो । यसकममा कथाकारले प्राचीन र नवीन पुस्ताका विषम धारणालाई खुलाउँदै दाजु भाइका बीचको पैतृक सम्पत्तिसम्वन्धी झगडाको चित्रण गरी मुद्दामामिलाहरूमा टाठावाठाकै जित हुने र ऐन कानुनले पनि न्यायिक फैसला गर्न नसक्ने दृष्टिकोण राखेका छन् । यसैगरी श्रीधर मुरलीधरका माध्यमवाट मानिस सदासर्वदा एकैखाले नभई परिवर्तनशील हुन्छ र आपत पर्दा दाजुलाई भाइको र भाइलाई दाजुको सहयोग सधै अनिवार्य हुन्छ भन्दै नेपाली उखान 'गाइ भए गोरस- भाइभए भरोसा' को पुष्टि गरिएको छ । नेपाली समाजमा प्रगतिशील हुँ भन्नेहरू नै आफ्नो सिद्धान्तवाट विचलितहुने कुराको पुष्टि श्रीधरले प्रशस्त सम्पत्ति पाइने लोभमा छोरा शशिधरको विहे गरिदिएर गरेका छन् । प्रस्तुत कथामा एउटै परिवारमा जन्मिएका दुई दाजुभाइ पनि पूर्णरुपमा असमान भावहरूद्वारा सञ्चालित भएका देखिन्छन् । मुरलीधरका मनमा क्षमाशीलता उदारता र सहिष्णुता जस्ता भावहरूको सिर्जनाभएको छ भने श्रीधरमा पहिले घमण्डी, स्वार्थी परपीडक र पछि पश्चाताप र क्षमायाचनाको । समग्रमा कर्तव्यको पालना गरेमा मानिस महान हुन्छ भने त्यसवाट विचलित भएमा विविध समस्याहरूको सिर्जना हुनसक्छ भन्दै कथाकारले यस कथामा प्रत्येक मानिसले आफ्नो दायित्वलाई हृदयङ्गम गरी कर्तव्यनिष्ठ बन्नु पर्ने आदर्शवादी दृष्टिकोणलाई सारवस्तुका रुपमा प्रस्तुत गरेका छन् ।

२.३. रूचिक्षेत्र :

कथाकार मैनाली गाउँले जनजीवनका कथाकार हुन् । यिनको ' कर्तव्य' कथाको रुचिक्षेत्र पनि सोही गाउँले जीवनको चित्रण गर्नु हो । यस कममा तत्कालीन समाजका विविध परिदृश्यहरूको आडमा एक सम्मानित परिवारमा देखिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असमभ्ङदारी र अन्त्यको सुखद मिलनको वर्णनसंगै आदर्शकृत समाजको निर्माणमा स्रष्टाको रुचि केन्द्रित छ । यसमा प्राचीन र नवीन पुस्ताको प्रचिनिधित्व गर्ने बाबुछोराहरू क्रमश: गङ्गाधर र श्रीधर तथा मध्यमार्गी देखिने मुरलीधर सबैले आ-अफ्नो स्वभाव प्रस्तुत गरेका छन् । परम्परागत मूल्य र मान्यताका अनुयायी ग्रामपिताका रुपमा परिचित गङ्गाधर गाउँलेहरूका आँखा एवं टेक्ने लठ्ठी मात्र नभई ओषतिमूलो गरिदिने वैद्य र मुद्धा मामिला छिनिदिने न्यायमूर्ति थिए भने श्रीधर बाबुले गर्दै आएका कामकाजका विरोधी आधुनिक परिवेश अनुकूल चल्ने नाममा आफूलाई प्रगतिशील भएको बताउँदै धाकधक्कु लगाउने, समयमै कर्तव्यको ख्याल नगर्ने ब्यक्ति हुन् । यस्तै मुरलीधर कर्तव्यनिष्ठ, सहनशील तथा उदार भावना भएका व्यक्ति हुन् । उल्लिखित चरित्रहरूका कियाकलापका अतिरिक्त खेतको चर्चा, विवाह मण्डपको सन्दर्भ आदि पक्षले पनि गाउँले समाजकै झलक देखाउँदछन् । समष्टिमा कथाकारले नेपाली जनजीवन संस्कृति र त्यसअन्तर्गत पनि हिन्दु संस्कारको जीवन्त प्रस्तुति गर्नुलाई नै रुचिक्षेत्र बनाएका छन् ।

२.४. पात्र :

पात्र चयन र प्रस्तुतिका दृष्टिले हेर्दा ' कर्तव्य' कथा महत्वपूर्ण देखिन्छ । यसमा प्रमुख पात्रका रुपमा गङ्गाधर, मुरलीधर र श्रीधर रहेका छन् । यी तीनमध्ये पनि कथाको मूलमर्म मुरलीधर र श्रीधरसँग गाँसिएको छ । यस्तै सहायक पात्रहरूमा कमला, शशिधर र रमा पर्दछन् भने मलामीहरू, बुढापाकाहरू, ठिटाहरू, डिट्ठा विचारीहरू, कन्यादाता, कन्या, श्रीधरको घरमा देखिने अन्य आइमाईहरू, पुरोहित, वरियात, आदि साङ्केतिक रुपमा देखिएका गौण पात्रहरू हुन् ।

प्रस्तुत कथाका गङ्गाधर मानवतावादी दृष्टिकोण भएका आदर्श चरित्र हुन् । उनी न्यायका वत्ती, दु:खी दरिद्रीका वाबु, औषधिमूलो गर्ने वैद्य तथा ग्रामपिता भनी नाम चलेका व्यक्ति हुन् । उपकारी, नैतिकवान एवं सरल र असल भावनाले अभिप्रेरित गङ्गाधर तत्कालीन समाजका सत् सामन्तका रुपमा परिचित छन् । यसैगरी मुरलीधर जिल्लाभरि प्रख्यात पण्डितका नामले चिनिएका छन् । उनी धर्म तथा संस्कृतिप्रति असीम श्रद्धा राख्ने कर्तव्यनिष्ठ, उदार, सहयोगी, पैतृक मानमर्यादा तथा संस्कारको संरक्षण गर्नुपर्छ भन्ने सतपात्र हुन् । उनले आफ्नो महानताको प्रदर्शन पत्नी कमलालाई 'कुकुर अज्ञानी हुनाले बोलाए पछि मात्रै जान्छ, मानिस चाँहि ज्ञानवान हुनाले बखत मौका विचारेर आफै पनि जानुपर्छ ' भन्ने जवाफ दिई भतिज शशिधरको विवाहमा संलग्न हुनु तथा अन्त्यमा भाइ श्रीधरको औषधोपचारमा लागेर गरेका छन् । अंशका कारण वंशको प्रतिष्ठामा आँच पुऱ्याउनु नीचताको द्योतक हो भन्ने धारणा मुरलीधरको रहेको छ । यस्तै श्रीधर, गङ्गाधर एवं मुरलीधरका तुलनामा एकदमै फरक खालका पात्र हुन् । उनी वि. स. २००७ को परिवर्तन पछि तत्कालीन युवावर्गमा देखिएको छाडापनले ग्रस्त देखिन्छन् । आफूलाई प्रगतिशिल हुँ भन्ने श्रीधर दारी जुँगा खौरेर बुलबुला कपाल पाली धोके सुरवाल लगाई चन्दा असुल्दै हिंड्छन् । दशकक्षा सम्म अंग्रेजी पढेका यिनी आधा अंग्रेजी, चौथाइ संस्कृत र चौथाइ नेपाली मिसाएर बोल्ने, पाठपूजा तथा टीका चन्दनलाई दासत्वको प्रतीक ठान्ने, हैकमवादी, लोभी, घमण्डी एवं कुलपरम्पराको मानमर्यादाप्रति वास्ता नगर्ने असत पात्रका रुपमा देखिन्छन् । यति हुँदाहुँदै पनि अन्त्यमा आफूले गरेका कुकर्मको प्रायाश्चित्तका लागि पश्चाताप गर्दै दाजुसँग क्षमा याचना गरी असत्‌बाट सत्‌तर्फको यात्रामा लागि गतिशीलता देखाएका छन् । समष्टिमा उनी आफ्नो कर्तव्यप्रंति यथोचित समयमा सचेत हुन नसक्ने अपरिपक्व व्यक्तिका रुपमा श्रीधरको स्थान सुरक्षित रहेको छ ।

सहायक पात्रहरूमा कमला अलि आग्रही खालकी दायित्वबोध भई नसकेकी देखिन्छिन् भने शशिधर र रमा सहज खालका छन् । उनीहरूले आफ्ना मौलिक विचारको प्रस्तुति गरेका छैनन् । यस अतिरिक्त गौण पात्रहरूको उपस्थिति र कार्य कथाको गति पद्धतिलाई निश्चित गन्तव्यमा पुऱ्याउन महत्वपूर्ण रहेपनि तिनका बारेमा छुट्टै चर्चा गर्नु उपयुक्त ठानिएन । यिनै उल्लिखित पात्रहरूलाई शैलीवैज्ञानिक कमअनुसार निम्नानुकुल प्रस्तुत गर्न सकिन्छ :

क.स.	आधार	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवनचेतना		आसन्नता		आवद्धता	
	पात्र	पुलिङ्ग	स्त्रीलिङ्ग	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गगत	व्यक्तिगत	नेपथ्य	मन्चीय	वद्ध	मुक्त
१	गङ्गाधर	+	−	+	−	−	+	−	+	−	+	−	−	+	+	−
२	मुरलीधर	+	−	+	−	−	+	−	+	−	+	−	−	+	+	−
३	श्रीधर	+	−	+	−	−	−	+	+	−	+	−	−	+	+	−
४	कमला	−	+	−	+	−	−	+	+	−	+	−	−	+	+	−
५	शशिधर	+	−	−	+	−	+	−	+	−	+	−	−	+	+	−
६	रमा	−	+	−	+	−	+	−	+	−	+	−	−	+	+	−

३. शैलीविश्लेषण :

३.१. अर्थसापेक्ष

प्रस्तुत कथामा अभिधामूलक अर्थसापेक्ष रहेको छ । कथाकारले कुनै प्रतीक तथा स्वैरकल्पनालाई माध्यम बनाई आफ्नो दृष्टिकोण राख्न खोजेको नभई सोही शैलीमा निजी विचार राखेका छन् । गाउँले समाजमा बस्ने गङ्गाधर समाजसेवीका रुपमा देखिनु उनको निधन पछि गाउँलेहरूले पीडाको महसूस गर्नु, दाजुभाइ मुरलीधर र श्रीधरका बीच पैतृक सम्पत्तिलाई लिएर झगडा हुनु , मुरलीधरले आफ्नो कर्तव्य ठानी निम्ताविना नै शशिधरको विवाहमा संलग्न हुनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र अन्त्यमा श्रीधर सिकिस्त विरामी पर्नु र पछि आफ्नो त्रुटि स्वीकारी दाजुसँग क्षमा माग्नु अनि दाजुले पनि त्यसलाई सहजरुपमा लिई भाइलाई उपचार गराउन लगेको देखाई कथालाई संयोगमा टुङ्ग्याइएको छ । मैनालीले एउटा रोचक खालको गाउँले घटनालाई आधार बनाएर त्यसमा पर्याप्त कलात्मकता थपी आख्यानीकृत गरेका छन् । उनले आफ्नो मूल कथ्यलाई सरल तथा स्पस्ट पाराले पाठक समक्ष प्रस्तुत गरेकोले नै यस कथाको अर्थसापेक्ष अभिधामूलक बन्न पुगेको हो ।

३.२. दृष्टिविन्दु

प्रस्तुत 'कर्तव्य' कथा वाह्यअन्तर्गतको सर्वदर्शी दृष्टिविन्दुलाई आधार मानी लेखिएको छ । कथाकारले सबै पात्रका मनभित्रका विचार, भावना, चिन्तन आदि व्यक्त गर्दै ती पात्रहरूको जीवन ढाँचाको चित्रण गरेका छन् । यस कममा कथाको मूल विषयवस्तु र त्यसअनुरुपका पात्रको चयन तथा प्रस्तुतिमा कथाकारले विशेष जोड दिएका छन् । यसले गर्दा कथा थप प्रभावपूर्ण बनेको छ ।

३.३. कथनपद्धति:

यस कथामा वर्णनात्मक तथा दृश्यात्मक दुवै कथनपद्धतिको सन्तुलित प्रयोग भएको छ । प्रारम्भमा गंगाधर र उनको समाजसेवी व्यक्तित्व तथा तिनको गाउँलेहरूमाथि परेको प्रभाव, छोराहरू मुरलीधर र श्रीधरका कमकाजको उल्लेख, मुरलीधरले अदालतमा मुद्धा हालेको र पछि हारेको सन्दर्भ तथा कथान्तमा दुवै भाइवाट गरिएका व्यवहार जस्ता घटनाहरू प्रस्तुत गर्ने कममा वर्णनात्मक पद्धतिलाई अगाँलिएको छ भने मलामीहरूको धुइरो, गाउँलेको पीडा तथा शशिधरको विवाहामा देखिएको रमझमको दृश्यात्मक पद्धतिद्वारा । यसका अतिरिक्त कमला र मुरलीधरका बीचमा भएको संवादले गर्दा संवादात्मकता र मुरलीधर स्वले आफैसँग बोले झैं गर्दा मनोवादको समेत उपस्थिति देखिन्छ । समस्टिमा हेर्दा कथाकारले विशेष गरी वर्णनात्मक र दृष्यात्मक पद्धतिलाई स्वीकार्दा स्वीकार्दै पनि कतैकतै देखिएको संवाद र मनोवादको मिश्रणले गर्दा कथामा नाटकीयताको सिर्जना भएको छ ।

३.४. कथानक ढाँचा

प्रस्तुत कथा रैखिक ढाँचामा लेखिएको छ । आदि, मध्य र अन्त्यको कार्यकारण श्रृङ्खलामा उनिएको यस कथामा घटनाहरूले कार्यकारण सम्बन्ध राख्दछन् । कथाको प्रारम्भ भागमा समाजसेवीका रुपमा देखिने गङ्गाधरले लगालग नौ दिनसम्म ज्वरो आएर संसार छोड्नु रहेको छ भने मध्यभागमा गङ्गधरको मृत्यु पछि दुई दाजुभाइ मुरलीधर र श्रीधरका बीचमा बावुको जीउनी खेतका सम्बन्धमा मतान्तर देखिनु, मुरलीधरले अदालतमा नालिस दिनु र हार्नु, बलेनी जोडिएका दुई परिवारमा श्रीधरको छोरा शशिधरको विवाहामा मुरलीधरलाई निम्ता समेत नगर्नुसम्मका घटनाहरू पर्दछन् । त्यसपछिको अन्त्य भागमा कुलको मानमर्यादा भनेको कत्रो कुरो हो त्यो तिमीलाई थाहा छैन भन्दै निम्ताविनानै मुरलीधर शशिधरको विवाहामा जन्त गई कन्यापक्षका मानिसहरूलाई त्यस्ता महापुरुषका सन्तान आफ्नू कर्तव्य किन छाड्दथे, तव पो मानिसहरू कुलघरान भन्दछन् भन्ने पार्नु, विवाह सफल पार्न हृदयत: हार्दिक सहयोग गर्नु, पछि श्रधरले दाजुलाई जतबाट मनपर्छ उतैबाट खेत कमाउन भनी छोरा शशिधर मार्फत् खबर गर्नु, श्रीधरलाई व्यथाले च्याप्नु, रमा वोलाउन गए पछि मुरलीधर श्रीधरको घरमा जानु र दाजु भाइका बीचमा मिलन भई मुरलीधरले श्रीधरको औषधोपचारको व्यवस्था मिलाउनु जस्ता घटनाहरू रहेका छन् ।

उल्लिखित साध्यहरूका आधारमा कर्तव्य कथा इटैइटा चिनेर उठाएको पर्खालजस्तो कमवद्ध दखिन्छ । अघिल्लो घटनाको कारण पछिलो घटना विकसित हुने हुँदा कार्यकारण श्रृङ्खलामा आवद्ध यस कथामा कथापात्र र घटनाका बीच समन्वय गरी कलात्मक बनाउने काम स्रष्टाद्वारा गरिएको छ ।

३.५. रुपविन्यास:

कथालाई निश्चित आकृति दिई कलात्मक बनाउने कार्य रुपविन्यासले गर्दछ । मानिसको अस्थिपञ्जरलाई मांसपिण्डहरूको सहायताले जसरी पुष्ट पार्ने काम गर्छन् त्यसरी नै कथानक, पात्र भावपरिमण्डल, दृष्टिविन्दु आदि तत्वद्वारा संरचित कथालाई पूर्णता दिइ आकर्षक पार्ने काम रुपविन्यासले गर्छ । यसअन्तर्गत शब्द विन्यास, वाक्यविन्यास, प्रतीकविन्यास, अलङ्कारविन्यास आदि पक्षहरू रहेका हुन्छन् ।

मैनालीको कर्तव्य कथा विशेषगरी सरल तथा सरस गद्य शैलीलाई अँगाली संवृत (पूर्ण) रुपविन्यासद्वारा निर्मित कथा हो । यस कथामा निन्न बमोजिमका विशेषताहरू रहेका छन् ।

३.५.१. शब्दविन्यास:

३.५.१.१ <u>तत्सम शब्द:</u> निर्णय, पूजापाठ, तिलक, वरणी, आर्तनाद, दिग्दिगन्त, ग्रामपिता, दीनहीन, आशास्तम्भ, पुरोहित, यज्ञवेदी, कुलपरम्परा, ऋचामन्त्र, विख्यात, असीम, अग्रभाग आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.५.१.२. आगन्तुक शब्द:

अदालत (अरबी), मामिला (अरबी), पेसा (फारसी) ,मुद्धा (अरबी) ,नालिस (फारसी), ऐन (अरबी) ,जिल्ला (अरबी), फिराद (फारसी) आदि ।

३.५.१.३ द्वित्व तथा अनुकरणद्वारा निर्मित शब्द:

झमक्क, मुसुमुसु, सुटुक्क, मुखामुख, लगालग, टाढाटाढा, करकर, धुम्धाम, डम्डम्ती, गदगद आदि ।

३.५.२. वाक्यविन्यास:

यस दृष्टिले कर्तव्य कथामा सरल वाक्यको वाहुल्यता रहेको देखिन्छ भने आंशिक रुपमा संयुक्त तथा मिश्रवाक्यको प्रयोग पनि भेटिन्छ । कथाकारले एकशब्दे वाक्य 'जन्त' कर्ताहीन वाक्य 'केहीवेर पछि शव उठाएर खोलातिर लगे' र कियाहीन वाक्य 'कुलको जेठो सन्तान् , मेरो पिण्डपानीको दाता, जस्ता प्रयोगहरू पनि गरेका छन् । संवादको ज्यादै न्युन प्रयोग रहेको यस कथामा पात्रहरूको सामाजिक चेतना एवं वौद्धिकस्तर, चालचलन, रहनसहन, प्रवृत्ति पक्ष अनुरुपको कथ्य भाषाको प्रयोग हुनुका साथै समुचित अनुच्छेद योजना रहेको छ ।

३.५.३. अलङ्कारविन्यास:

न्यायको वत्ती, आशास्तम्भ जस्ता शब्दले वुझाउने अर्थसँग गङ्गाधरको अभिन्नता देखाउँदा अर्थका दृष्टिले रुपक अलङ्कारको प्रयोग भएको छ भने शशिधरलाई गन्धर्व र बुहारीहरूलाई महालक्ष्मीसँग तुलना गर्दा उपमा अलङ्कारको परेको छ । यस्तै शशिधरको नजिकमा वेहुली राखिदिंदा ऊ अलिकति लजायो र पर सऱ्यो भन्दा उत्प्रेक्षा अलङ्कारको प्रयोगं भएको छ । कथामा उल्लिखित अलङ्कारका अतिरिक्त विम्व, प्रतीक, पूर्वप्रसङ्ग, आदिको प्रत्यक्ष उपस्थिति भने देखिदैन ।

४. निष्कर्ष :

आधुनिक नेपाली कथा परम्पराका अगुवा गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथा नेपाली ग्रामीण जनजीवनमा आधृत छ । यस कथाको वस्तु तथा शिल्पपक्षको अध्ययनवाट कथाकारले तत्कालीन नेपाली समाजका सांस्कृतिक, आर्थिक र राजनीतिक पृष्ठभूमिमा एक प्रतिष्ठित परिवारको चर्चा गरी आदर्शनिर्माणमा जोडदिएको निष्कर्ष निस्कन्छ । मैनालीले प्रत्येक मानिसले आफ्नो कर्तव्यवोध गरी तदनुसार चल्न सके समाज सुव्यवस्थित हुने धारणा अघिसारेका छन् । गाउँले नेपाली समाजका निम्ति सुपाच्य हुने शब्द तथा पदपदावलीको प्रयोग गरी लेखिएको उक्त कथा कलामूल्यका दृष्टिले समेत उच्चस्तरीय देखिन्छ ।

सन्दर्भग्रन्थ विवरण:

गुरुप्रसाद मैनाली : नासो चौथो संस्करण, काठमाडौं : राजेन्द्रप्रसाद मैनाली ; २०५१।।

चन्द्रवहादुर सेवा, सामाजिक कथाकार गुरुप्रसाद मैनाली, अ. प्र. स्नातकोत्तर शोधपत्र, त्रि. वि. ; २०३२।।

सं दयाराम श्रेष्ठ, पच्चीसवर्षका नेपाली कथा, काठमाडौं : ने. रा. प्र. प्र. ; २०३९।।

सं दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४ काठमाडौं : साझा प्रकाशन ; २०५६।।

वासुदेव घिमिरे, कथाकार गुरुप्रसाद मैनालीमा पाइने आदर्शोन्मुख यथार्थवाद अ. प्र. स्नातकोत्तर शोधपत्र, त्रि. वि.; २०३७।।

प्र. सं वासुदेव त्रिपाठी र अन्य, नेपाली साहित्य श्रृङ्खला, भाग १, काठमाडौं : एकता प्रकाशन ; २०५५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'मुलुकबाहिर' : विश्लेषणात्मक अध्ययनमा

ध्रुव राय
सह-प्राध्यापक

१. सामाजिक यथार्थवादिता :-

नेपाली उपन्यास विधामा सामाजिक यथार्थवादका प्रथम प्रयोक्ता लैनसिंह वाङ्देलको ' मुलुकवाहिर ' नामक प्रथम उपन्यासको प्रकाशन सम्वत् २००४ मा भयो । यो उपन्यास नै नेपाली साहित्यको प्रथम यथार्थवादी उपन्यास हो (सुवेदी, २०५३ : ११२) । हुनत यसको प्रकाशनभन्दा पूर्व नै रुपनारायण सिंहको ' भ्रमर ' यथार्थवादको रुप लिएर देखापरिसकेको थियो तापनि प्रेम र पारिवारिक जीवनमा मात्र सीमित रहन पुगेकाले यसलाई सामाजिक यथार्थको पूर्ण कलेवर प्राप्त भएन । ' मुलुकवाहिर ' बाट नै नेपाली उपन्यासमा त्यसको अभावको पूर्ति हुन्छ । दीन-हीन नेपाली नरनारीहरुको जल्दोवल्दो आर्थिक दुर्दशालाई यथातथ्य उतार्नु नै ' मुलुकवाहिर ' को मुख्य विशेषता हो । प्रवासी नेपालीहरुको काम र माममा भौंतारिने प्रवृत्तिलाई नै मूल कथानक बनाई लिखित यो उपन्यास प्रवासी नेपालीहरुको दिनचर्याको यथार्थ वर्णनमा सीमित नरही वहुसंख्यक नेपाली समाजको व्यथाको कथा प्रस्तुत गर्न सफल भएको छ ।

'मुलुकवाहिर' सामाजिक यथार्थवादी उपन्यास हो । यसलाई सामाजिक यथार्थवादीको संज्ञा प्रदान गर्ने विभिन्न आधारहरु छन् । उपन्यासकारले दीन-हीन, निमुखा नेपालीहरुका आर्थिक, मानसिक र सांस्कृतिक पक्षहरुको यथार्थ प्रस्तुत गरेर यसलाई सामाजिक यथार्थवादी तुल्याएका छन् । सर्वप्रथम यसमा वर्णित आर्थिक पक्षको अवलोकन गर्दा यसका प्रायः सवै पात्रहरु गास-वास-कपासको अभावमा परेका छन् । स्वदेशमा साहूको कपटपूर्ण व्यवहार , प्राकृतिक विकटता, कृषि उत्पादनको न्यूनता जस्ता समस्याहरुवाट मुक्ति पाउने उद्देश्यले नेपालीहरु काम र मामको खोजीमा मुगलान पस्ने गर्छन् । त्यहाँ गएर दुई पैसा जम्मा गरी नेपाल फर्किने उनीहरुको योजना हुन्छ तर उनीहरु चारित्रिक विशेषताले गर्दा त्यहाँ पनि दयनीय जीवन विताउन वाध्य हुन्छन् । रने र म्याउची , माहिला भुजेल र मसिनी, दलवहादुर, खालिङ वूढा, कान्छा राई, शेर्वा वूढा जस्ता प्रमुख पात्रहरु दरिद्रतासँगै संघर्ष गर्न विवश हुन्छन् । यस्तो समस्या वास्तविकतामा आधारित छ । नेपालका अधिकांश जनता उपन्यासमा वर्णित समस्यावाट पीडित छन् । यस दृष्टिले पनि यो उपन्यास सामाजिक यथार्थमा आधारित छ भन्न सकिन्छ (भट्टराई, २०३५ : ८१) ।

सामाजिक यथार्थलाई टेवा दिने यस उपन्यासको अर्को पक्ष मानसिकता हो । उपन्यासले वताए अनुसार रनेले म्याउचीलाई खोलामा फाली आफ्नो क्षणिक आवेशको परिचय दिन्छ । उसको मनले म्याउचीलाई माया मारेको हुँदैन । त्यसैले समयको लामो अन्तरालपछि मसिनीलाई हेर्दा उसको मनमा म्याउचीको तस्वीर उपस्थित हुन्छ । उसको मनस्थिति विकृत भएर ऊ आत्महत्या समेत गर्न पुग्छ । रनेको परिस्थितिमा उभेको जुनसुकै व्यक्तिको मानसिक दशा त्यस्तै खालको हुनु स्वाभाविक वुझिन्छ । एउटा अर्को प्रसङ्गमा माहिला भुजेल शेर्वा वूढाको चुक्ल्याइँमा लागेर आफ्नी पत्नी मसिनीलाई वेसरी कुटी परिवारको वन्धनवाट टाढा पुग्छ । वुढेस कालमा फर्किएपछि उसलाई आफ्नै छोरी रुपाको मुखवाट आफ्ना अविवेकी व्यवहार सुन्ने अवसर प्राप्त हुन्छ । मृत्युको मुखमा पुग्ने वेलामा स्वास्नीलाई भेट्ने इच्छा राखी पश्चात्ताप गर्दै उसको मृत्यु हुन्छ । यसरी यस उपन्यासका विभिन्न प्रसङ्गहरुमा पूर्व कार्यहरुको प्रायश्चित्तस्वरुप विभिन्न मानसिकता देखा पर्छन् । त्यस्ता मानसिकता जीवन र जगत्मा स्वाभाविक हुन्छन् । अतः मानसिक पक्षले पनि उपन्यासलाई सामाजिक यथार्थवादको पगरी गुथ्न सघाएको छ ।

'मुलुकवाहिर ' लाई सांस्कृतिक पक्षको चित्रणले पनि सामाजिक यथार्थवादी तुल्याएको छ (भट्टराई , २०३५ : ८२) । उपन्यासकारले नेपाली संस्कृति र सभ्यताको वास्तविक झलक प्रस्तुत गरेका छन् । माघे संक्रान्तिमा टिस्टा खोलाको वरिपरि श्रमजीवी वनेर वसेका प्रवासी नेपालीहरु चाड-पर्व मनाउन व्यस्त देखिन्छन् । यो नेपाली संस्कृतिको यथार्थ तस्वीर हो । त्यस्तै दलवहादुरकी आमाले पातहरु वटुलेर भुमरी परेको हावा हेर्नुलाई ठूलो अपशकुन ठानेकी छे । नेपाली सभ्यताको परिचय गराउन मसिनीलाई वूढीको गोडामा ढोग्न लगाइएको छ । एक अर्को प्रसङ्गमा आफूमाथि लगाइएको आरोपलाई खण्डन गर्दै मसिनी आगालाई साक्षी राख्छे । यस्ता संस्कृति र सभ्यतासित सम्वन्धित पक्षहरुको उपस्थितिले गर्दा ' मुलुकवाहिर ' उपन्यास निर्विवाद रुपमा सामाजिक यथार्थवादी वनेको छ ।

२. चरित्र-चित्रण :-

चार खण्डमा विभक्त प्रस्तुत उपन्यास कुनै एउटै नायक-नायिकामा केन्द्रित छैन । यसभित्र रने साहिँला, म्याउची, माहिला भुजेल, मसिनी, दलवहादुर, खालिङ वूढा, शेर्वा वूढा, दलवहादुरकी आमा, दलवहादुरकी स्वास्नी, कान्छा राई, रुपा जस्ता पात्रहरु देखापर्छन् । पात्र चयनको क्रममा पनि उपन्यासकारले स्वाभाविकता वा यथार्थतालाई नै अंगीकार गरेका छन् । जम्मै पात्रहरु हाम्रै जन-जीवनवाट टिपिएका छन् र सवैवाट विभिन्न वर्गको प्रतिनिधित्व गराइएको छ । सवै पात्रहरुका चारित्रिक विशेषताहरु भिन्नाभिन्नै भए तापनि एउटा कुन कुरामा समानता छ भने एक-दुई वाहेक सवै क्षणिक आवेशमा परी अन्तमा पश्चात्ताप गर्न पुग्छन् ।

२.१ रने :-

यस उपन्यासमा रनेलाई चौवीस-पच्चीस वर्षको युवा देखाइएको छ । ऊ ज्यादै सोझो र मिजासिलो देखिन्छ । पसिना वगाएर जीवन धान्नमा आनन्द मनाउने युवक रनेवाट हाम्रो नेपाली समाजका काम र मामका लागि प्रवासिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युवाहरुको प्रतिनिधित्व गराइएको छ । मानव जिन्दगानीलाई दुई दिनको मेला ठानेर सबैसित हाँसी-खुशी व्यवहार गर्ने रने मानवतावाद र जातीय प्रेमले ओतप्रोत भएको व्यक्ति हो । दलवहादुरलाई आवश्यक सेवा पुऱ्याएर उसकै घरमा बसिरहेको रने माहिला भुजेललाई पनि शरण दिन्छ । यति हुँदाहुँदै पनि रनेको मुख्य चारित्रिक दोष क्षणिक आवेशमा पर्नु हो । त्यसैले गर्दा उसले आफ्नी स्वास्नी म्याउचीलाई खोलामा फालिदिन्छ । विवेकपूर्ण निर्णय नगरी आफ्नी स्वास्नीलाई मारेपछि ऊ आफ्नो मनस्थितिमा दृढ रहँदैन । उसलाई पश्चात्ताप हुन्छ । त्यसैमा परी उसको जीवन कुनै निश्चित दिशातर्फ लाग्दैन । अन्तमा दिग्भ्रमित भएको रने म्याउचीकी बहिनी मसिनीलाई हेर्दा आफ्नो मानसिक सन्तुलन गुमाउन पुग्छ । फलस्वरुप उसको आत्महत्या हुन्छ । यसरी प्रारम्भमा काम र मामको खोजीमा मुगलान पसेको रनेको कल्पनालोकको सुन्दर संसार भताभुङ्ग हुन जान्छ । मुलुकवाहिर बसेर पनि नेपाली जाति सुख र शान्तिसित बाँच्न सक्तैनन् भन्ने तत्कालीन् सामाजिक यथार्थ रनेको जीवनबाट चरितार्थ हुन्छ ।

२.२. माहिला भुजेल :-

आलोच्य उपन्यासमा रनेको अवसानपछि माहिला भुजेल कथावस्तुलाई आफूमा तानी उपस्थित हुन्छ । माहिला भुजेलले मसिनीलाई विहे गरेको छ । ऊ पनि काम र मामकै लागि मुगलान पसेको हो । उपन्यासकारले भुजेललाई परिश्रमी र उदारवादी देखाएका छन् । ऊ दलवहादुरको घरमा बसी निकै प्रगति गर्न सक्षम भएको छ । उसले कान्छा राईलाई टिठ्याएर आफ्नै घरमा आश्रय दिएको छ । त्यस्तै शेर्वा बूढा पनि उसकै शरणमा बसैको छ । अरुको अवगुणलाई नहेर्ने माहिला भुजेल ज्यादै सोझो र कुनै पनि कुलतमा नलागेको देखिन्छ । तर विवेकपूर्ण निर्णय नलिनु तथा क्षणिक आवेशमा पर्नु उसको दुर्वलता हो । यही अवगुणले गर्दा ऊ शेर्वा बूढाको कुरामा लागी आफ्नी स्वास्नी मसिनीलाई वेसरी कुटेर मानसिक रुपमा विरक्तिएर जताततै भौंतारिन थाल्छ । अन्तमा आफ्नो गल्तीको लागि पश्चात्ताप गर्दै ऊ रुग्न अवस्थामा पुगी देहत्याग गर्दछ । उपन्यासकारको ' मुलुकवाहिर ' भन्ने शीर्षक रखाइको तात्पर्य स्वदेश छाडी प्रवासिएको नेपाली जिन्दगानीको कारुणिक चित्रण गर्नु हो (भट्टराई , २०३५ : ८४) । उनको यो उद्देश्य विशेष गरी माहिला भुजेलको जीवनचर्यावाट पूरा भएको महसूस हुन्छ । वास्तवमा सबै पात्रहरुमध्ये माहिला भुजेल नै दुःख र पश्चात्तापको भुमरीमा परेको छ । उसको दयनीय दशाप्रति पाठकको मनमा सहानुभूति उत्पन्न नभई रहन्न ।

२.३ दलबहादुर :-

प्रस्तुत उपन्यासका प्रमुख पुरुष पात्रहरु आवेशमा आउने खालका प्रतीत हुन्छन् तर दलवहादुरलाई अपवाद मान्न सकिन्छ । ऊ विवेकी पात्र हो । उसमा समयानुकूल कर्तव्याकर्तव्य गर्ने क्षमता छ । उदारवादी र सहयोगात्मक भावना राख्ने दलवहादुर मानवतावादी पनि बुझिन्छ । उसको भूमिकालाई हेर्दा ऊ एउटा विशाल बरको रुख प्रतीत हुन्छ । उसको छायाँमा रने , माहिला भुजेल , मसिनी , कान्छा राई , शेर्वा बूढा जस्ता मानिसहरु विश्राम गर्दछन् । यथार्थवादी दृष्टिकोणले हेर्दा दलवहादुरमा पनि जुनसुकै मानिसमा हुनुपर्ने चारित्रिक गुण र अवगुणहरु दुवै देखा पर्छन् । उसमा उपर्युक्त गुणहरु हुनाका साथै एउटै तर प्रमुख अवगुण आफ्नो उद्देश्यप्रति दृढता नहुनु हो । यसैकारण ऊ जीवनमा एउटै पेशामा तल्लीन नरही चित्त विकेन्द्रीकरणतिर लाग्छ ।

२.४ खालिङ बूढा :-

यो पात्र उपन्यासमा प्रथम खण्डका तेस्रो र चौथो प्रकरणमा मात्र देखापरेको छ । उमेरको दृष्टिले पाको देखिने बूढो अनुभवी र विवेकी पात्र प्रतीत हुन्छ । यसका बोली र व्यवहार दुवै आदर्शले प्रेरित छन् । यसमा भावी दुर्घटनाको पूर्वानुमान गर्ने क्षमता रहेको छ । अर्को पात्र शेर्वा बूढाका तुलनामा यो सत् पात्र ठहर्दछ ।

२.५ शेर्वा बूढा :-

यो स्वभावैले ईर्ष्यालु पात्र हो । बूढो भइसक्दा पनि यो तास र रक्सी जस्ता दुर्व्यसनमा लिप्त रहेको छ । माहिला भुजेल र मसिनीको सुखद संसारमा आगो लगाउने शेर्वा बूढालाई दुर्जन पात्रको संज्ञा दिन सकिन्छ । यिनै चारित्रिक अवगुणहरुले गर्दा बूढाको अकाल मृत्यु हुँदा उसलाई हेर्न एक जना गाउँले पनि आउँदैन ।

२.६ कान्छा राई :-

यस उपन्यासमा कान्छा राईको भूमिका अल्पकालिक देखापर्छ तर उसका व्यवहारहरुले उपन्यासको कथावस्तुलाई चरमोत्कर्षमा पुऱ्याउन मद्दत गरेका छन् । युवक भएकाले तथा स्वच्छन्दतापूर्वक बाँच्न चाहने प्रवृत्ति भएकाले ऊ अन्जानमै माहिला भुजेल र मसिनीको बीचमा शंकास्पद चरित्र भएको सावित हुन्छ । शायद ती दुईको जीवनलाई कारुणिक बनाउन नै उपन्यासकारले यस पात्रलाई उपस्थित गरेका छन् ।

२.७ म्याउची :-

म्याउची अठार वर्ष पुगेकी नवयुवती हो । प्रकृतिले उसमा नारीसुलभ विशेषताहरु थपिदिएको छ । ऊ पनि अरुहरुका लहैलहैमा लागी राम्रो लाउने र मिठो खाने उद्देश्यले रनेसँग माया-प्रीति गाँस्न पुग्छे तर प्याच्च बोलिदिनु उसको ठूलो र प्राणघातक अवगुण हो । यसै कारणले गर्दा त्यस्ती निरीह युवतीको आफ्नै पति रनेका हातवाट हत्या हुन्छ ।

२.८ मसिनी :-

मसिनी म्याउचीकी वहिनी र माहिला भुजेलकी पत्नी हो । उसमा पनि सहज, स्वच्छन्द र परिश्रमी नेपाली युवतीमा पाइने सारा विशेषताहरु रहेका छन् तर शेर्वा बूढा जस्तो ईर्ष्यालु व्यक्तिको कारण उसको सुखद दाम्पत्य जीवन दुःखमय र वियोगान्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.९ दलबहादुरकी आमा :-

यो वूढी उपन्यासमा खालिङ वूढा झैं आदर्श पात्रको रुपमा देखा पर्छे । उपन्यासकारकै टिप्पणी अनुसार युवा अवस्थामै लोग्ने परलोक भइसक्दा पनि दलवहादुर जस्तो छोरालाई हुर्काएर नारी मर्यादालाई कायम राख्छे । उसको हृदय मातृवात्सल्यले परिपूर्ण रहेको देखिन्छ । त्यसैले गर्दा उसवाट माहिला भुजेल, मसिनी, रुपा आदिले पर्याप्त स्नेह पाएका छन् ।

२.१० रुपा :-

उपन्यासमा रुपाको भूमिका मुख्य कारुणिक पात्रको रुपमा रहेको छ । अर्थात् उपन्यासलाई वियोगान्त पार्ने जिम्मेवारी रुपाको हो । रुपाकै रहस्योद्‌घाटनवाट मर्माहत हुँदै पश्चात्तापको आगालाई सहन नसकी माहिला भुजेल मर्छ ।

३. देश-काल-वातावरण :-

देश-काल-वातावरणका दृष्टिकोणले ' मुलुकवाहिर ' उपन्यास खरो उत्रन्छ । सर्वप्रथम देशको चर्चा गर्दा यसमा काम र मामको खोजमा प्रवासिने नेपालीहरुको बेथितिको चर्चा गरिएको हुनाले नेपाल, वर्मा, भारत मुख्य रुपमा र विश्वयुद्धसँग सम्वन्धित देशहरु सामान्य रुपमा यस उपन्यासका देश वा ठाउँका परिचायक हुन् । कालको हकमा यहाँ प्रथम र द्वितीय विश्वयुद्धताकको चित्रण पाइन्छ । उपन्यासकारले द्वितीय खण्डको प्रथम प्रकरणमा सन् १९३९ को स्पष्ट किटान गरेका छन् । देश र कालका यिनै परिधिभित्र रही वातावरणको निरुपण गर्दा यस उपन्यासमा विश्वयुद्धजन्य विभीषिकावाट अल्पत्र परेका नेपाली दाजुभाइहरुको सजीव चित्रण प्रष्ट देखिन्छ ।

४. कथोपकथन :-

कथोपकथन वा सम्वाद नाटकीय तत्व भए तापनि उपन्यासमा समेत यसको आवश्यकता पर्दछ । वाङ्देलले यस उपन्यासमा ठाउँ-ठाउँमा प्रसङ्गानुकूल कलात्मक सम्वाद प्रयोग गरेका छन् । तर पात्रहरुका वीच भएको वार्तालापले पाठकलाई झर्को लागेको महसूस हुँदैन । सम्वादमा प्रयुक्त भाषा पनि पात्रहरुको स्तर अनुसारको भएकाले असुहाउँदो प्रतीत हुन्न । अर्को शब्दमा भन्दा कथोपकथन वा सम्वादमा पाइने स्वाभाविकताले पनि 'मुलुकवाहिर' लाई यथार्थवादी तुल्याएको छ ।

प्रस्तुत उपन्यासमा कलाकार उपन्यासकारले आफ्नो कलाको माध्यमले विभिन्न सङ्केत गरे झैं ठाउँ-ठाउँमा भावी दुर्घटनाको पूर्वानुमान गरेका छन् । सर्वप्रथम उपन्यासको शीर्षकले नै प्रवासिने नेपालीहरुको भावी वेथितिको पूर्व सङ्केत गरेको छ । नभन्दै गाईवाट विछोड भएको वाछो जसरी दुःख झेल्न पुग्छ , त्यसरी नै जन्मभूमि नेपाललाई त्यागी विदेशिएका नेपाली दाजुभाइ , दिदी-वहिनीहरुको जिन्दगानीको कारुणिक चित्रण यस उपन्यासमा हुन जान्छ । पूर्व सङ्केतको अर्को प्रमाण उपन्यासको प्रथम खण्डको चौथो प्रकरणमा पाइन्छ । अर्थात् राति अवेला म्याउचीलाई डेरामा लान खोज्ने रनेलाई खालिङ वूढा यसो भन्छन् - " भोलि गए पनि त हुन्छ साइँला, राति अवेला आइमाई केटाकेटीलाई साथमा लिएर जङ्गलको वाटो कसरी एक्लै जान्छस् ? आज यहाँ डेरामा वसे हुन्न र ? " वूढाको यस भनाइवाट भावी विपत्तिको पूर्वाभास हुन्छ । आखिर वूढाको आँखामा उपस्थित दुष्कल्पनाको चित्र साकार भई म्याउचीको हत्या हुन्छ । अर्को प्रसङ्गमा पनि उपन्यासकारले पूर्व सङ्केत गरेका छन् । उपन्यासको दोस्रो खण्डको आठौं प्रकरणमा आत्मग्लानि र पश्चात्तापमा परी रनेले आत्महत्या गर्दा प्रकृतिको विकराल रुप देखापर्छ । हुरी चल्दा दलवहादुरकी वूढीआमा यसो भन्दछिन् - " आज कस्तो अचम्मको वतास आयो .... हावापानी चलेको त जाती होइन । " त्यस प्रसङ्गमा कोठामा हावाले एक थुप्रो सुकेका पातपतिङ्गरहरु छरिदिएपछि दलवहादुरले यसो भन्यो - " हा ! यो त नजाती कुरा पो हो । " यसरी विभिन्न प्रसङ्गमा वाङ्देलले घटनाहरुको पूर्वसङ्केत गरेका छन् (भट्टराई, २०३५:८६) ।

५. उद्देश्य :-

लैनसिंह वाङ्देल सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनले ' मुलुकवाहिर ' उपन्यासमा सामाजिक यथार्थ प्रस्तुत गरी जनजीवनलाई सचेत गराउन खोजेका छन् । जीवन जे-जस्तो छ , त्यसको हुवहु चित्रण गर्नु यथार्थवादी वाङ्देलको प्रवृत्ति भए तापनि " साहित्य समाजको हित गर्ने विधा हो " भन्ने यथार्थलाई पटक्कै विर्सेका छैनन् । त्यसैले यस उपन्यासमा प्राकृतिक विकटताले भरिएको तथा विषम अर्थतन्त्र भएको हाम्रो मुलुकवाट काम र मामको खोजीमा वर्सेनी मुगलान पस्ने नेपालीहरुलाई सचेत गराउँदै आफ्नै मुलुकमा ढिंडो र गुन्द्रुक खाएर नै सन्तोष मान्ने यथार्थपरक उपदेश दिएका छन् । यो नै उनको औपन्यासिक उद्देश्य हो ।

६. भाषा-शैली :-

वाङ्देल आफ्ना पूर्ववर्ती रुपनारायणको जस्तो आलंकारिक भाषा प्रयोग नगरी विषयवस्तु अनुसार सरल, सुवोध, चित्ताकर्षक भाषाको प्रयोग गर्दछन् । पात्रको स्तरअनुसार भाषा प्रयोग गर्नु उनको विशेषता नै हुन गएको छ । ठाउँ-ठाउँमा लोकोक्ति र झर्रा नेपाली शव्दहरु पनि यस उपन्यासमा भेटिन्छन् । यस्तै यथार्थतालाई दृष्टिगत गरी कतैकतै दार्जिलिङ्गे नेपाली भाषिकाको पनि प्रयोग पाइन्छ । शैलीको हकमा यस उपन्यासमा वाङ्देलले नवीनताको प्रवेश गराएका छन् । उपन्यासका चारवटै खण्डहरु छुट्टाछुट्टै कथावस्तु लिएर देखापर्छन् । त्यस्तै उपन्यासकारले विषयवस्तुलाई कतै टिप्पणीद्वारा प्रष्ट पारेका छन् भने कतै विश्लेषणद्वारा पनि व्यक्त गरेका छन् ।

<u>सन्दर्भग्रन्थ-सूची :-</u>

१. भट्टराई , गोविन्दप्रसाद , ' मधुपर्क ' : २०३५ चैत्र " विश्लेषणात्मक सन्दर्भमा ' मुलुकवाहिर ' ।

२. सुवेदी , राजेन्द्र , ' नेपाली उपन्यास : परम्परा र प्रवृत्ति ', २०५३ , सा.प्र.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाञ्चायनमा श्रीगणेश

नवराज घिमिरे
उपप्राध्यापक

सनातन धर्ममा जो देव कार्य हुन्छन्, ती जगत्का मूल उपादान पञ्च महाभूतका अधिष्ठाता पञ्चदेवताको उपासनामा आधारित छ । यो विश्व प्रपञ्च पञ्च महाभूतको विपरिणाम हो । पञ्चमहाभूत - सत्व, रज र तम प्रकृतिका यी तिन गुणवाट समुद्भूत छन् । आकाश तत्त्व विशुद्ध सत्वगुण प्रधान छ, वायुतत्त्व सत्व र रजका विमिश्रणको विपरिणाम हो । अग्नितत्व विशुद्ध रजोगुण प्रधान छ तथा जलतत्त्व रजोगुण र तमो गुणको विमिश्रणको विपरिणाम हो । पृथ्वीतत्त्व विशुद्ध तमोगुण प्रधान हो । समस्त जीव आ-आफ्नो प्रकृति अनुसार कार्यमा प्रवृत्त हुन्छन् । यस्तो स्थितिमा कृपालु भगवान् जीवको उद्धारका लागि उपासकहरूको भावना अनुसार भक्तकल्याणार्थ आफ्ना विभिन्न रूपको कल्पना गर्नुहुन्छ ।

"उपासकानां कार्यार्थं ब्रह्मणो परिकल्पना ।" श्री राम पूर्वतापिन्युपनिषद् - (१/७)

सुयोग्य वैद्य जसरी रोगीको प्रवृत्ति मनन गरेर तदनुसार उसको शारिरीक व्याधि निवृत्तिका लागि औषधि र पथ्यको निर्धारण गर्दछ, त्यसैगरी सुयोग्य गुरू र परं पिता परब्रह्म साधकको प्रवृत्ति अनुसार त्यसको मानसिक आधि (काम, क्रोध, लोभ आदि) उपशमनका लागि उपासनारूप औषध र संयमरूप पथ्यको लागि प्रेरणा दिनुहुन्छ । त्यसैले तत्तत् तत्त्व प्रधान प्रकृति विशिष्ट साधकका लागि तत्तत् देवता रूप परमात्मा प्रभुको उपासना उपादेय हुन्छ । यो नै पञ्चदेवोपासनाको अन्तरङ्ग रहस्य हो ।

पञ्चदेवता - विष्णु, शिव, सूर्य, देवी, गणेश ।

पञ्चदेवताहरूको लिङ्ग पूजा व्यवस्था शङ्कराचार्यले यसरी वर्णन गर्नुभएको छ - 'विष्णुको शालिग्राम लिङ्ग, शिवको वाण लिङ्ग, सूर्यको स्फटिक विम्ब, दुर्गाको धातु यन्त्र, गणेशको रक्तवर्णिक चतुष्कोण प्रस्तर । जसको जो देवता इष्टदेव हुन्छन् ती देवतालाई केन्द्रमा राखी अन्य चारै देवतालाई ईशानादि क्रमले स्थापना गर्नुपर्दछ ।' जस्तै :-

"विष्णुर्मध्ये शिवेभास्य सूर्यार्या ईशदिक् क्रमात् ।
शम्भौ मध्ये विष्णुसूर्यगजास्यार्यास्तथाक्रमात् ॥
रवौ मध्यगते रूद्रगणेशाच्युतशक्तय: ।
मध्ये देवीविष्णुशिवगणेशरवय: क्रमात् ॥
मध्ये गणपतिर्विष्णुशिवसूर्याम्बिकास्तथा ।
ईशानादिक्रमेणैव पञ्चायतनपञ्चकम् ॥ (धर्मसिन्धौ तृतीय परिच्छेद पूर्वार्द्ध, पृ. ५१३, प्रकाशक - खेमराज, श्रीकृष्णदास)

विष्णु पाञ्चायनमा - विष्णु माझमा, अरू देवता ईशानादि क्रमले शिव, गणेश, सूर्य, देवी ।

शिव पाञ्चायनमा - शिव माझमा विष्णु, सूर्य, गणेश, देवी ईशानादि क्रमले ।

सूर्य पाञ्चायनमा - सूर्य माझमा, शिव,गणेश, विष्णु, देवी ईशानादि क्रमले ।

देवी पाञ्चायनमा - देवी माझमा, विष्णु, शिव, गणेश, सूर्य ईशानादि क्रमले ।

गणेश पाञ्चायनमा - गणेश माझमा, विष्णु, शिव, सूर्य, देवी पूर्वोक्त क्रमले ।



हिन्दूधर्मावलम्वीहरू प्रायजसो पञ्चदेवताकै पूजा गर्दछन् । आफ्ना इष्टदेवतालाई बीचमा स्थापना गरी अरू देवताको आवरण देवताका रूपमा पूजा गर्नुपर्दछ । पाञ्चायन देवताको आराधना मूर्तिका रूपमा पनि हुन्छ । वैष्णवहरू विष्णुलाई, स्मार्तहरू शिवलाई, शाक्त शक्तिलाई, सौर सूर्यलाई र गाणपत्यहरू गणेशलाई मुख्य मानी पूजा गर्दछन् । नाम र रूपमा विभिन्नता भए पनि तत्वत: यी पाँचै देवता एकै हुन् । ईश्वरको जुन सुकै स्वरूपको ध्यान गरे पनि ती परब्रह्म एउटै हुन् । यस विषयमा ऋग्वेदको वचन :-

"इन्द्रं मित्रं वरूणमग्निमाहुरथो दिव्य: स सुपर्णो गरूत्मान् ।
एकं सद्विप्रा वहुधा वदन्त्यग्निं यमं मातरिश्वानमाहु: ॥"

(ऋग्वेद - १ । १६४।४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्र, मित्र, वरूण, अग्नि, गरूड आदि अनेकौं विभूतिहरू छन्, जुनसुकै रूपको ध्यान गरे पनि एक मूल देवताकै स्तुति भइरहेको छ । ईश्वरको स्वरूप अनेक, मूल तत्त्व एक हो । तथापि समयानुसार सबै स्वरूपहरूको आ-आफ्नै महत्त्व रहिआएको छ ।

अब चर्चा गरौं पञ्चायतनमा गणपतिको स्थान -

सनातन वैदिक हिन्दू धर्मका उपास्य देवतामा भगवान् गणेशको असाधारण महत्त्व छ । कुनै पनि धार्मिक या माङ्गलिक कार्यको आरम्भ गणेश पूजन विना हुँदैन । जुनसुकै देवताको पूजनोत्सव प्रारम्भ होस् महागणपतिको स्मरण र पूजन अनिवार्य मानिन्छ । यो महत्त्व अरू कुनै देवताको छैन । गणेश शब्दको अर्थ - गणानां पतिः = गणपतिः, गणस्य ईशः गंणेशः । हाम्रो शरीरमा पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र चार अन्तःकरण छन् । यिनीहरूको पछाडि जो शक्तिहरू छन् त्यसैलाई चौध देवता मानिन्छ, यी देवताका मूल प्रेरक भगवान् गणनायक नै हुन् । वस्तुतः गणपति शब्दब्रह्म अर्थात् ॐकारका प्रतीक हुन् । यिनको महत्त्वको यो मुख्य कारण हो । श्रीगणपत्यर्थवशीर्षमा ॐकारकानै व्यक्त स्वरूप गणपति देवता हुन् । यसैले सम्पूर्ण माङ्गलिक कार्यको प्रारम्भमा भगवान् गणेशको पूजा गरिन्छ । जसरी प्रत्येक मन्त्रको आरम्भमा ॐकारको उच्चारण अनिवार्य छ, त्यसैगरी प्रत्येक शुभावसरमा गणपतिको पूजन, स्मरण अनिवार्य छ ।

वास्तवमा भगवान् गणेश कसैका पुत्र होइनन्, उनी अज अनादि एवं अनन्त छन् । जो शिव पुत्र गणेश हुन् उनी गणपतिका अवतारमात्र हुन् । जसरी विष्णु अनादि हुन् परन्तु राम, कृष्ण, नृसिंह, वामन, हयग्रीव आदि उनका अवतार हुन् ।

"एकदन्तं चतुर्हस्तं पाशमङ्कुश धारिणम् ।
रदं च वरदं हस्तैर्विभ्राणं मूषकध्वजम् ।
रक्तं लम्वोदरं शूर्पकर्णकं रक्तवाससम् ।
रक्तगन्धानुलिप्ताङ्गं रक्तपुष्पैः सुपूजितम् ।
भक्तानुकम्पिनं देवं जगत्कारणमच्युतम् ।
आविर्भूतं च सृष्ट्यादौ प्रकृतेः पुरूषात्परम् ।"

- (वृहस्तोत्र रत्नाकर, गणपत्युपनिषद्, चौखम्वा अमरभारती प्रकाशन, पृ. ५५)

भगवान् गणेशको स्वरूप अत्यन्त मनोहर एवं मङ्गलदायक छ । उनी एकदन्त र चतुर्वाहु छन् । चारै हातमा पाश, अङ्कुश, दन्त र वरमुद्रा धारण गर्दछन् । उनको ध्वजामा मूषक चिन्ह छ । उनी रक्तवर्ण, लम्वोदर, शूर्पकर्ण तथा रक्त वस्त्रधारी छन् । रक्त चन्दनद्वारा भूषित, रक्तवर्ण पुष्पद्वारा सुपूजित आफ्ना भक्त र उपासकमा कृपार्थ साकार हुन्छन् । उनी भक्तकामना पूर्ण गर्ने ज्योतिर्मय, जगत्का कारण अच्युत तथा प्रकृति र पुरूष भन्दा पर छन् । उनी सृष्टिको आदिमा आविर्भूत भएका हुन् ।

वस्तुतः गणेश साकार, परिमित, परिछिन्न शक्तिको प्रतीक नभएर निर्गुण परब्रह्म उपासनाका प्रतीक हुन् । केवल आफ्ना उपासक भक्तका लागि कल्पवृक्ष भएका हुन् । मानव जीवनमा उनको उपासना सर्वोपरि छ । भगवान् श्री गणेश उमामहेश्वरका छोराका रूपमा भक्त कल्याणार्थ प्रकट भएको देखिन्छ । अग्रपूज्य, गणका ईश, स्वस्तिक रूप तथा प्रणव रूपमा गणपतिलाई मानिन्छ । भगवान् गणपतिका अनन्त नामहरू छन् । जसमा मुख्य नामहरूको उल्लेख शास्त्रमा यसरी गरिएको छ :-

"सुमुखश्चैक दन्तश्च कपिलो गजकर्णकः । लम्वोदरश्च विकटो विघ्ननाशो विनायकः ॥
धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः । द्वादशै तानिनामानि त्रिसन्ध्यं यः पठेन्नरः ॥
न च विघ्नभयं तस्य सर्वसिद्धिश्च जायते । विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ॥
संग्रामे संकटे चैव विघ्नस्तस्य न जायते ।" (मुद्गलोक्तम् श्री गणेश द्वादशनामस्तोत्रम्, बृहस्तोत्र रत्नाकर, पृ.२६, चौखम्वा अमरभारती प्रकाशन, वाराणसी, संस्करण २०३८)

अर्थात्, सुमुख, एकदन्त, कपिल, गजकर्ण, लम्वोदर, विकट, विघ्ननाशन, विनायक, धूम्रकेतु, गणाध्यक्ष, भालचन्द्र तथा गजानन यी बान्ह नाम अत्यन्त प्रसिद्ध छन् । यी नामोच्चारण तथा पाठ श्रवणले विद्यारम्भ, विवाह, गृह-नगरमा प्रवेश, गृह-नगरबाट वहिर्गमन आदि सबै अवस्थामा कल्याण प्रदान गर्दछन् ।

मङ्गलमूर्ति भगवान् श्री गणेशका लीलाहरू

भगवान् गणेश वेद विहित समस्त कर्ममा प्रथम पूज्य नित्य देवता हुन् परन्तु भिन्न भिन्न काल तथा अवसरमा जगत् मङ्गलका लागि मङ्गलमय लीला गर्न प्रकट हुन्छन् । उनका चरित्र अनन्त छन् । उनी परम् अनुपम, परमादर्श, परं मनोरम, परं ध्येय, परं गेय, परं वन्द्य छन् । विभिन्न पुराणहरूमा भगवान् श्री गणेशको प्राकाट्य कथा यसरी वर्णन गरिएको पाइन्छ :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पद्मपुराण सृष्टि खण्डमा - एकचोटि शङ्करेच्छानुवर्तिनी भगवती पार्वतीले सुगन्धित तेल र चूर्ण शरीरमा लगाई शरीर माड्दा निस्कन गएको मयल जम्मा गरी एक पुरूषाकार आकृति बनाउनुभयो । जसको मुख हात्तीको समान थियो । त्यो अद्भुत गजमुख पुरूषाकृति बालकलाई पुण्य सलीला गङ्गाको जलमा पार्वतीले नै फ्याँकी दिनुभयो । त्रैलोक्यतारिणी गङ्गा पार्वतीलाई सखी मान्नुहुन्थ्यो । पानीमा पर्ना साथ त्यो बालक विशाल कायको भयो । पानीमा परेको बालकलाई गङ्गाले छोरो भनी सम्वोधन गर्नुभयो भने पार्वतीले पनि हतारिँदै पानीमा फ्याँकिएकोमा पछुतो मान्दै मेरो छोरो भनी अङ्कमाल गर्नुभयो । त्यो अद्भुत बालकलाई कमलोद्भव ब्रह्माले गणको आधिपत्य हुने वरदान र भगवान् भोले नाथले अग्रपूजा हुने वरदान दिनुभयो ।

लिङ्गपुराणमा - समस्त देवता जम्मा भई आफूहरू हरेक चोटि दानवहरूसँग पराजित हुँदै आएकोमा दुःखित भई आशुतोष भगवान्को प्रसन्नार्थ स्तुति गरे । प्रसन्न भएका भगवान् शिवले वरदान माग भनी भन्दा देवगुरू वृहस्पति भन्नुहुन्छ - दानवहरूका अन्याय र अत्याचारबाट हामी देवताहरू सधैं पीडित छौं । ब्रह्माबाट तथा हजुरबाट वरदान पाएका दानवहरू अत्यन्त शक्तिशाली छन् । दानवहरूको कार्यमा विघ्न गरी हाम्रो रक्षा गर्ने उपाय गरिदिनुपर्‍यो । शिवले तथास्तु भनी उनीहरूलाई विदा गरेपछि केही काल पश्चात् शिवपार्वतीका सम्मुख परब्रह्म स्वरूप श्री गणेशको प्रादुर्भाव भयो । हात्तीको मुख र अद्भुत बालकको स्वरूप देखी समस्त देवी देवताहरूले पुष्पवृष्टि गर्दै स्तुति गरे । माता पार्वतीले वस्त्रादि धारण गराउनुभयो । शिवले जात कर्मादि संस्कार पूरा गरी काखमा राखेर यसरी भन्नुभयो - प्यारो पुत्र गणेश ! तिम्रो अवतार देवता र भक्तहरूको उपकारार्थ भएको छ । यदि पृथ्वीमा दक्षिणाहीन यज्ञ, अन्यायपूर्वक अध्ययन-अध्यापन, व्याख्यान, धर्मच्युत प्राणी देखिएका खण्डमा उनीहरूले गरेका कार्यमा तिमीले अवश्य विघ्न गर्नु र तिनीहरूलाई स्वर्ग जान नदिनू । भक्तहरूको रक्षा गर्नू । ब्रह्मा, विष्णु र मेरो (शङ्करको) पूजा गर्नेले पनि तिम्रो पूजा पहिले गरोस् । जो तिम्रो पूजा विना श्रौत, स्मार्त या लौकिक कल्याणकारक कर्मको अनुष्ठान गर्छ त्यसको मङ्गल नभई अमङ्गल नै हुनेछ । चारै जातिद्वारा तिमी पूजित हुनेछौ । फलको कामनाले चाहे जुनसुकै देवीदेवताको पूजा गरोस् सर्वप्रथम तिम्रो पूजा गरेन भने त्यसमा विघ्न गर्ने तिम्रो अधिकार रहने छ । त्यो कार्य सफल मानिने छैन । यसरी शङ्करको आज्ञाले भगवान् गणपति दैत्यहरूका कार्यमा विघ्न गर्न थाल्नुभयो । दानवहरूका हरेक कार्यमा वाधा पुग्न थाल्यो र उनीहरू देवतासँग पराजित हुँदै गए ।

ब्रह्मवैवर्तपुराणमा - एकचोटि सन्तानार्थ शिवपार्वतीले लामो यज्ञानुष्ठान गर्नुभयो । जसमा गोलोकवासी भगवान् श्रीकृष्ण इष्टदेव हुनुहुन्थ्यो । प्रसन्न हुनुभएका भगवान् श्रीकृष्ण वृद्ध ब्राह्मणको रूप धारण गरी शिवपार्वती समक्ष प्रकट भई आफू नै पुत्र रूपमा प्रकट हुने वरदान प्रदान गरी अन्तर्ध्यान हुनुभयो । केही समय पश्चात् माता पार्वतीका शय्यामा सहसा एक अत्यन्त सुकुमार सर्वाङ्ग मनोहर शिशुका रूपमा एउटा बालक प्रकट भयो । त्यो बालकको दर्शनार्थ समस्त देवीदेवता एकत्रित भए । जसमा ब्रह्मा, विष्णु समेत उपस्थित हुनुहुन्थ्यो । एकदिन पार्वतीको अनुरोधलाई स्वीकार गरी शनिदेव पनि अद्भुत बालक दर्शनार्थ आउनुभयो ।

"शनेश्च दृष्टिमात्रेण चिच्छेद मस्तकं मुने । चक्षुर्निवारयामास तस्थौ नम्राननः शनिः ॥

तस्थौ च पार्वती क्रोडे तत्सर्वाङ्गः सलोहितः । विवेश मस्तकं कृष्णे गत्वा गोलोकमीप्सितम् ॥"

अर्थात् शनिको वक्र दृष्टि पर्ना साथ त्यो बालकको शिर शरीरबाट अलग भयो । हाहाकार मच्चियो । केही गरी त्यो बालक बचाउन सकिएन । भूइँमा नझरी त्यो बालकको शिर सिधै गोलोकमा गएर भगवान् श्रीकृष्णको शरीरमा अन्तर्निहित भयो । स्वयं भगवान् नारायणले दुःखी पार्वतीलाई सम्झाउँदै पुष्पभद्रा नदीका समीपमा रहेको जङ्गलबाट एक गज शिशुको मस्तक काटी सोही मस्तक बालकको शरीरमा जोडी जीवित तुल्याइदिनुभयो । सबैले आशिर्वाद र अग्रपूजा हुने वरदान प्रदान गरे । त्यो दिनदेखि त्यो बालकको नाम गजानन रह्यो । यस प्रसङ्गमा भगवान् विष्णुले गजाननको स्तुति पनि गर्नुभयो -

"प्रवरं सर्वदेवानां सिद्धानां योगिनां गुरूम् । सर्वस्वरूपं सर्वेशं ज्ञानराशिस्वरूपिणम् ॥

अव्यक्तमक्षरं नित्यं सत्यमात्मस्वरूपिणम् । वायुतुल्यातिनिर्लिप्तं चाक्षतं सर्वसाक्षिणम् ॥

सर्वाद्यमग्रपूज्यं च सर्वपूज्यं गुणार्णवम् । स्वेच्छया सगुणं ब्रह्म निर्गुणं चापि स्वेच्छया ॥"

(ब्रह्मवैवर्तपुराण, गणपति खण्ड, तेऱ्ह अध्याय, श्लो.४२-४३, ४८)

स्कन्दपुराणमा - माता पार्वतीले एकदिन स्नान गर्दा शरीरको मयल जम्मा गरी एक शिशु आकार निर्माण गरी चेतनायुक्त गराएर पुत्र मानी ढोकामा राख्दै भन्नुभयो - म स्नानार्थ भित्र हुन्छु, तिमीले कसैलाई पनि भित्र आउन नदिनू । यही बीचमा भगवान् शङ्कर पाल्नुभयो । बालकले भित्र जान नदिएपछि दुवैका बीचमा घमासान युद्ध भयो । लज्जित शिवले केही नचलेपछि त्यो बालकको मस्तक त्रिशूलद्वारा काटिदिनुभयो । घटनाको वृत्तान्त थाहा पाएकी भगवती पार्वतीको क्रोध पश्चात् चिन्तित शिवजी त्यहाँबाट जङ्गलतर्फ जानुभयो । मार्गमा गजासुर नामक दैत्य जसको शिर हात्तीको थियो । शिवलाई एक्लोदेखि युद्ध गर्न आयो । क्रोधित शिवले गजासुरको शिर काटी त्यही शिर काटिएको पार्वती पुत्रको शरीरमा जोडिदिनुभयो । सबैमा हर्षोल्लास भयो भने, पुत्रको नाम गजानन पनि रहन गयो ।

शिवमहापुराणमा - भगवती पार्वती भगवान् शङ्करका साथमा आनन्दपूर्वक जीवनयापन गरिराख्नुभएको थियो । पार्वतीका जया र विजया नामक सखिहरू थिए । एकदिन सखिहरूले - रूद्रगणहरू हामी नारीको आज्ञा नमान्ने र शिवाज्ञा मात्र मान्ने हुनाले आफूहरू चिन्तित भएको कुरा सुनाए । संयोगवश एकदिन उमा स्नानागारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेका वेला नन्दीले अवरोध गरे पनि भगवान् शिव सिधै स्नानागारमा पुग्नुभयो । स्नान गरिरहेका अवस्थामा आफ्ना पतिदेवलाई स्नानागारमै देख्दा लज्जित पार्वतीले सखिहरूले भनेका कुरामा यथार्थता रहेको सम्झिन् । अव म एउटा यस्तो गणको निर्माण गर्छु जो अत्यन्त शक्तिशाली हुनेछ र हामी नारीको आज्ञा पालन गर्नेछ । यस्तो कल्पना गरी स्नान गर्दा गर्दै शरीरवाट निस्कन गएको मलय जम्मा गरी एउटा सचेतन वालकको निर्माण गर्नुभयो :-

"विचार्येति च सा देवी वपुशो मलसम्भवम् । पुरूषं निर्ममौ सा तु सर्वलक्षणसंयुतम् ॥

सर्वावयवनिर्दोषं सर्वावयवसुन्दरम् । विशालं सर्वशोभाढ्यं महावलपराक्रमम् ॥

वस्त्राणि च तदा तस्मै दत्वा सा विविधानि हि । नानालङ्करणं चैव वह्वाशिषमनुत्तमाम् ॥

मत्पुत्रस्त्वं मदीयोऽसि नान्य कश्चिदिहास्ति मे । (शिवपुराण रूद्रसंहिता, कु.ख. अ १३. श्लो.२०-२३)

त्यो वालक शुभ लक्षणले युक्त, दोष रहित अङ्ग भएको, शरीर विशाल, परं शोभायमान, महान् वली पराक्रमयुक्त थियो । तिमी मेरा छोरा हौ, यो द्वारमा वसी द्वारपालको काम गर । कसैलाई पनि मेरो आज्ञाविना भित्र छिर्न नदेऊ भनी माता पार्वती स्नानागारमा जानुभयो । केही समय पश्चात् भगवान् शिव भित्र प्रवेश गर्न खोज्दा गणराजले रोके । शिवलाई वालकको वारेमा केही थाहा थिएन । म शिव हुँ भनी परिचय दिँदा पनि वालकले मार्ग दिएनन् । शिवाज्ञाले शिवगण युद्धमा डटे तर वालकसँग हारे । अनेकौं देवताका साथमा स्वयं शिव नै युद्धमा क्रोधित भई डट्नुभयो । वालकको अद्भुत पराक्रम देखी देवताहरूको प्राण रक्षार्थ त्रिशूलद्वारा वालकको हत्या गर्नु वाहेक अरू कुनै उपाय रहेन । पुत्रको शिरच्छेदनले अत्यन्त कुपित पार्वतीले सहस्रौं रौद्र शक्तिहरू उत्पन्न गर्दै समस्त विश्व नै संहार गर्न थालेपछि हाहाकार मच्चियो । भयभीत भएका देवीदेवताहरू जगदम्वा भगवतीको स्तुति गर्न थाले । स्तुतिले प्रसन्न भएकी पार्वतीले आफ्नो छोरो बचाइदिन र सवैको लागि पूजनीय बनाइदिए यो जगत्को संहार रोकिने अन्यथा विश्व नै ध्वस्त गर्ने आफ्नो दृढ सङ्कल्प व्यक्त गर्नुभयो । उत्तर दिशा गई प्रथम जीवको शिर ल्याउनु भन्ने शिवको आज्ञाले उत्तर दिशा गएका देवताहरूले एउटा गज (हात्ती) भेटे । जसको एउटा मात्र दाँत थियो । सोही हात्तीको शिर काटेर ल्याएका देवताहरूले शिवलाई काटिएको मस्तक जिम्मा लगाए । भगवान् भोलेनाथले हस्तिमस्तक त्यो वालकको शरीरमा जोडी अभिमन्त्रित गरी चैतन्ययुक्त वनाइदिनुभयो । चेतनायुक्त भएको वालक जव भूमिवाट उठ्यो शोभा अवर्णनीय थियो :-

"सुगभः सुन्दरतरो गजवक्त्र सुरक्तकः । प्रसन्न वदनश्चाति सुप्रभो ललिताकृतिः ॥

(शि.पु.रू.सं.कु.ख.अ.१७, श्लो.५७)

अर्थात् त्यो सौभाग्यशाली वालक अत्यन्त सुन्दर थियो । मुख हात्तीको, शरीरको रङ्ग रातो, मुख मण्डल प्रफुल्ल, कमनीय आकृतिले सुन्दर प्रभा फैलिरहेको थियो । वालक जीवित हुनाले उपस्थित सुर समुदाय एवं शिवगण आनन्दविभोर भए । माताको क्रोध शान्त भयो । त्रिदेवले नै अग्रपूज्यताको वर प्रदान गरी गणाध्यक्ष पदमा नियुक्त गर्नुभयो । विघ्ननाशक शिवपुत्र गणेशले समयसमयमा अनेकौं वाललीला गर्दै कैलाशवासी सहित समस्त भक्तहरूलाई आनन्दित तुल्याएका अनन्त कथाहरू पुराणमा वर्णित छन् ।

स्कन्ध र गणेशमा अति प्रीति थियो । एकअर्काविना वस्न नसक्ने दुवैका लीलाहरू मनोरम छन् ।

<u>विवाह लीला</u>

क्रमसः दुवै वालक विवाह योग्य भए । विवाहको कुरा गर्दा दुवै वालक आफ्नो विवाह पहिले गरिदिनुपर्छ भनी झगडा गर्न थाले । शिवपार्वतीले यो प्रसङ्गलाई कसरी मिलाउने भनी विचार गरी एउटा सर्त राख्नुभयो । तिमीहरू दुवै मध्ये जो सम्पूर्ण पृथ्वीको परिक्रमा गरी पहिले आइपुग्छौ त्यसैको विवाह पहिले गरिदिने । यही सर्त अनुसार कार्तिकेय मयूरमा चढी तुरून्तै पृथ्वीको परिक्रमा गर्न गए परन्तु गणेश किं कर्तव्य विमूढ भई एकछिन सोची रहँदा उनको वुद्धिले काम गऱ्यो । माता पिता दुवैलाई एकै आशनमा राखी चरण धोई पूजा अर्चना गरी परिक्रमा गर्दै स्तुति गाउनुभयो । यस विषयमा शिवपुराणमा यस्तो भनिएको छ :-

"पित्रोश्च पूजनं कृत्वा प्रक्रान्तिं च करोति यः । तस्य वै पृथ्वीजन्य फलं भवति निश्चितम् ॥

अपहाय गृहे यो वै पितरौ तीर्थमा व्रजेत् । तस्य पापं तथा प्रोक्तं हनने च तयोर्यथा ॥

पुत्रस्य च महद्तीर्थं पित्रोश्चरण पङ्कजम् । अन्य तीर्थं तु दूरे वै गत्वा सम्प्राप्यते पुनः ॥

इदं सन्निहितं तीर्थं सुलभं धर्मसाधनम् । पुत्रस्य च स्त्रियाश्चैव तीर्थं गेहेसु शोभनम् ॥"
(शि.पु.रू.सं.कु.ख.अ.१९.श्लो.३९-४२)

अर्थात् जुन पुत्र मातापिताको पूजा गरेर प्रदक्षिणा गर्छ उसले पृथ्वी परिक्रमा गरेको फल प्राप्त गर्दछ । जो मातापितालाई घरमा दुःखी छोडी तीर्थ यात्रा गर्न जान्छ उसले हत्या गरे वरावर पाप भोग्दछ । किनकि, छोराछोरीका लागि मातापिता नै तीर्थ हुन् । अरू तीर्थ टाढा जानाले प्राप्त हुन्छन् तर घरमा रहेका साधनभूत तीर्थ मातापिता नै हुन् । पुत्रका लागि मातापिता र पत्नीका लागि पति रूप सुन्दर तीर्थ नै घरमा वर्तमान छन् । आजकलका सन्ततिका लागि यो एउटा मननीय विषय हो । वाँचुन्जेल मातापितासँग द्वेष गरी खान लाउन नदिई रूवाउँदै वृद्धाश्रममा छोड्ने र जीवनभरि दुःख दिने मरेपछि पिण्ड पकाउन शुद्ध दूध खोज्ने ? भगवान् शिव र पार्वतीको पुत्रको वुद्धि चातुर्य र शास्त्रप्रमाणका अगाडि केही चलेन । पहिलो विवाह गर्ने अधिकार गणपतिलाई प्रदान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी प्रजापति विश्वरूपका सिद्धि र बुद्धि नामक छोरीहरूका साथमा गणपतिको विवाह सम्पन्न गरियो । यथा समयमा सिद्धिबाट - क्षेम तथा बुद्धिबाट - लाभ नामक दुइ पुत्रहरू भए । जब मयूर वाहन कार्तिकेय पृथ्वीको परिक्रमा गरी आए त्यहाँको गतिविधि देखी दुःखित र क्रोधित भई क्रौञ्च पर्वतमा तपस्या गर्न भनी हिँडे । पुत्रस्नेहका कारण दुःखी शिवपार्वती प्रत्येक अमावश्याका दिन पुत्र दर्शनार्थ क्रौञ्च पर्वत जाने गर्नुहुन्छ । भगवान् गणपतिको स्मरण गर्दा महाभारत रचनाको समयमा गणपतिले पुऱ्याउनुभएको योगदानलाई विर्सन सकिँदैन । यस विषयको प्रसङ्ग यसप्रकारको छ - सत्यवती नन्दन महर्षि वेदव्यासले महाभारतको रचना गर्दा लेख्ने व्यक्तिको खोजी गर्ने क्रममा विघ्नेश्वरलाई नै रोज्नुभयो । तर, गणेशले - तपाईं भन्न रोकिनुभयो भने मेरो कलम फेरि चल्दैन । यो सर्त मञ्जूर छ भने म लेखिदिन्छु । यो प्रसङ्ग महाभारतमा उल्लेख गरिएको छ :-

"श्रुत्वैतत् प्राहविघ्नेशो यदि मे लेखनीक्षणम् । लिखतोनावतिष्ठेत तदाश्यां लेखकोह्यहम् ॥" (महाभारत, आदिपर्व, १, ७८)

भगवान् विघ्नेश्वरको कृपाले व्यासका मुखारविन्दबाट उद्धृत दिव्य काव्य तयार भयो । जसको नाम महाभारत रहन गयो । जसलाई अहिले विश्वको सबैभन्दा ठूलो ग्रन्थका रूपमा चिनिन्छ ।

<u>भगवान् गणेशका विभिन्न अवतार</u>

१. महोत्कट विनायक - देवान्तक र नरान्तक दुइ भाइ थिए । शिवबाट वर पाई उन्मक्त यिनीहरूले समस्त जगत्लाई त्रसित बनाए । देवमाता अदितिले पुत्रहरूको रक्षार्थ कश्यप ऋषिको आज्ञानुसार कठोर तप गरिन् । सम्पूर्ण देवताहरूको संकष्ट हरणार्थ दशभुजा भएको, हातमा परशु लिएको, कमण्डलु धारण गरेको, कानमा कुण्डल, ललाटमा कस्तूरी, कण्ठमा मोती माला, कटिमा सर्प । यस्तो अद्भुत रूपमा प्रकट भई अदितिकै गर्भबाट उत्पन्न हुने र दैत्यहरूको विनाश गर्ने वर प्रदान गरी भगवान् गणपति अन्तर्ध्यान हुनुभयो । केही समय पश्चात् माता अदितिका गर्भबाट एउटा अद्भुत बालकको जन्म भयो । जसलाई महोत्कट विनायक भनिन्थ्यो । धूम्राक्ष, अन्धक, नरान्तक, देवान्तक आदि मायावी असुरहरूको अन्त्य गरी महोत्कट विनायकले भक्तहरूको रक्षा गर्नुभयो । त्यस क्रममा देवान्तकलाई मार्नका लागि जुन स्वरूप भगवान् गणपतिको थियो सो रूप ढुण्डीविनायक नामले काशीमा आज पनि देख्न सकिन्छ ।

२. मयूरेश्वर विनायक - त्रेतायुगमा महाबलि सिन्धु नामक असुर भगवान् सूर्यको आराधनाबाट पाएको वरदानले उन्मत्त भई अन्याय र अत्याचारको पराकाष्ठातिर लम्कँदै गयो । सोही समयमा भक्तहरूको रक्षार्थ पार्वतीकै पुत्रका रूपमा मयूरेश्वर विनायक नाम धारण गरी दुष्ट सिन्धुको अन्त्य गरी भक्तहरूको रक्षा गर्नुभयो । देवता र ऋषिहरूको प्रार्थनाले भीमा नदीका तटमा मयूरेश्वर विनायक नामले प्रतिष्ठित भई अद्यावधि विराजमान हुनुहुन्छ ।

३. श्री गजानन - द्वापरयुगमा ब्रह्माका मुखबाट उत्पन्न भएको सिन्दूर नामक दैत्य अन्यायी र अत्याचारी हुँदै गयो । भगवान् शिवलाई पनि जब उसले परास्त गऱ्यो माता पार्वतीको आराधना स्वीकार गरी गणपतिले गजानन रूपमा प्रकटं भई उद्दण्ड, युद्धाकांक्षी, मदोन्मत्त, आततायी सिन्दूर नामक दैत्यको अन्त्य गरी त्यसको रक्त आफ्नो शरीरमा लेपन गरेका कारण सिन्दूरहा, सिन्दूरप्रिय, सिन्दूरवदन आदि नामले प्रसिद्ध हुनुभयो ।

४. धूम्रकेतु - भगवान् गणेशको कलियुगीय भावी अवतार धूम्रकेतु नामले विख्यात हुनेछ । कलिको अन्त्यमा घोर अत्याचार बढेपछि वर्णाश्रम, धर्मको मर्यादा नष्ट भएपछि देवताहरूको प्रार्थनामा सद्धर्मको स्थापनार्थ धूम्रकेतु नामले पृथ्वीमा अवतार हुनेछ । दयालु, शरणागत, दीनवन्धु, भक्तहीतकारी भगवान् श्री गणेशका लीला अनन्त छन् । यी कथाहरू गणेश पुराणमा विस्तृत रूपले वर्णित छन् ।

भगवान् गणेशको लम्वोदर नाम हुनुमा गणेश बालक छँदा तृप्त भएतापनि माताको स्तन छोड्दैनथे । कार्तिकेयको डाह गरी तिमी माताको स्तन पान गर्न छोड्दैनौ । तसर्थ, तिम्रो नाम लम्वोदर होस् भनी भगवान् शङ्करले यो नाम प्रदान गर्नुभएको हो । यस विषयमा ब्रह्मपुराणमा भनिएको छ :-

"पपौ स्तनं मातरथापि तृप्तो यो भातृमात्सर्य कसायबुद्धिः ।
लम्वोदरस्त्वं भव विघ्नराज लम्वोदरं नाम चकार शम्भो ॥"

गणेशलाई लड्डु किन ?

देवताहरूले अमृतबाट निर्मित मोदक माता पार्वतीका प्रसन्नताका लागि प्रदान गरेका थिए । माता पार्वतीका हातमा लड्डु देखेपछि कुमार र गणेश दुवैले झगडा गरे । माता पार्वतीले बुद्धिको परीक्षा लिई श्रेष्ठ ठानिएका गणपतिलाई नै अमृत निर्मित मोदक प्रदान गर्नुभयो । यस विषयमा पद्मपुराणमा यसरी उल्लेख गरेको पाइन्छ :-

"अतो ददामि हेरम्वे मोदकं देवनिर्मितम् ॥" (पद्मपु.सृ.ख.६५- १९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोदकलाई महाबुद्धिको प्रतीक मानिन्छ । माता पार्वतीका हातबाट अमृत निर्मित देवप्रदत्त त्यो लड्डु गणेशलाई साह्रै मन परेका कारण उनको नाम नै मोदकप्रिय रह्यो । त्यसैले गणेशलाई गणेशपूजनमा लड्डु अनिवार्य मानिन्छ ।

गणेशको वाहनादि प्रसङ्गमा

गणेशपुराण र मुद्‌गल पुराणमा यसरी व्याख्या गरिएको छ -

कृतयुगमा - गणेशको वाहन सिंह, गणेशको नाम विनायक, दशभुजा ।

त्रेतायुगमा - गणपतिको वाहन मयूर, छ भुजा, मयूरेश्वर नाम ।

द्वापरयुगमा - वाहन मुसो, चार भुजा, गजानन नाम ।

कलियुगमा - घोडा वाहन, दुइ भुजा, धूम्रकेतु नाम ।

गणेशको सर्व प्रसिद्ध वाहन मुसो नै हो । भगवान् गणेशले आफ्नो भार वहन गर्न सक्ने र बुद्धिमान् वाहनको खोजी गर्दा भगवती वसुन्धराले आफ्नो स्वरूपबाट मुसाको सृष्टि गरी गणेशलाई वाहनका रूपमा प्रदान गर्नुभएको थियो । यो प्रसङ्ग ब्रह्मवैवर्तपुराणमा उल्लेख छ :-

"वसुन्धरा ददौ तस्मै वाहनाय च मुसकम् ।" (ब्रह्मवैवर्तपु.गणपतिख.अ.१३, श्लो.१२)

गणेशलाई दूवो किन ?

समुद्र मन्थन गर्ने क्रममा भगवान् विष्णुले मन्दराचल पर्वतलाई धारण गर्नुभएको थियो । मन्दराचल पर्वत भगवान् विष्णुका शरीरमा घर्षण हुँदा जे जति भगवान्का रोमहरु उखेलिएर समुद्रमा झरे समुद्रको छालले बगाउँदै किनारमा पुगेका तिनै रोमहरु हरित वर्ण भई दूर्वाका रुपमा उत्पन्न भए । देवताहरुले अमृत प्राप्त गरेपछि अमृतको कलश सोही दूर्वा भएको स्थानमा राखे । अमृतको स्पर्श हुनाले दूर्वा अजर अमर भयो । दूर्वाको उत्पत्ति प्रसङ्गमा भविष्यपुराणको वचन -

"त्वं दूर्वेऽमृत जन्मासि वन्दिता च सुरासुरैः । सौभाग्यं सन्ततिं कृत्वा सर्वकार्य करिभव ॥" (भविष्यपुराण, उत्तरपर्व, ५६ अध्याय, श्लोक १२ ।)

भगवान् विष्णु नै गणेशका रूपमा प्रकट हुनुभएको हुनाले गणपतिलाई दूवो मन पर्‍यो । हात्तीलाई दूवो साह्रै मन पर्ने हुनाले हात्तीकै मुख भएका कारण भगवान् गणेशलाई मन परेको हो । गणपतिको प्रिय दिन मङ्गलबार हो भने मङ्गलबारका दिन यदि चतुर्थी तिथि परेको छ भने त्यस्तो दिन गणपतिको अतिप्रिय दिन मानिन्छ । जसलाई मङ्गल चतुर्थी भनिन्छ । मङ्गल चतुर्थीका दिन भगवान् गणपतिको पूजन अत्युत्तम र विघ्ननाशक मानिन्छ । त्यस्तै, लड्डु र दूवो उनको प्रिय भोजन हो । ब्रह्मा, विष्णु, महेशका पनि उपास्य परं आराध्य भगवान् गणपति सर्वगुण सम्पन्न हुनुहुन्छ । गणेशको पूजनले निःसन्देह अज्ञानको नाश हुन्छ । समस्त मङ्गलकार्यको आरम्भ हुन्छ ।

मानव जीवनको लक्ष्य नै शाश्वत शान्ति हो । शाश्वत शान्ति नै भगवत् प्राप्ति हो । भगवत् प्राप्ति नै जन्म मरणको बन्धनबाट मुक्ति हो । संसाररूपी सागरबाट मोक्ष्य प्राप्त गर्नु नै अखण्ड आनन्द हो । चाहे सकाम होस् चाहे निस्काम, कुनै पनि अवस्थामा देवोपासना फलदायी नै हुन्छ । उपासनाले मन स्थिर रहन्छ । सांसारिक प्रपञ्चबाट मुक्ति मिल्छ । समयसमयमा देवताहरू भक्तकल्याणार्थ अनेकौं अवतार ग्रहण गरी निखिल जगत्को रक्षा गर्दछन् र एउटा शुद्ध परिस्कृत समाजको स्थापना गर्दछन् । विष्णु, शिव, सूर्य, गणेश, दुर्गा यी पाँच रूपमा देखिए तापनि एउटै स्वरूप हुन् । यी पाञ्चायन देवतामा भगवान् श्री गणेशको स्थान महत्त्वपूर्ण छ । उनी मानवीय बुद्धिद्वारा अग्राह्य छन् । श्री गणेश आद्यपूज्य देव हुन् । उनको स्वरूप उनकै कृपाले मात्र ग्राह्य अथवा गेय हुन सक्छ ।

भगवान् गणपतिले सबैको संकष्ट हरण गर्दै सद्‌बुद्धि प्रदान गरून् !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माधुरी नानीको मनोवैज्ञानिक पक्ष

नवराज कट्टेल
सहप्राध्यापक

१.विषय प्रवेश

कथाकार भवानी भिक्षु (१९६६/२/२१-२०३८/१/४)नेपाली आख्यान विधाका एक महत्वपूर्ण प्रतिभा हुन् । लुम्बिनी अञ्चल, तौलिहवामा जन्मिएका भिक्षुले सुरुमा हिन्दीमा कलम चलाए पनि पछि नेपाली विद्वान्हरूको सामीप्य र प्रभावमा आएर नेपालीमा कलम चलाउने प्रेरणा पाएको कुरा साहित्य समीक्षकहरूले उल्लेख गरेको भेटिन्छ । भिक्षुले कथा कविता र उपन्यास विधामा कलम चलाएको पाइन्छ । भिक्षुका हालसम्म चारवटा कथा सङ्ग्रहहरू प्रकाशित छन्। (१) गुनकेशरी (२०१०), (२)मैयाँसाहेव(२०१७), (३)आवर्त (२०२४) र (४)अवान्तर (२०३४)। तीनवटा कविता सङ्ग्रह पनि प्रकाशित छन् : १. छायाँ (२०१७), २. प्रकाश(२०१७), र ३. परिष्कार(२०१७)। भिक्षुका उपन्यास नेपाली साहित्यमा निकै चर्चित छन् । १.सुभद्रा बज्यै(२०१९),२.आगत (२०३३) ३. पाइप नं.२ (२०३४),४. सुन्तली (२०४०), उपन्यास प्रसिद्ध छन्। भिक्षुलाई २०३२ सालको मदन पुरस्कार र साझा पुरस्कार प्राप्त भएको थियो । त्यस्तै २०३६ सालमा त्रिभुवन प्रज्ञा पुरस्कारद्वारा पनि सम्मानित भएका थिए । भिक्षुले राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य समेत बन्ने अवसर पाएका थिए ।

२.भिक्षुको कथाकारिता

भिक्षु मूलतः आख्यानकार हुन् । उनको आख्यानकारितामा मनोवैज्ञानिक प्रवृत्ति प्रवल रूपमा रहेको पाइन्छ । भिक्षुले १९९५ सालदेखि कथा लेख्न आरम्भ गरेको देखिन्छ । वि.पी कोइरालाले प्रारम्भ गरेको मनोवैज्ञानिक धारामा भिक्षु समाहित देखिन्छन् ।(थापा ०५९, पृ.२०७) कवितामा जस्तै भिक्षुको मनोविज्ञानमा पनि छायावादी प्रवृत्तिको प्रभाव रहेको पाइन्छ । भिक्षु सामाजिक संस्कार, मर्यादा र प्रतिष्ठावाट ग्रसित मानव र तद्जन्य पीडावाट पीडित मानव-मनको ग्रन्थी केलाउन उद्यत देखिन्छन् । भिक्षु आफ्ना पात्रको यौन-ग्रन्थी र पीडित मनोदशाको चित्रण र विश्लेषण अत्यन्त शालीन, शिष्ट र सूक्ष्म रूपमा गर्न चाहन्छन् ।विशेष गरी नारी पात्रलाई नै भिक्षुले आफ्ना कथामा मुख्य स्थान दिई नारी मानसिकताको उत्खनन गर्ने प्रयास गरेका छन् । उनका प्रेमार्थी पात्रहरू ज्यादै भावुक प्रकृतिका भएकाले तिनमा उच्छृंखलताको अभाव र अन्तर्मुखिताको प्रावल्य झल्किएको पाइन्छ ।(प्रधान, सन् १९८३, पृ. ६६)

कथाकार भिक्षुका पात्रहरू सम्भ्रान्त सभ्यता र संस्कृतिका पोषक देखिन्छन् । भिक्षुले यौनलाई सामान्य रूपमा हेर्नुको सट्टा उच्च, गरिमामय, मानवीय, मूल्यका रूपमा हेरेका छन् । यौनमनोग्रन्थीको चित्रणमा कहिँ हतार गर्दैनन्, उत्ताउलोपनको अभिव्यक्ति दिदैनन् बरू शालीन शिष्ट र ध्वन्यात्मक रूपमा यौनभावको अभिव्यक्ति दिन्छन् । त्यस्तै भिक्षुका कथामा यौन र प्रेमको परिमार्जित समन्वय गरिएको पाइन्छ । उनी यौनलाई शारीरिक भोग विलासको सीमाभित्र, राख्दैनन् । गरिमामय मानवीय मूल प्रवृत्तिको रूपमा हेर्दछन्, ऐन्द्रिक संयमता देखाउँदछन् । यौनका अनेक विकृति तथा समस्या कथाकारको कत्तिपनि रूचि रहेको पाइँदैन । यौनको शिष्ट, मर्यादित रूपमा यिनको ठूलो अभिरूचि रहेको पाइन्छ । भिक्षिज्यूका नारीहरूमा उही उही युवावस्थाको कामिनीभाव अथवा अतृप्त वासनाको अभिव्यञ्जना भएको छ । (जोशी ०३४, पृ.३१५)

'लगाव-प्रेमलाई'नै भिक्षुले मुख्य रूपमा आफ्नो कथाको विषयवस्तु बनाएका छन्, काम लिप्सा र वासना-वृत्तिको पोषणलाई होइन । 'लगाव-प्रेम' को शाश्वत मूल्य र मान्यतामा कथाकारको दृढ आस्था रहेको देखिन्छ । भिक्षुका पात्रहरू आफ्नो जीवनको अस्तित्व रक्षाको लागि यही'प्रेम तत्त्व'प्राप्त गर्न उद्यत हुन्छन् र त्यस मार्गमा अवरोध आइपरे संघर्ष पनि गर्दछन् । खास गरीकन भिक्षुले नारी जातिको प्रणय-अनुरागलाई अत्यन्त भित्र छिरेर सूक्ष्म रूपमा शालीन अभिव्यक्ति दिएका छन् । र 'भवानी भिक्षुका कथामा पाइने अचेतन मनको अध्ययन ...ले नेपाली कथाको आधुनिक यथार्थवादी आयतनलाई व्यापक बनाएको पाइन्छ' (श्रेष्ठ दयाराम र मोहनराज ०४९, पृ.८९)

भिक्षुका कथाको मूलआधार र वर्ण्य विषय सामाजिक पृष्ठभूमिमा मनोविज्ञान नै हो । अतः पात्रको मानसिक जीवनको सूक्ष्म उद्‌घाटनमा कथाकारको ध्यान गएको देखिन्छ । उनको कथामा मनका विभिन्न घात संघातलाई विभिन्न परिस्थितीसँग सम्वद्ध गरेर देखाइएको पाइन्छ । भिक्षु मानिसका हृदयको गहनतम र सूक्ष्म अध्ययनमा बढी चाख राख्दछन् । अतः मानिसका आत्मीय भाव, उदारता, प्रेम-निष्ठा र उदात्त विचारलाई कथामा टङ्कन गरिएको पाइन्छ । पात्रका गुणदोषकोभन्दा आन्तरिक चरित्र चित्रणमा भिक्षु जोड दिनचाहन्छन् । चेतन-अचेतनका बीचको चेतन-अचेतन जीवनका बीच सङ्गतिको खोजी र उद्‌घाटनमा समेत भिक्षुको झुकाव रहेको देखिन्छ । भिक्षुले दुर्वल, विवश र फितला स्वभाव भएका नारी पात्रको प्रस्तुति गरेका छन् । (बराल ०३९, पृ.९) प्रेमप्रति झुकाव छ, प्राप्तिमा सङ्घर्ष छैन बरू सन्तुलन छ बाह्य यथार्थ र आन्तरिक चाहनाका बीच । झीनो कथावस्तु भित्रै उनी मनोविज्ञान र बाह्य- आन्तरिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरित्रको चित्राङ्कनमा जोड दिन चाहन्छन् । नेपालका विभिन्न परिवेश र विभिन्न ठाउँका समाजको चित्र विभिन्न कथामा प्रतिविम्वित छन् । विघटनोन्मुख राणा सभ्यताको चित्रण पनि छ । उनीहरूको खस्कँदो आर्थिक, सामाजिक दुरावस्थालाई कथाकारले वाणी दिएका छन् । ००७ साल अघि र क्रान्ति पछिको नेपाली समाजको चित्रण उनका कथामा पाउन सकिन्छ ।

भिक्षु एक कुशल कथा-शिल्पी हुन् । रूप-विन्यासमा भिक्षुले आफ्नो निजत्व र व्यक्तित्वको छाप छोडेका छन् । घटनाको प्राधनाता र कथा-वस्तुको विस्तारता यिनको कथाको आधार वैशिष्ट्य होइन । तत्सम शब्दको वाहुल्य, जटिल वाक्य विन्यास, ठाउँ ठाउँमा कवितात्मक गद्यको अनुस्युति, भावुक एवं दार्शनिक शैलीका सूक्तिको प्रयोग यिनको भाषिक एवम् शैल्पिक वैशिष्ट्य हो । अन्तमा भिक्षु विशिष्ट शिल्प-सन्धानद्धारा मनस्तात्त्विक अन्तर्मन्थन र निरूपणका सशक्त कथाकार हुन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

३.माधुरी नानी

प्रस्तुत विवेच्य कथा २०१७ सालमा लेखिएको हो । अत: ००७ सालको क्रान्तिपूर्व र क्रान्तिपछिको नेपाली समाज र विघटोन्मुख राणापरिवारको पृष्ठभूमिमा मनोविज्ञानको सूक्ष्म चित्रण नै कथाको मुख्य वर्ण्य विषय रहन गएको छ । अल्प पात्र र अल्पघटनाको माध्यमबाट नायिका माधुरी नानीको मनस्तत्त्वको निरूपण गर्नु कथाकारको उद्देश्य रहन गएको देखिन्छ ।

यस कथामा माधुरी नानी प्रमुख पात्रका रूपमा रहेकी छिन् । माधुरीको मालिक मालिकनी, दाजु, युवक, दरवारका र घरका अन्य सदस्य यसमा गौण पात्रका रूपमा रहेका छन् । मालिलकमाक्निीहरू उच्च वर्गका रहेका छन् भने दरवारका नोकरचाकरहरू निम्न वर्गका पात्रहरू रहेका छन् । माधुरीका दाजुहरू पनि निम्न वर्गका नै रहेका छन् ।

१५ पेजमा फैलिएको कथाको आकारप्रकार लामै रहेपनि कथाकारले वहु-पात्रको प्रयोग गरेका छैनन् । माधुरी नै केन्द्रीय पात्र हो । पात्रको चरित्र निर्माणमा केही वर्ष लागेको देखिन्छ । कथाले वरण गरेको भूगोल अत्यन्त सीमित छ, काठमाडौं मात्रै र त्यो पनि सीमित ठाउँ मात्रै मूलत: दरबार र माधुरीको दाजुको घर । २००७ साल पूर्वको र ००७ सालको क्रान्ति पछिको समयावधिलाई कथाले व्यावृत्त गरेको छ, दुवै परिवेश र मानसिकताको चित्रण सूक्ष्म रूपमा पाइन्छ । ००७ साल केन्द्रविन्दु अथवा मध्यविन्दु रहेको बुझिन्छ । माधुरी नानीको वर्णनबाट कथा प्रारम्भ भएर प्रजातन्त्रको आगमन, राणा दरवारको विघटन, भत्ता काटिनु, अन्य आय सुक्नु, सामान्य आयले दरवार चल्न छोड्नु, दरवार चलाउन दरवारका किम्मती सामान, अन्य जायजेथा वेचविखन हुँदै जानुं जस्ता घटनाले दरवार विघटनको र क्षयोन्मुखताको संघारमा पुगेको देखिन्छ । आर्थिक संकटले गर्दा नोकरचाकरको संख्या घटाउँदै लगिन्छ । अन्ततोगत्वा दरवारमा जसको हुकुम हालीमुहाली चलेको थियो त्यस्ती माधुरी नानीले पनि दरवार छोड्नुपर्ने आर्थिक परिस्थिति सृजना हुन्छ । मालिकमालिकनीले जा नभने पनि दरवारको आर्थिक हविगत वुझेर माधुरीले आफैं दरवार छोड्ने प्रस्ताव गर्दछिन् । माधुरीको प्रस्तावलाई मालिकमालिकनीले चाहेर पनि अस्वीकार गर्न सकेनन् । सञ्चित आफ्ना मालसमान लिएर दाजुको घरमा लागिन्, माधुरी निस्कन लाग्दा सबैको अनुहार म्लान देखिन्छ ।

घरमा शुरुशुरुमा राम्रै स्वागत सत्कार प्राप्त गर्दछिन् तर समय बित्दै जाँदा त्यो स्वागत सत्कार मानमर्यादा विस्तारै घट्न थालेको अनुभव गर्न पुग्दछिन् । दरबारमा जस्तो हतारो, छटपटी अव रहेन, हुकुम, अनुनयविनय अव केही रहेन, फुर्सतैफुर्सत ।

मधुरी कस्ती छिन् कथाकार लेख्छन् 'यसै गरी माधुरी नानीको जीवन सुख र सम्पन्नता, अधिकार र प्रचूरता, मान्यता र वाधाहीनता तथा शक्ति र स्वीकृतिभित्रै चलिरहेको गत वर्षमा अनेकन् इतिहास छन् । कलिलै उमेरमा दरवार पसेकी नानी आज वीसकी छिन् । उत्ताउली अकिति पनि नभएर ज्यूले साह्रै सुन्दर युवती, सेवाले कुशल सेविका र मनले शक्ति सम्पन्न मालिक्नी नै भने पनि हुन्छ ।' (भिक्षु पृ.१२२) । राणा परिवारमा आर्थिक सङ्कट आउन थाल्यो । राणा सभ्यताको विघटोन्मुखता यहाँ चित्रित छ । 'मैयाँ साहेव, 'माउजङ्ग साहेबको कोट' आदिमा पनि राणा सभ्यताको विघटोन्मुखता चित्रित छ । ती कथासँग पनि यसको कथ्यवस्तु तुल्य छ । 'देशमा प्रजातन्त्र आयो, दरबारहरू ओह्राले लाग्न थाले ।...अनि जागीर भत्ता हरण भएपछि त स्तरियताको ह्रास क्रमिकताको गति छोडेर हाम फाले कै जस्तो देखियो । लोभ लाग्दा मालताल आधाचौथाई मोलमा लाज वचाएर गुप्ती तवरले वजारमा विक्री हुन थाल्यो । ...नोकरचाकरको पनि छटनी हुन थाल्यो । (तीनचार जनालाई छाडेर बाँकीलाई बटाइयो ।' (भिक्षु, पृ.१२३) एक दिन माधुरीले भनिन् 'नभए म पनि घरै गएर बसूँ कि ?' (भिक्षु पृ.१२४)

माधुरीले एकान्तमा गरेको विवाहसम्वन्धी स्मरणले माधुरीको अर्न्तमनको उद्घाटन गरेको छ । विवाहको प्रस्ताव आँउदा महत्तावोधका कारण , दरवारको रोवरवाफका कारण कसैलाई मान्छे गनिनन् । अहिले उनलाई कतकता विहे नगरेकामा पछुतो परिरहेको देखिन्छ । टोलैको युवकलाई अवज्ञा गरेको जस्तो अनुभव हुन्छ । माधुरीको मनमा त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युवक आइरहन्छ । अविवाहित रहे पनि युवकलाई पौरुष बिम्बका रूपमा अचेतनमा स्वीकारेकी छ । आफूले विवाहका लागि कुनै प्रयास नगरेकोमा गुनासो पोखेकी छ आफैं प्रति ।

'घर बिदामा आउँदा त्यसै टोलका एक जना कुनै ठुला मानिसको नवयुवक छोरोले माधुरी नानीमा सतृष्ण आँखा गाडेको माधुरी नानीले पनि अनुभव गरेकी थिइन् । तर त्यस बखत त्यस युवकपैतिको आकर्षणचेतनामाथि पनि उनको दरवारिया गौरवबोध प्रबल हुन गएर त्यो युवक अकिञ्चन लागेको थियो । '... त्यस बखत त्यो सुन्दर टोले युवक उनको आँखामा केही न केहीझैं तुच्छ उपेक्षित मात्र रहन गएको थियो । तरथरिथरिका सम्झनाका सिलसिलामा अहिले अक्सर गरी त्यो युंवक पनि उनको चेतनाले समातिइन थाल्यो । साथै त्यस युवकको रूप र माधुरी नानीप्रति उसको आँखाको नानीको लोभ आजभोलि यथासत्य नसंझी रहिनन् । ...अझ यसले गर्दा कयौं पटक उनको मन खल्लो पनि भएको थियो । '...अन्ततः यो सोच्न बाध्य हुनु पर्‍यो कि कसैसित विवाह गरेर पनि घरजम गरेर बस्नै पर्छ ।(पृ. १३०)...अनि खाली हरबखत नजीक सहवासले नै तुष्ट रहेर अस्वाभाविक मिथ्यामात्र सँगाली किन बसियो, आजको यो उद्वेग, यो आवश्यकता, यो अनिवार्यताले उसै बखत किन जोर लगाएनन्, विवश तुल्याइदिएनन् भन्ने कुराहरूको निरन्तर पश्चात्तापले पनि उनलाई खान थाल्यो ।'(पृ.१३१)

विवाह हुन नसक्नुमा सामाजिक कारण बाधक देखिन्छ, संस्कार, कुलिनता, परम्परा पनि बाधक देखिन्छन् । राजनीतिक र सामाजिक परिवर्तन भएपनि संस्कारमा परिवर्तन आउन सकेको छैन, त्यसैले उनको रोवरवाफ पनि विहेको बाधक बनेर रहेको प्रतीत हुन्छ । समाजमा माधुरी जस्ता अनन्त माधुरी रहेका छन् । तिनको युवक वा दरवारका कामपुरुषसंग विवाह हुन नसक्नुमा समाज र समाजमा रहेको संस्कारबोध पनि कारक तत्त्वका रूपमा देखिन्छ भने माधुरीकै महत्तावोध प्रमुख हेतुका रूपमा उपस्थित छ ।

मानवीय मूल्यमा आएको परिवर्तन माधुरीले आत्मसात गर्न सकेकी छैन । संस्कारगत मूल्यले गर्दा अविवाहित रहे पनि अचेतनमा युवकलाई भित्र कताकता मनको कुनामा सुरक्षित राखेकी छ । माधुरीका लागि युवक एउटा कहिल्यै नमेटिने प्यास र अप्राप्य सपना भएको छ । माधुरीको अचेतनको यथार्थतामा सँगालिएको छ युवक, एकपक्षीय सत्याभासको प्रतिविम्व अचेतनमै अवशिष्ट छ ।

आर्थिक दृष्टिले माथिल्लो वर्ग, सम्भ्रान्त राणा परिवार गिरेको छ तर संस्कारगत दृष्टिले माथिल्लो वर्ग, सम्भ्रान्तता गिरेको छैन । विवाह गर्ने प्रस्ताव स्वीकार नगर्नु संस्कारगत कारण नै हो भन्ने देखिन्छ । राणाहरूको आर्थिक सम्भ्रान्तता भ्रष्ट हुँदै राणा सभ्यता नै विघटोन्मुख भएको छ । आर्थिक संकटबाट अभाव-ग्रस्तभएर दरवार छोडेर वाहिर जानुपर्ने परिस्थिति सृजना भइरहेको छ, तर पनि माधरी दरवार गइरहन्छिन् र पूर्वतत् समादर भाव चढाइरहन्छिन् ।

आन्तरिक द्वन्द्व माधुरीमा पाइन्छ । माधुरीका अभिव्यक्तिलाई केलाउँदा उनमा निहित अन्तर्द्वन्द्वको बोध गर्न सकिन्छ । माधुरीमा संस्कारगत उच्चता बोध पनि छ र पुरुषप्रतिको एषणा पनि छ । यी दुई मनोग्रन्थीका बीचको द्वन्द्वमा माधुरी कुलीन संस्कार बोधले वाह्य रूपमा आफूलाई आवृत्त गरेर शालीन र शिष्ट देखिएकी छ । उसको अचेतनको वृहत समुद्रमा पुरुषको चाहले नै छलाङ मारिरहेको छ । माधुरी अन्तर्मुखी र चिन्तनशील शालीन र शिष्ट पात्र हो, । माधुरीको मनमा अचेतनमा पालिएको युवकप्रतिको संस्मरण वा स्थापना छ भने अर्को तर्फ चेतनामा स्वत्वको स्मरण वा स्थापना छ । अचेतनमा युवकलाई स्थान दिनुले अचेतनमै युवकलाई अस्वीकार गरेकामा गल्ती भएको कुरा संकेतित हुन्छ ।

४.अन्त्यमा

यसरी प्रस्तुत विवेच्य कथामा ००७ साल पूर्व र ००७ साल पछिका सामाजिक पृष्ठभूमि र विघटोन्मुख राणा सभ्यताको कथ्यमा यौनमनोविज्ञानको शालीन र शिष्ट चित्रण एवं विश्लेषण गरिएको छ । रतिरागलेखनलाई अझ सशक्त गर्ने तर क्लिष्टबोध हुने कथाकार हुन् भवानी भिक्षु ।(थापा ०५९, २०७) परिष्कृत परिमार्जित संस्कृतबहुल शब्दावलीयुक्त भाषा र शालीन शैलीको प्रयोग गर्दै यौन एषणाको शिष्ट चाहनालाई प्रदर्शित गरी गम्भीर विचार प्रस्तुत गर्न सफल कथाकार भिक्षुको यो कथा उच्चकोटीको कथाको रूपमा मूल्याङ्कित हुन सक्तछ ।

सन्दर्भ सामग्री

जोशी रत्नध्वज, ०३४, कथा, कथाकार र आलोचक, काठमाडौं, साझा समालोचना, साझा प्रकाशन

थापा रोशन, २०५९, नेपाली कथाको विकासक्रम, समकालीन साहित्य, काठमाडौं ने.रा.प्रप्र,

प्रधान प्रतापचन्द्र सन् १९८३, नेपाली कथावलोकन, दार्जिलिङ, दीपा प्रकाशन,

वराल ईश्वर २०३९, भिक्षुका कथा, मैयाँसाहेव, काठमाडौं, साझा प्रकाशन,

भिक्षु भवानी २०३९, मैयाँसहेव, काडमाडौं, साझा प्रकाशन,

श्रेष्ठ दयाराम र शर्मा मोहनराज ०४९, नेपाली साहित्यको इतिहास, काठमाडौं, साझा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यावहारिक प्रयोगमा न्यायदर्शनका प्रमाणहरू

माधव अधिकारी
उप प्राध्यापक

"विद्या ददाति विनयं विनयाद् याति पात्रताम् ।[1]
पात्रत्वाद् धनमाप्नोति धनाद्धर्मःततःसुखम् ॥
न चौरहार्यं न च राजहार्यं न च भातृभाज्यं न च भारकारि
व्यये कृते वर्धत एव नित्यं विद्याधनं सर्वधनंप्रधानम् ॥

माथिका पंक्तिहरूले विद्याको महत्त्वलाई प्रष्ट्याए जस्तै विद्याले नै मानवलाई अन्यप्राणीहरू भन्दा उत्कृष्ट प्राणीका रूपमा परिचित गराएको छ । मानव विद्याशक्तिका आधारमा खोज अनुसन्धान र विश्लेषण गर्दै ज्ञानका माध्यमबाट जीवनमा गर्नहुनेकाम कर्तव्य अकर्तव्यको बोध गर्दछ । यसरी मानवलाई अन्यभन्दा पृथक र विशिष्ट बनाउने विद्या कति प्रकारको हुन्छ भन्ने विषयमा हामी सबैलाई जिज्ञासाहुनु स्वभाविकै हो । यसै जिज्ञासालाई मेटाउदै कौटिल्यको अर्थशास्त्रमा विद्यालाई यसरी चार भागमा बाँडिएको छ -

"आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्चेति विद्याः ।"[2]

क) आन्वीक्षिकी विद्या भन्नाले न्यायविद्या आध्यात्मविद्या ।

ख) त्रयी विद्या अन्तर्गत ऋक्वेद,यजुर्वेद र सामवेदात्मक विद्या ।

ग) वार्ता विद्या अन्तर्गत कृषि , पशुपालन तथा वाणिज्यात्मक विद्या ।

घ) दण्डनीति विद्या अन्तर्गत राजनीति,राज्यसञ्चालन सम्बन्धि विद्या ।

यसरी विद्याको प्रकार वर्णन गर्दा सबैभन्दा आन्वीक्षिकी विद्यालाई अगाडि उल्लेख गरिएको हुँदा यसको महत्त्व ठूलो रहेछ र यो विद्या उत्कृष्ट विद्या रहेछ भन्ने कुरा हामी सबैलाई बोधहुन्छ नै अझ यसलाई प्रस्ट्याउन कौटिल्यकै अर्थशास्त्रमा निम्न पंक्तिहरूको उल्लेख गरिएको छ -

प्रदीप : सर्वविद्यानामुपायः सर्वकर्मणाम् ।[3]
आश्रयः सर्वधर्मणां शश्वदान्वीक्षिकी मता ॥

सबै विद्याको दीपक न्यायविद्या हो भन्ने कुरा माथिका पंक्तिले देखाउदछ । आजभोलि न्याय विद्या भनेको कानून हो भन्ने भावना अधिकांश जनतामा रहेको पाइन्छ । हुनत कानूनमा पनि हेतु (कारण) प्रमाणका आधारमा नै जय,पराजय,दोषी,निर्दोषी आदि छुट्याउने गरेको पाइन्छ । तर यहाँ बताइएको आन्वीक्षिकी विद्या भन्नाले न्यायदर्शनसँग सम्बन्धित विद्यालाई बुझ्नु पर्दछ ।

अब यहाँ न्यायदर्शन र यस्ले प्रतिपादन गरेका प्रमाणहरूको विषयमा केही चर्चा गर्नु उपयुक्त हुन्छ होला सर्वप्रथम "नीयते प्राप्यते अनेन इति न्यायः"[4] "प्रमाणैरर्थपरीक्षणं न्यायः"[5] भनेर न्याय शब्दको व्युत्पत्ति गरिन्छ भने 'दृश्यते अनेन' इति दर्शनम् भनेर दर्शन शब्दको व्युत्पत्ति गरिएको छ । न्याय र दर्शन दुईवटा शब्द मिलेर न्यायदर्शन शब्द बनेको छ ।

दर्शन भनेको प्राचीन ऋषिमुनिहरूले आफ्नो जीवन यात्रामा अनुभव गरेको विचारहरूको संग्रह हो भन्दा अत्युक्ति नहोला ।

आधुनिक समयमा दर्शन र दार्शनिकको परिभाषा गर्दा यसो भनेको पाइन्छ :- मानव एक जिज्ञासु प्राणी हो । उसले आफ्नो वरिपरि रहेको जीव र जगतलाई पहिचान गर्न चाहन्छ । मानवले यो संसारको सृष्टि कसरि भयो यसको सृष्टिकर्ता को हुन सक्दछ ? भन्ने रहस्यात्मक प्रश्नहरूको जवाफ चाहन्छ । उसको यो जिज्ञासा कहिले पनि शान्त हुँदैन किनभने प्रत्येक ज्ञान प्राप्तिले ज्ञानको नयाँ क्षेत्र अन्वेषण गर्दछ । त्यो विद्या जुन मानिसको यस जिज्ञासासँग सम्बन्धित हुन्छ त्यसलाई नै दर्शन भनिन्छ । त्यो व्यक्ति जो यस प्रकारको ज्ञानको खोजिसँग सम्बन्धित हुन्छ उसलाई दार्शनिक भनिन्छ । दार्शनिकको परिभाषा विभिन्न विद्वानहरूले यसरी दिएका छन् -

सुकरात - "ती व्यक्तिहरू जुन सत्यको दर्शनका प्रेमी हुन्छन् तिनीहरूनै दार्शनिक हुन् ।"[6]

---

[1] निवन्ध-चन्द्रिका पृ २-३
[2] कौटिल्य अर्थशास्त्र पृ १२
[3] कौटिल्य अर्थशास्त्र पृ १३
[4] प्राचीनन्याय नव्यन्यायोः सैद्धान्तिकपृथकत्वम् पृ.
[5] न्यायदर्शनम् पृ.७
[6] शिक्षाको आधार पृ ४९-५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्लेटोका अनुसार :-"त्यो ब्यक्ति जसले ज्ञानको प्रत्येक स्वरूपलाई चाखेको हुन्छ ,जो सिक्न उत्सुक छ र कहिले पनि सन्तुष्ट हुँदैन उसलाई नै वास्तविक अर्थमा दार्शनिक भन्न सकिन्छ ।"[७]

त्यसैगरी दर्शको परिभाषा पनि यसरी गरेको पाइन्छ - प्लेटो भन्दछन् :-"दर्शन वस्तुको शाश्वत् प्रकृतिको ज्ञान तर्फ लक्षित हुन्छ ।"[८]

अरिस्टोटलका अनुसार :- "दर्शन त्यो विज्ञान हो जसले सृष्टिको त्यसै रूपको अध्ययन गर्दछ जुनरूपमा यो विद्यमान छ ।"[९]

कास्टेका अनुसार :- "दर्शन विज्ञानहरूको पनि विज्ञान हो ।"[१०]

यी माथिका परिभाषाहरूले दर्शनशास्त्र भनेको प्रमाणमा आधारित विषयहरूको सँगालो हो भन्ने कुरालाई प्रष्ट्याउदछन् ।

कुनै पनि दर्शन उत्कृष्ट हुनका लागि त्यहाँ प्रयोग गरिएका प्रमाणहरू कति ब्यवहारिक छन् ? कति तथ्यपरक छन् ? कति जीवनोपयोगी छन् ? भन्ने कुराले प्रभाव पार्दछ ।

हामीले अहिले सम्म दर्शनलाई मुख्यतया दुईभागमा विभाजन गरेको पाउदछौं । (क) ईश्वरको अस्तित्व स्वीकार गर्ने दर्शन जस्लाई आस्तिक दर्शन भनिन्छ । (ख) ईश्वरको अस्तित्व स्वीकार नगर्ने दर्शन जस्लाई नास्तिक दर्शन भनिन्छ ।

यसपटक यहाँ चर्चा गर्न थालिएको विषयवस्तु आस्तिकवादी ६ वटा दर्शन (क) न्याय (ख) वैशेषिक (ग) सांख्य (घ) योग (ङ) मीमांशा (च) वेदान्त दर्शन मध्ये, न्यायदर्शनमा उल्लेखगरिएका प्रमाणहरूको ब्यवहारिक प्रयोगसँग सम्वन्धित छ ।

यी माथि उल्लेख गरिएका सबै आस्तिकवादी दर्शनले जीवन र जगतका विषयमा चर्चा गर्दा संसारमा हामी सबै आधिदैविक,आधिभौतिक र आध्यात्मिक, दुःखहरू मध्ये कुनै न कुनै दुःखवाट पीडित भएका हुन्छौं भनी चर्चा गरिएको पाइन्छ । आधिदैविक भन्नाले नौ ग्रहहरूवाट हुने दुःख (ग्रहहरू सहि अवस्थामा नरहँदा हुने पीडा)लाई बुझिन्छ ।

अधिभौतिक भन्नाले :- मानिस, पशुपंक्षी, सर्पबाट हुने दुःखलाई बुझिन्छ ।

आध्यात्मिक दुःख भन्नाले :- वात, पित्त, कफ, धातुको विषमतावाट र काम, क्रोध, लोभ,मोहबाट हुने दुःखलाई बुझिन्छ ।

यिनै दुःखबाट कसरी मुक्तहुन सकिन्छ भन्ने विषयमा खोज अन्वेषण गर्ने क्रममा माथि उल्लेखित आस्तिक दर्शनहरूले विभिन्न प्रमाणहरू प्रस्तुत गरेका छन् । यसरी प्रमाणहरू प्रस्तुत गर्दा कुनै दर्शनले १(एक) वटा प्रमाण त कुनै दर्शनले ९(नौ) वटा प्रमाण सम्म स्वीकारेको हामी पाउँदछौं ।

"प्रत्यक्षमेकं चार्वाकाः कणादसुगतौ पुनः ।[११]
अनुमानं च तच्चापि सांख्याः शब्दश्च ते उभे ।
न्यायैकदेशिनोऽप्येवमुपमानं च केचन ।
अर्थापत्त्या सहितानि चत्वार्याहुः प्रभाकराः ॥
अभावषष्ठान्येतानि भाट्ट वेदान्तिनस्तथा ।
सम्मवैतिह्ययुक्तानि तानि पौराणिकाः जुगुः॥
चेष्टाया अपि मानत्वमालंकारिक सम्मतम् ।

यस कारिकालाई यसरी बुझ्न सकिन्छ :-

क) चार्वाकदर्शनले :-प्रत्यक्ष प्रमाण मात्र स्वीकार गर्दछ ।

ख) बौद्ध,जैन र वैशेषिक दर्शनले :- प्रत्यक्ष र अनुमान प्रमाण गरी दुई वटा प्रमाण स्वीकार गर्दछन् ।

ग) सांख्य र योगदर्शनले :-प्रत्यक्ष,अनुमान र शब्दगरी तीनवटा प्रमाण स्वीकार गर्दछन् ।

घ)नैयायिकदर्शनले :-प्रत्यक्ष,अनुमान ,शब्द र उपमान गरी चार प्रमाण स्वीकार गर्दछन् ।

ङ)मीमांसा (प्रभाकर) दर्शनले :-प्रत्यक्ष,अनुमान,उपमान,शब्द र अर्थापत्ति सहित पाँच प्रमाण स्वीकार गर्दछन् ।

च) वेदान्त (भाट्ट) दर्शनले :-प्रत्यक्ष,अनुमान,उपमान,शब्द ,अर्थापत्ति र अभाव सहित छ वटा प्रमाण स्वीकार गर्दछन् ।

छ) पौराणिक दर्शनले :-प्रत्यक्ष,अनुमान , उपमान ,शब्द,अर्थापत्ति,अभाव,सम्भव र ऐतिह्य सहित आठवटा प्रमाण स्वीकार गर्दछन् ।

ज) साहित्यीक (आलङ्कारिक) दर्शनले :-प्रत्यक्ष,अनुमान,उपमान,शब्द,अर्थापत्ति,अभाव,सम्भव,ऐतिह्य र चेष्टा सहित नौ वटा प्रमाण स्वीकार गर्दछन् ।

---

[७] पूर्ववत्
[८] पूर्ववत्
[९] पूर्ववत्
[१०] पूर्ववत्
[११] न्यादर्शनम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाणका विषयमा विभिन्न दर्शनमा एकमत नभएता पनि न्यायदर्शनमा प्रतिपादन गरिएका प्रमाणहरू अन्यदर्शनहरूले पनि स्वीकारेको पाइन्छ । न्यायदर्शनमा प्रमाणहरूको उल्लेख गर्दा यसरी गरिएको छ । "प्रमाणतोऽर्थप्रतिपत्तौ प्रवृत्तिसामर्थ्यदर्थवत् प्रमाणम् ।"[१२]

प्रत्यक्षानुमानोपमानशव्दाः प्रमाणानि ॥[१३] यसरी न्याय दर्शनमा सवैभन्दा पहिला प्रमाणको उल्लेख गर्दै प्रमाणको विभाजन र लक्षण गरिएको हुँदा यो दर्शन प्रमाणमा आधारित विशिष्ट दर्शन हो । यस दर्शनमा उल्लेख गरिएका प्रत्यक्ष, अनुमान,उपमान र शव्द प्रमाणहरू हाम्रो दैनिक जीवनमा प्रयोग हुने प्रमाणहरू हुन यी प्रमाणहरूलाई हामीले कुनै न कुनै रूपले प्रयोग गरेकै हुन्छौं ।

क) प्रत्यक्षप्रमाण :- कुनै वस्तुलाई प्रत्यक्षरूपमा अनुभव गर्दछौं त्यसलाई प्रत्यक्ष प्रमाण भनिन्छ । यसलाई अँफ प्रष्टसँग भन्नुपर्दा इन्द्रियको (आँखा,कान,नाक,छाला,जिव्रो र मन) अर्थसँग (विषय रूप,आवाज,गन्ध,स्पर्श,रस)को सम्वन्धवाट प्राप्तहुने ज्ञानलाई प्रत्यक्षज्ञान भनिन्छ । त्यसलाई नै प्रत्यक्ष प्रमाण भनिन्छ । प्रत्यक्ष प्रमाणको लक्षण न्याय दर्शनमा यसरी गरिएको छ - इन्द्रियार्थ सन्निकर्षोत्पन्नं ज्ञानमव्यपदेश्यमव्यभिचारि व्यवसायात्मकं प्रत्यक्षम् ।[१४] यो प्रत्यक्षप्रमाणलाई मुख्यतया दुईभागमा विभाजन गरिएको पाइन्छ जस्लाई लौकिकप्रत्यक्ष र अर्को अलौकिकप्रत्यक्ष भौं गरिन्छ । प्रत्यक्षप्रमाणमा इन्द्रिय कारण हुन्छ सन्निकर्ष (सम्वन्धं) व्यापार हुन्छ । जस्तै घट प्रत्यक्षका लागि घट र चक्षु (आँखा)को सम्वन्धवाट नै घट ज्ञान हुन्छ ।

ख) अनुमान प्रमाण :- न्यायदर्शनमा अनुमान प्रमाणको ठूलो स्थान रहेको छ । यस प्रसङ्गमा भन्नुपर्दा प्रत्यक्षप्रमाणद्वारा सिद्ध भएको ज्ञानलाई पनि नैयायिकहरूले अनुमान प्रमाणद्वारा सिद्धगर्न चाहन्छन् भन्ने भनाइ पनि पाइन्छ "प्रत्यक्षमाकलितमप्यर्थमनुमानेन वुभुत्सन्ते तर्करसिकाः[१५] दैनिक जीवनमा हामीहरूले कुनै पनि काम गर्दा अनुमान नगरी सुखै छैन , हामीले पहाडमा निरन्तररूपमा माथितिर गएको धुवाँ देख्यौं भने त्यहाँ आगोको अनुमान गर्दछौं तर त्यहाँ हामीलाई आगोको प्रत्यक्ष ज्ञान भएको हुँदैन त्यसैगरी कोठा भित्र वसिरहेको समयमा एक्कासि आकाश गड्याङ्गुडुङ् गरेको आवाज सुन्यौं भने लौ पानी पर्न थाल्यो क्याहो भनि अनुमान गर्दछौं । त्यसैगरी खेतवारीमा किसानले धान मकै रोपेको समयमा यदि समय समयमा राम्रो वर्षा भयो समयमै गोडमेल गर्न पाइयो भने यसपालि त वाली राम्रो हुन्छ भनेर पहिला नै अनुमान गर्न सकिन्छ । यसरी गरिएको अनुमान जव यथार्थ हुन्छ तव यसलाई अनुमानप्रमाणको रूपमा स्वीकारिन्छ ।

अनुमान सहि हुनकालागि त्यहाँ प्रयोग गरिएका कारणहरू सहि हुनुपर्दछ । आजभोलिको सुरक्षा सम्वन्धी अनुसन्धान प्रणालीमा पनि अनुमानप्रमाणले ठूलो महत्त्व राख्दछ । हामीले सञ्चार माध्यमवाट सुन्ने गर्दछौं कुनै ठाउँमा वम विष्फोटभयो वा हत्या भायो , लुटपाट भयो भन्ने खवरसँगसँगै दुईजना पाँचजना,वा केहि व्यक्तिलाई आशंकाको आधारमा पक्री अनुसन्धान थालिएको छ । यसरी अनुसन्धानको क्रममा समातिएका व्यक्तिलाई छानविन गर्दा दोषी देखिएमा कार्यवाही र निर्दोष देखिएमा छोडिन्छ । जो शंकागरी प्रक्रिया अगाडि वढाइन्छ त्यो प्रक्रियालाई नै अनुमान प्रमाण भनिन्छ । यदि शंका गरेको व्यक्ति दोषी देखिएमा त्यो अनुमान प्रमाण सहि भयो यदि निर्दोष देखियो भने त्यो अनुमान प्रमाण गलत भयो । यसरी व्यवहारिक रूपमा प्रयोग हुने अनुमानप्रमाणलाई आधुनिक न्यायप्रणाली अर्थात् न्यायालयहरूमा समेत अनुमान प्रमाणमा प्रयोग गरिने सद्हेतु (सहिहेतु) असद्हेतु (गलतहेतु) हेत्वाभासहरूको समेत प्रयोग गरेको हामी पाउँदछौं । न्यायदर्शनमा अनुमानप्रमाणको अत्यन्त सूक्ष्म र विस्तृतरूपमा विश्लेषण गरिएको छ । यसरि सूक्ष्मरूपमा विश्लेषण गर्ने क्रममा अनुमानप्रमाण कस्तो हुन्छ ? अनुमान कति प्रकारको हुन्छ ? अनुमान प्रमाण हुनका लागि के के आवश्यक पर्दछ ? जस्ता विषयको विस्तृतरूपमा उल्लेख(चर्चा)गरिएको छ ।

अनुमितिकरणम् अनुमानम् ।[१६]

अनुमितिको करण अनुमान हुन्छ ।

व्याप्तिज्ञानजन्यं ज्ञानमनुमिति ।[१७]

व्याप्तिज्ञान भैसकेपछि हुने ज्ञानलाई अनुमिति भनिन्छ ।

व्याप्तिरत्र सामानाधिकरण्यम् सहवृत्तित्वं साहचर्य वा ।

व्याप्ति भनेको समान (वरावर) अधिकरण (ठाउँमा)मा रहनु हो ।

करण भनेको (लिङ्ग) हेतु हो ।

---

[१२] न्यायदर्शनम् पृ.१
[१३] न्यायदर्शन १-१-३ पृ.१५
[१४] न्यायदर्शन १-१-४ पृ.१७
[१५] प्राचीनन्याय नव्यन्याययो : सैद्धान्तिकपृथकत्वम् पृ.
[१६] न्याय संस्कृत शास्त्रम् पृ.७८
[१७] पूर्ववत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसरी प्रत्यक्ष प्रमाणका लागि इन्द्रियकरण र अर्थको संयोग ब्यापार भए जस्तै अनुमान प्रमाणकालागि परामर्श ब्यापार हुन्छ ,व्याप्ति करण हुन्छ । यसलाई न्यायसिद्धान्तमुक्तावलीका विश्वनाथपञ्चाननले यसरी उल्लेख गरेका छन् :-

व्यापारस्तु परामर्शः करणं व्याप्तिधीर्भवेत् ।[१८]

अनुमायां,ज्ञायमानं लिङ्गं तु करणं न हि ।

अनागतादि लिङ्गेन न स्यादुनुमितिस्तदा ॥

अनुमान प्रमाणको चर्चा गर्ने क्रममा न्यायदर्शनको मूलग्रन्थ न्यायसूत्रमा "अथ तत्पूर्वकं त्रिविधमनुमानं पूर्ववच्छेषवत्सामान्यतोदृष्टं च ।[१९]

भनि उल्लेख गर्दै अनुमान प्रमाणलाई तीन प्रकारले वर्णन गरिएको छ ।

क) पूर्ववत् अनुमान भन्नाले "यत्र कारणेन कार्यमनुमीयते यथा मेघोन्नत्या भविष्यति वृष्टिः"[२०] जहाँ कारणलाई देखेर कार्यको अनुमान गरिन्छ त्यसलाई पूर्ववत् अनुमान भनिन्छ । जस्तै कालोमेघ विकशित भयो भने पानी पर्नसक्दछ भनि हामी सबैले अनुमान गर्दछौं यसरी मेघलाई देखेर पानीको अनुमान गर्नु पूर्ववत् अनुमान हो ।

ख) शेषवत् अनुमान भन्नाले:-यत्रकार्येण कारणमनुमीयते पूर्वोदकविपरीतमुदकं नद्याः पूर्णत्वं शीघ्रत्वं च दृष्ट्वा स्रोतसोऽनुमीयते भूता वृष्टिः इति ।[२१]

शेषवत् अनुमानप्रमाणमा पहिला कार्यलाई देखेर कारणको अनुमान गरिन्छ जस्तै खोलामा बाढी आएको देखेपछि पानी परेछ भन्ने अनुमान गरिन्छ ।

ग) सामान्यतोदृष्टम् अनुमान भन्नाले :- व्रज्यापूर्वकमन्यत्र दृष्टस्यान्यत्र दर्शनमिति तथा चाऽऽदित्यस्य तस्मादस्त्यप्रत्यक्षाप्यादित्यस्य व्रज्येति।[२२]

सूर्य विहानपख पूर्ववाट उदाउने र वेलुकापख पश्चिममा अस्ताउने गर्दछ । यो नियमित प्रक्रियालाई देखेर सूर्यमा गति हुन्छ भन्ने अनुमान गरिन्छ त्यसलाई सामान्यतोदृष्ट अनुमान भनिन्छ ।

त्यसैगरी तर्कसंग्रह ग्रन्थमा अनुमानलाई सर्वप्रथम सर्वप्रथमा दुईप्रकारले विभाजन गरिएको छ -"अनुमानं द्विविधं स्वार्थं परार्थं च ।[२३]

यसमा स्वयं कर्ता आफैले अनुमान गर्दछ भने त्यस्तो अनुमानलाई स्वार्थ अनुमान भनिन्छ ।

परार्थ अनुमान भनिन्छ परार्थ अनुमानकालागि पञ्चावयव वाक्य आवश्यक पर्दछ । पञ्चावयव वाक्यलाई न्यायदर्शनमा यसरी उल्लेख गरिएको छ । :- "प्रतिज्ञहितूदाहरणोपनयनिगमनान्यवयवा:।[२४]

(क) प्रतिज्ञा (ख) हेतु(कारण) (ग) उदाहरण (घ) उपनयन (ङ) निगमन

यी पाँच अवयव वाक्यद्वारा अनुमान प्रमाणलाई सहिरूपमा प्रमाणि गर्न सकिन्छ जस्तै 'पर्वतो वह्निमान् धूमात् यथा महानसं तथा च अयं तस्मात् तथा' यो वाक्यमा पाँच अवयवको पूरा प्रयोग भएको छ । प्रतिज्ञा भनेको "साध्यनिर्देशःप्रतिज्ञा"[२५] यस प्रतिज्ञालक्षणमा माथिको उदाहरणमा 'पर्वतो वह्निमान्' पर्वत आगोवाला छ भनी जो अनुमान वाक्य छ त्यसैलाई प्रतिज्ञा भनिन्छ । अव हामीलाई जिज्ञासा हुन्छ नै पर्वत कसरी आगोवाला भयो त ? यसका लागि जुनकारण दिईन्छ त्यसलाई हेतु भनिन्छ हेतुको लक्षण यस्तो बताइन्छ - "उदाहरणसाधर्म्यात् साध्यसाधनं हेतु."[२६] उदाहरण दिइने वस्तुसँग सादृश्य समान ठाउँमा रहने कुरालाई हेतुकारण भनिन्छ जस्तो माथिको उदाहरणमा पर्वत आगोवाला छ धूवाँ देखिएको हुनाले यहाँ धूवा देखिनु चाहिंकारण भयो कसरी पर्वत आगोवाला हुन सक्दछ त धूवाँ देखिदै भन्ने जिज्ञासालाई मेटाउन उदाहरण वाक्य प्रस्तुत गरिएको छ । उदाहरणको लक्षण :-"साध्यसाधर्म्यात् तद्धर्मभावी दृष्टान्त उदाहरणम्"[२७] साध्य हेतुसँग समान अधिकरणमा रहेको देखाउनु उदाहरण हो, जस्तो माथिको उदाहरणमा पर्वतमा आगोवाला छ धूवाँ भएको हुनाले कसरी भयो भन्दा जहाँ जहाँ धूवाँ हुन्छ त्यहाँ त्यहाँ आगो हुन्छ जस्तो भान्सामा आगो थियो धूवाँ भएको ठाउमा भनि उदाहरण प्रस्तुत गरिन्छ । उक्त उदाहरणमै भान्सामा धूवाँ सँगै आगो भएको हुनाले यहाँ पनि आगो छ भन्ने जुन वुभाई हामीलाई हुन्छ त्यसलाई उपनयवाक्य भनिन्छ जस्को लक्षण यस्तो गरिएको छ -

---

[१८] न्याय संस्कृत शास्त्रम् पृ.८०
[१९] न्यायदर्शनम् १-१-५पृ . २१
[२०] पूर्ववत्
[२१] पूर्ववत्
[२२] न्यायदर्शनम् १-१-५पृ . २२
[२३] तर्कसंग्रह पृ. ४९
[२४] न्यायदर्शनम् १-१-३२ पृ.४७
[२५] न्यायदर्शनम् १-१-३३ पृ.४८
[२६] न्यायदर्शनम् १-१-३४ पृ.४८
[२७] न्यायदर्शनम् १-१-३६ पृ.४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरणापेक्षस्तथेत्युपसंहारो न तथेति वा साध्यस्योपनयः।[२८] त्यसैगरी माथिका कारण उदाहरण र उपनयका आधारमा पर्वत आगोवाला छ भनि अन्तिम जो निर्णय गरिन्छ जस्ले शुरुमा गरेको गरेको प्रतिज्ञालाई पुनःपुष्टि गर्दछ त्यस्तो वाक्यलाई निगमन वाक्य भनिन्छ जस्को न्याय सूत्रमा यस्तो लक्षण गरिएको छ - हेत्वपदेशात् प्रतिज्ञाया पुनर्वचनं निगमनम् ।[२९] यसरी यी माथि बताइएको पाँच अवयव वाक्यले साध्य सिद्धहुने हुदाँ यसलाई न्याय पनि भनिन्छ ।

उपमानप्रमाण :- यो प्रमाण न्यायदर्शनको महत्त्वपूर्ण अर्को प्रमाणको रूपमा वर्णन गरिएको छ । यो यस्तो महत्त्वपूर्ण प्रमाण हो जस्मा प्रत्यक्ष अनुमान र शब्द तीन प्रमाण मिलेर अर्कै विशिष्ट खालको प्रमाण सिर्जना गर्दछ । जहाँ तीन प्रमाणदेखि अतिरिक्त प्रमिति(वस्तु)को बोध हुन्छ । उपमान प्रमाणका लागि सादृश्यज्ञान करण हुन्छ अतिदेश वाक्यको स्मरण व्यापार हुन्छ ।

सामान्य भाषामा भन्नुपर्दा कुनै प्रसिद्ध वस्तुसँग मिल्दोजुल्दो भनि बताउने प्रमाण उपमान प्रमाण हो । न्यायदर्शनको मूलग्रन्थ न्यायसूत्रमा यस प्रमाणको यसरी लक्षण गरिएको छ -"प्रसिद्धसाधर्म्यात् साध्यसाधनमुपमानम्"[३०]

उपमान प्रमाणलाई हामीले दैनिक व्यवहारमा जानी नजानी प्रयोग गरेका हुन्छौं तर यो उपमान प्रमाणको उदाहरण हो भन्ने हामीलाई बोध हुँदैन । उपमान प्रमाणको प्रसिद्ध उदाहरणलाई यसरी बुझ्न सकिन्छ । कुनै वनमा वस्ने गाउँमा आएको समयमा गाई जस्तै वनमा गवय(वनगाई) भन्ने हुन्छ भनेको हुन्छ कालान्तरमा काम विशेषले गाउँको मानिस वनमा गएको समयमा गाई जस्तै आकारको जनावर देख्दछ त्यस समयमा पहिला वनमा वस्ने मानिसले भनेको वाक्यको सादृश्यज्ञान र स्मरण गर्दछ अनि अवश्य पनि यो गवय हुनुपर्दछ । भनि निर्णय गर्दछ यसरी गरिएको निर्णयलाई उपमान प्रमाण भनिन्छ । यसलाई यसरी प्रष्ट पार्न सकिन्छ -

ग्रामीणस्यप्रथमतः पश्यतो गवयादिकम् ।
सादृश्यधीर्गवादीनां या स्यात् सा करणं मतम् ॥
वाक्यार्थस्यातिदेशस्य स्मृतिव्यापार उच्यते ।
गवयादिपदानान्तु शक्तिधीरूपमा फलम् ॥[३१]

४) शब्दप्रमाण :- न्यायदर्शनमा चर्चा गरिएका चार प्रमाण मध्ये चौथो एवं महत्त्वपूर्ण प्रमाण शब्दप्रमाण हो । हामीले दैनिक जीवनमा कुनै न कुनै माध्यमबाट शब्दप्रमाणलाई स्वीकारेकै छौं । शब्दप्रमाणका आधारमा नै यो जगत र हाम्रो जीवन चलेको छ भन्दा अत्युक्ति हुँदैन होला किन भने हामीले हाम्रा बुवा,आमा,गुरू,मान्यजन,ऋषिमुनि,तपस्वी,वैज्ञानिक खोज अनुसन्धाताहरूले भनेका र प्रतिपादन गरेका विषयवस्तुलाई प्रत्यक्ष रूपमा अनुभव गर्न र देख्न नपाए तापनि सुनेको भरमा स्वीकार गर्दछौं । यसरी अरूले बोलेको भनेको कुरालाई विश्वास गर्नु पनि शब्दप्रमाण हो जस्तै हामी कतिपयले कोइली चरो देखेका छैनौं होला तर कुहु कुहु गरेर वसन्त ऋतुको समयमा कराउने चरो कोइली हो भनी भनेको आधारमा कुहुकुहुको आवाज सुन्ने वित्तिकै यो कोइली हो भन्ने निर्णयमा पुग्दछौं । त्यस्तै सानो वालकलाई भरखरै बोल्नथालेको समयमा आमा बुवाहरूले मामा,आमा,माम जस्ता शब्दहरू सिकाउनु हुन्छ त्यसैको भरमा वालकले ती वस्तुहरूलाई त्यहि शब्दद्वारा बोध गरी प्रयोग गर्दछ । यो पनि शब्दप्रमाण नै भयो । सबैले बोलेका शब्दहरू शब्दप्रमाण हुन सक्दैनन् । शब्दप्रमाण हुनका लागि पनि केहि आधारहरू आवश्यक पर्दछन् । यसै विषयलाई प्रष्टपार्न कस्ता ब्यक्तिले बोलेका शब्दलाई शब्दप्रमाण मान्ने भन्ने विषयमा न्यायसूत्रमा यस्तो भनिएको छ -"आप्तोपदेशः शब्दः।[३२] स द्विविधो दृष्टार्थकत्वात्"[३३]

जो ब्यक्ति कहिले झुठो बोल्दैन सधैं सत्य र यथार्थ बोल्दछ त्यस्तो ब्यक्तिलाई आप्त भनिन्छ र त्यसले बोलेका शब्दहरूलाई नै शब्दप्रमाणको रूपमा स्वीकार गर्नु पर्दछ भनि उल्लेख गरिएको छ ।

शब्दप्रमाण दुई प्रकारको छ - (क) दृष्ट (ख) अदृष्ट

दृष्टशब दप्रमाण भन्नाले हाम्रो दैनिक जीवनमा हामीले प्रत्यक्षरूपमा अनुभव गर्न सक्ने प्रमाण हो भने अदृष्ट शब्दप्रमाण भन्नाले आफूले प्रत्यक्ष रूपमा अनुभव गर्न नपाए पनि विश्वास गरि व्यवहारमा प्रयोग गरिने प्रमाण हो जस्तै "स्वर्गकामो यजेते" स्वर्ग प्राप्तिका लागि यज्ञ गर्नु पर्दछ , राम्रो काम गरेमा स्वर्ग प्राप्ति हुन्छ , नराम्रो काम गरेमा नरक जानु पर्दछ ,धर्म गरे स्वर्ग पाइन्छ भन्ने श्रुतिलाई प्रमाण मानि गरिने व्यवहारलाई अदृष्टशब्दप्रमाण भनिन्छ । यसरी शब्दप्रमाणको चर्चा गर्दा प्रत्यक्ष प्रमाणका लागि इन्द्रिय,कारण र अर्थसँगको सम्वन्ध जसरी व्यापार भयो त्यसैगरी शब्दप्रमाणका लागि पदज्ञान कारण हुन्छ भने पदजन्य पदार्थ स्मरण व्यापार हुन्छ भनि न्यायसिद्धान्तमुक्तावलीमा यसरी उल्लेख गरिएको छ -

---

[२८] न्यायदर्शनम् १-१-३८ पृ.५१
[२९] न्यायदर्शनम् १-१-३९ पृ. ५२
[३०] न्यायदर्शनम् १-१-०६ पृ.२३
[३१] न्यायशास्त्रम् पृ ११८
[३२] न्यायदर्शनम् १-१-७ पृ.२४
[३३] न्यायदर्शनम् १-१-८ पृ.२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"पदानं तु करणं , द्वारं तत्र पदार्थधी : ।

शाब्दबोध: फलं तत्र शक्तिधी सहकारिणी ॥[३४]

त्यसैगरी शब्दप्रमाणलाई थप बलियो बनाउन शाब्दबोधका केही शक्तिग्रह र सहयोगी कारणको आवश्यकता पर्दछ र ती शक्तिग्रह र सहयोगी के हुन् भन्ने जिज्ञासा मेटाउन न्यायसिद्धान्तमुक्तावलीमै यसरी उल्लेख गरेको पाइन्छ ।

"शक्तिग्रहं व्याकरणोपमान कोशाप्तवाक्याद् व्यवहारतश्च ।

वाक्यस्य शेषाद् विवृतेर्वदन्ति सन्निध्यत: सिद्धपदस्यवृद्धा: ॥[३५]

आसत्तिर्योग्यताकाङ्क्षातात्पर्यज्ञानमिष्यते ॥[३६]

यसरी माथि उल्लेख गरिएका विषयवस्तुले शब्दप्रमाणलाई सशक्त प्रमाणको रूपमा स्थापित गर्न न्यायदर्शन सफल भएको छ ।

निष्कर्ष :- संस्कृत वाङ्मय भाषा,अनुसन्धान,विश्लेषण र जीवनोपयोगी विषयवस्तुहरूको समग्र भन्डार हो भन्दा अत्युक्ति हुँदैन किन भने संस्कृत वाङ्मयमा प्रत्येक विधा परीक्षणको कसीमा खरो उत्रको हामीले पाउँदछौँ । भाषाको क्षेत्रमा , आयुर्विज्ञानका र योगका क्षेत्रमा , दर्शन जस्ता थुप्रै क्षेत्रमा यो विधा सफल र व्यवहारिक भएको पुष्टि हुँदै आएको छ । संस्कृत दर्शनहरूको क्षेत्रमा विशेष गरी न्यायदर्शनले प्रतिपादन गरेका चार प्रमाणहरू प्रत्यक्ष , अनुमान ,उपमान र शब्दप्रमाणहरू हाम्रो दैनिक जीवनमा ब्यवहारिक रूपमा प्रयोग नगरी हामीलाई सुखै छैन यिनै प्रमाणका आधारमा ऋषि मुनिहरूका मान्यताका आधारमा नै यो संसार टिकेको छ अनि व्यवहार चलेको छ भन्नु पर्दछ । यसरी विषयवस्तुको प्रतिपादन गर्ने क्रममा न्यायदर्शनले आफ्नो निश्चित मान्यता कायम गर्दै सर्वप्रथम उद्देश,लक्षण र परीक्षा गरि निष्कर्ष निकालेको हामी पाउँदछौँ । उद्देश गर्नु भनेको नामकरण गर्नु भनेको हो । लक्षण भनेको त्यसको आकारप्रकार गुणको विषयमा प्रष्ट्याई अन्यभन्दा विशिष्ट गुण देखाउनु हो । त्यसैगरी परीक्षा भन्नाले माथि उद्देश र लक्षण गरिए अनुसार विषयवस्तु सहि छ छैन र भन्न खोजेको कुरा प्रष्ट हुन्छ हुँदैन भनी जाँच गर्ने प्रक्रिया हो । यसरी न्यायदर्शनले आफ्नो विषयवस्तु प्रतिपादन गर्न अपनाउने विधि आधुनिक समयमा पनि अपनाएको हामीले पाउँदछौँ । आजभोलि विशेषगरी औषधी या विज्ञानका आविष्कारका क्षेत्रमा ती विधिहरूको व्यापका प्रयोग भएको हामीले पाउँदछौँ जस्तै कुनै औषधी निर्माण गरिएमा सर्वप्रथमा त्यसको नामकरण गरिन्छ , त्यसको लक्षण बतान्छ अनि परीक्षण गरिन्छ र परीक्षणमा सफल भयो भने मात्र व्यवहारमा (प्रयोगमा) ल्याइन्छ । त्यसैले भन्नु पर्दछ वर्तमान समयमा पनि न्यायदर्शन त्यत्तिकै महत्त्वपूर्ण र व्यवहारिक भएको प्रमाणित हुन्छ ।

सन्दर्भग्रन्थ सामग्री

१) आचार्य पं.श्रीकृष्णवल्लभ "श्री विश्वनाथपञ्चानन भट्टाचार्य प्रणीत न्यायसिद्धान्त मुक्तावली" प्रकाशक चौखम्बा संस्कृत संस्थान वाराणसी वि.सं.२०३९

२) आचार्य श्री शेषराज शर्मा रेग्मी "श्रीमदन्नम्भट्ट विरचित: तर्कसंग्रह:" प्रकाशक चौखम्वा सुरभारती प्रकाशन वाराणसी षष्ठसंस्करण सन् १९८५

३) उपाध्याय डा.कृष्णदेव निबन्ध चन्द्रिका चौखम्वा ओरियन्टालिया वाराणसी १९७६

४) उपाध्याय विद्यानाथ र शर्मा चेतोनाथ सम्पादक 'न्याय संस्कृत शास्त्रम्' कक्षा ९-१० प्रकाशक जनकशिक्षा सामाग्री केन्द्र लिमिटेड सानोठिमी भक्तपुर वि.सं.२०४०

५) गौरोला वाचस्पति "संस्कृत साहित्यका इतिहास" प्रकाशक चौखम्वा विद्याभवन वाराणसी तृतीय संस्करण १९८५

६) ज.व.रा.स्वयंप्रकाश र पौडेल गिरीराज "शिक्षाको आधार" प्रकाशक विद्यार्थी पुस्तक भण्डार भोटाहिटी वि.सं.२०५९

७) अधिकारी माधव शोध प्रबन्ध ने.सं.वि.आचार्य परीक्षा २०५५ "प्राचीनन्याय नव्यन्याययो: सैद्धान्तिक पृथकत्वम्"

८) भट्टराय प्रा.चूडानाथ "न्याय-दीप" प्रकाशक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाडौँ नेपाल वि.सं.२०२९

९) शर्मा डा.उमाशङ्कर भाष्यकार "सर्वदर्शन संग्रह:" प्रकाशक चौखम्वा विद्याभवन तृतीय संस्करण सन् १९८४

१०) शर्मा पण्डित सोमनाथ सम्पादक "कौटिल्यको अर्थशास्त्र" प्रकाशक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाडौँ नेपाल वि.सं.२०२४

११) शास्त्री स्वामी द्वारिकादास सम्पादक "गौतमीय न्यायदर्शनम्" प्रकाशक वर्द्धमान मुद्रणालय जवाहरं नगर कालोनी वाराणसी द्वितीय संस्करण सन् १९७६

११) शुक्ल श्री वदरीनाथ व्याख्याकार "श्री केशवमिश्रप्रणीत तर्कभाषा " प्रकाशक मोतीलाल बनारसीदास दिल्ली वाराणसी पटना द्वितीय संशोधित संस्करण १९७६

[३४] न्यायशास्त्रम् पृ.११९
[३५] न्यायशास्त्रम् पृ.१२१
[३६] न्यायशास्त्रम् पृ.१३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्द, अर्थ र सम्बन्ध एक विवेचना

नारायणप्रसाद पौडेल
उपप्राध्यापक

विषयप्रवेश

भाषाको सार्थक एकाइ वाक्य हो । वाक्यमा पद र पदहरूमा वर्ण हुन्छन् । वस्तुतः पदहरूका प्रत्येक वर्णहरूको केही पनि अर्थ हुँदैन । जस्तै रामः का र् आ म् अः को अलग-अलग केही अर्थ छैन, त्यस्तै वाक्यमा प्रयोग नभइकन रामः आदि पदहरूको अर्थ सार्थक भएको मानिदैंन । केवल राम वा पुस्तक भनेर पनि शब्दको अर्थ स्पष्ट हुँदैन । रामः पुस्तकं पठति, राम पुस्तक पढ्छ, यो वाक्य हो । यहाँ वाक्यमा प्रयोग भएका कारण रामः, पुस्तकं, र पठति, यी तीन पद सार्थक भएका छन् । अतः वाक्य नै भाषाको सार्थक एकाइ हो । भर्तृहरिले वाक्यपदीयमा यही कुरा व्यक्त गरेका छन्-

पदे न वर्णा विद्यन्ते वर्णेष्ववयवा न च ।
वाक्यात् पदानामत्यन्तं प्रविवेको न कश्चन ।।[१]

महाभाष्यकार पतञ्जलि वाक्यको वास्तविक सत्ता हुन्छ र पदविभाजन जनसाधारणलाई सम्झाउने एक उपाय हो भन्दछन्[२] । वाक्यहरूबाट पदहरू छुट्याउर यो कर्ता हो, यो कर्म हो, यो क्रिया हो इत्यादि सम्झाइन्छ । यस्तो विश्लेषण प्रक्रियालाई भर्तृहरि अपोद्धार भन्दछन्[३] । अपोद्धारवाट नै वाक्यका प्रत्येक पदको अर्थ बताइन्छ र प्रत्येक पदमा प्रकृति प्रत्ययको बोध गराइन्छ ।

पद र शब्द

पद वा रूप (form) र शब्द (word) लाई एकार्थक मान्नु भूल हो । सार्थक मूलरूप शब्द हो भने विभक्ति लागेर निष्पन्न भएको पद हो । अर्थवान् शब्दलाई संस्कृतमा प्रातिपदिक भनिन्छ[४] । आक्रोशार्थक शप्- धातुदेखि उणादि दन् प्रत्यय भएर बनेको शब्द शब्दको अर्थ – अक्षर, कीर्ति, गीति, वाक्य, आकाश, ध्वनि, रहेको छ[५] ।

पतञ्जलि 'जुन शब्द उच्चारण गर्दा कुनै अर्थविशेषको ज्ञान हुन्छ त्यो शब्द हो' भन्दछन्[६] । शब्दद्वारा वस्तु व्यक्ति वा क्रियाको बोध गराइन्छ ।

शब्दका भेद

कुनै पनि शब्द प्रकृति र प्रत्ययको संयोगवाट बनेको छ कि छैन, यस आधारमा संस्कृत व्याकरणमा शब्दका तीन भेद गरिएको छ ।

रूढ

जुन शब्दको प्रकृति प्रत्यय छुट्याउन सकिदैंन वा व्युत्पत्तिले वास्तविक अर्थ प्रदान गर्न सक्दैन र वर्णसमुदायले रूढ अर्थ दिन्छ भने त्यस्ता खाले शब्द रूढ हुन् । जस्तै – मणि, रत्न, नूपुर, स्थूल, आदि ।

यौगिक (योग)

जुन शब्द प्रकृति र प्रत्यय छुट्याएर व्युत्पत्ति गर्न सकिन्छन्, त्यस्ता शब्द यौगिक वा योग हुन् । जस्तै –पच्+ण्वुल् (अक) = पाचक, नन्दि+ल्यु(अन) = नन्दन, धन + इनि = धनिन् (धनी) आदि ।

योगरूढ

कुनै शब्द यौगिक भएर पनि कुनै विशेष अर्थमा रूढ हुन्छन् भने त्यस्ता शब्द योगरूढ हुन् । जस्तै– सरसिज, पङ्कज, आदि । तलाऊ वा हिलोमा उत्पन्न भएको क्रमशः यी दुवैको यौगिक अर्थ भए तापनि यी शब्दले तलाऊ र हिलोमा उत्पन्न अन्य वस्तुलाई नजनाएर कमल अर्थमा रूढ भएका छन् । अतः यिनलाई योगरूढ भनिएको हो ।

रूढ शब्दलाई अव्युत्पन्न प्रातिपदिक र यौगिक शब्दहरूलाई व्युत्पन्न प्रातिपदिक भनिन्छ । रूढ वा अव्युत्पन्न शब्दहरूको "अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम्" १ । २। ४५। सूत्रले प्रातिपदिक संज्ञा गर्दछ भने यौगिक वा व्युत्पन्न शब्दहरूको प्रातिपदिक संज्ञा "कृत्तद्धितसमासाश्च" १। २। ४६। सूत्रले गर्दछ । अतः कृत्प्रत्ययान्त, तद्धितप्रत्ययान्त र समस्त शब्द पनि प्रातिपदिक हुन्छन् र यिनबाट पनि सुप् (सु, औ, जस् आदि) प्रत्यय हुन्छन् । यसरी सबै सार्थक शब्दहरू संस्कृत-व्याकरणमा प्रातिपदिक मानिन्छन् ।

---

१. भर्तृहरि, वाक्यपदीय, १। ७३ ।
२. आह चैवं भाष्यकारः । तस्मान्मन्यामहे पदान्यसत्यानि एकमभिन्नस्वभावकं वाक्यम् । तदवुधवोधनाय पदविभागः कल्पित इति । वाक्यपदीय २। ५७ को पुण्यराजको टीका भाषा विज्ञान एवं भाषा शास्त्र, पृ. २७५ मा कपिलदेव द्विवेदीद्वारा उद्धृत ।
३. यथा पदे विभज्यन्ते प्रकृतिप्रत्ययादयः । अपोद्धारस्तथा वाक्ये पदानामुपवर्ण्यते ।। वाक्यपदीय २ । १० ।
४. अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम्, अष्टाध्यायी १ । २ । ४५ ।
५. *शप्यते = आक्रुश्यते । शप आक्रोशे (भ्वादि १०००, दिवादि ११६८)* शाशपिभ्यां ददनौ (उणादि ४ । ९७ ।) इति दन् । शब्दोऽक्षरे यशोगीत्योर्वाक्ये खे श्रवणे ध्वनौ ।। इति हैमः । (अमरकोष, रामाश्रमी टीका १ । ५७ ।
६. येनोच्चारितेन सास्नालाङ्गूलककुदखुरविषाणिनां संप्रत्ययो भवति स शब्दः । पतञ्जलि, महाभाष्य, आह्निक १ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पद र शब्दमा अन्तर

सामान्यतया पद र शब्दलाई एकार्थक मानिए पनि व्याकरणका दृष्टिले यी दुवै शब्दको अर्थ फरक छ । सार्थक ध्वनि समूह शब्द हो, यो मूलरूप हो एवं कुनै पनि शब्द पद नभइकन प्रयोगमा आउँदैन[७] ।

सुबन्त र तिङन्त गरी पद दुई प्रकारका हुन्छन्[८] ।

सुबन्त-पद

संज्ञा, विशेषण, सर्वनाम आदि शब्द र अव्यय शब्ददेखि सु, औ, जस्, आदि २१ प्रत्यय हुन्छन्, यिनलाई छोट्करीमा सुप्-प्रत्यय भनिन्छ । सुप्- प्रत्ययान्त रामः, रामेण, हरिषु, च, वा, ह, खादित्वा, आदि सुवन्त-पद हुन् । अव्ययदेखि विधान गरिएको सुप्प्रत्ययको लोप हुन्छ र प्रयोगमा आउँदा विभक्ति देखिदैंन ।

तिङन्तपद

धातुहरूदेखि तिप्, तस्, झि आदि १८ तिङ् - प्रत्यय लागेर बन्ने क्रिया तिङन्त- पद हुन् । पठ्+ लट् (तिप्) पठति, गम्+लट्(तिप्) गच्छति, लभ् +लट् (त) लभते, आदि ।

पदविभाजन

पाणिनि सुवन्त र तिङन्त दुई पद मान्दछन् र सुबन्त भित्र नाम सर्वनाम विशेषण अव्यय आदिलाई समेट्छन् भने तिङन्त क्रिया तिङन्त-पद हो, भन्दछन् ।

यास्कको विभाजन अनुसार पद ४ प्रकारका छन्[९] ।

१ नाम– राम, कृष्ण, रमा, शम्भु, भानु नदी आदि।

२ आख्यात-(क्रियापद) खादति, अखादत्, चलति, आदि ।

३ उपसर्ग - प्र, परा, अप, आदि ।

४ निपात - च वा इव आदि अव्यय ।

पतञ्जलि पनि चत्वारि वाक्परिमिता पदानि– यो ऋग्वेद मन्त्रको व्याख्या क्रममा यास्कका उक्त चार विभाजनलाई समर्थन गर्दछन्[१०] । ऋग्वेदको उक्त मन्त्रको व्याख्या गर्ने क्रममा सायण विभिन्न अर्थ मध्ये उक्त ४पदका साथ परा पश्यन्ती, मध्यमा, वैखरी यी चार प्रकारका वाणीको उल्लेख गर्दछन्[११] ।

नागेश भट्ट पनि महाभाष्यमा उद्धृत उक्त श्लोकको व्याख्या गर्ने सिलसिलामा उपर्युक्त चार वाणीको चर्चा गर्दछन्[१२] । भर्तृहरि प्राचीन मतहरू उल्लेख गर्दै आचार्यहरूले पदका दुई चार र पाँच भेद मानेका छन् भन्दछन्[१३] । उनले पाँचौं भेद कर्मप्रवचनीय मानेका छन् । प्रति परि अनु आदि अव्यय विशेष अवस्थामा उपसर्ग संज्ञा नभएर कर्मप्रवचनीय - संज्ञक हुन्छन्, जो सिद्धान्तकौमुदी कारकप्रकरण कर्मकारकको प्रसंगमा सोदाहरण प्रस्तुत गरिएको छ । यी जतिसुकै भेद मानिए पनि पाणिनिले बनोटका आधारमा गरेका सुवन्त र तिङन्त पद विभाजन नै उपयुक्त लागदछ ।

अर्थ शब्दको व्युत्पत्ति र लक्षण

स्वार्थ णिजन्त(चुरादि) अर्थि धातुदेखि घञ् प्रत्यय भएर वा ऋधातुदेखि उणादि थन् प्रत्यय भएर अर्थ शब्द निष्पन्न हुन्छ[१४] । जसको अर्थ – विषय, माग्नु, धन, कारण, वस्तु, शब्दहरूको अभिधेय, निवृत्ति, प्रयोजन आदि रहेको छ[१५] । भर्तृहरिले वाक्यपदीयमा अर्थका १८ लक्षण दिएका छन् । साथै उनले अर्थको सुन्दर लक्षण पनि प्रस्तुत गरेका छन् ।

यस्मिँस्तूच्चरिते शब्दे यदा योऽर्थः प्रतीयते । तमाहुरर्थं तस्यैव नान्यदर्थस्य लक्षणम्[१६] ।।

जुन शब्द उच्चारण गर्दा जो अर्थ प्रतीत हुन्छ, त्यस शब्दको त्यही नै अर्थ हो, अर्थको अर्को लक्षण छैन । यसबाट अर्थको सामान्य लक्षण प्रतीति हो भन्ने स्पष्ट हुन्छ । प्रत्येक व्यक्तिले कुनै शब्द सुनेर केही अर्थ सम्झन्छ, उसको त्यो व्यक्तिगत अनुभूति प्रतीति नै अर्थ हुन्छ । प्रत्येक भाषामा एउटै अर्थका लागि अलग-अलग शब्द छन् । शब्दहरूको अर्थ स्वाभाविक छैन अपितु यदृच्छामूलक छ । एउटै शब्दको विभिन्न भाषाहरूमा विभिन्न अर्थ हुन्छ । प्रत्येक भाषाका वक्ता र श्रोता आफ्नो भाषामा संकेतित अर्थलाई नै ग्रहण गर्दछन् ।

---

७. न केवला प्रकृतिः प्रयोक्तव्या, नापि केवलः प्रत्ययः । अपदं न प्रयुञ्जीत –महाभाष्य ।
८. सुप्तिङन्तं पदम्, अष्टाध्यायी १ । ४ । १४।
९. चत्वारि पदजातानि, नामाख्याते चोपसर्गनिपाताश्च । यास्क, निरुक्त अ. १। १ ।
१०. चत्वारि पदजातानि नामाख्यातोपसर्गनिपाताश्च । महाभाष्य, आह्निक १ ।
११. ऋग्वेदसंहिता, द्वितीयाष्टक सू. १६४। मं. ४५ । सायण - भाष्य पृ. २९५-२९६ ।
१२. नागेश, महाभाष्य आह्निक १, उद्योतटीका ।
१३. द्विधा कैश्चित् पदं भिन्नं चतुर्धा पञ्चधाऽपि वा । अपोद्धृत्यैव वाक्येभ्यः प्रकृतिप्रत्ययादिवत् ।। वाक्यपदीय ३ । १।
१४. अर्थ्यते । अर्थ उपयाच्ञायाम् (चु. आ. से.) अकर्तरि च कारके संज्ञायाम् (३। ३। १९) इति घञ् । ऋच्छति, अर्यते वा ऋ गतौ (भ्वा. प.अ.) उषिकुसिगर्तिभ्यस्थन् (उणादि २। ४) इति थन् । अमरकोष, रामाश्रमी टीका पृ.४४१ ।
१५. आचार्य, हेमचन्द्र, अनेकार्थसंग्रह, काण्ड २ श्लो.सं.२१५ ।
१६. भर्तृहरि, वाक्यपदीय, २ । ३२८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थको महत्त्व

पाणिनि भाषाको सार अर्थलाई मान्दै सार्थक शब्दलाई प्रातिपदिक भन्दछन्[१७]।

यास्क आफ्नो निरुक्त नामक ग्रन्थमा निर्वचनको आधार नै अर्थ हो भन्दछन्[१८]। र उक्त ग्रन्थमा अर्थको महत्त्व यसरी प्रस्तुत गरिएको छ –

स्थाणुरयं भारहारः किलाभूदधीत्य वेदं न विजानाति योऽर्थम्।
योऽर्थज्ञ इत् सकलं भद्रमश्नुते नाकमेति ज्ञानविधूतपाप्मा[१९]।।

जो वेद पढेर अर्थ जान्दैन त्यो व्यक्ति ठूटो हो अथवा भारी बोक्ने पशु हो, जो अर्थज्ञ छ, उसले नै संपूर्ण कल्याण प्राप्त गर्दछ एवं ज्ञानरूपी ज्योतिद्वारा पाप पखालिएर ब्रह्मत्व प्राप्त गर्दछ।

पतञ्जलि पनि अर्थ नजान्नेको अध्ययन काम लाग्दैन भन्दछन् -

यदधीतमविज्ञातं निगदेनैव शब्द्यते।
अनग्नाविव शुष्कैधो न तज्ज्वलति कर्हिचित्[२०]।।

जसरी सुकेको दाउरा आगामा नहालिकन बल्दैन, त्यसरी नै अर्थ नबुझीकन गरेको अध्ययन काम लाग्दैन केवल उच्चारणका लागि मात्र हुन्छ।

ऋग्वेदमा अर्थ जान्नेलाई अजेय योद्धा र अर्थ नजान्नेलाई थारो गाई एवं फल-फूल रहित वाणीको संग्रह कर्ता भनिएको छ –

उत त्वं सख्ये स्थिरपीतमाहुर्नैनं हिन्वन्त्वपि वाजिनेषु।
अधेन्वा चरति माययैष वाचं शुश्रुवाँ अफलामपुष्पाम्[२१]।।

यास्क पनि अर्थ वाणीको फलफूल हो भन्दछन्[२२]। यी विभिन्न भनाईले भाषाको अर्थज्ञान भएपछि मात्र भाषाको सार्थकता सिद्ध हुन्छ। अर्थ नै भाषाको सर्वस्व हो अर्थहीन भाषा सन्तानहीन स्त्री समान हो।

अर्थज्ञान

ज्ञान प्रत्यय वा प्रतीति भाषाको मानसिक पक्ष हो। मनमा विचार उठ्छ र वक्ताले शब्दहरूद्वारा ती विचार अभिव्यक्त गर्दछ। श्रोताले कानले ती शब्द सुनेर मनद्वारा तिनका अर्थहरूको ज्ञान गर्दछ। यसरी भाषाको उद्गम तथा अर्थज्ञान दुवै मानसिक पक्ष हुन्। वक्तादेखि श्रोतासम्म सुरुदेखि अन्त्य सम्म भाषा मानसिक पक्षमा अनुस्यूत रहेको छ।

अर्थज्ञानका साधन

(१) आत्मप्रत्यक्ष (स्वप्रत्यक्ष वा आत्मानुभूति)

(२) परप्रत्यक्ष (परानुभव)

(१) आत्मप्रत्यक्ष - भनेको स्वयं कुनै वस्तु आफ्नै आँखाले देख्नु वा अन्य इन्द्रियले अनुभव गर्नु हो। जस्तै– पशु, पक्षी, मनुष्य, स्त्री, गाई, आदि देखेर स्वयं ज्ञान प्राप्त गर्नु। स्याउ, सुन्ताला, कागती, आदिको रस स्वयं चाखेर अनुभव गर्नु यो आत्मप्रत्यक्ष हो। आत्मप्रत्यक्ष स्पष्ट अधिक प्रामाणिक र स्थायी हुन्छ।

आत्मप्रत्यक्षका पनि दुई भेद छन्। क. वाह्य इन्द्रियजन्य, ख. अन्तरिन्द्रियजन्य।

क. वाह्य इन्द्रियजन्य –वाह्य इन्द्रिय आँखा, नाक, कान, छाला, र जिब्रो हुन्। देखेको वस्तु आँखाले, सुँघेको गन्ध नाकले, सुनेको शब्द कानले छोएको कुरा छालाले र जिब्राले चाखेको स्वाद जान्नु वाह्य इन्द्रियजन्य ज्ञान वा अनुभव हो। यिनको ज्ञान वा अनुभव यी ज्ञानेन्द्रियहरूले प्रत्यक्ष गरेका छन्।

ख. अन्तरिन्द्रियजन्य ज्ञान –अन्तरिन्द्रिय वा अन्तः करण मन हो। केही सूक्ष्म चीजहरूको ज्ञान वाह्य इन्द्रियहरूले गर्न सक्दैनन्, तिनीहरूको ज्ञान मनले गर्दछ। जस्तै –सुख या दुःखको अनुभव शोक र क्रोध को अनुभव, भोक तिर्खाको अनुभव, र हर्ष क्षोभ आदिको अनुभव व्यक्ति स्वयंले मनद्वारा गर्दछ। यो अन्तरिन्द्रियवाट हुने प्रत्यक्ष सूक्ष्म हुनाले कम स्पष्ट केही अंश तक अनिर्वचनीय एवं अवर्णनीय हुन्छ।

(२) परप्रत्यक्ष–जसलाई अर्काले देखेको छ त्यसलाई परप्रत्यक्ष भनिन्छ। जो देश, स्थान, पर्वत र समुद्र आदि हामीले स्वयं देखेका छैनौं। तिनको प्रत्यक्ष हामी परप्रत्यक्षवाट गर्दछौं, जो उनीहरूले स्वयं देखेका छन्। परप्रत्यक्षका आधारमा हामी भूगोल, शहर, नदी, समुद्र, दर्शनीयस्थलहरूका बारेमा ज्ञान प्राप्त गर्दछौं।

परप्रत्यक्षमै आप्त-वाक्य आप्तवचन या प्रामाणिक व्यक्तिहरूको कथन आदि पर्दछन्। त्यस कारण वेद, शास्त्र, स्मृतिहरू आदिवाट हामी पाप, पुण्य, धर्म, अधर्म, स्वर्ग, नरक, मोक्ष, ईश्वर, जीव, आत्मा परमात्माको ज्ञान प्राप्त गर्दछौं।

शव्द र अर्थको सम्वन्ध

---

[१७]. अष्टाध्यायी १।२।४५।
[१८]. अर्थनित्यः परीक्षेत। निरुक्त, २।१।
[१९]. यास्क, निरुक्त, १।१८।
[२०]. महाभाष्य, आह्निक १।
[२१]. ऋग्वेद १०।७१। ५।
[२२]. अर्थं वाचं पुष्पफलमाह। निरुक्त, १। २०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसरी आँखा आदि इन्द्रियह रूको स्वविषयक योगयता रहन्छ त्यसरी नै शब्द र अर्थको सम्वन्ध निश्चित गरिएको हुन्छ[२३] । त्यस कारण यो शब्दको यही अर्थ हो भन्न संभव भएको हो । गाई भन्नाले गाई पशु अर्थ नै लिइन्छ घोडा आदि अन्य पशु अर्थ किन लिइन्न भने प्रत्येक सार्थक शब्दले कुनै अर्थ (वस्तु) विशेषको बोध गराउँछ । कुन शब्दले कुन अर्थ विशेषको बोध गराउँछ, यो कुरा संकेतग्रहमा निर्भर हुन्छ । प्रत्येक भाषामा यो शब्दको यही अर्थ हुन्छ भन्ने संकेतित छ । यो संकेत स्वेच्छाजन्य वा यादृच्छिक हुन्छ ।

प्रारम्भमा कुनै व्यक्तिले कुनै विशेष अर्थमा कुनै शब्दको प्रयोग गर्दछ, पछि त्यो शब्द त्यस समाज वा भाषामा लोकप्रिय हुन्छ । त्यही त्यस शब्दको संकेतित अर्थ मानिन्छ । एउटै शब्दले विभिन्न भाषामा फरक फरक अर्थ दिन्छ, (अंग्रेजी know (नो)) संस्कृत र हिन्दीमा निषेधार्थक मानिएको छ । अंग्रेजीमा knee (नी) = घुँडो हो भने संस्कृत भाषामा नी = लैजाने क्रिया जनाउने धातु हो । अतः शब्द र अर्थका बीच सम्वन्ध आवश्यक छ, यसलाई संकेतग्रह पनि भनिन्छ । संकेतग्रह लोकव्यवहार एवं अनुभवद्वारा हुन्छ ।

आवाप उद्वाप वा अन्वय - व्यतिरेक - तत्सत्त्वे तत्सत्त्वम् अन्वयः, तदभावे तदभावो व्यतिरेकः । जुन शब्द हुँदा जो अर्थ रहन्छ त्यो अन्वय हो भने जुन शब्द नहुँदा जो अर्थ रहदैंन त्यो व्यतिरेक हो । अर्को शब्दमा अन्वय आवाप हो भने व्यतिरेक उद्वाप हो । बालकको अर्थज्ञानको प्रक्रिया अन्वय-व्यतिरेक हो । गाम् आनय = गाई ल्याऊ । गां नय = गाई लैजाऊ । अश्वम् आनय = घोडा ल्याऊ । अश्वं नय = घोडा लैजाऊ । यी ४ वाक्यबाट बालकले गाई, घोडा, ल्याऊ, लैजाऊ, चार शब्दहरू सिक्दछ । प्रथम दुई वाक्यमा गाई शब्द छ । ल्याऊ भन्दा गाई ल्याइयो र लैजाऊ भन्दा गाई लगियो । दुवै वाक्यमा गाई शब्द रहेको छ । यसवाट वालकलाई स्पष्ट भयो कि गाई शब्दको अर्थ गाई नामक पशु हो । अन्य दुई वाक्यहरूवाट घोडाको अर्थ स्पष्ट भयो । ल्याऊवाट ल्याउनु र लैजाऊवाट हटाउनु स्पष्ट भयो । यस अन्वय -व्यतिरेक पद्धतिवाट वालकलाई एक-एक शब्दको अर्थ ज्ञान हुन्छ ।

विम्वनिर्माण - मनोविज्ञानका दृष्टिमा मनुष्यका मस्तिष्कमा प्रत्येक शब्दको विम्व (चित्र) अङ्कित हुन्छ । त्यो बिम्व स्थायी रूपमा मस्तिष्कमा रहिरहन्छ । गाई देख्दा खेरि गाईको विम्व अङ्कित हुन्छ र पुनः गाई देखे पछि उद्बुद्ध हुन्छ अनि हामी गाई चिन्दछौं । यसरी नै वस्तुको विम्व मनमा अङ्कित हुन्छ र त्यसको वाचक गाई आदि पनि संस्कार रूपमा अङ्कित हुन्छ । शब्द-(गाई) र अर्थ (गाई पशु) को स्थिर मानसिक संस्कारलाई विम्वनिर्माण भनिन्छ । यस विम्वनिर्माणको कारण भविष्यमा गाई पशु देख्ने वित्तिकै गाई शब्द उपस्थित हुन्छ ।

दार्शनिक दृष्टिकोण - दार्शनिक वा भाषाशास्त्रीय दृष्टिकोणवाट विचार्दा शब्द र अर्थ अन्योन्याश्रित (interreelated) छन् । शब्द शरीर हो भने अर्थ आत्मा हो, दुवै मिलाएर सार्थक शब्द बन्दछ । आत्मा विना शरीर निर्जीव भए जस्तै अर्थ विना शब्द निर्जीव हुन्छ । साथै शब्द विना अर्थ अग्राह्य वा अप्रयोज्य हुन्छ । शब्दले मूर्तरूप दिन्छ भने अर्थले त्यसमा चेतना प्रदान गर्दछ । सार्थक प्रयोगका लागि दुवैको समन्वित रूपमा उपस्थिति हुनु अनिवार्य छ । यस कारण भर्तृहरि वाक्यपदीयमा शब्द र अर्थलाई एउटा तत्त्वको अभिन्न अङ्ग मान्दछन् –

एकस्यैवात्मनो भेदौ शब्दार्थावपृथक्स्थितौ[२४] ।

साथै उनी अर्थ र शब्दको वाच्यवाचक सम्वन्ध छ भन्दछन् र अभिधा (शक्ति) भित्र लक्षणा र व्यञ्जनाको पनि अन्तर्भाव मान्दछन् –

अस्यायं वाचको वाच्य इति षष्ठ्या प्रतीयते ।
योगः शब्दार्थयोस्तत्त्वमप्यतो व्यपदिश्यते[२५] ।

सत्केतग्रहका साधन

आचार्य जगदीश शब्दशक्तिप्रकाशिकामा सङ्केतग्रह वा अर्थ ज्ञानका ८ साधन मान्दछन् –

शक्तिग्रहं व्याकरणोपमानकोशाप्तवाक्याद् व्यवहारतश्च ।
वाक्यस्य शेषाद् विवृतेर्वदन्ति सान्निध्यतः सिद्धपदस्य वृद्धाः[२६] ।।

१ व्याकरण २ उपमान ३ कोश ४ आप्तवाक्य ५ व्यवहार ६ वाक्यशेष ७ विवृति ८ प्रसिद्ध - पदको सान्निध्य यी ८ आठबाट शब्दको अर्थज्ञान गर्न मद्दत पुग्दछ ।

व्याकरण - अर्थ जान्नका लागि व्याकरण अत्यन्त सहायक हुन्छ । व्याकरणद्वारा प्रकृति - प्रत्यय, समास, तद्धित, कृत्प्रत्यय र स्त्रीलिङ्ग आदिको वोध हुन्छ । पठ् धातुवाट वन्ने पठति, अपठत्, पठिष्यति, अपाठीत्, आदिका पढ्यो, पढ्छ, पढ्नेछ, पढ्योको अन्तर व्याकरणले वताउँछ । वसुदेव+अण् (पुत्र अर्थमा) प्रत्यय = वासुदेव वसुदेवका छोरा अर्थ व्याकरणद्वारा नै स्पष्ट हुन्छ । यसरी सङ्केतग्रहमा प्रमुख साधन व्याकरण मानिएको छ ।

उपमान - उपमानको अर्थ सादृश्य हो । समान वस्तु वताएर कुनै शब्दको अर्थ वताउनु । जस्तै– गौरिव गवयः, = गाई जस्तो नील गाई हुन्छ । यस उपमानद्वारा गवय (नील गाई) को अर्थ वुझिन्छ ।

---

२३. इन्द्रियाणां स्वविषयेष्वनादिर्योग्यता यथा । अनादिरर्थैः शब्दानां सम्वन्धो योग्यता तथा ।। भर्तृहरि, वाक्यपदीय, पदकाण्डको सम्वन्धसमुद्देश श्लो. सं. २९ ।
२४. भर्तृहरि, वाक्यपदीय २ । ३१।
२५. वाक्यपदीय, ३ । ३ । ३ ।
२६. विश्वनाथ, न्यायसिद्धान्तमुक्तावलीको शब्दखण्डमा उद्धृत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोश - कोशग्रन्थहरूबाट शब्दहरूको अर्थ जान्न सहायता मिल्दछ । वृत्रहा, त्रिपुरारि, मध्वरि, कायं आदि शब्दहरूको अर्थ हामीलाई थाहा छैन भने कोशग्रन्थको सहायताले यिनीहरूको अर्थ क्रमशः इन्द्र, शिव, विष्णु, शरीर, आदि अर्थ जानिन्छ ।

आप्तवाक्य - विषय वस्तुको राम्रो ज्ञान भएको र राग द्वेष आदिको वशमा भएर अन्यथा न बोल्ने यथार्थ-वक्तालाई आप्त भनेर वैयाकरण-सिद्धान्त-लघु-मञ्जूषा उल्लेख गरिएको छ[२७] । वर्तमान परिप्रेक्ष्यमा वेद, शास्त्र, गुरु, माता, पिता, आदिलाई पनि आप्त मान्न सकिन्छ । माता पितालाई आप्त मानेर नै बालकले बाल्यकालमा सम्पूर्ण भाषा सिक्दछ । यस्तै ईश्वर, जीव, पाप, पुण्य, मोक्ष आदिको ज्ञान हामीलाई वेद आदिबाट प्राप्त हुन्छ ।

व्यवहार– लोकव्यवहार अर्थज्ञानको सर्वोत्तम साधन हो । बालकदेखि वृद्धसम्म लोकव्यवहारद्वारा सबभन्दा बढी अर्थज्ञान गर्न सक्दछन् । संसारका सम्पूर्ण वस्तुहरूको नाम हामी लोकव्यवहारद्वारा जान्दछौं । साथै आमा, बुवा, गुरु, साथी आदिको व्यवहारबाट नै सम्बन्धीहरूको नाम सम्बन्ध (भाइ, काका, मामा, आदि)को ज्ञान पशु पक्षीहरूको नाम तथा बजारका सम्पूर्ण चीजहरूको नाम आदि जान्दछौं ।

वाक्यशेष (प्रकरण) - वाक्यशेष भनेको प्रकरण हो । प्रकरण वा प्रसङ्ग नानार्थक शब्दहरूको अर्थनिर्णयको सर्वोत्तम साधन हो । रस र ध्वनि शब्दका अनेक अर्थ छन् । प्रसङ्ग अनुसार यिनीहरूको अर्थ निर्णय हुन्छ । क. रसो वै सः, मा रसको अर्थ आनन्द लिइन्छ । अर्थात् परमात्मा आनन्द स्वरूप छ ।

ख. वाक्यं रसात्मकं काव्यम्, (रसयुक्त वाक्य काव्य हो)मा रसको अर्थ काव्य-रस हो ।

ग. सरसं भोजनम्, (रसयुक्त भोजनमा) रसको भोज्य मधु आदि षड्रस हो । घ. ध्वनिरात्मा काव्यस्य (काव्यको आत्मा ध्वनि हो) मा ध्वनिको अर्थ व्यञ्जना हो । ङ. कोकिल-ध्वनिमा ध्वनिको अर्थ शब्द वा कूजन हो ।

विवृति (विवरण) - विवरण वा व्याख्याबाट अनेक शब्दहरूको अर्थ स्पष्ट हुन्छ । पारिभाषिक, प्राविधिक, तथा दार्शनिक आदि शब्दहरूको व्याख्या विना अर्थ बुझ्न सकिन्न । जस्तै – तन्त्र, विधान, विधि, शासन, पद्धति, अर्थशास्त्र, ज्योतिष, व्याकरणदर्शन, अद्वैत, द्वैत, त्रैत, विशिष्टाद्वैत आदि ।

प्रसिद्ध पदको सान्निध्य - प्रसिद्ध वा ज्ञात पदहरूको समीपताबाट अज्ञात शब्दको अर्थज्ञान हुन्छ । सुधाका दुई अर्थ छन् -अमृत र चुना । सुधासिक्त भवनमा भवनको सान्निध्यले चुना अर्थ लिइन्छ र चुना पोतिएको घर र सुधापानले अमर देवगण, यस वाक्यमा देवगणको सान्निध्यले सुधाको अर्थ अमृत लिइन्छ ।

सङ्केतग्रहका बाधक तत्त्व– निम्नलिखित तत्त्व सङ्केतग्रहका बाधक हुन्छन्–

१ समरूपताको अभाव –वक्ता र श्रोतामा समरूपता, एक प्रकारको स्तर वा सामानाधिकरण्यको अभाव सङ्केतग्रहमा बाधक हुन्छ । यो तीन प्रकारको हुन्छ ।

क. भाषागत समरूपताको अभाव – वक्ता र श्रोता यदि एक अर्काको भाषा सम्झन्छन्, तब सङ्केतग्रह वा अर्थबोध हुन्छ अन्यथा हुँदैन । जापानी, जर्मनी, रुसी, आदि भाषा बोल्नेसँग नेपाली भाषीको वार्तालाप दोभाषे विना सम्भव हुँदैन । दुवैमा भाषाको समता छैन

ख. बौद्धिक समरूपताको अभाव – वक्ता र श्रोताको बौद्धिक स्तर समान भएमा मात्र एक आपसको अभिप्राय ठीकसंग बुझ्न सकिन्छ । अनपढका अगाडि रसनिरूपण ध्वनिसिद्धान्त, वक्रोक्ति आदिको चर्चा भैंसीका अगाडि बाजा बजाउनु सरह हो । यहाँ दुवैको बौद्धिक स्तर समान छैन ।

ग. भावात्मक समरूपताको अभाव –वक्ता र श्रोतामा यदि भावात्मक वा हार्दिक समानता छैन भने अर्थ बोध हुँदैन । सहृदयले नै रस ध्वनि बुझ्न सक्दछ । नीरस व्यक्तिका लागि यस्तो काव्य अर्थहीन हुन्छ ।

२ अशुद्ध अर्थज्ञान – यदि शब्दको अशुद्ध अर्थ बुझेको छ भने पनि त्यसलाई अर्थबोध हुँदैन । यदि कसैले वर्णीको ब्रह्मचारी शिष्यका ठाउँमा रंग भएको अर्थ बुझ्छ वा श्रोत्रिय (वेद अध्येता) को अर्थ सुन्दर कान भएको वा शालीन (शिष्ट)को अर्थ सुन्दर घर भएको बुझ्दछ भने त्यसलाई अर्थबोध हुँदैन ।

३ सङ्केत भुल्नु –शब्दको अर्थ जानेको थियो तर अनभ्यासका कारण भुल्यो भने पनि त्यसलाई अर्थज्ञान हुँदैन । अन्वय, व्यतिरेक, अपोद्धार, (विश्लेषण) परिदेवना (विलाप)को अर्थ भुल्यो भने यी शब्दहरूको प्रयोगबाट अर्थबोध हुँदैन ।

४ आवृत्तिजन्य दृढताको अभाव –

बारम्बार आवृत्ति नगर्दा शब्दको अर्थ बिर्सिन्छ । आवृत्तिद्वारा शब्दको अर्थ मस्तिष्कमा राम्ररी रहन्छ । मस्तिष्कमा शब्दको अर्थ राम्ररी रहेन भने त्यो अर्थ तुरुन्त उपस्थित हुँदैन र अर्थबोध हुँदैन ।

प्रत्यक्ष ज्ञानका बाधक कारण -

सांख्यकारिका अनुसार प्रत्यक्ष ज्ञानका बाधक कारण ८ मानिएका छन् –

अतिदूरात् सामीप्यादिन्द्रियाघातान्मनोऽनवस्थानात् ।
सौक्ष्म्याद् व्यवधानादभिभवात् समानाभिहाराच्च[२८] ।।

---

[२७]. आप्तो नामानुभवेन वस्तुतत्वस्य कात्स्न्र्येन निश्चयवान् रागादिवशादपि नान्यथावादी यः स इति चरके पतञ्जलिः । नागेश, वैयाकरणसिद्धान्तलघुमञ्जूषा पृ .२६मा उद्धृत ।

[२८]. ईश्वरकृष्ण, सांख्यकारिका श्लो. ७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिदूरता, समीपता, इन्द्रियघात, मनको अस्थिरता, अतिसूक्ष्मता, व्यवधान, अभिभव, समानाभिहार, यिनीहरूवाट अर्थवोध हुन सक्दैन ।

अतिदूरता – वक्ता र श्रोता एक आपसमा अत्यन्त टाढा भएमा पनि सङ्केतग्रह हुन सक्दैन । दूरीका कारण एक अर्काको आवाज स्पष्ट नसुनिएर अर्थबोध हुँदैन ।

अतिसमीपता – अत्यधिक समीपमा भएमा पनि संकेतग्रह हुँदैन । कसैले कानैमा आएर चर्को स्वरमा बोल्दा खेरि पनि शब्द सुन्न नसकेर अर्थबोध हुँदैन ।

इन्द्रियघात – भनेको ज्ञानेन्द्रियमा कुनै प्रकारको कमी हुनु हो । कानले शब्द सुनिन्छ तर वक्ता वा श्रोता अथवा दुवै बहिरा छन् भने पनि शब्द सुन्न नसक्नाले संकेतग्रह नभएर अर्थवोध हुँदैन ।

मनको अस्थिरता – यदि वक्ता वा श्रोता अथवा दुवैको मन एकाग्र छैन र एक-अर्काको कुरा स्पष्टसँग सुनेका छैनन् भने पनि संकेतग्रह हुँदैन र अर्थबोध हुँदैन । रूप, रस, शब्द आदि सबै खाले ज्ञानका लागि मनको एकाग्रता अनिवार्य छ ।

अतिसूक्ष्मता– आवाज अत्यन्त सानो भयो भने पनि सभा आदिमा पछाडि बसेका श्रोता सामु उक्त आवाज नपुगेर संकेतग्रह हुँदैन र अर्थवोध हुँदैन ।

व्यवधान – वक्ता र श्रोताका बीचमा कुनै प्रकारको पर्खाल आदिले छेक्दा पनि वक्ताको ध्वनि श्रोता सम्म नपुगेर अर्थवोध हुँदैन।

अभिभव – को अर्थ, तिरस्कृत हुनु, दब्नु, हो । नजिकै हल्ला वा चर्को आवाज छ भने पनि सानो आवाज दवेर श्रोता सामु पुग्दैन र अर्थवोध हुँदैन ।

समानाभिहार - को अर्थ समान वस्तुमा मिल्नु हो । एकसाथ धेरै बाजा वज्दा सबैको ध्वनि स्पष्ट नभए झैं स्टेजमा एकसाथ धेरै वक्ता वोलेका छन् भने आवाजहरू मिलेर स्पष्ट सुन्न सकिन्न र अर्थवोध हुँदैन । यस कारण भर्तृहरिले शब्दको उच्चारण गर्दैमा अर्थ स्पष्ट हुँदैन, त्यसका लागि कान र मनको विषय हुनु आवश्यक छ भन्दछन् –

विषयत्वमनापन्नैः शब्दैर्नार्थः प्रतीयते ।
न सत्तयैव तेऽर्थानामगृहीताः प्रकाशकाः[२९] ॥

निष्कर्ष – वैयाकरण शब्दलाई ब्रह्म मान्दछन् । साथै समस्त जगत् शब्दको परिणाम हो र कल्पको आरम्भमा वेदहरूवाट नै विश्वको सृष्टि भएको पनि भन्दछन्[३०] । संसारको कुनै पनि ज्ञान शब्द विना हुन सक्दैन र सम्पूर्ण ज्ञान शब्दसँग गाँसिएको जस्तो भान हुन्छ[३१] । अतः कुनै पनि ज्ञानका लागि शब्द जान्नु आवश्यक पर्दछ र अर्थबोधक क्षमता असाधु शब्दमा भए पनि साधु शब्द प्रयोग गर्नु पर्दछ । जो यस लोकमा मात्र नभएर परलोकमा पनि अभीष्ट प्रदान गर्ने हुन्छ भनिएको छ[३२] । त्यसैगरी कुनै पनि अध्ययन गरे पछि अर्थवोध गर्नु आवश्यक पर्दछ । आगो नभ्फोसिकन सुकेको दाउरा नबले झैं अर्थ नवुझिकन गरेको अध्ययन काम लाग्दैन । अस्तु

सन्दर्भग्रन्थसूची

आचार्य, हेमचन्द्र, अनेकार्थसंग्रह - कोश, वाराणसी : चौखम्वा संस्कृत सीरिज अफिस वि. सं. २०२६ (द्वि.सं.)

द्विवेदी, कपिलदेव, भाषाविज्ञान एवं भाषाशास्त्र, वाराणसी : विश्वविद्यालय प्रकाशन, ई. सं. १९९७(पं.सं.)

पतञ्जलि, व्याकरणमहाभाष्य, प्रदीपटीका (टीकाकार कैयट) एवं हिन्दी व्याख्या(व्याख्याकार, आचार्यमधुसूदनप्रसाद मिश्र) वाराणसी : चौखम्वा विद्याभवन ई.सं.२००३

पाणिनि, अष्टाध्यायी, (परिष्कर्ता गोपालशास्त्री दर्शनकेशरी) एवं सम्पादक गोपालदत्त पाण्डेय वाराणसी : चौखम्वा सुरभारती प्रकाशन ई.सं.१९९२(च.सं.)

भट्ट, कौण्ड, वैयाकरणभूषणसार, दर्पणव्याख्या (व्याख्याकार श्रीहरिवल्लभ) तथा सुवोधिनी हिन्दी व्याख्यासहित (व्याख्याकार डा. चन्द्रिकाप्रसाद द्विवेदी) दिल्ली : चौखम्वा संस्कृत प्रतिष्ठान ई.सं.२००१(तृ.सं.)

भट्ट, नागेश, वैयाकरणसिद्धान्तलघुमञ्जूषा, सम्पादक आचार्य श्रीरामप्रसाद त्रिपाठी, वाराणसी : सम्पूर्णानन्द -संस्कृत-विश्वविद्यालय ई.सं. १९९० ।

भट्ट, नागेश, वैयाकरणसिद्धान्तपरमलघुमञ्जूषा, किरणावली संस्कृतव्याख्या एवं हिन्दी व्याख्या सहित (व्याख्याकार लोकमणि दाहाल) वाराणसी : चौखम्वा सुरभारती प्रकाशन ई.सं. १९९१

भट्टाचार्य, विश्वनाथ, न्यायसिद्धान्तमुक्तावली सहित कारिकावली वाराणसी : चौखम्वा संस्कृत संस्थान वि.सं.२०३८(द्वि.सं.)

भर्तृहरि, वाक्यपदीय, ब्रह्मकाण्ड, भावप्रदीपटीका (टीकाकार सूर्यनारायण शुक्ल) वाराणसी :चौखम्वा संस्कृत संस्थान वि.सं. २०५५ ।

सिंह, अमर, अमरकोष, रामाश्रमी टीका (टीकाकार श्रीभानुजि दीक्षित) एवं प्रकाश हिन्दी टीका (टीकाकार पं . श्रीहरगोविन्द शास्त्री) वाराणसी : चौखम्वा संस्कृत संस्थान पुनर्मुद्रित संस्करण वि. सं. २०६४ ।

---

[२९]. वाक्यपदीय, १ । ५६ ।

[३०]. छन्दोभ्य एव प्रथममेतद्विश्वं व्यवर्तत । वाक्यपदीय १ । १२० ।

[३१]. न सोऽस्ति प्रत्ययो लोके यः शब्दानुगमादृते । अनुविद्धमिव ज्ञानं सर्वं शब्देन भासते ।

[३२]. एकः शब्दः सम्यग्ज्ञातः शास्त्रान्वितः सुप्रयुक्तः स्वर्गे लोके कामधुग् भवति इति श्रुतिः । महाभाष्य, आह्निक १को प्रदीप-टीकामा कैयटद्वारा उद्धृत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोइरालाका सामाजिक उपन्यासहरूको समीक्षा

डा. नारायण चालिसे
सहप्राध्यापक

१. पृष्ठभूमि

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) का वैचारिक सन्देश प्रवाह गर्ने उद्देश्यले लेखिएका उपन्यासहरूमध्ये तीनघुम्ती (२०२५), नरेन्द्र दाइ (२०२७) र बाबु, आमा र छोरा (२०४५) उपन्यासहरू सामाजिक विषयवस्तुमा आधारित रहेका छन्। दार्शनिक विचार प्रक्षेपणको उद्देश्यले लेखिएका यी उपन्यासहरूलाई आध्यात्मिक जीवन दर्शनको प्रयोगका दृष्टिले पनि अध्ययन गर्न सकिन्छ। 'म ईश्वर छैन भन्ने वारे कल्पना गरिरहन चाहन्न। मलाई एक प्रकारले अध्यात्मवादी र अर्को प्रकारले अनध्यात्मवादी ठान्न सकिन्छ' (कोइराला (सम्पा.), २०५८:५८) भन्ने कोइरालाका उपन्यासमा धेरथोर रूपमा अध्यात्मको प्रभाव परेको पाइन्छ। यी उपन्यासहरूलाई पूर्वीय दर्शनको आंशिक प्रभाव परेका उपन्यासहरू भनिएको छ (चालिसे, २०६७:१५१)। मूलत: यी उपन्यासहरू सामाजिक जीवनका विभिन्न पक्षहरूलाई प्रकाशमा ल्याउने र तिनका माध्यमले जीवन र जगत्को दार्शनिक विश्लेषण गर्ने उद्देश्यले लेखिएका छन्। कोइरालाले आफ्ना सबै उपन्यासहरूमा पूर्वीय आध्यात्मिक र भौतिक दर्शनका विभिन्न कुराहरूलाई उठाएका छन्। कतिपय विचारहरू समर्थनमा, कतिपय असमर्थनमा र कतिपय विचारहरू तटस्थ ढङ्गले राख्ने र आफ्नो मौलिक विचार प्रस्ताव गर्ने सन्दर्भमा आएका पाइन्छन्। तीमध्ये आध्यात्मिक जीवन दर्शन बारेको चिन्तन कोइरालाका उपन्यासको विवेच्य पक्ष रहेको छ। यस लेखमा कोइरालाका उपर्युक्त उपन्यासहरूमा अभिव्यक्त आध्यात्मिक जीवन दर्शनसम्बन्धी दृष्टिकोणलाई कथावस्तु, पात्र र सारवस्तुमा केन्द्रित रहेर संकेत र सूत्रका रूपमा विश्लेषण गर्ने काम गरिएको छ।

२. तीन घुम्ती

तीन घुम्ती कोइरालाको प्रथम प्रकाशित उपन्यास हो। कोइरालाले यसमा नारी पात्रका माध्यमले नारी समस्या उजागर गर्न खोजेको कुरा गर्दै त्यसभित्रका नारीलाई अनुकरणीय, साहसी र पुरुषको तुलनामा उपल्लो तहमा पुगेकी नारीका रूपमा चित्रण गर्न खोजेको कुरा उल्लेख गरेका छन् (कोइराला (सम्पा.) २५८:५८)। कोइरालाले सोचेजस्तै यस उपन्यासकी प्रमुख पात्र इन्द्रमायाले जीवनमा तीनवटा महत्त्वपूर्ण निर्णयहरू आफ्नै सक्रियतामा सम्पन्न गरेकी छन्। ती सामान्य नारीले गर्ने निर्णयहरूभन्दा भिन्न र क्रान्तिकारी जस्ता पनि देखिएका छन्। प्राकृतिक चाह र नैतिकताको द्वन्द्वमा ज्यादै सम्वेदनशील हुने (ऐ., २०५८:५५-५६) कोइरालाको मान्यताअनुसार यो उपन्यासलाई हेर्दा प्राकृतिक चाहको परिपूर्ति गर्ने सन्दर्भमा नैतिक पक्षलाई केही कमजोर पारिएको बुझिन्छ। आध्यात्मिक जीवनका आदर्शहरूले हेर्दा नैतिकता जस्ता मानवीय गुण जीवनमा अत्यन्त आवश्यक छन् (ऐ., २०५८:५७) भन्ने कोइरालाको मान्यतालाई तीन घुम्ती उपन्यासकी इन्द्रमायाले नै पालन नगरेर महत्त्वपूर्ण भूल गरेको देखिएको छ। तर यसलाई उपन्यासमा कोइरालाले नियतिको अपरिहार्यतासँग लगेर जोडेका छन् र आफ्ना निर्णयहरू नियतिमा निर्धारित थिए भनेर निकास दिने काम गरेका छन्। यिनै द्वन्द्वहरूको बीचमा कोइरालाको तीन घुम्ती उपन्यासमा अभिव्यक्त आध्यात्मिक जीवन दर्शन सम्बन्धी मान्यतालाई हेर्ने सूत्रात्मक विधि यहाँ अवलम्बन गरिएको छ।

२.१ कथावस्तुको अवस्था

- व्यक्ति चरित्रकेन्द्री सामाजिक कथावस्तु रहेको छ।
- कथावस्तु मनोविश्लेषणात्मक र अस्तित्ववादी दर्शनमा आधारित छ।
- व्यक्ति जीवनका निर्णयहरूमा कथावस्तु केन्द्रित छ।
- मानिस अकर्ता (निमित्त) मात्र हो भन्ने कुरा कथानकमा व्यञ्जित भएको छ।
- स्वैच्छिक र स्वतन्त्र निर्णयहरू पनि आफूले सोचेको जस्तो जीवनको पक्षमा नभएपछि निमित्त (अकुर्तृत्व) बलियो बनेको देखिएको छ।
- प्रारब्ध वा नियतिजन्य यथार्थलाई कथानकले समर्थन गरेको ध्वनित भएको छ।
- पूर्वदीप्ति शैलीको कथावस्तु रहेको छ।

२.२ पात्रको अवस्था

- एउटै इन्द्रमाया पात्रको चरित्रका आयामहरू देखाइएको छ।
- पात्र भौतिकवादी छ तर उसको हात रित्तो, मन एक्लो र शून्य छ।
- पात्रको भौतिक आकर्षणबाट थालिएको यात्रा अपूर्णतामा टुङ्गिएको छ।
- भौतिक अपूर्णताले अभौतिक पूर्णता (अध्यात्म) तर्फ आकर्षित गर्न खोजेको छ।
- स्वनिर्णयको अपूर्णताले परनिर्णयको अपरिहार्यतालाई स्वीकार्न वाध्य पारेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- चाहेको जीवन बाँच्न खोज्दा ठेस लागेका खुट्टा पहिले मन्दिरतर्फ आकर्षित देखिएका छन् भने पछि अज्ञातको यात्रामा लागेका छन् ।
- पाप र धर्मको व्याख्या जीवन अनुकूल गर्न खोजिए पनि अन्त:चेतनाले स्वीकार्न सकेको छैन ।
- नियति नै नियन्ता हो भन्ने दर्शनमा पात्रको चिन्तन पुगेको छ ।
- विद्रोहको चेतना शिथिल भएको छ ।

२.३ सारवस्तु

वेदान्त, साङ्ख्य, गीता, चार्वाक नियति आदि दर्शन मिलेर उपन्यासको सारवस्तु निर्माण भएको छ ।

- व्यक्तिसँग स्वतन्त्र निर्णय गर्ने अधिकार सुरक्षित छ तर सुरक्षा त्यसपछि पनि छैन ।
- स्वनिर्णय नै जीवनको निम्ति उत्तम विकल्प हो भन्ने स्वतन्त्रतावादी चिन्तनबाट जीवन थालिएको छ ।
- तर स्वतन्त्रता नियामक रहेछ भन्ने परिणतिले देखाएको छ ।
- जीवनको सुख मौलिकतामा मात्र छैन, यसका अतिरिक्तको खेल बलवान् रहेछ ।
- मानिस फेरि पनि असहाय, निर्धो, अकिञ्चन र एक्लो छ ।
- जीवनको स्वतन्त्र अस्तित्व चेतना - वेदान्त दर्शन
- प्रकृति पुरुषको सुन्दर मिलन सृष्टिचक्र हो - साङ्ख्य दर्शन
- मानिसका निर्णयहरू नियन्ताबाट नियन्त्रित छन् - प्रारब्ध वा नियतिवादी दर्शन
- स्वैच्छिक जीवन भोगाइमा आनन्द छ कि ? - चार्वाक दर्शन
- तर भौतिक सुख पर्याप्त भएन - मौलिक चिन्तन

३. नरेन्द्र दाइ

यो उपन्यास कोइरालाको बाल्य जीवनका कतिपय यथार्थहरूलाई पनि विषयसूत्रमा आबद्ध गरेर लेखिएको उपन्यास हो । यस उपन्यासमा प्रयुक्त सानोबाबु स्वयम् लेखक र सान्नानी उनकै परिवारमा सदस्य बनेर रहेका विश्वबन्धुकी बहिनी सान्नानी रहेकी र यिनीहरूको पारिवारिक सम्बन्ध आफ्नै एकाघरका दाजुबहिनीको जस्तो रहेको कुरा कोइरालाको जीवनी पढ्दा थाहा लाग्छ । त्यसैले कोइरालाले यसलाई निर्माण पक्षको प्रबलताले सफल भएको ठानेका छन् (कोइराला, २०३७:५) । त्यस्तै 'सान्नानी' भन्ने कथाकी सान्नानी र सानोबाबु नै नरेन्द्र दाइका पनि पात्रहरू रहेका र यो घटना उनीहरूकै परिवारभित्रको कुरा भएको कुरा कोइरालाको आफ्नो कथामा पढ्न पाइन्छ । कोइरालाले आफ्नो कथामा भारतको टेढीमा बस्दा मुनरिया भन्ने केटीको बारेको चर्चा पनि गरेका र स्वयम्ले यसको घटना यथार्थ नै छ भनेर स्वीकार गरेका हुनाले (कोइराला (सम्पा.), २०५८: १८/५८) पनि यो उपन्यास यथार्थवादी हो भन्न सकिन्छ । साथै नरेन्द्र दाइ उपन्यास लेखकको निजी जीवनसँग बढी सम्बन्धित रहेको पनि मान्न सकिन्छ । यस उपन्यासमा अस्तित्व र विसङ्गतिवादका कुराहरूको संकेत गरिएको छ । आफ्नो जीवनको एउटा अवस्थामा आफ्ना बारेमा निर्णयहरू आफैँले गर्नुपर्छ (कोइराला (सम्पा.), २०५८: २९) भन्ने अर्थमा यस उपन्यासका पात्रहरूले गरेका स्वैच्छिक निर्णयहरूलाई लिएर अस्तित्ववादी भनिएको भए पनि नियतिको प्रबल पञ्जाबाट मानिसको जीवन उम्किन नसकेको अवस्था देखाएर अज्ञात नियन्ता (ईश्वर) को शक्तिलाई परोक्ष रूपमा स्वीकार गरिएको कुरा पनि उपन्यासमा ठाउँठाउँमा सशक्त रूपले उठाइएको छ । (कोइराला (सम्पा.) २०५८:१९) । प्रारब्ध कर्मसम्बन्धी गीता दर्शनको गहिरो छाप परेको यो उपन्यासमा अभिव्यक्त आध्यात्मिक जीवन दर्शनसम्बन्धी मान्यताहरूलाई सूत्रात्मक रूपमा यसप्रकार विश्लेषण गरिएको छ ।

३.१ कथानकको अवस्था

- अध्यात्मनिरपेक्ष सामाजिक विषयवस्तुमा आधारित रहेको छ ।
- अध्यात्मसापेक्ष सामाजिक विषयवस्तुमा आधारित रहेको छ ।
- नियतिवादको प्राधान्य रहेको कथानक छ ।
- नियतिवाद भौतिकताबाट अध्यात्मोन्मुख बन्दै गएको छ ।
- ईश्वरवाद, आत्मवाद, शून्यवाद, क्षणिकतावाद, निराशावाद, नियतिवाद र शरीरात्मवादको प्रभाव रहेको कुरा कथामा ध्वनित भएको छ ।
- आध्यात्मिक दर्शनको प्रभाव परिलक्षित भएको छ ।

३.२ पात्रको अवस्था

- नरेन्द्र दाइ — धार्मिक, आध्यात्मिक भावना त्यति नभएको, तदनुरूप कार्य पनि नगर्ने, अकारण नियति, भाग्य र प्रारब्धकर्मको फल (दण्ड) बेहोर्न बाध्य
- गौरी — धार्मिक, आध्यात्मिक भावना भएकी, पूजा आराधना गर्ने, ईश्वरमा भरोसा गर्ने, भाग्य, प्रारब्ध र नियतिको दुश्चक्रमा परेकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

– मुनरिया	धार्मिक भावना नभएकी, जीवनको भौतिक (शरीर) सुखलाई महत्त्व दिने, नियतिको दण्ड बेहोर्न विवश
– सानो बाबु	धार्मिक भावना नभएको, ईश्वरप्रति आदरभाव राख्ने, घटनामा भोक्ताभन्दा द्रष्टा बढी रहेर पनि मानसिक दण्ड बेहोर्न विवश

३.३ सारवस्तुको अवस्था

वेदान्त, साङ्ख्य, योग, बौद्ध, जैन, चार्वाक, गीता आदि दर्शनको प्रभावबाट सारवस्तु निर्माण भएको छ।

भोगवादी चिन्तन	चार्वाक
प्रकृति र पुरुषको स्वरूप	सांख्य
संसारको मिथ्यात्व	वेदान्त
दुःखको अनुभूति चार्वाक वाहेक सवै	
अनपेक्षित परिणति	नियति
क्षणिकता, निरर्थकता, शून्यताबोध	प्रायः सवै
संयमको धारणा योग	

नरेन्द्र- वेदान्त, साङ्ख्य, चार्वाक, बौद्ध, गीता आदि दर्शन।

गौरी- वेदान्त, साङ्ख्य, योग, नियति, चार्वाक आदि दर्शन।

मुनरिया- वेदान्त, साङ्ख्य, बौद्ध, चार्वाक, नियति आदि दर्शन।

४. बाबु, आमा र छोरा

यो उपन्यास कोइरालाको देहावसानपछि प्रकाशित पछिल्लो उपन्यास हो। कोइरालाको 'साहित्यमा म अराजकतावादी हुँ' भन्ने भनाइलाई यस उपन्यासको कथावस्तुले पनि पुष्टि गर्दछ। त्रिभङ्गा उमा भन्ने कथालाई नै पछि गएर बाबु, आमा र छोरा उपन्यासको रूप दिएको कुरा कोइरालाबाट नै स्वीकार गरिएको छ (कोइराला २०५४:१९८)। पछि समीक्षकहरूले उपन्यासकी नायिका उमाकै तीन अवस्थाको चर्चा गरिएको हुनाले त्रिभङ्गा उमा नै शीर्षक चरितार्थ हुन्थ्यो (शर्मा, २०५१:२४५) भनेको पनि पाइन्छ। मानिसको जीवन अकल्पनीय घटनाहरूको तारतम्य हो र भोक्ता मानिस वा कतिपय यथार्थहरू सामाजिक मूल्य र मान्यताका दृष्टिले अस्वाभाविक र अपाच्यजस्ता लागे पनि ती अकाट्य घटनाहरूमा मानिस साक्षी सिवाय अरू बन्ने सक्दैन। जीवन कर्म गर्नुको नाम हो, कर्म गर फलको आश नगर (गीता, २/४७) को वचनअनुसार नै जीवन चलेको छ भन्ने दार्शनिक यथार्थलाई अवलम्बन गरिएको यस उपन्यासमा अध्यात्मवादी जीवन दर्शनका स्पष्ट झलकहरू पाइन्छन्। तिनीहरूको सूत्रात्मक संकेत यसप्रकार गरिएको छ:-

४.१ कथावस्तुको अवस्था

- पारिवारिक सामाजिक कथावस्तु रहेको छ,
- पारिवारिक व्यक्ति केन्द्रितताका कारण कथानक मनोविश्लेषणात्मक बनेको छ,
- पूर्वदीप्ति शैलीको कथानक,
- व्यक्तिजीवनको अनुभवका आधारमा जीवनको वास्तविक्रता केलाइएको छ,
- टेढोमेढो जीवनको रेखामा मानिस निमित्त मात्र रहेको कुराको दिग्दर्शन गराइएको छ,
- जीवन भौतिक सुखको आभासमा सुखी छैन आत्मिक सुख अपेक्षित छ भन्ने आध्यात्मिक दर्शनको मान्यता कथानकमा प्रतिविम्वित भएको छ।

४.२ पात्रको अवस्था

- यथार्थ जीवनका पात्रहरू रहेका छन्,
- अध्यात्मोन्मुख भौतिकवादी पात्र - उमा
- अध्यात्मप्रतिको आस्थाभाव रहेका तर तटस्थ देखिएका - बाबु र छोरा
- अध्यात्मप्रति पूर्ण आस्थावान् - जेठी पत्नी
- पात्रहरू अनपेक्षित परिणाम भोग्न विवश देखिएका छन्,
- जीवनलाई परिस्थितिसँग मिलाएर लैजाने प्रयत्न गरिएको छ,
- चाहेको नभई पाएको जीवन भोग्ने अभ्यास भएको छ,
- जीवनका घटना आफ्नो अनुकूल हुँदैनन् तिनलाई अनुकूल पारेर हेर्नु पर्दछ भन्नेमा पात्रहरू सहमत देखिएका छन्,
- मानिस प्रारब्धको सन्तान हो भन्ने कुरा पात्रहरूले स्वीकारेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.३ सारवस्तुको अवस्था

वेदान्त, सांख्य, योग, गीता, चार्वाक, बौद्ध र नियतिवादी दर्शनको विचार एकीकृत भई उपन्यासको सारवस्तु निर्माण भएको छ,

जीवनको क्षणभङ्गुरता, संसारको अनित्यता	-	वेदान्त प्रमुख र प्रायः सबै पूर्वीय दर्शन
जीवनमा भोगको आवश्यकता	-	चार्वाक
भोगमा विरागको अवस्था	-	योग प्रमुख चार्वाकबाहेक प्रायः सबै पूर्वीय दर्शन
पुरुष र नारी सृष्टिका दुई तत्त्व	-	सङ्ख्या प्रमुख प्रायः सबै
जीवनमा प्रारब्ध बलशाली छ	-	गीता दर्शन
क्षणिकता-दुःखमयता	-	बौद्ध प्रमुख प्रायः सबै
अनपेक्षित परिणाम भोग्ने विवशता	-	न्नियति, प्रारब्ध प्रायः सबै दर्शन
बाबु	-	सांख्या, वेदान्त, चार्वाक, बौद्ध र नियति
आमा	-	सांख्य, वेदान्त, योग, चार्वाक, गीता, बौद्ध, नियति
छोरा	-	सांख्य, चार्वाक, गीता र नियति
जेठी पत्नी	-	वेदान्त, सांख्य, गीता, नियति

५. निष्कर्ष

विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासहरू अध्यात्मवादका पक्षमा छन् कि छैनन् भन्ने वहस चलिरहेको वेला उनका सामाजिक विषयवस्तुमा आधारित तीन घुम्ती, नरेन्द्र दाइ र बाबु, आमा र छोरा उपन्यासमा भौतिकवादका अतिरिक्त अध्यात्मवादी जीवन दर्शनसम्बन्धी मान्यताहरूलाई पनि सशक्त ढङ्गले उठाइएको छ भन्ने संकेत यस लेखमा गरिएको छ । सूत्रात्मक समीक्षा भएकाले उपन्यासको समग्र अध्ययनपछि मात्र यस लेखका संकेतात्मक भनाइहरूको पूर्ण अर्थ लाग्नेछ । उपन्यासहरूमा मूलतः कथावस्तु, पात्र र सारवस्तुमा उपन्यासको विचार, दर्शन र सन्देश प्रतिबिम्बित हुने भएकाले यिनै तीन तत्त्वमा केन्द्रित भएर कोइरालाका उपर्युक्त उपन्यासहरूको समीक्षा गरिएको हो । यी उपन्यासहरूको अध्ययनबाट उपन्यासकार कोइराला अध्यात्मवादका विषयमा पनि जिज्ञासु थिए भन्ने जानकारी मिल्छ । भौतिकवाद मात्र जीवनमा पूर्ण र पर्याप्त छैन यसले समेट्न नसकेका कतिपय रहस्यात्मक कुराहरू पनि जीवनका अङ्ग वनेका हुन्छन् तिनले अध्यात्मतर्फ झुकाउ बढाउन मानिसलाई प्रेरित गर्दछ भन्ने सन्देश कोइरालाका उपन्यासहरूवाट प्राप्त गर्न सकिन्छ ।

सन्दर्भ सूची

कोइराला, कुलप्रसाद (२०३७), कोइरालाको उपन्यासकारिताको मूल्याङ्कन र विश्लेषण, स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

कृपामय, कृष्ण (२०६२), श्रीमद्भगवद्गीता यथारूप, काठमाडौं: हरेकृष्णधाम राधाकृष्ण मन्दिर ।

कोइराला, जीवनचन्द्र (सम्पा.) (२०५८), वी.पी. कोइरालाका छरिएका सामग्री, काठमाडौं: मनिका (ज्योति) कोइराला ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५०), दो.सं., बावु, आमा र छोरा, ललितपुरः साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५५), दो.सं., आत्मवृत्तान्त, ललितपुरः साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५८), सा.सं., तीन घुम्ती, ललितपुरः साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६०), चौ.सं., आफ्नो कथा, ललितपुरः साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६१), छै.सं., नरेन्द्र दाइ, ललितपुरः साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६३), चौ.सं., जेल जर्नल, ललितपुरः साझा प्रकाशन ।

चट्टोपाध्याय, सतीशचन्द्र र धीरेन्द्र मोहन दत्ता (सन् १९८३), भारतीय दर्शन, पटनाः पुस्तक भण्डार ।

चालिसे, नारायण (२०६७), विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा पूर्वीय दर्शनको प्रभाव, विद्यावारिधि शोधप्रवन्ध, ने.सं.वि. ।

ढकाल, भूपति (२०५६), विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा विचार पक्ष, पोखराः अक्षरादेवी ढकाल ।

प्रसाद, राजेन्द्र (सन् १९८२), दर्शन शास्त्रकी रूपरेखा, पटनाः शुक्ला वुक डिपो ।

शर्मा, हरिप्रसाद (२०५१), विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा मानव नियति र अस्तित्वको द्वन्द्व, गरीमा पूर्णाङ्ग १३७, पृ.२४५ ।

सांकृत्यायन, राहुल (सन् २००७), दर्शन दिग्दर्शन, इलाहावादः किताव महल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार-विवेचना

नारायणप्रसाद बराल
उपप्राध्यापक

सम् उपसर्गपूर्वक डुकृञ् करणे धातुबाट घञ् प्रत्यय भई संस्कार शब्द निष्पत्ति हुन्छ। अनादिपरम्परासिद्ध महर्षिपाणिनीले संस्कार शब्दको धेरै प्रकारका अर्थ गरेका छन्। संस्करण, परिष्करण, परिष्कार, शोभा अलङ्कार, आभूषण आदि अनेक अर्थमा संस्कार शब्दको प्रयोग भएको पाइन्छ। व्याकरणशास्त्रकार पाणिनीले संस्कार शब्दलाई तीन प्रकारको भेदमा विभक्त गरेका छन्। उत्कर्ष, समवाय र भूषण। जसको संस्कार गरिन्छ त्यसको समाजमा उत्कर्षता प्राप्तिका साथै, समुदायमा प्रतिष्ठा बढ्दछ। जस्तोसुकै कुरूप व्यक्ति सुन्दर वस्त्र धारण गरेपछि आकर्षक देखिन्छ ठीक त्यस्तै मनुष्यको पनि संस्कार गर्नाले उसको शोभा बढ्दछ भन्ने हाम्रो पूर्वीय मान्यता रहिआएको छ। संस्कार गर्नाले व्यक्तिको व्यक्तित्व विकास हुनुका साथै, पारिवारिक सद्भाव बढ्ने भएकाले सानोभन्दा सानो कार्य गर्दा समेत आफन्तजनहरूको जमघटले हर्षोल्लासको वातावरण सिर्जना गर्दछ, जसले प्रेम सद्भाव वृद्धि हुने गर्दछ। त्यसकारणले हाम्रा मनीषिहरूले संस्कारलाई अत्यन्त उत्कृष्टताका साथ हेरेको पाइन्छ। जसप्रकार सुन चाँदी आदि धातुलाई परिष्कृत गर्न खानीबाट निकाल्दा त्यसमा रहेको अनेकौं प्रकारको फोहोर द्रव्यलाई हटाउन माझ्ने, पोल्ने आदि अनेकौं संस्कार गरेर शुद्धरूपमा मनमोहक बन्न जान्छ, ठीक त्यस्तै मानव शरीरलाई पनि गर्भावस्थामा गरेको अनेकौं मलिनता आदि दोष हटाउनका निमित्त संस्कार गरिन्छ। गर्भावस्थादेखि अन्त्येष्टिसम्म गरिने कर्मलाई संस्कार भनिन्छ।[१]

संस्कारका बारेमा शास्त्रमा अनेकौं मत भिन्नता देखिन्छ यसमा एकरूपता भने पाइदैन। गौतम स्मृतिमा – गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, उपनयन, वेदारम्भ (प्रत्येक वेदारम्भमा एक संस्कार) जम्मा गरि ४ – केशान्त, समावर्तन, विवाह, पञ्चमहायज्ञ, अष्टकाश्राद्ध, पार्वणश्राद्ध, श्रावणी, आग्राहयण, चैत्रीकर्म, अग्न्याधान, अग्निहोत्र, दर्शपूर्णमास, चातुर्मास्य, निरुढपशुवन्ध, सौत्रामणी, अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ्य, षोडशी, वाजपेय, आप्तोर्याम, उपाकर्म, उत्सर्ग तथा पितृमेध गरी जम्मा ४० परिगणित छन्। त्यस्तै, महर्षि अङ्गिराले पच्चीससंस्कार, आश्वलायनले एघार, वैखानसले अठार उद्धृत गरेका छन् भने, व्यास स्मृतिमा निम्न सोह्र संस्कारहरू उल्लेख गरिएको छ – गर्भाधन, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामाकरण, निष्क्रमण, अन्नप्राशन, चूणाकर्म, कर्णवेध, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह, आवसथ्याधान र श्रौताधान। मनुले पनि सोह्रसंस्कर उललेख गरेका छन्।[२]

त्यस्तै, पारस्करले जम्मा १३ संस्कारहरूका बारेमा विस्तृत वर्णन गरेका छन्। व्यास स्मृतिमा उल्लेख गरिएका कर्णवेध र श्रौताधानको बारेमा पारस्कर मौन देखिन्छन्। पारस्करले उपनयन संस्कारमा नै वेदारम्भको बारेमा समेत वर्णन गरेका छन् यसलाई उपनयन कै अन्तर राखेका छन् 'यमुपनयीत तमध्यापयीत' भन्ने श्रुति वाक्यलाई हृदयंगम गरेर नै होला। यी उक्त संस्कारहरूका बारेमा केही विश्लेषण गर्दै यी संस्कारहरू कहिले, कसरी र कुन समयमा गर्दा विधिसम्मत हुन्छन् तिनका बारेमा शास्त्रीय विवेचना प्रस्तुत गर्न उपयुक्त देखिएकाले यिनैका सेरोफेरोमा रही शास्त्र सम्मत विवेचना प्रस्तुत छ।

१. **गर्भाधान :** गर्भाधान संस्कार प्रचलित षोडशसंस्कार मध्ये प्रथम संस्कार हो। ऋतुस्ताता पत्नीसँग शुभाशुभ विचारपूर्वक विवाहको चौथो दिन चतुर्थी कर्मपश्चात् रात्रीको चतुर्थ प्रहरमा प्रथम पटक गर्भाधान गर्ने विधान वर्णित छ। ऋतुकालको प्रथम चार रात्री तथा एकादशी, त्रयोदशी आदि तिथि छाडेर शेष दश रात्रीमा गर्भाधान गर्न सकिने मत कसैको छ भने याज्ञवल्क्य मनु आदिले भने प्रथम चार रात्री तथा अमावस्या, अष्टमी, चतुर्दशी, पूर्णिमा आदि पर्वमा गर्भाधान क्रिया निषेध गरेका छन्।[३] गर्भाधान केवल भोगको निमित्त नभै सन्तानोत्पादन र गृहस्थ जीवनको मूल आधारका साथै धर्मको परिपालन गर्ने उच्चतम थलो हो र सृष्टिको निरन्तर चल्ने गतिको प्रवाह पनि हो। सामान्यतया विवाह मैथुन धर्मको लागि हो भन्ने आधुनिक मान्यता छ तर मैथुन भोगका लागि नभई पुत्रोत्पादनका लागि हो यसबाट गृहस्थाश्रमको साधन व्युत्पत्ति अर्थ मिथुनमा रहन्छ भने भाव व्युत्पत्ति अर्थ पुत्रादिमा रहन्छ।

---

१ ब्रह्मक्षत्रियविट्शूद्रा वर्णास्त्वाद्यास्त्रयो द्विजा :।
निषेकाद्या श्मशानान्ता तेषां वै मन्त्रत: क्रिया:। या.स्मृ.आ. १० श्लो.

२ गार्भाधानमृतौ पुंसवनं सीमन्तो जातकर्म च।
नामक्रिया निष्क्रमणोऽन्नप्राशन वापनक्रिया ॥
कर्णवेधो व्रतादेशो वेदारम्भ क्रिया: विधि:।
केशान्तस्नान मुद्वाहो विवाहाग्नि परिग्रह:।
त्रेताग्नि संग्रहश्चेति संस्कारा: षोडशस्मृता:। वैदिक विश्वदर्शन पृ. ९२५

३ तासामाद्याश्चतस्रस्तु विन्द्या एकादशी च या।
त्रयोदशी च शेषास्तु प्रशस्ता दशरात्रय:।
युग्मासु पुत्रा जायन्ते स्त्रियोऽयुग्मासु रात्रिषु ॥ प्रा.गृ.सू.पृ. ३७
षोडशर्तुनिशा: स्त्रीणां तास्मिन् युग्मासु संविशेत ।
ब्रह्मचार्येव पर्वाव्याद्याश्चतस्रस्तु वर्जयेत्। या.स्मृ.आ. ७९
अमावस्याष्टमीं चैव पौर्णमासीं चतुर्दशीम्।
ब्रह्मचारी भवेन्नित्यंमष्यतौ स्तनको द्विज: ॥ मनुस्मृति ४।१५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहस्थाश्रमको सेरोफेरोमा हुने साधन, क्रिया, व्यापार र यिनीहरूबाट उत्पत्ति हुने फलहरू समष्टिमा संस्कारयुक्त हुनुपर्छ र त्यसको सुरुवात गर्भाधान संस्कारबाट हुन्छ, यसैमा शास्त्रकारको सम्मति छ। इत्यादि चिन्तनबाट अभिप्रेरित भई पुरुषले वंश वृद्धिमा साथै सन्मार्गमा अभिप्रेरित हुने सन्तानहरूको उत्पत्तिका निमित्त गरिने एक मुख्य अनादि परम्परा सिद्ध वैदिकसंस्कार गर्भाधान हो। गर्भाधान संस्कार मन्त्रपूर्वक हुने कुरा पारस्कर गृह्यसूत्रमा उल्लेख गरिएको पाइन्छ। यहाँ स्त्री पुरुषको संयोगको उत्तरकालमा 'यत्ते सुसीमे'[४] भन्ने मन्त्र उच्चारणपूर्वक वधूको हृदयस्पर्श गर्ने विधान छ। अन्य शाखाहरूमा गर्भाधानका लागि विविध मन्त्रहरू र त्यसको प्रयोगहरू उल्लेख गरेको पाइन्छ।[५] तर माध्यन्दिनीय वाजसनेय शुक्लयजुर्वेद शाखाध्यायीहरूले भने आफ्ना शाखाको सूत्र ग्रन्थमा बताइएको विधानलाई मात्र अनुसरण गर्दा उपयुक्त हुने देखिन्छ। आफ्नै शाखाको वृहदारण्यकोपनिषद्को मुत्रमन्थकर्ममा बताइएको पुत्रका लागि मासुभात खाइ मिथुन गर्ने र पुत्रीका घ्यू खिचडी खाई मिथुन गर्ने कुरो मननीय र अनुसरणीय छ।[६]

२. **पुंसवनम् :** "पुमान् प्रसूयते येन कर्मणा तत्पुंसवनम्" यसप्रकारको उक्तिबाट नै गर्भस्थ सन्तान पुत्र नै होस् भन्ने कामनाका साथ यो संस्कार गर्भाधारण गरेको दोस्रो या तेस्रो महिनामा गरिन्छ। पुण्यादि पुरुष नक्षत्र व्यापिनितिथिमा पुंसवन संस्कार गर्नुपर्छ भन्ने गृह्यसूत्रको निर्देश देखिन्छ।[७] शुभ समयमा गर्भवती भई आफ्नो आचारमा रहेकी स्वच्छ र पवित्र हृदय भएकी गर्भीणिलाई वरका कोमल पातहरू साथै त्यसका जराहरू पीधेर सफा कपडाले छानी उक्त रसलाई पत्नीको दाहिने नाकबाट २/४ थोपा हिरण्यगर्भ समवर्तत तथा अद्भ्यः सम्भृतः भन्ने मन्त्रोच्चारण पूर्वक राखिदिने।[८] यदि पुत्र वीर्यवान् होस् भन्ने अभिलाषा छ भने जलपूर्ण माटोको भाडो गर्भीणि स्त्रीको काखमा राखेर पतिले सुपर्णोसि आदि मन्त्र पढ्ने भन्ने शास्त्र विधान रहेको छ। यस प्रकारले शास्त्रको विधान अनुसरण गरिएमा जन्मनेवाला सन्तान छोरो नै हुन्छ भन्ने बुझिन्छ। यो संस्कार पहिलो गर्भमा गरेपछि अन्य गर्भमा गर्नुपर्दैन भन्ने कसैको मतबाट नित्य न भै काम्य भएको बुझिन आउँछ।

३. **सीमन्तोनयनः** गर्भ रहेको छैठौं वा आठौं महिनामा सीमन्तोन्नयन संस्कार गरिन्छ।[९] यो संस्कार गर्भवती स्त्रीलाई अमंगलकारी प्रभावबाट बचाई सीउँदो छुट्याउँदै चुल्ठो बनाउनका निमित्तले प्रयुक्त भएको देखिन्छ।[१०]

४. **जातकर्मः** गर्भीणिस्त्रीलाई प्रसव पीडा सुरुभएपछि यो संस्कार सुरु हुन्छ। वैदिकमन्त्रोच्चारण पूर्वक प्रसव वेदना शान्त गर्ने काम समेत गरिन्छ। जातकको नाभिछेदन नगर्दै नान्दिश्राद्ध गर्ने कुरो पुराणहरूमा प्रतिपादन गरेको देखिन्छ। शिशुको पिताले दीर्घायु, प्रज्ञा आदि कामना गर्दै दधि र मह प्राशन गराउने विधान छ।[११] यदि शिशुको शतायु कामना गर्ने हो भने यजुर्वेदको वत्सप्र अनुवाक पाठ गर्ने।[१२] नाभिछेदन गर्ने, दाहिने र देब्रे स्तनपान गराउने आदि कर्महरू यस संस्कारभित्र पर्दछन्।

५. **नामकरणः** नवजात शिशुको नामराख्नका निमित्त यो संस्कार गरिन्छ। जन्मेको १० औं दिनको दिनमा गरिने यो संस्कार नेपालमा भने १० दिन पूरा भई ११ औं दिनमा गरिन्छ।[१३] नामको नामीसँग सम्बन्ध हुने र भेदाभेद सम्बन्ध हुने हुँदा ब्राह्मण पुत्रको २/४/६ अक्षरको र बालिकाको ३/५ अक्षरको नाम राख्ने विधान गृह्यसूत्रमा देखिन्छ।[१४] लगधप्रोक्त वेदाङ्ग ज्योतिषानुसार नक्षत्रको आधिदैवबाट नाम राख्ने विधान देखिन्छ। यसमा शास्त्रको मर्यादा र पूर्वापर विचार गर्दा अध्यात्म, अधिभूत र अधिदैव मध्येमा अधिदैव मात्र यथार्थ हो भन्ने सिद्धान्त अनुकूल देखिन्छ।

६. **निस्क्रमणः** जन्मको चौथो महिनामा यो संस्कार गरिन्छ।[१५] यो संस्कारभन्दा पछि बालकलाई सूतिका गृहबाट बाहिर निकाली बाह्य जगतको वातावरणसित घुलमिल गराउनुका साथै तदनुकूल जीवनयापनको प्रारम्भ गराइन्छ। यहाँ पिताले तच्चक्षुर्मन्त्रको उच्चारण पूर्वक सूर्यको दर्शन गराउँदै दीर्घायु आदिको कामना गर्दछ।

७. **अन्नप्राशनः** यो संस्कार बालकको छैठौं महिनामा र बालिकाको पाँचौं महिनामा गर्ने विधान छ।[१६] दूधभन्दा अतिरित्त आवश्यकता अनुसार अन्न ख्वाउने अधिकार प्राप्त हुने यो संस्कारमा शुद्ध आहारको परिकल्पना गर्दै बालकको शारीरिक वृद्धि तथा मनको विकासका लागि यो संस्कार अदृष्ट आधान गर्न लायक छ तसर्थ यसको अपरिहार्यता सिद्ध हुन्छ। पिताले कामना

---

४ यत्ते सुसीमे ह्दयं दिवि चन्द्रमसि श्रियम्। वेदाहं तन्मां तद् विद्यात् पश्येम शरदः शतं जीवेम शरदः शतं श्रुणुयाम शरदः शतमिति पा.गृ.सूव. १।११।९

५

६ मांसौदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयात्। दुहिता मे पण्डिता जायेत सर्वमायुरियादिति तिलौदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै। वृ.दा.प. ६।४।१८

७ पुरा स्पन्दत इति मासे द्वितीय तृतीये वा, पा.गृ.सू. १।१४।२ प्रथमे मासे तृतीये गर्भे पुंसवनम् द्रा.गृ.सू. २।२।१७

८ वाससी परिधाप्य न्यग्रोधावरोहाञ्छुङ्गांश्च निशायामुदपेषं पिष्ट्वा पूर्ववदासेचनम् हिरण्यगर्भोऽद्भ्यः सम्भृतः इत्येताभ्याम्। पा.गृ.सू. १।१४।३

९ प्रमथगर्भे मासे षष्ठेऽष्टमे वा, पा.गृ. १।१५।३

१० पत्न्या प्रथमज गर्भमत्तुकामाः सुदुर्भगाः। आयान्ति कश्चिद्राक्षस्यो रुधिरासन तत्पराः॥ तेषां निरसनार्थाय श्रियमावाहयेत् पतिः। सीमन्तकारिणी लक्ष्मीस्तामावहति मन्त्रतः॥ पा.गृ.भूमिका, पृ. १८

११ ॐ भूस्त्वयि दधामि, भुवस्त्वयि दधामि स्वस्त्वयि दधामि, मूर्भुव स्वः सर्वं त्वयि दधामि। पा.गृ. १।१६।४

१२ यजुर्वेद सं. १२।१८ देखि २८ सम्मको अनुवाक पाठ गर्ने।

१३ दशम्यामुत्थाप्य ब्राह्मणान् भोजयित्वा पिता नाम करोति। पा.गृ.सू. १।१७।१

१४ ती पा.गृ.सू. ११७।२।३

१५ चतुर्थे मासि निष्क्रमणिका। पा.गृ.सू. १।१७।५

१६ षष्ठे मासेऽन्नप्राशनम्। पा.गृ.१।१९।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसार विभिन्न पक्षीहरूको मासु ख्वाउने त्यसमा मुख्यरूपमा भारद्वाजपक्षीको मासु ख्वाउने विधान छ।[१७] आजभोलि मासु खाँदा हिंसा हुन्छ भन्ने मान्यता राख्नेहरूको मत न त वैज्ञानिक छ न त शास्त्र सम्मत छ। शास्त्रानुकूल आचरण गर्नु नै आजको आवश्यकता हो।

८. चूडाकर्मः चूडाकर्म संस्कार बालक जन्मिएको एक वा तीन वर्षभित्र गर्नुपर्दछ अथवा आफ्नो कुलपरम्परा अनुसार पनि यो संस्कार गर्न सकिन्छ।[१८] यो संस्कारमा मुख्यरूपमा बालकको केश काट्ने र शिखा राख्ने कार्य गरिन्छ भने विनाशिखा सूत्र गरिएको कार्यको फल त्यो पुरुषलाई प्राप्त हुँदैन।[१९] वर्तमान समयमा हाम्रो नेपाली परम्परामा चूडाकरण संस्कार उपनयन गर्ने दिनमानै गर्ने चलन बढ्दै गएको देखिन्छ। चूडासंस्कार मष्तिष्कलाई सबल बनाउनका साथै शरीर, मन मष्तिष्क र वुद्धि, वृद्धि गर्नका निमित्त यसको महत्व रहिआएको छ।

चूडाको मुख्य अर्थ भनेकै शिखा हो करण भनेको विधेयात्मक वाक्य हो त्यसकारण सनातन हिन्दू बालकहरूको शिखा संरक्षणका निमित्त यो संस्कार गरिन्छ। धार्मिक दृष्टिले मात्र नभएर चूडासंस्कार वैज्ञानिक दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण छ। जुन ठाउँमा हामीले राख्ने गर्दछौँ त्यो शिरको माथिल्लो भागलाई ब्रह्मस्थान भनिन्छ,, त्यो भाग अत्यन्त कोमल हुन्छ र संवेदनशील पनि। त्यस ठाउँमा सानोतिनो चोटले पनि शरीरलाई ठूलो क्षति हुनसक्छ,, अतः उक्त भागको संरक्षण गर्नसमेत शिखाले महत्त्वपूर्ण कार्य गर्दछ।

९. उपनयनः उप समीपमा नयन लैजानु अर्थात् गुरुको सन्निध्यमा गएर वेदादि शास्त्र निर्दिष्ट आचार, अनाचार भक्ष्य, अभक्ष्य इत्यादि विधिको अनुसरण गर्दै वेदाध्ययन गरी धर्म अर्थ काम मोक्षमा सन्तुलित दृष्टिकोण कायम गर्दै आध्यात्मिक चिन्तनले ओतप्रोत भई समाजमा शान्ति, सुव्यवस्था, धार्मिक, आध्यात्मिक, नैतिक आचारवान् पुरुषको परिकल्पनाका साथ गरिने वेद निर्दिष्ट संस्कार उपनयन हो। उपनयनपछि विभिन्न किसिमका व्रतहरूमा बाँध्ने हुनाले यसलाई ब्रतवन्ध पनि भनिन्छ। संस्कार दुई प्रकारको हुने हुँदा यो संस्कारले दोषको उपनयन गर्ने र गुणको आधान गर्ने दुवै काम गर्दछ। ब्राह्मणको उपनयन गर्भबाट आठ वा जन्मबाट आठ वर्षमा गर्नु त्यस्तै क्षत्रीयको ११ वर्ष वैश्यको १६ वर्षमा उपनयन गर्नुपर्दछ।[२०] काल अतिक्रमण गर्न नहुने सीमा पनि निर्धारण गरिएको छ ब्राह्मणको १६ वर्ष, क्षत्रीयको २२ वर्ष वैश्यको २४ वर्ष निर्धारित छ। यी तोकिएका सीमा अतिक्रमण भएमा व्रात्य कहलिने र तिनीहरूको व्रात्यस्तोम याग गर्नुपर्ने व्यवस्था पनि गरिएको छ।[२१] यसै प्रकारले ब्राह्मणको उपनयन वसन्तऋतुमा, क्षत्रीयको ग्रीमऋतुमा र वैश्यको शरदऋतुमा उपनयन गर्ने विधान शास्त्र सम्मत छ।[२२] त्यस्तै कामनापरक व्यवस्था पनि शास्त्रमा छ जसमा विद्याप्राप्तिका लागि ७ वर्षमा दीर्घजीवनका लागि ८ वर्षमा तेज प्राप्तिका लागि ९ वर्षमा अन्न प्राप्तिका लागि १० वर्षमा, इन्द्रीय शक्तिका लागि ११ वर्षमा, पशुधनका लागि १२ वर्षमा उनपयन गर्ने यस प्रकारको व्यवस्था बुझिन्छ।[२३] माथि उल्लेखित विधि अनुसार उपनयन संस्कार गर्नु र त्यस अन्तर्गतका कृत्यहरू सम्पन्न गर्नु जस्तै – यज्ञोपवीतधारण, दण्डग्रहण, मेखला ग्रहण, वस्त्रपरिधान, मृगचर्मधारण, मन्त्रग्रहण, इत्यादि कृत्यहरू उपनयनका अङ्गभित्र पर्दछन्। सावित्रीको अधिकार प्राप्त भएपछि शिष्यभावमा रहेको ब्रह्मवर्चस्व अन्तेवासी, तेजस्वी ब्रह्मचारिले गुरुको सान्निध्यमा ब्रह्मचर्याश्रममा रही नित्य स्नान, सूर्योपस्थानपूर्वक सन्ध्या गुरुशुश्रुसा, वेदाध्ययन, एकभक्त भोजन, भूमिशायी लगायत विभिन्न किसिमका शास्त्रोक्त तथा परम्परासिद्ध नियममा रही ब्रह्मचर्यको पालन गर्नुपर्छ।

१०. वेदारम्भः 'यमुपनयीत तमध्यापयीत' भन्ने विधिवाक्यको निर्देशन भएकाले जसको व्रतबन्ध गरिन्छ अब ऊ विद्याध्ययनको अधिकारी हुन जान्छ र उपनयन संस्कार भनेकै विद्याध्ययन गर्नका निमित्त गरिने संस्कार हो।[२४] अतः जुन

---

[१७] भारद्वाज्यामांसेन वाकयप्रसार कामस्य ११९।७ पा.गृ.सू.

[१८] साम्वत्सरिकस्य चूडाकरणम्। तृतीये वाऽप्रतिहते। यथा
मङ्गलं वा सर्वेषाम्। पा.गृ.सू. २।१।४ सूत्र
तृतीये वर्षे चौलम् द्रा.गृ.सू.२।३।१६

[१९] चूडोकर्म द्विजातिनां सर्वेषामे व जन्मतः।
प्रधमेव्दे तृतीये वा कर्तव्यं श्रुति चोटतात. ॥ मनुस्मृति, सदोपवीतिना भाव्यं सदा वद्ध शिखेनच।
विशिखो व्युपवीवश्च यत्करोति न तस्य तत। पा.गृ.भू.पृ. २२

[२०] गर्भाष्टमेव्दे कुर्वीत ब्राह्मणस्योपनायनम्।
गर्भादिकादशे राज्ञो गर्भान्तु द्वादशशे विशः। मंनु २।३९
अष्टवर्षं ब्राह्मणमुपनयीत् गर्भाष्टमे वा। एकादशवर्षं राजन्यम्। द्वादशवर्षं वैश्यम्। यथामंगल वा सर्वेषम्। पा.गृ. २।२।१।५ अष्टमे वर्षे ब्राह्मणमुपनयीत्
तस्या षोडशक्षतीतःकाल? एकादशे क्षत्रियम् तस्या द्वाविंशत्। द्वादशे वैश्यम्, तस्या चतुर्विंशात्। दा.गृ. २।४।१।६

[२१] आषोऽशाद्वर्षात् ब्राह्मणस्यानतीतः कालो भवति। आद्वविंशात् राजन्यस्य। आचतुर्विंशात् वैश्यस्य। पा.गृ.सू. २।५।३८

[२२] आषोऽशाद्वाअविंशाच्चतुर्विशाच्च वत्सरात्।
ब्राह्मणक्षत्रियविंशा काल औपनायनिकपरः।
अत उर्ध्वं पतन्त्येते सर्वधर्म वहिष्कृताः। सावित्रीपतिता व्रात्या व्रात्यस्तोमादृते क्रतो ॥ या.स्मृ. ३६।३७।

[२३] सप्तमे व्रह्मवर्चसकामम्, अष्टम आयुष्कामम्, नवमे तेजस्कामम्, दशमेऽन्नाद्यकामम्, एकादश इन्द्रियकामम्, द्वादशे पशुकामम्, आप.ध. १।२१।३६।

[२४] उपनयनं विद्यार्थस्य श्रुतितस्संस्कारः आप.ध. १। ९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बटुकको उपनयन गरिन्छ त्यो वटुकले प्रतिवेद बाह्रवर्षका दरले ४८ वर्षसम्म वेदव्रतधारण गर्नु पर्दछ।[२५] वा प्रतिवेद ३ वर्षका हिसाबले जम्मा १२ वर्ष वेदव्रत धारण गर्दै गुरुको सान्निध्यमा बसेर यम नियम पालनपूर्वक अपूर्व परिकल्पनाका साथ षडङ्ग वेदाध्ययन गर्ने शास्त्रद्वारा निर्दिष्ट छ। वेदाध्ययन पश्चात् आचार्यले शिष्यलाई दीक्षान्तवाक्य उपदेश गर्ने प्रचलन गरहेको उपनिषद्बाट ज्ञात हुन्छ।

११. केशान्तः केशान्त संस्कार वेदाध्ययन पश्चात् गरिने कार्य हो। यो संस्कार सोह्र, वाइस र चौबीस वर्षमा क्रमशः क्षत्रीय र वैश्यको गर्ने विधान छ।[२६] चूणाकर्ममा केवल केशकाटिन्छ भने केशान्त दाह्री पनि काटिन्छ। केशान्त र चूणाको विधि समानं छ।

१२. समावर्तन : वेदाध्ययन विधिवत सम्पन्न गरेर जब ब्रह्मचारी गुरुको आज्ञा लिएर स्नान गर्दछ र ऊ आफ्नो घर फर्कन्छ त्यस बखत ऊ सम्पूर्ण रूपमा स्नातक भइसकेको हुन्छ। आचार्य पारस्करका अनुसार स्नातक तीन प्रकार छन्। विद्यास्नातक व्रतस्नातक र विद्याव्रतस्नातक।[२७]

१३. विवाहः गृहस्थ जीवनप्रवेश गर्ने प्रमुख संस्कारको रूपमा विवाहलाई लिएको पाइन्छ। सन्तान प्राप्तिको निमित्त गरिने एक पवित्रकर्मको सेरोफेरोमा विवाहलाई भोगेच्छाको साधनका रूपमा पनि परिभाषा गर्न सकिन्छ। विवाहमा वरवधू दुवैको योग्यताको परीक्षण, कुलको परीक्षण, भित्री आचरणको परीक्षण, वाह्य आचरहरूको परीक्षण, प्रज्ञाको परीक्षणका साथै ती दुवै कुलमा दीर्घ रोगहरूको समेत परीक्षण गर्ने प्रचलन छ भने १० पुरुषसम्म नसके ३ पुरुषसम्म चिनिएकी कन्यासँग विवाह गर्ने कुरो वान्छनीय छ। विवाहमा गोत्रको, प्रवरको, गणको साथै मावलीका गोत्रको पनि ठूलो महत्त्व रहेको छ। यसमा सगोत्रमा विवाह गर्न पूर्णतया निषेध गरिएको छ। त्यसैगरी समान गणकी वा एउटै गणकी समान प्रवरकी कन्यासँग पनि विवाह निषेध गरिएको छ।[२८] मामाको वा आमाको गोत्रमा विवाह गर्न पनि पुरुषलाई निषेध गरिएको छ तर स्त्रीलाई भने मातृगोत्रमा विवाह गर्न निषेध छैन।[२९] एउटै गणमा पनि निषेध गरिएको विवाह जस्तै घृतकौशिकगोत्र विश्वामित्र गणको हो विश्वामित्र गणभित्र - घृतकौशिकगोत्र, कौशिकगोत्र, माण्डव्यगोत्र, धनञ्जयगोत्र पर्दछ। यी चार गोत्रमा परस्पर विवाह नगर्नु अर्को गणमा जस्तै वशिष्ठ गणमा विश्वामित्र गणकाले विवाह गर्नु भन्ने हो। वशिष्ठ गणमा कौडिन्यगोत्र, वशिष्ठगोत्र, पराशरगोत्र, उपमन्युगोत्र पर्दछ। यसरी एउटै गणलाई छाडी अर्को गणमा विवाह गर्दा आन्तरिक रूपमा आध्यात्मिक नैतिक आचारवान्, प्रज्ञायुक्त सन्ततिको वंश वृद्धि हुन्छ। सन्तति धारालाई निरवच्छिन्न कुल परम्परा धर्म र संस्कारले युक्त गरी समाजमा सुव्यवस्था बनाउन ब्राह्म, दैव, आर्ष, प्राजापत्य आदि वैदिक विवाह शास्त्रले अनुमोदन गरेको छ। त्यसैगरी अनुमोदन नगरेपनि भवितव्य वा कर्तव्यच्यूत रूपमा गन्धर्व, आसुर, पैशाच, राक्षस आदि विवाहको वर्णन पनि शास्त्रमा नै छ।[३०]

वरलाई बोलाएर आफ्नो शक्तिअनुसार कन्यालाई आभूषण आदि दिएर गरिने उत्कृष्ट वैदिक विवाह ब्राह्म विवाह हो। त्यसैगरी यज्ञमा वरण भएको ऋत्विकलाई कन्यादान दिइन्छ भने त्यो दैव विवाह हो।

वरले कन्याको पितालाई दुईवटा गाई वा गोरु दिएर गरिने विवाहलाई आर्ष विवाह भनिन्छ। एकसाथ बसेर धर्म गर्नु भनेर जब कन्या प्रदान गरिन्छ र वैदिक विवाह गरिन्छ त्यसलाई प्राजापत्य विवाह भनिन्छ। धन दिएर कन्या लिइन्छ भने असुर, परस्परमा प्रेम गरेर गरिने विवाह गन्धर्व, युद्धमा हारेको कन्यासित गरिने विवाह राक्षस छल गरेर वा हरण गरेर गरिने विवाहलाई पैशाच विवाह भनिन्छ।

---

[२५] अष्टचत्वारिंशद्वर्षाणि वेदब्रह्मचर्यं चरेत्। द्वादश, द्वादश वा प्रतिवेदम्, यावद्ग्रहणं वा। पा.गृ.सू. ।२।५।१३।१५

अष्टाचत्वारिंशद्वर्षाणि। पाइनम्। अर्धेन। त्रिभिर्वा। द्वादशवराध्यम्। अप। ध। सू. १।२।१२।१६
तस्मा एतत् प्रोवाचाष्टाचत्वारिंशइर्षं चच्चतुर्धा वेदेषुव्ययूह्य द्वादश वर्षाव्यवरार्धमपि स्तायांश्चरेद्यथाशक्यत्यपरम्। गो.व्रा.पू. २।५

[२६] केशान्त षोडशे वर्षे ब्राह्मणस्य विधीयते। राजन्य वन्धोर्द्वविंशे वैश्यस्य हन्यधिके ततः मनुस्मृति. २।६५
षोडशवर्षस्य केशान्त, पा.गृ.सू. २।१।१३

[२७] षस्त्रिशदाब्धिकं चर्यं गुरौ नैविद्यकं व्रतम्।
तदर्धिकं पादिकं वा ग्रहणान्तिकमेव वा। मनु. ३।१, त्रयस्नातका : भवन्ति - विद्यास्नातकः, व्रतस्नातकः, विद्याव्रतस्नातक इति, पा.गृ.२।५। ३२।

[२८] अरोगिर्णी भ्रातृमतिमसमानार्ष गोत्रजाम्। या. स्मृ. आ. ५२।

[२९] असपिण्डाचया मातुरसगोत्राचया पितु:। साप्रसस्ता द्विजातिनां दारकर्मणि मैथुने। मनु. ३। ५।
ब्राह्मो विवाह आहूय दीयते शक्त्यलंकृत:।
तज्ज: पुनात्युभयत: पुरुषानेकविंशतिम्। श्तो. ५८ या स्मृ.

[३०] यज्ञस्थ ऋत्विजो दैव आदायार्षस्तु गोद्वयम्।
चतुर्दश प्रथमज: पुनात्युत्तराजश्च षट् ॥ ५९
इत्युक्त्वा चरतां धर्मं सह सा दीयतेर्थिने
स काय: पावयेतज्ज: षट् षड्वंश्यान्सहात्मना ॥ ६०
आसुरो प्रविणादानाद्गधर्वः समयान्मिथ:।
राससो युद्धहरणात्पैशाचो कन्यकाछलात्। ६१ या स्मृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहमा मुख्य रूपमा गरिने कर्ममा – वरपूजा, मधुपर्क, कन्यादान, गृह्यसूत्रोक्त लाजादि होम पाणिग्रहण, सप्तपरी, सूर्यदर्शन, सिन्दूरदान आदि मुख्य तथा अनिवार्य कृत्यहरू हुन्। यसमा कन्यादानलाई छोटकरीमा गर्दा पनि हुन्छ तर अन्य ऋताषाडादि हवनहरूलाई छोट्याउन मिल्दैन किनकि त्यहाँ कन्याको विशेष संस्कार हुन्छ। कन्याको उपनयन गर्ने हराइसकेको हाम्रो समाजमा कन्याको उपनयन विवाहकै दिनमा हुन्छ। यसको जिज्ञासामा उपनयनमा बटुकलाई अन्तरीय र उत्तरीय वस्त्र आचार्यले दिन्छन् भने विवाहमा वरले वधूलाई दिन्छन्। त्यसैगरी ब्रतवन्धमा सूर्यदर्शन गराइन्छ भने विवाहमा सूर्यको अतिरिक्त ध्रुवदर्शन पनि गराइन्छ। ब्रतवन्धमा आचार्यले शिष्यको हृदयालम्भन गर्छन् भने सोही मन्त्रले विवाहमा पनि वरले वधूको हृदयालम्भन गर्नु पर्दछ। एवं प्रकारले ब्रतवन्धमा आचार्यद्वारा निर्दिष्ट शिष्यले समिधादान गर्दछ भने विवाहमा वरले पढाएको मन्त्र पढ्दै वधूले लाजाहोम गर्नुपर्दछ। ब्रन्तबन्धमा मृगचर्म प्रयोग हुन्छ भने विवाहमा छालामाथि वधूलाई राख्ने विधान छ। इत्यादि पर्दार्थहरू विवेक गर्दा विवाह भनेको वधूको उपनयन स्थानापन्न संस्कार हो। उपनयन भएपछि जनै प्रयोग हुनु पर्ने भन्ने जिज्ञासा हुनसक्छ त्यसमा वधूले प्रयोग नै उपवीति स्थानापन्न पछ्यौरा र साडीको सप्को प्रमाण छ। विवाहको पुण्याहकालको पनि गृह्यसूत्रमा उल्लेख गरिएको छ। जसमा उत्तरायणमा शुक्लपक्षमा, पुण्यकाल साथै पूर्वाह्नमा गर्नु भन्ने वचन अनुसरणीय छ।[३१]

१४. अन्त्येष्टिः मृत्यु सम्पूर्ण मानवको एकमात्र शाश्वत कर्म हो जुन कसैले छेक्न रोक्न सक्दैन। मृत्युपश्चात् गरिने कर्मलाई अन्त्येष्टि कर्म भनिन्छ। जसमा जुठो सूतकका बारेमा सम्पूर्ण रुपले वर्णन गरिन्छ। आचार्य पारस्करले यसलाई उदककर्म भनेका छन्।

सारांश

माथि उल्लेखित संस्कारहरू हाम्रो वैदिक धर्मपरम्पराको प्राचीनकालदेखि हालसम्म नित्यप्रवाह रूपमा आएको देखिन्छ। वर्तमान बदलिँदो विश्व परिवेशमा यसमा केही न्यूनता, शिथिलता, अनुयायीहरूका बीचमा दृढ विश्वासको कमी साथै परधर्मी र परचक्रीहरूको आक्रमण आदि सामाजिक, आर्थिक, राजनैतिक कारणहरूले गर्दा यसको खडेरी पूर्ति गर्दै मेघ गर्जन सहित मडारिएको बदल भैँ समाजमा देखा पर्ने र समाजलाई धार्मिक तथा आध्यात्मिक शिक्षा दिन सन्तुलित दृष्टि स्थापित गराउन सक्ने र धर्मदर्शनको बारेमा फैलाइएका भ्रम निराकरण गर्ने जनशक्ति उत्पादन गर्नुपर्ने आजको आवश्यकता टड्कारो रूपमा सर्वविदीत छ।

बुँदागत रूपमा हाम्रा संस्कारहरूले के दिन्छन् भन्न सकिन्छ :–

१) वंशज वंशप्रति उत्तरदायी हुने।

२) पति पत्निप्रति र पत्नी पतिप्रति उत्तरदायी हुने।

३) पति पत्नी बीचको सम्बन्ध सुमधुर र पारस्परिक सद्भावयुक्त बनाउने।

४) अध्ययन अध्यापनलाई व्यवस्थित बनाई समाजमा नीति र नियमको सिद्धान्त लागू गर्ने।

५) समाजप्रति उत्तरदायी संस्कारयुक्त व्यक्तिहरूको परिकल्पना गर्ने सबै विषयमा सन्तुलित दृष्टिकोण स्थापित गर्ने।

६) पिता पुत्र बन्धुबान्धव तथा समस्त कुटुम्ब एवं समाजमा पारस्परिक सहयोग, सद्भाव, भाइचारा, आफ्नो वंश तथा जात विशेषमा दुःख भएपनि गर्भका साथ जीवनयापन गर्ने दृढ विश्वासी आत्मीय आदि सिद्धान्तयुक्त व्यक्तिको स्थापना, व्यवस्थापन गर्ने आदि सारांश प्रस्तुत गर्दै लेखनी व्यापारलाई विश्राम गर्दछु।

सन्दर्भग्रन्थहरू

१. पारस्कर गृह्यसूत्र डा. जगदीशचन्द मिश्र चौखम्व सुरभारती, वाराणसी १९९१।

२. याज्ञवल्क्य स्मृति, चौखम्वा संस्कृत संस्थान, वि.सं. २०५०।

३. आपस्तम्व धर्मसूत्रम् चौखम्बा संस्कृत संस्थान, सन्. १९९२।

४. षोडश संस्कार पद्धति, डा. चमनलाल गौतम।

५. वैदिक वाङ्मय, कृष्णप्रसाद घिमिरे, वि.सं. २०४६।

६. द्राह्यायन गृह्यसूत्रम्। ठाकुर उदयनारायण सिंह।

७. वैदिक विश्वदर्शन, श्री हरिशंकर जोशी, काशी हिन्दू वि.वि. १९७०।

८. मनुस्मृति, चौखम्बा विद्याभवन, वाराणसी, सन् २००७।

९. वृहदारण्यकोपनिषद्। गीताप्रेश, गोरखपुर, २०५० सम्वत्।

१०. शु.य.वे. चौखम्वा ओरियिन्टालिया, वाराणसी १९८८।

११. सूक्तसंग्रह गीताप्रेस, गोरखपु, २०११।

[३१] उदगयन आपुर्यमाणपक्षे पुण्याहे कुमार्याः पाणी गृह्णीयात्। पा.गृ.सू. १।४।५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्यहेतुविमर्श–भामहदेखि जगन्नाथसम्म

नन्दन भट्टराई
उपप्राध्यापक

१. विषयप्रवेशः–

अलौकिक वर्णनमा निपुण कविको कर्म काव्य हो- *'लोकोत्तरवर्णनानिपुणं कविकर्म काव्यम् ।'*[1] शब्द र अर्थको सुन्दर समन्वयरूप काव्यको उत्पत्ति कसरी हुन्छ ? अर्थात् काव्यको हेतु के हो भन्ने सम्वन्धमा संस्कृतका आचार्यहरूको दृष्टिकोण भिन्न भिन्न रहेको छ । प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई काव्यको कारण स्वीकार गर्दा गर्दै पनि यिनको तारतम्यलाई लिएर आचार्यहरू मुख्यतः दुई समूहमा विभक्त देखिन्छन् । केही आचार्यहरू प्रतिभालाई काव्यको एकमात्र कारणको रूपमा स्वीकार गर्दछन् भने अन्य आचार्यहरू प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई सम्मिलितरूपमा काव्यको कारण मान्दछन् । त्यस्तै कुनै आचार्य चाहिँ प्रतिभाको अभावमा पनि काव्य उत्पन्न हुन सक्छ भन्ने अभिमत राख्दछन् । काव्यको हेतुका सम्बन्धमा भामहदेखि पण्डितराज जगन्नाथसम्मका लक्षणकार प्रमुख आचार्यहरूको मत मतान्तरको समीक्षात्मक अध्ययनद्वारा काव्य रचनामा आवश्यक योग्यता के हो भन्ने तथ्य जिज्ञासुहरूसम्म पुऱ्याउनु यस लेखको उद्देश्य रहेको छ ।

२. आचार्य भामहको अभिमत–

अलङ्कारशास्त्रका प्राचीनतम आचार्य भामहले आफ्नो अलङ्कारशास्त्र विषयक ग्रन्थ 'काव्यालङ्कार'मा काव्यतत्त्वका सम्बन्धमा पर्याप्त आलोचना गरेका छन् । यसै प्रसङ्गमा स्पष्ट शब्दमा 'काव्यहेतु' नामले कुनै वस्तुलाई निर्देश नगरे तापनि काव्यरचनाका लागि कुन कुन उपादान आवश्यक छ भन्ने सम्वन्धमा उनले विशद विचार गरेका छन् । भामहका यिनै विचारहरूको विश्लेषण र विवेचनाद्वारा उत्तरवर्ती आचार्यहरूले 'काव्यहेतु' भन्ने पदको प्रयोग गरी आफ्नो आफ्नो मान्यता स्वतन्त्ररूपमा प्रस्तुत गरेको देखिन्छ । भामहाचार्य भन्दा अघिका आचार्यहरूको काव्यशास्त्र विषयक ग्रन्थहरू उपलब्ध नहुनाले उनीहरूको मान्यता के कस्तो थियो भन्ने सर्वाङ्गीण विचार गर्ने कुनै आधार उपलब्ध छैन । भरतमुनिको 'नाट्यशास्त्र' संस्कृतसाहित्यको सर्वप्रथम लक्षणग्रन्थ हुँदा हुँदै पनि समग्र काव्यशास्त्र विषयक समालोचना यसमा उपलब्ध नहुनाले 'भामहालङ्कार'लाई नै प्रथम 'काव्यलक्षणग्रन्थ'को रूपमा अङ्गीकार गरिएको छ । यसैकारण काव्यहेतु सम्बन्धमा पनि भामहालङ्कारवाटै काव्यतत्त्व विवेचनाको श्रीगणेश गर्नु वाञ्छनीय देखिन्छ । काव्यरचनाका लागि आवश्यक तत्त्वहरूको चर्चा गर्ने प्रसङ्गमा भामहले मुख्यतः तीन तत्त्वको अनिवार्यता देखाएका छन्- प्रतिभा, मननीय विषय र काव्यरचनामा तत्परता । भामहको दृष्टिमा प्रतिमा काव्यको उत्कृष्ट र अनिवार्य तत्त्व हो । गुरुको उपदेशवाट शास्त्रको अध्ययन त जडवुद्धिले पनि गर्न सक्दछ, परन्तु काव्यको रचना गर्ने सामर्थ्य कुनै कुनै प्रतिभावानलाई मात्र हुन्छ-

'गुरूपदेशादध्येतुं शास्त्रं जडधियोऽप्यलम् ।
काव्यं तु जायते जातु कस्यचित् प्रतिभावतः ॥'[2]

पूर्वोक्त कारिकामा भामहले मननीय दुई तत्त्व 'जातु' र 'कस्यचित्' भनेर नितान्त मौलिक विचार प्रस्तुत गरेका छन् । प्रतिभा हुँदाहुँदै पनि सवैले सँधै काव्य रचना गर्न सक्दैनन् भन्ने विषयलाई 'जातु' अर्थात् कदाचित् र 'कस्यचित्' अर्थात् विरल, एक्का दुक्का, कुनै कुनै प्रतिभावानले मात्र भन्ने पदले प्रभावकारीरूपमा उठाएको छ । यसको अर्थ यो हो कि प्रतिभा काव्यको अनिवार्य हेतु हो र यो अत्यन्त विरल पनि छ । यसका साथै काव्यरचनामा समुचित प्रेरणा र वातावरण समेत आवश्यक छ भन्ने स्पष्ट हुन्छ ।

त्यसैगरी अर्को कारिकामा भामहले मननीय विषय अर्थात् अध्ययनजन्य व्युत्पत्तिका बारेमा उल्लेख गरेका छन् । काव्यको रचना गर्न इच्छुकले शब्दशास्त्र, छन्दःशास्त्र, नामकोश, ऐतिहासिक कथा, लोकव्यवहार, दर्शनशास्त्र एवं ललितकला आदिको मनन गर्नु पर्दछ भन्ने उनको मान्यता छ-

'शब्दश्छन्दोऽभिधानार्था इतिहासाश्रयाः कथाः ।
लोको युक्तिः कलाश्चेति मन्तव्याः काव्यगैर्ह्यमी ॥'[3]

उपर्युक्त कारिकामा भामहले शास्त्रजन्य ज्ञान र व्यावहारिक ज्ञान यी दुवै काव्यका लागि उपयोगी हुने बताएका छन् । यसै गरी शब्द र अर्थको विशिष्ट ज्ञान प्राप्त गरेपछि काव्यज्ञहरूको उपासना एवं सत्कविका प्रबन्धहरूको अध्ययन पछि मात्रै काव्यरचना गर्नमा प्रवृत्त हुनु पर्दछ भन्ने उनको मान्यता रहेको छ–

---

[1] मम्मट, काव्यप्रकाश, षष्ठ सं. विश्वेश्वरसिद्धान्तशिरोमणि (सं. डा. नरेन्द्र, एम. ए., डी. लिट्), (वाराणसीः ज्ञानमण्डल लि. सं. २०४२)पृ. १० ।

[2] भामह, काव्यालङ्कार १।५, द्वि. सं., भाष्यकारो देवेन्द्रनाथ शर्मा, (पटनाः विहार राष्ट्रभाषा परिषद्, सं. २०४२) ।

[3] पूर्ववत् १।९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'शब्दाभिधेये विज्ञाय कृत्वा तद्विदुपासनाम् ।
विलोक्यान्यनिबन्धाँश्च कार्यः काव्यक्रियादरः ॥'[४]

यसरी अलङ्कारशास्त्रका प्रथम आचार्य भामहले काव्यरचनामा अनिवार्य तत्त्वहरू प्रतिभा, अध्ययन एवं अनुभव जन्य ज्ञान (व्युत्पत्ति) तथा काव्यरचनामा प्रवृत्ति(अभ्यास)लाई आवश्यक मानेर समुचित वातावरण एवं प्रेरणा समेतलाई महत्त्वपूर्ण मानेका छन् र प्रतिभालाई अनिवार्य हेतुका रूपमा स्वीकार गरेका छन् ।

३. प्रतिभा, व्युत्पत्ति र अभ्यास संयुक्तरूपमा काव्यको हेतु हो–

भामहपछिका आचार्यहरू काव्यहेतु सम्बन्धमा मुख्यतः दुई वर्गमा विभाजित देखिन्छन् । प्रतिभा, व्युत्पत्ति र अभ्यास सम्मिलितरूपमा काव्यको हेतु हो भन्ने मतको समर्थकमा रुद्रट, मम्मट आदि आचार्यहरू पर्दछन् । यिनीहरूको विचारमा प्रतिभा, व्युत्पत्ति र अभ्यास स्वतन्त्ररूपमा काव्यको कारण होइनन् । काव्यालङ्कार ग्रन्थका प्रणेता रुद्रटका अनुसार सुन्दर काव्यको रचनामा नीरस अंशको त्याग र सरस अंशको ग्रहणका लागि शक्ति, व्युत्पत्ति र अभ्यास यी तीनै वाञ्छित छन्–

'तस्यासारनिरासात्सारग्रहणाच्च चारुणः करणे ।
त्रितयमिदं व्याप्रियते शक्तिर्व्युत्पत्तिरभ्यासः ॥'[५]

शक्ति अर्थात् प्रतिभाको परिभाषा गर्दै उनी भन्दछन्– 'जुन एकाग्र चित्तमा तत्काल अर्थ प्रतिपादन गर्नमा समर्थ नाना प्रकारका रमणीय शब्द र अर्थ सँधै स्फुरण हुन्छ त्यो नै शक्ति हो । यो प्रतिभा पनि सहज र उत्पाद्य गरी दुई प्रकारको हुन्छ । त्यसैगरी नानाप्रकारका शास्त्र र विद्याहरूको सम्यग् ज्ञानबाट प्राप्त उचित अनुचित छुट्याउने बुद्धि अर्थात् विवेक नै संक्षिप्तरूपमा व्युत्पत्ति हो । काव्यरचना गर्न इच्छुक यदि 'शक्तिमान्' छ र '*अधिगतसकलज्ञेयः*' छ भने मात्र उसले सहृदय सुकविको सान्निध्यमा काव्यरचना गर्ने निरन्तर अभ्यास गरोस् ।'[६] यसरी आचार्य रुद्रटले प्रतिभा, व्युत्पत्ति र अभ्यास तीनवटै तत्त्वलाई काव्यको कारणका रूपमा मान्यता दिएका छन् ।

काव्यप्रकाशकार मम्मट काव्यतत्त्वका सम्बन्धमा आफ्ना पूर्ववर्ती प्रायः सबै आचार्यका मतलाई समन्वय गर्ने आचार्यका रूपमा देखिन्छन् । काव्यको कारणका सम्बन्धमा रुद्रटजस्तै यिनी पनि शक्ति, व्युत्पत्ति र अभ्यास संयुक्तरूपमा काव्यको कारण हो भन्ने अभिमत राख्दछन्–

'शक्तिर्निपुणतालोकशास्त्रकाव्याद्यवेक्षणात् ।
काव्यज्ञशिक्षयाभ्यास इति हेतुस्तदुद्भवे ॥'[७]

यसको व्याख्या गर्दै उनी भन्दछन्- "शक्तिः कवित्वबीजरूपसंस्कारविशेषः । यां विना काव्यं न प्रसरेत् प्रसृतं वा उपहसनीयं स्यात् । लोकस्य स्थावरजङ्गमात्मकस्य लोकवृत्तस्य, शास्त्राणां छन्दोव्याकरणाभिधानकोशकलाचतुर्वर्गगजतुरगखड्गादिलक्षणग्रन्थानाम्, काव्यानां च महाकविसम्बन्धिनाम्, आदिग्रहणादितिहासादीनां च विमर्शनाद् व्युत्पत्तिः । काव्यं कर्तुं विचारयितुं च ये जानन्ति तदुपशेन करणे योजने च पौनःपुन्येन प्रवृत्तिरिति त्रयः समुदिताः, न तु व्यस्ताः, तस्य काव्यस्योद्गमे निर्माणे समुल्लासे च हेतुर्न तु हेतवः ॥" यहाँ उनले कवित्वको बीजरूप संस्कारविशेष जुन विना काव्य उत्पन्न हुन सक्दैन, उत्पन्न भए पनि हास्यास्पद हुन्छ त्यो शक्ति हो भन्दै शक्ति अर्थात् प्रतिभालाई अनिवार्य तत्त्वको रूपमा राखेका छन् । त्यसै गरी लोकव्यवहार, शास्त्रज्ञान, महाकविका काव्यकृति एवं इतिहास आदिको अध्ययनबाट उत्पन्न ज्ञानलाई व्युत्पत्ति मानेका छन् । काव्यको रचना र विवेचनामा चतुर जनको उपदेशअनुसार काव्यरचनामा पुनः पुनः प्रवृत्त हुनु अभ्यास हो । यी तीनवटै वस्तु काव्यको उद्गमको संयुक्त हेतु हो, स्वतन्त्र कारण होइनन् । यसरी मम्मटाचार्यले प्रतिभा, व्युत्पत्ति र अभ्यास तीनवटै सम्मिलित रूपमा काव्यको हेतु हो भन्ने मत व्यक्त गरेका छन् ।

४. काव्यको एकमात्र हेतु प्रतिभा हो–

काव्यको एकमात्र कारण प्रतिभा हो, व्युत्पत्ति र अभ्यास प्रतिभाको संस्कारक भएकाले अङ्ग हुन् भन्ने मान्यता राख्ने आचार्यहरूमा वामन, राजशेखर, हेमचन्द्र, वाग्भट प्रथम एवं द्वितीय, जयदेव, जगन्नाथ आदि रहेका छन् । वामनाचार्यका अनुसार काव्यको बीज प्रतिभा हो- 'कवित्वबीजं प्रतिभानम् ।'[5] प्रतिभा जन्म जन्मान्तरबाट प्राप्त संस्कार विशेष हो, यो विना काव्य निष्पन्न हुँदैन, भएपनि हास्यास्पद हुन्छ भन्ने उनको भनाई छ । उनले लोक, विद्या र प्रकीर्णलाई काव्यको अङ्गका रूपमा मानेका छन्- 'लोको विद्या प्रकीर्णञ्च काव्याङ्गानि ।'[९] यहाँ लोक भन्नाले समस्त

---

[४] पूर्ववत् १।१० ।

[५] रुद्रट, काव्यालंकार १।१४, पुनर्मुद्रित सं., व्याख्याकार रामदेव शुक्ल एम. ए., (वाराणसीः चौखम्वा विद्या भवन, इ. सं. १९८९),

[६] पूर्ववत् १।१५-२०,

[७] मम्मट, काव्यप्रकाश १।१३

[८] वामनाचार्य, काव्यालंकार सूत्राणि १।३।१६, द्वि. सं., व्याख्याकार हरगोविन्द शास्त्री (वाराणसी : चौखम्वा सुरभारती प्रकाशन, इ. सं.१९९५)

[९] पूर्ववत् १।३।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकव्यवहारको ज्ञान र विद्या भन्नाले शब्दस्मृति, अभिधानकोश, छन्दोविचिति, कलाशास्त्र, कामशास्त्र र दण्डनीति यी छ को ज्ञान बुझिन्छ । त्यसै गरी प्रकीर्ण भन्नाले लक्षज्ञत्व, अभियोग, वृद्धसेवा, अवेक्षण र प्रतिभान भन्ने बुभनुपर्दछ । उपर्युक्त शब्दावलीमा प्रयुक्त 'प्रतिभानम्' प्रतिभा हो भने लोक, विद्या र प्रकीर्णका केही अङ्ग व्युत्पत्ति हुन् । त्यसैगरी 'अभियोग' मूलरूपमा अभ्यास हो ।

काव्यमीमांसाकार राजशेखरले पनि काव्यको कारण केवल शक्ति हो भनेका छन्- *'सा (शक्तिः) केवलं काव्ये हेतुरिति यायावरीयः । विप्रसृतिश्च सा प्रतिभाव्युत्पत्तिभ्याम् ॥'*[१०] काव्यानुशासनका रचयिता हेमचन्द्रको मतमा काव्यको प्रधानकारण प्रतिभा हो भने व्युत्पत्ति र अभ्यास चाहिँ यसका संस्कारक मात्र हुन्- 'प्रतिभास्य हेतुः । इदं प्रधानं कारणम् । व्युत्पत्त्यभ्यासौ तु प्रतिभाया एव संस्कारकौ ॥'[११] यसै प्रसङ्गमा प्रतिभाको लक्षण गर्दै उनी भन्दछन्- 'प्रतिभा नवनवोल्लेखशालिनी प्रज्ञा ।' अर्थात् नित्य नवीन स्फुरण गर्ने बुद्धि नै प्रतिभा हो ।

वाग्भट प्रथमले प्रतिभालाई कारण, व्युत्पत्तिलाई विभूषण एवं अभ्यासलाई काव्यको वर्धकको रूपमा ग्रहण गरेका छन्–

'प्रतिभा कारणं तस्य व्युत्पत्तिस्तु विभूषणम् ।
भृशोत्पत्तिकृदभ्यास इत्याद्यकविसंकथा ॥'[१२]

वाग्भट द्वितीय पनि व्युत्पत्ति र अभ्यासद्वारा संस्कार गरिएको प्रतिभा काव्यको हेतु भन्ने धारणा राख्दछन्–

'व्युत्पत्त्यभाससंस्कृता प्रतिभास्य हेतुः ।'[१३]

चन्द्रालोककार जयदेव (पीयूषवर्ष)को दृष्टिमा जसरी लताको उत्पत्तिमा बीज, माटो र पानीको आवश्यकता हुन्छ त्यसै गरी काव्यको उत्पत्तिमा पनि व्युत्पत्ति र अभ्यासले युक्त प्रतिभा नै मूल कारण हो–

'प्रतिभैव श्रुताभ्याससहिता कवितां प्रति ।
हेतुर्मृदम्बुसम्बद्धबीजोत्पत्तिर्लतामिव ॥'[१४]

काव्यहेतुका सन्दर्भमा नवीन आचार्य पण्डितराज जगन्नाथको अभिमत अलि भिन्न छ । उनको भनाई छ- 'कविताको साक्षात् कारण केवल प्रतिभा हो । व्युत्पत्ति र अभ्यास परम्परागत कारण हुन् । व्युत्पत्ति र अभ्यासले प्रतिभालाई पुष्ट र वृद्ध गरेर काव्यको उपकार गर्दछन् । प्रतिभाको हेतु कहीं देवता, महापुरुष आदिको वरप्रसादवाट उत्पन्न अदृष्ट हुन्छ भने कहीं विलक्षण व्युत्पत्ति र अभ्यासवाट प्रतिभा जन्मन्छ– 'तस्य च कारणं कविगता केवला प्रतिभा । तस्याश्च हेतुः क्वचिद्देवतामहापुरुषप्रसादादिजन्यमदृष्टम् । क्वचिच्च विलक्षणव्युत्पत्तिकाव्यकारणाभ्यासौ न तु त्रयमेव ।'[१५]

अन्य आचार्यहरूभन्दा नितान्त भिन्न विचार राख्दै व्युत्पत्ति र अभ्यासबाट पनि प्रतिभा जन्मन्छ भन्छन् उनी । यसैगरी काव्यरचनाका लागि अनुकूल शब्द र अर्थको उपस्थिति हुनु नै प्रतिभा हो भन्ने उनको अभिमत छ– 'सा च काव्यघटनानुकूलशब्दार्थोपस्थितिः ।'

५. प्रतिभाको अभावमा पनि काव्यको उत्पत्ति हुन्छ–

यस मतका प्रवर्तक आचार्य दण्डी हुन् । उनले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई काव्यको संयुक्त कारण मानेर पनि पछि प्रतिभाको अभावमा पनि व्युत्पत्ति र अभ्यासद्वारा काव्यरचना गर्न सकिन्छ भन्ने विचार प्रस्तुत गरेका छन् । यस प्रसङ्गमा उनी भन्दछन्–

---

१० राजशेखर, काव्यमीमांसा,

११ हेमचन्द्र, काव्यानुशासनम्, पुनर्मुद्रण, सं. पं. शिवदत्त/ कासीनाथ पाण्डुरंग, (न्यूदिल्ली : मेहरचन्द लक्ष्मणदास पब्लिकेसन्स, इ. सं. १९८६) पृष्ठ ५,

१२ वाग्भटालंकार १।३,

१३ वाग्भट द्वितीय, काव्यालंकार पृष्ठ २,

१४ जयदेव, चन्द्रलोक १।६,

१५ जगन्नाथ, रसगंगाधर, पञ्चम सं., मधुरानाथ शास्त्री, (मुम्बई: निर्णयसागर प्रेस,इ. सं. १९३९) पृष्ठ ९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'नैसर्गिकी च प्रतिभा श्रुतं च वहु निर्मलम् ।
अमन्दश्चाभियोगोऽस्याः कारणं काव्यसंपदः ॥'[१६]

यसरी नैसर्गिक प्रतिभा, निर्मल शास्त्रीय एवं व्यवहारिक ज्ञान तथा निरन्तर अभ्यास काव्यरचनाको सम्मिलित कारण हो भनेर एकवचनान्त 'कारणं'ले बुझाउँदा बुझाउँदै पनि पूर्वजन्मको संस्कारले युक्त अद्भुत प्रतिभा नहुँदा नहुँदै पनि निरन्तरको अध्ययन एवं प्रयत्नद्वारा काव्यरचना गर्न सकिन्छ र विदग्धगोष्ठीमा समादृत हुन सकिन्छ भन्ने दण्डीको मान्यता रहेको छ–

'न विद्यते यद्यपि पूर्ववासनागुणानुवन्धिप्रतिभानमद्भुतम् ।
श्रुतेन यत्नेन च वागुपासिता ध्रुवं करोत्येव कमप्यनुग्रहम् ॥'[१७]

६. उपसंहार–

यसरी प्राचीन आचार्य भामहदेखि नवीनतम आचार्य जगन्नाथसम्मका काव्यहेतु विषयक विचारहरूको विवेचना गर्दा 'अपूर्ववस्तुनिर्माणक्षमा प्रज्ञा' भनौं या 'नवनवोन्मेषशालिनी प्रतिभा' भनौं जे भने पनि जन्मान्तरको संस्कारले प्राप्त हुने विलक्षण प्रतिभानै काव्यको मूलकारणको रूपमा देखापर्दछ । संसारमा कवित्व दुर्लभ छ र शक्ति अर्थात् प्रतिभा त अत्यन्त दुर्लभ छ भन्ने अग्निपुराणको समेत मान्यता रहेको छ–

'नरत्वं दुर्लभं लोके विद्या तत्र सुदुर्लभा ।
कवित्वं दुर्लभं तत्र शक्तिस्तत्र सुदुर्लभा ॥'

रुद्रट आदिले प्रतिभालाई सहजा र उत्पाद्या दुई किसिमको मानेता पनि जन्मसिद्ध स्वाभाविक प्रतिभा नै यथार्थ प्रतिभा हो भन्नेमा आचार्यहरूको विमति देखिँदैन । दण्डी वाहेक अरु कुनै आचार्यहरूले पनि प्रतिभा विना काव्यको उत्पत्ति हुन सक्दछ भन्ने मान्यता राखेको देखिएन । व्युत्पत्ति र अभ्यासवाट पनि प्रतिभा उत्पन्न हुन सक्छ भन्ने विचार पण्डितराज जगन्नाथको मात्र रहेको पाइन्छ । काव्यको कारणका रूपमा प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई स्वीकार गर्दागर्दै पनि यिनको प्राधान्य र अप्राधान्यका विषयमा मात्र आचार्यहरूको विमति रहेकाले मतान्तर देखिएको हो । व्युत्पत्ति र अभ्यासको अत्यन्त अभावमा केवल प्रतिभावाट मात्र काव्य जन्मन्छ भन्ने कसैको पनि मान्यता नरहेको स्थितिमा प्रतिभा, व्युत्पत्ति र अभ्यासको संयोजन नै काव्यको हेतु हो भन्ने सिद्धान्त यथार्थपरक एवं वस्तुवादी देखिन्छ । काव्यरचनाका सम्वन्धमा प्रेरणा र वातावरण आवश्यक छ र आवश्यक सवै तत्त्व हुँदाहुँदै पनि काव्यरचना सँधै सम्भव छैन भन्ने भामहको विचार अत्यन्तै महत्त्वपूर्ण रहेको छ । किं वहुना, भामहकै सिद्धान्तको सेरोफेरोमा पछिका आचार्यहरूले आफ्नो अभिमत प्रस्तुत गरेको तथ्य पनि उपर्युक्त विवेचनाबाट स्पष्ट हुन गएको छ । यसरी भामहदेखि जगन्नाथसम्मका आचार्यहरूको काव्यहेतु विषयक मान्यताको विमर्शवाट प्रतिभा, व्युत्पत्ति र अभ्यासमध्ये कुनै एकको पनि अभावमा उत्कृष्ट काव्यको रचना हुन सक्दैन भन्ने सिद्ध हुन्छ ।

सन्दर्भग्रन्थसूची

१. जगन्नाथ, रसगंगाधर, पं. सं, मथुरानाथ शास्त्री, मुम्बई:निर्णयसागर प्रेस, इ.१९३९
२. दण्डी, काव्यादर्श, द्वि.सं., व्यख्याकार रामचन्द्र मिश्र, वाराणसी: चौखम्बा विद्याभवन, इ. १९९६
३. भामह, काव्यालङ्कार, द्वि. सं., भाष्यकार देवेन्द्रनाथ शर्मा, पटना: विहार राष्ट्रभाषा परिषद्, सं. २०४२
४. मम्मट, काव्यप्रकाश, षष्ट सं., व्याख्याकार विश्वेश्वरसिद्धान्तशिरोमणि, (सं. डा. नरेन्द्र एम. ए. डी. लिट्), वाराणसी: चौखम्बा सुरभारती प्रकाशन, इ. १९९५
५. रुद्रट, काव्यालङ्कार, पुनर्मुद्रण, व्याख्याकार रामदेव शुक्ल एम. ए., वाराणसी: चौखम्वाविद्याभवन, इ. १९८९
६. हेमचन्द्र, काव्यानुशासन, पुनर्मुद्रण, सं. पं. शिवदत्त कासीनाथ पाण्डुरंग, न्यूदिल्ली: मेहरचन्द लक्ष्मणदास पब्लिकेसन्स, इ. १९८६

[१६] दण्डी, काव्यादर्श १।१०३, द्वि. सं., आचार्य रामचन्द्रमिश्र, (वाराणसी: चौखम्वा विद्याभवन, इ. सं. १९९६)

[१७] पूर्ववत् १।१०४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दका विषयमा पाणिनिको सिद्धान्त

मुरलीमोहन वाँस्तोला
सहप्राध्यापक

मनुष्यले आफ्ना मनका भावनाहरु अरुलाई बुझाउन र अरुका भावनाहरु बुझ्नका लागि शब्दको[१] प्रयोग गर्दछ । प्रयुक्त भएका शब्द वा शब्द समूहले अभिप्रायलाई व्यक्त गर्दछ । परस्परमा वार्तालाप,भाषण र लेखनका माध्यमले मनुष्यले आफ्ना विचारलाई अरु समक्ष राखदछ । अभिव्यक्तिको सशक्त साधन शब्द नै हो । विगतका युगहरु देखि लिएर वर्तमान सम्म भएको अनुसन्धान जन्य अनुभव, धर्म,संस्कृति,एव सभ्यताको विकास र संसारमा घटेका अनेक राजनैतिक एवं ऐतिहासिक घटनाहरुको विवरण शब्दले नै गरेको छ । शब्द न भएको भए यी सम्पूर्ण जान्नु पर्ने कुराहरु अन्धकारमा नै रहने थिए र मानव समाज अँधेराको काग जस्तो हुने थियो । शब्दले नै सम्पूर्ण जान्नु पर्ने र गर्नु पर्ने कुरालाई प्रकाशमा ल्याई मानवलाई सचेत गराएको छ । काव्यादर्शकार आचार्य दण्डीले भन्नु भएको छ, "शब्द[२] नामको ज्योतिले यो संसारलाई प्रकाशित नगरेको भए सम्पूर्ण तीनै भुवन अन्धकारमय हुने थियो" । यसरी शब्दरुपी ज्योतिको प्रसादले[३] नै मानवको लोकयात्रा सहज भएको छ । ईश्वरमा रहेको असीमित ज्ञानशक्ति ,इच्छाशक्ति र क्रियाशक्तिको अभिव्यक्ति र मानवमा रहेको सीमित ज्ञान, इच्छा र क्रियाको अभिव्यक्ति, प्रकाशकको पनि प्रकाशक शब्दद्वारा नै हुन्छ । सम्पूर्ण पदार्थको प्रकाशक शब्दको प्रादुर्भावको विषयमा शास्त्रहरुमा विभिन्न मत मतान्तर छन् ।

शब्दतत्वका ज्ञाता आचार्य पाणिनिले शब्दको उत्पति (अभिव्यक्ति) आत्मा,बुद्धि,मन र शरीरमा रहेको अग्नि एवं वायुको संयोगले हुने विषयको वर्णन गर्नु भएको छ । पाणिनीय शिक्षानुसार केही कुरा व्यक्त गर्ने इच्छा भएका मनुष्यले व्यक्तगर्नु पर्ने अर्थलाई बुद्धिले संकलन गरी मनलाई प्रेरणा दिन्छ र प्रेरित मनले शरीराग्निलाई ताडना गर्दछ र ताडित शरीराग्निले वायुलाई प्रेरणा गर्दछ र अग्निद्वारा प्रेरित वायु मूलाधारचक्रबाट उठेर शिरमा गएर ठोकिन्छ र मुखमा आएर वर्णको रुपमा[४] अभिव्यक्त हुन्छ ।"

वाक्यपदीयकार भर्तृहरिले शब्दतत्वलाई नै साक्षात् ब्रह्म मानेका छन् । उनको मतमा सम्पूर्ण जगत् शब्द ब्रह्मको विवर्त[५] हो ।

भर्तृहरिले आत्मालाई शब्दस्वरुप मान्दछन् र उनी भन्दछन, सूक्ष्म वाणीको रुपमा रहेको ज्ञाताले प्राण[६] र बुद्धिमा रहेको शक्तिका सहयोगले स्थानभेदले भिन्न भिन्न नाम लिँदै स्वयंलाई व्यक्त गर्दछ । यो कथन स्वाभाविक नै हो । मनुष्यले प्राण र बुद्धिको सहयोग लिई आफ्नो अनुभव व्यक्त गर्दछ । तन्त्र शास्त्रले परा,पश्यन्ती,मध्यमा र वैखरी गरी शब्दका चार भेद मान्दछ । तर, भर्तृहरिले पश्यन्ती[७] मध्यमा र वैखरी गरी शब्दका तीन भेद मान्दछन् ।

नाद ब्रह्मका उपासक योगीहरु शब्द एवं सृष्टिको उत्पत्ति नादस्वरुप प्रणव ओंम् बाट भएको हो ,भन्दछन् । ओम्[८] र ओम्को प्रथमाक्षर अकारलाई[९] गीतामा ब्रह्म भनिएको छ । यसैलाई श्रुतिले "एक: शब्द: सुप्रयुक्त: सम्यग्ज्ञात: स्वर्गे लोके चकामधुग् भवति" भन्दछ । अर्थात् एउटा शब्दलाई सम्यग् जानेर प्रयोग गरियो भने, त्यसले सम्पूर्ण कामनालाई पूर्ण गर्दछ । यस श्रुतिमा आएको एक शब्द नादब्रह्म अर्थात् शब्द ब्रह्मको वाचक हो, समान्य शब्द होइन् । योग शास्त्र अनुसार मानव शरीरमा मूलाधार,स्वाधिष्ठान,मणिपूरक,अनाहत,विशुद्ध र आज्ञाचक्र गरी षट चक्र छन् । योगसाधनाद्वारा योगीले षट्चक्र भेदन गरी सहस्रारमा प्राणलाई स्थापना गरे पछि ध्यानावस्थामा परमज्योतिको दर्शन हुन्छ र दिव्य संगीत सुन्दछ । जुन संगीत- नादको उद्गमस्थल मूलाधार हो । मूलाधारमा रहेको नादको नाम परा वाणी

---

१ "लोकतोऽर्थप्रयुक्ते शव्दप्रयोग ..." व्याकरणमहाभाष्य प्रथम आन्हिक ।

२ इदमन्धंतम: कृत्स्नं जायेत भुवनत्रयम् ।
यदि शव्दाह्वयं ज्योतिरासंसार न दीप्यते ॥ काव्यादर्श १।४ दण्डी ।

३ वाचामेव प्रसादेन लोक यात्रा प्रवर्तते । काव्यादर्श १।३ दण्डी ।

४ आत्मा वुद्ध्या समेत्यार्थान् मनोयुङ्क्ते विवक्षया ।
मन: कायाग्निमाहन्ति स प्रेरयति मारुतम् ॥ ६ ॥
सोदीर्णो मूध्न्यभिहतो वक्त्रमापद्यमारुत:
वर्णात्र् जनयते- ।९ पाणिनीय शिक्षा ॥

५ अनादिनिधनं व्रह्म शव्दातत्वं यदक्षरम् ।
विवर्ततेऽर्थे भावेन प्रक्रिया जगतो यत: ॥ वाक्यपदीय १।१ भर्तृहरि ।

६ तस्य प्राणे च या शक्ति: या च वुद्धौ व्यवस्थिता । विवर्तमाना स्थानेषु सैषा भेदं प्रचेते । वा.प.१।१७१

७ वैखर्या मध्यमायाश्च पश्यन्त्याश्चैतदद्भुतम् । वा.प.१।१४२

८ ओमिव्येक्ताक्षरम् व्रह्म- गीता ८।१३

९ अक्षराणामकारोस्मि-गीता १०।३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो र त्यो नै शब्दब्रह्म हो । सम्पूर्ण विश्वको कारण पनि त्यो नै हो । त्यो नै स्थूल रुपमा वाहिर आएर वर्ण पद वाक्य रुप बन्दछ ।

वैष्णवतन्त्र अहिर्बुध्न्य संहितानुसार शब्दोत्पत्ति प्रक्रियालाई यसरी वर्णन गरिएको छ । "शुद्धज्ञानमयी भगवानको क्रियाशक्तिलाई परा भनिन्छ । त्यसमा भएको पहिलो उन्मेषलाई भूति भनिन्छ । त्यसको भावक विष्णुको संकल्प हो र त्यसलाई सुदर्शन भनिन्छ । उत्थित क्रियाशक्तिले नादको रुप लिन्छ । त्यो नादको अनुभव योगीले समाधिमा गर्दछ । उन्मेष प्राप्त गरेको नादले विन्दुको स्वरुप धारण गर्दछ । त्यो विन्दु नाम र नामी भेदले दुई किसिमको वन्दछ र नामरुप प्राप्तगरेको विन्दुलाई शब्दब्रह्म भनिन्छ । विन्दु रुपेण अवस्थित शक्ति वर्ण रहित भए तापनि स्वर र व्यञ्जन दुई किसिमको हुन्छ र त्यसको प्रथम उन्मेष अ हो । यसरी-अ इ उ ऋ लृ ए ओ,यी सात सूर्य रश्मि हुन् र आकारादि सप्त सोम रश्मि हुन । एवं रुपेण व्यञ्जनहरुको सृष्टि हुन्छ ।

शारदा तिलक नामक तंत्रमा पनि वर्णको उत्पत्तिको वारेमा यसै संग मिल्दो वर्णन छ । योग शास्त्र अनुसार शरीरमा षटचक्र छन् र प्रथमचक्र मूलाधार चक्र हो र त्यो त्रिकोणात्मक छ । त्रिकोणमा क्रमशः ज्ञानशक्ति इच्छाशक्ति र क्रियाशक्ति छन् । त्यहाँ सूर्य सदृश स्वयंभू लिङ्ग विद्यमान छ,जसमा कुण्डलिनी शक्ति वेरियेर बसेको छ र त्यो शक्ति सम्पन्न छ । यसरी कुण्डलिनी, शक्तिवाट ध्वनि,ध्वनिवाट नाद,नादवाट निरोधिका,निरोधिकवाट अर्धेन्दु, अर्धेन्दुवाट विन्दु,विन्दुवाट वर्णमाला उत्पन्न हुन्छ ।

यी सवै मतका पछाडि साधनाको ठूलो इतिहास छ । शब्दको उत्पत्तिको यथार्थ जे भए तापनि शब्दको महत्व विश्वका लागि कति छ भन्ने विषय वर्णन गर्ने क्षमता शब्द संग छैन । पौरस्त्य दर्शनमा भनिन्छ ,स्वयं इश्वरलाई आफ्नो महिमाको पूर्णज्ञान हुदैन, महिमा अनन्त भएकाले । साधकले भगवान अनन्त भएकाले उनको अन्त पाउन सक्दैन भने, भगवानले पनि आफ्नो अन्त पाउनु हुन्न, अनन्त भएकोले । ईश्वर र संसारको अस्तित्वको विवेचना शब्दको अभावमा हुन सक्दैन । विधाताले मानुष्यलाई शब्द र बुद्धि दिएर सर्वश्रेष्ठ प्राणी वनाई सम्मान गरेको छ । विश्वका सम्पूर्ण मनुष्यको लोक यात्रा शब्दको कृपालेचलिरहेको छ ।

शब्दको उत्पतिको विषयमा यति विचार भए पछि शब्दको लक्षण के हो ? यो प्रश्न उठ्नु स्वाभिविक छ । पाणिनिले अर्थवान्लाई[१०] शब्द भन्नु भएको छ । अर्थवत् शब्दलाई उद्देश्य गरी प्रातिपादिक संज्ञा गर्नु भएको छ, पाणिनिले । वर्ण वा वर्णहरुको त्यस्तो समूह जसले यत् किञ्चित् अर्थ दिन्छ, त्यसलाई शब्द भनिन्छ । यसरी अर्थवत्वं शब्दस्य लक्षणम् अर्थात् अर्थवाला हुनु शब्दको लक्षण हो, स्वीकार गरे पछि अर्थ न भएको वर्ण समुदायको नाम शब्द हुन सक्दैन । अग्नि शब्द सुन्ने वित्तिकै दाहक शक्ति सम्पन्न पदार्थको बोध भए झै शब्द सुन्ने वित्तिकै अर्थ भएको बुझ्नु पर्दछ । अंग्रेजी व्याकरणले पनि शब्द अर्थवान[११] हुन्छ भन्दछ । अमरकोषमा शब्दको पर्यायवाचीलाई वाचक भनिएको छ । (शास्त्रे शब्दस्तु वाचकः) शब्दको अभिव्यक्तिको विषयमा सामान्य चर्चा गरे पछि शब्दको स्वरुप निर्धारण आवश्यक छ । नैयायिकले कानले श्रवण गरिने वर्णात्मक ध्वनिलाई शब्द भन्दछन् र शब्द आकाशमा रहन्छ र त्यो अनित्य छ, भन्दछन् ।

वैयाकरण र मीमांसकले शब्दलाई नित्य मान्दछन् । वैयाकरणका मतमा कानले सुनिने वर्णात्मक ध्वनि शब्द होइन,ध्वनि त शब्दको व्यञ्जक मात्र हो । किन भने -कमल शब्द उच्चारण गर्दा ककारको उच्चारण गर्दा अकारको उच्चारण हुदैन, अकारको उच्चारण गर्दा ककार रहदैन । मकारको उच्चारण गर्दा अकारको उच्चारण हुदैन् अकार उच्चारण गर्दा मकार रहँदैन,लकारको उच्चारण गर्दा अकार रहँदैन, अकारको उच्चारण गर्दा त्यो भन्दा पूर्वका वर्ण नाश भइसकेका हुन्छन् । यसरी एउटा पदमा रहेका वर्णहरु एउटै समयमा उच्चारण गर्न सकिंदैनन् । उत्तरवर्ण उच्चारण गर्दा पूर्ववर्ण नाश भइसकेको हुन्छ । यसरी वर्णको समूह नवन्ने भएकाले पदको प्रत्यक्ष नै हुने भएन र पदसमूहरुप वाक्यको निर्माण हुन सक्ने कुरा नै हरायो । अतः वैयाकरणहरुले श्रोत्रेन्द्रियग्राहय वर्णपद र वाक्य भन्दा भिन्न स्फोटलाई शब्द भन्दछन् । "स्फुटति अर्थः यस्मात् इति स्फोटः अथ च स्फुट्यते अभिव्यञ्यते वर्णैरिति स्फोटः ।"[१२] अर्थात् वर्णात्मक ध्वनिवाट अभिव्यक्त भएर जसले अर्थ दिन्छ ,त्यो स्फोट हो । यसरी वर्णपद र वाक्य भन्दा भिन्न हृदयाकासमा रहेको शब्द नै वाचक हो र त्यसको अभिव्यक्ति उच्चारण गरिएका वर्णात्मक ध्वनिद्वारा हुन्छ । शब्दको स्थान निर्देश गर्दै भाष्यकारले भन्नु भएको छ - श्रोत्रोपलब्धिः वुद्धिर्निग्रास्यः[१३] प्रयोगेण अभिज्वलित आकाशदेशः शब्दः "पाणिनिसूत्रका महाभाष्यकार पतञ्जलिले शब्दको स्वरुप निर्धारण गर्दा महाभाष्यको प्रारम्भमा " गौरीत्यत्र कः शब्दः १" यो प्रश्नको उत्तरमा जुन ध्वनिले व्यक्त भएर अर्थ दिन्छ त्यो नै शब्द[१४] हो भन्नु भएको छ । "तपरस्तत्कालस्य" सूत्रको भाष्यमा भाष्यकारले "स्फोट[१५] शब्दः ध्वनिः शब्दगुणः"भन्नु भएको छ । लोक व्यवहारमा ध्वनिलाई पनि शब्द भन्ने व्यवहार छ । शास्त्रमा ध्वनिलाई शब्द भन्नुको अभिप्राय हो- शब्दको अभिव्यक्तिमा उपकारक भएर । स्फोट वर्णपदवाक्य र तिनमा

---

१० अर्थवदधातु र प्रत्ययः प्रातिवादिकम् १।२।४५ अष्टाध्यायी

११ A word must have meaning .Any group of letters which has some thing mearing that is called word . Head way grammar.

१२ व्याकरण महाभाष्य १,

१३ "व्याकरण महाभाष्यम् प्रथमान्हिन्क ।

१४ एनोच्चारितेन......अर्थसम्प्रत्यय भवति सः शब्दः । व्याकरणमहाभाष्य प्रथमान्हिक ।

१५ १।१।७० व्याकरण महाभाष्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेका जातिभेद एवं अखण्डपदस्फोट र अखण्ड वाक्यस्फोट गरी आठ किसिमका छन् । यसरी पाणिनिव्याकरणको दृष्टिमा वाचक शब्द स्फोट हो र त्यसको अभिव्यक्ति वर्णात्मक ध्वनिद्वारा हुन्छ । पाणिनिले शब्दलाई ब्रह्मस्वरुप मान्दछन् ।

शब्दको स्वरुप निर्धारण भइसके पछि शब्द भेदका बारेमा जिज्ञासा हुनु स्वाभाविक छ । पाणिनिका अनुसार वर्णपद र वाक्य गरी शब्द तीन किसिमका छन् । पाणिनिले अष्टाध्यायीको प्रारम्भ वर्णको उपदेशबाट गर्नुभएको छ । प्रारम्भमा वर्णको उपदेश गरी मध्यमा पद र वाक्यको अन्वाख्यान् गरी अन्तमा वर्णद्वारा नै समापन गर्नु भएको छ । पाणिनिको व्याकरण अकारबाट प्रारम्भ भएर अकारमा नै सम्पन्न भएको छ । यथा पाणिनिको व्याकरण अइउण् सूत्रको अकारवाट प्रारम्भ भई अ अ ८।४।६८ सूत्रको अकारमा समाप्त हुन्छ । ३९६५ मतान्तरमा ४००० सूत्रमा पाणिनिले शब्दको निर्वचन गर्नुभएको छ ।

पाणिनीय शिक्षा अनुसार वर्णको संख्या[१६] ६३ अथवा ६४ छ । जसमा ह्रस्वदीर्घ र प्लुत गरी स्वरवर्णको संख्या २१, व्यञ्जनको संख्या क देखि म सम्म २५ र य, र, लव,श,ष,स,ह र ४ यम,अनुस्वार,विसर्ग जिह्वामूलीय,उपपध्मानीय, दुःस्पृष्ट,लृ गरी ६४ छन् । मतान्तर अनुसार लृ लाई स्वीकार नगरेमा वर्णहरुको संख्या त्रिषठ्ठी छ । पाणिनिले स्वशास्त्रीय नियम निर्माणका लागि मातृकाक्रमलाई त्यागी माहेश्वरक्रममा वर्णको उपदेश गर्नु भएको छ । अष्टाध्यायीमा मातृकाक्रमको पनि प्रयोग गर्नु भएको छ । यथा " चोःकुः" सूत्रमा । वर्णको उपदेशक्रममा स्वरवर्णको उपदेश पूर्व र व्यञ्जनवर्णको उपदेश पश्चात् गर्नु भएको छ । स्वर र व्यञ्जनमा स्वरको नै प्राधान्य भएकोले-अर्थात्व्यञ्जनको उच्चारण स्वरको सहयोग बिना नहुने भएकाले स्वरको उपदेश पूर्व गर्नुभएको हो । लोक व्यवहारमा मुख्यलाई प्रथमस्थान दिने व्यावहारिक मर्यादालाई शब्दशास्त्रमा पनि स्थान दिनु भएको हो । वर्णलाई अक्षर पनि भनिन्छ । "अक्षर" शब्दको अर्थ अविनाशी हो । "अक्षर" शब्दको परिभाषा गर्दै भाष्यकार पतञ्जलिले भन्नु भएको छ " अक्षरं नक्षरं विद्यात् अश्नोतेर्वासरोक्षरम् वर्णवाहुपूर्वसूत्रे किमर्थम् उपदिश्यते ।"[१७] अर्थात् अक्षर अविनाशी हुन्छ । कहिले पनि नाश हुँदैन । "अश्नुते-व्याप्नोति अर्थम्" यो विग्रहमा पनि अक्षर शब्दको निष्पत्ति हुने भएकोले अक्षर शब्दको अर्थ व्यापक पनि हुन्छ । पूर्वाचार्यहरुले अक्षरलाई वर्ण पनि भन्दछन् । वर्णको उपदेश किन गरिन्छ ? यस प्रश्नको उत्तरमा भाष्यकार पतञ्जलिले भन्नु भएको छ-

"वर्णज्ञानं वाग्विषयो यत्र च ब्रह्मवर्तते
तदर्थम् इष्टबुद्ध्यर्थं लध्वर्थं चोपदिश्यते ॥ [१८]

जुन वाणीमा वेदरुपी शब्दब्रह्म छ, त्यो वाणीलाई ज्ञान गराउनका लागि, इष्टवर्ण ज्ञानका लागि र लाघवका लागि वर्णको उपदेश गरिएको हो । यसरी द्वितीय आन्हिकको अन्तमा महाभाष्यकार पतञ्जलिले अक्षर ज्ञानको महत्वलाई विशेष रुपले वर्णन गर्नु भएको छ[१९]। अक्षररुपी वेदका ज्ञानले मनुष्यले पुण्य प्राप्त गर्ने र उसका मातापिताको समेत सद्गति हुने कुरा वर्णन गर्नु भएको छ । शब्दज्ञानको र प्रयोगको महत्व शास्त्रमा मात्र नभएर लोकव्यवहारमा पनि देखिन्छ । मनोगत भावलाई प्रकट गर्ने सर्वेत्किृष्ट साधन शब्द नै हो । शब्दकै आधारमा मनुष्यले आफ्नो सञ्चित ज्ञान र अनुभवलाई आउने पिंढीका लागि सुरक्षित गर्दछ । शब्दकै सहयोगले सम्पूर्ण व्यवहार सुचारुरुपमा चलिरहेको छ । साहित्य एवं सङ्गीत शब्दकै चमत्कार हो । दर्शन जस्तो गहन विषयलाई शब्दले नै व्यक्त गर्दछ । शब्दकै प्रभावले विश्वको भाग्य सुरक्षित छ र शब्दले नै यसलाई ध्वस्त पनि पार्न सक्तछ । शब्दको महत्वलाई जानेका महापुरुषहरुले शब्दलाई नै ईश्वर मानी उपासना गरे । मन्त्र पनि शब्द नै हो ।

मन्त्रको उपासना गरी शब्दको रहस्यलाई जानेका व्यक्तिलाई मन्त्रद्रष्टा ऋषि भनियो । 'ऋषि' शब्दको अर्थ तत्वद्रष्टा हो । शब्दब्रह्मको ज्ञान भएका महर्षिहरुले शब्दलाई ब्रह्म भने । गीतामा भगवान् कृष्णले ओमित्येकाक्षरम् ब्रह्मः भन्नु भयो । यसरी अक्षरको ज्ञान ईश्वरको ज्ञान हो र त्यो शाश्वत् छ ।

यसरी वर्णको उपदेश गरेपछि पदको क्रम आउँछ । पाणिनिका मतमा[२०] सुप् र तिङ् गरी पद दुई किसिमका छन् । पाणिनी भन्दा पूर्वका आचार्यहरुले[२१] नाम,आख्यात,उपसर्ग र निपात गरी शब्दका चार भेद मान्दथे तर पाणिनिले सूक्ष्म विचारले शब्दलाई सुप् र तिङ् गरी दुई भागमा विभाजन गर्नु भएको छ । यो भन्दा संक्षेप हुन सक्ने सम्भावना छैन । माहाभाष्यमा पतञ्जलिले भन्नु भएको छ[२२] । संज्ञानामयतोनलघीय "अर्थात् संज्ञा,सवैभन्दा सानो हुन्छ । यसको रहस्य हो-मनुष्यको रुचि संक्षेपमा छ । उसले थोरै शब्दवाट धेरै अर्थ बुझ्न खोज्दछ ।" मितं च सारं च वचो हि वाग्मिता । " यस सिद्धान्त अनुसार थोरै शब्दमा धेरै अर्थ समेट्न सक्नु बुद्धिमत्ता हो । पाणिनिले दुईवर्गमा नाम,आख्यात,उपसर्ग,निपात यी चारैलाई समेट्नु भएको छ ।

---

१६ त्रिषष्टिः चतुषष्टिर्वा वर्णाशम्भुमते मताः । पा.शि.३ ।

१७ व्याकरण महाभाष्यम् द्वितीय आन्हिक ।

१८ व्याकरण महाभाष्यम द्वितीय आन्हिक ।

१९ सोयमक्षरसमाम्नाय................. । वेदितव्यो ब्रह्मराशिः सर्ववेद पुण्यफलावाप्तिः चाऽस्यज्ञाने भवति । मातापितरौ चारय स्वर्गेलोके महीयेते ॥ व्याकरण महाभाष्य द्वितीय आन्हिक ।

२० सुप्तिङन्तम् पदम् १।४।१४

२१ नामाख्यातोपसर्गनिपातः निरुक्त । १ यास्काचार्य

२२ १।१।१ व्याकरण महाभाष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुबन्तवर्गमा नाम,उपसर्ग निपातलाई र तिङन्तवर्गमा आख्यातलाई समावेश गर्नुभएको छ । पाणिनिका मतमा व्युत्पन्न र अव्युत्पन्न गरी शब्द दुई किसिमका छन् । पाणिनि पूर्वका आचार्यहरुले[२३] सर्वाणि नामानि आख्यातजानि भन्दथे । अर्थात सम्पूर्ण नामहरु धातुवाट वनेका हुन् भन्दथे । गार्ग्यनामका वैयाकरणले सम्पूर्ण नामहरु आख्यातज होइनन् भन्नु भएको छ[२४] ।

यसरी परस्पर विरोधी कुरालाई समन्वय गर्दै समन्वयवादी आचार्य पाणिनिले मित्र भएर व्युत्पन्न एवं अव्युत्पन्न दुवै किसिमका शब्द हुन् भन्नु भयो । अव्युत्पन्न शब्दहरु छन् भन्ने प्रमाण हो " अर्थवदधातोरप्रत्ययः प्रातिपदिकम्" १।२।४५ । यो सूत्रले धातु,प्रत्यय,प्रत्ययान्त भिन्न शब्दलाई छोडेर अर्थबोधक शब्दलाई प्रातिपदिकसंज्ञा गर्दछ । कृदन्त,तद्धितान्त र समास गरी व्युत्पन्न शब्द तीन किसिमका छन् । व्युत्पन्न शब्द छन् यसको प्रमाण हो," कृतद्धित समासाश्च" १।२।४६ । यो सूत्रले कृदन्त,तद्धितान्त र समासलाई प्रातिपदिक संज्ञा गर्दछ । व्युत्पन्न एवं अव्युत्पन्न शब्दलाई समन्वय गरी पाणिनिले अष्टाध्यायीको रचना गर्नु भएको हो । व्याकरण जस्तो जटिलशास्त्रमा पनि समन्वयको समावेश गरी सिद्धान्त निर्माण गरेको हुनाले पाणिनिको दृष्टि समन्वयवादी छ भन्ने कुरा स्पष्ट हुन्छ । आचार्य पाणिनिले शब्दशास्त्र अष्टाध्यायीको निर्माण[२५] पवित्र भई आसनमा बसी युक्ति र विवेकपूर्वक्त गर्नु भएको हो । अतः एक अक्षर पनि अष्टाध्यायीमा निरर्थक छैन । पदको विचार गरिसकेपछि वाक्य विचारणाको प्रसङ्ग आउँछ । तर पाणिनिले अष्टाध्यायीमा वाक्यको परिभाषा गर्नु भएको छैन ।

व्याकरणलाई पदशास्त्र, मीमांसालाई वाक्यशास्त्र,र न्यायलाई प्रमाणशास्त्र भनिन्छ । पाणिनिले अष्टाध्यायीमा वाक्यको परिभाषा नगरेतापनि " लः कर्मणि च भावे चाकर्मकेभ्यः" ३।४।६९ यो सूत्रको निर्माण गरी कर्ता,कर्म र भावमा लकारको विधान गरी वाक्य प्रति आफ्नो सहमति व्यक्त गर्नु भएको छ , वाक्यको परिभाषा नगरे तापनि । वाक्यस्यः टेः प्लुत उदात्त ८।२।८२ वाक्यदेरा मत्रितस्य असूयाऽसम्मतिकोपकुत्सनभर्त्सनेषु ८।१।८ ,संहितायाम् ६।१।७२,कारके १।४।२३ यी सूत्रहरुको निर्माण गरी वाक्यको विषयमा आफूभन्दा पूर्ववर्ती आचार्यहरुले गरेको परिभाषालाई स्वीकार गर्नु भएको छ । आचार्य कात्यायनले "एकतिङ्वाक्यम्" भनी वाक्यको परिभाषा गर्नु भएको छ । यस अनुसार वाक्य वन्नका लागि एउटा सुबन्त र एउटा तिङन्त अवश्य नै हुनुपर्छ भन्ने कुरा सिद्ध हुन्छ । अमरकोशकारले "तिङसुवन्तचयोः वाक्यम् क्रिया वा कारकान्विता" भनी वाक्यको परिभाषा गर्नु भएको छ । कोशकारका अनुसार सुबन्तसमूह,तिङन्तसमूह र सुप्तिङन्तसमूह वाक्य हो । यसरी पाणिनिले वाक्यको परिभाषा नगरेतापनि व्याकरणमा वाक्यलाई मानी शब्दनिर्वचन गर्नुभएको छ ।

शब्दको विषयमा पाणिनिले गरेको चिन्तनले सम्पूर्ण संस्कृत वाङ्मयलाई आलोकमा ल्याई उपकार गरेको छ । शब्दको उत्पत्तिको सम्बन्ध भगवान्को क्रियाशक्तिसंग छ । अतः सम्पूर्ण वाङ्मयले शब्दशक्तिका माध्यमले कर्मशील वन्ने प्रेरणा दिएको छ । यदि मनुष्यलाई माता पिता प्रति आदर पत्निसँग प्रेम सन्ततिप्रति स्नेह र स्वयम्प्रति मैत्री भावना छ भने उसले स्वयम्लाई शास्त्रले बताएको कर्तव्यको पथमा निरन्तर हिंडाउनु पर्दछ । कर्तव्य छोडी अकर्तव्य गर्नु अमृत छोडी विषसेवन गर्नु हो । पाकेको मधुरफल छोडी काँचो टर्रो फल कुनै पनि मनुष्यले खाँदैन । विवेकी मनुष्यले गर्नुपर्ने कुरामा प्रमाद नगरी विद्या,विवेक,युक्ति, मान, मर्यादा एवं ऐश्वर्य प्राप्त गर्ने अभिलाषा राखी सत्कर्म गर्दछ । स्नेहको अभिव्यक्ति पनि शब्द र कर्मद्वारा नै हुन्छ , भावनामा वगेर हुँदैन । महाभाष्यकारले पाणिनिका विषयमा भन्नुभयो-" महताप्रयन्नेन सूत्राणि प्रणयतिस्म्" यसको अभिप्राय हो- कोही पनि अथक प्रयास नगरी महान् हुदैन र सफल पनि बन्दैन । सफल व्यक्तिको पछाडि विवेक र युक्तिपूर्वक गरिएका सत्कर्मको समूह रहेको हुन्छ । संसारको नियम छ ,- "कारणविना कार्य हुँदैन ।" बीजविना वृक्ष कदापि हुन सक्दैन । वर्षाऋतुमा बर्षिरहेको सहस्रजल धाराको पछाडि ग्रीष्मऋतुको प्रचण्ड गर्मी कारण हुन्छ । भाग्यवान्, धनवान् ,विद्यावान् र विचारवान् एवं सभ्य देखिने मनुष्यका पछाडि विवेक र युक्तिपूर्वक पूर्वसमयमा गरिएको सत्कर्मको ठूलो सञ्चय विद्यमान हुन्छ । विश्वमा कर्मको प्रधानता छ । कर्मको उपदेश शब्दले गर्दछ । आजको विकसित मानिने राष्ट्र वा व्यक्तिको इतिहास सत्प्रयासले भरिएको छ । त्यसै केही पनि हुँदैन । पाणिनि सूत्रका व्याख्याता महर्षि पतञ्जलिले शब्दशास्त्रको व्याख्यानक्रममा शाब्दबोधमा व्यापारलाई मुख्य देखाई मनुष्यलाई " चरन् वै मधुविन्दति" यो सिद्धान्त अवलम्वन गरी अधि बढ्नु पर्ने कुराको संकेत गर्नु भएको छ । परम पुरुषार्थ मोक्षको कारण ज्ञान हो र ज्ञानको कारण गुरुको उपदेश । त्यो उपदेशको साधन शब्द नै हो । अतः शब्दको साधना परमेश्वरको उपासना हो । यसैलाई श्रुतिमा एकः शब्दः सम्यग्ज्ञातः भनिएको छ ।

<u>सन्दर्भग्रन्थ :</u>

१. अष्टाध्यायी, पाणिनि ।

२. महाभाष्य, पतञ्जलि ।

३. परमलघुमञ्जूषा, नागेश ।

४. वाक्यपदीय, भर्तृहरि ।

---

२३ तत्र नामानि आख्यातजानि इति शाकटायनो नैरुक्तसमयश्च निरुक्त प्रथमोऽध्याय ।

२४ न सर्वाणि इति गार्ग्यो: वैयाकरणानां चैके । निरुक्तप्रथमोऽध्याययाश्क्त

२५ दर्भपवित्रपाणिशुचावकाशे उपविश्य महताप्रयत्नेन सूत्राणि प्रणयतिस्मातत्र वर्णेनाऽपि अनर्थकेन न भवितव्यम् । व्याकरणमहाभाष्यम् । १।१।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वीय नाट्यसिद्धान्तको अध्ययन

टीकाराम गौतम
उपप्राध्यापक

१. पृष्ठभूमि :- नाटक शब्दको व्युत्पत्ति :

नट+अक=नाटक । नाटक संस्कृत/तत्सम शब्द हो । यसको निर्माण पाणिनि व्याकरणअनुसार 'नट' धातुमा (ण्वुल्) 'अक' प्रत्यय लागेर भएको हो (पाणिनि, २००४ : २१४, २५०)[१] । यसको शाब्दिक अर्थ नृत्य गर्नु वा 'रसाभिनय' गर्नु भन्ने हुन्छ । नाटक शब्दको निर्माण एवं व्युत्पत्तिका सन्दर्भमा विभिन्न विद्वान्हरूले आ-आफ्ना तर्कहरू प्रस्तुत गरेको पाइन्छ । कतिपय विद्वान्हरूले 'नाटक' शब्दको निर्माण 'नट्' धातुबाट भएको तर्क प्रस्तुत गरेका छन् भने कतिपयले 'नृत्' धातुबाट । कतिपयले पुनः 'नट' र 'नृत्' दुबै धातु समानार्थमा प्रयोग भएको मानेको पाइन्छ । यसै सन्दर्भमा केही विद्वान्हरूका मतहरू प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । आचार्य मार्कण्डेयले- 'नृत्' धातु प्राचीन हो भने 'नट' धातु आधुनिक हो, पछि आएर मात्र 'नट' धातुको प्रयोग हुन थालेको हो,' भन्ने तर्क प्रस्तुत गरेको पाइन्छ । (ढुंगेल/दाहाल, २०६५ : १ पृ.) । त्यसैगरी पाश्चात्य विद्वान् बेबर र मोनियरले 'नट' धातुलाई 'नृत्' धातुको प्राचीन रूप मानेको देखिन्छ (पूर्ववत्) । कतिपय विद्वान्हरूले 'नट' र 'नृत्' धातुलाई ऋग्वेदकालदेखि नै प्रचलनमा आएका प्राचीन धातुका रूपमा स्वीकारेको देखिन्छ । (पूर्ववत्) । (त्यसैगरी सायणाचार्यले आफ्नो भाष्यमा 'नट'को अर्थ 'व्याप्नोति' र 'नृत्'को अर्थ 'गात्रविक्षेपण' मानेको देखिन्छ । (पूर्ववत्) । त्यसैगरी पाणिनिको 'सिद्धान्तकौमुदी' को तिङन्त प्रकरणमा- 'नट' नृत्तौ' इत्थमेव पूर्वमपि पठितम्, तत्रायं विवेकः, पूर्वपठितस्य नाट्यंअर्थः यत्कारिषु नटव्यपदेशः' (पाणिनि, २००४ : २१४) भनी नाटक शब्दको व्युत्पत्ति गरिएको पाइन्छ । यस व्युत्पत्तिअनुसार पहिला 'नट' धातुको अर्थ गत्रविक्षेपण एवं अभिनय दुवै रहेको देखिन्छ ।

यसरी पूर्वीय साहित्यमा नाटकलाई साहित्यको एक अभिनयमूलक दृश्य काव्यका रूपमा स्वीकारिएको पाइन्छ ।

२. विषयप्रवेश :

'नट' धातुमा 'अक' प्रत्यय लागी बनेको नाटक शब्दको शाब्दिक अर्थ 'रसाभिनय गर्नु' भन्ने हुन्छ । नाटकलाई साहित्यमा अभिनयमूलक दृश्य काव्यका रूपमा लिइएको पाइन्छ । साहित्यदर्पणकार आचार्य विश्वनाथले काव्यलाई 'श्रव्य', 'दृश्य' गरी दुई भेदमा विभाजन गरी (सा.द., २०६४ : ३८७ पृ.)[२] ।

'श्रवणयोग्य काव्यलाई श्रव्यकाव्य (सा.द., २०६४ : ५८७ पृ.)[३] र अभिनययोग्य काव्यलाई दृश्य काव्य मानेको पाइन्छ (सा.द., २०६४ : ३८७ पृ.)[४]।पूर्वीय आचार्यहरूले नाटकलाई 'रूपक' नाम दिएका छन् । नट/नायकमा रामादिको स्वरूपको आरोप गरिने भएकाले यसलाई 'रूपक' भनिएको देखिन्छ । (सा.द., २०६४ : ३८७ पृ.)[५] ।

नाटक अभिनयमूलक काव्य हो । नट वा नायकद्वारा रामादि अनुकार्यको अवस्थाको अनुकरण गरिनुलाई अभिनय भनिन्छ । साहित्यदर्पणकार आचार्य विश्वनाथले- 'नट/नायकद्वारा रामयुधिष्ठिरादिको अवस्थाको अनुकरणलाई अभियन भनिन्छ' भन्दै अभिनयका 'आङ्गिक, वाचिक, आहार्य र सात्विक गरी चारवटा भेद गरेको पाइन्छ । (सा.द., २०६४ : ३८७ पृ.)[६] अभिनयका भेदहरूलाई आचार्य वेणीमाधव ढकालले 'काव्यदीपिका' को आफ्नो 'मञ्जुबोधिनी' टीकामा थप स्पष्ट पारेको पाइन्छ- 'नटद्वारा शारीरिक चेष्टावाट रामादिको स्वरूपको अनुकरण गरिनुलाई आङ्गिक, वचन/भाषणद्वारा अनुकरण गरिनुलाई वाचिक, वस्त्रालंकारादिद्वारा अनुकरण गरिनुलाई आहार्य र मानसिक भाव (पसिना, रोमाञ्च आदि) द्वारा अनुकरण गरिनुलाई सात्विक अभिनय भनिन्छ (काव्यदीपिका २०५७ : ८६ पृ.) । यसरी

---

[१] नट नृत्तौ, वैयाकरण सिद्धान्त कौमुदी, धातु सं. ७८१
नट अवस्यन्दने, अवस्यन्दनं नाट्यमित्यर्थः (पृ. २५०) धातु सं. १५४६
[२] दृश्यश्रव्यत्वभेदेन पुनः काव्यं द्विधा मतम् । सा.द., ६।१
[३] श्रव्यं श्रोतव्यमात्रं तत् पद्यगद्यमयं द्विधा । सा.द., ६।३१३
[४] दृश्यं तत्राभिनेयम् । सा.द. ६।१
[५] तद्रूपारोपात्तु रूपकम् । नटे रामादिस्वरूपारोपाद्रूपकमित्युच्यते । सा.द., ६।१
[६] भवेदभिनयोद्रवस्थानुकारः स चतुर्विधः । आङ्गिको वाचिकश्चैव आहार्यः सात्विकस्तथा । सा.द., ६।२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेर्दा नटद्वारा आङ्गिक, वाचिक, आहार्य र सात्विक भावहरूद्वारा रामादिको अवस्थाको अनुकरण गरिनुलाई अभिनय र त्यस अभिनयमूलक काव्यलाई नाटक/रूपक भनिएको स्पष्ट हुन्छ।

नाट्यशास्त्रका प्रथम आचार्य भरतमुनिले नाटकलाई 'पञ्चम वेद' को संज्ञा दिएका छन् (ना.शा. २०२८: ५० पृ.)[७] । उनले आफ्नो नाट्यशास्त्रमा लोककल्याणका लागि देवताहरूको अनुरोधमा भगवान् ब्रह्माले ऋग्वेदबाट भाषणशैली/विषयवस्तु, सामवेदबाट गान (गीत), यजुर्वेदबाट अभिनय र अथर्ववेदबाट रसतत्व लिएर सबैको संमिश्रणबाट सर्वप्रथम 'नाट्यवेद'को रचना गरेको उल्लेख गरेका छन् (नाट्यशास्त्र, २०२८ : ५६ पृ.)[८] । त्यसपछि देव-दानव संग्रामका रूपमा पृथ्वीलोकमा नाटकको अवतरण गराइएको र विभिन्न ऋषिमुनि, कवि/नाटककारहरूद्वारा नाटक लेख्नुका साथै अभिनयसमेत प्रस्तुत गरी लोकमनोरञ्जन गर्दै आएको कुरा विद्वान्हरूको तर्क रहेको देखिन्छ। (ढुंगेल/दाहाल, २०६५ : ५ पृ.)।

संस्कृत साहित्यमा भरतमुनिले 'नाट्यशास्त्र' लेखी नाट्यसिद्धान्तको सविस्तार चर्चा गर्नुपूर्व नै नाटकहरू लेखिसकिएको पाइन्छ । इसापूर्व चतुर्थशताब्दीतिरका (सा.द., २०६४ : १७ पृ. (भूमिका) महाकवि भासले 'स्वप्नवासवदत्तम्' आदि १३ वटा नाटकहरू लेखेको पाइन्छ। त्यसपछि ई.पू.प्रथम शताब्दीतिरका महाकवि कालिदासले 'अभिज्ञानशाकुन्तलम्' आदि तीनवटा नाटक लेखेको पाइन्छ । कालिदासको 'अभिज्ञानशाकुन्तलम्' नाटक विश्वकै सर्वप्रिय एवं सर्वोत्कृष्ट नाटक मानिन्छ।

अतः नाट्यसिद्धान्तको चर्चा हुनुपूर्वदेखि नै नाटक लेखन प्रारम्भ भइसकेको इतिहास देखिन्छ। सायद यिनै नाटकहरूलाई उदाहरण एवं आधार मानी सिद्धान्तलेखनको आरम्भ भएको हुनुपर्दछ । नाटकको सिद्धान्तको चर्चा सर्वप्रथम आचार्य भरतमुनिले गरेका हुन् । उनले आफ्नो 'नाट्यशास्त्र'मा नाटकको परिचय दिई सम्पूर्ण नाट्यतत्वहरूको विशद चर्चा गरेका छन्। भरतदेखि सुरू भई विकसित भएको नाट्यसिद्धान्त-परम्परा आजसम्म पनि चलि नै रहेको देखिन्छ। अतः नाटक के हो, यसका निर्माणका पक्षहरू (तत्त्वहरू) के-के हुन्, यसका के-कति भेद छन्, यसको विकास के-कसरी भएको छ, आदि जिज्ञासाहरू शान्त पार्ने प्रयास यस लेखमा गरिएको छ।

३. नाटकको परिभाषा :

३.१ भरत :

ई.पू.प्रथम शताब्दीतिरका आचार्य भरत संस्कृत नाट्यसिद्धान्तका आदि प्रवर्तक मानिन्छन् । उनले आफ्नो 'नाट्यशास्त्रमा नाटकको उत्पत्ति र परिभाषादेखि लिएर नाटकका लागि चाहिने सम्पूर्ण तत्त्वहरूको विशद चर्चा गरेको र देव-दानव संग्रामका रूपमा लोकमा नाटकको अवतरण भएको कुरा चर्चा गर्दै (नाट्यशास्त्र, २०२८ : ५६ पृ.)[९] नाटकलाई 'पञ्चम वेद'को संज्ञा पनि दिएका छन् । (नाट्यशास्त्र, २०२८ : ५० पृ.)[१०] उनले 'सबै वर्ग र समुदायका मानिसहरूलाई सत्कर्ममा लगाउने, दुःखी, श्रमिक र तपस्वीलाई आनन्दजनक विश्राम दिने, सम्पूर्ण रस-भावप्रति आकर्षण गर्ने, धर्म, यश, आयु, वृद्धि र हित प्राप्तिका लागि उपदेश दिने एवं लोकरञ्जन दिने आदि नाटकका अनेक उद्देश्य वा प्रयोजनहरू रहेको बताउँदै (नाट्यशास्त्र, २०२८ : १३३-३४ पृ.)[११] । सर्वप्रथम नाटकको परिभाषा दिएका छन् । उनका अनुसार- 'सुख र दुःखले युक्त लौकिक स्वभावलाई नाट्यमा समाश्रय गरी अलौकिक बनाई त्यसैलाई आङ्गिक, वाचिक, आहार्य र सात्विक अभिनयद्वारा प्रस्तुत गरिने रचनाविशेषलाई नाटक भनिन्छ (नाट्यशास्त्र, २०२८ : १४३ पृ.)[१२] । त्यसैगरी उनी अर्को ठाउँमा भन्छन्- 'प्रसिद्ध विषयवस्तु भएको, राजर्षि वा उत्तम वंशमा उत्पन्न उदात्त चरित्र भएको नायकले युक्त, दिव्य चरित्र वर्णन भएको, अनेक प्रकारका समृद्धि एवं गुणहरूको वर्णन भएको, अनेक रसभावदिले युक्त, सुख-दुःखको चित्रण भएको, विभिन्न अंकरूमा संरचित, लोकोपदेशजनक एवं लोकरञ्जक काव्यलाई नाटक भनिन्छ । (नाट्यशास्त्र, २०३२ : १४४२-४६ पृ.)[१३] । भनी नाटकको परिभाषा गरेका छन् ।यसरी भरतले नाटकका सबै तत्त्वहरूलाई समावेश गरी सर्वप्रथम नाटकको लक्षण गरेको पाइन्छ।

---

७. नाट्याख्यं पञ्चमं वेदं सेतिहासं करोम्यहम् । ना.शा. १।१५
८. जग्राह पाठ्यमृग्वेदात् सामभ्यो गीतमेव च । यजुर्वेदादभिनयान् रसानाथर्वणादपि । ना.शा. १।१६-१७
९. जग्राह पाठ्यमृग्वेदात्.........................दपि । नाट्यशास्त्र, १।१६-१७
१०. नाट्याख्यं पञ्चमं वेदं.........................हम् । नाट्यशास्त्र, १।१५
११. उत्तमाधममध्यानां....................नाट्यमेतद् भविष्यति ।१।११३-१५
१२. योऽयं स्वभावो लोकस्य सुखदुःख समन्वितः । सोऽङ्गाद्याभिनयोपेतो नाट्यमित्यभिधीयते । ना.शा.१।१२१
११ प्रख्यात वस्तुविषयं प्रख्यातोदात्तनायकं चैव । राजर्षिवंश्यचरितं तथैव दिव्याश्रयोपेतम् ।
नानाविभूतिर्युतमृद्धिविलासादिभिर्गुणैश्चैव । अंकप्रवेशकाढ्यं भवति हि तन्नाटकं नाम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.२. धनञ्जय :

इसाको दशौं शताब्दीतिरका आचार्य धनञ्जय भरतपछिका दोस्रो नाट्यसिद्धान्त-व्याख्याता मानिन्छन् (काव्यप्रकाश, २०४२ : ५५ पृ. भूमिका, आ.विश्वेश्वर टीका) उनले आफ्नो 'दशरूपक' नामक नाट्यलक्षणग्रन्थमा - 'रामादिको अवस्थाको अनुकरणलाई नाटक भनिन्छ' भन्दै नाटकको परिभाषा गरी 'दृश्य भएकाले यसलाई 'रूप' र 'नट/नायकमा रामादिको आरोप गरिने हुँदा यसलाई रूपक पनि भनिने' कुरा उल्लेख गरेको पाइन्छ । (दशरूपक, १९७३ : ६-७ पृ.)[१४]

३.३ महिम भट्ट :

इसाको एघारौं शताब्दीका आचार्य महिमभट्टले आफ्नो ग्रन्थ 'व्यक्तिविवेक' मा अनुभाव-विभावादिको वर्णनबाट प्राप्त हुने आनन्दोपलब्धिबाट सृजित रचनालाई काव्य भनिन्छ भने गीतादिबाट रञ्जित एवं नटहरूद्वारा अभिनीत रचनालाई नाटक भनिन्छ । (ढुंगेल/दाहाल, २०६५ : २ पृ.) भन्दै नाटकको परिभाषा दिएको पाइन्छ ।

३.४ सागरनन्दी :

इसाको एघारौं शताब्दीतिरका आचार्य सागरनन्दी धनञ्जयपछिका तेस्रो नाट्यसिद्धान्तव्याख्याता हुन् । उनले 'नाटकलक्षणरत्नकोश' नामक एकमात्र नाट्यलक्षणग्रन्थ लेखेको पाइन्छ (काव्यप्रकाश २०४२ : ७६ पृ.भूमिका) । उनले आफ्नो ग्रन्थमा- 'लोकको सुखदुःखबाट उत्पन्न विभिन्न परिस्थितिको अभिनय नै नाटक हो' भन्दै नाटकको परिभाषा दिएको पाइन्छ (ढुंगेल/दाहाल २०६५ : २ पृ.) ।

३.५ अभिनवगुप्त :

इसाको नवौं शताब्दीतिरका रसवादी आचार्य अभिनव गुप्तले नाट्यशास्त्रको 'अभिनव भारती' टीकामा भरतमुनिको नाटकलक्षणलाई स्पष्ट पार्दै आफ्नो नाटकसम्बन्धी धारणा समेत प्रस्तुत गरेको पाइन्छ । उनी भन्छन्- 'प्रसिद्ध विषयवस्तु, प्रख्यात एवं सच्चरित्र, अंकहरूमा संरचित, रसहरूले आप्लावित, सुखदुःखवर्णनयुक्त, लोकोपदेशजनक एवं लोकरञ्जक अभिनयमूलक काव्य नै वास्तवमा नाटक हो (नाट्यशास्त्र, २०३२ : १४४७ पृ.)[१५]। यिनले भरतकै नाट्यविचारलाई परिष्कृत रूपमा प्रस्तुत गरेको देखिन्छ ।

३.६ रामचन्द्र-गुणचन्द्र :

इसाको बाह्रौं शताब्दीतिरका आचार्य रामचन्द्र र गुणचन्द्र हेमचन्द्रका शिष्य हुन् । यी दुबैले संयुक्त रूपमा 'नाट्यदर्पण' नामक 'नाट्यलक्षणग्रन्थ' लेखेको पाइन्छ । (काव्यप्रकाश, २०४२ : ७९ पृ. भूमिका) । उक्त ग्रन्थमा प्रसिद्ध कथावस्तुमा आधारित, प्रख्यात वंशमा उत्पन्न राजचरित्रको वर्णन भएको, धर्म, अर्थ र कामको फलदाता भएको, विभिन्न अंकमा संरचित, पञ्चार्थप्रकृति, पञ्चकार्यावस्था एवं पञ्चसन्धिले युक्त लोकरञ्जक अभिनय काव्यलाई नाटक भनिन्छ' भनी नाटकको परिभाषा गरिएको पाइन्छ । (नाट्यदर्पण, १९५९ : १ पृ.)[१६] यिनको नाटकलक्षण पनि भरतबाटै अनुप्राणित देखिन्छ, कुनै नयाँपन देखिँदैन ।

३.७ वामन :

इसाको आठौं शताब्दीका आचार्य वामनले आफ्नो कृति 'काव्यालंकारसूत्रवृत्ति'मा 'विभिन्न दृश्यविधान, गीत, अभिनय एवं रङ्गप्रसाधनहरूले परिपूर्ण भएको आनन्ददायी एवं चमत्कारपूर्ण अभिनय-काव्यलाई नाटक भनिन्छ' (ढुंगेल/दाहाल २०६५ : ३ पृ.) भन्दै नाटको परिभाषा गरी नाटकलाई चित्रपटजस्तै सम्पूर्ण विशेषताले युक्त भएको चमत्कारपूर्ण रचना समेत मानेको पाइन्छ ।

३.८ विश्वनाथ :

इसाको चौधौं शताब्दीका आचार्य विश्वनाथले आफ्ना पूर्ववर्ती सवै आचार्यहरूका मतहरूलाई समन्वय गर्दै आफ्नो 'साहित्यदर्पण' नामक लक्षणग्रन्थमा नाटकको उपयुक्त परिभाषा गरेको देखिन्छ । यस परिभाषालाई नाटकसम्वन्धी सम्पूर्ण कुराहरू समेटिएको सर्वोपयुक्त परिभाषाका रूपमा स्वीकारिँदै आइएको छ । उनले 'प्रसिद्ध कथावस्तु भएको, पञ्चसन्धिले युक्त, विलास, समृद्धि आदि 'ऐश्वर्यहरूको निरन्तरता भएको, प्रसिद्ध वंशमा उत्पन्न सर्वगुणसम्पन्न दिव्य, अदिव्य र दिव्यादिव्यमध्ये कुनै एक प्रकारको नायक भएको, पाँचदेखि १० सम्म अंक भएको,

---

नृपतीनां यच्चरितं नानारसभावचेष्टितं बहुधा । सुखदःखोत्पत्तिकृतं भवति हि तन्नाटकं नाम । ना.शा. १८।१०-१२

[१४] 'अवस्थानुकृतिर्नाट्यम् । रूपं दृश्यतयोच्यते । रूपकं तत्समारोपात् । दशरूपक, १।७

[१५] यद्यपि सर्वरूपकाणामर्थो हृदये प्रविष्टो ....। नाट्यशास्त्र, १४४७ पृ.

[१६] ख्याताद्यराजचरितं धर्मकामार्थसत्फलम् । साङ्गोपायदशासन्धि दिव्याङ्ग तत्र पञ्चकम् । नाट्यदर्पण १।५ पृ.१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नायक-नायिकाका आवश्यक सहयोगी पात्रहरू भएको, श्रृङ्गार र वीरमध्ये एउटा रस अङ्गी भएको, अन्य रसहरू अङ्गका रूपमा आउने भएको, गाईको पुच्छरको अग्रभागजस्तै कथावस्तुको संयोजन भएको र अन्त्यमा अद्‌भुत कार्य देखाइने भएको अभिनयमूलक काव्यलाई नाटक भनिन्छ (सा.द., २०६४ : ३८९ पृ.)[१७] भन्दै नाटकको समन्वयमूलक परिभाषा प्रस्तुत गरेको पाइन्छ ।

३.९ प्रा.डा. वेणीमाधव ढकाल :

ने.सं.वि.का वरिष्ठ प्राध्यापक एवं साहित्यमर्मज्ञ वेणीमाधव ढकालले काव्यदीपिकाको आफ्नो ‘मञ्जुवोधिनी’ टीकामा- ‘जसले सात्विक भावको उदयका कारण अभियन गर्ने नटलाई भावात्मक तुल्याउँछ त्यसलाई नाटक भनिन्छ’ भन्दै नाटकको परिचय दिएको पाइन्छ (काव्यदीपिका, २०५७ : ८७ पृ.)[१८] ।

३.१० डा. केशवप्रसाद उपाध्याय :

पूर्वीय साहित्यका अनुसन्धाता केशवप्रसाद उपाध्यायले- “नाटक देश, काल र वातावरणविशेषसित सम्वन्धित नरनारीको जीवनलाई अभिनेता-अभिनेत्रीहरूद्वारा वार्तालाप र कार्यका भरमा अभिनय गरेर देखाइने कला हो” भन्दै नाटकसम्बन्धी आफ्नो धारणा प्रस्तुत गरेको पाइन्छ (शर्मा र अन्य, २०६६ : ५ पृ.)।

३.११ नेपाली वृहत् शब्दकोश :

नेपाली भाषाको पहिलो आधिकारिक एवं मानककोशका रूपमा स्थापिन ‘नेपाली वृहत् शब्दकोश’मा- “कुनै देश, काल र वातावरणसँग सम्वद्ध नरनारीको चरित्र र कार्यलाई पात्रहरूका अभिनयका माध्यमबाट प्रदर्शित गरिने उद्देश्यले लेखिएको संवादात्मक साहित्यविधा नै नाटक हो” भनी नाटकको परिभाषा उल्लेख गरिएको पाइन्छ । (ने.बृ.श.कोश, २०५२ : ७१७ पृ.)

३.१२ निष्कर्ष :

यसरी भरतदेखि विश्वनाथसम्मका पूर्वीय आचार्यहरूले- ‘प्रसिद्ध कथावस्तु, प्रख्यात र सर्वगुणसम्पन्न नायक, विभिन्न रसहरू, पञ्चसन्धि, अंकहरू, ऐश्वर्यको वर्णन, गोपुच्छाग्रवत् कथावस्तुको संयोजन आदिले युक्त लोकहितकारक र लोकरञ्जक अभिनयमूलक दृश्यकाव्य’लाई नाटकको रूपमा स्वीकारेको पाइन्छ भने आधुनिक विद्वान्हरूले- ‘कुनै परिवेशसँग सम्वन्धित नरनारीका चरित्रहरूलाई संवाद र अभिनयका माध्यमवाट प्रस्तुत गरिने साहित्यिक कलालाई नाट्यकाव्य’का रूपमा स्वीकारेको पाइन्छ। प्राचीन वा आधुनिक सबै विद्वान्हरूका मतहरूलाई समन्वय गरी संक्षेपमा नाटकको लक्षण यसरी गर्न सकिन्छ- ‘कुनै महान् चरित्रका जीवनगाथालाई संवाद र अभिनयका माध्यमवाट कलात्मक तरिकाले प्रस्तुत गरिने साहित्यको दृश्यविधालाई नाटक भनिन्छ’।

४. नाटकको उत्पत्ति :

पूर्वीय एवं पाश्चात्य साहित्यमा नाटकलाई अत्यन्तै प्राचीन विधाको रूपमा स्वीकारिएको पाइन्छ । यसको अस्तित्व वैदिकालदेखि नै भएको देखिन्छ। काव्यका श्रव्य र दृश्य दुई विधामध्ये नाटक विधालाई सर्वप्रिय वा लोकप्रिय विधाका रूपमा लिइएको पाइन्छ। अतः यसप्रकारको लोकप्रिय विधाको उत्पत्ति कहिले र कसरी भयो भन्ने सन्दर्भमा देविक उत्पत्ति र लौकिक उत्पत्ति गरी विद्वान्हरूले दुई प्रकारका मान्यताहरूलाई अगाडि सारेको पाइन्छ । पूर्वीय साहित्यशास्त्रअनुसार ‘लोककल्याणका लागि देवताहरूको अनुरोधमा ब्रह्माजीद्वारा चारोटै वेदबाट नाट्यतत्त्वहरूलाई ग्रहण गरेर सारतत्त्वका रूपमा ‘नाट्यवेद’ रूपी ‘पञ्चम वेद’ को रचना/परिकल्पना गरिएको हो र यसलाई देवदानवसंग्रामका रूपमा लोकमा अवतरण गराइएको हो’ भन्ने मान्यता पाइन्छ (नाट्यशास्त्र, २०२८ : ५६ पृ.) । त्यसैगरी पाश्चात्यशास्त्रमा पनि ‘युनानमा वीनस वा डायोनिसियस देवताहरूको उपासनाका लागि आयोजित गीत वा संवादयोजनाबाट नाटकको आरम्भ भएको हो’ भन्ने उल्लेख भएको पाइन्छ। (ढुंगेल/दाहाल, २०६५ : ५ पृ.) त्यसैगरी पूर्वीय साहित्यशास्त्रअनुसार लौकिक नाटकको उत्पत्ति ऐतिहासिक वीरहरूको पूजा गर्ने परम्पराबाट भएको मानिएको छ (शास्त्री २०१६ : १६०)। भने पश्चिमा साहित्यमा पनि यही मान्यतालाई अनुशरण गरिएको पाइन्छ (ढुंगेल/दाहाल, २०६५ : ५ पृ.)। त्यसैगरी आदिमानवहरूद्वारा, गरिएका धार्मिक एवं मनोरञ्जनात्मक विविध क्रियाकलापहरूलाई पनि यसको आदिस्रोत मान्न सकिन्छ।

---

१७. नाटकं ख्यातवृत्तं स्यात् पञ्चसन्धिसमन्वितम् । विलासर्द्ध्यादिगुणवद्युक्तं नानाविभूतिभिः ।
सुखदःखुसमुद्‌भूति-नानारसनिरन्तरम् । पञ्चादिका दशपरास्तत्राङ्काः परिकीर्तिताः ।
प्रख्यातवंशो राजर्षिर्धीरोदात्तः प्रतापवान् । दिव्योद्रथ दिव्यादिव्यो वा गुणवान्नायको मतः ।
एक एव भवेदङ्गी श्रृंगारो वीर एव वा । अङ्गमन्ये रसाःसर्वे कार्यो निर्वहणेद्रद्‌भुतः ।
चत्वारः पञ्च वा मुख्या कार्यव्यापृतपूरुषाः । गोपुच्छाग्रसमाग्रं तु बन्धनं तस्य कीर्तितम् । साहित्यदर्पण, ६।७-११)

१८. सात्विकभावोदयेन अनुकर्तारं नटं यत् स्पन्दयति तादृशं काव्यं नाटकमिति । काव्यदीपिका ८७ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. नाटकका प्रमुख तत्वहरू :

पूर्वीय साहित्यमा नाटकलाई दृश्य एवं अभिनय विधा मान्नुका साथै (सा.द. २०६४ : ३८७ पृ.) साहित्यकै सर्वोत्कृष्ट एवं लोकप्रिय विधा मानिएको पाइन्छ । (अभि.शा. २००३ : २८ पृ. भूमिका)[१९] नाटकलाई सुन्दर र उद्देश्यमूलक बनाउनका लागि त्यसको संरचना पक्षमा विशेष जोड दिनुपर्दछ । नाटक निर्माणका लागि आवश्यक पर्ने सांमग्रीहरूलाई नाटकीय तत्त्व भनिन्छ, जसविना नाटकको परिकल्पना पनि गर्न सकिदैन । नाटकका तत्त्वहरूका सन्दर्भमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्नै तर्कहरू प्रस्तुत गरेको पाइन्छ । पूर्वीय आचार्यहरूमा भरत, धनञ्जय, गुणचन्द्र, हेमचन्द्र, विश्वनाथ आदिले नाट्यतत्त्वहरूका बारेमा विस्तृत चर्चा गरेको देखिन्छ । सबैका मतहरूलाई हेर्दा पूर्वीय साहित्यमा कथावस्तु, पात्र/चरित्रचित्रण, संवाद, भाषाशैली, अभिनय, परिवेश, उद्देश्य, रङ्गमञ्च, रस र वृत्ति गरी १० वटा मुख्य नाट्य तत्त्वहरू मानिएको पाइन्छ ।

५.१ कथावस्तु :

कथावस्तु नाटकको पहिलो र अनिवार्य तत्त्व मानिन्छ । पूर्वीय आचार्यहरूले यसलाई नाटकमा पहिलो स्थान दिएको पाइन्छ । आचार्य भरतले यसलाई नाटकको शरीर मानेका छन् । (ढुंगेल/दाहाल, २०६५ : ७ पृं । त्यसैगरी उनले नाटकमा पसिद्ध कथावस्तु हुनुपर्ने मान्यता पनि प्रस्तुत गरेको पाइन्छ । (ना.शा.२०३२ : १४४२ पृ.)[२०] नाटकको संगठनमा कथावस्तुको महत्त्वपूर्ण भूमिका हुन्छ र त्यसको संयोजनमा रसौचित्यलाई विशेष ख्याल गरिनुपर्छ । रसौंचित्यले नाटकलाई उत्कृष्ट र आस्वाद्य बनाउँछ भने रसभङ्क भएमा नाटक समाप्तप्रायः हुन्छ । (ध्वन्यालोक, २०५१ : ३०२ पृं.)[२१] । आचार्यहरूले कथावस्तुलाई सर्वप्रथम तीन भागमा विभाजन गरेका छन्- प्रख्यात, उत्पाद्य र मिश्रित । 'पुराण वा इतिहासप्रसिद्ध कथावस्तुलाई प्रख्यात, कविकल्पनाबाट सृजित कथावस्तुलाई उत्पाद्य र दुवैको मिश्रण भएको कथावस्तुलाई मिश्रित कथावस्तु' भनिएको छ । (ढुंगेल/दाहाल, २०६५ : ७ पृ.) उक्त तीन भेदमध्ये विद्वान्हरूले प्रसिद्ध कथावस्तुलाई बढी महत्त्व दिएको पाइन्छ । नाटकको कथानकलाई 'आधिकारिक' र 'प्रासङ्गिक' गरी पुनः दुई भेदमा विभाजन गरिएको छ । 'मुख्य नायकसँग सम्वन्धित कथावस्तुलाई आधिकारिक र नायकका सहयोगी पात्रहरूसँग सम्वन्धित कथावस्तुलाई प्रासङ्गिक कथावस्तु भनिएको छ । जस्तै : अभिज्ञानशाकुन्तल नाटकमा दुष्यन्तको चरित्र आधिकारिक कथावस्तु हो (सा.द. २०६४ : ४०९ पृ.)[२२] । प्रासंगिक कथावस्तुका पनि 'पताका' र 'प्रकरी' गरी दुई भेद गरिएको छ । प्रधान कथावस्तुसँग टाढा-टाढासम्म जाने कथावस्तुलाई 'पताका' र कुनै एक ठाउँमा सुरू भई त्यहीं समाप्त हुने कथावस्तुलाई 'प्रकरी' भनिएको छ । जस्तै : अभिज्ञानशाकुन्तलमा विदूषकको चरित्र 'पताका' हो भने मातलीवृत्तान्त 'प्रकरी' हो (सा.द. २०६४ : ४२६ पृ.)[२३] र त्यसैगरी विश्वनाथले कथोपकथन वा संवादका दृष्टिले कथावस्तुलाई पुनः तीन भेदमा विभाजन गरेका छन्-श्राव्य, अश्राव्य र नियतश्राव्य । (सा.द. २०६४ : ४९० पृ.)[२४] । त्यसैगरी दृश्यवस्तुलाई विभिन्न अङ्कहरूद्वारा देखउने निर्देशन गरिएको छ । त्यसैगरी आचार्यहरूले नाटक सुरू गर्नुपूर्व ईश्वरको वन्दनास्वरूप प्रस्तावना गर्ने, त्यसपछि मधुरवचनद्वारा दर्शकहरूलाई आकर्षित गर्न निर्देशन दिएको पाइन्छ । (सा.द. २०६४ : ३९४ पृ.)[२५] । त्यसैगरी आचार्यहरूले नाटकको प्रधान कथावस्तुलाई निश्चित लक्ष्यतर्फ गतिशील गराउनका लागि सूचकका रूपमा- 'बीज, विन्दु, पताका, प्रकरी र कार्य' रूपी पञ्च अर्थप्रकृतिहरूलाई संयोजन गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । (सा.द. २०६४ : ४२३ पृ.)[२६] भने मुख्य कथावस्तुको विस्तारलाई- 'आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम'- रूपी पञ्चकार्यावस्थाद्वारा वर्णन गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । (सा.द. २०६४ : ४२६ पृ.)[२७] । त्यसैगरी पञ्चार्थप्रकृति र पञ्चकार्यावस्थालाई जोड्नका लागि- 'मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण' नामक पञ्चसन्धिको समेत व्यवस्था गरेको देखिन्छ ।

---

[१९] काव्येषु नाटकं रम्यं, तत्र रम्या शकुन्तला । अभि.शा. २८ पृ. (भूमिका)
[२०] प्रख्यातवस्तुविषयम्.............। ना.शा. १८। १०
[२१] अनौचित्यादृते नान्यद् रसभङ्गस्य कारणम् । प्रसिद्धौचित्यवन्धस्तु रसस्योपनिषत्परा । ध्वन्यालोक, ३०२ पृ.
[२२] इदं पुनर्वस्तु द्विविधं परिकल्पितम् । आधिकारिकमेकं स्यात् प्रासंगिकमथापरम् ।
अधिकारः फले स्वाम्यमधिकारी च तत्प्रभुः । तस्येतिवृत्तं कविभिराधिकारिकमुच्यते । सा.द. ६।४२-४३
[२३] प्रासंगिकं प्रदेशस्थं चरितं प्रकरी मता । व्यापि प्रासंगिकं वृत्तं पताकेत्यभिधीयते । सा.द. ६।६७
[२४] अश्राव्यं खलु यद्वस्तु..........आकाशभाषितम् । सा.द. ६। ३३७
[२५] तत्र पूर्वं पूर्वरङ्गः सभापूजा ततः परम् । कथनं कविसंज्ञादेर्नाटकस्याप्यथामुखम् । सा.द. ६।२१
[२६] बीजं विन्दुः पताका च प्रकरी कार्यमेव च । अर्थप्रकृतयः पञ्च ज्ञात्वा योज्या यथाविधिः । सा.द. ६।६४
[२७] अवस्था पञ्चकार्यस्य प्रारव्धस्य फलार्थिभिः । आरम्भ, यत्न, प्राप्त्याशा नियताप्तिः फलागमाः सा.द. ६।७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(सा.द. २०६४ : ४२९ पृ.)[२८] । यसरी कथावस्तुलाई नाटकोपयोगी एवं व्यवस्थित बनाउने कुरामा पूर्वीय विद्वानहरू विशेष सतर्क रहेको देखिन्छ ।

५.२ पात्र :

पूर्वीय नाट्यशास्त्रमा कथानकपछि पात्रलाई दोस्रो स्थान दिइएको छ । नाटकमा विषयवस्तुलाई अगाडि बढाउन, पात्रयोजना गरिएको हुन्छ । नाटकको मुख्य पात्रलाई नायक भनिन्छ भने नायककी श्रीमती वा प्रेमिकालाई नायिका भनिन्छ । आचार्यहरूले नाटकको नायक प्रख्यात वंशमा उत्पन्न सर्वगुणसम्पन्न आदर्शपात्र हुनुपर्नेमा जोड दिएको

पाइन्छ । (सा.द. २०६४ : ३८९ पृ.)[२९] । भने 'धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त' गरी नायकका चार भेद समेत गरेको पाइन्छ (सा.द.२०६४ : ११४ पृ.)[३०] । साहसी, गुणवान्, सहनशील, विनीत एवं दृढव्रती नायकलाई धीरोदात्त, उद्धत, चञ्चल, मायावी र घमण्डी स्वभावको नायकलाई धीरोद्धत, मृदुभाषी, निश्चिन्त एवं कलाविद् नायकलाई धीरललित र नायकोचित सामान्य गुणहरूले युक्त शान्त एवं गम्भीर स्वभावको (ब्राह्मण वंशको) नायकलाई धीरप्रशान्त नायक भनिएको पाइन्छ । (सा.द. २०६४ : ११४-१६ पृ.)[३१] ।

त्यसैगरी नाटकमा नायकका सहयोगीका रूपमा विदूषक, पीठमर्द, विट आदि पात्रहरू आएका हुन्छन् भने नायिकाका सहयोगीका रूपमा सखीहरू । कतिपय नाटकमा प्रतिनायकको पनि व्यवस्था गरिएको हुन्छ । जस्तै : वेणीसंहारमा दुर्योधन ।

५.३ संवाद :

नाटकमा नाटककारले प्रस्तुत गर्न खोजेको विचार वा अभिव्यक्तिलाई प्रकट गर्न पात्रहरूका बीचमा एक-आपसमा गराइएको कुराकानीलाई संवाद भनिएको पाइन्छ । संवाद नाटकको अभिन्न तत्त्व हो । संवादविना नाटक बन्न सक्दैन । नाटकको संवाद सरल, सहज र सरस हुनुपर्दछ । स्वाभाविकता नाटकको अनिवार्य सर्त मानिन्छ । पाठक वा दर्शकहरूले नाटकमा पाँचप्रकारका संवादहरूको संयोजन गरिनुपर्ने बताएको पाइन्छ । १) सर्वश्राव्य २) अश्राव्य ३) अपवारित ४) जनान्तिक र ५) आकाशभाषित (सा.द. २०६४ : ४९०-९१ पृ.)[३२] सबैले सुन्नेगरी पात्रहरूबीच गरिने कुराकानीलाई सर्वश्राव्य वा प्रकाश, कसैले नसुन्ने गरी पात्रले मनमनै एक्लै गर्ने कुराकानीलाई अश्राव्य वा स्वगत, एउटा पात्रले अर्को पात्रसँग एकान्तमा अरूले नसुन्ने गरी गरिने कुराकानीलाई अपवारित, तीनवटा औला ठाडो पारेर हातले अरूलाई छेकेर दुई पात्रबीच हुने कुराकानीलाई जनान्तिक र अरू कुनै पात्रले केही नभनीकन कसैले केही भनेजस्तो गरी प्रत्युत्तरको रूपमा कुनै पात्रले अँ, के भनिस ? जस्ता कुराकानी गरिनुलाई आकाशभाषित भनिएको पाइन्छ (सा.द. २०६४ : ४९० पृ.)[३३] । यसरी पात्रहरूबीच कुनै न कुनै प्रकारले एकआपसमा गरिने कुराकानीलाई संवाद वा कथोपकन भनिएको पाइन्छ ।

५.४ भाषाशैली :

नाटकमा प्रयोग गरिने भाषिक-कलालाई भाषाशैली भनिएको पाइन्छ । नाटक साहित्यिक विधा भएकाले यसको भाषा कलात्मक हुनुपर्ने अनिवार्य देखिन्छ । नाटकको विषयवस्तु, पात्रहरूको स्तर, नाटकारको उद्देश्य, परिवेश आदिलाई ख्याल गरेर भाषिक-योजना गर्नुपर्ने देखिन्छ । भाषा दुरूह र पट्यारलाग्दो भएमा नाटकको उद्देश्य पूरा हुन सक्दैन । अतः नाटकको संवाद एवं भाषाशैली सरल, सहज, स्वाभाविक एवं कलात्मक हुनुपर्ने देखिन्छ (ढुंगेल : २०६५ : ६० पृ.) ।

५.५ अभिनय :

नाटकको विषयवस्तुलाई पात्रहरूद्वारा शारीरिक एवं संवाद आदिका माध्यमबाट प्रंस्तुत गरिने क्रियाकलापहरूलाई अभिनय भनिएको पाइन्छ । अभिनय नाटकको प्राणतत्त्व मानिन्छ । अभिनयविना नाटकको परिकल्पना पनि गर्न सकिदैन नाटकलाई अरू विधाबाट छुट्याउने मुख्य आधार नै अभिनय मानिन्छ । नाटक सफल

---

[२८] अन्तरैकार्थसंवन्धः सन्धिरेकान्वये सति । मुखं प्रतिमुखं गर्भो विमर्श उपसंहृतिः । सा.द. ६।७५

[२९] प्रख्यातवंशो राजर्षिधीरोदात्तः प्रतापवान् । दिव्योद्रथ दिव्यादिव्यो वा गुणवान्नायको मतः ६।९

[३०] धीरोदात्तः धीरोद्धतस्तथा धीरललितश्च । धीरप्रशान्त इत्ययमुक्तः प्रथमश्चतुर्भेदः । सा.द. ३।३१

[३१] अविकत्थनः क्षमावानति.....................धीरशान्तःस्यात् । सा.द. ३।३२-३४

[३२] अश्राव्यं खलु यद्वस्तु.................आकाशभाषितम् । सा.द. ६।१३७-४०

[३३] पूर्ववत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनु वा विफल हुनुमा पात्रहरूको अभिनयमा निर्भर रहन्छ । विद्वान्हरूले नट वा नायकद्वारा रामादिको अवस्थाको अनुकरण गरिनुलाई अभिनय मानेको पाइन्छ भने त्यो अभिनयलाई 'आङ्गिक, वाचिक, सात्विक र आहार्य गरी चार भेदमा वर्गीकरण गरेको पाइन्छ । (सा.द. २०६४ : ३८७ पृ.)[३४] । नाटकको पात्रले शारीरिक क्रियाकलापद्वारा रामादिको अवस्थाको अनुकरण गरिनुलाई आङ्गिक संवादका माध्यमबाट अनुकरण गरिनुलाई वाचिक, वस्त्रालङ्कारादिबाट अनुकरण गरिनुलाई आहार्य र मानसिक भावद्वारा अनुकरण गरिनुलाई सात्विक अभिनय भनिएको पाइन्छ । (काव्यदीपिका २०५७ : ८६ पृ.)

५.६ परिवेश :

देश, काल र वातावरणको सामूहिक रूपलाई परिवेश भनिएको पाइन्छ । यस अन्तर्गत घटनाको स्थान, समय, आन्तरिक एवं वाह्य वातावरण, रिति-स्थिति, धार्मिक-सांस्कृतिक परम्परा आदि पर्दछन् । नाटकमा नाटकको विषयवस्तु वा प्रकृतिअनुसारको परिवेशको चित्रण गरिनुपर्दछ । जस्तैः ऐतिहासिक नाटकका लागि सोही अनुसारको वेशभूषा, रहनसहन, बोलीचाली आदिको चित्रण गरिनु पर्दछ भने सजीव र स्वाभाविक बनाउन नाटककारले दृश्य कुन स्थान, काल र परिवेश (वातावरण) को हो, त्यसको स्पष्ट निर्देशन गर्नुपर्ने देखिन्छ (ढुंगेल/दाहाल : ६० पृ.) ।

५.७ उद्देश्य :

विनाउद्देश्य कुनै पनि कार्य गरिदैन । (सा.द. २०६४ : ३ पृ.)[३५] । अतः नाटकनिर्माण वा प्रदर्शनको पनि कुनै न कुनै प्रयोजन अवश्य नै हुन्छ । आचार्य मम्मटले 'यशप्राप्ति, अर्थप्राप्ति, व्यवहारज्ञान, अमङ्गलनाश, अलौकिक आनन्दप्राप्ति र कान्तासम्मित उपदेशप्राप्ति गर्नु'लाई काव्य वा नाटकको प्रयोजन भएको बताइएको पाइन्छ । (काव्यप्रकाश २०४२ : १० पृ.)[३६] । आचार्य विश्वनाथले चतुर्वर्गफलप्राप्तिलाई काव्य/नाटकको उद्देश्य रहेको उल्लेख गरेको पाइन्छ । (सा.द. २०६४ : ३ पृ.)[३७] । त्यसैगरी आचार्य भरतले 'मानव जातिलाई सत्कार्यमा लगाउनु, लोकोपदेशको उपदेश दिनु, मनोरञ्जन प्रदान गर्नु आदि नाटकका अनेक प्रयोजनहरू रहेको बताएको पाइन्छ । (ना.शा., २०२८ : १३३ पृ.)[३८] । यसरी हेर्दा नाटकका अनेक उद्देश्यहरू हुन सक्ने देखिन्छ ।

५.८ रङ्गमञ्च :

नाटकको विषयवस्तुलाई पात्रहरूद्वारा अभिनयसहित प्रस्तुत गर्नलाई रङ्गमञ्चको/नाट्यमण्डपको आवश्यकता पर्ने देखिन्छ । रङ्गमञ्चको व्यवस्थापन देश, काल, वातावरण र दृश्यअनुसार नै गरिनुपर्ने हुन्छ । प्रकाश एवं पर्दा आदिको व्यवस्था दृश्य आदिको औचित्यअनुसार गरिनुपर्ने हुन्छ । आचार्य भरतले नाट्यमण्डपको अन्य व्यवस्थाका साथै आकारका दृष्टिले पनि व्यवस्थित पार्नुपने निर्देशन गरेको पाइन्छ । उनले नाट्यमण्डपलाई सर्वप्रथम 'आयताकार, वर्गाकार र त्रिभुजाकार गरी तीन भेदमा वर्गीकरण गरी तिनका पनि ज्येष्ठ, मध्यम र कनिष्ठ' गरी पुनः प्रत्येकका तीन-तीन भने गरेको पाइन्छ । उनले देवतालाई ज्येष्ठ, राजालाई मध्यम र सामान्य व्यक्तिका लागि कनिष्ठ मञ्चको व्यवस्था मिलाएको पाइन्छ । (ना.शा. २०२८ : १६३ पृ.)

५.९ रस :

पूर्वीय आचार्यहरूले रसलाई पनि नाटकको अनिवार्य तत्त्व मानेको पाइन्छ । उनीहरूले रसलाई नाटकको आत्माकै रूपमा स्वीकारेका छन् (ढुंगेल/दाहाल २०६५ : ११ पृ.) आचार्य विश्वनाथले 'नाटकमा सबै रसहरू हुनुपर्ने र श्रृगांर एवं वीरमध्ये कुनै एउटा मुख्य/अङ्गी रस हुनुपर्ने उल्लेख गरेको पाइन्छ (सा.द. २०६४ : ३९० पृ.)[३९] । नाटकमा रसौचित्यलाई विशेष ख्याल गरिनु पर्ने हुन्छ । रसभङ्ग भएमा त्यो नाटक पूर्णतया विफल वा अनास्वाद्य हुने र रसौचित्य नै नाटकको सफलताको कारण हुने कुरा आचार्यहरूले स्वीकारेको पाइन्छ (ध्वन्यालोक २०५१ : ३०२ पृ.)[४०] ।

---

[३४] भवेदभिनयोद्रवस्थानुकारःस चतुर्विधः । आङ्गिको वाचिकश्चैव आहार्यः सात्विकस्तथा । सा.द., ६।२

[३५] प्रयोजनमनुद्दिश्य न मन्दोद्रपि प्रवर्तते । सा.द. ३ पृ.

[३६] काव्यं यशशेद्र्थकृते व्यवहारविदे शिवेतरक्षतये । सद्यः परनिवृतये कान्तासम्मिततयोपदेशयुजे । काव्यप्रकाश, १।२

[३७] चतुर्वर्गफलप्राप्तिः सुखादल्पधियापमि । काव्यादेव.........। सा.द. १।२

[३८] उत्तमाधममध्यानां...........भविष्यति । ना.शा. ११३-१५

[३९] एक एव भवेदङ्गी श्रृंगारो वीर एव वा , अङ्गमन्ये रसाः सर्वे..........। सा.द. ६।१०

[४०] अनौचित्यादृते नान्यद् रसभङ्गस्य कारणम् । प्रसिद्धौचित्यवन्धस्तु रसस्योपनिषत्परा । ध्वन्यालोक : ३०२ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.१० वृत्ति

पूर्वीय आचार्यहरूले वृत्तिलाई पनि नाटकको अनिवार्य तत्त्व मानेको पाइन्छ । वृत्तिको शाब्दिक अर्थ व्यवहार, काम वा ढङ्ग हुन्छ । नाटकमा नायक-नायिकाहरूका भावानुरूप गरिएका विशिष्ट किसिमका व्यवहार, कार्यशैली वा चेष्टाहरूलाई नै वृत्ति भनिएको पाइन्छ (ढुंगेल/दाहाल २०६५ : १३ पृ.) आचार्य भरत, हेमचन्द्र-गुणचन्द्र आदिले वृत्तिलाई नाटकको माता (मूल स्रोत) मानेको पाइन्छ । उनीहरूले 'कैशिकी, सात्वती, आरभटी र भारती गरी चार प्रकारका वृत्तिहरूको चर्चा गरी यिनीहरूको उत्पत्ति क्रमशः साम, यजु, अथर्व र ऋग्वेदवाट भएको उल्लेख गरेको पाइन्छ (ढुंगेल/दाहाल २०६५ : १३ पृ.)

यसरी पूर्वीय आचार्यहरूले उपर्युक्त दशवटा तत्वहरूलाई नाटकका अनिवार्य तत्वहरूका रूपमा स्वीकारी यिनीहरूको अभावमा नाटक बन्न नसक्ने कुरा वताएको पाइन्छ । आधुनिक नाटकहरूमा समेत उपर्युक्त तत्वहरू अनिवार्य भएको कुरा आधुनिक नाट्यविद्हरूले समेत स्वीकारेको पाइन्छ जो सबै दृष्टिले उपयुक्त देखिन्छ ।

६. नाटकको वर्गीकरण/नाटकका प्रकारहरू :

पूर्वीय साहित्यमा नाटकलाई दशवटा भेदहरूमा वर्गीकरण गरिएको पाइन्छ । सर्वप्रथम नाटकको वर्गीकरण आचार्य भरतले गरेको देखिन्छ । उनले नाट्यशास्त्रमा- 'नाटक, प्रकरण, भाण, व्यायोग, समवकार, डिम, ईहामृग, अङ्क, वीथी र प्रहसन' गरी दशभेदमा वर्गीकरण गरेको पाइन्छ । (नाट्यशास्त्र २०३२ : १४३४ पृ.) । त्यसपछि भरतकै अनुसरण गरी आचार्य धनञ्जय, हेमचन्द्र-गुणचन्द्र एवं विश्वनाथ आदिले पनि नाटकलाई १० भेदमै वर्गीकरण गरेको पाइन्छ (सा.द. २०६४ : ३८८ पृ.)[४१] ।

६.१ नाटक

नाटक वा रूपकका दश भेदमध्ये नाटकलाई सबैभन्दा वढी प्रसिद्ध र महत्त्वपूर्ण भेद मानिन्छ । यसमा नाटकका अधिकांश लक्षणहरूको समन्वय गरिएको पाइन्छ । आचार्य विश्वनाथका अनुसार- 'नाटकको कथावस्तु प्रसिद्ध हुन्छ भने नायक पनि प्रख्यातवंशोत्पन्न एवं सर्वगुणसम्पन्न धीरोदात्त प्रकृतिको हुन्छ । यसमा पाँचदेखि दशसम्म अंक हुन्छन् भने सबै रसहरूको संयोजन हुन्छ अनि श्रृंगार र वीरमध्ये कुनै एक रस प्रधान हुन्छ । यसमा कथावस्तुको संयोजन गोपुच्छाग्रवत् गरिएको हुन्छ । जस्तैः अभिज्ञानशाकुन्तलम् (सा.द. २०६४ : ३८९ पृ.)[४२] ।

६.२ प्रकरण

प्रकरणको कथावस्तु लौकिक एवं कविकल्पित हुन्छ । यसको नायक ब्राह्मण, मन्त्री वा वैश्यमध्ये कुनै एक प्रकारको र धीरप्रशान्त प्रकृतिको हुन्छ भने यसमा श्रृंगाररस मुख्य हुन्छ । जस्तै : मृच्छकटिकम् (सा.द. २०६४ : ५४५ पृ.)[४३] ।

६.३ भाण

यसको कथावस्तु धूर्तव्यक्तिसम्वन्धी कल्पित हुन्छ । यो एकमात्र अंकमा संरचित हुन्छ भने पात्र पनि एउटा मात्र हुन्छ । पात्रले आफ्नो वा अरूको धुर्त्याइँ सम्बन्धी चरित्रलाई आकाशभाषितद्वारा प्रस्तुत गर्दछ । जस्तै : लीलामधुकरः
(सा.द. २०६४ : ५४७ पृ.)[४४] ।

६.४ व्यायोग

यसको कथावस्तु इतिहास वा पुराणप्रसिद्ध हुन्छ । यसको नायक राजर्षि, देवता वा धीरोद्धतमध्ये कुनै एक हुन्छ । यसमा गर्भ र विमर्शसन्धि हुँदैनन् । यो एक अंकमा संरचित हुन्छ । यसमा हास्य, श्रृंगार र शान्त रस अङ्गीरसका रूपमा आउँदैनन् । यसमा स्त्रीपात्र थोरै र पुरूषपात्र धेरै हुन्छन् । जस्तै : सौगन्धिकाहरणम् (सा.द. २०६४ : ५४८ पृ.)[४५] ।

---

[४१] नाटकमथप्रकरणं भाणव्यायोगसमवकारडिमाः । ईहामृगाङ्कवीथ्यः प्रहसनमिति रुपकाणि दश । सा.द. ६।३
[४२] नाटकं ख्यातवृत्तं स्यात्..................कीर्तितम् । सा.द. ६।७-११
[४३] भवेत्प्रकरणे वृत्तं.................. धीरप्रशान्तकः । सा.द. ६।२२४-२५
[४४] भाणः स्याद्धूर्तचरितो...........दशापि च । सा.द. ६।२२७-३०
[४५] ख्यातेतिवृत्तो व्यायोगः...............रसाः । सा.द. ६।२३१-३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६.५ समवकार :

यसमा देव-दानवसम्बन्धी प्रसिद्ध कथावस्तु हुन्छ भने पुराणादिमा प्रसिद्ध देवता-दानव एवं मनुष्य गरी धीरोदात्तप्रकृतिका १२ वटा नायक हुन्छन् र सबैले छुट्टाछुट्टै फल पाउँछन् । यसमा वीररस मुख्य हुन्छ भने अन्य रसहरूको पनि निरन्तरता रहन्छ । यो तीन अंकमा संरचित हुन्छ भने यसमा विमर्शसन्धि हुँदैन । जस्तै : समुद्रमथनम् (सा.द. २०६४ : ५४९ पृ.)[४६] ।

६.६ डिम :

यसमा प्रसिद्ध कथावस्तु हुन्छ भने नायक धीरोदात्त हुन्छ । यसको मुख्य रस रौद्र हुन्छ भने अन्य रसहरू अङ्गका रूपमा आउँछन् । यो चार अंकमा संरचित हुन्छ भने यसमा विमर्शसन्धिको प्रयोग हुँदैन । जस्तै : त्रिपुरदाहः (सा.द. २०६४ : ५५२ पृ.)[४७] ।

६.७ ईहामृग :

यसको कथावस्तु मिश्रित हुन्छ भने यसको नायक एवं प्रतिनायक धीरोद्धतप्रकृतिको देवता वा मुनष्य हुन्छ । यसमा अलभ्य वा दिव्य नायिका पाउने इच्छा नायक र प्रतिनायक दुवैको हुन्छ तर प्रतिनायकले प्राप्त गर्न सक्दैन । यसमा स्त्रीको बारेमा युद्ध हुने सम्भावना हुँदाहुँदै पनि हुँदैन । यो चार अंकमा संरचित हुन्छ । नायकले मृगले जस्तै नायिकाको खोजी गर्ने भएकाले यसको नाम ईहामृग रहेको पाइन्छ । जस्तै : कुकुमशेखरविजयम् (सा.द. २०६४ : ५५३ पृ.)[४८] ।

६.८ अङ्क :

यसमा प्रसिद्ध कथावस्तुलाई कविले आफ्नैशैलीमा वर्णन गरेको हुन्छ वा मिश्रित कथावस्तु हुन्छ । यसको नायक सामान्य व्यक्ति हुन्छ । यो करूणरसप्रधान हुन्छ भने यसमा धेरै स्त्रीहरूको विलापको वर्णन गरिएको हुन्छ । यो एक अंकमा संरचित हुन्छ । यसलाई उत्सृष्टाङ्क पनि भनिन्छ । जस्तै : शमिष्ठाययातिः (सा.द. २०६४ : ५५५ पृ.)[४९] ।

६.९ वीथी :

यसको कथावस्तु कल्पित हुन्छ । यसमा उत्तम-मध्यम र अधममध्ये कुनै एक प्रकारको श्रृंगारप्रिय नायक हुन्छ । यो एक अंकमा संरचित हुन्छ भने यसमा आकाशभाषितको प्रयोग गरिन्छ । जस्तै : मालविका (सा.द. २०६४ : ५५७ पृ.)[५०] ।

६.१० प्रहसन :

यसको कथावस्तु कविकल्पित हुन्छ । यसमा तपस्वी, ब्राह्मण वा सन्यासीमध्ये कुनै एक प्रकारको नायक हुन्छ । यो हास्यरसप्रधान हुन्छ । यो एक अंकमा संरचित हुन्छ । विश्वनाथले -'शुद्ध, विकृत र संकर' गरी यसका तीन भेद गरेको पाइन्छ । जस्तै : धूर्तचरितम् (सा.द. २०६४ : ५६९ पृ.)[५१] ।

यसैगरी पूर्वीय आचार्यहरूले नाटक वा रूपकका दश भेद गरिसकेपछि नाटकमा उपभेदहरूको पनि चर्चा गरेको पाइन्छ । साहित्यदर्पणकार आचार्य विश्वनाथले नाटकका उपभेदहरूलाई उपरूपकको संज्ञा दिँदै उपरूपकका अठार भेद गरेको पाइन्छ । जस्तै : १) नाटिका २) त्रोटक ३) गोष्ठी ४) सट्टक ५) नाट्यरासक ६) प्रस्थान ७) उल्लाप्य ८) काव्य ९) प्रेङ्खण १०) रासक ११) संलापक १२) श्रीगदित १३) शिल्पक १४) विलासिका १५) दुर्मल्लिका १६) प्रकरणी १७) हल्लीश १८) भणिका (सा.द. २०६४ : ३८८ पृ.)[५२] ।

विश्वनाथले उपरूपकका उक्त १८ वटा भेदहरूको नाम उल्लेख गरिसकेपछि नाटक/रूपक र उपरूपकहरूको लक्षणमा कुनै विशेष अन्तर नभई समान किसिमको भएको उल्लेख गरेको पाइन्छ । (पूर्ववत्)

---

[४६] वृत्तं समवकारे तु..................तृतीयके । सा.द. ६।२३४-३९
[४७] मायेन्द्रजाल................वर्जिताः । सा.द. ६।२४१-४४
[४८] ईहामृगो मिश्रवृत्त.....................षडितीतरे । सा.द. ६।२४५-५०
[४९] उत्सृष्टिकाङ्क एकाङ्को.................वहु । सा.द. ६।२५०-५२
[५०] वीथ्यामेको भवेदङ्क ....द्रखिलाः । सा.द. ६। २५३-५४
[५१] भाणवत्सन्धि....................स्थितिर्न वा । सा.द. ६।२६४-६५
[५२] नाटिका त्रोटकं गोष्ठी ....नाटकवन्मतम् । सा.द. ६।४-६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. निष्कर्ष :

यसरी वैदिक कालमै ब्रह्माजीवाट उत्पत्ति भई देवतामार्फत् लोकमा अवतरण गरी 'रामलीला, कृष्णलीला........आदिका माध्यमवाट लोकजीवनमा उपदेश र मनोरञ्जन प्रदान गर्दै आएको एवं महाकवि भास (ई.पू. चतुर्थ शताब्दी)द्वारा लौकिकीकरण एवं आधुनिकीकरण भई लेखन-परम्पराको समेत आरम्भ भएको पूर्वीय (संस्कृत) नाट्यपरम्परा कालिदास (ई.पू.प्रथम शताब्दी) द्वारा लोकप्रिय एवं विश्वव्यापीकरण भई भवभूति, भट्टनारायण.......आदि नाटककारहरूद्वारा विकसित हुँदै हालसम्म निरन्तर विकासको बाटोमा अगाडि बढेको पाइन्छ भने अर्कोतिर आचार्य भरत (ई.पू.प्रथम शताब्दी) बाट नाटकको परिचय, महत्व एवं नाट्यसम्बन्धी आवश्यक सम्पूर्ण सामग्री (तत्त्व) हरूको विशद चर्चासहित नाट्यसिद्धान्त- लेखन-परम्परा (नाट्यशास्त्र) को थालनी भई धनञ्जय, विश्वनाथ आदिद्वारा त्यसको अझैं पुष्टि एवं विकास हुँदै नाट्यसिद्धान्त-परम्परा आजसम्म गतिशील एवं विकसित हुँदै आएको देखिन्छ । आज पनि पूर्वीय एवं पाश्चात्य साहित्यमा 'नाटक' एवं 'नाट्यसिद्धान्त'का बारेमा विद्वान्हरू त्यत्तिकै संवेदनशील भएर यसको विकासमा लागेको पाइन्छ । अतः पूर्वमा होस् या पश्चिममा 'नाट्यसाहित्य' एवं 'नाट्यसिद्धान्त' आज पनि त्यत्तिकै लोकप्रिय एवं सबैको चासोको विषय बनी आफ्नो परिष्कृत एवं द्रुततर विकासका लागि अगाडि बढेको पाइन्छ ।

९. सन्दर्भग्रन्थसूचि :

१) आनन्दवर्धन, (२०५१), ध्वन्यालोक, वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस ।

२) कालिदास, (२००३), अभिज्ञानशाकुन्तलम्, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

३) ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, (२०६५), नेपाली नाटक, एकाङ्की र निबन्ध, काठमाडौं : एम.के पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

४) त्रिपाठी, वासुदेव र अन्य, (संपा.)(२०५२), नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

५) धनञ्जय, (१९७३), दशरूपकम्, वाराणसी : विश्वविद्यालय प्रकाशन

६) पाणिनि, (१९९८), वैयाकरण-सिद्धान्त, कौमुदी, वाराणसी : चौखम्बा विद्याभवन ।

७) भरत, (२०२८), नाट्यशास्त्रम् (१), वाराणसी : काशी हिन्दू विश्वविद्यालय ।

८) भरत, (२०३२), नाट्यशास्त्रम्, (२) वाराणसी : काशी हिन्दू विश्वविद्यालय ।

९) भट्टाचार्य, कान्तिचन्द्र (संक.), (२०५७), काव्यदीपिका (संपा. वेणीमाधव ढकाल), काठमाडौं : श्रीमती प्रभालक्ष्मी राणा ।

१०) मम्मट, (२०४२), काव्यप्रकाश (आ.विश्वेश्वर टीका), वाराणसी :ज्ञानमण्डल लिमिटेड ।

११) रामचन्द्र-गुणचन्द्र, (१९५९), नाट्यदर्पण, बरोदा : ओरियन्टल इन्स्टिच्युट ।

१२) विश्वनाथ, (२०६४), साहित्यदर्पण (शेषराज टीका), वारणसी : चौखम्बा कृष्णदास अकादमी ।

१३) शर्मा, ऋषिराम एवं अन्य, (२०६६), नेपाली नाटक, एकाङ्की र निबन्ध, काठमाडौं : प्रज्ञा प्रकाशन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरुक्तकार यास्कका निर्वचन-सिद्धान्त र नियमहरूको समीक्षा

डा. ऋषिराम रेग्मी
सहप्राध्यापक

१. प्राक्कथन

शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष गरी वेदका छ अङ्गशास्त्रमध्ये गणनाका क्रममा चौथो स्थान प्राप्त गर्ने निरुक्त वेदपुरुषको श्रोत्रस्थानीय शास्त्र मानिन्छ। निरुक्त-ग्रन्थका वृत्तिकार दुर्गाचार्यले पहिला चौध प्रकारका निरुक्त भएको सङ्केत[1] गरे पनि वर्तमानमा चाहिँ यास्कद्वारा विरचित एकमात्र निरुक्त उपलब्ध छ। यसलाई निर्वचनविज्ञान, भाषाविज्ञान र शब्दार्थविज्ञानको सबैभन्दा प्राचीन ग्रन्थका रूपमा लिइन्छ। 'निरुक्त'को पूर्वाधार 'निघण्टु' हो भने 'निघण्टु' एक प्रकारको वैदिक शब्दकोष हो; जुन हालसम्म उपलब्ध शब्दकोशहरूमा संसारकै सर्वप्राचीन शब्दकोश मानिन्छ। यसलाई कठिन वैदिक शब्दहरूको वर्गीकृत सङ्ग्रह भन्न सकिन्छ। 'निघण्टु'मा सङ्ग्रह गरिएका यस्ता कठिन (सामान्य व्याकरण-प्रक्रियाद्वारा निर्वचन गर्न नसकिने) वैदिक शब्दको निर्वचनमूलक अर्थ प्रस्तुत गर्नु नै 'निरुक्त'को मूल कार्य हो। त्यसैले 'निरुक्त' 'निघण्टु'मा आधारित मानिन्छ। 'निघण्टु'का सङ्ग्रहकर्ता यास्क वा अन्य कुनै आचार्य हुन् भन्ने कुरा स्पष्ट नभए पनि यसका व्याख्याता अर्थात् निर्वचनकर्ता चाहिँ यास्क नै हुन्। यास्कको समय मोटामोटी ई.पू. ७०० वा ईसापूर्व सातौं शताब्दी मानिन्छ। यास्ककृत निरुक्त मूलतः १२ अध्याय र परिशिष्टसहित १४ अध्यायमा विभक्त छ। यस ग्रन्थको पूरै प्रथम अध्याय र द्वितीय अध्यायको प्रथम पादसम्मको अंशलाई भूमिकाभाग वा विषयप्रवेश भन्न सकिन्छ। यस भागमा यास्कले भाषासम्वन्धी गम्भीर चिन्तन र निर्वचनका प्रमुख सिद्धान्तहरू प्रस्तुत गरेका छन्। यसपछिका पाद र अध्यायहरूमा अर्थात् द्वितीय अध्यायको द्वितीय पाददेखि ग्रन्थको अन्त्यसम्म (२-१२ अध्यायसम्म) उनले 'निघण्टु'मा सङ्गृहीत मूलतः 'गौ'देखि 'देवपत्नी'सम्मका (१७६७ वा १७७३?) कठिन वैदिक शब्दहरूमध्ये केही शब्दको (६५७ शब्दको?) निर्वचन र केही अवान्तर विषयहरूको विस्तृत चर्चा गरेका छन्।

निरुक्तको मुख्य अभिप्राय कठिन वैदिक शब्दहरूको निर्वचन गरी तिनको अर्थ केलाउनु नै हो। त्यसैले विशाल वैदिक शब्दराशिको अथाह ज्ञानभण्डारमा प्रवेश गर्नका लागि मुख्य द्वारका रूपमा रहेको निरुक्त अति महत्त्वपूर्ण मानिन्छ। यस्तो ग्रन्थको भूमिकाभाग झनै महत्त्वपूर्ण हुने भएकाले प्रस्तुत आलेख पनि त्यसैसँग सम्बद्ध छ। अर्थात् निरुक्तकार यास्कले आफ्नो ग्रन्थको भूमिकाभागमा उल्लेख गरेका 'पदविभाग, नाम र आख्यातको परिभाषा, शाब्दबोध-प्रक्रिया (भावको वाचकत्व), शब्दनित्यत्वको चर्चा, भावविकार, उपसर्ग र निपातको वाचकत्व तथा वर्गीकरण, नामशब्दको आख्यातजत्व (धातुजत्व), निरुक्तशास्त्रको उपादेयता, वैदिक मन्त्रको अर्थवत्व, निर्वचनका आधारभूत सिद्धान्त र नियम'जस्ता प्रमुख विषयहरूमध्ये प्रस्तुत आलेखमा आधुनिक भाषाविज्ञानको आधारशिलाका रूपमा रहेको यास्कको निर्वचन-सिद्धान्त र त्यसका प्रमुख नियमहरूका बारेमा चर्चा गर्ने जमर्को गरिएको छ।

२. निर्वचनको आवश्यकता : यास्कका दृष्टिमा

वेदाध्ययन-परम्पराको क्रमिक इतिहास उल्लेख गर्दै निरुक्तकार यास्कले 'निरुक्त' वा निर्वचनको आवश्यकता देखाएका छन्। उनको उल्लेखअनुसार प्रारम्भिक चरणमा ऋषिहरूले धर्मलाई साक्षात्कार गरेका थिए अर्थात् उनीहरूलाई वैदिक मन्त्रका अर्थ स्वतः आभासित हुन्थे। त्यसपछि धर्मलाई साक्षात्कार गर्ने सामर्थ्य नभएका उत्तरकालिक ऋषिहरूलाई उनीहरूले (पूर्वकालिक ऋषिहरूले) मन्त्रोपदेश (वेदार्थको उपदेश) गर्न थाले। कालक्रम व्यतीत हुँदै जाँदा उपदेशवाट मात्र वेदार्थ ग्रहण गर्न कठिन अनुभव गर्दै गएका पछिल्ला पुस्तालाई वेदार्थ बुझ्न सजिलो होस् भन्ने उद्देश्यले श्रुतर्षिहरूले निघण्टु (कठिन वैदिक शब्दहरूको सङ्ग्रह), ब्राह्मणग्रन्थ, वेदाङ्ग आदि विस्तृत वैदिक वाङ्मयको सङ्ग्रह तयार गरे[2]। यसरी युगगत वा कालगत प्रभावले गर्दा वैदिक मन्त्रको अर्थबोध क्रमशः दुरूह वन्दै गएका कारण वेदार्थ-बोधका लागि शब्दहरूको निर्वचन अपरिहार्य वन्दै गएको तथ्य यास्कले प्रस्तुत गरेका छन्। यास्कका अनुभवमा ज्ञान र अभ्यासकै आधिक्यवाट विद्यार्जन भएझैं वेदार्थको पनि प्रतीति हुन्छ। अर्थज्ञानविनाको वेदाध्ययनलाई आगो नभएका ठाउँमा दाउरा हालेर कहिल्यै नबल्ने अवस्थासँग तुलना गरिएको छ[3]। त्यसैले वेदार्थज्ञान अत्यावश्यक छ भने अर्थज्ञानका निम्ति निर्वचन अपेक्षित छ।

३. निर्वचन-प्रक्रियाका आधारभूत सिद्धान्त

निरुक्तकार यास्कले आफ्नो निरुक्तको द्वितीय अध्यायको प्रथम पादमा निर्वचनसम्वन्धी आधारभूत सिद्धान्त, विभिन्न नियम र प्रयोगहरूका बारेमा विस्तृत चर्चा गरेका छन्। यास्कले पेस गरेका निर्वचनका लागि आवश्यक पर्ने आधारभूत सिद्धान्तहरूलाई सजिलोका लागि निम्नलिखित बुँदामा उल्लेख गरिएको छ।

---

[1] निरुक्त-वृत्ति १.१३.३।

[2] द्र.- निरुक्त १.२०.२।

[3] द्र.- निरुक्त १.१८.१। तु.- ऋग्वेद १.१६४.३९त्र अथर्ववेद ९.१०.१८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.१ सकभर व्याकरणसम्मत प्रक्रियाबाट नै शब्दको निर्वचन गर्ने

जुन पदमा उदात्तादि स्वर, प्रकृति-प्रत्ययादि संस्कार (धातु, प्रत्यय, लोप, आगमजस्ता व्याकरणिक प्रक्रिया) र प्रादेशिक गुण (क्रियावाचक धातु अथवा व्याकरणसम्मत विकार) स्पष्ट छन्, त्यस्ता पदहरूको निर्वचन व्याकरणसम्मत प्रक्रियावाट नै गर्नुपर्छ[४] ।

३.२ व्याकरणिक प्रक्रिया स्पष्ट नभए अर्थलाई आधार मानी वृत्तिसामान्यका आधारमा निर्वचन गर्ने

यदि निर्वचनीय शब्दमा व्याकरणअनुकूलका उदात्तादि स्वर, प्रकृति-प्रत्यय, लोप, आगम, आदेश आदि रूपगत विकार वा परिवर्तन स्पष्ट देखिँदैनन् र धातु-प्रत्ययका साथ शब्दको स्पष्ट अर्थगत सम्बन्ध पनि देखिँदैन भने त्यस्ता ठाउँमा (शब्दको प्रचलित) अर्थलाई प्रमुखता दिएर कुनै प्रकारले वृत्तिसामान्यका (धातु वा शब्दको समानताका) आधारमा त्यस शब्दको निर्वचन गर्नुपर्छ[५] । जस्तै : 'राजा'को व्युत्पत्ति राज्-धातुबाट गर्नु वृत्तिसामान्यता हो ।

३.३ वृत्तिसामान्यता नदेखिए स्वर-व्यञ्जन-सामान्यका आधारमा निर्वचन गर्ने

निर्वचनीय शब्दमा वृत्ति-सामान्यता पनि नदेखिएमा शब्दको अर्थ हेरी धातु र शब्दमा देखिने एकाध स्वर वा व्यञ्जनको समानतालाई आधार मानेर शब्दको निर्वचन गर्नुपर्छ[६] । जस्तै : रकार र उकारको समानताका आधारमा 'रूप' शब्दको व्युत्पत्ति दीपनार्थ रुच्-धातुवाट गरिन्छ[७] ।

३.४ शब्दको निर्वचन अवश्य गर्नैपर्ने

सबै नामशब्द धातुज भएकाले कुनै पनि आधार लिएर शब्दको निर्वचन गर्नैपर्छ[८] । यो शब्द कठिन छ वा यसको धातु-प्रत्यय आदि पत्ता लगाउन सकिँदैन भनेर शब्दको निर्वचन नगर्नु अपराध हुन्छ ।

३.५ निर्वचन गर्दा व्याकरण-संस्कारको ज्यादा आदर नगर्ने

शब्दको निर्वचन गर्दा सबै ठाउँमा लोप, आगम, आदेशजस्ता व्याकरणिक संस्कारलाई (वृत्तिलाई) आदर गर्नु हुँदैन, किनभने यस्ता व्याकरणिक वृत्ति (नामशब्द वा क्रियाका बनोट-प्रक्रिया) सन्देहजनक हुन्छन्[९] । अतः सुप्, तिङ्, कृत्, तद्धित, समास, लोप, आगम इत्यादि शब्दनिर्माणका व्यापारलाई भन्दा शब्दको अर्थलाई प्रमुखता दिएर निर्वचन गर्नुपर्छ ।

३.६ अर्थअनुसार पदहरूका विभक्तिमा परिवर्तन वा व्यत्यय पनि गर्ने

पूर्वपद र उत्तरपदको प्रकरणसँग मेल खाने गरी अर्थात् विषयको प्रसङ्गअनुरूप अर्थ खुल्ने गरी पदहरूका विभक्तिमा परिवर्तन वा व्यत्यय पनि गर्नुपर्छ[१०] । वेदका मन्त्रमा कहीं षष्ठीका स्थानमा चतुर्थी, कहीं चतुर्थीका स्थानमा षष्ठी इत्यादि प्रयोग भई विभक्तिहरूको व्यत्यय भएको हुन्छ । जस्तै : 'हृदयानि शोकैः'का स्थानमा विभक्ति-व्यत्यय भई 'हृत्सु शोकैः' भएको छ ।

४. निर्वचन-प्रक्रियासँग सम्वन्धित मूल नियमहरू

निर्वचन-प्रक्रियाअन्तर्गत अर्थसापेक्ष प्रकृति-प्रत्ययको परिज्ञान मात्र पर्याप्त हुँदैन; लोप, आगम, आदेश आदि आपरिवर्तन-प्रक्रियाको सोचविचार पनि अपेक्षित हुन्छ । यास्कले लौकिक भाषाकै शब्दव्युत्पादनमा पनि सामान्य व्याकरण-संस्कार पर्याप्त नभई १५ प्रकारका विशेष प्रक्रियाको आश्रय लिइएको वास्तविकता छर्लङ्ग पारेका छन् र वैदिक शब्दका निर्वचनका क्रममा त झन् ती विशेष प्रक्रिया अँगाल्नुपर्ने राय प्रकट गरेका छन् । वैदिक मन्त्रको उदाहरण दिई सन्दर्भगत अर्थमा टेक्न र सन्दर्भगत अर्थका आधारमा प्रकृति-प्रत्यय ठम्याएपछि प्रचलित व्याकरण-संस्कारवाट सामान्य दिग्दर्शनमात्र लिने तर त्यसका खास-खास सूत्र-संस्कारवाट चाहिँ कुण्ठित नहुने निर्वचन-संस्कार ग्रहण गरी १५ प्रकारका ती विशेष प्रक्रिया निर्वचनीय शब्दका अपेक्षाअनुसार यथेष्ट अँगाल्न पनि उनी सल्लाह दिन्छन् । तल उल्लेख गरिएका यिनै १५ विशेष प्रक्रियालाई यास्कका शब्द-निर्वचनसम्बन्धी १५ नियम भन्न सकिन्छ[११] ।

४.१ आदिशेष

कहीं धातुको आदिभाग मात्र शेष रहन्छ अर्थात् धातुका दुई वर्णमध्ये अन्त्यवर्णको लोप हुन्छ[१२] । जस्तै : प्रत्तम् (प्र+दा+क्त = प्रद्+त), अवत्तम् (अव+दो+क्त = अवद्+त) । यहाँ दा र दो-धातुका आद्य दकारको शेष हुँदा अन्त्य आकार र ओकारको लोप भएको छ । पाणिनीय व्याकरणले चाहिँ यसलाई आदिशेषका रूपमा व्याख्यान नगरी धात्वन्त अच्का स्थानमा तकार आदेश र त्यसको लोप गरेको छ, जुन निरुक्तको प्रक्रियाभन्दा गौरव देखिन्छ ।

---

४ निरुक्त २.१.२ ।

५ निरुक्त २.१.३ ।

६ निरुक्त २.१.४ ।

७ रूपं रोचतेः ।-निरुक्त २.३.३ (रुच दीप्तौ अभिप्रीतौ च, पा.धा. ७४५) ।

८ निरुक्त २.१.४ ।

९ पूर्ववत् ।

१० पूर्ववत् ।

११ त्रिपाठी, वासुदेव, यास्कको निर्वचन-सिद्धान्त र उपादेयता, पच्चीस वर्षका भाषिक चर्चा, काठमाडौं : ने.रा.प्र.प्र., २०३९, पृ. २०८ ।

१२ निरुक्त २.१.५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.२ आदिलोप

कहीं अस्-धातुका गुण-वृद्धि-निषेधक स्थानमा धातुका आदिभागको मात्र लोप हुन्छ[१३] । जस्तै : स्तः (अस्+लट् > अस्+तस् > स्+तस्), सन्ति (अस्+लट् > अस्+अन्ति > स्+अन्ति) । यहाँ अस्-धातुका आद्य अकारको लोप भएको छ ।

४.३ अन्त्यलोप

कहीं धातुका अन्त्यभागको लोप हुन्छ अर्थात् धातुका तीन वर्णमध्ये अन्त्यवर्णको लोप हुन्छ[१४] । जस्तै : गतः (गम्+क्त > ग+त), गत्वा (गम्+क्त्वा > ग+त्वा) । यहाँ गम्-धातुका अन्त्य मकारको लोप भएको छ ।

४.४ उपधालोप

कहीं धातुका उपधाको अर्थात् धातुका तीन वर्णमध्ये अन्त्यभन्दा पूर्ववर्णको लोप हुन्छ[१५] । जस्तै : जग्मतुः (गम्+लिट् > जगम्+अतुस् > जग्म्+अतुस्), जग्मुः (गम्+लिट् > जगम्+उस् > जग्म्+उस्) । यहाँ गम्-धातुका उपान्त्य अकारको लोप भएको छ ।

४.५ उपधाविकार (उपान्त्यविकार)

कहीं प्रातिपदिकका (शब्दका) उपधाको अर्थात् अन्त्यवर्णभन्दा पूर्ववर्णको विकार वा परिवर्तन हुन्छ[१६] । जस्तै : राजा (राजन्+सु > राजान्+स् > राजान्), दण्डी (दण्डिन्+सु > दण्डीन्+स् > दण्डीन्) । उपधाविकारअन्तर्गत यहाँ राजन् र दण्डिन् प्रातिपदिकका उपधाभूत अकार र इकारको क्रमशः आकार र ईकारमा परिवर्तन भएको छ । पाणिनीय व्याकरणले यसलाई उपधादीर्घका रूपमा व्याख्या गरेको छ ।

४.६ एकवर्णलोप

कहीं शब्दका एउटा वर्णको लोप हुन्छ[१७] । जस्तै : तत्त्वा यामि (तं त्वा याचामि > तं त्वा या+आमि > तं त्वा यामि) । यहाँ याचामि पदमा रहेको उपान्त्योपान्त्य चकारको लोप भएको छ । कसैले यहाँ 'त्वाम्'को मकार वा 'तत्'को तकारको लोप मानेका छन्[१८] भने कसैले 'इट्'को लोप वा अभाव मानेका छन्[१९] ।

४.७ द्विवर्णलोप

कहीं शब्दका दुई वर्णको लोप हुन्छ[२०] । जस्तैः तृचः । (तिस्र ऋचः- त्रि+ऋच् > (सम्प्रसारण) तृ+ऋच् > तृ+च् > तृच्+अच् > तृच+सु) । यहाँ 'ऋच्' पदको आद्य ऋकारमा रहेको एकदेश रेफ (र्) तथा तदुत्तरवर्ती अच्-भाग गरी दुई वर्णको लोप भएको छ । कसैले यहाँ 'त्र्यृच्' (त्रि+ऋच् > यण्) का रकार तथा यकारको लोप मानेका छन् । पाणिनीय व्याकरणले चाहिँ यसलाई द्विवर्णलोपका आधारमा नभई आद्यलोपका आधारमा सिद्ध गरेको छ[२१] ।

४.८ आदिविपर्यय

कहीं धातुका आदिवर्णको विपर्यय वा परिवर्तन हुन्छ[२२] । जस्तै : ज्योतिः (द्युत्+इसिन् (उणादि) > ज्युत्+इस् > ज्योतिस्), घनः (हन्+अप् > घन्+अ), विन्दुः (भिदिर्क भिन्द् > भिन्द्+उ (उणादि) > विन्द्+उ), बाट्यः (भट्+ण्यत् > भाट्+य > बाट्+य) । यहाँ द्युत्, हन्, भिद् र भट् धातुका आद्य दकार, हकार र भकारको क्रमशः जकार, घकार र वकारमा परिवर्तन भएको छ ।

४.९ आद्यन्तविपर्यय

कहीं धातुका आदि र अन्तिम वर्णका बीच विपर्यास (साटफेर) हुन्छ[२३] । जस्तै : स्तोकाः (श्चुत्+घञ् > स्तुच्+उपधागुण > स्तोच्+अ, कुत्व > स्तोक्+अ...), तर्कुः (कृत्+उ (उणादि) > तृक्+उ, गुण > तर्क्+उ), रज्जुः (सृज् > सर्जु > रसजु), सिकताः (कस > सिताक) । यहाँ श्चुत् र कृत् धातुका आद्यन्त चकार, तकार र ककारको परस्परमा साटफेर हुँदा वर्णान्तरको परिवर्तन भएको छैन ।

---

[१३] पूर्ववत् २.१.६ ।
[१४] पूर्ववत् २.१.७ ।
[१५] पूर्ववत् २.१.८ ।
[१६] पूर्ववत् २.१.९ ।
[१७] पूर्ववत् २.१.१० ।
[१८] ऋषि, उमाशङ्करशर्मा (२००८), निरुक्त, वाराणसी : चौखम्बा विद्याभवन, पृ. ३७ ।
[१९] आचार्य, विश्वेश्वर (हिन्दी व्याख्याकार), २०२२, निरुक्त, वाराणसी : ज्ञानमण्डल लिमिटेड, पृ. १३६ ।
[२०] पूर्ववत् २.१.११ ।
[२१] द्र.- कात्यायन, महाभाष्य ६.१.३७.५ ।
[२२] निरुक्त २.१.१२ ।
[२३] पूर्ववत् २.१.१३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.१० अन्तव्यापत्ति (अन्तिम वर्णको परिवर्तन)

कहीँ धातुका अन्तिम वर्णको व्यापत्ति अर्थात् परिवर्तन हुन्छ[२४] । जस्तै : ओघः (वह्-ओहक), मेघः (मिह्-मेहक), नाधः (णह्-नाहक), गाधः (गाह्-गाहक), वधूः (वह्-वहूक), मधु (मद-मदुक)। यहाँ वह्, मिह्, णह्, गाह्, वह्, र मद धातुका हकार तथा दकार क्रमशः घकार र धकारमा परिवर्तन भएका छन्।

४.११ वर्णको उपजन (आगम : थप हुने)

कहीँ धातु वा शब्दका अगाडि, पछाडि र उपान्त्यमा वर्णको उपजन अर्थात् आगम हुन्छ[२५] । जस्तै : आस्थत् (अस्+लुङ > आस् थुक्+अत्), द्वारः [वृ+णिच्+अच् > द् (दुट्?) वार्+अ] । भरूजा (भृज्+अच् > भर्ज्+अक भर् ऊम् ज्+अ...) ।

यहाँ पहिलो उदाहरण 'आस्थत्'मा अस् धातुभन्दा पछाडि थुक् (थ्) आगम भएको छ भने दोस्रो उदाहरण 'द्वार'मा 'वार' शब्दका अगाडि 'द्' थपिएको छ। यसैगरी तेस्रो उदाहरण 'भरूजा'मा 'ज्'को अगाडि उपान्त्य ऊम् (ऊ) आगम भएको छ। त्यसैले पहिलो उदाहरण पाणिनीय अष्टाध्यायीअनुसार[२६] थुक् आगमद्वारा सिद्ध हुने भएकाले यसलाई अन्त-आगमको प्रतिनिधि मान्न सकिन्छ भने तेस्रो उदाहरण पनि पाणिनीय व्याकरणअनुसार 'ऊम्' आगमद्वारा सिद्ध गर्न सकिने तर्क प्रस्तुत गरिएको[२७] हुँदा त्यसलाई उपान्त्य आगमको प्रतिनिधि मान्न सकिन्छ। दोस्रो उदाहरणको चाहिँ पाणिनीय व्याकरणमा प्रामाणिक सिद्धिप्रक्रिया उल्लेख भएको नपाइए पनि 'वृ' धातुको आदिमा दकारको आगम भएकाले त्यसलाई आदि-आगमको प्रतिनिधि प्रयोग स्वीकार्न सकिन्छ।[२८]

४.१२ द्विप्रकृतिक धातुका दुवै रूपलाई आधार मानी शब्दनिर्वचन गर्नुपर्ने

जुन धातुमा अकारादि स्वरले अव्यवहित (अगाडि वा पछाडि) अन्तःस्थ वर्ण रहन्छ, त्यस्तो धातुलाई द्विप्रकृतिक [सम्प्रसारणद्वारा (य्-व्-र्-ल् > इ-उ-ऋ-लृ) दुई रूप वा स्वभावको हुने] भनिन्छ। अर्थात् जुन धातुका सम्प्रसारित र असम्प्रसारित दुवै रूप हुन सक्छन् त्यस्ता धातुलाई द्विप्रकृति-स्थान भनिन्छ[२९] । यस्ता द्विप्रकृतिक धातुयुक्त शब्द कहीँ धातुका मूल रूपबाट नै बनेका हुन्छन् भने कहीँ धातुका 'यण्'का स्थानमा 'इक्' सम्प्रसारण भई बन्दछन्। जस्तै : यज्-धातुका यष्ट्वा, यष्टा, यष्टुम्, यष्टव्यम्, यज्ञः, यागः, यजनम् जस्ता शब्द धातुका मूल रूपबाट निर्मित (असम्प्रसारित) हुन् भने इष्टम्, इष्ट्वा, इष्टिः, इष्टः सम्प्रसारित रूप हुन्। अतः 'यज्'धातुमा रहेको अन्तःस्थ वर्ण 'य्' र स्वरवर्ण 'अ'का बीच कुनै व्यवधान नभएकाले यो द्विप्रकृतिक धातु हो।

शब्दको निर्वचन गर्ने क्रममा जहाँ यस्ता द्विप्रकृतिक धातु देखिन्छन् त्यस्ता ठाउँमा जसरी अर्थसिद्धि हुन्छ त्यसरी नै शब्दको निर्वचन गर्नुपर्छ। अर्थात् एकप्रकारको धातुबाट शब्दको व्युत्पत्ति गर्दा अर्थ-सङ्गति देखिएन भने धातु र अर्थको सङ्गति हुने गरी अर्कै तरिकाबाट पनि शब्दको निर्वचन गर्नुपर्छ[३०]। जस्तै : 'इष्ट्वा' शब्द यजनार्थक यज्-धातुबाट बनेको हो वा इच्छार्थक इष्-धातुबाट बनेको हो भन्ने सन्देह भएमा प्रसङ्गअनुसार उक्त शब्दको जुन अर्थसँग सङ्गति देखिन्छ सोही आधारमा 'यज्' वा 'इष्' धातुबाट शब्दको व्युत्पत्ति गर्नुपर्छ।

यस्ता द्विप्रकृतिक धातुबाट बनेका शब्दमा पनि केही शब्द अल्पनिष्पत्तिक (सम्प्रसारण रूपमा कम प्रयोग हुने) हुन्छन्[३१] । जस्तै : ऊतिः [अव+क्तिन् > ऊठ्+ति], मृदुः [म्रद+कुक सम्प्रसारण- मृद्+उ], पृथुः [प्रथ+कु > सम्प्रसारण- पृथ्+उ], पृषतः [प्रुष्+अतच्क सम्प्रसारण- पृष्+अत], कुणारुम् [क्वण+कारु (बाहुलक) > सम्प्रसारण- कुण्+आरु]। यस्ता धातुका अन्तःस्थ-प्रकृतिक शब्द अधिक प्रचलित छन् भने सम्प्रसारण भएका शब्द चाहिँ कम प्रचलित छन्।

यहाँ अव्-धातुका अन्त्य वकार र उपान्त्य अकार दुवैको ऊकारमा परिवर्तन भएको छ भने म्रद्, प्रथ् र प्रुष् धातुका उपाद्य रकारको ऋकारमा परिवर्तन भएको छ। यसैगरी क्वण्-धातुको उपाद्य वकार उकारमा परिवर्तन भएको छ।

४.१३ लोकभाषाका धातुबाट वैदिक भाषाका कृत्-प्रत्यय गर्ने

कहिलेकाहीँ संस्कृत लोकभाषाका (प्रचलित भाषाका) धातुबाट 'दमूनाः, क्षेत्रसाधाः'जस्ता वैदिक कृदन्त शब्द निष्पन्न हुन्छन्[३२] । अर्थात् लोकमा उपशमनार्थक दम्-धातुदेखि निष्पन्न दाम्यति, दमयति इत्यादि तिङन्त रूपको प्रयोग

---

२४ पूर्ववत् २.२.१।

२५ पूर्ववत् २.२.२।

२६ अस्यतेस्थुक् ।-पा.अष्टा. ७.४.१७।

२७ कैयट, प्रदीप टीका, महाभाष्य १.१.४७.२।

२८ ढकाल, मतिप्रसाद (२०६७), लोप, आगम र वर्णविकारका दृष्टिले पाणिनीय व्याकरणका नियम र प्रयोगको समीक्षण (अप्रकाशित शोधप्रबन्ध), पृ. ३९।

२९ निरुक्त २.२.३।

३० पूर्ववत् २.२.४।

३१ पूर्ववत् २.२.५।

३२ पूर्ववत् २.२.६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढी हुन्छ भने वेदमा उक्त धातुदेखि औणादिक ऊनसि-प्रत्यय गरेर निष्पन्न 'दमूनाः'[३३]जस्ता कृदन्त शब्दको प्रयोग हुन्छ। यसैगरी वेदमा 'क्षेत्र' उपपदपूर्वक साध्-धातुदेखि औणादिक असुन्-प्रत्ययद्वारा निष्पन्न 'क्षेत्रसाधाः'[३४] (क्षेत्रं साधयतीति) रूपको प्रयोग हुन्छ भने लोकमा साध्नोति, साध्यते इत्यादि तिङन्त रूपकै प्रयोग बढी हुन्छ। यहाँ 'दमु' र 'साध'लाई लौकिक धातु तथा 'ऊनस्' र 'असुन्'लाई वैदिक प्रत्यय मानिएको छ।

४.१४ वैदिक धातुवाट लौकिक प्रत्यय गर्ने

कहिलेकाहीँ वैदिक धातुवाट लौकिक संस्कृत भाषाका 'उष्णम्, घृतम्'जस्ता कृदन्त शब्द पनि बन्दछन्[३५]। अर्थात् वेदमा दहनार्थक उष्-धातुबाट निष्पन्न 'उष्ट'[३६] र क्षरण-दीपनार्थक घृ[३७]-धातुवाट निष्पन्न 'जिघर्मि[३८], जिघर्ति' इत्यादि तिङन्त शब्दको प्रयोग बढी भेटिन्छ भने लोकमा क्रमशः 'उष्णम्, घृतम्'जस्ता कृदन्त शब्दको प्रयोग अधिक हुन्छ। यहाँ 'उष्' र 'घृ' धातुलाई वैदिक धातु र तिनमा हुने 'नक्' तथा 'क्त'-प्रत्ययलाई लौकिक प्रत्यय मानिएको छ। जुहोत्यादिगणको अन्त्यमा 'अथ आगणान्ताः परस्मैपदिनश्छान्दसाश्च' भनेर ११ धातुलाई छान्दस मानिएको छ। आपिशलि-व्याकरणमा 'उष' र 'घृ'धातुलाई छान्दस भनिएको छ।

वस्तुतः यदाकदा 'लौकिक धातुवाट वैदिक कृदन्त शब्द र वैदिक धातुबाट लौकिक कृदन्त शब्द निष्पन्न हुन्छन्' भन्ने यास्कको उपर्युक्त भनाइ उनका अनुभवको आदर्श हो, तथापि वैदिक भाषावाट नै लौकिक संस्कृत भाषाको विकास भएकाले लौकिक धातुवाट वैदिक शब्द वन्ने कुरा विरोधार्थक जस्तो प्रतीत हुन्छ। त्यसैले यहाँ यास्कका भनाइको अभिप्राय बुझ्नु जरुरी हुन्छ। उनको अभिप्राय के हो भने जुन धातुवाट वैदिक शब्दको व्युत्पत्ति हुन्छ ती शब्द क्रियाका रूपमा वैदिक भाषामा प्रयुक्त छैनन्, किन्तु लौकिक भाषामा छन्। यसैगरी कुनै यस्ता धातु छन्, जुन वैदिक भाषामा क्रियाका रूपमा प्रयुक्त हुन्छन्; लौकिक भाषामा चाहिँ यस्ता क्रियाको प्रयोग क्रमशः समाप्त हुँदै गएकाले कृदन्त शब्दका रूपमा मात्र प्रयुक्त हुन्छन्[३९]।

४.१५ भाषिकाभेदको सम्भाव्यतालाई ध्यान दिई निर्वचन गर्नुपर्ने

कुनै प्रदेशमा प्रकृतिको (आख्यातक्रियाको) मात्र प्रयोग हुने र कुनै प्रदेशमा विकृतिको (धातुज नामको) मात्र प्रयोग हुने भएकाले[४०] भाषिका-भेदको सम्भाव्यतातर्फ पनि ध्यान दिई दुवैका आधारमा शब्दको निर्वचन गर्नुपर्छ। उदाहरणका लागि कम्वोज प्रदेशमा गत्यर्थक शव्-धातुको प्रकृति (तिङन्त रूप) 'शवति' (गच्छति = जान्छ) मात्र वोलिन्छ भने आर्यदेशमा उक्त धातुकै विकृति (कृदन्त रूप) 'शव' (प्रेत) वोलिन्छ। यसैगरी प्राच्य-देशमा छेदनार्थक दाप्-धातुको प्रकृति (तिङन्त रूप) 'दाति' (व्रीहीन् दाति, यवान् दाति = धान वा जौ काट्छ) वोलिन्छ भने उदीच्य-देशमा सोही धातुको विकृति (कृदन्त रूप) 'दात्रम्' (काट्ने साधन) वोलिन्छ[४१]। अतः भाषिका-भेदलाई ध्यान दिँदै एक-एक पदको पृथक्-पृथक् निर्वचन गर्नुपर्छ[४२]।

यास्कको उपर्युक्त कथनलाई उनको भाषावैज्ञानिक ज्ञानको सफल परिचायक मान्न सकिन्छ। वस्तुतः देश र कालअनुसार आख्यात तथा नामका प्रयोगस्थल पनि भिन्नाभिन्नै हुने गर्दछन्। वैदिक संस्कृतमा प्रयोग हुने आख्यात प्रायः लौकिक संस्कृतमा पाइँदैनन् भने लौकिक संस्कृतमा प्रयोग हुने क्रिया वैदिक भाषामा प्रायः देखिँदैनन्। जुन धातु वैदिक भाषामा प्रयोग भएको छैन, लौकिक संस्कृतमा त्यस धातुसँग सम्वद्ध शब्द पनि प्रायः भेटिँदैन। यो कालगत प्रयोग-भेद हो। यसैगरी जुन प्रदेशमा नाम-शब्दको प्रयोग हुन्छ, त्यहाँ तत्सम्वद्ध क्रियाको प्रयोग हुँदैन भने जहाँ क्रियाको प्रयोग हुन्छ त्यहाँ तत्सम्वद्ध नामको प्रयोग हुँदैन। यसरी प्रदेशअनुसार एउटै प्रकृतिका भिन्नाभिन्नै शब्दको प्रयोग हुनु देशगत प्रयोग-भेद हो। अतः यास्कका अनुसार भाषाशास्त्रीय अध्ययनका लागि भाषाप्रयोगको विराट् परिवेशको ज्ञान आवश्यक हुन्छ।

उपर्युक्त १५ नियममध्ये प्रारम्भिक ११ नियम ध्वनिपरिवर्तन तथा व्युत्पत्तिमूलक आपरिवर्तनसम्बन्धी भाषातत्त्वका निकट छन् भने शेष ४ नियम चाहिँ निर्वचनका क्रममा धातु र कृत्-प्रत्ययका चलन-चल्तीका सीमित गोरेटोमा मात्र नहिँडी सम्भाव्य व्यापक क्षेत्रतर्फ दृष्टि दिनुपर्ने तथ्यसँग सम्बन्धित छन्। यसबाट धातु-प्रत्ययका पुरातन र प्रचलित विविध रूप तथा भाषिका-भेदतर्फ चनाखो दृष्टि नदिई निर्वचन-शक्ति तिखारिन सक्तैन भन्ने यास्कको अभिप्राय प्रकट हुन्छ। संस्कृत व्याकरण-परम्पराका पूर्वतन सम्प्रदायका ग्रन्थ ज्यादा शेष नरहेकाले ती धातुपाठ र कृत्-प्रत्ययका अभावमा लौकिक संस्कृत शब्दकै निर्वचनमा कठिनाइ देखापर्ने हुँदा वैदिक शब्दको निर्वचन गर्दा लौकिक संस्कृत भाषाका

---

[३३] जुष्टो दमूना अतिथिर्दुरोणे।-ऋग्वेद ५.४.५त्र अथर्ववेद ७.७३.९।

[३४] मित्रं न क्षेत्रसाधसम्। -ऋग्वेद ८.३१.१४।

[३५] निरुक्त २.२.७।

[३६] प्रत्युष्टं रक्षः प्रत्युष्टा अरातयः। (प्रत्युष्टं = प्रत्येकं दग्धम् -भाष्य)-मा.सं. १.७।

[३७] घृ क्षरण-दीप्त्योः (पा.धा. ३.१४ छान्दस)।

[३८] आ त्वा जिघर्मि। (जिघर्मि = दीपयामि -भाष्य)-मा.सं. ११.२३।

[३९] ऋषि, उमाशङ्करशर्मा (२००८), निरुक्त (भूमिका), वाराणसी : चौखम्वा विद्याभवन, पृ. ३५।

[४०] निरुक्त २.२.८।

[४१] पूर्ववत् २.२.८।

[४२] पूर्ववत् २.२.९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुगम सामग्री र चलन-चल्तीका संस्कृत व्याकरणबाट मात्र नबाँधिई सम्भव भएसम्म सबै भाषिक साक्ष्य र सामग्रीतर्फ चनाखो भई निर्वचनीय शब्दका धातु र प्रत्ययको खोज गर्नुपर्ने आवश्यकतामा यास्कको विशेष जोड देखिन्छ ।

५. पञ्चविध निरुक्त

यास्कका उपर्युक्त १५ नियमलाई उत्तरवर्ती निरुक्त-टीकाकारहरूले वर्णागम, वर्णविपर्यय, वर्णविकार, वर्णनाश र सर्वाधिक उपयुक्त धात्वर्थसँग धातुको योग भनी पाँच आधारभूत नियमका रूपमा सामान्यीकरण गरेर निरुक्तको पञ्चविध लक्षण बताएका छन्[४३] ।

	सामान्यीकरण	सम्वन्धित यास्क-नियमहरू
क)	वर्णागम (वर्णको उपजन)	११
ख)	वर्णविपर्यय (वर्णपरिवर्तन) साटफेर	८, ९
ग)	वर्णविकार वा वर्णपरिवर्तन	५, १०
घ)	वर्णनाश वा वर्णलोप	१, २, ३, ४, ६, ७
ङ)	सर्वाधिक उपयुक्त धात्वर्थसँग धातुको योग : धात्वर्थविस्तार	१२, १३, १४, १५

वस्तुतः पाणिनीय व्याकरण-परम्परामा मान्यताप्राप्त उणादि-प्रवचनलाई पनि यास्कका यिनै निर्वचन-नियमको सूत्रीकरणको प्रयास मान्न सकिन्छ । उणादिशब्द बहुल (नानाथरी वा स्वैर) संस्कारबाट सिद्ध गरिन्छन् र त्यस 'बहुल' वा 'बाहुलक'को तात्पर्य पनि पूर्वोक्त पञ्चविध निरुक्त वा १५ नियमकै थोक सैद्धान्तिकीकरण हो । उणादि र पृषोदरादि जस्ता शब्दमा बहुलविधान वा यथोपदिष्ट विधान पाणिनिले पनि स्वीकारेका छन्, जसबाट सामान्यतः अव्युत्पन्न मान्नुपर्ने शब्दलाई विशेष प्रयासबाट व्युत्पन्न तुल्याउने 'बहुल' निर्वचन-संस्कारको आंशिक अनुमोदन झल्कन्छ । उणादि र पृषोदरादि जस्ता शब्दहरूको गणपाठ पूर्ण पठित नभई 'आकृतिगण' मानिनुको तात्पर्य पनि यस्ता शब्द देखेर मात्र चिनिने र अरू पनि भएको वास्तविकताको स्वीकार हो । अतः यस व्यवस्थाबाट यास्क र शाकटायनसँग पाणिनिप्रभृति व्याकरण-सम्प्रदायको आंशिक सहमति देखापर्छ[४४] ।

६. निष्कर्ष

यास्कका उपर्युक्त निर्वचनका सिद्धान्त र नियमहरूको अध्ययनबाट हामी के निष्कर्षमा पुग्न सक्छौं भने व्याकरण-शास्त्रले शब्दहरूको व्युत्पत्ति गर्ने सन्दर्भमा विशाल कार्यक्षेत्रको आधारभूत रेखाङ्कन मात्र गर्ने भएकाले व्युत्पत्ति कठिन हुनासाथ शब्दलाई अव्युत्पन्न मान्न थाल्दछ, तर निरुक्तशास्त्र वा यास्कका दृष्टिमा कुनै पनि नामशब्द अव्युत्पन्न हुनै सक्तैनन् । त्यसैले विशाल शब्दराशिको व्युत्पादन गर्ने सन्दर्भमा व्याकरणका नियमहरू अपर्याप्त हुने भएकाले त्यसभन्दा (व्याकरण-संस्कारका सीमाभन्दा) पर पनि दृष्टि दिनुपर्ने आवश्यकतामा यास्कको विशेष जोड रहेको छ । निर्वचन गर्दा सम्भव भएसम्म अर्थ र व्याकरण-संस्कारअनुरूप नै निर्वचन गर्ने; सो सम्भव नभए अर्थअनुरूप शब्दको प्रकृति-प्रत्यय ठम्याई सम्भाव्य विकार, आगम, लोप आदिका नियमअनुसार निर्वचन गर्ने; त्यो पनि सम्भव नभए स्वर-व्यञ्जनसाम्य वा ध्वनिपरिवर्तनका सम्भाव्यताअनुरूप शब्दको निर्वचन गर्ने भन्ने यास्कका मूलभूत सिद्धान्त भएकाले व्याकरणसम्मत प्रक्रियाबाट नै शब्द-निर्वचन गर्नुपर्छ भन्ने उनको पहिलो मान्यता स्पष्ट छ तर सबै शब्दको निर्वचन गर्दा व्याकरणिक नियमहरू अपर्याप्त हुन्छन् भन्ने यास्कको दोस्रो सिद्धान्त महत्त्वपूर्ण रहेको छ । अतः सबै शब्द निर्वचनयोग्य हुने भएकाले अर्थलाई सर्वोपरि महत्त्व दिँदै सीमित व्याकरण-संस्कारका परिधिलाई नाघेर पनि शब्दको निर्वचन गर्नुपर्छ भन्ने यास्कका निर्वचन-सिद्धान्तको निचोड हो ।

सन्दर्भग्रन्थसूची

अथर्ववेदसंहिता, दिल्ली : नाग प्रकाशक, सन् १९९७ ।

ऋग्वेदसंहिता, दिल्ली : नाग प्रकाशक, सन् १९९७ ।

ढकाल, मतिप्रसाद, लोप, आगम र वर्णविकारका दृष्टिले पाणिनीय व्याकरणका नियम र प्रयोगको समीक्षण (अप्रकाशित शोधप्रवन्ध), २०६७ ।

त्रिपाठी, वासुदेव, यास्कको निर्वचन-सिद्धान्त र उपादेयता, पच्चीस वर्षका भाषिक चर्चा (सम्पा. पोखरेल, वालकृष्ण), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३९ ।

पतञ्जलि, पाणिनीयव्याकरणमहाभाष्य (तृतीय भाग), दिल्ली : सन् १९८७ ।

भट्टोजिदीक्षित, सिद्धान्तकौमुदी (अष्टाध्यायी-सूत्रपाठ तथा पाणिनीय-धातुपाठसहित), दिल्ली : मेहरचन्द लछमनदास, सन् १९८५ ।

माध्यन्दिनीय-शुक्लयजुर्वेदसंहिता, दिल्ली : नाग प्रकाशक, सन् १९९७ ।

यास्क, निरुक्त (दुर्गावृत्तिसहित), मुम्बयी : क्षेमराज श्रीकृष्णदास, वेङ्कटेश्वर यन्त्रालय, वि.सं. १९६८ ।

......., निरुक्त (संस्कृत-हिन्दी टीकासहित), दिल्ली : मेहरचन्द लछमनदास, सन् १९९३ ।

......., निरुक्त (सम्पा. उमाशङ्करशर्मा 'ऋषि'), वाराणसी : चौखम्वा विद्याभवन, सन् २००८ ।

......., निरुक्त (सम्पा. उमाशङ्करशर्मा 'ऋषि'), वाराणसी : ज्ञानमण्डल लिमिटेड, वि.सं. २०२२ ।

......., निरुक्त (हिन्दी व्याख्याकार : आचार्य विश्वेश्वर), वाराणसी : ज्ञानमण्डल लिमिटेड, वि.सं. २०२२ ।

---

[४३] वर्णागमो वर्णविपर्ययश्च द्वौ चापरौ वर्णविकार-नाशौ । धातोस्तदर्थातिशयेन योगस्तदुच्यते पञ्चविधं निरुक्तम् ॥-नि., दुर्गावृत्ति १.१.५ ।

[४४] त्रिपाठी, वासुदेव, यास्कको निर्वचन-सिद्धान्त र उपादेयता, पच्चीस वर्षका भाषिक चर्चा, काठमाडौं : ने.रा.प्र.प्र., २०३९, पृ. २०९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषा सिकाइमा त्रुटि विश्लेषण

नीलप्रसाद सापकोटा
उपप्राध्यापक

१. विषय प्रवेश

भाषा सिकाइका सन्दर्भमा भाषा सिकारुहरूले विविध खालका त्रुटिहरू गर्दछन् । भाषा सिकारुहरू एकै भाषिक पृष्ठभूमिका मात्र हुँदैनन् । भाषिक वातावरण, सिकारुहरूको मानसिक एवम् वौद्धिक स्तर, घरायसी भाषिक पृष्ठभूमि, उमेर, अभ्यास अभिप्रेरणा, पुनर्वल अन्य भाषासँगको भाषिक प्रभाव र सावधानी आदि विभिन्न कारणवाट भाषा सिकाइ प्रभावित हुन्छ । भाषा सिकाइका सन्दर्भमा सिकारुहरूले स्तर अनुरुप कस्ता कस्ता प्रकारका त्रुटिहरू गर्दछन् ? भाषा सिकाइमा त्रुटिको महत्त्व, त्रुटिका क्षेत्रहरु र भाषिक त्रुटिको निराकरणका उपायहरू के-के हुन सक्छन् ? आदि कुराहरूको खोजीनीति गरी प्रभावकारी भाषा सिकाइका लागि सुविधा पुगोस् भन्ने उद्देश्यले यो लेख तयार पार्न खोजिएको छ । यस लेखमा नेपाली भाषामा देखिने त्रुटिहरूलाई केलाउने प्रयास गरिएको छ ।

२. त्रुटि विश्लेषणको परिचय

भाषा सिकारुहरू एकै भाषिक पृष्ठभूमिका हुँदैनन् । शिक्षा, धर्म, वर्ग, लिङ्ग, जातजाति, भाषाभाषी आदि विभिन्न कारणवाट भाषिक भेदको जन्म हुन्छ । विभिन्न भाषिक पृष्ठभूमिवाट आएका भाषा सिकारुहरूले भाषा सिकाइका क्रममा केकस्ता प्रकारका त्रुटिहरू गर्दछन् ? ती त्रुटिहरू के कारणवाट हुन्छ ? भनी अध्ययन विश्लेषण गर्ने प्रायोगिक भाषा विज्ञानको शाखालाई त्रुटि विश्लेषण भनिन्छ । यो भाषा सिकाइका क्रममा सिकारुहरूले गर्ने त्रुटिको वर्णन र वर्गीकरणसँग सम्वन्धित छ । यसले सिकारुहरूमा पाइने अनेक प्रकारका त्रुटिहरूको पहिचान, वर्गीकरण र विश्लेषण गर्न सहयोग पुऱ्याउँछ । त्यसैले यो भाषा सिकाइमा सैद्धान्तिक र प्रायोगिक दुवै दृष्टिले उपयोगी मानिन्छ । *लङम्यान अफ अप्लाइड लिङ्ग्विस्टिक्सका* अनुसार त्रुटि विश्लेषण दोश्रो वा विदेशी भाषा सिक्ने सिकारुहरूले गर्ने त्रुटिहरूको अध्ययन विश्लेषण हो । (ढकाल: २०६४, १५१) तापनि यो मातृभाषी सिकारुहरूले मानक भाषा सिक्ने सन्दर्भमा पनि प्रयोग गर्न सकिन्छ । भाषा शिक्षणका सन्दर्भमा यसको महत्त्व सन् १९७० पछि बढ्न थालेको देखिन्छ । (अधिकारी: २०६२, १३९) भाषा सिकारु मातृभाषी भए पनि विमातृभाषी भए पनि त्रुटि गर्दछन् । भाषा सिकारुहरूले भाषा सिकाइका क्रममा त्रुटि गर्नु स्वाभाविक हुन्छ । त्रुटिलाई भाषा सिकाइ प्रक्रियाको कमजोरी ठान्नु हुँदैन । परम्परागत रुपमा वौद्धिक कमजोरी र असफलता मानिएको त्रुटिलाई आज सफलता, प्रयास र विकासशील प्रक्रियाका रुपमा लिन थालिएको छ । (अधिकारी: २०६२: १४०)

३. त्रुटि विश्लेषणको महत्त्व

भाषा सिकाइका सन्दर्भमा सिकारुहरूले अनेक प्रकारका त्रुटिहरू गर्दै जान्छन् । वास्तवमा भाषा सिकाइ आफैँमा जटिल प्रक्रिया भएकाले त्यस क्रममा सिकारुहरूवाट विभिन्न प्रकृतिका त्रुटिहरू हुने गर्दछ । भाषा सिकाइमा व्लुम फिल्डेली संरचनावादवाट प्रभावित संरचनावादीहरू त्रुटि अभ्यासको कमी, आदत र असफलताको प्रतीक हो भन्दै त्रुटिलाई नकारात्मक दृष्टिवाट हेर्छन र यसलाई सिकारुहरूको कमजोरी ठान्छन् । मूलत: नोम चम्स्की र उनका अनुयायीहरुद्वारा अँगालिएको मनोवादी दृष्टिको सशक्त उपज हो त्रुटि विश्लेषण । मनोवादीहरूका अनुसार सिकारुहरूले त्रुटि नगरी भाषा सिक्न सक्दैनन् । भाषा सिक्दा सिकारुहरूले त्रुटि गर्दै जान्छन् र अव्यक्त किसिमले भाषिक परिष्कार गर्दै जान्छन् । अत: त्रुटि, कमजोरी वा दुर्वलता नभई सफलता, प्रयास र भाषा विकास प्रक्रियाको माध्यम हो । काम गर्दा भूल हुन्छ, साइकल चलाउन सिक्दा लडिन्छ, पौडी खेल्न सिक्दा पानी पिइन्छ, डुविन्छ । भूल वा गल्ती नगरी एकैचोटि न नाउन सकिन्छ न नाच्न नै । त्यसरी नै भाषा सिक्दा पनि गल्ती वा त्रुटि हुने सम्भावना रहन्छ । भूल हुन्छ भन्दैमा कुनै काम सुरु नै नगर्ने वा भाषा वोल्दै नवोल्ने गरेमा अपेक्षित कुरा कसरी सिकिन्छ ? जुन व्यक्तिले भाषालाई स्वाभाविक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वातावरणमा सिकेको हुन्छ त्यसले गल्ती गरेर नै सिकिरहेको हुन्छ । जुनसुकै सुनियोजित वातावरण पाए पनि कसैले पनि त्रुटिविहीन रूपमा भाषा सिक्न किमार्थ सक्दैन । (अधिकारी: २०६२: १४२)

भाषा विकासका क्रममा त्रुटि अनिवार्य हुन्छ । साना साना वालवालिकाहरू तोते वोल्दछन् तर उनीहरूले वोलेका भाषालाई गलत भाषा भनिँदैन । प्रौढहरू यसलाई सच्याएर बुझ्न चाहन्छन् । भाषा सिक्दै जाँदा उनीहरू आफै क्रमश: परिष्कार गर्दै जान्छन् ।

शैक्षणिक दृष्टिले पनि त्रुटि विश्लेषणको विशेष महत्त्व रहन्छ । भाषा सिक्ने सिकारुको सिकाइ प्रक्रिया कस्तो हुन्छ ? र त्यो सिकाइ प्रक्रिया कसरी चल्छ भनेर जान्न सिकारुको भाषिक व्यवहार (वोलाइ र लेखाइ) को अध्ययन गर्नुपर्ने हुन्छ । त्रुटिले भाषा सिकारुको प्रकृति र प्रवृत्तिलाई सङ्केत गर्दछ । भाषा शिक्षकले सिकारुको त्रुटिको प्रकृति र प्रवृत्ति थाहा पाएको खण्डमा उनले सामग्री तथा शिक्षण विधिको छनोट तथा प्रयोग गर्ने आधार पाउँछन् भने विशेष जोड दिने ठाउँको पनि जानकारी पाउँछन् । (ढकाल: २०६४: १५२) भाषा शिक्षणलाई प्रभावकारी रुपले सञ्चालन गर्न त्रुटि विश्लेषण निकै उपयोगी हुन्छ । भाषा सिकाइमा यसले सिकारुहरूमा सिकाइ के कसरी चलेको छ ? त्यस्ता त्रुटि वारे शिक्षकलाई यथार्थ जानकारी भएमा सिक्न सजिलो हुने र गाह्रो हुने पक्षहरू निर्क्यौल गर्न, कुन कुन कुरामा विशेष ध्यान दिनु पर्ने हो वा भाषा सिकाइका कठिनाइ क्षेत्रहरू कुन कुन हुन् ? तिनको निराकरणका लागि उपयुक्त योजना निर्माण गरी उपयुक्त शिक्षण विधि र सामग्रीको छनौट गर्न शिक्षकलाई पृष्ठपोषण प्राप्त हुन्छ ।

त्रुटिहरूको अध्ययन मातृभाषी सिकारुहरूका लागि मात्र उपयोगी नभै दोश्रो वा विदेशी भाषा सिकाइ दुवै स्थितिमा त्रुटिहरूको अध्ययन महत्त्वपूर्ण ठानिन्छ । अझ मातृभाषी सिकारुहरूमा भन्दा पनि दोश्रो भाषा सिकाइ वा विकासको क्रममा त्रुटि विश्लेषणको महत्व झन् वढी उच्च हुन्छ । यसको मुख्य कारण पहिलो भाषा सिक्दा सिकारुहरूलाई भाषाको अनियन्त्रित र स्वाभाविक वातावरण प्राप्त हुन्छ जसले गर्दा उसले आफ्नो भाषिक व्यवस्थाका ढाँचा तयार गर्दै परिष्कार समेत गर्दै जान्छ तर त्यसको तुलनामा दोश्रो भाषा सिकाइ सापेक्षित रुपमा नियन्त्रित वातावरणमा प्राप्त हुन्छ । दोश्रो वा विदेशी भाषा सिक्दा भने पहिलो वा मातृभाषा सिके जत्तिकै समय र भाषिक वातावरण नपाउन सक्छ । जसको फलस्वरुप उसको पहिलो भाषा सिकाइका तुलनामा दोश्रो वा विदेशी भाषा सिकाइ निकै त्रुटिपूर्ण हुन्छ । त्यसैले त्रुटिपूर्ण भाषिक प्रयोगहरूको अध्ययन दोश्रो भाषा सिकाइका निम्ति अझ महत्त्वपूर्ण हुन्छ । (अधिकारी: २०६२: १४१) विभिन्न भाषिकावाट प्रभावित मातृभाषाका सिकारुहरूले पनि मानक वा स्तरीय भाषा सिक्दा देखिने उच्चारणगत, वर्णविन्यासगत, शब्दचयनगत एवम् वाक्यगठनगत आदि खालका त्रुटिहरूको पहिचान गरी सिकारुहरूका भाषिक प्रयोगमा देखिएका त्रुटिहरूको निराकरण गर्नका लागि त्रुटि विश्लेषण अनिवार्य मानिन्छ । भाषिक त्रुटिहरू केलाएर पृष्ठपोषण दिन सकेमा त्रुटियुक्त प्रयोग न्यूनीकरण हुँदै जान्छ अन्यथा सिकारु माथिल्ला तहसम्म पुग्दा पनि त्रुटि स्थिर रहने सम्भावना रहन्छ ।

यसरी त्रुटिको प्रकृति हेरी शैक्षणिक योजना निर्माण गर्न, शिक्षण सामग्रीको निर्माण र प्रयोग गर्न, भाषाको प्रयोगगत विविधताको पहिचान गरी त्यसमा सुधार गर्न, शिक्षकहरूलाई अध्यापनमा सहज तुल्याउन, सिकारुहरूका भाषिक त्रुटिहरू निदान गरी उपयुक्त विधिको छनोट गरी शिक्षण गर्न र कुनै खास शिक्षण प्रक्रियाको प्रयोग गरिरहेको शिक्षकलाई आफ्नो शिक्षण प्रक्रिया ठिक छ कि छैन भन्ने कुरालाई आलोचनात्मक रुपले हेरेर त्यसमा आवश्यक सुधार गर्न त्रुटि विश्लेषण आवश्यक मानिन्छ ।

४. त्रुटिका प्रकारहरू

भाषा सिकाइका सन्दर्भमा कथ्य एवम् लेख्य प्रयोगमा हुने गल्ती वा कमजोरीलाई नै त्रुटि भनिन्छ । जुनसुकै तहको भाषा शिक्षार्थी भए पनि उसको भाषिक प्रयोगमा त्रुटि हुनु स्वाभाविक छ । तल्ला तहका सिकारुमा भाषिक त्रुटिको मात्रा वढी देखिन्छ भने माथिल्ला तहका शिक्षार्थीहरूमा त्रुटिको मात्रा कम देखिन्छ । कुनै शिक्षार्थीहरूको त्रुटि उच्चारण प्रक्रियासँग सम्बन्धित हुन्छ भने कसैको वर्णविन्याससँग सम्वन्धित हुन सक्छ । भाषा शिक्षार्थीहरुले गर्ने त्रुटिहरू सामान्य र विशिष्ट खालका हुन्छन् । साधारण खालका त्रुटिहरू शिक्षार्थीले एक न एक पटक गर्ने खालका हुन्छन् । त्रुटिलाई मूलत: भाषिक एकाइ तथा सिकाइ प्रक्रियाका आधारमा चिनाउन सकिन्छ । (पौडेल: २०६१, २२२-२२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.१ भाषिक एकाइसँग सम्बन्धित त्रुटिहरू

४.१.१ उच्चारणगत त्रुटि

यो त्रुटि कथ्य प्रयोगसँग सम्वन्धित हुन्छ । यस्तो त्रुटि वर्ण, अक्षर र शब्दको तहसम्म देखिन्छ । नेपाली भाषाको प्रयोग गर्ने सन्दर्भमा भाषिकागत प्रभावमा शब्दको उच्चारण हुँदा त्रुटि भएको पाइन्छ । जस्तैः भाइर (वाहिर) जाइन्छ (गइन्छ), पिछाडि (पछाडि), ह्या (यहाँ), कल्ले (कसले), मुकै (मकै), पारी (पाडी), कत्न (कता), धैलो (दैलो), घत (गहत), तो (त), त्यस्तै लोक्ने (लोग्ने), सपै (सबै), खुपै (खुबै), किताप (किताव), जस्ता त्रुटिहरु पनि उच्चारणका क्रममा देखिन्छ । सघोष वर्ण अघोष भई उच्चरित हुँदा साजा (साझा), वादा (बाधा), माज (माझ) बुज्नु (बुझ्नु), गाडा (गाढा), जस्ता त्रुटि हुने गर्दछ । नेपाली भाषालाई दोस्रो भाषाका रुपमा ग्रहण गर्ने कतिपय भाषाभाषीले 'त' वर्णलाई 'ट' वर्णमा रुपान्तरण गरी उच्चारण गर्दछन् । जस्तै : टाटो (तातो), टेल (तेल), टिमी (तिमी), ट्यो (त्यो), टँ 'तँ', आदि यसका अतिरिक्त अकारलाई आकारका रुपमा उच्चारित गर्ने प्रचलन पनि धेरै पाइन्छ । जस्तैः काति (कति), आव (अव) छैना (छैन) आहिले (अहिले) वान्दुक (वन्दुक), आदि । नेपाली स्तरीय प्रयोग गर्ने भाषिक प्रयोगमा समेत शब्दको सुरुमा आउने (स), का अगाडि (इ), थपिएर उच्चारण हुन्छ तर हिन्दीभाषाको प्रभावमा भने कतिपय सन्दर्भमा (अ), थपिएको पनि पाइन्छ । जस्तैः इस्थायी (स्थायी), अस्थायी (स्थायी), इस्तर (स्तर), अस्तर (स्तर), इस्थिति (स्थिति), अस्थिति (स्थिति), आदि । व (ओ), का रुपमा भने अधिक मात्रामा उच्चारण भएको देखिन्छ । जस्तै : महत्तो (महत्व), मातृत्तो (मातृत्व) नेतृत्तो (नेतृत्व) आदि । नेपाली भाषाको प्रयोगमा देखिने अर्को उच्चारणगत त्रुटि य 'ए' का रुपमा उच्चारित हुनु हो । जस्तै : कतिपए (कतिपय), धन्ने (धन्य), गन्नेमान्ने (गन्यमान्य), भवतव्वे (भवितव्य), धन्नेवाद (धन्यवाद) आदि । 'ह' वर्णको लोप भई उच्चरित नेपाली शब्दहरु पनि प्रयोग प्रचलनमा देखिन्छ । मासचिव (महासचिव), मामन्त्री (महामन्त्री), समति (सहमति), सकार्य (सहकार्य), ससचिव (सहसचिव) आदि । ण को ठाउँमा 'न' को प्रयोग हुनु पनि नेपाली उच्चारणको अर्को विशेषता हो । जस्तै : निर्मान (निर्माण), प्रान (प्राण), प्रमान (प्रमाण), गनेस (गणेश) । यस्तै क्ष 'छ'का रुपमा उच्चरित भएको पाइन्छ । जस्तैः राछेस (राक्षस), रछ्या (रक्षा), कछ्या (कक्षा), समच्छे (समक्ष) आदि । यस्तै खालको उच्चारणगत त्रुटि अनुनासिक स्वर नासिक्यका रुपमा उच्चारित हुँदा पनि हुन्छ । जस्तैः हुन्दैन (हुँदैन), आउन्दैन (आउँदैन), छुन्दैन (छुँदैन), आदि । नेपाली उच्चारणमा वर्ण विपर्ययको स्थिति पनि देखिन्छ । जस्तैः पर्भाव (प्रभाव), पर्ताप (प्रताप), पर्भु (प्रभु), किर्या (कृया), भर्मण (भ्रमण), आदि । शब्दान्तको संयुक्त व्यञ्जनमा भएको अ लोप हुने स्थिति पनि देखिन्छ । जस्तैः तुरुन्त् (तुरुन्त), धर्म् (धर्म), कर्म् (कर्म), मुर्ख् (मूर्ख) आदि । (अधिकारीः २०५७, १२६-१२७ ।)

उपर्युक्त खालका त्रुटिहरु नेपाली भाषालाई मातृभाषा वा दोश्रो भाषाका रुपमा प्रयोग गर्दा देखिने उच्चारणगत त्रुटिहरु हुन् ।

४.१.२ वर्णविन्यासगत त्रुटि

वर्णहरुको उपयुक्त किसिमको रखाइक्रमलाई वर्णविन्यास भनिन्छ । यस्तो खालको त्रुटिको क्षेत्र व्यापक र विस्तृत हुन्छ । कथ्य भाषालाई लिपिमा उतार्ने सन्दर्भमा वर्णविन्यासगत त्रुटिहरु देखा पर्दछन् । ह्रस्व-दीर्घ, पदयोग-पदवियोग, अजन्त-हलन्त, शिरविन्दु र चन्द्रविन्दुको प्रयोग, श, ष, स को प्रयोग, य, ए, 'ओ' र 'व' को प्रयोग ए र ऐ को प्रयोग र सम्वन्धी प्रयोग, रि र ऋ, द्व र द्ध, द्य र द्‍य सम्वन्धी प्रयोगमा भाषा सिकारुहरुले प्रशस्त मात्र त्रुटि गर्दछन् । (सापकोटाः २०५७, १००–१०१)

४.१.३ रूप रचनागत त्रुटि

शब्दहरुको रुपायन र व्युत्पादन प्रक्रियामा देखापर्ने त्रुटिहरुलाई रुपगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरु भाववाचक आधार त;वमा फेरि थप भाववाचक 'ता'प्रत्यय लगाउन खोज्दा देखिन्छ । जस्तैः सौन्दर्यता (सौन्दर्य), धैर्यता (धैर्य), सामञ्जस्यता (सामञ्जस्य), इमान्दारिता (इमान्दारी), वाहुल्यता (वाहुल्य) आदि । त्यस्तै एक वचन वुझाउने ओकारान्त नाममा 'हरु' मात्र लगाएर वहुवचन वनाउन खोज्दा त्रुटि हुन्छ । जस्तैः छोरोहरु, डोकोहरु, वाखोहरु, हाँगोहरु, आदि । फेरि आदररहित एकवचन वुझाउने सर्वनाममा 'हरु' लगाएर वहुवचन वनाउन खोज्दा पनि त्रुटि हुन्छ । जस्तै : तँहरू (तिमीहरू), त्योहरू (तिनीहरू/ती), ऊहरू (उनीहरू) आदि । सविभक्तिक शब्दहरू तिर्यक् रुपमा प्रयोग नहुने अवस्थाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि त्रुटिको मात्रा बढेको देखिन्छ । जस्तैः को ले (कसले), जो ले (जसले), यो मा (यसमा), जोलाई (जसलाई), त्योबाट (त्यसबाट), छानोमा (छानामा), बाटोमा (बाटामा) आदि ।

(अधिकारी: २०५७ : १३०)

उपर्युक्त खालका त्रुटिहरू रुप रचनागत त्रुटिहरू हुन् ।

४.१.४ पदावली रचनागत त्रुटि

यस्ता त्रुटिहरू शब्दभन्दा माथिल्लो संरचनामा देखा पर्दछन् । पदावलीमा पदहरूको सङ्गति मिलाउन नसक्ता शिक्षार्थीहरूले यस्ता त्रुटिहरू गर्दछन् । शिक्षार्थीहरूले गर्ने यस्ता खालका त्रुटिहरू बहुवचन विशेष्यअनुसार विशेषणको सङ्गति नमिलेको देखिन्छ । जस्तैः ठुलो रुखहरू (ठुला रुखहरू), मेरो साथीहरू (मेरा साथीहरू), तिम्रो कलमहरू (तिम्रा कलमहरू), आदि । नेपाली भाषा शिक्षार्थीहरूको प्रयोगमा स्त्री लिङ्गी विशेष्य अनुसार विशेषणमा सङ्गति मिलाई प्रयोग गरेको पाइँदैन । जस्तै : तिम्रो दिदी (तिम्री दिदी), तपाइँको बुहारी (तपाइँकी बुहारी), मेरो आमा (मेरी आमा), आदि । मेरो बुवा (मेरा बुवा, हाम्रो दाजु (हाम्रा दाजु), तपाईंको ससुरा (तपाईंका ससुरा), जस्ता त्रुटिहरू आदरार्थी विशेष्यअनुसार विशेषणमा सङ्गति नमिलेकाले हुन सक्ने त्रुटिहरू हुन् ।

(अधिकारी : २०५७ : १३१)

४.१.५ वाक्य रचनागत त्रुटि

वाच्य रचनामा पदहरूको क्रम र सङ्गतिमा देखापर्ने त्रुटिहरू यस अन्तर्गत पर्दछन् । वाक्यमा कर्ता र क्रियापद, विशेष्य र विशेषणका बिच सङ्गति नमिलाउनु, प्रेरक कर्ता र प्रेरणार्थक क्रियाको सङ्गति नमिलाउनु, कर्मवाच्यमा कर्मको लिङ्ग, वचन, पुरुष र आदरार्थीका आधारमा सङ्गति नमिलाउनु, चिह्न प्रयोगमा ख्याल नगर्नु आदि वाक्य रचनागत त्रुटि हुन् । जस्तै :

उनीहरूले धेरै पढेको छन् ।

दिनेश र श्याम आपसमा मिल्दो जुल्दो छन् ।

गीता मेरो बहिनी हो ।

उनी धेरै बाठो छ ।

हामीले पुस्तक पढैं ।

मद्वारा पुस्तक पढैं ।

उपर्युक्त खालका त्रुटिहरू वाक्य रचनागत त्रुटिहरू हुन् ।

४.१.६ अर्थगत त्रुटि

वाक्यमा शब्दहरूको प्रयोग गर्दा अर्थको अन्वितिलाई ख्याल गर्न नसक्दा हुने त्रुटिहरू यस अन्तर्गत पर्दछन् । एउटै अर्थ भएका शब्दहरूको पुनरावृत्ति हुनु, एउटा शब्दबाट काम चल्नेमा त्यस्तै खालका अरु शब्दहरू थप्नु, प्रयुक्त शब्दहरूमा विरोधाभास तथा अस्वाभाविकता देखिनु, छ वा हो को प्रयोगमा भिन्नता बुझ्न नसक्नु र मातृभाषाको प्रभावमा आएर असान्दर्भिक शब्दहरूको छनोट गर्नु जस्ता त्रुटिहरू यस अन्तर्गत पर्दछन् । जस्तै : एकजना गोरु आयो । दुई जना गोरु जुधे । तपाईंलाई सर्पले खान्छ । मेरो घर जनकपुर छ । कक्षामा शिक्षकले आफ्नो विचार पोख्नु भयो । उपर्युक्त खालका उदाहरणहरुमा अर्थगत त्रुटि पाइन्छ ।

४.१.७ सङ्कथनगत त्रुटि

वाक्यभन्दा माथिल्लो तहको भाषिक एकाइसँग सम्वन्धित त्रुटिलाई सङ्कथनगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू वाक्यान्तरिक नभई अन्तरवाक्यीय प्रकृतिका हुन्छन् । (अधिकारी : २०५७ : १३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वनामको प्रयोग गर्दा, आदरार्थी क्रियाको पूर्वापर क्रमलाई ख्याल नगर्नाले यस किसिमका त्रुटिहरू देखिन्छन् । जस्तै : घरमा बुवा आउनु भयो । उनले मलाई कपडा ल्याइ दिनु भयो । सुलोचना मेरी बहिनी हो । उनी पढ्नमा ध्यान दिन्छिन् । बालकृष्ण सम नेपाली नाटकका सेक्सपीयर हुन् । उहाँले धेरै नाटकहरू लेख्नु भएको छ ।

४.२ सिकाइ प्रक्रियागत त्रुटिहरू

स्थूल रुपमा त्रुटिलाई भाषिक एकाइ तथा कोटिहरूका आधारमा देखाउन खोजिए तापनि तिनमा पाइने आन्तरिक प्रकृतिका विविधतालाई नियाल्दा उक्त किसिमका आधारहरूका अतिरिक्त सिकाइ प्रक्रियाको प्रकृति एवम् प्रवृत्तिका आधारमा पनि त्रुटिहरू केलाउन सकिन्छ ।

४.२.१ अपूर्ण सिकाइमा देखिने त्रुटि

भाषा सिकारुले यस्ता त्रुटिहरू मातृभाषाको प्रभाव र असावधानीका कारणले गर्दछन् । यसमा भाषा सिकारुहरू सिकाइका क्रममा पूर्णता प्राप्त नगरी पूर्ण रुपमा पकडन नसक्दा पनि यस्ता त्रुटि घटित हुन्छन् । (अधिकारी : २०५७ : १३४) यस्ता त्रुटिहरूले लक्ष्य भाषाका नियमहरूलाई आत्मसात् गर्न खोजेको देखिए तापनि पूर्णता भने प्राप्त गरी नसकेको अवस्थालाई दर्शाउँछ । जस्तैः हामीले उनीहरूको कुरा सुनेको छु । हरिद्वारा सिनेमा हेरेको छैन । तिमी कहिले आइस् ? आदि अपूर्ण सिकाइका कारणले हुने त्रुटिहरू हुन् ।

४.२.२ अति सामान्यीकरण त्रुटि

प्रचलित नियमलाई उल्लङ्घन गरी भाषा सिकारुहरूले आफैं नियम बनाउन खोज्दा यस्ता त्रुटिहरू हुने गर्दछन् । नियमका सीमालाई बुझ्न नसक्दा यस्ता त्रुटिहरू हुने गर्दछ । कुनै पनि नियमको सीमासम्मको सामान्यीकरणबाट त्रुटि हुँदैनन् तर नियमको सीमा पार गरेपछि भाषिक विचलन आउँछ र त्रुटिहरू जन्मन्छन् । (पौडेल : २०६१; २२४)

नेपाली भाषामा तत्सम् र अन्य (तद्भव र आगन्तुक) शब्दहरूमा बेग्ला बेग्लै वर्णविन्यासीय नियम निर्धारित छन् तर यसप्रति सचेत नभएका सामान्य भाषिक प्रयोक्ताले कतिपय अवस्थामा तत्सम वर्णविन्यासका नियमहरूलाई नै तद्भव र आगन्तुक शब्दहरूमा पनि लागु गरेको पाइन्छ । जस्तैः झण्डै (झन्डै), भाञ्जा (भान्जा), माष्टर (मास्टर), लण्डन (लन्डन), काठमाण्डौं (काठमाडौं) झण्डा (झन्डा), आदि । (अधिकारीः २०५७ : १३५) त्यस्तै, अनुनासिकताको ठाउँमा पञ्चम्वर्ण 'न' को प्रयोग गर्नु जस्तैः हुन्दैन (हुँदैन), खान्दैन (खाँदैन), पाउन्दैन (पाउँदैन) आदि । यसका अतिरिक्त 'जा' र 'हु' आदि धातुबाट बन्ने क्रियापदका काल र पक्षमा ख्याल नगरी एउटै खालको संरचना गराउन खोज्दा त्रुटि हुन्छ । जस्तै : सुजन स्कुल जायो । कान्छो भाइ ठुलो हुयो । आदि ।

४.२.३ सरलीकरणगत त्रुटि

भाषा सिकारुले भाषा सिकाइको प्रारम्भिक चरणमा सरलीकरण युक्तिको प्रयोग गरेर भाषा सिक्छ । बाह्मण (बाहुन), आइवक्सियो (आइस्यो), बालबालिकाहरूले सबै खेलौनालाई चाचा, सबै खानेकुरालाई माम, सबै गुलिया वस्तुलाई पापा, सबै लुगालाई नाना भनेर बुझ्नु सरलीकरणको तरिका हो । वर्तमान सन्दर्भमा स्त्री लिङ्गी कर्ता भएको वाक्यमा पनि तृतीय पुरुष एकवचन पुलिङ्ग क्रियाको प्रयोग गरी त्रुटि गरेको देखिन्छ । जस्तैः मेरो बहिनी बी.ए.पढ्छ । सीताले इन्जिनियरसँग विहे गऱ्यो ।

५. विकासशीलताका आधारमा वर्गीकृत त्रुटिहरू

त्रुटिको प्रकृतिका आधारमा यसलाई विभिन्न आधारबाट वर्गीकृत गर्न सकिन्छ । त्रुटिको विकासशील अवस्था भनेको परिवर्तनशील हुनु हो । त्रुटिहरू विकासशील हुने हुनाले यी सामान्यतः अस्थिर हुन्छन् । प्रारम्भमा त्रुटिहरू अनियमित हुने र पछि विस्तारै नियमित र अनुमेय हुँदै जान्छन् । भाषाविद् डा.हेमाङ्गराज अधिकारीले विकासशीलताको आधारमा त्रुटिलाई २ भागमा विभाजन गरेका छन् । जसको चर्चा तल गरिन्छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.१ नियमित त्रुटि

भाषा सिकारुले सिक्दै गरेको भाषामा गर्ने त्रुटिहरूले खास ढाँचा दर्साउँछन् र खास व्यवस्थाभित्र अनुमेय (अनुमान गर्न सकिने) खालका त्रुटिहरू हुन्छन् । यस प्रकारका त्रुटिले कुनै भाषिक समुदाय वा वर्ग विशेषका मानिसले गर्ने खास क्षेत्रका त्रुटिहरू पर्दछन् । त्यसैले यस्ता त्रुटिहरू एकै किसिमका वा एकै प्रकारका हुन्छन् । यस किसिमका त्रुटिहरू नियमित प्रकृतिको हुन्छ । जस्तै: नेवारी समुदायका व्यक्तिहरूले वोल्दा भाट (भात), टिम्रो (तिम्रो), टर (तर), जस्ता उच्चारण गर्दछन् । यस्ता जातिगत वा समुदायगत सँग सम्वन्धित त्रुटिहरू अनुमेय हुन्छ । नियमित त्रुटिहरू सिकारुहरू आफैंले सुधार्न सक्दैनन् । यसलाई निश्चित सवलीकरणको आवश्यकता पर्दछ ।

५.२ अनियमित त्रुटि

अनियमित त्रुटिको निश्चित क्षेत्र हुँदैन । भाषिक प्रयोक्ताको असचेतता र अपरिपक्वताले गर्दा नै यस्ता त्रुटि हुने गर्दछ । अनियमित त्रुटि प्राय: वैयक्तिक प्रकृतिको हुन्छ । यसलाई पनि दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

५.२.१ प्रारम्भिक त्रुटि

प्रारम्भिक त्रुटि भाषा सिक्दै गरेको वेलामा अपूर्ण ज्ञान तथा अपरिपक्व सिकाइले हुन्छ । यस्ता त्रुटिहरू व्यक्ति सापेक्ष हुने र सुरुमा यस्ता त्रुटिहरु सिकारुहरूमा देखिए तापनि पछि क्रमश: हट्दै जान्छ । प्रारम्भिक त्रुटिको क्षेत्र निश्चित हुँदैन, कहिले कुनै पक्षमा र कहिले कुनै पक्षमा त्रुटिहरू भइरहन्छ । यी त्रुटिहरूमा न नियमितता हुन्छ न अनुमेयता नै हुन्छ ।

५.२.२ असावधानीगत त्रुटि

यस प्रकारको त्रुटिलाई भाषिक प्रयोक्ताको रड्काइ वा चिप्लाइका रुपमा लिन सकिन्छ । (अधिकारी: २०६२; १४७) भाषिक प्रयोक्ताले सावधान भई भाषाको प्रयोग गरेमा यस किसिमका त्रुटिहरूको पुनरावृत्ति हुँदैन । असावधानीगत त्रुटि सवै ठाउँमा एकै प्रकारको नभएर विभिन्न ठाउँमा विभिन्न किसिमका हुन्छन् । यसको निश्चित प्रकृति हुँदैन । भाषिक प्रयोक्ताको प्रयोगमा यस्ता त्रुटिहरू कतै धेरै कतै थोरै र कतै चाहिँ त्रुटिहीन अवस्था पनि भेट्न सकिन्छ । अर्थात्, सिकारुले एउटै त्रुटिलाई पुनरावृत्ति नगरी कतै कुनै र कतै कुनै त्रुटि गरेको फेला पार्न सकिन्छ ।

६. गम्भीरताका आधारमा वर्गीकृत त्रुटिहरु

गम्भीरताका आधारमा त्रुटिलाई दुई भागमा वाँडिएको छ :

६.१ गम्भीर त्रुटि

भाषामा अर्थको सम्प्रेषणमा वाधा पुऱ्याउने त्रुटिलाई गम्भीर त्रुटि भनिन्छ । यसलाई अर्थ वाधक वा अर्थ घातक त्रुटि पनि भनिन्छ । जस्तै: दिन-दीन, तिर-तीर, हगि-हगी, जस्ता शब्दहरूको प्रयोग गर्दा एउटा शब्दको प्रयोगमा अर्को शब्द प्रयोग भएमा अर्थ वाधक हुन्छ ।

६.१.२ अगम्भीर त्रुटि

अर्थको सम्प्रेषणमा वाधा नपर्ने त्रुटिलाई अगम्भीर वा अर्थ अघातक त्रुटि भनिन्छ । नेपाली भाषामा वर्णविन्यास सम्वन्धी धेरै जसो त्रुटिहरू सम्प्रेषण वाधक नहुने हुँदा कम गम्भीर देखा पर्छ । तर यस्ता त्रुटिहरू अर्थमा वाधा नपर्ने भए पनि लेख्य भाषाको नियम भङ्ग गर्ने हुँदा क्षम्य चाँहि हुँदैनन् ।

(अधिकारी: २०६२: १४८)

७. स्रोतका आधारमा वर्गीकृत त्रुटिहरु

भाषा शिक्षार्थीले भाषाको कुन स्रोतवाट त्रुटि गरेको हो ? सो अनुसार गरिएको त्रुटिको वर्गीकरणलाई स्रोतका आधारमा गरिएको वर्गीकरण मानिन्छ । यस आधारमा त्रुटिलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७.१ भाषान्तरिक त्रुटि

पहिले सिकिसकेको भाषाको भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटिलाई भाषान्तरिक त्रुटि मानिन्छ । यो त्रुटि मातृभाषाको सिकाइसँग सम्बन्धित हुन्छ । नेपाली मातृभाषीले भाषा सिकाइको प्रारम्भमा गर्ने ऊ घर जायो, म सफल हुएँ, जस्ता त्रुटिहरू भाषान्तरिक प्रकृतिका त्रुटि हुन् । (पौडेल: २०६१: २२५)

७.२ अन्तरभाषिक त्रुटि

भाषा शिक्षार्थीले आफूले प्रारम्भमा सिकेको भाषाइतर वा दोश्रो भाषा सिकाइका क्रममा हुने त्रुटिलाई अन्तरभाषिक त्रुटि भनिन्छ । यस्तो त्रुटि लक्ष्यभाषा (दोश्रो वा विदेशी भाषा) को व्यवस्थासँग सम्बन्धित हुन्छ । यो विशेषत: मातृभाषाको प्रभावका कारणले लक्ष्य भाषाको भाषिक व्यवस्थालाई पनि मातृभाषाकै किसिमले सिकारुले बुझ्न खोज्छ र त्रुटि हुने गर्छ । जस्तै: *आइ राइस इट । आइ होम गो ।* जस्ता वाक्य गठन सम्वन्धी त्रुटिहरू नेपाली मातृभाषीहरुले अङ्ग्रेजी भाषा सिक्ने क्रममा गर्दछन् ।

८. व्यापकताका आधारमा वर्गीकृत त्रुटिहरू

वाक्यको खास अंशसँग वा समग्र वाक्य अर्थात् एकभन्दा बढी वाक्यसँग सम्बन्धित खालका त्रुटिलाई व्यापकताका आधारमा वर्गीकृत त्रुटि मानिन्छ । यस आधारमा त्रुटिको वर्गीकरण गर्दा त्रुटिलाई दुई वर्गमा विभाजन गरिन्छ: (अधिकारी: २०६२ : १४८)

८.१ पदगत वा आंशिक

वाक्यको कुनै एक पदमा सीमित त्रुटिलाई पदगत वा आंशिक त्रुटि भनिन्छ । वाक्यमा यो खास अंशसँग मात्र सम्बन्धित हुन्छ तर अर्थबाधक चाहिँ हुँदैन । जस्तै: हामीले भात खाएँ, उनी पढ्न गई, गाईहरू करायो, आदि खालका त्रुटिहरू पदगत त्रुटिहरू हुन् ।

८.२ पदावलीगत (समग्र) त्रुटि

वाक्यभित्र एउटा खास पदावलीसँग सम्वन्धित त्रुटिलाई पदावलीगत वा समग्रगत त्रुटि भनिन्छ । जस्तै: मेरो जेठो दाइ घर आउनु भयो । मेरो बहिनी आई । मेरो साथीहरु घर जाँदै छन् । यी वाक्यहरूमा पहिलो वाक्यमा एक भन्दा बढी पदमा त्रुटि देखिन्छ भने दोश्रो र तेश्रो वाक्यमा चाँहि पदावलीसँग सम्बन्धित त्रुटि देखिन्छ ।

९. स्वरुपका आधारमा वर्गीकृत त्रुटिहरू

त्रुटिहरुलाई वाह्य रुपाकारका आधारमा पनि वर्गीकृत गर्न सकिन्छ । यस आधारमा त्रुटिलाई वर्गीकरण गर्दा त्रुटिलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

९.१ लोपगत त्रुटि

भाषा सिकारुहरूको मौखिक वा लिखित अभिव्यक्तिमा देखिने त्रुटिमा कुनै कुरा लोप हुन्छ भने त्यस्तो त्रुटिलाई लोपगत त्रुटि भनिन्छ । जस्तै: मासचिव (महासचिव), माराजा (महाराजा), मामन्त्री (महामन्त्री), भाछ (भएको छ), ससचिव (सहसचिव), आदि लोपगत त्रुटिका उदाहरण हुन् ।

९.२ थपोटगत त्रुटि

वास्तविक संरचनामा आवश्यक नभएको केही कुरा थपिएर आउँछ भने त्यस्तो खालको त्रुटिलाई थपोटगत त्रुटि भनिन्छ । जस्तै: भनी पठाउनु (भन्नु), परभा (प्रभा), इस्थानीय (स्थानीय), परधान (प्रधान), आदि थपोटगत त्रुटिका उदाहरण हुन् ।

१०. भाषा कोटिका आधारमा वर्गीकृत त्रुटिहरू

त्रुटिहरुलाई भाषाका कोटि वा तहका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । यस्ता त्रुटिहरुलाई उच्चारणगत, वर्णविन्यासगत, रूपगत, वाक्यगत एवम् अर्थगत जस्ता प्रकृतिमा देखाउन सकिन्छ । (अधिकारी: २०६२: १४७) उपर्युक्त तहमा देखिने त्रुटिहरूको वर्णन यस अघि नै भइसकेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. अनौचित्यगत त्रुटि

व्याकरणात्मक दृष्टिले उचित प्रयोग भए पनि सन्दर्भ एवम् शैली उपयुक्त नभएका त्रुटिलाई अनौचित्यगत त्रुटि मानिन्छ । भाषिक शैली वा प्रस्तुतीकरण उपयुक्त नहुनु, अनुच्छेद गठन, किनारा छाड्ने र विचार सङ्गठन नमिल्नु जस्ता त्रुटिहरु अनौचित्यगत त्रुटि अन्तर्गत पर्दछन् ।

१२. त्रुटि विश्लेषण प्रक्रिया

भाषा शिक्षणमा प्रभावकारिता ल्याउन त्रुटि विश्लेषण महत्त्वपूर्ण युक्ति मानिन्छ । त्रुटि विश्लेषणबाट भाषा सिकाइमा बाधा पुग्दैन बरु त्रुटिहरूको निराकरणबाट भाषिक दक्षता हासिल गर्न सघाउ पुग्दछ ।

(सापकोटा : २०५७; १७८)

त्रुटि विश्लेषणका पनि खास खास तरिकाहरु छन् । डा. हेमाङ्गराज अधिकारीका अनुसार त्रुटि विश्लेषणका दुई तरिका मानिन्छन् :

१२.१ पूर्व निर्धारित कोटि पद्धति

भाषा सिकाइका सन्दर्भमा शिक्षार्थीहरूबाट हुनसक्ने खालका त्रुटिहरूको पूर्वानुमान गरिन्छ । भाषिक त्रुटिहरू भाषागत हुन् वा व्याकरणगत के हुन् ? छुट्याइन्छ र फरक फरक ढङ्गले अध्ययन गरिन्छ । यसमा शिक्षार्थीहरूका कथ्य एवम् लेख्य अभिव्यक्तिमा हुनसक्ने खालका त्रुटिहरूको आँकलन गरी ती त्रुटिहरूको व्याख्या विश्लेषण गरिन्छ । पूर्वानुमान गरिएको त्रुटि मिल्न पनि सक्छ र नमिल्न पनि सक्छ । भाषिक एकाङ्गत प्रकृतिको त्रुटिहरू छन् भने उच्चारण, हिज्जे, रुपगत, शब्दरचनागत र वाक्य आदिमा त्रुटिको वर्गीकरण गरिन्छ । यदि व्याकरणगत प्रकृतिको त्रुटिहरू भए लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष कारक वाच्य आदि खास खास कोटिसँग जोडेर हेरिन्छ । (पौडेल : २०६१; २२७)

१२.२ पश्च निर्धारित कोटि पद्धति

यस पद्धतिमा शिक्षार्थीहरूको लिखित एवम् मौखिक अभिव्यक्तिहरू सङ्कलन गरी तिनको अध्ययन गरेर मात्र त्रुटिहरूको प्रकृति पहिचान गर्ने तथा छानबिन गर्ने गरिन्छ र त्यसका आधारमा वर्गीकरण समेत गर्न सकिन्छ । यसमा खास खास त्रुटिहरूको प्रकृति हेरेर मात्र तिनलाई कोटि एवम् उपकोटिमा छुट्याउने काम गरिन्छ । यो पद्धति शिक्षार्थीहरूको खास खास अभिव्यक्तिका क्रममा हुने त्रुटिहरू पहिचान गरी तिनको व्याख्या विश्लेषणका लागि उपयोगी मानिन्छ । भाषा शिक्षणीय दृष्टिले यस्तो प्रकारको त्रुटि विश्लेषण बढी उपयोगी मानिन्छ ।

उपर्युक्त जुनसुकै पद्धति अपनाए पनि त्रुटिहरूको अध्ययन विश्लेषणको समग्र प्रक्रियामा निम्नलिखित चार चरणहरू संलग्न हुन्छन् । (अधिकारी : २०६२; १४९)

१२.२.१ पहिचान

भाषिक त्रुटिको अध्ययन गर्ने अध्येताले सर्वप्रथम त्रुटिको प्रकृति र स्रोतको पहिचान गर्नु पर्दछ । त्रुटि कहाँ र कसरी हुन्छ भन्ने कुरा राम्ररी ठम्याउनु नै त्रुटिहरूको पहिचान गर्नु हो । पहिचान भाषिक त्रुटिको अध्ययन गर्ने सन्दर्भमा पहिलो र महत्त्वपूर्ण चरण हो । शिक्षार्थीहरूले प्रयोग गरेका लिखित तथा मौखिक अभिव्यक्तिहरूको अध्ययन गरेर त्रुटियुक्त प्रयोगरु के कति छन् ? सो ठम्याउनु पर्छ । यस क्रममा उक्त प्रयोग त्रुटि हो वा होइन भनी ठम्याउनका लागि अन्य शिक्षार्थीहरूका अभिव्यक्तिबाट त्रुटिको आवृत्ति हुन्छ कि हुँदैन । सो को ख्याल गर्नु पर्दछ । शिक्षार्थीहरूले गरेका भाषिक प्रयोगहरू कतै त्रुटिका रुपमा र कतै त्रुटिविहीन रुपमा देखिन सक्छ । त्रुटियुक्त प्रयोगभन्दा त्रुटिविहीन प्रयोगको सङ्ख्या बढी भएमा त्यसलाई त्रुटि नमानी सामान्य मूल मात्र मान्नु पर्दछ । तर त्रुटियुक्त प्रयोग बढी र त्रुटिविहीन प्रयोग कम भएमा त्यसलाई त्रुटि मान्नु पर्दछ । फेरि कतिपय प्रयोगहरू त्रुटि र त्रुटिविहीन दुवै बराबरी रुपमा देखिएमा भाषा शिक्षार्थी अन्योलको स्थितिमा छ भन्ने बुझिन्छ । (अधिकारी: २०६२ : १४९-१५०) यसरी शिक्षार्थीहरूको भाषामा देखिने त्रुटिहरू असावधानीगत हुन् वा नियमित के हुन् ? सो को पहिचान गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२.२.२ वर्गीकरण

त्रुटिका रुपमा पहिचान भएका सबै त्रुटिहरूलाई विभिन्न आधारवाट सूचीवद्ध एवम् वर्गीकरण गर्नु पर्दछ। यसका लागि विकासशीलता, भाषाकोटि, स्रोत, गम्भीरता, व्यापकता, स्वरुप, आदि जस्ता विविध आधार लिनु पर्दछ। सोही अनुसार नियमित-अनियमित, भाषान्तरिक-अन्तरभाषिक, गम्भीर-अगम्भीर समग्रात्मक एवम् अंशगत आदि कस्तो प्रकारको त्रुटि हो ? वर्गीकरण गर्नुपर्ने हुन्छ। (सापकोटा: २०५७; १७९)

११.२.३ विश्लेषण

त्रुटिको विश्लेषण गर्ने यस चरणमा त्रुटि हुनाको कारण पत्ता लगाउने काम हुन्छ। यसमा पहिचान पछि वर्गीकृत त्रुटिहरूको वर्णन, व्याख्या र विश्लेषण गरिन्छ। त्रुटि किन नियमित हुन्छन् ? त्यस्ता त्रुटि शिक्षार्थीहरूका कथ्य एवम् लेख्य अभिव्यक्तिमा देखिने कारण के हुन् ? आदि कुराको खोजपूर्ण वर्णन र व्याख्या विश्लेषण गरिन्छ। यस सन्दर्भमा कतिपय त्रुटि हुनाका कारणहरूमा स्रोत भाषा (मातृभाषा) पाठ्यसामग्रीको अनुपयुक्तता, शिक्षण तथा अभ्यासको कमी र बानी निर्माण आदि कुराको अनुमान गर्न सकिन्छ। (अधिकारी: २०६२; १५०)

११.२.४ निराकरण

त्रुटिहरूको पहिचान, वर्गीकरण र विश्लेषण गरिसकेपछि त्रुटिहरूको निराकरण गर्ने उपाय खोजिन्छ। मूलत: निराकरण त्रुटि विश्लेषणको मुख्य अङ्ग होइन तर त्रुटि विश्लेषणको खास लक्ष्य चाँहि भाषा शिक्षार्थीहरूमा विद्यमान त्रुटिहरूको निराकरण गर्नु हो। त्रुटिहरूको निराकरणले शिक्षार्थीहरूको भाषिक दक्षताको अभिवृद्धि गर्न तथा भाषिक परिष्कारका निम्ति टेवा पुऱ्याउँछ।

१३. निष्कर्ष

त्रुटि विश्लेषणले भाषा शिक्षणमा अवरोध सिर्जना गर्दैन वरु प्रशस्त मात्रामा सुविधा पुऱ्याउँछ। भाषा सिकाइमा त्रुटि हुनु भाषा शिक्षार्थीहरूको वौद्धिक कमजोरी मान्ने व्यवहारवादीहरूको विकल्पमा मनोवादी दृष्टिकोणले घर जमाएपछि भाषा सिकाइ र शिक्षणमा त्रुटिको महत्त्व बढ्न गएको हो। कुनै पनि कार्य सम्पादन गर्दा त्रुटि भए जस्तै भाषा सिकाइमा पनि भाषा सिकारुहरूमा विभिन्न पक्षमा त्रुटि हुन्छ। सिकाइका क्रममा त्रुटि हुनुलाई स्वाभाविक प्रक्रिया मानेर सिकारुहरूलाई दण्ड गर्नुको वदला त्रुटि निराकरणका लागि प्रशस्त पृष्ठपोषण दिनु पर्दछ। भाषा सिकाइ स्वयम्मा जटिल प्रक्रिया भएकाले सिकारुहरूले त्रुटि नगरी भाषा सिक्न सक्दैनन्। कतिपय भाषा शिक्षकहरूले विद्यार्थीहरूमा निहित त्रुटिहरूको पहिचान र विश्लेषण नगरी एकैचोटि त्रुटिका निम्ति सिकारुहरूलाई सजाय दिएको पाइन्छ। यो सरासर शिक्षकमा निहित कमजोरी ठानिन्छ। सिकाइका क्रममा हरेक व्यक्तिले केही न केही वा प्रशस्त मात्रामा त्रुटि गरेर नै सिकेको हुन्छ। जवसम्म त्रुटिलाई स्वाभाविक प्रक्रियाका रुपमा आत्मसात् गर्न सकिँदैन तवसम्म भाषा सिकाइ प्रभावकारी हुँदैन।

सिकारुहरूका भाषा सिकाइका क्रममा निहित त्रुटिहरू कुन कुन आधारसँग सम्बन्धित छन् ? त्रुटि कस्तो प्रकारको हो ? के कारणले त्रुटि भएको हो ? इत्यादि कुराहरूको सूक्ष्म अध्ययन गर्नु पर्दछ। जसरी एकजना सफल चिकित्सकले रोगको निदान नगरी बिरामीलाई जथाभावी औषधि दिँदैनन्। त्यसै गरी एक सफल भाषा शिक्षकले पनि विद्यार्थीहरूमा देखिएका त्रुटिहरूको पहिचान, वर्गीकरण र विश्लेषण नगरी त्रुटि निराकरणका लागि ठोस विधिको अवलम्वन गर्न सक्दैनन्। तसर्थ, त्रुटि विश्लेषण वर्तमान सन्दर्भमा भाषा सिकाइमा निकै उपयोगी मानिन्छ।

सन्दर्भ ग्रन्थसूची

१. अधिकारी, हेमाङ्गराज, २०६२: सामाजिक तथा प्रायोगिक भाषाविज्ञान, तेश्रो संस्करण, रत्न पुस्तक भण्डार, काठमाडौं।

२. अधिकारी, हेमाङ्गराज, २०५७: भाषा शिक्षण: केही परिप्रेक्ष्य तथा पद्धति, तेश्रो संस्करण, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं।

३. ढुङ्गेल भोजराज र दाहाल, दुर्गाप्रसाद: २०५९: प्रायोगिक भाषाविज्ञान, प्रथम संस्करण, एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिव्यूटर्स, भोटाहिटी, काठमाडौं।

४. भट्टराई, रामप्रसाद र दहाल टेकनाथ, २०६४: सामान्य तथा प्रायोगिक भाषाविज्ञान, पुस्तक घर, अद्वैतमार्ग, काठमाडौं।

५. ढकाल, शान्तिप्रसाद, २०६४: प्रायोगिक भाषाविज्ञान शुभ कामना बुक्स एन्ड स्टेसनरी, ताहाचल, काठमाडौं।

६. सापकोटा नीलप्रसाद, २०५७: नेपाली भाषा शिक्षण देउराली प्रेस पुतली सडक, काठमाडौं।

७. पौडेल नेत्रप्रसाद: २०६१: सामान्य तथा प्रायोगिक भाषाविज्ञान, पैरवी प्रकाशन रामशाहपथ, काठमाडौं।

८. पोख्रेल, केशवराज, २०५९: सामान्य तथा प्रायोगिक भाषाविज्ञान, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाम्पत्य जीवन र विवाह मेलापक

टीकाराम घिमिरे
उपप्राध्यापक

प्राचीन युगमा मान्छे जंगल ओडार आदिमा पशुजस्तो जीवनयापन गर्दथे र उनीहरूमा वावुआमा, दिदी-वहिनी, दाजु-भाई, इष्टमित्रको कुनै सम्वन्ध थिएन सभ्यता र समाज विकास क्रममा चेतनाको विकास हुँदै जाँदा विभिन्न रूपमा विभिन्न समयमा महापुरुषहरूले उनीहरूलाई पारिवारिक सम्वन्ध आपसी वैमनस्यतावाट छुटकारा दिएर दाम्पत्य जीवनको शुरुआत गराउन प्रयास गरे । सवैभन्दा पहिले श्वेत केतुले विवाह र परिवारको परिकल्पना गरेका थिए । भनिन्छ वैदिक युगमा स्त्रीहरू स्वतन्त्र थिए जस्तो वर्तमानमा पश्चिमी मुलुकमा स्वच्छन्द छन् । शनैः शनैः परिवार पद्धतिको शुरुआत भयो एकअर्काप्रति आदर, श्रद्धा, सहयोग, प्रेम, स्नेह आदिको विकास भयो र समुदाय परिवारको संरचना भयो जसमा वावुआमा, छोरो-छोरी, नाति-नातिना, मामा-माइजु आदि सम्वन्धले सम्वोधन गर्न थालियो ।

अर्ध नारीश्वरको कल्पना अति नै प्राचीन हो । देवाधिदेव महादेव भगवान्ले आफूलाई अर्ध नारीश्वरका रूपमा प्रतिस्थापन गर्नु भएको छ । त्यसैले स्त्रीलाई अर्धांगिनी अथवा एक रथका दुई पाङग्राका रूपमा लिइन्छ । मान्यता छ कि विवाह पहिले पुरुष आधि हुन्छ विवाह पछि मात्र पूर्णपुरुष भनिन्छ ।

प्राचीन युगमा बटुक गुरु आश्रममा गएर गुरुको सेवा सुसार गरेर विद्या अध्ययन गर्ने चलन केही समय पूर्वसम्म थियो अझ पनि यदाकदा कहीं कहीं सो व्यवस्था छ । अध्ययन गरेर पारंगत भएपछि ब्रह्मचर्य आश्रमवाट गृहस्थ आश्रममा प्रवेश गर्दथे । मनुका अनुसार विवाह आठ प्रकारका छन् -

ब्राह्मो दैव तथाचार्षः प्रजापत्यस् तथासुरः ।[1]
गन्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोधमः ॥

यज्ञावल्क्यले यसका लक्षण वताएका छन्:-

कन्याका पिताले वर खोजेर आ-आफ्नो गच्छेअनुसार अलंकृत गरेर कन्यादान गर्नुलाई ब्रह्मविवाह भनिन्छ । यज्ञशालाको पुरोहितलाई कन्यादान गर्नु दैव विवाह भनिन्छ । एवं आर्ष, राजाको ऋण मोचनार्थ विवाह प्रजापत्य, विक्रय विवाह आसुर, स्त्री-पुरुष दुईको प्रेम र पारस्परिक सहमतिमा गन्धर्व, युद्धद्वारा अपहरण राक्षस र कन्यालाई छल गगेर गरिने विवाह पैसाच विवाह भनिन्छ । यी माथि भनिएका विवाहमा आसुर, राक्षस र पैशाच विवाह निम्न स्तरका विवाह हुन् ।

ब्राह्मण एकक्षण पनि विना आश्रमको बस्न हुँदैन भन्ने छ । ब्रमचर्य आश्रम समाप्त भैसके पछि तुरुन्तै गृहस्थ आश्रममा प्रवेश गर्नुपर्छ । विवाह र गृहस्थ जीवनको महत्वपूर्ण पक्ष धर्म, अर्थ, काम मानिएको छ:–

अनाश्रमी न निष्ठेत क्षणमेकमपि द्विजः ।[2]
आश्रादाश्रं गच्छेदेष धर्मः सनातनः ॥

किनकि अग्निहोत्रादि नित्यकर्मः गर्नको लागि विना पत्नीको योग्य हुँदैन भन्ने छ । प्राचीन युगमा पनि पत्नी नभएका अवस्थामा कुशको प्रतिमा स्वरूप पत्नी बनाएर विशेष कर्महरू गराइन्थ्यो । पुत्र वंश परम्परा चलाउन र पिण्ड दान काज क्रियाका लीगि पनि अनिवार्य मानिन्छ । त्यसैले भनिएको छः-

"अपुत्रस्य गतिर्नास्ति नास्ति स्वर्ग नहीं वच"

अतः पुत्र विना परलोकको गति पनि हुँदैन भन्ने छ । त्यसैले दम्पत्ति विना पुत्रको जन्म हुन सक्दैन । असल स्वभाव भएकी पत्नी शुभ समयमा विवाह गर्नाले धर्म-अर्थ-काम सहित मोक्ष समेत दिने भएकाले र पतिलाई समेत सहयोग गरेर तीनै ऋण देवऋण, पितृऋण र ऋषि ऋणवाट मुक्ति दिने हुन्छ ।

वास्तवमा विवाहमा प्रतिज्ञा र विश्वास नै महत्त्वपूर्ण हुन्छ । यस्तो प्रतिज्ञा पहिला वरवाट गराइन्छ फेरि कन्यावाट विवाहमण्डपमा ७ पटक अग्निलाई साक्षी राखेर परिक्रमा गराइन्छ । चार परिक्रमा कन्यालाई अगाडि लगाएर बाँकी तीन परिक्रमा वरलाई अघि लगाएर गराइन्छ । त्यसैले वरभन्दा वधुको स्थान महत्त्वपूर्ण हुन्छ । त्यसकारण पनि नामको सम्वोधनको उच्चारणमा स्त्रीको नाम पहिले उच्चारण हुन्छ जस्तैः गौरीशंकर, सीताराम आदि । यसैगरी कन्यालाई अगाडि लगाएर सातपाइला हिडाइन्छ जसलाई सप्तपदी भनिन्छ । पहिलो पाइला अन्नको लागि, दोस्रो पाद बलको लागि, तेस्रो पाद धनको लागि, चतुर्थ पाद सुखको लागि, पंचम पाद परिवारको लागि, षष्ठ पाद सहवासको लागि र सप्तम पाद मित्रताको लागि उठाइन्छ । वैदिक युगमा नारी पूजा गरिन्थ्यो भनिन्छः-

---

[1] राम दैवज्ञ मूहूर्त चिन्तामणि गैंविन्द दैवज्ञ पियुष धारा टीका चौखम्वा सुरभारती प्रकाशन पृष्ठ ३०४ ।
[2] राम दैवज्ञ मूहूर्त चिन्तामणि गैंविन्द दैवज्ञ पियुष धारा टीका चौखम्वा सुरभारती प्रकाशन पृष्ठ ३०४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः "।[३]

यति धेरै प्रतिज्ञा धार्मिक संस्कारहरू गरेर पनि विवाह पछि केही परिवारमा पति-पत्नीका बीचमा सामञ्जस्य र मेलमिलाप हुँदैन। एकअर्काको दुःख सुखको सामञ्जस्य हुन सक्दैन। एउटै घरमा अलग-अलग बस्ने र भिन्दाभिन्दै भान्सा गर्ने, एकअर्का प्रति पूर्णत वैमनस्यको स्थिति उत्पन्न भएर अन्ततोगत्वा सम्वन्ध विच्छेदसम्म हुने गरेका छन् भने अतिशय रिसको आवेशमा आएर पुरुषले स्त्रीलाई त कहीं कतै स्त्रीले पुरुषलाई मारेका सम्म घटनाहरू देख्न र सुन्न पाइन्छ।

यस्तो वैमनस्यपूर्ण विषम अवस्थालाई कसरी मधुरतामा वदल्न सकिन्छ। यस्तो अवस्था सिर्जना हुनको कारण के हो ? यस्तो अवस्था नहुन दिन र आदर्श परिवारको कल्पनालाई वास्तविकतामा परिणत गर्न कसरी सकिन्छ ? त्यसलाई ज्योतिषीय विचार गरौं।

मध्ययुगमा मुस्लिम शासनकालमा कन्याको विवाह मासिक धर्म हुनु पहिले गर्ने चलन भारत वर्षमा थियो। त्यसैबाट प्रभावित नभै नेपाल पनि रहन सक्दैनथ्यो। त्यसलाई बाल विवाह भनिन्थ्यो। त्यस समय ६-७ वर्षदेखि ११-१२ वर्ष भित्रकै उमेरमा विवाह गर्ने चलन थियो। १५-१६ वर्ष पछि विवाह गर्दा विलम्व विवाह या केटीलाई बुढी कन्या भन्ने चलन थियो। कन्याका पिता चिन्तित हुन्थे। भारत स्वतन्त्र भैसकेपछि हिन्दु कोड विल पारित गराएर बाल विवाह बन्द गराइयो। त्यसको प्रभाव सुस्त-सुस्त नेपालमा पनि पर्दै गयो र अब नेपालमा पनि १८-२० वर्ष भन्दा कम उमेरमा विवाह गर्नु कानुनवाट दण्डनीय र सभ्य समाजमा असभ्यताको प्रतीक मानिन्छ।

कन्याका माता-पिताको प्रश्न नै ज्योतिषसँग यही हुन्छकि यस कन्याको विवाह कति वर्षको उमेरमा हुन्छ। वर कस्तो हुन्छ, उसका बाबुआमा कस्ता हुन्छन्, कुन दिशामा विवाह हुन्छ ? आदि यस्ता प्रश्नहरू पनि ज्योतिषको माध्यमवाट थाहा पाउन सकिन्छ। यस्तै प्रश्न वर पक्षवाट पनि गरिन्छ। मन्त्रेश्वरद्वारा लिखित फल दीपिकाका अनुसार-

कामस्थकामाधिपभार्गवानामृक्षं दिशं शंसति तस्य पत्न्या।[४]
शुक्रोस्तपोवा तनुनाथमांशक त्रिकोणमायाति तदा विवाहः॥
कलत्र संस्थस्य कलत्रदृष्टे दशागमेवाथ कलत्रयस्य।
यदा विलग्नाधिपति प्रयाति कलत्र भं तत्रकलत्र लाभः॥
कलत्रनाथस्थित भांशकेशयोः सित क्षपानायकयोर्बलीयसः।
दशागमे द्युनपयुक्तभांशक त्रिकोणगो देवगुरौ करग्रहः॥

सप्तम भावमा कुन राशि छ। सप्तमेश कुन राशिमा छ। शुक्र कुन राशिमा छ। यी तीन राशिमध्ये वलावलको आधारमा त्यसै दिशामा विवाह हुन्छ। लग्नेश जुन राशि या नवांशमा छ त्यस देखि त्रिकोण राशिमा गोचर वश कारक ग्रह वा सप्तमेश आउँछ तव विवाह हुन्छ। जुन ग्रह लग्न देखि सप्तममा छ। जुन ग्रहले सप्तम भावलाई देखदछ। यी तीनवटैको दशा-अन्तर्दशा र लग्नेश गोचरमा सप्तम स्थानमा आउँछ तव विवाहको योग वन्दछ। जुन राशिमा सप्तमेश छ त्यस राशिको स्वामी तथा जुन नवांशमा सप्तमेश छ त्यस राशिको स्वामी यी दुवै र शुक्र चन्द्रमा कुन वलवान छ। यी वलवान ग्रहको दशा-अन्तर्दशा र सप्तमेश जुन राशि र नवांशमा छ त्यस देखि त्रिकोण राशिमा गोचरवश बृहस्पति आउँदा विवाहको योग हुन्छ।

विवाह मेलापक

वर-वधुका बाबु-आमा आफ्ना छोरा-छोरीको दाम्पत्य जीवन असफल नहोस्, उनीहरूको सुमधुर सम्वन्ध रहोस् र वंशपरम्परा पनि सुचारु रहोस् भन्ने हार्दिक अभिलासाले वेमेल होला कि वंश परम्परा नचल्ला कि भन्ने अभिप्रायले साह्रै चिन्तित भएर होसियार पूर्वक काम गर्दछन्। छोरा-छोरीको विवाह गरिदिए पछि आफ्नो ठूलो जिम्मेवारीवाट मुक्ति भएको ठान्दछन्। तर आज को सह शिक्षाका कारण धेरै वर-वधुहरुले प्रेमविवाह आफ्ना माता-पिताको इच्छाको विरुद्ध पनि गरेका छन् भने राज्यले समेत अन्तर्जातीय विवाह अथवा सामाजिक रुपमा निम्न जाति भनिने संग विवाह गर्दा आर्थिक प्रलोभन समेत देखाइएको छ। जेसुकै भएता पनि सफल र असफलताको प्रतीकका रुपमा मेलापकको महत्त्वपूर्ण स्थान हुन्छ।

कुनै कन्या र कुमारको चिना हेरेर यी दुवैको विवाह शुभ हुन्छ कि हुँदैन भनेर जन्मकुण्डली मिलाउनु भनिन्छ। हुन त केटा-केटीको भिन्दा भिन्दै कुण्डली हेरेर पनि भन्न सकिन्छ। भाव भावेश र भावकारकको आधारमा पति सुख कस्तो छ भनेर लग्न र चन्द्रमा सम राशि शुभ ग्रह युक्त भए असल पति-पुत्र प्राप्ति हुन्छ, स्वभावमा शुशील आभुषण र सम्पत्ति आदिले युत्त हुन्छे यसको विपरीत अवस्थामा यानिकि लग्न चन्द्र दुवै विषम राशि विषम नवमांश अशुभ ग्रहले युत्त भए कुटिल स्वभाव पति संगमपनि न मिल्ने उग्रप्रकृतिको व्यवहार गर्ने पुरुष स्वाभावकी वसमा नआउने दरिद्र हुन्छे। सप्तम भावमा शुभग्रह युत्त दृष्ट शुभ राशि नवमांश भए त्यस कन्यालाई सौन्दर्य, यश, विद्या र धन प्राप्त हुन्छ। यदि यसको विपरित अर्थात सप्तम भाव पापग्रहको बीच अशुभ राशि नवमांशमा भए कुत्सित शरीर, रोगी, मूर्ख कुरुप दरिद्र र गरिव पनि हुन्छे। वियोग- सम्वन्ध विच्छेद आदि अवस्थाको सृजना हुन सक्छ। अष्टम भावमा पाप ग्रह

[३] राशियां बोलती हैं - प्रणेता एवं सम्पादक- सेतुवन्त्र रामेश्वर मिश्र प्रकाशक, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसी वैक्रमान्द २०५५

[४] दैवज्ञ - मन्त्रेश्वर फलदीपिका व्याख्या गोपेश कुमार ओझा प्रकाशक मोतीलाल वनारसी दास - वाराणसी २००१ इ पृष्ठ २१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए पनि अल्पायु हुन्छ। सप्तममा शुभ र पाप दुवै भए पुनर्विवाह हुन्छ। चतुर्थमा पापग्रह भए चरित्रहीन हुन्छे। द्वितीय एक्लो पाप ग्रहले स्त्रीको मृत्यु हुन्छ।

उपरोक्त अनुसार नै पुरूषको पनि पत्नी सुख सन्तान सुख असल भाग्यमानी हुन्छन्। यदि पुरुष स्त्री दुवैका कुण्डलीमा मंगल, शनि, सूर्य, राहू र केतु वरावरी दोषकारक भएमा एक अर्काको दोष काटेर दाम्पत्य जीवन सन्तुलित हुन सक्छ।

नक्षत्र मेलापक

कुण्डलीमा चन्द्रमा जुन नक्षत्रमा छ त्यसै नक्षत्रको प्रमुखता हुन्छ। वर र कन्या दुवैको नक्षत्रको आधारमा गुण निकालिन्छ :

वर्णोवश्य तथा तारा योनिश्च ग्रह मैत्रिकम्।[5]
गणमैत्रं भकुटं च नाडी चैते गुणाधिकाः॥

विद्वान् र स्थान विशेष अनुसार केही मत-मतान्तर छन् राशि स्वामी र राशिमा मित्रमा, नाडी र योनीमा मेलायक हुन सवैमा आवश्यक छ। लग्न मैत्री भए राशि मैत्रीको प्रमुखता कम हुन्छ। मेलापकमा लग्न मैत्री राशिमैत्री जस्तै मानिएको छ। मेलापकका आठ भागमा तिनीहरुको आ- आफ्नै महत्व छ।

१. वर्ण

कर्मको अनुसार मान्छेलाई ४ वर्णमा विभाजन गरिएको छ। भगवान् कृष्णले भन्नु भएको छ क चातुर्वण्य मया सृष्टं गुण कर्मविभागश :।

१. ब्राहमण, २. क्षत्रिय ३. वैश्य ४. शूद्र

यसै गरी ऋर्षि- महर्षिहरूले १२ राशिलाई चार भागमा विभाजन गरेका छन्।

१. कर्कट, वृश्चिक, मीन, - ब्राह्मण शाशि।
२. मेष, सिंह, धनु, - क्षत्रिय राशि ।
३. वृष, कन्या , मकर - वैश्य राशि।
४. मिथुन , तुला, कुम्भ - शूद्र राशि।

वर्ण अनुसार वर-वधु एकै वर्ण वा वर उच्च वर्ण र वधू निम्न वर्णको भएमा एक गुण प्राप्त हुन्छ।

२. वश्य

सिंह राशिलाई छोडेर सबै राशि मनुष्य (मिथुन, कन्या, तुला) राशिका वशमा हुन्छन् जलचर राशि मनुष्य राशिको भक्ष्य हुन्छ। यिनिहरु भन्दा भिन्न राशि स्वभावले जान्नु पर्छ। वश्यमा तीन भेद छन् मित्र, शत्रु र भक्ष। शत्रु र भक्ष्यमा गुण आउँदैन। दुवैमा मित्रता भए २ गुण वश्य र शत्रुमा १ गुण, वश्य र मक्ष्यमा १/२ गुण हुन्छ।

३. तारा

कन्याको जन्म नक्षत्र देखि वरको जन्म नक्षत्र सम्म र वरको जन्म नक्षत्र देखि कन्याको जन्म नक्षत्र सम्म गणना गरेर ९ ले भाग गर्दा शेष ३, ५, ७, ९ रहे अशुभ तारा हुन्छ एकातिर शुभ र अर्कातिर अशुम तारामध्ये १ १/२ र दुवै तिर शुभ भएमा ३ गुण मिल्दछ। यसबाट स्वभाव र चरित्रका सम्वन्धमा जान्न सकिन्छ।

१. जन्मतारा २. सम्पत तारा, ३. विपत् तारा ४. क्षेम तारा, ५. प्रत्यरितारा, ६ साधक तारा ७. वध तारा ८. मित्र तारा ९. अतिमित्र तारा।

४. योनि कूट

योनिको सम्पूर्ण गुण ४ हुन्छ, वरवधुको एकै योनि भए ४ गुण आउछ मित्र योनि भए ३ गुण, उदासिन योनि भए २ गुण, शत्रु योनि भए १ गुण र योनिमा अति शत्रु भए शून्य गुण हुन्छ। योनिहरूको मित्रादि विचार व्यवहारवाट जान्नु पर्दछ।

५. ग्रह मैत्री

एक आपसमा मित्रता शुभ भए र मित्र भए मध्यम् उदासिन निम्न प्रकारको सम्वन्ध शत्रुता भए मृत्युप्रद हुन्छ, शत्रु र मित्रको सम्बन्ध भए पनि- पत्नीमा कलहप्रद हुन्छ, सम शत्रु सम्वन्ध भए वियोग कारक हुन्छ।

६. गणकूट

स्वगणे परमा प्रीतिमध्यमां देवमर्त्ययोः।[6]
मर्त्यराक्षसयोर्मुत्युः कलहो देवराक्षस ः॥

---

[5] मुहतंचिन्तामणिः पीयुषधारा- विन्देश्वरी प्रसाद द्विवेदी द्वितीय संस्करण यौखम्वा सुर भारती प्रकाशन २००० पृष्ठ ३३५

[6] कुण्डली प्रकाश माधवप्रसाद पाण्डेय प्रकाशक, वाएमाधि प्रकाशक, वाकामला· ३ पाल्पा- वि.स. २०५७ पृष्ठ १३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणकुटको ६ गुण हुन्छ, वर- बधु दुवैको एक गण भए परम्प्रीति हुन्छ, देव- मर्त्यको मध्यम सम्वन्ध हुन्छ । मनुष्य र राक्षण गण भए निरन्तर झगाडा हुन्छ । त्यैसैले एकै गण या पुरुष देवगण र स्त्री मनुष्य गणमा पनि उत्तमै हुन्छ ।

७. राशिकुट

भकुटलाई ७ गुण दिएको छ अर्थात भकुट मिलेमा सात गुण प्राप्त हुन्छ । राम दैवज्ञको मुहूर्त चिन्तामणि अनुसार-

मृत्युः षडष्टके ज्ञेयोकपत्य हानिर्नवात्मजे ।[७]

द्विर्द्वादशे निर्धनत्वं द्वयोरन्यत्र सौख्यकृत् ॥

वर-वधुको एक अर्कामा ६-८ भएमा मृत्यु त्यसै गरी ९-५ परस्पर भए सन्तान हानि हुन्छ । परस्परमा २-१२ निर्धनत्व दिन्छ, यी स्थानको अतिरिक्त भए गुण शुभ हुन्छ ।

राशिकुटको पनि केही परिहार-

(१) दुवैको राशी स्वामी एक भएमा ।

(२) परस्पर राशिस्वामीमा मैत्री सम्वन्ध भएमा ।

(३) नक्षत्र एक र राशि भिन्न भएमा ।

भकुटवाट स्त्रीपुरुषको मानसिक स्तरको विवेचता गरिन्छ ।

८. नाडीकूट

(१) अश्विनी, आर्द्रा, पुनर्वसु, उ.फा., हस्त, जेष्ठा, मूल, शतभषा, पू.भा. यति नक्षत्रको आद्यनाडी हुन्छ ।

(२) मरणी, मृगशिरा, पुष्य, पू.फा चित्रा, अनुराधा, पूर्वषाढा, अनिष्ठा, उ.भा., यति नक्षत्रको मध्यनाडी हुन्छ ।

(३) कृतिका रोहिणी, अश्लेषा, मघा, स्वाती, विशाखा, उत्तर षाढा, श्रवण रेवती, यति नक्षत्रको अन्त्यनाडी हुन्छ । एकै नाडीमा वरवधूको गुण शुन्य हुन्छ । विवाह गर्न हुँदैन ।

निम्न अवस्थामा नाडीदोषको केही परिहार हुन्छ-

(१) दुवैको नक्षत्र एक चरण भिन्न भएमा ।

(२) दुवैको राशि एक नक्षत्रभित्र भएमा ।

(३) राशि मैत्री भएमा ।

(४) दुवैको राशि स्वामी गुरु अथवा शुक्र कुनै एक भएमा ।

गुणको सर्म्पुणमान ३६ हुन्छ । सत्कुन भएमा १६ गुण आउँदा पनि शुभ हुन्छ दुष्कुटभए १८ सम्म अधम, २० सम्म मध्यम, २० देखि ३० उत्तम र त्यस भन्दा माथि उत्तमोत्तम हुन्छ

सामान्यतया व्यवहारमा हेर्दा विलम्व विवाह यानि कि २५, ३० वर्ष भन्दा वढी उमेरका वर-वधूमा केही प्रभाव कम भएको देखिन्छ । वोलिचालिको भाषामा पनि भनिन्छ यो सँग मेरो ग्रह मिल्दैन । घरमा काम गर्न रान्ने मान्छे संग पनि यदि ग्रह मिलेको छ भने अनुकुल अवस्थाको सृजना हुन्छ मिलेको छैन भने काम गर्न गराउन पनि प्रतिकूलनै हुन्छ । आफ्नै परिवारका सदस्यमा पनि मेलमिलाप सुमधुर सम्वन्ध हुनु नहुनुमा ग्रहको प्रभाव हुन्छ । सामान्यत ९० प्रतिशत कुण्डली नहेंदा न जुराउँदा पनि मिलेको नै हुन्छ । कतिपयको विवाह न हेरी त्यसै गर्ने चलन छ त्यसैपनि मिलेको नै हुन्छ तर कताकति असफलहरु वाहिरी आवरणमा देखेर प्रेम गर्दछन् र विवाह गरे पछि कलह वैमन्सयता भएर समझदारीमा आउन सक्दैनन् , ग्रहको प्रभावले नै त्यस्तो भएको हो ।

<u>सन्दर्भ ग्रन्थसूची</u>

१. राम दैवज्ञ मूहूर्त चिन्तामणि व्याख्या विन्ध्येश्वरी प्रसाद द्विवेदी, सम्पादक ब्रह्मानन्द त्रिपाठी, वाराणसी चौखम्व सुरभारती प्रकाशन् सन् २००० ई .

२. राम दैवज्ञ - मुहूर्त चिन्तामणि सम्पादक र व्याख्याा डा. रामचन्द्र पाण्डेय प्रकाशक कृष्णदास अकादमी वारणसी वि.स. २०५१

३. दैवज्ञ - मन्त्रेश्वर फलदीपिका व्याख्या गोपेश कुमार ओझा प्रकाशक मोतीलाल वनारसी दास - वाराणसी २००१ ई

४. सुगम ज्योतिष प्रवेशिका - लेखक गोपेशकुमार ओझा, प्रकाशक मोतीलाल वनारसी दास वाराणसी १९९८ ई

५. राशियां वोलती हैं - प्रणेता एवं सम्पादक- सेतुवन्त्र रामेश्वर मिश्र प्रकाशक, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसी वैक्रमान्द २०५५

६. कुण्डली प्रकाश माधवप्रसाद पाण्डेय प्रकाशक, वाएमाथि प्रकाशक, वाकामलाङ्ग ३ पाल्पा- वि.स. २०५७

---

[७] राम दैवज्ञ मूहूर्त चिन्तामणि व्याख्या विन्ध्येश्वरी प्रसाद द्विवेदी, सम्पादक ब्रह्मानन्द त्रिपाठी, वाराणसी चौखम्व सुरभारती प्रकाशन् सन् २००० ई पृष्ठ ३४६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रस र रसनिष्पत्तिका प्रमुख मान्यताहरू

जगन्नाथ रेग्मी

१. अर्थ र पृष्ठभूमि

रस शब्द पूर्वीय वाङ्मयको ज्यादै प्रसिद्ध शब्द हो। संसारकै आदिम ग्रन्थ मानिने ऋग्वेददेखि उत्तरोत्तर विकसित वर्तमानकालको साहित्य सिर्जनासम्म यसको चर्चा, परिचर्चा, व्याख्या, विश्लेषण भएको पाइन्छ। व्याकरण शास्त्रको रस आस्वादनस्नेहनयोः धातुदेखि रस्यते आस्वाद्यते इति रसः यस व्युत्पत्ति अनुसार कर्म अर्थमा 'एरच्'[१] सूत्रले अच् प्रत्यय भएर रस शब्द निष्पन्न हुन्छ। यसको अर्थ परमात्म रूप रस, गन्ध, मधु आदि हो। रस्यते अनेन इति रसः यस व्युत्पत्ति अनुसार करणमा 'पुंसि संज्ञायां घ प्रायेण'[२] सूत्रद्वारा घ प्रत्यय लगाएर रस सिद्ध हुन्छ। यसको अर्थ राग, गुण, द्रव (झोल) वीर्य आदि हुन्छ। रसति रसयति वा रसः यस व्युत्पत्ति अनुसार कर्ता अर्थमा 'नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यच'[३] भन्ने सूत्रद्वारा कर्ता अर्थमा अच् प्रत्यय गरी निष्पन्न हुन्छ। यसको अर्थ आनन्दस्वरूप वा आनन्ददाता हो। रसनं रसः यस्तो व्युत्पत्ति अनुसार निष्पन्न हुने रस शब्दको अर्थ श्रृंगारादि नवरस, ब्रह्मस्वाद वा आनन्द हो।

ऋग्वेदका अनेक प्रसङ्गहरूमा गाईको दूध, अमृत, पृथिवीको सारतत्त्व, वीर्य, सोमरस आदि विविध अर्थमा रस शब्दलाई उद्धृत गरिएको छ।[४] यजुर्वेदमा वसन्त, ग्रीष्म, वर्षा, शरद् आदि षड्ऋतुलाई जनाउन रस शब्दको उल्लेख छ। अथर्ववेदका अनेक प्रकरणमा यो शब्द रक्त, घ्यू, मधु अर्थका निम्ति प्रयुक्त छ।[५] तैत्तिरीयोपनिषद्मा बह्मको वाचक रस शब्द हो भनिएको छ।[६] अमरकोशमा मधुर, अम्ल, लवण, कटु, तिक्त र कषाय गरी रसनेन्द्रिय ग्राह्य छ रस बुझाउन यसको प्रयोग भएको छ।[७] संस्कृतहिन्दी शब्दकोशमा पारद, परमात्मा, शृङ्गारादि नवरस, मदिरा, देह जस्ता अर्थमा प्रयुक्त छ।[८] क्रमशः यस शब्दले कतिपय उपर्युक्त अर्थ र कतिपय अन्य सन्दर्भमा रस, पानी, स्वाद, वीर्य, धातु, विष आदि अर्थ बुझाएर आफ्नो व्यापकतालाई प्रष्ट पारेको छ। लौकिक साहित्यको पहिलो ललित महाकाव्य वाल्मीकिरामायणमा साहित्यशास्त्रीय नवै रसको उल्लेख भेटिन्छ।[९] सुभाषित रत्नाकरमा रसको तुलना सुपुत्रसँग गरिएको छ।[१०]

यसरी वैदिककालको शुभारम्भदेखि लौकिकसाहित्यको उद्भवको पूर्वसन्ध्यासम्ममा विविध अर्थमा प्रयुक्त रस शब्दबाट प्रशस्त प्रभाव र प्रेरणा प्राप्त गरी साहित्यशास्त्रीहरूले काव्यात्मभूत शृङ्गारादि नवरस बुझाउने रसशब्दको प्रयोग गर्दै गए। यसका प्रयोक्ता नाट्यशशास्त्रका प्रणेता आचार्य भरतमुनि हुन्। उनको नाट्यशास्त्रमा नवरसको उल्लेख भेटिन्छ। प्रजापति ब्रह्माले मनुष्यहरूलाई अमृत रस पान गराउन रसको आधान गरे भन्दै ऋग्वेदबाट पाठ्य, सामवेदबाट गीत, यजुर्वेदबाट अभिनयकला र अथर्ववेदबाट रसतत्त्वको ग्रहण गरी पाँचौ नाट्यवेद तयार पारेका हुन् भनिएको छ।[११]

२. परिचय

काव्य पढ्दा सुन्दा र दृश्यकाव्यको अवलोकन गर्दा सहृदयका हृदयमा जुन आनन्द प्राप्त हुन्छ। त्यही अर्थका लागि साहित्यशास्त्रमा रसशब्दको प्रयोग भएको हो। अन्य अर्थमा प्रयुक्त भौतिक रस रसनेन्द्रिय ग्राह्य हुन् भने परमात्मा

---

[१] वैयाकरणसिद्धान्तकौमुदी सूत्रांक ३२३१ पृ. ३४४।

[२] पूर्ववत्, सूत्रांक ३२९६, पृ. ३४९।

[३] पूर्ववत्, सूत्रांक २८९६, पृ. २९८।

[४] काव्यात्ममीमांसा, पृ. १०।

[५] काव्यात्ममीमांसा, पृ. १०।

[६] रसो वै सः रस ह्येवायं लब्ध्वाऽनन्दी भवति। काव्यशास्त्रेतिहास, पृ. ५३।

[७] तुवरस्तु कषायोऽस्त्री मधुरो लवणः कटुः।
तिक्तोऽम्लश्च रसाः पुंसि तद्वत्सु षडमी त्रिषु॥ अमरकोष पृ. ३५।

[८] संस्कृत हिन्दी कोष, पृ. ८४९।

[९] काव्यात्ममीमांस पृ. १४।

[१०] भारतं पञ्चमो वेदः सुपुत्र सप्तमो रसः महाभारत सूक्तिसुधा भूमिका पृ. १।

[११] जग्राह पाठ्यमृग्वेदात् सामभ्यो गीतमेव चः।
यजुर्वेदादभिनयान् रसानाथर्वणादपि। नाट्यशास्त्र प्रथम अध्याय १८, पृ. ४६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र नवरस बोधक रस आत्मानुभूति गम्य हुन्छ। अरु अर्थ बुझाउने रस मूर्त र दृश्यमान् हुन्छ भने काव्यको रस ब्रह्मास्वादतुल्य अलौकिक र अनिर्वचनीय हुन्छ। यही नै लौकिक रसभन्दा काव्यरसको पृथक् परिचय हो।

संस्कृत वाङ्मयको साहित्यशास्त्रीय रस-प्रस्थानका प्रमुख आचार्य भरतमुनि हुन्। यद्यपि काव्यमीमांसाकार राजशेखरले नन्दिकेश्वरलाई रससिद्धान्तका प्रतिष्ठापक मानेका छन्। नन्दिकेश्वर महादेवका अनुयायी हुन् उनले १००० अध्यायमा कामशास्त्रको रचना गरेका थिए। उनले एक मात्र शृङ्गारसको प्रधानतालाई प्रतिपादन गरेका हुन् भन्ने उल्लेख छ। यस आधारमा भरतमुनिले नाट्यरसहरूको विवेचना गरे भन्ने उनको अभिमत छ।[१२] तर नन्दिकेश्वरको त्यो ग्रन्थ अनुपलब्ध भएकोले साहित्यशास्त्रीहरूले भरतमुनि नै रससिद्धान्तका आदि प्रवर्तक हुन् भन्ने मान्यता स्थिर गरेका हुन्। रसका विषयमा नाट्यशास्त्रीय दृष्टिले विवेचना गर्दै नाट्यशास्त्रमा उनले यस्तो सूत्र लेखे:- "विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्ति:"।[१३]

भरतको प्रस्तुत रससूत्र नै आजसम्म विकसित विस्तृत रससिद्धान्तको मूल स्रोत हो। यो सिद्धान्त आंशिक रूपमा शारीरिक र आंशिक रूपमा मनोवैज्ञानिक छ। सूत्रमा वर्णित विभाव र अनुभाव शारीरिक क्रियासँग सम्वद्ध छन् भने यी दुई भाववाट अभिव्यक्त स्थायी र सञ्चारीभाव मनोवैज्ञानिक छन्। रसको परिचयका क्रममा यस सूत्रलाई स्पष्ट पार्दै उनले अगाडि थपे:- जसरी विभिन्न किसिमका दाल, भात, तरकारी, अचार आदि भोज्य वस्तुहरूको मेलवाट भोजनकर्तालाई तत् तत् वस्तुभन्दा फरक किसिमको समष्टिगत आस्वाद मिल्दछ त्यसै गरी काव्यगत विभाव, अनुभाव र व्यभिचारीभावको संयुक्त सम्मिलनबाट काव्यरसको आस्वाद हुन्छ।[१४]/[१५] यही आस्वादलाई विश्वनाथले प्रपाणक रसन्याय (सर्वतको रसको स्वाद) द्वारा अझै सुबोध र सरल तरिकाले बुझाउने प्रयत्न गरे। जसरी ल्वाङ्, मिश्री, मरिच, सुकमेल आदि पदार्थहरूको संयोजनबाट सर्वत वन्दछ। फलत: ल्वाङ्, मिश्री, मरिच वस्तुभन्दा फरक किसिमको आस्वाद पाइन्छ, त्यस्तै रसनिष्पत्ति वा रसानुभूतिमा प्रथमत: विभाव, अनुभाव र व्यभिचारीभाव अलग अलग हेतु मानिन्छन्[१६] पुन: सबैको मेल पछि एक छुट्टै किसिमको विलक्षण आस्वाद पैदा हुन्छ।[१७] त्यही नै रसको आस्वाद हो।

३. रसको स्वरूप

लोकजीवनमा रति आदि स्थायीभावहरूका कारण, कार्य र सहयोगी कारण हुन्छन्। ती कारणहरू दृश्यकाव्य (नाटक) र श्रव्यकाव्य (महाकाव्य, खण्डकाव्य) मा वर्णन गरिँदा लोकमा कारण भनिने तत्त्व काव्यजगत्मा विभाव र कार्य भनिने तत्त्व अनुभाव, सहकारी भनिने तत्त्व संचारी भाव वन्दछन्। काव्यमा वर्णित यिनै विभाव, अनुभाव र व्यभिचारीभावद्वारा व्यञ्जनावृत्तिको माध्यमले प्रकट भएको स्थायीभाव नै रसरूपमा व्यक्त हुन्छ।[१८]

सामाजिकका हृदयमा वासनाका रूपमा रहेका रति, हास्य, क्रोध, उत्साह जस्ता स्थायीभावहरू कविवर्णित विभाव, अनुभाव र व्यभिचारी भावद्वारा अभिव्यक्त भएर आस्वाद वा आनन्दका रूपमा परिणत भएपछि रस कहलाउँछन्।[१९] स्थायीभाव रसका रूपमा परिणत हुनु भनेको दूध नै दहीका रूपमा परिणत भए जस्तै हो। दीपबाट घडा प्रकाशित भएझैं पूर्व सिद्ध वस्तुका रूपमा व्यक्त हुने होइन। स्वयं अर्को स्वरूपमा परिवर्तित हुनु हो।

---

१२ काव्यमीमांसा, पृ. १।

१३ नाट्यशास्त्र अध्याय ६, पृ. ३४।

१४ यथा नानाव्यञ्जनौषधिद्रव्यसंयोगाद्रसनिष्पत्ति: तथा नानाभावोपगतभावाद्रसनिष्पत्ति:। नाट्यशास्त्र ६, पृ. ८७।

१५ व्यञ्जनौषधिसंयोगो यथान्नं स्वादुतां नयेत्।

एवम् भावा रसाश्चैव भावयन्ति परस्परम्॥ नाट्यशास्त्र ६।३८। पृ. १०६।

१६ प्रतीयमान: प्रथमं प्रत्येकं हेतुरुच्यते।

तत: सम्मिलित: सर्वो विभावादि सचेतसाम्॥ साहित्यदर्पण ३।१०। पृ. ९८।

१७ प्रपाणकरसन्यायात् चर्व्यमाणो रसो भवेत्। साहित्यदर्पण ३।१५। पृ. ९८।

१८ कारणान्यथकार्याणि सहकारीणि यानि च।

रत्यादे: स्थायिनो लोके तानि चेन्नाट्यकाव्ययो:।

विभावा अनुभावाश्च कथ्यन्ते व्यभिचारिण:।

व्यक्त: सतैर्विभावाद्यै: स्थायीभावो रसस्मृत: काव्यप्रकाश ४।२७-२८। पृ. ९५।

१९ विभावेनानुभावेन व्यक्त: सञ्चारिणा तथा।

रसतामेति रत्यादि: स्थायी भाव: सचेतसाम्॥ साहित्यदर्पण ३।१, पृ. ८३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रस स्वरूपका सन्दर्भमा आचार्य अभिनवगुप्तले पनि यस्तै मान्यता राखेका छन्। उनका अनुसार रस अथवा भाव नै दृश्य वा श्रव्यकाव्यको साध्य हो। काव्य/नाटक यसका व्यञ्जक हुन्। यिनका माध्यमले अभिव्यञ्जना व्यापारद्वारा रस अभिव्यक्त हुन्छ।[२०]

नव्यन्यायको शैलीमा लेखिएको 'रसगङ्गाधर' जस्तो साहित्यशास्त्रको चूडान्त ग्रन्थका प्रणेता पण्डितराज जगन्नाथले रसस्वरूपका विषयमा काव्यप्रकाशकार मम्मटको परिभाषालाई पुष्टि गर्दै अज्ञानावरण हटेको आत्मचैतन्य नै रस हो भन्ने मान्यता राखेका छन्।[२१] जसरी कुनै वस्तुले छोपिएको बत्तीले नजिकै रहेका घटपटादि वस्तुहरूलाई प्रकाशित गर्न सक्दैन, त्यो ढकनी हटे पछि बत्तीले आफू र आफ्ना नजिकका वस्तुहरूलाई प्रकाशित गर्दछ, त्यस्तै आत्मरूपचैतन्यले अज्ञानको आवरण हटेपछि अन्तःकरणको वृत्तिका रूपमा रहेका रति आदि स्थायीभावलाई प्रकाशित गर्छ आफू पनि प्रकाशित हुन्छ।[२२] 'रसो वै सः' भन्ने श्रुतिवाक्यानुसार रत्याद्यवच्छिन्नभग्नावरणचित् (रत्यादि भावविषयक आवरण रहित) आत्मचैतन्य नै रस हो।

४. रसनिष्पत्तिका सामग्रीहरू

४.१ विभाव

विभाव्यन्ते आस्वादाङ्कुरप्रादुर्भावयोग्याः क्रियन्ते सामाजिकरत्यादिभावा एभि इति विभावाः। विभाव्यतेऽनेन वागङ्गसत्वाभिनय इति विभावः। वाणी (शब्द) र अङ्गको अभिनयद्वारा सामाजिकका हृदयमा वासनाका रूपमा रहेको सुषुप्त भावलाई जगाएर रसरूपमा परिणत गराई आस्वादको अवस्थामा पुऱ्याउन अङ्कुर समान बनेको रसप्रतीतिको प्रारम्भिक स्थिति विभाव हो।[२३] विभाव दुई किसिमका हुन्छन् आलम्वन र उद्दीपन। जसलाई आधार मानेर रसको उत्पत्ति हुन्छ त्यो आलम्वन विभाव हो। जसले अङ्कुरित भावलाई विकसित तुल्याउँछन्, ती उद्दीपन विभाव हुन्। अर्थात् अङ्कुरित भावलाई रस रूपमा पुऱ्याउने सम्वर्द्धक तत्त्व उद्दीपन विभाव मानिन्छन्। आलम्बन विभावका चेष्टा शब्द, रूप, आदि र देश, काल आदि उद्दीपन विभाव बन्दछन्। प्रत्येक रसका आ-आफ्नै निश्चित विभाव हुन्छन्।

४.२ अनुभाव

अनु पश्चात् भवन्ति इति अनुभावाः। अनुभाव्यतेऽनेन वागङ्गसत्वकृतोऽभिनय इति अनुभावः। आलम्वन र उद्दीपनविभावबाट उद्वुद्ध भावलाई बाहिर प्रकट गराउने शारीरिक व्यापार अनुभाव हो।[२४] विभाव रसानुभूतिको कारण हो भने अनुभाव रसानुभूतिको कार्य हो। रत्यादि स्थायीभावलाई बाहिर प्रकाशित गर्न साधनको काम गर्ने यी अनुभावमा शारीरिक व्यापारको प्रधानता रहन्छ। कारण रूप विभावद्वारा उद्दीप्त भावभन्दा पछि अभिव्यक्त भएकोले यसलाई अनुभाव भनिएको हो।

४.३ व्यभिचारीभावः

वि + अभिपूर्वक णिजन्त चर् धातुबाट व्यभिचारी शब्द निष्पन्न हुन्छ। विभावानुभावापेक्षया विशेषात् अभिमुख्येन आस्वाद-व्यञ्जने नयन्त इति व्यभिचारिभावाः। रत्यादीन् स्थायिनः काये सञ्चारयन्ति मुहुर्मुहुरभिव्यञ्जयन्ति इति व्यभिचारिणः। अर्थात् स्थायीभावको पुष्टिका लागि विभाव र अनुभावका अपेक्षा विशेषरूपले रसमा सञ्चरण गर्ने भएकोले यसलाई व्यभिचारीभाव भनिएको छ।[२५] रसनिष्पत्तिका निमित्त व्यभिचारीभावको स्थिति नभई नहुने असल

वाच्यवाचकयोस्तत्राभिधादिविविक्तो व्यञ्जनात्मा ध्वनन व्यापार एव। तस्मात्
[२०] तेन प्रतीतिस्तावद्रसस्य सिद्धा सा च रसनरुपा प्रतीतिरुत्पद्यते, व्यञ्जकत्वाख्येन व्यापारेण काव्यं भावकं रसान् भावयति। ध्वन्यालोकलोचन पृ. १९८।

स्वयं च प्रकाशते, एवमात्मचैतन्यं विभावादिसंवलितान् रत्यादीन्। रसगङ्गाधर,
[२१] यथा शरावादिना पिहितो दीपस्तन्निवृत्तौ सन्निहितान् पदार्थान् प्रकाशयति, पृ. ९१।

[२२] वक्ष्यमाणश्रुतिस्वारस्येन रत्याद्यवच्छिन्ना भग्नावरणचिदेव रसः।। पूर्ववत्, पृ. ९७।

[२३] रत्याद्युद्‌वोधका लोके विभावाः काव्यनाट्ययोः। साहित्यदर्पण, ३।२८, पृ. ११२।

[२४] उद्‌वुद्धं कारणैः स्वैः स्वैर्वहिर्भावं प्रकाशयन्।
लोके यः कार्यरुपः सोऽनुभावः काव्यनाट्ययोः॥ साहित्यदर्पण, ३।१३२। पृ. ११०।

[२५] ये तूपकर्तुमायान्ति स्थायिनं रसमुत्तमम्।
उपकृत्य च गच्छन्ति ते मता व्यभिचारिणः॥ संस्कृतकाव्यशास्त्रेतिहासः पृ. ५७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छिमेकीको महत्त्वपूर्ण भूमिका जस्तो छ। जसरी विवाह, यज्ञ यागादि विशेष काम सम्पन्न गर्न छिमेकीहरू धुरिन्छन्। काम सम्पन्न भए पश्चात् आ-आफ्नै गन्तव्यमा फर्कन्छन् त्यसै गरी व्यभिचारी भाव पनि रसाभिव्यक्तिका निम्ति आफ्नो विशेष उपस्थिति जनाएर निस्वार्थ सहयोग गरी आ-आफ्नै स्थानमा विलय हुन्छन्। विभाव अनुभाव जस्तै व्यभिचारीभाव पनि प्रतिरस छुट्टाछुट्टै हुन्छन्। यिनीहरूको सङ्ख्या ३३ हुन्छ भन्ने साहित्यशास्त्रीहरूको एक मत छ।

५. रससङ्ख्या

रसबाट आनन्दानुभूति हुन्छ भन्ने विषयमा एक मत भए पनि रस संख्याका बारेमा काव्यशास्त्रीहरूको मतभेद छ। सुख दुःखात्मक जीवनका विविध क्षणमा समुत्पन्न अनुभवहरू तत्काल विनष्ट भएर गए पनि मानव हृदयमा संस्कार वा वासनाका रूपमा दुःख, हर्ष, विस्मय, करुणा, उत्साह, भय जस्ता भावहरू सुषुप्त अवस्थामा रहन्छन् भन्ने मनोवैज्ञानिक चिन्तनद्वारा तिनलाई भरतले स्थायीभावको संज्ञा दिए। मानव मनमा हुने यिनै संस्कारहरूलाई पछिका आचार्यहरूले विभिन्न किसिमले वर्गीकरण गर्दै गए। अन्तमा यिनै स्थायीभावहरूका आधारमा रससंख्यामा विविधता देखिन थालेको हो। रस संख्याका बारेमा मूलतः दुई किसिमका मत भेटिन्छन् एकरसवाद र अनेकरसवाद।

५.१ एक रसपक्ष

एक रसपक्षमा पनि विद्वान्हरूका माझ कसैले करुणलाई कसैले अद्भूतलाई त कसैले शान्त र भक्ति रसलाई मूल रस मान्दछन्। नाटककार भवभूतिले करुणरसलाई एक मात्र रस बताउँदै अन्य रसहरू करुणरसकै भेद हुन् भन्ने मान्यता राखेका छन्।[२६] सबै रस र भावहरूको पर्यवसान प्रेममा हुने हुँदा प्रेम नै एक रस हो भन्ने कवि कर्णपुरको सिद्धान्त छ। नारायणदासको रस सङ्ख्या विषयक मतलाई उधृत गर्दै विश्वनाथ लेख्छन्- चित्तविस्तारमय चमत्कार नै रसको सारतत्व भएकोले रस भन्नु नै विस्मय वा आश्चर्य हो, अतः अद्भुत नै एक मात्र मुख्य रस हो।[२७] अरु सबै रसको यसै भित्र अन्तर्भाव हुन्छ। अभिनवगुप्तका अनुसार शान्त रस नै सबै रसको मूल प्रकृति हो। रत्यादि स्थायीभावहरू यसका विकृति हुन्। प्रकृतिबाट उत्पन्न विकार प्रकृतिमै लीन भए झैं भावहरू शान्तबाट उत्पन्न भएर शान्तमै विलय हुन्छन्।[२८] किनभने रसहरूको आस्वाद शान्त रूपमै हुन्छ। यसै गरी चैतन्यसम्प्रदायका अनुयायी रूपगोस्वामीप्रभृति विद्वान्हरूले अन्य आचार्यहरूद्वारा भावका रूपमा व्याख्या गरिएको भक्तिलाई एक मात्र प्रमुख रसका रूपमा स्वीकार्दछन्।[२९]

५.२ अनेक रसपक्ष

रससिद्धान्तको सुदीर्घ परम्परामा रसका मुख्य भेदहरू ९ हुन्छन् भन्ने मान्यता बढी प्रचलित छ। अग्निपुराणकार, भरत, मम्मट, जगन्नाथ, आनन्दवर्धन जस्ता प्रमुख रसवादी आचार्यहरू यस मतका पक्षमा उभिएका छन् भने अन्य केही विश्वनाथ, भोजराज, हरिपलदेव आदि सहृदय साहित्यशास्त्रीहरूले फरक मत राखेका छन्। यस सन्दर्भमा विश्वनाथले वत्सलसहित १० रस मानेका छन्।[३०] भोजराजले नवरसका अतिरिक्त प्रेयान् उदात्त, उद्धत गरी १२ रसको उल्लेख गरेका छन्।[३१] हरिपलदेवले नवरसका अतिरिक्त वात्सल्य, ब्राह्म, सम्भोग, विप्रलम्भ गरी १३ वटा रसको विवेचना गरेका छन्।[३२]

---

[२६] एको रसः करुण एव निमित्तभेदात् भिन्नः पृथक् पृथगिवाश्रयते विवर्तान्।
आवर्तवुद्वुदतरङ्गामयान् विकारान्नम्भो यथा सलिलमेव तु तत्समग्रम्। उत्तररामचरित ३।४७ पृ. २२५।

[२७] रसे सारश्चमत्कारः सर्वत्राप्यनुभूयते।
तच्चमत्कारसारत्वात् सर्वत्राप्यद्भुतो रसः
तस्माददभूतमेवाह कृती नारायणो रसम्। साहित्यदर्पण पृ. ८७।

[२८] स्वं स्वं निमित्तमासाद्य शान्ताद् भावः प्रवर्तते
पुनर्निमित्तापाये च शान्त एवोपलीयते। काव्यप्रकाश पृ. १२०।

[२९] काव्यात्ममीमांसा, पृ. ९३।

[३०] साहित्यदर्पण पृ. २७७।

[३१] शृङ्गारवीरकरुणरौद्राद्भुतभयानकाः।
वीभत्सहास्यप्रेयांसः शान्तोदात्तोद्धता रसाः। काव्यात्ममीमांसा, पृ. ७८।

[३२] सम्भोगो विप्रलम्भश्च ब्राह्मश्चेति त्रयो रसाः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. रसनिष्पत्ति

रसनिष्पत्तिको प्रमुख आधार रससूत्र हो। "विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः" भरतप्रतिपादित प्रस्तुत रससूत्रमा उल्लिखित संयोगात् र निष्पत्तिको शब्दलाई लिएर लक्षणशास्त्रीहरूले भिन्न भिन्न मत प्रस्तुत गरेका छन्। रस के हो भन्ने विषयमा विद्वान् समालोचकहरूका वीच मतभेद देखिए जस्तै रस अनुकार्य, अनुकर्ता एवम् सामाजिक मध्ये कसमा रहन्छ र यसको निष्पत्ति कसरी हुन्छ भन्ने विषयमा पनि फरक फरक तर्क भेटिन्छन्। यस विषयमा व्यापक चिन्तन, गहिरो अनुसन्धान गर्दै जाँदा मुख्य रूपले चार किसिमका व्याख्याहरूमा समीक्षकहरूको ध्यान केन्द्रित वन्न पुगेको देखिन्छ। ती व्याख्याताहरू भट्टलोल्लट, श्रीशङ्कुक, भट्टनायक र अभिनवगुप्त हुन्। भिन्न भिन्न दर्शनवाट अभिप्रेरित यी विश्लेषकहरूको मान्यतालाई क्रमशः उत्पत्तिवाद, अनुमितिवाद, भुक्तिवाद र अभिव्यक्तिवाद भनिन्छ। क्रमशः एकपछि अर्को गर्दै उत्तरोत्तर परिष्कृत परिमार्जित एवम् साहित्यशास्त्रसापेक्ष व्याख्या गरिएको हुँदा तिनीहरूको मूल्य र महत्तालाई पनि उत्तरवर्ती आचार्यहरूले तदनुरूप स्थान दिएका छन्। त्यसै हुनाले आलङ्कारिक ढङ्गले रस सहृदयसंवेद्य हुन्छ भन्ने मनोवैज्ञानिक चिन्तनद्वारा सार्वजनीन मान्यता सप्रमाण प्रस्तुत गर्न सफल अभिनवगुप्तको व्याख्यासरणिलाई अवलम्वन गर्दै मम्मट, विश्वनाथ जगन्नाथजस्ता लक्षणशास्त्रकारहरू अगाडि वढे। फलतः रसलाई काव्यको केन्द्रीय तत्त्व वा आत्म तत्त्व हो भन्ने कुराको ठोकुवा गरेरै छाडे। त्यसै हुनाले आजसम्म काव्यमा रससिद्धान्तको सर्वोपरि महत्त्व सुदृढ बनेरै रह्यो।

पूर्वीय साहित्यमा प्रतिपादित रसनिष्पत्ति मनोवैज्ञानिक प्रक्रिया हो। मनोवैज्ञानिकहरूका स्थापना अनुसार मानिसका अतृप्त र अभुक्त कामनाहरू दमित भएर अचेतन मनमा वसेका हुन्छन्। अचेतन दुःखद् दमित र अभुक्त कामनाहरूको भण्डार हो। त्यसमा रहेका अज्ञात वा गूढ वासनाहरू साहित्यमा कल्पना विम्बका रूपमा उपस्थित हुन्छन्। साहित्यको अध्ययन गर्दा ती वासनाहरूलाई भावक वा प्रमाताले आफ्नै वासनाका सजातीय मानेर आस्वादन गरी आनन्द प्राप्त गर्दछन्।[३३]

६.१ उत्पत्तिवाद

भरतसूत्रका व्याख्याताहरूमा भट्टलोल्लट उत्पत्तिवादी मानिन्छन्। उनका मतमा विभाव र स्थायीभावको संयोगका साथ उत्पाद्य उत्पादक सम्बन्ध हुन्छ। जस्तै शृङ्गार रसका प्रसङ्गमा नायक नायिका स्थायीभाव रतिका उत्पादक हुन् भने रति उत्पाद्य हो। स्थायीभाव र अनुभावका बीच गम्य गमक भाव सम्बन्ध हुन्छ। किनकि अनुभाव स्थायीभावलाई रसानुभूतिका अवस्थामा पुऱ्याउने गमक अथवा साधक हो। व्यभिचारीभाव र स्थायीभावका बीच पोष्य पोषक सम्बन्ध हुन्छ। व्यभिचारीभाव स्थायीभावको पोषक र स्थायीभाव पोष्य हो। यस व्याख्याअनुसार नायक नायिकारूप आलम्वन विभाव र चन्द्र, चन्दन, उद्यान आदि उद्दीपन विभाववाट स्थायीभाव उत्पन्न हुन्छ। स्थायीभावको उत्पत्तिका कार्य बनेका कटाक्ष, रोमाञ्च, कम्पन, भ्रुविक्षेप आदि अनुभावद्वारा रति पुष्टि हुन्छ। भट्टलोल्लटले यस व्याख्यालाई सम्झाउन डोरीको सर्पको उदाहरण दिएका छन्। जस्तै भ्रान्तिवश डोरीमा सर्पको प्रतीति र तज्जन्य भय हुन्छ त्यसै गरी वास्तविक रामसीतामा रहेको रति अभिनेता वा अभिनेत्रीमा नरहे पनि अभिनय कौशलका कारण उनीहरूमा रहेको ज्ञान हुन्छ। यसरी मुख्य रूपमा अनुकार्य र गौणरूपले अभिनयकर्ता नटमा रसको उत्पत्ति हुन्छ।

भट्टलोल्लटले गरेको रससूत्रको व्याख्यामा रस प्रथमतः अनुकार्यगत र गौण रूपमा अनुकर्तामा रहन्छ भनिएको छ, तर सामाजिकमा रसको अनुभूति कसरी हुन्छ भन्ने कुराको उल्लेख छैन। रस अनुकार्यमा रहन्छ भन्नु रसलाई परिमित बनाउनु हो, तर रसको विशेषता भनेकै अपरिमित हो। रामसीतादि त्रेतायुगीन चरित्र वर्तमान समयमा उपलब्ध हुन सक्दैनन्। तिनमा रसको उत्पत्ति हुन्छ भनेर कसरी जान्ने ? गौण रूपले रस अनुकर्तामा रहन्छ भन्नु पनि साहित्यसिद्धान्त विपरीत छ। अनुकर्तामा रामसीताको भ्रमात्मक ज्ञान हुन्छ भन्नु साक्षात्कारात्मक र अलौकिक रसलाई लौकिक र तटस्थ बनाउन खोज्नु हो। अपरिमित, अलौकिक हृदयसंवेद्य रसलाई परिमित लौकिक र विघ्नयुक्त[३४] बनाउन खोजिएकोले भट्टलोल्लटको मत अपूर्ण छ, रस सिद्धान्त विपरीत छ।

अतिरिक्ता उदीर्यन्ते हरिपालमहीभुजा ॥ पूर्ववत् पृ. ८२।

[३३] पूर्वीय साहित्यसिद्धान्त, पृ. ७७।

[३४] पारिमित्यात् लौकिकत्वात् सान्तारायतया तथा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६.२ अनुमितिवाद

अनुमितिवादका व्याख्याता "भुवनाभ्युदय" नाटकका लेखक श्रीशङ्कुक हुन्। न्यायसिद्धान्तका अनुयायी यिनले रससूत्रको व्याख्या न्यायदर्शनका आधारमा गरेको हुनाले यिनको व्याख्यालाई अनुमितिवाद भनिएको हो। विभाव, अनुभाव र व्यभिचारीभावको स्थायीभावका साथ अनुमाप्य अनुमापक सम्बन्ध हुन्छ। रस अनुमेय र विभावादि अनुमापक हुन्। रङ्गमञ्चमा अभिनय गरिरहेको अभिनेतालाई देख्दा सामाजिकमा रामादिको प्रतीति हुन्छ। त्यो प्रतीति चित्रतुरग (चित्रको घोडा देख्दा हुने ज्ञान) को प्रतीतिभैँ सम्यक्, मिथ्या संशय र सादृश्यज्ञानभन्दा फरक किसिमको हुन्छ विलक्षण हुन्छ।

सम्यक् ज्ञान भनेको निश्चयात्मक ज्ञान हो। जस्तै यो राम नै हो, यो नै राम हो, यो रामभन्दा भिन्न छैन र यही राम हो, अरु कुनै राम होइनन्। यहाँ राममा निश्चयात्मक अथवा निर्विकल्प ज्ञान छ। मिथ्याज्ञान भनेको तत्काल सत्य प्रतीत हुने परिणामतः असत्य वा भ्रमात्मक ज्ञान हुनु हो। यो राम हो, यो राम होइन। यहाँ राममा मिथ्या प्रतीति छ। संशयात्मक ज्ञानलाई संशय प्रतीति भनिन्छ। जस्तै यो राम हो अथवा होइन। यहाँ राम हो होइनमा सन्देह छ। यो त्यो जस्तै छ भन्ने उस्तै स्वरूपको ज्ञानलाई सादृश्यप्रतीति भनिन्छ। जस्तै यो रामजस्तै छ। यहाँ यसमा र राममा उस्तै स्वरूपको सादृश्य भएको छ।

चित्रतुरगन्यायद्वारा नटमा गरिने ज्ञान वा अनुमान यी चार ज्ञानभन्दा फरक ज्ञान हो। चित्रमा घोडा हेर्दा चित्रको घोडालाई सत्य हो भन्न र असत्य हो भन्न पनि सकिँदैन। यो घोडा हो कि होइन भन्ने सन्देह गर्न र घोडाजस्तै हो भन्न पनि त सकिँदैन। अतः सम्यक्, मिथ्या, संशय, सादृश्यज्ञानभन्दा फरक किसिमले नाटकको अभिनेतामा राम आदि अनुकार्यको प्रतीति वा अनुमान गर्न सकिन्छ। जसरी पर्वतमा धुवाँको मुस्लो देखेर त्यहाँ आगोको अनुमान हुन्छ त्यसै गरी 'रामोऽयं सीताविषयकरतिमान् तत्र सीताद्यात्मकविलक्षणस्मितकटाक्षादिमत्वात्' राम सीताविषयक रतिमान् छन् किनकि उनमा सीता सम्वद्ध प्रेम छ। यसरी नटले कृत्रिम रूपमा गरेको अभिनय देखेर सामाजिकले नटमा रसको अनुमान गर्दछ।

श्रीशङ्कुकले रस अनुकार्यमा नभएर अनुकर्तामा अनुमित हुन्छ भन्दै सामाजिकले नटमा रसको अनुमान गरेर आनन्द प्राप्त गर्दछ भन्ने अनुमितिवादको स्थापना गरे। भट्टलोल्लटका अपेक्षा सामाजिकको उपस्थितिलाई रससँग सम्वद्ध गराउने प्रयत्न पनि गरे, तर उनले वताएको अनुमानमा रसानुभूतिको सन्तोष गर्ने स्थिति रहेन, किनभने उनका मतमा पनि प्रशस्त कसरहरू देखिएका छन्।

सर्वप्रथम रसको प्रतीति अनुमानद्वारा हुन्छ भन्नु नै त्रुटिपूर्ण छ। किनकि अनुमानद्वारा गरिने ज्ञान परोक्ष हुन्छ। यसका विपरीत रसको ज्ञान वा अनुभूति साक्षात्कारात्मक हो,[३५] आत्मानुभूति गम्य हो। प्रत्यक्ष ज्ञानबाटै चमत्कार पैदा हुन्छ। परोक्ष ज्ञानवाट आनन्दानुभूति हुन सक्दैन भन्ने लोकप्रसिद्ध अनुभव पनि छ। यस्तै प्रत्यक्ष ज्ञानलाई परोक्ष ज्ञान भन्न खोज्नु साहित्यशास्त्रको मर्म विपरीत हुन जान्छ। मृगतृष्णाको जलले कसैको तिर्खा मेट्न नसकिए भैं अर्कामा गरिएको अनुमानले कुनै पनि सहृदयलाई आनन्दित गर्न सक्दैन।

लोकोत्तर चमत्कार पैदा गर्ने रस ज्ञानका लागि चित्रतुरगन्यायको कल्पना गर्नु बालकहरूको मन बहलाउनु हो। यस तर्कद्वारा काव्यवासनाले परिपक्व वुद्धि भएका सहृदयहरूको चित्त वुझाउन सकिँदैन। शिक्षाभ्यासको माध्यमद्वारा नटले कृत्रिम रूपमा रामसीताको अभिनय गर्दैमा उसमा रसको आस्वाद हुन्छ भन्न पनि त सकिँदैन[३६] किनभने त्यसमा काव्यार्थको भावना भएन भने कसरी रसको ज्ञान हुन्छ ? अभिनय कौशलवाट मात्रै रसको प्रतीति हुन्छ भनेर रसलाई दृश्यकाव्यसँग मात्र सम्वद्ध देखाइएको छ यसले काव्यका अन्य भेदलाई समेट्न सकेको छैन।[३७]

उत्पत्तिवादका व्याख्याता भट्टलोल्लटको भन्दा केही अगाडि बढेर सामाजिकलाई रसप्रतीतिका लागि माध्यम वनाउनुका साथै रसात्मक ज्ञानलाई अन्य ज्ञानभन्दा फरक किसिमको ज्ञानका रूपमा चिनाउनु श्रीशङ्कुकका व्याख्यागत विशेषता हुन्।

अनुकार्यस्य रत्यादेरुद्वोधो न रसो भवेत्॥ साहित्यदर्पण। ३।१७- पृ. १०१। ’

[३५] सविकल्पकसंवेद्यः साक्षात्कारतया न च।

परोक्षस्तत्प्रकाशो नापरोक्षः शव्दसम्भवात्॥ साहित्यदर्पण ३।२५ पृ. १०७।

[३६] शिक्षाभ्यासादिमात्रेण राघवादेः स्वरुपताम्।

दर्शयन् नर्तको नैव रसस्यास्वादको भवेत्। साहित्यदर्पण ३।१८ पृ. १०२।

[७८] संस्कृत काव्यशास्त्र, पृ. १२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६.३ भुक्तिवाद

रससूत्रका तृतीय व्याख्याता भट्टनायक हुन्। यिनले पूर्ववर्ती भट्टलोल्लटको उत्पत्तिवाद, श्री शङ्कुकको अनुमितिवाद र परवर्ती अभिनवगुप्तको अभिव्यक्तिवादलाई समेत एकै चोटी सप्रमाण खण्डन गर्दै बलिया तर्कद्वारा भुक्तिवादको स्थापना गरेका छन्। यिनको व्याख्या अनुसार विभावादिको संयोगका साथ भोज्य भोजक सम्बन्ध र निष्पत्तिको अर्थ भुक्ति हो। रस तटस्थ रूपले न उत्पत्ति हुन्छ, न अनुमित हुन्छ, न त अभिव्यक्त नै हुन्छ।[३८] रस त भावकत्व व्यापारद्वारा साधारणीकरण गरेर भोजकत्व व्यापारद्वारा भोग गरिने चिज हो। रसको प्रतीति तटस्थगत राम आदि अनुकार्य र नट आदि अनुकर्तामा हुन्छ भन्ने हो भने यसबाट सामाजिकले कसरी रसानुभूति गर्दछ। यसमा सामाजिकको कुनै भूमिका देखाइएको छैन। रस उत्पत्ति हुने वस्तु होइन । किनकि रसको उत्पत्ति सीतादि विभावका माध्यमबाट हुन्छ। ती विभाव पनि रामादि सीमित व्यक्तिविशेषका हुन्छन्। रस अनुमान गरिने ठोस पदार्थ पनि होइन त्यसैले रसको उत्पत्ति पनि हुँदैन। अनुमान पनि गर्न सकिँदैन। यसैगरी रस आत्मगत रूपले सामाजिकमा अभिव्यक्त हुन्छ भन्ने अभिनवगुप्तको मत पनि युक्तिसंगत छैन। किनभने अभिव्यक्ति पूर्वसिद्ध वस्तुको हुन्छ अर्थात् अभिव्यक्त हुने कुनै वस्तु अभिव्यक्त हुनु भन्दा पहिला र पछि पनि रहिरहन्छ। तर रसको स्वरूप यस्तो हुँदैन, रस त अनुभूतिका अवस्थामा मात्र रहन्छ। अनुभूति भन्दा अगाडि र पछाडि उसको कुनै सत्ता रहँदैन। यसरी पूर्ववर्ती र परवर्ती आचार्यहरूका मतमा पर्याप्त कमजोरी देखेपछि भट्टनायकले रसानुभूतिका विषयमा नवीन व्याख्या प्रस्तुत गरे। यस सन्दर्भमा उनले अभिधाका अतिरिक्त भावकत्व र भोजकत्व व्यापारको कल्पना गरेका छन्। अर्थविषयक अभिधाव्यापारद्वारा काव्यार्थको ज्ञान हुन्छ। त्यसपछि रसविषयक भावकत्वव्यापारले रामसीतादि विभाव र रत्यादि स्थायीभावको साधारणीकरण गर्दछ साधारणीकरणका अवस्थामा तेरो र मेरो सानो वा ठूलो, धनी र गरिब कुनै पनि व्यक्तिविशेषको सीमित घेराबाट माथि उठी आफूमा अभेद बुद्धि राख्दछ। यसरी भावकत्व व्यापारले रजो गुण र तमो गुणलाई दबाएर केवल सत्वगुणको उद्रेक गराइदिन्छ।. यस पछि भोजकत्व नामक तेस्रो व्यापारद्वारा दर्शकले साक्षात्कारात्मक रसको भोग गर्दछ।[३९] यस किसिमको भोग अन्य भौतिक पदार्थको भोगभन्दा विलक्षण ब्रह्मसाक्षात्कारजन्य आत्मानुभूतितुल्य हुन्छ। सांख्यदर्शनका अनुयायी भट्टनायकले पूर्ववर्ती आचार्यहरूका मतमा देखिएका धेरै न्यूनतालाई पन्छाएर रामसीतादि र सामाजिकका बीच अभेदसिद्ध गर्न साधारणीकरण व्यापारको प्रवर्तन गरे। उनको यो नवीन कल्पना रसानुभूतिका लागि महत्त्वपूर्ण उपलब्धि हो। यति हुँदाहुँदै पनि उनका सिद्धान्तमा परवर्ती काव्यशास्त्रीहरूले न्यूनता देखाए। जस्तैः

क) साहित्यशास्त्रमा अप्रचलित भावकत्व र भोजकत्व व्यापारको कल्पना अनुभवसिद्ध छैन।

ख) रति आदि स्थायीभावको भोग कसमा हुने हो भन्ने स्पष्ट छैन। भोग रामसीता अनुकार्यमा स्थित स्थायीभावको भोग हो, अनुकर्ता नटमा निहित स्थायीभावको हो, अथवा सामाजिकमा निहित स्थायीभावको भोग हो त्यसको स्पष्टता छैन।

६.४ अभिव्यक्तिवाद

रससूत्रका चतुर्थ व्याख्याता अभिनवगुप्त हुन्। यिनको व्याख्या अभिव्यक्तिवादले चिनिन्छ। यिनी ध्वनिवादी आचार्य आनन्दवर्धनको ध्वनिसिद्धान्तसँग ज्यादै प्रभावित छन्। ध्वन्यालोकको लोचनटीका र भरतमुनिले लेखेको नाट्यशास्त्रको व्याख्यामा निर्मित अभिनवभारतीबाट साहित्यशास्त्रमा प्रसिद्ध बन्न पुगेका गुप्तले सामाजिकको अहंभावनाको गम्भीर ख्याल गर्दै व्यञ्जना व्यापारद्वारा सामाजिकमा रसाभिव्यक्ति हुन्छ भन्ने सबल मान्यता प्रस्तुत गरेका छन्। त्यसैले सिङ्गो साहित्यशास्त्रमा अभिव्यक्तिवाद सर्वाधिक मान्य छ, तर्कसङ्गत छ, साहित्यसिद्धान्तसम्मत छ। दार्शनिक र मनोवैज्ञानिक आधार लिएर मौलिक चिन्तनद्वारा रससूत्रको व्याख्या गरिएकोले यस वादले उत्तरवर्ती मम्मट, विश्वनाथ, जगन्नाथजस्ता ओजस्वी साहित्यशास्त्रीहरूको चित्त बुझाएको छ। यिनले स्पष्ट रूपमा सामाजिकगत स्थायीभाव नै रसानुभूतिको कारण हुन्छ भन्ने बताएका छन्। यिनको व्याख्या अनुसार विभावादि रसका व्यञ्जक र रस व्यङ्ग्य हो। त्यसैले विभावादिको संयोगका साथ व्यङ्ग्य व्यञ्जक सम्बन्ध र निष्पत्तिको अर्थ अभिव्यक्ति हुन्छ। सामाजिकका मनः संवेग अर्थात् वासनाका रूपमा रहेका रत्यादि स्थायीभाव विभावादिको सम्पर्कले त्यसरी अभिव्यक्त हुन्छन्, जसरी जलविन्दुको स्पर्शले माटोबाट गन्धको अभिव्यक्ति हुन्छ।[४०]

---

[३८] न ताटस्थ्येन नात्मगतत्वेन रसः प्रतीयते, नोत्पद्यते, नाभिव्यज्यते अपितु काव्ये नाट्ये चाभिधातो द्वितीयेन विभावादिसाधारणीकरणात्मना भावकत्वव्यापारेण भाव्यमानः स्थायी, सत्वोद्रेकप्रकाशानन्दमय संविद्विश्रान्तिसतत्वेन भोगेन भुज्यते इति भट्टनायकः। काव्यप्रकाशः चतुर्थ उल्लास पृ. १०७।

[३९] संस्कृत काव्यशास्त्र, पृ. १२५।

[४०] साहित्यदर्पण भूमिका, पृ. ४४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकजगत्का कारण, कार्य र सहकारीभाव काव्यजगत्मा वर्णित हुँदा विभावन, अनुभावन र व्यभिचारण व्यापारद्वारा कारण विभावका रूपमा कार्य अनुभावका रूपमा सहकारी भाव व्यभिचारी भावका रूपमा परिणत हुन्छन्। यस अवस्थामा काव्यमा वर्णित रामसीताको व्यवहार होस् अथवा नाटकका नायक नायिकाको व्यवहार होस् ती व्यवहार रामसीता जो सुकै व्यक्तिविशेषमा आधारित भए पनि व्यक्तिगत सम्बन्धभन्दा माथि उठ्दछन्। त्यतिबेला काव्य पाठक वा नाटक दर्शकका रूपमा रहेका सामाजिकमा रामसीता तटस्थ हुन्। पूर्वकालीन हुन्, पूजनीय हुन्। हामी उनीहरूभन्दा फरक छौं भन्ने भेदज्ञान तिरोहित हुन्छ। वैयक्तिक रागद्वेष लोप हुन्छन्। केवल सत्वगुणको आधिक्यका कारण वेद्यान्तरसम्पर्कशून्य (यो भन्दा अरु कुनै ज्ञानको अवस्था छैन भन्ने अनुभूति) अवस्थामा पुगेको सामाजिकमा नाटकका अभिनित घटना र दृश्यहरू सबैका साझा घटना वा व्यवहार हुन् भन्ने भावनाको तीव्र उन्मेष हुँदा योगीले एकाकार रूपले व्रह्मसाक्षात्कार गरे जस्तै सहृदयले रसानुभूति गर्दछन्।[४१]

यसरी काव्य वा नाटकका त्रिपक्ष अनुकार्य, अनुकर्ता र सामाजिक मध्ये सामाजिकलाई केन्द्रमा राखी मनोवैज्ञानिक रूपले रससूत्रको विश्लेषण गरेर सामाजिकको मनःसंवेग वासना वा संस्कारका रूपमा रहेका रति आदि स्थायीभाव नै रसरूपमा अभिव्यक्त हुन्छ भन्ने आलङ्कारिक सम्मत व्याख्या गरिएकोले अभिव्यक्तिवाद पूर्ववर्ती उत्पत्ति, अनुमिति र भुक्तिवादभन्दा ज्यादै उदार रमणीय एवम् रुचिकर बन्न पुगेको छ। यस वादका प्रमुख विशेषता यी हुन्:-

१. रसलाई अलौकिक सिद्ध गरिएको छ।

२. साधारणीकरण प्रक्रियालाई स्पष्ट पारिएको छ।

३. व्यञ्जनावृत्तिको स्थापना गरिएको छ।

संस्कृतसाहित्यको रससूत्रमा गरिएको स्थायीभावको कल्पना र विश्वनाथ एवम् अभिनवगुप्तले गरेको यसको व्याख्या अरस्तुले प्रतिपादन गरेको विरेचनसिद्धान्तसँग मिल्दा जुल्दा छन्। संस्कृतसाहित्यमा नाटकलाई लोकजीवनको अनुकरण भने जस्तै अरस्तुले साहित्य भाषाको माध्यमवाट प्रकृतिको अनुकरण हो भनेका छन्।[४२] विश्वनाथको रसविश्लेषणले करुण रसवाट पनि सुखको उत्पत्ति हुन्छ भन्दछ, त्यसै गरी अरस्तुको विरेचन सिद्धान्तले कामदी (सुखान्त) र त्रासदी (दुःखान्त) नाटकको प्रभाववाट प्राप्त हुने रागात्मक प्रभाव विशिष्ट किसिमको आनन्द हो भन्ने मान्यताका साथ त्रासदीमा करुणा र त्रास जगाईकन आदिम मनोरागको विरेचनद्वारा आनन्द प्राप्त गरिन्छ भन्दछ।[४३] त्यसैले पूर्वीय साहित्यको स्थायीभाव वा वासनाको अभिव्यक्ति र विरेचन सिद्धान्तको मनोविकारको विरेचन प्रक्रिया समान मर्मका देखिन्छन्।

७. निष्कर्ष

प्रभुसम्मित, मित्रसम्मित र कान्तासम्मित उपदेशका तीन प्रकारमध्ये भावानुसारी पदवन्धनद्वारा सद्यपरनिवृत्तिः (आन्तरिक आनन्दको अनुभूति) वा हृदयमा अलौकिक रसानुभूति प्रदान गरी कान्तासम्मित वचनका माध्यमले पाठक वा दर्शकलाई कर्तव्याकर्तव्यको बोध गराउने काव्यको चमत्कार रस हो। पूर्वीय साहित्यशास्त्रमा काव्यको आत्मा के हो भन्ने खोजी हुँदै जाँदा वैदिक वाङ्मयको विराट क्षेत्रवाट सारतत्त्व ग्रहण गरी भरतमुनिदेखि पण्डितराज जगन्नाथसम्म रस, ध्वनि, गुण, रीति अलङ्कारजस्ता काव्यगत आन्तरिक र वाह्य तत्वका गूढ सिद्धान्तहरू विकसित हुँदै गए। यस क्रममा सर्वप्रथम भरतमुनिले रससिद्धान्तको प्रवर्तन गरेका हुन्। भरतको नाट्यकेन्द्री रसलाई पछिका भामह, दण्डी, वामन प्रभृति विद्वान् समालोचकहरूले दृश्य श्रव्य दुवै काव्यमा रसको आवश्यकताको चर्चा र विश्लेषण गरे, तर गुण, रीति र अलङ्कार पक्षको प्राधान्यतालाई जोड दिए। क्रमशः भट्टलोल्लटदेखि श्रीशङ्कुक भट्टनायक र आनन्दवर्धनसम्मका विद्वान्हरूले आ-आफ्नै दर्शनको सापेक्षतामा रससूत्रको व्याख्या गरी यस सिद्धान्तलाई व्यापक तुल्याउने प्रयत्न गरे। साहित्यशास्त्रको व्याख्यात्मक कालका मम्मट, विश्वनाथ, अभिनवगुप्त र जगन्नाथजस्ता साहित्यशास्त्रीहरूले रससूत्रको मनोवैज्ञानिक ढङ्गले व्याख्या गरेर रससिद्धान्तलाई सर्वोच्चता प्रदान गरी काव्यको आत्माका रूपमा प्रतिष्ठापित गराएरै छाडे।

---

[४१] व्यापारोऽस्ति विभावादेर्नाम्ना साधारणीकृतिः।
तत्प्रभावेण यस्यासन् पाथोधिप्लवनादयः।
प्रमाता तदभेदेन स्वात्मानं प्रतिपद्यते ॥ साहित्यदर्पण ३।९- पृ. ९५।

[४२] पूर्वीय काव्यसिद्धान्त, पृ. ९२।

[४३] पूर्ववत्, पृ. ९३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी विद्वान् समालोचकहरूले जे-जस्ता तर्कद्वारा रसको व्याख्या गरे पनि रसवाट आनन्दानुभूति हुन्छ भन्ने कुरामा प्रायः सबैको एकमत छ। रस नै ब्रह्म हो, ब्रह्म नै रस हो[४४] भन्ने श्रुतिवाक्य, रस विना कुनै काव्यको अर्थ वा प्रयोजन सिद्ध हुन सक्दैन[४५] भन्ने भरतवचन र वाणी विचित्रता भए पनि काव्यको जीवन रस नै हो[४६] भन्ने अग्निपुराणकारको अभिमतले समेत यही तथ्यको पुष्टि गर्दछन्।

यस सिद्धान्तमा रससूत्रको मनोवैज्ञानिक विश्लेषण गरिएको छ। मानवहृदयका वासनात्मक संस्कारगत विभिन्न भावहरूको अध्ययन गरेर मनःप्रीति गराउनु यस सिद्धान्तको प्रमुख लक्ष्य हो। पश्चिमा साहित्यको आनन्दप्राप्ति र पूर्वीय साहित्यको ब्रह्मानन्दसहोदर भनिने रसानुभूतिजन्य मनः प्रीतिलाई यसले केन्द्रमा राखी काव्यको जीवन रस हो, रस नै काव्यको प्रमापक हो भन्ने सिद्धान्त स्थिर गरेको छ। यसको अध्ययन अनुसन्धानले मनोविज्ञानको क्षेत्रलाई समेत समेटेर लगेको हुनाले यस सिद्धान्तप्रति साहित्य अध्येताहरूको दिनप्रतिदिन चासो बढ्दै गइरहेको छ।

सि.लो.प्र.द्वारा २०६८ मार्ग १० गते पृथ्वीनारायण क्याम्पस पोखरामा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्र

सन्दर्भ ग्रन्थसूची

१. अमरसिंह, अमरकोष यशोदा पुस्तकालय, वाराणसी, वि.सं. २०१७।

२. आचार्य, जगदीशचन्द्र मिश्र, संस्कृतकाव्यशास्त्रेतिहास प्रथम संस्करण, चौखम्वा सुभारती प्रकाशन, वाराणसी, सन् २००२।

३. आनन्दवर्धन, ध्वन्यालोक, पुनर्मुद्रित संस्करण, चौखम्बा विद्याभवन, वाराणसी, सन् २०००।

४. आप्टे, वामन शिवराम, संस्कृत हिन्दी कोष प्रथम संस्करण रचना प्रकाशन, जयपुर, सन् २००४।

५. उपाध्याय, केशवप्रसाद, पूर्वीय साहित्यसिद्धान्त, दोस्रो संस्करण, साझा प्रकाशन, काठमाडौं : वि.सं. २०४८।

६. उपाध्याय, मुकुन्दशरण, महाभारत सूक्तिसुधा द्वितीय सं. सर्वज्ञ पव्लिकेसन प्रा.लि. काठमाडौं : वि.सं. २०६४।

७. पण्डितराज, जगन्नाथ, रसगङ्गाधर, नवम संस्करण, चौखम्वा विद्या भवन, वाराणसी, सन् १९९७।

८. पौडेल, विष्णुप्रसाद, संस्कृत काव्यशास्त्र, प्रथम संस्करण, भुँडीपुराण प्रकाशन, काठमाडौं, वि.सं. २०५७।

९. भट्टोजीदिक्षित, वैयाकरणसिद्धान्तकौमुदी पुनर्मुद्रित संस्करण, चौखम्वा, विद्याभवन, वाराणसी, सन् १९९३।

१०. भरत, नाट्यशास्त्र प्रथमो भाग, प्रथम संस्करण, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, वि.सं. २०५२।

११. भरत, नाट्यशास्त्र द्वितीयो भाग, प्रथम संस्करण, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, वि.सं. २०५२।

१२. भवभूति, उत्तररामचरितम्, चतुर्थ संस्करण, चौखम्वा सुरभारती प्रकाशन, वाराणसी सन् १९९९।

१३. मम्मट, काव्यप्रकाश विश्वेश्वरी टीका, षष्ठ सं. ज्ञानमण्डल लि. वाराणसी, वि.सं. २०४२।

१४. मिश्र, जयमन्त, काव्यात्ममीमांसा, पुनर्मुद्रित संस्करण, चौखम्वा विद्याभवन, वाराणसी, सन् २००५।

१५. राजशेखर, काव्यमीमांसा, तृतीय संस्करण, चौखम्वा विद्याभवन वाराणसी, सन् १९९२।

१६. विश्वनाथ, साहित्यदर्पण, चतुर्थ संस्करण, कृष्णदास अकादमी, वाराणसी वि.सं. २०५१।

१७. विश्वनाथ, साहित्यदर्पण, लक्ष्मीटीका पञ्चम संस्करण, चौखम्वा संस्कृत संस्थान, वाराणसी, वि.सं. २०५३।

---

[४४] रसो वै सः रस ह्येवाऽयं लव्ध्वाऽनन्दी भवति। संस्कृतकाव्यशास्त्रेतिहासः पृ. ५३।

[४५] नहि रसादृते कश्चिदप्यर्थः प्रवर्तते। काव्यात्ममीमांसा, पृ. १९।

[४६] वाग्वैदग्ध्य प्रधानेऽपि रस एवात्र जीवितम्। साहित्यदर्पणः पृ. २१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको इतिहासमा पौराणिक महत्त्व

जनार्दन उपाध्याय

इतिहासको कुरा गर्दा विश्वको इतिहासदेखि नेपाली इतिहाससम्मको जुनसुकै पाटोलाई हेर्दा पनि प्रत्यक्ष प्रमाणको मात्र सहारा लिने हो भने जरोसम्म पुग्न असम्भव नै देखिन्छ। विकासवादी सिद्धान्तका प्रवर्तक चार्ल्स डार्विनको विकासवादी सिद्धान्तले यो जगतमा सर्वप्रथम जलचरको उत्पत्ति, त्यसपछि उभयचरको उत्पत्ति र अन्त्यमा थलचरको उत्पत्ति भएको अनि समयको गतिसंगै जङ्गली प्राणीबाट विकसित हुँदै मनुष्यको उत्पत्ति भएको कुरालाई विभिन्न जीवावशेषको आधारमा सिद्ध गरिदिएको छ। तर यो कुराको प्रमाण हाम्रा पौराणिक ग्रन्थहरुले भने पहिले नै स्थापित गरिसकेका थिए। पौराणिक कथनानुसार सर्वप्रथम ईश्वरले मत्स्यावतार धारण गरेको, त्यसपछि कच्छपावतार र त्यसपछि वराहावतार भएको कुरा सिद्ध छ। मत्स्य जलचर, कच्छप उभयचर र वराह थलचर प्राणी हुनु यसको प्रमाण हो। यसै गरी वराहवतार पछि नृसिंहँवतार जुन अर्धमनुष्यको रुप देखिन्छ। त्यसपछि मात्र वामनावतार जुन पूर्ण मनुष्यको रुपमा अवतार भएको घटना बुझ्न सकिन्छ। यसबाट के सिद्ध हुन्छ भने आजको युगमा जतिसुकै खोज अनुसन्धानद्वारा ऐतिहासिक तथ्यहरु प्रमाणित हुँदैछन् त्यसको विवरण हाम्रा पौराणिक ग्रन्थहरुले पहिले नै स्थापित गरिसकेका थिए।

क) नेपालको इतिहास - जहाँसम्म मानव इतिहासको प्रसङ्ग छ त्यसमा सत्यतथ्य पत्ता लगाउने कार्यमा इतिहासकारहरु केवल अड्कलवाजीको भरमा अगाडि बढेका देखिन्छन्। हाम्रा पौराणिक ग्रन्थहरुलाई कपोलकल्पित भन्नेहरुले आजसम्म इतिहासको जरो पत्ता लगाउन नसक्नु हाम्रा ऋषि महर्षिहरुको वचनलाई स्वीकार गर्न नसक्नुको परिणति हो भन्नुपर्ने हुन्छ।

नेपालको इतिहास सम्बन्धी प्रमाण सङ्कलन गर्ने क्रममा जे जति इतिहासकारहरु देखिएका छन् सबैलाई प्रमाण-प्रत्यक्षीकरणको अभावले पिरोलेको बुझिन्छ। विभिन्न पुरातात्त्विक वस्तुहरुको खोजबाट निस्किएको निष्कर्षको आधारमा नेपालको इतिहास लिच्छविकालभन्दा पर पुग्न सकेको छैन। चाँगुनारायणको अभिलेख नेपालको सबैभन्दा पुरानो मानिन्छ जुन मानदेवको पालामा स्थापित सिद्ध भएको छ। त्यसभन्दा पहिलेको इतिहास भने केवल अड्कलबाजी मात्र सिद्ध हुन्छ। यस विषयमा दिनेशराज पन्तको भनाइ यस्तो छ।

"अभिलेखको आधारमा ठोकैरै भन्न सकिने नेपालको पहिलो प्रामाणिक काल लिच्छविकाल हो।"[१]

नेपालको सच्चा इतिहास कहिलेवाट सुरु भयो यो कुरा हाम्रा पुराणहरुलाई पन्छाएर कहिल्यै सिद्ध हुन सक्दैन। नेपालको संक्षिप्त वृत्तान्त (२०२२ चैत्र) को भूमिकाका रुपमा "परिचय" शीर्षक अन्तरगतको भनाइ यस्तो छ -

"नेपालको इतिहासको प्रारम्भकाल कुन समयलाई मान्ने त्यही निधो हुन सकेको छैन। साँच्चिकै भन्ने हो भने अहिलेसम्म नेपालको इतिहास लेखिएकै छैन भने पनि हुन्छ।"[२]

त्यसैगरी यसै ग्रन्थमा फेरि लेखिएको छ -

"इशा जन्मनुभन्दा लगभग ७५० वर्ष अघिदेखि नेपालको इतिहासको प्राचीनकाल शुरु भएको मानिएको छ। तर प्राचीनकाल शुरुको एक हजार वर्ष याने ७५० ई.पू. देखि २५० ई. सम्मको इतिहास अन्धकारमा छ।"[३]

नेपालको इतिहासका बारेमा कलम चलाउने "वंशावली" का भनाइहरु पनि अड्कलबाजी मात्र हुन् भन्ने कुरामा जोड दिंदै ज्ञानमणि नेपाल यसो भन्छन् -

"नेपालको प्रामाणिक इतिहास विक्रमको छैटौं शताव्दीदेखि मात्र सुरु हुन्छ। यसभन्दा अघिको इतिहास अनुश्रुतिका आधारमा पछि कल्पित वंशावलीका अलौकिक कथामा आश्रित छ।"[४]

"नेपालको सम्पूर्ण शुद्ध इतिहास लेख्ने व्यक्ति पनि आजसम्म भैसकेका छैनन्। साधन पनि शुद्ध उपलब्ध भैसकेका छैनन्।"[५]

इतिहास लेखनका प्रसङ्गमा तात्कालीन नेपालको पश्चिमी क्षेत्र सिँजाको इतिहास केलाउदै पूर्णप्रकाश नेपालले पनि सिँजाको ऐतिहासिक रुपरेखाको सन्दर्भ आमुख अन्तरगत व्यक्त गरेको प्रसङ्गलाई हेर्दा पनि नेपालको इतिहास त भन् खुम्चिएको देखिन्छ।

"गर्मीयाममा सिँजानगरमा र जाडोयाममा दुल्लू विजयनगरमा राजधानी कायम गरी एकछत्र शासन गर्ने खस राजाहरुको समय सं.९३७ पछि सं.१४४४ सम्म कायम रह्यो।"[६]

---

१. मिर्मिरे मासिक अङ्क ३७, पूर्णाङ्क २७७, २०६५ असोज, पृष्ठ ७ - दिनेशराज पन्त।
२. नेपालको संक्षिप्त वृत्तान्त - सरदार रुद्रराज पाण्डे को परिचय पृष्ठ क वावुराम आचार्य २०२२ चैत्र।
३. नेपालको संक्षिप्त वृत्तान्त पृष्ठ १ - वावुराम आचार्य।
४. नेपाल निरुक्त, पृष्ठ २ - ज्ञानमणि नेपाल।
५. भक्तपुर शिलालेख सूचि (पुस्तकालयीय वक्तव्य), पृष्ठ ख - बुद्धिसागर पराजुली।
६. सिंजाको ऐतिहासिक रुपरेखा (सन्दर्भ आमुख), पृष्ठ इ - पूर्णप्रकाश नेपाल (यात्री)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली इतिहासको कुरा गर्दा हाम्रो इतिहास अधुरो छ तापनि यसको लागि खोज अनुसन्धान गर्नै पर्ने आवश्यकता बाँकी नै छ। आजसम्म गरिएका खोज अनुसन्धान अत्यन्त न्यून मात्र भएको हुँदा यसका लागि जबसम्म विशेष खोज गरिदैंन तवसम्म नेपाली इतिहास अध्याँराको जघार मात्र हुनेछ भन्ने कुरामा इतिहासविद् ज्ञानमणि नेपाल यसो भन्छन् -

"नेपालको इतिहासमा खोजीगर्न सकिने, जान्न सकिने तर आजतक नखोजिएका नजानिएका धेरै कुरा छन्। विक्रमको चौधौँ शताब्दीदेखि यताको इतिहास केही प्रकाशमा छ। त्यस अघिको इतिहास प्रायः अन्धकारमयै छ।"[७]

इतिहास सम्बन्धी ठोस प्रमाण जुन प्रत्यक्ष प्रमाणको आधारमा तयार गरिएको छ त्यस सम्बन्धमा पनि ज्ञानमणि नेपालको राज्यसत्ताको विषयमा शङ्का नउठोस् भनेर यसो पनि भनेका छन् -

"मानदेवभन्दा अधिका मुद्रालेख भेटिएका छैनन्। तिनको अन्वेषण हुनु आवश्यक छ। तर मानदेव अघि नेपालको स्वतन्त्र सत्तै थिएन भन्नु चाहिँ आफ्नै कमजोरी मात्र हो ... ... भारतका सम्राट समुद्रगुप्त (वि.सं. ३८७ (४३२) ले आफ्नो प्रयागको स्तम्भलेखमा नेपाल राज्य आसाम र कुमाउँ गढवालको बीचमा विस्तृत भएको कुरा स्पष्ट देखाएका छन्।"[८]

नेपालको इतिहास निर्माण गर्ने क्रममा इतिहासकारहरुको असावधानीले गर्दा हाम्रो इतिहासमँ कतिपय वंश-परम्परामा पनि गडवडी भएको तथ्यलाईसमेत नकार्न नसकिने अवस्था देखाइएको छ। जब वंशावली नै गलत ढङ्गवाट उल्लेख गरिन्छ भने इतिहास कसरी शुद्ध हुन सक्छ ? यस विषयमा केशवमणि आ.दी.द्वारा लिखित "इतिहास संशोधन" नामक पुस्तकको प्रारम्भिक पृष्ठमा महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी यसरी लेख्छन् -

"इतिहासकारहरुको असावधानीले गर्दा छोराबाबु, बाबुछोरा भएर कान्तिपुरे मल्लराजाहरुको वंशमा गडबडी हुँदा त्यस भ्रमको प्रमाणसहित निराकरण।"[९]

यस्तै इतिहासविद् दिनेशराज पन्तद्वारा लिखित गोरखाको इतिहास (पहिलो भाग) २०४१ पौष २७ अन्तरगत यशोब्रह्म शाहको समय शीर्षकमा इतिहासको अप्रामँणिक पक्ष देखाइएको छ।

"द्रब्यशाहको सिंहासनारोहण वर्ष भनी मानी आएको वि.सं. १६१६ लाई नै यिनले यशोब्रह्म शाहको सिंहासनारोहण वर्ष मानेका र यशोब्रह्म शाहलाई लमजुडका राजा नमानी गोरखाका राजा मानिएकोले यो टिपोटमा परेको यशोब्रह्म शाहको राज्यकाल प्रामाणिक देखिदैन।"[१०]

हुन त हिमालयका तटवर्ती स्थलहरुलाई मानव सभ्यताको प्राचीनस्थल मानिएको छ तर समयको किटानी भने आजसम्म हुनसकेको देखिदैंन। यस विषयमा विदेशी विद्वानले भनेको एउटा प्रसङ्ग यसरी प्रस्तुत गर्न सकिन्छ -

"इराक मे सभ्यता को आरम्भ करने वाले अत्यन्त प्राचीन (विक्रम पूर्व ३५०० वर्ष) सभ्य जाति का नाम है सुमेर जाति। इतिहास बतलाता है कि ये लोग उस देश के निवासी न थे, बाहर से आने वाले थे। ... ... संसार में गेहूं कि उत्पत्ति सर्वप्रथम पञ्जाब के समीप हिन्दू कुश तथा हिमालय के बीच वाले भाग मे हुई और यहीं से यह इराक, यूरोप तथा अमेरिका सब जगह फैला।"[११]

नेपालका नेवार जाति कति पुराना हुन् र उनीहरु कहिलेबाट नेपालमा बसोवास गर्दै आएका हुन् भन्ने विषयमा एकजना भारतीय लेखकको भनाइ यस्तो छ -

"आधुनिक नेवार अपने को नेपाल का प्राचीनतम् निवासी मानते हैं। लेकिन नेवार शब्द स्वयम् बहुत पुराना नहीं है। इस के प्रयोग का प्राचीनतम् प्रमाण १७ वीं शती ई.का हैं।"[१२]

यसरी विभिन्न इतिहासलेखकहरुका तर्क र प्रमाणहरुको अध्ययन गर्दा नेपालको इतिहास प्रमाणहरुको अध्ययन गर्दा नेपालको इतिहास प्रामाणिकरुपमा लिच्छविकालभन्दा पर पुग्न सकेको देखिदैंन। त्यसअघिको इतिहासका बारेमा चाँहि जे जतिकुरा लेखिएका छन् ती सबै अड्कलवाजी मात्र हुन् भन्नु पर्दछ। नेपालमा लिच्छविकालभन्दा पहिले के कस्ता शासकहरुले शासन गरे भन्ने कुरामा विभिन्न मतानुयायीहरुको आ-आफ्नै धारणा रहेको देखिन्छ। तापनि ठोस कुनै अभिलेख आदिको भने सर्वथा अभाव देखिएको छ यस विषयमा पौराणिक पात्रहरुलाई आधार मानेर अनुमान गरी लेखिएको एउटा प्रसङ्ग यस्तो पनि छ–

"त्यस समय पश्चिममा तक्षशिला देखि पूर्व कम्बोडियासम्म नागजातिको विस्तार थियो। कद्रुका सन्तान हुँदा तिनीहरुका द्रवेय थिए, जस्तो विनताका सन्तानहरु वैनतेय नामले पुकारिएका थिए। नाग समाज मातृसत्तात्मक थियो भन्ने कुराको जानकारी तिनीहरुका नामहरु पिताको नामको बदला आमाको नामबाट राखिने गरेको पाइएबाट स्पष्ट हुन्छ।"[१३]

---

७. नेपालको प्राचीन इतिहासमा नयाँ प्रस्तावना, पृष्ठ ड - ज्ञानमणि नेपाल।
८. नेपालको प्राचीन इतिहासमा नयाँ प्रस्तावना, पृष्ठ ३ - ज्ञानमणि नेपाल।
९. इतिहास संशोधन प्रारम्भिक पृष्ठ - केशवमणि आ.दि.।
१०. गोरखाको इतिहास (पहिलो भाग) वि.सं. २०४१ पौष २७ - दिनेशराज पन्त।
११. आर्यसंस्कृतिके आधारग्रन्थ पृष्ठ १९ - बलदेव उपाध्याय।
१२. प्राचीन नेपालका राजनीतिक तथा सांस्कृतिक इतिहास १९७३ पृष्ठ ६, श्रीराम गोयल।
१३. नेपालका चाडपर्व पृष्ठ १४, हरिराम जोशी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी आजसम्म लेखिएका ऐतिहासिक तथ्यहरु केवल लिच्छविकालसम्मका चाँहि प्रामाणिक मानिनु र त्यसभन्दा अघिका केवल अड्कलबाजी मात्र हुनु जस्ता कुराले हाम्रो इतिहास कि त छोटो भयो भन्नुपर्छ या त वास्तविक इतिहास लेखिएकै छैन भन्नु पर्छ। कतिपय ग्रन्थहरुमा नेपाली इतिहासको बारेमा त्रेतायुग र द्वापरयुगको बारेमा चर्चा गरिनु पनि केवल अड्कलवाजी मात्र ठहर्छ। त्रेयायुगमा मञ्जुश्री बोधिसत्त्व आएर नागदहको जल बाहिर पठाए भन्ने प्रसङ्ग र द्वापरयुगमा भगवान श्रीकृष्ण द्वारकाबाट आएर उपत्यकाको जल चोभारबाट बाहिर पठाए भन्ने प्रसङ्ग बौद्ध धर्म र हिन्दू धर्ममा आश्रित भएर लेखिएका कुरा हुन्। तर वास्तविक समयको गतिलाई नबुझी अड्कलको भरमा मात्र लेखिएको पनि हुनसक्छ। किनभने त्रेतायुग, द्वापरयुग र कलियुगको अहिलेसम्मको समय लाखौं वर्ष हुन आउँछ।

ख) पौराणिक महत्त्व

केबल विभिन्न मठमन्दिर आदिमा प्राप्त शिलालेख, ताम्रपत्र आदि र उत्खनन्द्वारा विभिन्न स्थानमा प्राप्त वस्तुहरुलाई मात्र इतिहासको प्रमाण मान्ने हो भने हामी हाम्रो इतिहासको एक छेउसम्म पनि पुग्न सक्दैनौं किनभने हाम्रो इतिहास युगौं पुरानो छ भन्ने कुरा हाम्रा दैनिक र विभिन्न चाडविशेषमा गरिने कृत्यहरुबाट स्पष्ट हुन्छ। हामी हाम्रा पुर्खाको नाम लिंदा त्यस्ता ऋषि महर्षिहरुको नाम उच्चारण गर्दछौ जो सत्ययुगीन समयमा जन्मिएका थिए। अत्रि, वशिष्ठ, भृगु, कश्यम आदिका वंशमा उत्पन्न भनेर आफूलाई मान्ने खास गरी आर्यहरुको परम्परा युगौंदेखिको मान्यता हो। त्यसैले हाम्रो देश नेपाल हिमालयको देश, ऋषि महर्षिहरुको तपोभूमि र पवित्र नदीहरुले युक्त स्थान हो भन्ने कुरा हाम्रा पौराणिक ग्रन्थहरुमा यत्रतत्र पढ्न पाइन्छ। त्यसैले भएका प्रमाणहरुलाई अनविश्वास गरेर केवल प्रत्यक्ष प्रमाणलाई मात्र समातेर बस्ने हो भने हाम्रो इतिहास कहिल्यै स्पष्ट हुन सक्दैन। हाम्रा पुराण, रामायण, महाभारत आदिमा वर्णन गरिएका कुराहरुलाई प्रमाण मानेर हाम्रो इतिहासको जरो पत्ता लगाउने हो भने अवश्य पनि हाम्रो सच्चा इतिहास हाम्रो सामु आउन सक्छ। यस विषयमा मीनप्रसाद ज्ञवालीको अभिव्यक्ति यस्तो देखिन्छ–

"पुराना धर्म ग्रन्थ र पुराना पुराणहरु वेद, मनुस्मृति, कौटिल्यको अर्थशास्त्र, महाभारत, रामायण आदि हुन्। ऐतिहासिक घटना तथा सभ्यता जान्ने मुख्य हिन्दू धर्म ग्रन्थहरु यिनै हुन्। महाभारतका रणक्षेत्रमा नेपालका राजाहरुले कौरवको पक्ष लिएर लडेका थिए। दमयन्तीको स्वयम्वरको समयमा नेपाली राजाहरु उपस्थित भएका थिए। वराह पुराण, स्कन्द पुराण, नेपाल माहात्म्य आदिबाट नेपालको इतिहासबारे धेरै जानकारी हासिल गर्न सकिन्छ र धेरै कुराहरु थहा पाइएको छ।"[१४]

प्रस्तुत भनाइवाट पनि हाम्रो देशको पुरानो इतिहासको मूलस्रोत पुराण, रामायण, महाभारत आदि नै हुन् भन्ने कुरा बुझ्न सकिन्छ। ऐतिहासिक कालको आदिसम्म पुग्नका लागि यसभन्दाबाहेक अरु कुनै सजिलो सामग्री पनि असम्भव नै देखिन्छ।

सर्वप्रथम कुन युगमा कति वर्षको समय हुन्छ भन्ने कुराको ज्ञान नभई हाम्रो इतिहासको प्रारम्भिक कालको आँकलन गर्नु केवल कल्पना मात्र हुन्छ भन्ने कुरा हामीले बिर्सिनु हुँदैन। त्यसैले सत्य, त्रेता, द्वापर र कलियुगको पूर्ण समयावधि कति हुन्छ भन्ने कुरा बुझ्नु पर्ने हुन्छ। यसका लागि हाम्रा पुराणहरुमावाहेक अन्यत्र कतै यसको प्रमाण पाइदैन। त्यसैले पौराणिक विषयवस्तुलाई आधार मानेर नै यसको टुङ्गो लगाउनु पर्ने हुन्छ। समयको बारेमा श्रीमद्भागवतमा लेखिएका केही पद्यहरुतिर ध्यान दिनु जरुरी छ जुन यस प्रकार छ –

"कृतं त्रेता द्वापरञ्च कालिश्चेति चतुर्युगम्
द्विव्यै र्द्वादशभिर्वर्षैः सावधानं निरुपितम्।
चत्वारित्रीणिद्वेचैकं कृतादिषुयथाक्रमम्
संख्यातानि सहस्राणि द्विगुणानि शतानि च।
संध्यांशयोरन्तरेणयः काल शतसंख्ययोः
तमेवाहुर्युगं तज्ज्ञा यत्र धर्मो विधीयते॥"[१५]

अर्थात्, सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग गरी चार युग र प्रत्येक युगको संध्या र संध्याशसहित जम्मा एक चतुर्युग वरावरको वर्ष संख्य बाह्र हजार दिव्यवर्ष हुन्छ। (एक दिव्यवर्ष वरावर मनुष्यलोकको ३६० वर्ष हुन आउँछ) सत्ययुग चारहजार दिव्य वर्षको, त्रेतायुग तीनहजार दिव्यवर्षको, द्वापरयुग दुईहजार दिव्यवर्षको र कलियुग एकहजार दिव्यवर्षको हुन्छ। (४+३+२+१ १०)। प्रत्येक युगको वर्ष संख्यको १० वर्ष संध्या र १० वर्ष संध्यांश हुन्छ। यसरी १० हजारको २० वर्ष दुईहजार हुन्छ। दशहजार (चतुर्युगको वर्ष) र दुईहजार (सन्ध्या र सन्ध्याशको वर्ष) १०+२ १२ हजार दिव्यवर्ष हुन आउँछ। प्रत्येक युगको सुरुमा सन्ध्या र अन्त्यमा सन्ध्यांश हुन्छ। बाह्रहजार दिव्यवर्ष भनेको मनुष्यलोकको कति वर्ष हुन्छ भन्ने प्रसङ्गमा विष्णु पुराणले यस्तो वताएको छ -

"मासै र्द्वादशभिर्वर्ष महोरात्रं तु तद्दिवि
त्रिभिर्वर्षशतैर्वर्षं षष्ठयाचैवासुरद्विषाम्।"[१६]

---

[१४]. नेपालको संक्षिप्त इतिहास पृष्ठ १४ २०४३ : मीनप्रसाद ज्ञवाली।
[१५]. श्रीमद्भागवत तृतीयस्कन्ध, अध्याय ११, श्लोक १८, १९, २०।
[१६]. विष्णुपुराण, षष्ठ अंश अध्याय ३ श्लोक १०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्यलोकका गणनामा बाह्र महिनाको एक वर्ष हुन्छ। जुन एक वर्ष देवलोकको एक अहोरात्र मात्र हुन्छ, जसअनुसार एक दिव्यवर्षमा मनुष्यको ३६० वर्ष हुन्छ। यसरी गणना गर्दा बाह्र हजार दिव्यवर्षको चतुर्युग (१२०००x३६० ४३,२०,०००) मनुष्यको गणनानुसार त्रिचालीस लाख बीस हजार वर्षको हुन्छ। सत्ययुगदेखि कलियुगसम्म सन्ध्या र सन्ध्यांशसहित ४, ३, २, १ भागको हिसाबले सत्ययुग १७,२८,००० वर्षको, त्रेतायुग १२,९६,००० वर्ष, द्वापरयुग ८,६४,००० वर्ष र कलियुग ४,३२,००० वर्षको हुन्छ। यसरी (१७,२८,०००+ १२,९६,०००+८,६४,०००+४,३२,००० ४३,२०,००० वर्ष) त्रिचालीस लाख बीस हजार वर्ष बित्दा एक चतुर्युग बितेको हुन्छ। यो प्रमाणअनुसार विश्लेषण गरेर हेर्ने हो भने इतिहासको समयक्रम जुन इतिहासकारहरुले अघि सारेका छन् त्यो अवश्य पनि मिल्दोजुल्दो देखिँदैन।

नेपाली इतिहासको समयसीमा ईशापूर्व केही शताब्दी मात्र हुनु एउटा पक्ष छ भने अनुमानको आधारमा किराँतकालसम्म इतिहास तन्किएको देखिन्छ। तर किराँतकाल पनि त्यति पुरानो चाँहि सिद्ध हुन सक्दैन। किराँतकालमा बुद्धको अभ्युदय हुनु र बुद्धको समय ईशापूर्व छैठौं शताब्दी देखिनु आजभन्दा केवल २५५५ वर्ष पहिलेको समय सिद्ध हुन्छ। लिच्छविकालसम्मको समयलाई ऐतिहासिककाल मानिएको छ भने त्यसभन्दा पहिलेको समयलाई पौराणिककाल भित्र राखिएको छ। लिच्छविकालको आरम्भ ई.सन् ६४ मा भएको र लिच्छविहरुको जम्मा शासन वर्ष ४०० मात्र मानिएको छ। “यिनका विचारमा प्रत्येक राजालाई २५ वर्षको शासनकाल दिइएको १६ पुस्ताको शासनकाल ४०० वर्षको हुन आउँछ। यस मानेमा यस वंशको आरम्भ ई.सन् ६४मा भएको मान्नु पर्ने हुन्छ।”[१७]

अर्को पक्षँ अहिले कलियुग सुरु भएको कति वर्ष बित्यो भन्ने कुरा बुझ्नु जरुरी छ। यसको लागि धेरै खोज गर्नु जरुरी छैन किनभने नेपाली पात्रोपञ्चाङ्गको अग्रपृष्ठमा नै देख्न सकिन्छ। त्यहाँ लेखिएको छ कलिगत सं. ५११२ (वि.सं. २०६९)। यहाँ उल्लेख्य कुरा के पनि छ भने “ने” मुनि नै नेपालका संस्थापक हुन् र उनी द्वारकाबाट श्रीकृष्णसङ्ग आएका ग्वालाहरुमध्ये एक थिए भन्ने कुरा इतिहासकारले बताएका छन्। “वंशावलीकारले “ने” मुनिलाई गोपालवंशको संस्थापकका रुपमा चित्रित गरेका छन्। “ने” मुनिको आश्रम टेकुमा थियो। नेपा नामका ग्वाला नै पछि “ने” मुनिका रुपमा प्रशिद्ध भएको कुरा उल्लेख छ।”[१८]

“ने” मुनिको समय कुन हो ? भन्ने कुरा बुझ्नका लागि हामीले हाम्रा पौराणिक ग्रन्थहरुको मद्दत लिनुको विकल्प देखिँदैन। किनभने “ने” मुनि श्रीकृष्णसँग द्वारकाबाट नेपाल आएका थिए। त्यतिबेला नेपाल उपत्यका जलमग्न थियो। श्रीकृष्णले चोभारको डाँडोलाई चक्रले काटेर पानी बाहिर पठाएपछि यो ठाँउ बस्न योग्य भयो अनि उपत्यका बस्न योग्य ठाँउ भन्ने कुरा नेपाल माहात्म्यमा वर्णन गरिएको छ। श्रीकृष्णको समय भनेको द्वापर युगको समय हो जुन आजभन्दा ५११२ वर्षभन्दा पनि पहिलेको समय भन्ने बुझिन्छ किनभने श्रीकृष्णको समयमा कलियुग सुरु भएको थिएन र कलियुग सुरु भएको अहिले ५११२ वर्ष बितिसक्यो। श्रीकृष्णको समय समाप्त भएपछि मात्र कलियुग सुरु भएको प्रमाण पुराणमा यसरी उल्लेख भएको छ -

“यदा मुकुन्दो भगवानिमां महीं जहौ स्वतन्वा श्रवणीय सत्कथः
तदा हरे वा प्रतिबुद्ध चेतसा मधर्महेतुः कलिरन्ववर्तत।”[१९]

अर्थात जतिबेला श्रीकृष्णले यस पृथ्वीलाई त्यागे त्यति नै बेला अधर्मको कारण बनेको कलियुग प्राप्त भयो। यस प्रसङ्गले के देखाउँछ भने श्रीकृष्णले पृथ्वी छोडिसकेपछि मात्र कलियुग सुरु भएको थियो। श्रीकृष्णको कार्यकालमा द्वापरयुग नै बाँकी थियो। आजभन्दा पाँचहजार वर्षभन्दा पनि निकै पहिले श्रीकृष्ण द्वारकाबाट नेपाल आएका थिए भन्ने कुरा यस प्रसङ्गबाट स्पष्ट हुन्छ। नेपाल नामाकरण भएको समय पनि द्वापरयुग नै हो भन्ने कुरामा पनि “ने” मुनि सम्बन्धी पौराणिक प्रसङ्गलाई प्रमाणको रुपमा लिन सकिन्छ। ऋषि पराशरका छोरा (वेदव्यास) को जन्म पनि द्वापरयुगमा नै भएको थियो भन्ने प्रसङ्ग पनि यस्तो छ -

“द्वापरे समनुप्राप्ते तृतीये युगपर्यये
जातः पराशर द्योगी वासव्यां कलया हरेः।”[२०]

यसबाट के देखिन आउँछ भने महाभारत तथा पुराणका रचनाकार पनि वेदव्यास नै भएका र उनी द्वापरयुगमा जन्मिएका थिए। उनी भूत, वर्तमान र भविष्य तीनै कालका ज्ञाता भएकाले पुराण र महाभारतको रचना गरेका थिए। नेपालको इतिहास केलाउँदा यद्यपि “नेपाल” यस नामको सुरुआत द्वापरयुगबाट मात्र प्रारम्भ भएको देखिन्छ। तापनि यो भूमि भने सत्ययुगदेखि नै थियो र अरु कुनै नामले नै पुकारिन्थ्यो होला। “नेपाल” नामाकरण हुनुभन्दा पहिलेदेखि नै पशुपति र गुह्येश्वरीको अस्तित्व यहाँ रहेको कुरा स्कन्द पुराण अन्तरगतको “नेपाल महात्म्य”ले स्पष्ट पारेको छ।

“नेमिना मुनिना यस्मात् पालितं पुण्यकर्मणा
क्षेत्रं हिमवतः कुक्षावतो नेपाल संज्ञकम्।

---

[१७]. नेपालको पौराणिक इतिहास पृष्ठ १३२, रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मी।

[१८]. नेपालको आलोचनात्मक इतिहास पृष्ठ २५, प्रो. ढुण्डिराज भण्डारी।

[१९]. श्रीमद्भागवत्, प्रथमस्कन्ध, अध्याय १५, श्लोक ३६।

[२०]. श्रीमद्भागवत्, प्रथमस्कन्ध, अध्याय ४, श्लोक १४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो नारद प्रद्युम्नसहितो मधुसूदन :
युक्त समस्तै र्मुनिभिः सूर्यकेतु नृपेण च ।
आज्ञां पशुपते र्लब्ध्वा द्रष्टुं गुह्येश्वरीं ययौ ।"[२१]

यहाँ हिमालयको काखमा रहेको "ने" मुनिद्वारा पालित नेपालमा नारद र प्रद्युम्नसहित मधुसूदनकृष्ण मुनिहरु र सूर्यकेतुसँग पशुपतिको आज्ञानुसार गुह्येश्वरीमा गए भन्ने अर्थ छ । यसले देखाउँछ - यो हिमालयको काखमा रहेको भूमि उहिल्यैदेखि नै थियो जहाँ विभिन्न देवीदेवताहरु र तपश्वी ऋषिमुनिहरु निवास गर्दथे ।

नेपाल नाम रहनुभन्दा पहिले यस स्थानको नाम विभिन्न देवस्थल र नदीहरुका नामबाट क्षेत्रगत रुपमा अनेक नामबाट पुकारिन्थ्यो । त्रेतायुगमा पनि यहाँ विभिन्न व्यक्तिहरुले तपश्या गरेको कुरा पुराणमा बताइएको छ । आजबाट हेर्दा कलियुगको वर्ष ५११२ र द्वापरयुगको जम्मा वर्ष ८,६४,००० गरी जम्मा ८,६९,११२ वर्षभन्दा पहिलेको समय त्रेतायुगको समय सिद्ध हुन्छ । त्रेतायुगमा देखिएका रावण र वाल्मीकि मुनिजस्ता व्यक्तिहरुले यहीँ आएर तपस्या गरेका प्रसङ्ग पनि पुराणमा भेटिन्छ । उपत्यकाको गोकर्ण नामक स्थानमा आएर लङ्काका राजा रावणले शिवको तपस्या गरी सिद्धि प्राप्त गरेको प्रसङ्ग यस्तो छ -

"गोकर्णेशं महालिङ्गं ययौ मुनिगणैर्वृतः
यज्ञभूमिं समालोक्य मुनीन् प्राह घटोद्भवः
अत्रैव रावणस्तेपे तपः परमदारुणम् ।"[२२]

यसैगरी रावणको तपोभूमि गोकर्ण नामक स्थान हो भन्ने कुरा पनि अर्को प्रसङ्गमा आएको देखिन्छ ।

"अत्र श्याम दशग्रीवो गोकर्णेश्वर सन्निधौ ।
तपस्यां परमां कृत्वा त्रैलोक्ये दुर्जयो भवत् ॥"[२३]

यस पौराणिक प्रसङ्गबाट हालको "नेपाल" नामक भूमिमा एकातिर भगवान् शिवका विभिन्न स्थानहरु रहेको र त्यस पवित्र स्थलहरुमा रावणजस्ता व्यक्तिहरुले तपस्या सिद्ध गरेको घटना थाहा पाइन्छ ।

अर्को एउटा प्रसङ्ग छ वाल्मीकि ऋषिसँग सम्बन्धित जुन "नेपाल माहात्म्य" नामक ग्रन्थमा वर्णित छ । वाल्मीकि मुनिको आश्रम तमसा नदीको तीरमा थियो भन्ने कुरा लेखिएको छ । उनको समय पनि त्रेता युग नै देखिन्छ । वीरभद्राको सङ्गममा शिवलिङ्ग स्थापना गरेर वाल्मीकि मुनि आफ्नो आश्रमतर्फ गए भन्ने प्रसङ्ग यस्तो छ -

"स्थापयित्वा महालिङ्ग वाल्मीकिर्मुनिसत्तमः ।
स्वाश्रमे तमसातीरे ययौ मुनि गणैर्वृत : ॥"[२४]

वाल्मीकिले वीरभद्राकै सङ्गममा बसेर नै रामायणको रचना गरेको थिए भन्ने कुरा पनि उल्लेख छ । जस्तै -

"वीरभद्रा सङ्गमेऽस्मिन् स गत्वा मुनिपुङ्गवः
भाविरामायणं काव्यं चक्रे परम शोभनम् ॥"[२५]

वीरभद्रा सङ्गमस्थल दोलागिरिको आग्नेय दिशामा पर्दछ । दोलागिरि भन्नाले हालको चाँगुनारायणको क्षेत्र भन्ने बुझिन्छ । यही दोलागिरिको निकटवर्ती स्थानमा गएर वाल्मीकिले रामायण रचना गरेका थिए । दोलागिरि र वीरभद्रा सङ्गमको विषयमा नेपाल माहात्म्यमा यस्तो लेखिएको छ -

"दोलागिरे रग्निभागे वीरभद्रानदीद्वयम् ।
तयोश्च सङ्गमे रम्ये नानापादपशोभिते ॥"[२६]

यी सबै विषयवस्तुको अध्ययनबाट नेपालको इतिहास "नेपाल" नामकरण हुनुभन्दा पनि जेठो छ भन्ने कुरा स्पष्ट हुन्छ । नेपाल देश परापूर्वकालमा एउटा पवित्र तपोभूमि र देवक्रीडास्थल थियो र यसको इतिहास सृष्टिको प्रारम्भदेखि नै जोडिएको छ भन्ने कुरालाई हाम्रा पौराणिक ग्रन्थहरुले प्रकाश पारिदिएका छन् । त्यसैले हाम्रो इतिहास आठ लाख नौ लाख वर्षभन्दा पनि पुरानो छ भन्ने कुरालाई हामीले बिर्सिनु हुँदैन र हाम्रो साँचो इतिहास लेख्ने हो भने यिनै ग्रन्थहरुको प्रमाणलाई अवलम्बन गरेर अगाडि बढ्न सक्यौँ भने मात्र ऐतिहासिक चुरो पत्ता लाग्नेछ । प्रमाणका लागि आवश्यक पर्ने सामग्रीहरु माथि प्रश्न गर्ने हो भने पनि हाम्रो देशमा रहेका विभिन्न नदीहरु र तीर्थस्थलहरुको अतीतदेखिको अटल स्वरुप पर्याप्त हुन्छ होला ।

---

[२१]. नेपाल माहात्म्य, अध्याय ११, श्लोक ६१ ६३ ।
[२२]. नेपाल माहात्म्य, अध्याय १६, श्लोक ६ ७ ।
[२३]. नेपाल माहात्म्य, अध्याय २६, श्लोक १ ।
[२४]. नेपाल माहात्म्य, अध्याय ३, श्लोक २४ ।
[२५]. नेपाल माहात्म्य, अध्याय ३, श्लोक ११-१२ ।
[२६]. नेपाल माहात्म्य, अध्याय ३, श्लोक ७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको इतिहासमा एउटा अर्को चर्चा छ विपश्वी बुद्ध सम्बन्धी। यस विषयमा यस्तो लेखिएको छ -

"सत्ययुगमा विपश्वी बुद्धले कुनै बन्धुमति नगरबाट आएर नागह्रदको उत्तरपश्चिमको कुनातिरको पर्वतमा निवास गरे। केही दिनपछि यिनले अलौकिक प्रेरणावश यसै सरोवरमा चैत्र पूर्णिमाको दिन एक कमल बीज रोपे।"[२७]

यसै क्रममा अर्को प्रसङ्ग पनि यस्तो छ -

"विपश्वी बुद्धले कमल बीज रोपेको छ मासपश्चात् आश्विन पूर्णिमाको दिन एक अलौकिक कमल पुष्प उत्पन्न भयो। त्यसै दिन बौद्ध पुराणमा वर्णित स्वर्गलोक अक्षतभुवन बाट भगवान् स्वयम्भूको ज्योति अवतारित भएर त्यसै कमलमा देखियो।"[२८]

यी प्रसङ्गहरुमा सत्ययुगको कुरा उल्लेख भएको छ। जसअनुसार द्वापरयुगको ८,६४,००० वर्ष र त्रेतायुगको १,२९,६०,००० वर्ष जोड्दा २१,६०,००० वर्ष हुन्छ। त्यसमा गतकलिवर्ष ५११२ जोड्दा २१,६५,११२ वर्ष हुन्छ। सत्ययुग त्यसभन्दा पनि पहिलेको युग हो। त्यसैले माथिको प्रसङ्गले बताएको समय कति सत्य छ त्यो भन्न सकिने अवस्था देखिँदैन। अर्को कुरा वौद्ध पुराण कहिले निर्मित भयो ? बुद्धको उदय पुराणवर्णित श्रीकृष्णको समयभन्दा धेरैपछि कलियुग सुरु भएपछि मात्र भएको हो भन्ने प्रमाण छ। बुद्धको प्रसङ्ग र सत्ययुगको प्रसङ्ग त्यसै पनि तालमेल खादैंन। त्यसैले यस विषयमा पनि इतिहासकारहरुको ध्यान जानु अत्यावश्यक देखिन्छ। यिनै कारणहरुले गर्दा नेपालको इतिहास निकै अस्पष्ट र धूमिल देखिएको छ।

सन्दर्भग्रन्थ सूचि

१ मिर्मिरे (मासिक) अङ्क ३७, पूर्णाङ्क २७७, २०६५ असोज, पृष्ठ ७ - दिनेशराज पन्त

२ नेपालको संक्षिप्त वृत्तान्त सरदार रुद्रराज पाण्डे, (परिचय खण्ड - बाबुराम आचार्य)

३ नेपाल निरुक्त - ज्ञानमणि नेपाल

४ भक्तपुर शिलालेख सूचि - बुद्धिसागर पराजुली

५ सिँजाको ऐतिहासिक रुपरेखा - पूर्णप्रकाश नेपाल (यात्री)

६ नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश (प्रस्तावना पृष्ठ - ज्ञानमणि नेपाल)

७ इतिहास संशोधन प्रारम्भिक पृष्ठ - केशवमणि आ.दी.

८ गोरखाको इतिहास - दिनेशराज पन्त

९ आर्यसंस्कृति के आधारग्रन्थ - बलदेव उपाध्याय

१० प्राचीन नेपालका राजनीतिक तथा सांस्कृतिक इतिहास - श्रीराम गोयल

११ नेपालका चाडपर्व - हरिराम जोशी

१२ नेपालको संक्षिप्त इतिहास - मीनप्रसाद ज्ञवाली

१३ श्रीमद्भागवत - महर्षि वेदव्यास

१४ विष्णुपुराण - महर्षि वेदव्यास

१५ नेपालको पौराणिक इतिहास - रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मी

१६ नेपालको आलोचनात्मक इतिहास - प्रो. ढुण्डिराज भण्डारी

१७ स्कन्द पुराण - नेपाल माहात्म्य - महर्षि वेदव्यास

१८ नेपालको ऐतिहासिक रुपरेखा - बालचन्द्र शर्मा

---

२७. नेपालको ऐतिहासिक रुपरेखा, पृष्ठ ५५, बालचन्द्र शर्मा।

२८. नेपालको ऐतिहासिक रुपरेखा, पृष्ठ ५५, बालचन्द्र शर्मा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्धदर्शनको मूल दार्शनिक सिद्धान्त : प्रतीत्यसमुत्पाद

लेशमणि दाहाल

प्रतीत्यसमुत्पादको अर्थ सापेक्ष कारणतावाद अर्थात् हेतुप्रत्ययद्वारा वस्तुको उत्पत्तिको नियम हो । प्रतीत्य (कुनै वस्तुको प्राप्तिपश्चात्) समुत्पाद (अन्य वस्तुको उत्पत्ति) को ज्ञान नै प्रतीत्यसमुत्पाद हो[१] । यसमा उत्पत्तिमात्र होइन, कुनै वस्तु नहुनाले अर्को वस्तु पनि हुँदैन र कुनै वस्तुको निरोधद्वारा अर्को वस्तुको पनि निरोध हुन्छ भन्ने विषय पनि समावेश भएको हुन्छ[२]। केवल उत्पत्तिको मात्रै ज्ञान प्रतीत्यसमुत्पाद होइन, यसमा त प्रत्येक् उत्पत्तिको कुनै प्रत्यय, कारण तथा हेतु हुन्छ । स्थविरवादमा लोभ, द्वेष तथा मोहद्वारा चित्तलाई विकृत पार्ने कार्यका लागि हेतुको प्रयोग गरिएको छ । त्यसैले विज्ञानको यस्तो अवस्थालाई सहेतुक भनिन्छ । अलोभ, अद्वेष तथा अमोह यी कुशल हेतु हुन् । एउटा वस्तुको अर्को वस्तुसँग जुन सम्वन्ध कायम हुन्छ, त्यसलाई प्रत्यय भनिएको छ । यिनीहरूको मतमा प्रत्यय २४ प्रकारको मानिएको छ[३] । सर्वास्तिवाद तथा योगाचारमा हेतु र प्रत्ययको अर्थ भिन्न किसिमले गरिएको छ । हेतु भनेको मुख्यकारण हो भने तदनुकूल कारणसामग्री चाँहि प्रत्यय हो । जस्तो पृथ्वीमा रोपिएको बीज पृथ्वी, सूर्य, वर्षादिको सहायताबाट बढेर वृक्ष बन्दछ । यहाँ बीज हेतु तथा पृथ्वी, सूर्यादि प्रत्यय हुन् भने वृक्ष फल हो । यिनीहरू हेतु (उत्पत्ति कारण), आलम्वन (विषय), समनन्तर (उत्पत्तिपूर्वको क्षण) तथा अधिपति (निर्णायक नियम) गरी चार प्रकारको प्रत्यय मान्दछन्, कुनै अर्को पाँचौ प्रत्यय छैन[४] ।

बौद्धदर्शनमा प्रत्ययले विशेष अर्थ राख्ने भएकाले यसको जानकारी हुनु आवश्यक हुन्छ । कुनै वस्तु अन्य कुनै वस्तुको स्थिति या उत्पत्तिमा उपकारक या सहायक हुन्छ भने पहिलो वस्तु दोश्रो वस्तुको प्रत्यय हुन्छ[५] । प्रत्यय, हेतु, कारण, निदान, समुदय तथा उत्भवादि शब्द प्रतीत्यसमुत्पादको सन्दर्भमा समान अर्थमा प्रयुक्त हुन्छन्[६] । प्रतीत्यसमुत्पादलाई तथता (जुन जुन प्रत्ययद्वारा जुन जुन धर्म, पदार्थ वा अवस्थाको नियमानुसार उत्पत्ति हुन्छ, त्यसमा कम या अधिक नहुनु), अवितथता (प्रत्यय सामग्रीको उपस्थितिपश्चात् त्यहाँ त्यसबाट उत्पन्न हुने धर्म पनि अवश्यम्भावी रूपले उपस्थित हुने प्रक्रिया), अनन्यथता (कुनै अन्य पदार्थ प्रत्ययवाट कुनै अन्य पदार्थको उत्पत्ति हुन नसक्ने प्रक्रिया) र इदं प्रत्ययता (सम्पूर्ण पदार्थ प्रत्यय वा प्रत्ययसमूहवाट मात्रै उत्पन्न हुने प्रक्रिया) पनि भनिएको छ[७] । भगवान् बुद्धद्वारा उपदिष्ट यो प्रतीत्यसमुत्पाद सम्वन्धी सिद्धान्तमा दार्शनिक गहनता, नैतिक व्यापकता तथा मनोवैज्ञानिक सूक्ष्मता निहीत भएकाले अन्य दार्शनिक नयभन्दा यो दुर्लभ छ । यस सिद्धान्तको साक्षात्कार भगवान्लाई संवोधि प्राप्तिको समयमा नै भएको थियो । अभिसंवोधि प्राप्त गर्दा भगवान्ले प्रथम प्रहरमा पूर्वजन्मको ज्ञान, दोस्रो प्रहरमा दिव्यचक्षु तथा तेस्रो प्रहरमा प्रतीत्यसमुत्पादको साक्षात्कार गर्नुभएको थियो । वास्तवमा कारणतावाद सम्वन्धी ज्ञान नै भगवान् बुद्धको सम्पूर्ण मन्तव्यको सार हो । वौद्ध दार्शनिक भाषामा हेतुको ज्ञान नै धर्म प्रतिसम्विद् हो । हेतु नै धर्म हो । जसले प्रतीत्यसमुत्पादलाई देख्दछ, त्यसले धर्मलाई देख्दछ, जसले धर्मलाई देख्दछ, त्यसले प्रतीत्यसमुत्पादलाई देख्दछ वा जान्दछ भन्दै स्वयं भगवान्ले धर्म र प्रतीत्यसमुत्पादको एकता देखाउनु भएको छ ।

प्रतीत्यसमुत्पादको महत्त्व स्थविरवादी वौद्धधर्ममा मात्र होइन वरु समग्र वौद्धदर्शनको विकास र मूल वौद्धदर्शनसँग त्यसको सम्वन्ध वोधका लागि पनि यसको मूल स्वरूपलाई वुझ्नु आवश्यक छ । स्थविरवादी परम्पराका आचार्य वुद्धघोषले सत्य, प्राणी, पुनर्जन्म तथा प्रत्यय (हेतु) यी चार विषयको वोध गर्नु त कठिन छ भने अझ यिनीहरूको उपदेश गर्नु त झन अधिक काठिन्यपूर्ण छ भनेका छन्[८] ।

स्थविरवादमा मात्र होइन महायान अन्तर्गतको शून्यवादी मतका प्रमुख आचार्य नागार्जुनले पनि प्रतीत्यसमुत्पादमा नै सम्पूर्ण शून्यवादी दर्शनलाई खडा गरेका छन् । कृपापूर्वक प्रतीत्यसमुत्पादको उपदेश दिने उपदेशकुशल परमशास्ता भगवान् वुद्धको वन्दना गर्दै लौकिक दृष्टिमा जुन प्रतीत्यसमुत्पाद दुःखमय भवचक्र हो, त्यही प्रतीत्यसमुत्पाद पारमार्थिक दृष्टिमा

---

१ प्रतीत्य शब्दो ल्यवन्तः प्राप्तावपेक्षायां वर्तते । समुत्पूर्वः पदिः प्रादुर्भावे इति समुत्पादशब्दः प्रादुर्भावेऽर्थे वर्तते । ततश्च हेतुप्रत्यपसापेक्षो भावानामुत्पादः प्रतीत्यसमुत्पादार्थः । अस्मिन् सति इदं भवति, अस्योत्पादादयमुत्पद्यते इति इदं प्रत्ययार्थः प्रतीत्यसमुत्पादार्थः । (माध्यमिक कारिका वृत्ति- पृ. ९)

२ इमस्मिं सति इदं होति, इमस्स उप्पादा इदं उप्पज्जति, इमस्मिं असति इदं न होति, इमस्स निरोधा इदं निरूज्झति । (वहुधातुकसुत्त, मज्झिम निकाय- ३।२।५)

३ भगवता हि हेतुपच्चयो, आरम्भणपच्चयो, अधिपतिपच्चयो, अनन्तरपच्चयो, समनन्तरपच्चयो, सहजातपच्चयो, अञ्ञमञ्ञपच्चयो, निस्सयपच्चयो, उपनिस्सयपच्चयो, पुरेजातपच्चयो, पच्छाजातपच्चयो, आसेवनपच्चयो, कम्मपच्चयो, विपाकपच्चयो, आहारपच्चयो, इन्द्रियपच्चयो, झानपच्चयो, मग्गपच्चयो, सम्पयुत्तपच्चयो, विप्पयुत्तपच्चयो, अत्थिपच्चयो, नत्थिपच्चयो, विगतपच्चयो, अविगतपच्चयोति चतुवीसति पच्चया वुत्ता । (विशुद्धिमग्गो- १७।२९)

४ चत्वारः प्रत्यया हेतुश्चालम्वनमनन्तरम् । तथैवाधिपतेयं च प्रत्ययो नास्ति पञ्चमः ॥ (माध्यमिक कारिका-२)

५ यो हि धम्मो यस्स धम्मस्स ठितिया वा उप्पत्तिया वा उपकारको होति सो तस्स पच्चयोति वुच्चति । (विसुद्धिमग्गगो- १७।३०)

६ पच्चयो, हेतु, कारणं, निदानं, सम्भवो, पभवो ति आदि अत्थतो एकं व्यञ्जनतो नानं । (विसुद्धिमग्गो- १७।३०)

७ इति खो भिक्खवे या तत्र तथता, अवितथता, अनञ्ञथता, इदप्पच्चयता, अयं वुच्चति भिक्खवे पटिच्चसमुत्पादोति । (ऐ.. १७।२)

८ सच्चं सतो पटिसन्धि पच्चयाकारमेव च । दुद्दसा चतुरा धम्मा देसेतुं च सुदुक्करा ॥ (विसुद्धिमग्गो-१७।१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परममङ्गलमय एवं परमानन्दरूप अद्वय तत्त्व हो । जसमा सम्पूर्ण प्रपञ्च शान्त हुन्छ । त्यहाँ न निरोध हुन्छ न उत्पत्ति, न अनित्य छ न नित्य, न एक छ न अनेकआदि आठवटा विशेषणद्वारा प्रतीत्यसमुत्पादको स्वरूपलाई प्रष्ट्याउँदै भनेका छन्-

अनिरोधमनुत्पादमनुच्छेदमशाश्वतम् । अनेकार्थमनानार्थमनागममनिर्गमम् ॥

यः प्रतीत्यसमुत्पादं प्रपञ्चोपशमं शिवम् । देशयामास सम्वुद्धस्तं वन्दे वदतां वरम्[९] ॥

वुद्धधर्मको मूल उपादान चार आर्यसत्य तथा प्रतिष्ठित तात्त्विक सिद्धान्त अनात्मवादको मध्यावस्था रूप नै प्रतीत्यसमुत्पाद हो । चार आर्यसत्यमा आर्य अष्टाङ्गिक मार्ग तथा प्रतीत्यसमुत्पाद दुवै अन्तर्भावित छन् । जसद्वारा भगवान् वुद्धले सम्पूर्ण साधकहरूलाई उच्च मानसिक स्थितितर्फ उन्मुख गराउनु हुन्छ । यसले आफ्नो एउटा स्वरूपवाट दुःखसमुदय तथा दुःखनिरोधको हेतुसम्मत व्याख्या तथा अविचल कार्यकारणभाव सम्वन्धी नियमको आधारमा दुःखनिरोधको सम्भावना व्यक्त गर्दछ । अर्को स्वरूपवाट सम्पूर्ण वाह्य तथा आन्तरिक पदार्थहरू वा धर्महरू क्षणिक, अनित्य तथा प्रतीत्यसमुत्पन्न छन् भन्दै तिनीहरूमा अनात्मवुद्धिको स्फुरण गर्दछ, जुन दुःख र वेदनाको निरोधको एउटा मात्र उपाय हो । त्यस्तै जसरी महाश्रमणको सिद्धान्त शाश्वतवादवाट व्यतिरिक्त छ, त्यसरी नै उच्छेदवाद, अक्रियावाद, अकारणवाद तथा नास्तिकवादवाट पनि व्यतिरिक्त छ । प्रतीत्यसमुत्पन्न धर्महरूमा न शाश्वतता हुन्छ न प्रत्ययद्वारा वारम्वार उत्पन्न र निरुद्ध हुने धर्महरूलाई उच्छेदरूप नै मान्न सकिन्छ । ती धर्महरू केवल प्रतीत्यसमुत्पन्न, कारण सन्ततिद्वारा निरन्तर प्रवाहित भइरहन्छन् । यो सिद्धान्तमा द्वादशाङ्ग छन्, जुन एक अर्काको कारणले उत्पन्न हुन्छन् । यसलाई द्वादश-निदान, संसार-चक्र, भव-चक्र, जन्म-मरणचक्र तथा धर्म-चक्र पनि भनिन्छ । यो चक्रको ज्ञानद्वारा यस संसारको सत्ता प्रमाणित गर्न सकिन्छ । विनयपिटकमा भनिएको छ- तेन समयेन बुद्धो भगवा उरुवेलायं विहरति नज्जा नेरञ्जराय तीरे वोधिरुक्खमूले पठमाभिसम्बुद्धो । अथ खो भगवा पटिच्चसमुप्पादं अनुलोमपटिलोमं मनसाकासि । अविज्जापच्चया संखारा, संखारपच्चया विञ्ञाणं, विञ्ञाणपच्चया नामरूपं, नामरूपपच्चया सठ्ठायतनं, सठ्ठायतनपच्चया फस्सो, फस्सपच्चया वेदना, वेदनापच्चया तण्हा, तण्हापच्चया उपादानं, उपादानपच्चया भवो, भवपच्चया जाति, जातिपच्चया जरामरणं सोकपरिदेवदुक्खदोमनस्सुपायासा संभवन्ति । एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स समुदयो होति[१०] ।

अर्थात्

अविद्याद्वारा संस्कारको उत्पत्ति- बौद्धदर्शनमा अविद्या भनेको चतुः आर्यसत्य तथा प्रतीत्यसमुत्पाद सम्वन्धी अज्ञान हो । अविद्या अनित्य, संस्कृत तथा प्रतीत्यसमुत्पन्न छ । जगत्को आदि कारणको वारेमा अकथनीय भन्दै भगवान् मौन रहनुभयो र अविद्या पहिले थियो वा पछि उत्पन्न भयो भन्ने कुरातर्फ नलाग्न उपदेश गर्दै भन्नुभयो- पुरिमा भिक्खवे कोटि न पञ्ञायति अविज्जाय, इतो पुब्बे अविज्जा नाहासि, अथ पच्छा समभवीति[११] । अतः कुनै मूलकारणको गवेषणा स्वरूप भगवान्ले अविद्याको उपदेश गर्नुभएको होइन वरु मानवीय अनुभवको सीमाको क्षितिज पर्यन्त दुःख परम्पराको अनुसन्धानको निश्चित फल हो, जहाँवाट अगाडि मनुष्यको नेत्रले काम गर्न सक्दैन । वुद्धदर्शनको अविद्या केवल एउटा प्रत्यय हो, जसले वर्तमान वाह्य र आन्तरिक जीवनसंस्कारलाई निर्देशित गर्दछ वा जन्म दिन्छ ।

संस्कारद्वारा विज्ञानको उत्पत्ति- पुनर्जन्मको कारणले जुन कुशल र अकुशल कायिक, वाचिक तथा मानसिक चेतना विद्यमान हुन्छ, त्यो नै संस्कार हो । यसलाई मानसिक वासना पनि भनिन्छ । अथवा जीवनको भौतिक एवं मानसिक तत्व नै संस्कार हो । यसबाट विज्ञानको उत्पत्ति हुन्छ ।

विज्ञानद्वारा नामरूपको उत्पत्ति- पूर्वजन्ममा गरिएका कुशल या अकुशल कर्मको विपाक स्वरूप प्रकट हुने चित्तधारा वा चित्तसन्तति नै विज्ञान हो । जसको कारणले मनुष्यलाई चक्षु, घ्राण, श्रोत्र, जिह्वा, कायादि विषयक अनुभूति हुने गर्दछ । यदि अविद्या र तृष्णाको अशेष निरोधवाट कुशल, अकुशल वा अव्याकृत संस्कार उत्पन्न नहुने हो भने त माताको गर्भमा पुन विज्ञानको बीज उत्पन्न नै हुने थिएन र पुनर्जन्म समाप्त हुने थियो ।

नामरूपद्वारा षडायतनको उत्पत्ति- यसमा नाम र रूप दुई शब्द प्रयोग भएका छन् । बौद्धदर्शनमा समस्त बाह्य र आध्यात्मिक जगद्व्यापारलाई पञ्चस्कन्धमा विभक्त गरिएको छ । रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान यी पाँच स्कन्धलाई पनि रूप तथा नाम गरी दुई प्रकारले वर्गीकरण गरिएको छ । रूपमा पञ्चस्कन्धको पहिलो रूपस्कन्ध पर्दछ भने नाममा पछिल्ला चार स्कन्ध वेदना, संज्ञा, संस्कार र विज्ञान अन्तर्भूत भएका छन् । जतिपनि स्थुल वस्तु छन्, ती रूप हुन् भने मानसिक धर्महरू नाम हुन् । यिनै नाम र रूपप्रति विभिन्न प्रत्ययद्वारा अथवा सहजात, निस्सय, सम्पयुत्तादि रूपमा विज्ञान एउटा निदान वा कारण हुने गर्दछ । नाम र रूप विज्ञानमा नै आश्रित हुन्छन् । यदि अविद्याको निरोधद्वारा संस्कार उत्पन्न नहुने हो भने विज्ञान पनि माताको गर्भमा प्रवेश गर्ने थिएन र विज्ञान नै नभएपछि नामरूपको सम्भावना समाप्त हुने थियो ।

षडायतनद्वारा स्पर्शको उत्पत्ति- पञ्च ज्ञानेन्द्रिय तथा मन आयतन अर्थात् चेतनाको विभिन्न स्वरूपको संग्रहात्मक रूपलाई नै षडायतन भनिन्छ । जीवनधाराको प्रवाहमा चेतनाको उदय नाम र रूपको प्रथम उदय, स्थिति तथा आश्रयवाट हुन्छ । यदि पञ्च इन्द्रिय आश्रयको रूपमा पूर्व उपस्थित नहुने हो भने पञ्च ऐन्द्रिय अनुभूतिको आगमन हुने थिएन ।

---

९ माध्यमिक कारिका- मङ्गलाचरण

१० सौगतसिद्धान्तसारसंग्रह- पृ. १

११ विसुद्धिमग्गो-१७।३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्धदर्शनको मूल दार्शनिक सिद्धान्त : प्रतीत्यसमुत्पाद

लेशमणि दाहाल

प्रतीत्यसमुत्पादको अर्थ सापेक्ष कारणतावाद अर्थात् हेतुप्रत्ययद्वारा वस्तुको उत्पत्तिको नियम हो । प्रतीत्य (कुनै वस्तुको प्राप्तिपश्चात्) समुत्पाद (अन्य वस्तुको उत्पत्ति) को ज्ञान नै प्रतीत्यसमुत्पाद हो[१] । यसमा उत्पत्तिमात्र होइन, कुनै वस्तु नहुनाले अर्को वस्तु पनि हुँदैन र कुनै वस्तुको निरोधद्वारा अर्को वस्तुको पनि निरोध हुन्छ भन्ने विषय पनि समावेश भएको हुन्छ[२]। केवल उत्पत्तिको मात्रै ज्ञान प्रतीत्यसमुत्पाद होइन, यसमा त प्रत्येक् उत्पत्तिको कुनै प्रत्यय, कारण तथा हेतु हुन्छ । स्थविरवादमा लोभ, द्वेष तथा मोहद्वारा चित्तलाई विकृत पार्ने कार्यका लागि हेतुको प्रयोग गरिएको छ । त्यसैले विज्ञानको यस्तो अवस्थालाई सहेतुक भनिन्छ । अलोभ, अद्वेष तथा अमोह यी कुशल हेतु हुन् । एउटा वस्तुको अर्को वस्तुसँग जुन सम्वन्ध कायम हुन्छ, त्यसलाई प्रत्यय भनिएको छ । यिनीहरूको मतमा प्रत्यय २४ प्रकारको मानिएको छ[३] । सर्वास्तिवाद तथा योगाचारमा हेतु र प्रत्ययको अर्थ भिन्न किसिमले गरिएको छ । हेतु भनेको मुख्यकारण हो भने तदनुकूल कारणसामग्री चाँहि प्रत्यय हो । जस्तो पृथ्वीमा रोपिएको बीज पृथ्वी, सूर्य, वर्षादिको सहायतावाट बढेर वृक्ष बन्दछ । यहाँ बीज हेतु तथा पृथ्वी, सूर्यादि प्रत्यय हुन् भने वृक्ष फल हो । यिनीहरू हेतु (उत्पत्ति कारण), आलम्बन (विषय), समनन्तर (उत्पत्तिपूर्वको क्षण) तथा अधिपति (निर्णायक नियम) गरी चार प्रकारको प्रत्यय मान्दछन्, कुनै अर्को पाँचौ प्रत्यय छैन[४] ।

बौद्धदर्शनमा प्रत्ययले विशेष अर्थ राख्ने भएकाले यसको जानकारी हुनु आवश्यक हुन्छ । कुनै वस्तु अन्य कुनै वस्तुको स्थिति या उत्पत्तिमा उपकारक या सहायक हुन्छ भने पहिलो वस्तु दोश्रो वस्तुको प्रत्यय हुन्छ[५] । प्रत्यय, हेतु, कारण, निदान, समुदय तथा उत्भवादि शब्द प्रतीत्यसमुत्पादको सन्दर्भमा समान अर्थमा प्रयुक्त हुन्छन्[६] । प्रतीत्यसमुत्पादलाई तथता (जुन जुन प्रत्ययद्वारा जुन जुन धर्म, पदार्थ वा अवस्थाको नियमानुसार उत्पत्ति हुन्छ, त्यसमा कम या अधिक नहुनु), अवितथता (प्रत्यय सामग्रीको उपस्थितिपश्चात् त्यहाँ त्यसबाट उत्पन्न हुने धर्म पनि अवश्यम्भावी रूपले उपस्थित हुने प्रक्रिया), अनन्यथता (कुनै अन्य पदार्थ प्रत्ययवाट कुनै अन्य पदार्थको उत्पत्ति हुन नसक्ने प्रक्रिया) र इदं प्रत्ययता (सम्पूर्ण पदार्थ प्रत्यय वा प्रत्ययसमूहवाट मात्रै उत्पन्न हुने प्रक्रिया) पनि भनिएको छ[७] । भगवान् बुद्धद्वारा उपदिष्ट यो प्रतीत्यसमुत्पाद सम्वन्धी सिद्धान्तमा दार्शनिक गहनता, नैतिक व्यापकता तथा मनोवैज्ञानिक सूक्ष्मता निहीत भएकाले अन्य दार्शनिक नयभन्दा यो दुर्लभ छ । यस सिद्धान्तको साक्षात्कार भगवान्लाई संवोधि प्राप्तिको समयमा नै भएको थियो । अभिसंवोधि प्राप्त गर्दा भगवान्ले प्रथम प्रहरमा पूर्वजन्मको ज्ञान, दोस्रो प्रहरमा दिव्यचक्षु तथा तेस्रो प्रहरमा प्रतीत्यसमुत्पादको साक्षात्कार गर्नुभएको थियो । वास्तवमा कारणतावाद सम्वन्धी ज्ञान नै भगवान् बुद्धको सम्पूर्ण मन्तव्यको सार हो । वौद्ध दार्शनिक भाषामा हेतुको ज्ञान नै धर्म प्रतिसम्विद् हो । हेतु नै धर्म हो । जसले प्रतीत्यसमुत्पादलाई देख्दछ, त्यसले धर्मलाई देख्दछ, जसले धर्मलाई देख्दछ, त्यसले प्रतीत्यसमुत्पादलाई देख्दछ वा जान्दछ भन्दै स्वयं भगवान्ले धर्म र प्रतीत्यसमुत्पादको एकता देखाउनु भएको छ ।

प्रतीत्यसमुत्पादको महत्त्व स्थविरवादी वौद्धधर्ममा मात्र होइन वरु समग्र वौद्धदर्शनको विकास र मूल बौद्धदर्शनसँग त्यसको सम्वन्ध वोधका लागि पनि यसको मूल स्वरूपलाई बुझ्नु आवश्यक छ । स्थविरवादी परम्पराका आचार्य बुद्धघोषले सत्य, प्राणी, पुनर्जन्म तथा प्रत्यय (हेतु) यी चार विषयको वोध गर्नु त कठिन छ भने अझ यिनीहरूको उपदेश गर्नु त झन अधिक काठिन्यपूर्ण छ भनेका छन्[८] ।

स्थविरवादमा मात्र होइन महायान अन्तर्गतको शून्यवादी मतका प्रमुख आचार्य नागार्जुनले पनि प्रतीत्यसमुत्पादमा नै सम्पूर्ण शून्यवादी दर्शनलाई खडा गरेका छन् । कृपापूर्वक प्रतीत्यसमुत्पादको उपदेश दिने उपदेशकुशल परमशास्ता भगवान् वुद्धको वन्दना गर्दै लौकिक दृष्टिमा जुन प्रतीत्यसमुत्पाद दुःखमय भवचक्र हो, त्यही प्रतीत्यसमुत्पाद पारमार्थिक दृष्टिमा

---

१ प्रतीत्य शव्दो ल्यवन्तः प्राप्तावपेक्षायां वर्तते । समुत्पूर्वः पदिः प्रादुर्भावे इति समुत्पादशव्दः प्रादुर्भावेऽर्थे वर्तते । ततश्च हेतुप्रत्यपसापेक्षो भावानामुत्पादः प्रतीत्यसमुत्पादार्थः । अस्मिन् सति इदं भवति, अस्योत्पादादयमुत्पद्यते इति इदं प्रत्ययार्थः प्रतीत्यसमुत्पादार्थः । (माध्यमिक कारिका वृत्ति- पृ. ९)

२ इमस्मिं सति इदं होति, इमस्स उप्पादा इदं उप्पज्जति, इमस्मिं असति इदं न होति, इमस्स निरोधा इदं निरूज्झति । (वहुधातुकसुत्त, मज्झिम निकाय- ३।२।५)

३ भगवता हि हेतुपच्चयो, आरम्भणपच्चयो, अधिपतिपच्चयो, अनन्तरपच्चयो, समनन्तरपच्चयो, सहजातपच्चयो, अञ्ञमञ्ञपच्चयो, निस्सयपच्चयो, उपनिस्सयपच्चयो, पुरेजातपच्चयो, पच्छाजातपच्चयो, आसेवनपच्चयो, कम्मपच्चयो, विपाकपच्चयो, आहारपच्चयो, इन्द्रियपच्चयो, झानपच्चयो, मग्गपच्चयो, सम्पयुत्तपच्चयो, विप्पयुत्तपच्चयो, अत्थिपच्चयो, नत्थिपच्चयो, विगतपच्चयो, अविगतपच्चयोति चतुवीसति पच्चया वुत्ता । (विशुद्धिमग्गो- १७।२९)

४ चत्वारः प्रत्यया हेतुश्चालम्वनमनन्तरम् । तथैवाधिपतेयं च प्रत्ययो नास्ति पञ्चमः ॥ (माध्यमिक कारिका-२)

५ यो हि धम्मो यस्स धम्मस्स ठितिया वा उप्पत्तिया वा उपकारको होति सो तस्स पच्चयोति वुच्चति । (विसुद्धिमग्गगो- १७।३०)

६ पच्चयो, हेतु, कारणं, निदानं, सम्भवो, पभवो ति आदि अत्थतो एकं व्यञ्जनतो नानं । (विसुद्धिमग्गो- १७।३०)

७ इति खो भिक्खवे या तत्र तथता, अवितथता, अनञ्ञथता, इदप्पच्चयता, अयं वुच्चति भिक्खवे पटिच्चसमुत्पादोति । (ऐ.. १७।२)

८ सच्चं सतो पटिसन्धि पच्चयाकारमेव च । दुद्दसा चतुरा धम्मा देसेतुं च सुदुक्करा ॥ (विसुद्धिमग्गो-१७।१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परममङ्गलमय एवं परमानन्दरूप अद्वय तत्त्व हो । जसमा सम्पूर्ण प्रपञ्च शान्त हुन्छ । त्यहाँ न निरोध हुन्छ न उत्पत्ति, न अनित्य छ न नित्य, न एक छ न अनेकआदि आठवटा विशेषणद्वारा प्रतीत्यसमुत्पादको स्वरूपलाई प्रष्ट्याउँदै भनेका छन्-

अनिरोधमनुत्पादमनुच्छेदमशाश्वतम् । अनेकार्थमनानार्थमनागममनिर्गमम् ॥

यः प्रतीत्यसमुत्पादं प्रपञ्चोपशमं शिवम् । देशयामास सम्वुद्धस्तं वन्दे वदतां वरम्[९] ॥

बुद्धधर्मको मूल उपादान चार आर्यसत्य तथा प्रतिष्ठित तात्त्विक सिद्धान्त अनात्मवादको मध्यावस्था रूप नै प्रतीत्यसमुत्पाद हो । चार आर्यसत्यमा आर्य अष्टाङ्गिक मार्ग तथा प्रतीत्यसमुत्पाद दुवै अन्तर्भावित छन् । जसद्वारा भगवान् बुद्धले सम्पूर्ण साधकहरूलाई उच्च मानसिक स्थितितर्फ उन्मुख गराउनु हुन्छ । यसले आफ्नो एउटा स्वरूपबाट दुःखसमुदय तथा दुःखनिरोधको हेतुसम्मत व्याख्या तथा अविचल कार्यकारणभाव सम्बन्धी नियमको आधारमा दुःखनिरोधको सम्भावना व्यक्त गर्दछ । अर्को स्वरूपबाट सम्पूर्ण वाह्य तथा आन्तरिक पदार्थहरू वा धर्महरू क्षणिक, अनित्य तथा प्रतीत्यसमुत्पन्न छन् भन्दै तिनीहरूमा अनात्मबुद्धिको स्फुरण गर्दछ, जुन दुःख र वेदनाको निरोधको एउटा मात्र उपाय हो । त्यस्तै जसरी महाश्रमणको सिद्धान्त शाश्वतवादबाट व्यतिरिक्त छ, त्यसरी नै उच्छेदवाद, अक्रियावाद, अकारणवाद तथा नास्तिकवादबाट पनि व्यतिरिक्त छ । प्रतीत्यसमुत्पन्न धर्महरूमा न शाश्वतता हुन्छ न प्रत्ययद्वारा वारम्वार उत्पन्न र निरुद्ध हुने धर्महरूलाई उच्छेदरूप नै मान्न सकिन्छ । ती धर्महरू केवल प्रतीत्यसमुत्पन्न, कारण सन्ततिद्वारा निरन्तर प्रवाहित भइरहन्छन् । यो सिद्धान्तमा द्वादशाङ्ग छन्, जुन एक अर्काको कारणले उत्पन्न हुन्छन् । यसलाई द्वादश-निदान, संसार-चक्र, भव-चक्र, जन्म-मरणचक्र तथा धर्म-चक्र पनि भनिन्छ । यो चक्रको ज्ञानद्वारा यस संसारको सत्ता प्रमाणित गर्न सकिन्छ । विनयपिटकमा भनिएको छ- तेन समयेन बुद्धो भगवा उरुवेलायं विहरति नज्जा नेरञ्जराय तीरे बोधिरुक्खमूले पठमाभिसम्बुद्धो । अथ खो भगवा पटिच्चसमुप्पादं अनुलोमपटिलोमं मनसाकासि । अविज्जापच्चया संखारा, संखारपच्चया विञ्ञाणं, विञ्ञाणपच्चया नामरूपं, नामरूपपच्चया सठ्ठायतनं, सठ्ठायतनपच्चया फस्सो, फस्सपच्चया वेदना, वेदनापच्चया तण्हा, तण्हापच्चया उपादानं, उपादानपच्चया भवो, भवपच्चया जाति, जातिपच्चया जरामरणं सोकपरिदेवदुक्खदोमनस्सुपायासा संभवन्ति । एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स समुदयो होति[१०] ।

अर्थात्

अविद्याद्वारा संस्कारको उत्पत्ति- बौद्धदर्शनमा अविद्या भनेको चतुः आर्यसत्य तथा प्रतीत्यसमुत्पाद सम्बन्धी अज्ञान हो । अविद्या अनित्य, संस्कृत तथा प्रतीत्यसमुत्पन्न छ । जगत्को आदि कारणको बारेमा अकथनीय भन्दै भगवान् मौन रहनुभयो र अविद्या पहिले थियो वा पछि उत्पन्न भयो भन्ने कुरातर्फ नलाग्न उपदेश गर्दै भन्नुभयो- पुरिमा भिक्खवे कोटि न पञ्ञायति अविज्जाय, इतो पुब्वे अविज्जा नाहासि, अथ पच्छा समभवीति[११] । अतः कुनै मूलकारणको गवेषणा स्वरूप भगवान्ले अविद्याको उपदेशं गर्नुभएको होइन बरु मानवीय अनुभवको सीमाको क्षितिज पर्यन्त दुःख परम्पराको अनुसन्धानको निश्चित फल हो, जहाँबाट अगाडि मनुष्यको नेत्रले काम गर्न सक्दैन । बुद्धदर्शनको अविद्या केवल एउटा प्रत्यय हो, जसले वर्तमान वाह्य र आन्तरिक जीवनसंस्कारलाई निर्देशित गर्दछ वा जन्म दिन्छ ।

संस्कारद्वारा विज्ञानको उत्पत्ति- पुनर्जन्मको कारणले जुन कुशल र अकुशल कायिक, वाचिक तथा मानसिक चेतना विद्यमान हुन्छ, त्यो नै संस्कार हो । यसलाई मानसिक वासना पनि भनिन्छ । अथवा जीवनको भौतिक एवं मानसिक तत्व नै संस्कार हो । यसबाट विज्ञानको उत्पत्ति हुन्छ ।

विज्ञानद्वारा नामरूपको उत्पत्ति- पूर्वजन्ममा गरिएका कुशल या अकुशल कर्मको विपाक स्वरूप प्रकट हुने चित्तधारा वा चित्तसन्तति नै विज्ञान हो । जसको कारणले मनुष्यलाई चक्षु, घ्राण, श्रोत्र, जिह्वा, कायादि विषयक अनुभूति हुने गर्दछ । यदि अविद्या र तृष्णाको अशेष निरोधबाट कुशल, अकुशल वा अव्याकृत संस्कार उत्पन्न नहुने हो भने त माताको गर्भमा पुन विज्ञानको बीज उत्पन्न नै हुने थिएन र पुनर्जन्म समाप्त हुने थियो ।

नामरूपद्वारा षडायतनको उत्पत्ति- यसमा नाम र रूप दुई शब्द प्रयोग भएका छन् । बौद्धदर्शनमा समस्त वाह्य र आध्यात्मिक जगद्व्यापारलाई पञ्चस्कन्धमा विभक्त गरिएको छ । रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान यी पाँच स्कन्धलाई पनि रूप तथा नाम गरी दुई प्रकारले वर्गीकरण गरिएको छ । रूपमा पञ्चस्कन्धको पहिलो रूपस्कन्ध पर्दछ भने नाममा पछिल्ला चार स्कन्ध वेदना, संज्ञा, संस्कार र विज्ञान अन्तर्भूत भएका छन् । जतिपनि स्थुल वस्तु छन्, ती रूप हुन् भने मानसिक धर्महरू नाम हुन् । यिनै नाम र रूपप्रति विभिन्न प्रत्ययद्वारा अथवा सहजात, निस्सय, सम्पयुत्तादि रूपमा विज्ञान एउटा निदान वा कारण हुने गर्दछ । नाम र रूप विज्ञानमा नै आश्रित हुन्छन् । यदि अविद्याको निरोधद्वारा संस्कार उत्पन्न नहुने हो भने विज्ञान पनि माताको गर्भमा प्रवेश गर्ने थिएन र विज्ञान नै नभएपछि नामरूपको सम्भावना समाप्त हुने थियो ।

षडायतनद्वारा स्पर्शको उत्पत्ति- पञ्च ज्ञानेन्द्रिय तथा मन आयतन अर्थात् चेतनाको विभिन्न स्वरूपको संग्रहात्मक रूपलाई नै षडायतन भनिन्छ । जीवनधाराको प्रवाहमा चेतनाको उदय नाम र रूपको प्रथम उदय, स्थिति तथा आश्रयबाट हुन्छ । यदि पञ्च इन्द्रिय आश्रयको रूपमा पूर्व उपस्थित नहुने हो भने पञ्च ऐन्द्रिय अनुभूतिको आगमन हुने थिएन ।

---

९ माध्यमिक कारिका- मङ्गलाचरण

१० सौगतसिद्धान्तसारसंग्रह- पृ. १

११ विसुद्धिमग्गो-१७।३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्पर्शद्वारा वेदनाको उत्पत्ति- इन्द्रिय र विषयको संयोग नै स्पर्श हो र यो छ प्रकारको हुन्छ । यथा चक्षु, श्रोत्र, घ्राण, जिह्वा, काय तथा मनस्पर्श । यी सबै कुशल तथा अकुशल कर्मको विपाक हुन् । आश्रय, पूर्वभाव इन्द्रिय, विप्रयुक्त, उपस्थिति तथा अविगत प्रत्ययहरूमा स्पर्शको उदय षडायतनमा आश्रित रहेको हुन्छ ।

वेदनाद्वारा तृष्णाको उत्पत्ति- इन्द्रिय र विषयको संयोगबाट उत्पन्न मनमा प्रथम प्रभावको नाम वेदना हो । चेतनामा प्रत्येक् प्रकारको वेदना अनिवार्य रूपले सम्बद्ध रहन्छ । यदि स्पर्श भयो भने वेदनालाई रोक्न सकिदैन चाहे त्यो सुखरूप होस् या दुःखरूप या न दुःख न सुख नै किन नहोस् ।

तृष्णाद्वारा उपादानको उत्पत्ति- छ प्रकारको विषयमा छ प्रकारको तृष्णा हुन्छ । यदि तिनीहरूमध्ये कुनै पदार्थप्रति काम वासनाको लागि उत्पन्न हुने तृष्णालाई कामतृष्णा भनिन्छ । यदि व्यक्तिगत जीवनको शाश्वतताको लालसालाई लिएर प्रवृत्त हुन्छ भने त्यो भवतृष्णा हो । यदि व्यक्तिगत जीवनको विनाश सम्बन्धी विश्वासलाई लिएर प्रवृत्त हुन्छ भने त्यसको नाम हो विभवतृष्णा । यो तीन प्रकारको तृष्णा नै सम्पूर्ण दुःखको जननी हो । यसलाई पूर्णरूपले निरुद्ध गरिएन भने यो संसाररूपी दुःख कदापि शान्त हुँदैन ।

उपादानद्वारा भवको उत्पत्ति- उपादानको अर्थ तृष्णा वैपुल्य हो । वयस्क उमेरमा मनुष्यमा विषयको कामना प्रबलरूपमा उपस्थित हुन्छ । कामनाको वशमा रही मनुष्य त्यसको परिपूर्तिका लागि विभिन्न उद्योग गर्दछ । कामूपादान (स्त्रीमा आसक्ति), दिठ्ठूपादान (मिथ्या सिद्धान्तमा आसक्ति), सिलबत्तूपादान (व्रतमा आसक्ति) तथा अत्तवादापादान (नित्य आत्मवादमा आसक्ति) गरी उपादान चार प्रकारका छन् । कामप्रति तृष्णा कामप्रति उपादानको आश्रयद्वारा प्रत्यय वनिरहन्छ र अनर्थको श्रृंखला चलिरहन्छ ।

भवद्वारा जातिको उत्पत्ति- भविष्य जन्मलाई उत्पन्न गर्ने कर्म नै भव हो[१२] । भव अर्थात् पुनर्जन्म गराउने कर्म नै उपादान हो । पुनर्जन्म गराउने सर्वकर्मलाई कर्मभव भनिन्छ । यो पुनर्जन्मकारी चेतनाको संग्रहात्मक संज्ञा हो । जुन जुन उपादानलाई लिएर व्यक्ति जुन जुन लोकमा जन्म प्राप्त गर्दछ, त्यो उत्पत्ति भव हो ।

जातिद्वारा दुःख (जरा-मरण-सोक-परिदेव-दुःख-दौर्मनस्य तथा हैरानी-वेचैनी) को उत्पत्ति- बच्चा माताको गर्भ वा कोखमा आउनु पञ्चस्कन्धको प्रस्फुरण हुनु हो र यो नै जाति हो । जब भव हुन्छ तब जाति हुन्छ । जहाँ जाति वा पुनर्जन्म हुँदैन, त्यहाँ जरामरणादिको अभाव हुन्छ । तर पुनर्जन्मको अभावमा जरामरणादिको पनि अवश्य अभाव हुन्छ । अतः पुनर्जन्मको निरोधद्वारा नै दुःखको निरोध सम्भव हुन्छ । भगवान् भन्नुहुन्छ- हे आनन्द, यदि जन्म नहुदो हो त सर्वथा विल्कुल नै जाति हुँदैन थियो । जस्तो- देवताको देवत्त्व, मनुष्यको मनुष्यत्त्वादि[१३] । यदि जरा, मरण, शोक र परिदेवलाई हटाउनु छ भने पुनर्जन्मलाई हटाउनु आवश्यक छ किनभने यो तिनीहरूमा आश्रित छ । पुनः यदि पुनर्जन्म नष्ट भयो भने त्यसको आधार भव पनि नष्ट हुन्छ ।

त्यसैगरी भवको निरोधका लागि उपादानको निरोध, उपादानको निरोधको लागि तृष्णाको निरोध, तृष्णाको निरोधका लागि वेदनाको निरोध, वेदनाको निरोधको लागि स्पर्शको निरोध, स्पर्शको निरोधका लागि षडायतनको निरोध, षडायतनको निरोधका लागि नामरूपको निरोध, नामरूपको निरोधका लागि विज्ञानको निरोध, विज्ञानको निरोधका लागि संस्कारको निरोध, संस्कारको निरोधका लगि अविद्याको निरोधलाई सम्पादन गर्नुपर्छ, जुन चार आर्यसत्यको भावना तथा आचरण विना अशक्य हुन्छ । अविद्याजन्य समस्त रागद्वेषादि क्लेशहरूको अशेष निरोधद्वारा संस्कारको निरोध हुन्छ । संस्कारको निरोधद्वारा विज्ञान, विज्ञानको निरोधद्वारा नामरूप, नामरूपको निरोधद्वारा षडायतन, षडायतनको निरोधद्वारा स्पर्श, स्पर्शको निरोधद्वारा वेदना, वेदनाको निरोधद्वारा तृष्णा, तृष्णाको निरोधद्वारा उपादान, उपादानको निरोधद्वारा भव, भवको निरोधद्वारा जाति, जातिको निरोधद्वारा जरामरणसोकपरिदेवदुःखदौर्मनस्य तथा हैरानी-वेचैनीको निरोध हुन्छ[१४] ।

दुःखसमुदय तथा दुःखनिरोधको बोधका लागि भगवान्‌ले अनुलोम तथा प्रतिलोम मार्गद्वारा यो कार्यकारणभावरूप नियमको उपदेश गर्नुभएको हो । यस नियमका अनुसार आध्यात्मिक तथा वाह्य जगत्‌मा हुने कुनै पनि घटना आफ्नो उत्पत्तिको लागि आफूभन्दा पहिले कुनै अन्य घटनाको प्रत्यय, हेतु वा निदान स्वरूप हुन्छ एवं स्वयं पनि एउटा अन्य परवर्ती घटनाप्रति प्रत्यय, हेतु वा निदानको रूपमा कारण वन्दै यस कार्यकारणभावरूप भवचक्र निरन्तर चलिरहन्छ । मनुष्यले यो नियम अनुसार आचरण गर्ने हो भने दुःखको अन्त अवश्य गर्न सक्दछ । प्रतीत्यसमुत्पादको द्वादशाङ्गलाई कालको दृष्टिमा अतीत, वर्तमान तथा भविष्यत् गरी तीन खण्डमा विभाजन गरिएको हुनाले आचार्य वसुवन्धुले यसलाई त्रिकाण्डक भनेका छन्-

स प्रतीत्यसमुत्पादो द्वादशाङ्गस्त्रिकाण्डकः ।
पूर्वापरान्तयोर्द्वे द्वे मध्येऽष्टौ परिपूरणा[१५] ॥

---

१२ यद् भविष्यद् भवफलं कुरुते कर्म तद् भवः । (अभिधर्मकोश-३।२४)

१३ बौद्ध दर्शन तथा अन्यभारतीय दर्शन- पृ. ३९६

१४ अविज्जाय त्वेव असेसविरागनिरोधा संखारनिरोधो, संखारनिरोधा विञ्ञाणनिरोधो, विञ्ञाणनिरोधा नामरूपनिरोधो, नामरूपनिरोधा सळायतननिरोधो, सळायतननिरोधा फस्सनिरोधो, फस्सनिरोधा वेदनानिरोधो, वेदनानिरोधा तण्हानिरोधो, तण्हानिरोधा उपादाननिरोधो, उपादाननिरोधा भवनिरोधो, भवनिरोधा जातिनिरोधो, जातिनिरोधा जरामरणं सोकपरिदेवदुक्खदोमनस्सुपायासा निरुज्झन्ति । एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स निरोधो होति । (सौगतसिद्धान्तसारसंग्रह- पृ. १)

१५ अभिधर्मकोश- ३।२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्तमान जीवन, अतीत जीवनको कर्मको फल हो भने भविष्य जीवन, वर्तमान जीवनको कर्मको फल हो। प्रतीत्यसमुत्पाद अनित्यवाद हुँदै क्षणिकवादमा परिवर्तित भएको पाइन्छ। प्रत्येक् वस्तु कारणानुसार उत्पन्न हुन्छ र कारण नष्ट भएपछि वस्तु पनि नष्ट हुन्छ। यो चित्त र विज्ञानको सतत प्रवाहशील धारामा निरन्तर आउने क्षण हो। प्रत्येक् क्षणमा मनुष्यको जन्म-मरण लगातार भैरहन्छ। अविद्या तथा संस्कार दुवै पूर्वजन्मका रचनात्मक शक्ति हुन्, जुन सङ्कलित भएर वर्तमान जन्मलाई निश्चित गर्दछन्। वर्तमान जीवनको विज्ञान, नामरूप, षडायतन, स्पर्श तथा वेदना सबै त्यसका विपाक स्वरूप हुन्। तत्पश्चात् वर्तमान जीवनको आधारका रूपमा जुन तृष्णा, भव र उपादान उत्पन्न हुन्छन्, तिनीहरू स्वयं कर्मभव बन्दछन्, जसको विपाक भविष्यको पुनर्जन्मको रूपमा हुन्छ र पुनः जरामरण तथा दुःख-सन्तति उत्पन्न हुन्छ, जुन वर्तमान जीवनको कर्मविपाक समान हुन्छ। यसरी यो भवचक्र निरन्तर संचालित भैरहन्छ।

प्रतीत्यसमुत्पादको विषयमा महायानी सम्प्रदायमा केही भिन्नता देखिन्छ। माध्यमिक वा शून्यवादमा पारमार्थिक दृष्टिमा प्रतीत्यसमुत्पादको सिद्धान्तलाई असत्य मानिएको छ भने सांवृत्तिक (व्यवहारिक) दृष्टिमा सत्य स्वीकार गरिएको छ। विज्ञानवाद वा योगाचारमतका अनुसार द्वादश निदानको सम्वन्ध केवल दुई जन्मसँग मात्रै छ। अविद्यादेखि भवसम्मको सम्बन्ध यदि पूर्वजन्मसँग छ भने जाति र जरामरणको सम्वन्ध भविष्य जीवनसँग छ। यदि पहिलो दश निदानको सम्वन्ध वर्तमान जीवनसँग छ भने जाति र जरामरणको सम्वन्ध भविष्य जीवनसँग छ।

योगाचारको मूल कल्पनामा आलयविज्ञानमा विद्यमान बीजको विकसित वा विस्तृतीकरण रूप नै यो जगत् हो। भौतिक जगत्को सृष्टिका लागि कुनै कारण शक्ति मान्नु पर्दछ। जसले प्रत्येक् धर्मको बीजको उत्पादन गरोस्। तर उत्पत्तिपश्चात् पनि यो बीज आलयविज्ञानमा शान्त रूपले रहन्छ, जवसम्म कुनै उद्‌वोधक कारणको सत्ता मानिदैन। जस्तै- एउटा वृक्षवाट वृक्षान्तरको उत्पत्ति हुनका लागि बीज हुनु जरुरी हुन्छ। तर यो बीज पनि वृक्ष उत्पादनमा तवसम्म समर्थ हुदैन, जवसम्म पृथ्वी, वायु, सूर्य तथा जलको सहयोगवाट अङ्कुरित हुँदैन। यही दृष्टान्तलाई आधार वनाएर योगाचारमतले द्वादश निदानलाई निम्न लिखित चार भागमा विभाजन गरेको छ[१६]।

वर्तमान जीवनसँग सम्वन्धित-

१. बीज उत्पादक शक्ति (अविद्या र संस्कार)

२. बीज (विज्ञान र वेदना)

३. बीजोत्पादन सामग्री (तृष्णा, उपादान तथा भव)

भविष्य जन्मसँग सम्वन्धित-

४. व्यक्तकार्य (जाति र जरामरण)।

संक्षेपमा के भन्न सकिन्छ भने प्रतीत्यसमुत्पादको सिद्धान्त बौद्धदर्शनको आधारशीला हो। त्यसैले यस सिद्धान्तको विस्तृत रूपमा विद्वान्हरूले चर्चा गरेका छन्।

बुद्धले आफ्नो दार्शनिक विचार प्रतीत्यसमुत्पादको नियमलाई उजागर गर्नुभन्दा पहिले अन्य दार्शनिक मतको समीक्षा गर्नुभयो। जसमा केही दार्शनिक नियतिवादी (जगत्का सम्पूर्ण कार्य अशल तथा खराव भाग्यको अधीनमा रहने तथा भाग्यले जे गर्छ, त्यसै अनुसार घटनाक्रम विकसित हुन्छ भन्ने), केही ईश्वरेच्छा (जगत्को सम्पूर्ण कार्य ईश्वरको इच्छामा निर्भर छ भन्ने मान्यता) तथा केही यदृच्छा (जगत्को सम्पूर्ण कार्य मनोमानी ढंगले विभिन्न रूप धारण गर्दछ भन्ने मत) वादी रहेका देख्नुभयो। तर भगवान्को युक्ति-प्रणव हृदयले यी मतहरू त्रुटिपूर्ण तथा दुःखको अन्त गर्न नसक्ने भएकाले स्वीकार गर्न सकेन। यदि यी मतलाई स्वीकार गर्ने हो भने कुनै पनि व्यक्ति आफ्नो कार्यप्रति उत्तरदायी हुँदैन। अतः भगवान्ले कार्यकारणको नियमको उपदेश गर्नुभएको हो। देश, काल वा विषय यी तीनै विषयमा यो नियम अनिवार्य छ। कामधातुमा मात्र होइन रूपधातुका देवतादि प्राणीहरू पनि यो नियममा बाँधिएका छन्। यो नियम नित्य, शाश्वत असंस्कृत धर्महरूमा वाहेक सम्पूर्ण अनित्य, अशाश्वत संस्कृत धर्महरूमा प्रयुक्त हुन्छ। स्वयं भगवान् तथागत पनि यो नियमको वशवर्ती हुनुहुन्छ।

<u>सन्दर्भग्रन्थ सूची :</u>

१. आचार्य वुद्धघोष (प्र.सं. भागीरथप्रसाद त्रिपाठी), विसुद्धिमग्गो, तृतीय भाग, वाराणसेय संस्कृत विश्वविद्यालय, वाराणसी, वि.सं. २०२९।

२. आचार्य वसुवन्धु (प्र.सं. द्वारिकादास शास्त्री), अभिधर्मकोशम् (प्रथमो भागः), बौद्धभारती, ई. १९९८।

३. उपाध्याय भरतसिंह, बौद्धदर्शन तथा अन्य भारतीय दर्शन, प्रथम भाग, मोतीलाल वनारसीदास पब्लिशर्स, दिल्ली, ई. १९५४।

४. उपाध्याय वलदेव, वौद्ध-दर्शन-मीमांसा, पञ्चम संस्करण, चौखम्वा विद्याभवन, वाराणसी, ई. १९९९।

५. मज्झिम निकायो (वहुधातुकसुत्त), पठमो भागो, मूल पण्णासपालि, वि. वि. इगतपुरी, ई. १९९५।

६. सं. चन्द्रधर शर्मा, सौगतसिद्धान्तसारसंग्रह, प्रथम संस्करण, चौखम्वा संस्कृत सीरिज, वनारस, ई. १९५४।

७. आचार्य नागार्जुनकृत (अनु. आचार्य नरेन्द्रदेव), मध्यमकशास्त्रम्, वौद्धभारती, वाराणसी, ई. १९८३।

---

१६ वौद्धदर्शन मीमांसा- पृ. ६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्मयादिबोधक शब्द

प्रकाश तिवारी

सहायक प्राध्यापक

नेपाली व्याकरणमा विस्मयादिबोधक शब्दको अध्ययन पदवर्गभित्र गरिन्छ। विस्मयादिवोधक शब्दलाई अध्ययन गर्न पर्याप्त सामग्रीहरू पाइदैनन्। नेपाली भाषामा विस्मयादिबोधक शब्दहरूले महत्त्वपूर्ण भूमिका खेल्दछन्। त्यसैले कस्ता शब्दहरूलाई विस्मयादिबोधक शब्द भन्ने ? नेपाली भाषाका विस्मयादिबोधक शब्दहरूको परिभाषा निर्धारणका क्रममा विभिन्न मतमतान्तर रहेका कारण यसको वैज्ञानिक परिभाषा निर्धारण कसरी गर्ने ? नेपाली भाषामा प्रयोग हुने विस्मयादिबोधक शब्दहरू कति छन् ? विस्मयादिबोधक शब्दहरूलाई वर्गीकरण गर्ने क्रममा व्याकरणकारहरूले अर्थका आधारमा मात्रै फरक फरक ढङ्गले वर्गीकरण गरेका छन्। अर्थका आधारमा कति भागमा वर्गीकरण गर्न सकिन्छ र अन्य आधारहरूमा पनि वर्गीकरण गर्न सकिन्छ कि सकिदैन ? विस्मयादिबोधक चिन्ह प्रयोगका सन्दर्भमा विभिन्न विद्वानहरूका फरक धारणा रहेका कारण चिन्ह प्रयोग कहाँ र कसरी गर्ने ? आदि विषयहरू समस्याका रूपमा देखा परेका छन्। यहाँ विस्मयादिबोधक शब्दलाई चिनाउन यसको परिभाषाको खोजि गरिन्छ। नेपाली व्याकरणमा शब्द वर्गको वर्गीकरणअन्तर्गत अव्ययको एक भेद विस्मयादिवोधक हो। विस्मय र विस्मयादिबोधक शब्दलाई विभिन्न विद्वान्हरूले विभिन्न अर्थ र परिभाषाबाट चिनाएका छन्।

वामन शिवराम आप्टेले विस्मय शब्दलाई वि+स्मि+अच् बाट निष्पन्न भएको बताउँदै विस्मयको अर्थ आश्चर्य या अचम्मको भावना भनेका छन्।।[१]

Sally Wehmeir ले विस्मयलाई अंग्रेजीमा Interjection भन्दै यसको अर्थ A short sound, word or phrase spokenb suddenly to express an emotion. भनेका छन्।[२] बालचन्द्र शर्मालले विस्मय, आश्चर्य, हर्ष, खेद आदि प्रकट गर्ने शब्द वा चिन्हलाई विस्मयादिबोधक शब्दका रूपमा प्रयोग गरेका छन्।[३] नरेन्द्रमणि आचार्य दीक्षितले Interjection को अर्थ अन्तः क्षेपण, उद्गार, विस्मयादिबोधक शब्द गरेका छन्।[४] कृष्णप्रसाद पराजुलीले अकस्मात् कुनै कुरा देख्दा, सुन्दा वा मनमा उत्पन्न हुँदा विस्मय, हर्ष, खेद, घृणा आदि व्यक्त गर्ने शब्द वा चिन्हलाई विस्मयादिबोधक भनेर चिनाएका छन्।[५]

पं. श्री कृष्णचन्द्र शर्मा, रेग्मी र कविराज श्री पूर्णचन्द्र शर्मा रेग्मीले विस्मय शब्दको अर्थ नेपालीमा आश्चर्य, हिन्दीमा ताज्जुव र अंग्रेजीमा surprise, wonder हुन्छ भनेका छन्।[६]

अमरसिंहद्वारा विरचित 'अमरकोश' मा 'विस्मयोऽद्भूतमाश्चर्यचित्रम्' भनेर विस्मय शब्दका पर्यायवाची शब्दका रूपमा विस्मय, अद्भूत, आश्चर्य र चित्रलाई लिइएको छ।[७]

कवि विश्वनाथले भावध्वनि, व्यभिचारीभाव र सात्त्विकभाव गरी भावलाई तीन भागमा वर्गीकरण गर्दै 'भिन्न कण्ठ ध्वनि काकुः' भनेर काकु ध्वनिले शब्दलाई विस्मयमा लैजाने बताएका छन्।[८]

वसन्तकुमार शर्म्मा 'नेपाल' ले विस्मय, विस्मयादिबोधक, विस्मयवाचक र विस्मयादिबोधकजस्ता शब्दहरू प्रयोग गर्दै विस्मयादिबोधक शब्दको अर्थ 'अकस्मात् कुनै कुरो देख्दा, सुन्दा, हुँदा, पर्दा, आश्चर्य, खुशी, आनन्द, घृणा आदि व्यक्त गर्ने उद्गारबोधक शब्द वा चिन्ह भनेका छन्।[९] व्याकरणमा अचम्म प्रकट गरिने शब्दका रूपमा विस्मयादिसूचक

---

१ आप्टे, शिवराम वामन : 'संस्कृत-हिन्दी कोश' (छात्र संस्करण) (ई.स. १८९०) (नाग प्रकाशन ११/ए./यु.ए. जवाहर नगर दिल्ली, पुनः मुद्रित पाँचौं संस्करण-१९९५), पृ. ९६४।

२ Sally Wehmeir : 'Oxford Advanced learner's Dictionary'-1948 (Oxford University press, Newyork, sixth edition 2000), Page no. 679.

३ बालचन्द्र शर्मा : 'नेपाली शब्दकोश'-२०१९, (सृष्टि प्रकाशन चावहिल, काठमाण्डौ, द्वितीय प्रकाशन २०५७), पृ. ९७७:

४ नरेन्द्रमणि आचार्य (दीक्षित) : 'अंग्रेजी नेपाली साझा सङ्क्षिप्त शब्दकोश', (साझा प्रकाशन, पुल्चोक, ललितपुर २०३३), पृ. २५१।

५ कृष्णप्रसाद पराजुली : 'नेपाली बृहत् शब्दकोश', (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ २०४२), पृ. ११६८।

६ पं. कृष्णचन्द्र रेग्मी/कविराज पूर्णचन्द्र रेग्मी, : 'संस्कृत-नेपाली-हिन्दी-अङ्ग्रेजी शब्दकोश' (रेग्मी संस्कृत त्रैभाषिक कोश) (कृष्णकुमारी देवी के २३/१९९, दूधविनायक वाराणसी २०४७), पृ. ७०२।

७ पं. कुलचन्द्र गौतम : 'अमरकोश'-१९९३, (पं.लक्ष्मीनाथ गौतमद्वारा प्रकाशित, १९ टंकाल गौरीधारा काठमाण्डौ), के.कृ. पावगी, हितचिन्तक प्रेस, रामघाट वाराणसी-१, (पुनः प्रकाशित), पृ. ४८।

८ कवि विश्वनाथ : 'साहित्य दर्पण' (सविमर्श-'शशिकला' हिन्दी व्याख्योपेतः) व्याख्याकार-डा.सत्यव्रत सिंह, चौखम्बा विद्या भवन, वाराणसी, तृतीय परिच्छेद, (पुनः मुद्रित संस्करण २००५) (पृ. २०५)

९ वसन्तकुमार शर्म्मा 'नेपाल' : 'नेपाली शब्दसागर'-२०५७, (भाभा पुस्तक भण्डार, चावेल, काठमाण्डौ, तेस्रो सं. २०६१), पृ. १२२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दलाई लिँदै फणिन्द्रप्रसाद पाण्डेयले विस्मय शब्दको अर्थ 'अचम्म, आश्चर्य, अभिमान, सन्देह, अचम्म लाग्ने कुराको बयान गर्दा वा सुन्दा मनमा उब्जने साहित्यमा अद्‌भूत रसको एक स्थायी भाव गरेका छन्।[१०]

अष्टाध्यायीका प्रणेता पाणिनिले विस्मयादिबोधकलाई निपातभित्र समेटेका छन्। पाणिनीय सूत्रलाई व्याख्या गर्दै भट्टोजी दीक्षितले पनि विस्मयादिबोधकलाई निपातभित्र नै लिएका छन्।[११] गुरूराज हेमराज पण्डितले मनोभाव बुझाउने शब्दलाई विस्मयादिबोधक शब्दका रूपमा लिएका छन्।[१२] सोमनाथ सिग्द्यालले आश्चर्य, हर्ष, शोक आदि मनको भाव बुझाउने अव्ययलाई विस्मयादिबोधक शब्द भनेका छन्[१३] भने गोपाल पाण्डे 'असीम' ले आश्चर्य, हर्ष आदि मनको भाव प्रकट गर्दा उद्‌गार चिन्ह (!) सहित प्रयोग हुने शब्दलाई विस्मयादिबोधक शब्द भनेका छन्।[१४]

पुष्कर शम्शेर ज.ब.रा.ले दिक्क, अचम्म, खुशी आदि मनको भाव जाहेर गर्ने पदलाई विस्मयादिबोधक भनेका छन्[१५] भने पारसमणि प्रधानले विस्मय, आश्चर्य, शोक, हर्ष, प्रशंसा, घृणा, निन्दा, प्रश्न, दुःख, च्युति, सम्बोधन आदि भाव बुझाउने शब्दलाई विस्मयादिबोधक शब्द मानेका छन्[१६] कृष्णप्रसाद पराजुलीले हर्ष, विस्मात्, आश्चर्य, घृणा आदि भाव जनाउने शब्दलाई विस्मयादिबोधक शब्द भनेका छन्।[१७] र आश्चर्यादिबोधक अव्ययलाई हर्षनाथ शर्माले विस्मयादिबोधक अव्यय मानेका छन्[१८] खुशी, हर्ष, विस्मात्, दुःख आदि भाव जनाउने शब्दलाई तुलसीप्रसाद ढुङ्ग्यालले विस्मयादिबोधक शब्द मानेका छन्[१९] भने चूडामणि उपाध्याय रेग्मीले मनमा आएका भावहरूको उद्‌गारलाई विस्मयादिबोधक भनेका छन्।[२०] विष्णुगोपाल रिसाल र शिवगोपाल रिसालले एक्कासि मनको भाव प्रकट गर्ने उद्‌गारलाई विस्मयादिबोधक मानेका छन[२१] त्यसैगरी पं. ऋषभदेव शास्त्रीले जुन शब्दद्वारा मनका विभिन्न भाव अर्थात् विस्मय, हर्ष, पीर, माया, घृणा आदि प्रकट गरिन्छ, त्यसलाई विस्मयादिबोधक अव्यय भनेका छन्।[२२] मोहनराज शर्माले मनका आकस्मिक भाव, दशा वा वृत्ति बुझाउने शब्दलाई विस्मयादिबोधक भनेका छन्[२३] भने रोहिणीप्रसाद भट्टराईले प्रायः वाक्यको अगाडि रहेको जुन अव्यय पदले वाक्यभित्र रहेका कुनै पनि पदको कुनै विशेष कुरा र सम्वन्ध नबुझाई एक्कासि पर्न आएको कुनै क्रियाप्रति केवल वक्ताको मनका भित्री उद्‌गार र भाव हर्ष, शोक, आश्चर्य, निन्दा, प्रशंसा, अरूचि आदिलाई बुझाउने अव्ययलाई विस्मयादिबोधक वा भावबोधक अव्यय मानेका छन्।[२४] कृष्णप्रसाद पराजुलीले खुशी, विस्मात्, छक्क आदि जनाउने शब्दलाई विस्मयादिबोधक शब्द भनेका छन्[२५] र भूपति ढकाल 'कमल'ले हर्ष, विस्मात्, आश्चर्य, घृणा आदि जनाउने शब्दलाई विस्मयादिबोधक अव्यय मानेका छन्।[२६]

यसैगरी शिक्षापदाधिकारीहरूद्वारा संयुक्त रूपमा लेखिएको 'माध्यमिक नेपाली व्याकरण र रचना' मा आश्चर्य, विस्मय, प्रशंसा, हर्ष आदि बुझाउने शब्दलाई विस्मयादिबोधक शब्दका रूपमा लिएका छन्[२७] भने बोधराज काफ्लेले हर्ष, विस्मात्, आश्चर्य आदि अप्रत्याशित घटनाप्रति तीव्र प्रतिक्रिया जनाउने शब्दलाई विस्मयादिबोधक शब्द भनेका

---

१० फणिन्द्रप्रसाद पाण्डेय : 'संस्कृत नेपाली वृहत् शब्दकोश'-२०५७, (म.सं.वि., बेलझुण्डी, दाङ), पृ. १२०८।

११ भट्टोजि दीक्षित : 'वैयाकरण सिद्धान्त कौमुदी', (चौखम्वा विद्या भवन, वाराणसी), पृ. ४९।

१२ गुरुराज हेमराज पण्डित : 'चन्द्रिका'-१९६९, (साझा प्रकाशन), पृ. १८।

१३ सोमनाथ सिग्द्याल : 'मध्यचन्द्रिका'-१९७६, (साझा प्रकाशन), पृ. ११८।

१४ गोपाल पाण्डे 'असीम' : 'रचना केशर'-१९९४, (साझा प्रकाशन), पुल्चोक, ललितपुर, पृ.।

१५ पुष्कर शमशेर : 'नेपाली सजिलो व्याकरण'-२००१, (साझा प्रकाशन, पुल्चोक, ललितपुर, पाँचौं संस्क. २०१९)

१६ पारसमणि प्रधान : 'नेपाली व्याकरण' (ई.स. १९४४), पूर्ववत्, पृ. ७।

१७ कृष्णप्रसाद पराजुली : 'राम्रो रचना मीठो नेपाली'-२०२३, (सहयोगी प्रकाशन, काठमाण्डौ २० औं संस्क. २०५४)

१८ हर्षनाथ शर्मा : अनिवार्य नेपाली रचना'-२०२३, (साझा प्रकाशन), पृ. ४२।

१९ तुलसीप्रसाद ढुङ्ग्याल : 'नेपाल रचना शिल्प'-२०२५, (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाण्डौ), (पृ.८।

२० चूडामणि उपाध्याय रेग्मी : 'नेपाली भाषाको उत्पत्ति'-२०२५, (साझा प्रकाशन, पुल्चोक, ललितपुर, चौथो संस्क. २०४७), पृ. ५३।

२१ विष्णुगोपाल रिसाल र शिवगोपाल रिसाल : 'नेपाली भाषा र व्याकरण'-२०२७, (साझा प्रकाशन, पुल्चोक, ललितपुर), पृ. ६२।

२२ पं.ऋषभदेव शास्त्री : 'व्याकरणको दन्त्य कथा'-२०२७, (साझा प्रकाशन, पुल्चोक, ललितपुर), पृ. १८।

२३ मोहनराज शर्मा : 'शब्द रचना र वर्ण विन्यास'-२०३१, (नवीन प्रकाशन, काठमाण्डौ), पृ. ९१।

२४ रोहिणीप्रसाद भट्टराई : 'वृहत् नेपाली व्याकरण'-२०३३, (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ), पृ. ३४७-३५०।

२५ कृष्णप्रसाद पराजुली : 'प्रयोगात्मक भाषा तत्त्व'-२०३५, (रत्न पुस्तक भण्डार, काठमाण्डौ), पृ. ३१।

२६ भूपति ढकाल 'कमल' : 'नेपाली व्याकरणको सङ्क्षिप्त दिग्दर्शन'-२०३९, वाराणसी, पृ. ३२।

२७ शिक्षा पदाधिकारीहरु : 'माध्यमिक नेपाली व्याकरण र रचना' (ई.स. १९८५, राष्ट्रिय पुस्तक प्रकाशन, बस्नेतमार्ग, विशालगाउँ, सिक्किम, ११ औं संस्क.), पृ. १२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्। [२८] डा. हेमाङ्गराज अधिकारीले प्रायः वाक्यका अगाडि पृथक् रूपमा आई त्यसमा व्यक्त अवधारणामाथि विभिन्न मनोभाव जनाउने शब्दहरूलाई विस्मयादिबोधक भन्दै वाक्यार्थलाई मद्दत गरे पनि वाक्यात्मक अङ्गभन्दा यी अलग्गै हुने हुँदा निपातभन्दा केही भिन्नसमेत देखापर्छ भनेका छन्। [२९] घटराज भट्टराईले आश्चर्य, हर्ष, शोक आदि मनका भाव बुझाउने अव्ययलाई विस्मयादिबोधक भनेका छन् [३०] भने चूणामणि रेग्मीले 'नेपाली भाषा र व्याकरणका केही विषय : केही छलफल' मा विस्मयादिबोधकको छुट्टै अस्तित्व स्वीकार्दै अव्यय वर्गभित्र नराख्न आग्रह गरेका छन्। [३१]

मनका भाव बुझाउने शब्दका अतिरिक्त घृणा, हर्ष, प्रशंसा, शोक, तिरस्कार आदि बुझाउने शब्दलाई विस्मयादिबोधक शब्द मान्दै यादवप्रकाश लामिछानेले विस्मयादिवोधकले मनोभावलाई बुझाउने क्रममा दु:ख, विस्मय, ग्लानि, हर्ष, विस्मात् आदि कुरालाई वाक्यमा रहेर प्रष्ट पार्ने कार्य गर्दछ भनेका छन्। [३२]

हेमनाथ पौडेल र नेत्रप्रसाद पौडेलले वक्ताका मनका हर्ष, शोक, घृणा, निन्दा, प्रशंसा आदि मनोभाव बुझाउने शब्दलाई विस्मयादिबोधक भनेका छन्[३३] भने पञ्चप्रसाद शर्माले मानसिक भाव बुझाउने अव्ययलाई विस्मयादिबोधक भनेका छन्। [३४] शर्माले विस्मयादिबोधक चिन्हको प्रयोगलाई बढी महत्त्व दिँदै यस्तो चिन्ह मानसिक भाव बुझाउने शब्द वा पूरै वाक्यको अन्त्यमा हुने बताएका छन्। मनोभावलाई प्रस्तुत गर्ने र मनोभावलाई प्रतीत गराउने शब्दहरू उदाहरणका रूपमा प्रस्तुत गर्दै रामप्रसाद ज्ञवाली र गणेशप्रसाद भट्टराईले मानवीय भाव बुझाउने अव्ययलाई विस्मयादिबोधक भनेका छन्।[३५] मानवीय मनोभावलाई व्यक्त गर्ने सिङ्गो वाक्य समानको एकाइलाई विस्मयादिबोधकको पहिचानका रूपमा प्रस्तुत गर्दै डा.व्रतराज आचार्यले विस्मयादिबोधकलाई 'निपात' सँग तुलना गरेका छन्। [३६] आचार्यका अनुसार निपातहरूले मनोभाव व्यक्त गरे पनि यसको स्वतन्त्र रूपमा प्रयोग सम्भव छैन तर विस्मयादिबोधक भने स्वतन्त्र रूपमा प्रयोग हुन्छन् र वाक्य समान काम गर्दछन् भन्ने उल्लेख गरेका छन्।

कृष्णहरि बराल र नेत्र एटमले विभिन्न अवस्थामा मानिसका मनमा उब्जने संवेगलाई जनाउन प्रयोग गरिने अव्यय शब्दलाई विस्मयादिबोधक (Interjection) शब्द भनेका छन्।[३७] मानव मनका भाव, दशा वा वृत्ति बुझाउने अव्यय पदलाई विस्मयादिबोधक शब्दका रूपमा लिँदै कपिलदेव लामिछानेले विस्मयादिबोधक चिन्ह (!) को प्रयोगलाई अनिवार्य मानेका छन्। साथै विस्मयादिबोधक अविकारी पदवर्गमा पर्ने र यसको रूपायन नहुने कुरा उल्लेख गरेका छन्। [३८]

डा.सुन्दरकृष्ण जोशीले वाक्यमा अरू शब्दसित कुनै वाक्यात्मक सम्वन्ध नभएको भावाभिव्यक्तिलाई विस्मयादिबोधक भन्दै यो अव्यय हो र यसको रूपायन हुँदैन भनेका छन्। [३९]

उत्तम सापकोटा, हरिप्रसाद रेग्मी र थिरप्रसाद घिमिरेद्वारा संयुक्त रूपमा लिखित 'अनिवार्य नेपालीमा' मानवीय भाव व्यक्त गर्ने पदलाई विस्मयादिबोधक मानेका छन्[४०] भने वद्रीकुमार कार्कीले वक्ताको मानसिक अवस्था, आकस्मिक मनोभाव, दशा आदि बुझाउने पदलाई विस्मयादिबोधकको रूपमा लिएका छन्। [४१]

भगवानचन्द्र उपाध्यायले वाक्यमा प्रयुक्त रहेर पनि वाक्यभन्दा पृथक् अस्तित्व रहेका वाक्यका सुरू र अन्त्यमा आएर वक्ताका मनोभाव व्यक्त गर्ने शब्दलाई विस्मयादिबोधक शब्द भनेका छन् [४२] दुर्गाप्रसाद दाहालले प्रायः वाक्यको

---

[२८] बोधराज काफ्ले : 'निपात'-२०४२, (त्रि.वि.वि.पाठ्यक्रम विकास केन्द्र, मचली, टेकु, काठमाण्डौ), पृ. १३।

[२९] डा.हेमाङ्गराज अधिकारी : 'समसामयिक नेपाली व्याकरण'-२०४६, (विद्यार्थी पुस्तक भण्डार), पृ. ७१।

[३०] घटराज भट्टराई : 'नेपाली व्याकरण रचना र साहित्य'-२०५१, (सृष्टि प्रकाशन, चावहिल, काठमाण्डौ), पृ. ३९।

[३१] चूडामणि रेग्मी : 'नेपाली भाषा र व्याकरणका केही विषय : केही छलफल'-२०५२, पृ. ५३-५७।

[३२] यादवप्रकाश लामिछाने : 'अनिवार्य नेपाली व्याकरण र रचना'-२०५३, पृ. ३०।

[३३] हेमनाथ पौडेल/नेत्रप्रसाद पौडेल : 'साधारण नेपाली व्याकरण र समीक्षा'-२०५४, (पैरवी प्रकाशन, तेस्रो संस्क. २०५७), पृ. ४२।

[३४] पञ्चप्रसाद शर्मा : 'अनिवार्य नेपालीको पाठ्यपुस्तक'-२०५४, (नवपुस्तक प्रकाशन, काठमाण्डौ), पृ. ३०।

[३५] रामप्रसाद ज्ञवाली/गणेशप्रसाद भट्टराई : 'अनिवार्य नेपाली'-२०५५, (भुँडीपुराण प्रकाशन, काठमाण्डौं), पृ. ३०।

[३६] डा.व्रतराज आचार्य : 'आधारभूत नेपाली व्याकरण तथा रचना'-२०५८, (साझा प्रकाशन, पुल्चोक, ललितपुर), पृ. ५६।

[३७] कृष्णहरि बराल/नेत्र एटम : 'अनिवार्य नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास'-२०५८, (नोवेल बुक्स पब्लिकेशन, काठमाण्डौ), पृ. ४१।

[३८] कपिलदेव लामिछाने : 'अनिवार्य नेपाली'-२०६०, (लुम्बिनी स्टुडेण्ट कर्नर, काठमाण्डौ), पृ. ५४।

[३९] डा.सुन्दरकृष्ण जोशी : 'नेपाल भाषा व्याकरण'-२०६०, (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ), पृ. ११६-११८।

[४०] उत्तम सापकोटा/हरिप्रसाद रेग्मी/थिरप्रसाद घिमिरे : 'अनिवार्य नेपाली व्याकरण, अभिव्यक्ति र साहित्य'-२०६०, (रक्तकाली एजुकेशन फाउण्डेशन, क्षेत्रपाटी, काठमाण्डौ), पृ. ३८।

[४१] वद्रीकुमार कार्की : 'नेपाली निष्कर्ष व्याकरण'-२०६०, (सेवा अफसेट प्रेस, टेकु, काठमाण्डौ), पृ. ८८।

[४२] भगवानचन्द्र उपाध्याय : 'अनिवार्य नेपाली'-२०६१, (लुम्बिनी प्रेस, काठमाण्डौ), पृ. ३८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगाडि आई मानवमनका विभिन्न प्रकृतिका मनोभाव जनाउने आफ्नो कुनै वस्तुपरक अर्थ नभएका शब्दहरूलाई विस्मयादिवोधक शब्द मानेका छन्।[४३]

डा.मोतीलाल पराजुलीलगायत १८ जना लेखकहरूद्वारा संयुक्त रूपमा लिखित 'साधारण नेपाली'मा वक्ताको मानसिक अवस्था, आकस्मिक रूपमा प्रकट हुने मनोभाव, मनोतरङ्ग, आन्तरिक दशा, विस्मय भाव एवम् वृत्तिसहितका अनेकौं भाव बुझाउने पदलाई विस्मयादिवोधक भनिएको छ।[४४] यसको कार्य वक्ताका भावहरूको अभिव्यक्ति दिनु हो। यिनीहरूले वक्ताको मानसिक तरलताका अवस्थामा व्यक्त हुने भावहरूका आधारमा विस्मयादिबोधक शब्दहरूको वर्गीकरण गरेका छन्।

यसैगरी नारायणप्रसाद शर्मा गैह्रेले कुनै विषयमा आश्चर्य, हर्ष, शोक, प्रशंसा, घृणा, निन्दा आदि भाव व्यक्त गर्दा प्रयोग गरिने अव्यय शब्दलाई विस्मयादिवोधक शब्द भनेका छन्।[४५]

डी.पी. भट्टराईले आश्चर्य, खुशी, शोक, घृणा आदि मनका भावहरू व्यक्त गर्ने अव्यय पदलाई विस्मयादिवोधक भनेका छन्[४६] भने रामनाथ ओझा र मधुसुदन गिरीले मान्छेका मनका विभिन्न किसिमका भावहरू हर्ष, विस्मात्, लज्जा, घृणा आदि जनाउने अव्यय शब्दलाई विस्मयादिवोधक शब्द मानेका छन्।[४७]

'शब्द रचना र वर्ण विन्यास' नामक पुस्तकको संशोधित संस्करणमा आइपुग्दा मोहनराज शर्माले २०३१ को प्रस्तुतिभन्दा भिन्न प्रकारले विस्तृत विवरणहरू प्रस्तुत गरेका छन्। पूर्वकै परिभाषामा आकस्मिक शब्द जोड्दै विस्मयादिवोधकको परिभाषा यसरी प्रस्तुत गरेका छन्। मनका आकस्मिक भाव, दशा वा वृत्ति बुझाउने शब्दलाई विस्मयवाचक (Interjection) भनिन्छ।[४८] विस्मयवाचकहरू सन्दर्भार्थ नभएका शब्द हुन्। सन्दर्भार्थको अभावका कारण यिनले कुनै व्यक्ति, वस्तु वा तिनका विशेषता बुझाउँदैनन्। यिनका साङ्केतिक (referent) का भौतिक जगत्मा कुनै वास्तविक सत्ता हुँदैन।

जस्तो 'रूख' शब्दको साङ्केतितका रूपमा वास्तविक (रूख) वस्तु हुन्छ। अतः विस्मयादिवोधकहरूले वाह्य सत्त्व वा तत्त्वलाई होइन आन्तरिक मनोभावलाई जनाउँदछन्। यी रूपायन नहुने वन्दवर्गका शब्द हुन्।

नेपाली भाषामा विस्मयादिवोधकको महत्त्वपूर्ण स्थान रहेको छ। विस्मयादिवोधक शब्दले वक्ता र स्रोताका बीचमा विचार विनिमयका निमित्त प्रभावकारी भूमिका खेलेको पाइन्छ। यसवाट नेपाली भाषाका विद्यार्थी, शिक्षक, अनुसन्धाता, साहित्यकार, नेपाली भाषासम्बन्धी कार्य गर्ने सङ्घसंस्था, पाठ्यक्रम निर्माता आदिका लागि उपयोगी हुनेछ।

सन्दर्भ ग्रन्थसूची

१. अधिकारी, डा.हेमाङ्गराज : 'समसामयिक नेपाली व्याकरण'-२०४६, (विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौ)।

२. आचार्य, नरेन्द्रमणि (दीक्षित) : 'अंग्रेजी नेपाली साझा सङ्क्षिप्त शब्दकोश', (साझा प्रकाशन, पुल्चोक, ललितपुर २०३३)।

३. आचार्य, डा.व्रतराज : 'आधारभूत नेपाली व्याकरण तथा रचना'-२०५८, (साझा प्रकाशन, पुल्चोक, ललितपुर)।

४. आप्टे, वामन शिवराम : 'संस्कृत-हिन्दी कोश' (छात्र संस्करण) (ई.स. १८९०) (नाग प्रकाशन ११/ए./यु.ए.जवाहर नगर दिल्ली, पुनः मुद्रित पाँचौं संस्करण-१९९५)।

५. उपाध्याय, भगवानचन्द्र : 'अनिवार्य नेपाली'-२०६१, (लुम्विनी प्रेस, काठमाण्डौ)।

६. ओझा, रामनाथ/गिरी, मधुसुदन : 'भाषा विज्ञान', (वाङ्मय प्रकाशन गृह, काठमाण्डौ)।

७. काफ्ले, बोधराज : 'निपात'-२०४२, (त्रि.वि.वि.पाठ्यक्रम विकास केन्द्र, मचली, टेकु, काठमाण्डौ)।

८. कार्की, वद्रीकुमार : 'नेपाली निष्कर्ष व्याकरण'-२०६०, (सेवा अफसेट प्रेस, टेकु, काठमाण्डौ)।

९. गैह्रे, नारायणप्रसाद (शर्मा) : 'साधारण नेपाली'-२०६१, (एशिया पव्लिकेशन, काठमाण्डौ)।

१०. गौतम, पं.कुलचन्द्र : 'अमरकोश'-१९९३, (पं.लक्ष्मीनाथ गौतमद्वारा प्रकाशित,
१९ टंकाल गौरीधारा काठमाण्डौ), के.कृ. पावगी, हितचिन्तक प्रेस, रामघाट वाराणसी-१।

११. जोशी, डा.सुन्दरकृष्ण : 'नेपाल भाषा व्याकरण'-२०६०, (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ)।

१२. ढकाल, भूपति 'कमल' : 'नेपाली व्याकरणको सङ्क्षिप्त दिग्दर्शन'-२०३९, भट्टराई बन्धु प्रकाशन, वाराणसी।

---

[४३] दुर्गाप्रसाद दाहाल : 'साधारण नेपाली'-२०६१, (केपी पुस्तक भण्डार, डिल्लीबजार, काठमाण्डौ), पृ. ६२।

[४४] डा.मोतीलाल पराजुलीलगायत १८ जना लेखकहरु : 'साधारण नेपाली'-२०६१, दीक्षान्त पुस्तक भण्डार। पृ. ।

[४५] नारायणप्रसाद (शर्मा) गैह्रे : 'साधारण नेपाली'-२०६१, (एशिया पब्लिकेशन, काठमाण्डौ), पृ. ५५।

[४६] डी.पी. भट्टराई : 'समसामयिक नेपाली व्याकरण र अभिव्यक्ति'-२०६१, पृ. ४५।

[४७] रामनाथ ओझा/मधुसुदन गिरी : 'भाषा विज्ञान', (वाङ्मय प्रकाशन गृह, काठमाण्डौ), पृ. ९८।

[४८] मोहनराज शर्मा : 'शब्द रचना र वर्ण विन्यास', (नवीन प्रकाशन, काठमाण्डौ), पृ. ९१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. दुङ्गयाल, तुलसीप्रसाद : 'नेपाली रचना शिल्प'-२०२५, (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाण्डौ, नेपाल)।
१४. दाहाल, दुर्गाप्रसाद : 'साधारण नेपाली'-२०६१, (के.पी. पुस्तक भण्डार, डिल्लीबजार, काठमाण्डौ)।
१५. दीक्षित, भट्टोजि : 'वैयाकरण सिद्धान्त कौमुदी', (चौखम्वा विद्या भवन, वाराणसी)।
१६. पराजुली, कृष्णप्रसाद : 'नेपाली बृहत् शब्दकोश', (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ २०४२)।
१७. पराजुली, कृष्णप्रसाद : 'राम्रो रचना मीठो नेपाली'-२०२३, (सहयोगी प्रकाशन, काठमाण्डौ २० औंसंस्करण २०५४)।
१८. पराजुली, कृष्णप्रसाद : 'प्रयोगात्मक भाषा तत्त्व'-२०३५, (रत्न पुस्तक भण्डार, काठमाण्डौ)।
१९. पराजुली, डा.मोतीलाललगायत १८ जना लेखकहरू : 'साधारण नेपाली'-२०६१, दीक्षान्त पुस्तक भण्डार, काठमाण्डौ।
२०. पण्डित, गुरूराज हेमराज : 'चन्द्रिका'-१९६९, साझा प्रकाशन, पुल्चोक, ललितपुर।
२१. पाण्डे, गोपाल 'असीम' : 'रचना केशर'-१९९४, साझा प्रकाशन, पुल्चोक, ललितपुर।
२२. पाण्डेय, फणिन्द्रप्रसाद : 'संस्कृत नेपाली बृहत् शब्दकोश'-२०५७, म.सं.वि., वेलझुण्डी, दाङ।
२३. पौडेल, हेमनाथ /पौडेल, नेत्रप्रसाद : 'साधारण नेपाली व्याकरण र समीक्षा'-२०५४, (पैरवी प्रकाशन, तेस्रो संस्करण २०५७)।
२४. प्रधान, पारसमणि : 'नेपाली व्याकरण' (ई.स. १९४४), मौका मिलन एण्ड कम्पनी लिमिटेड, कलकत्ता।
२५. बराल, कृष्णहरि/एटम, नेत्र : 'अनिवार्य नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास'-२०५८,(नोवेल बुक्स पब्लिकेशन, काठमाण्डौ)।
२६. भट्टराई, घटराज : 'नेपाली व्याकरण रचना र साहित्य'-२०५१, (सृष्टि प्रकाशन, चावहिल, काठमाण्डौ)।
२७. भट्टराई, डी.पी. : 'समसामयिक नेपाली व्याकरण र अभिव्यक्ति'-२०६१, काठमाण्डौ, नेपाल।
२८. भट्टराई, रोहिणीप्रसाद : 'बृहत् नेपाली व्याकरण'-२०३३, (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ)।
२९. रिसाल, विष्णुगोपाल र रिसाल, शिवगोपाल : 'नेपाली भाषा र व्याकरण'-२०२७, (साझा प्रकाशन, पुल्चोक, ललितपुर)।
३०. रेग्मी, पं.कृष्णचन्द्र/रेग्मी, कविराज पूर्णचन्द्र : 'संस्कृत-नेपाली-हिन्दी-अङ्ग्रेजी शब्दकोश'(रेग्मी संस्कृत त्रैभाषिक कोश) (कृष्णकुमारी देवी के २३/१९९, दूधविनायक वाराणसी २०४७)।
३१. रेग्मी, चूडामणि उपाध्याय : 'नेपाली भाषाको उत्पत्ति'-२०२५, (साझा प्रकाशन, पुल्चोक, ललितपुर, चौथो संस्क. २०४७)।
३२. रेग्मी, चूडामणि : 'नेपाली भाषा र व्याकरणका केही विषय : केही छलफल'-२०५२।
३३. लम्साल, पुरूषोत्तम : 'नेपाली भाषाका नामयोगीहरूको सङ्कलन, वर्गीकरण र प्रयोगसम्वन्धी अध्ययन' महेन्द्रसंस्कृतविश्वविद्यालय, शास्त्री तृतीय वर्षको शोधपत्र, २०६२)
३४. लामिछाने, यादवप्रकाश : 'अनिवार्य नेपाली व्याकरण र रचना'-२०५३।
३५. लामिछाने, कपिलदेव : 'अनिवार्य नेपाली'-२०६०, (लुम्विनी स्टुडेण्ट कर्नर, काठमाण्डौ)।
३६. विश्वनाथ : 'साहित्य दर्पण' (सविमर्श-'शशिकला' हिन्दी व्याख्योपेतः) व्याख्याकार-डा.सत्यव्रत सिंह, चौखम्वा विद्या भवन, वाराणसी, तृतीय परिच्छेद, (पुनः मुद्रित संस्करण २००५)।
३७. शमशेर, पुष्कर : 'नेपाली सजिलो व्याकरण'-२००१, (साझा प्रकाशन, पुल्चोक, ललितपुर,पाँचौं संस्करण २०१९)।
३८. शर्मा, पञ्चप्रसाद : 'अनिवार्य नेपालीको पाठ्यपुस्तक'-२०५४, (नवपुस्तक प्रकाशन, काठमाण्डौ)।
३९. शर्मा, वालचन्द्र : 'नेपाली शब्दकोश'-२०१९, (सृष्टि प्रकाशन चावहिल, काठमाण्डौ, द्वितीयप्रकाशन २०५७)।
४०. शर्मा, मोहनराज : 'शब्द रचना र वर्ण विन्यास', (नवीन प्रकाशन, काठमाण्डौ)।
४१. शर्मा, मोहनराज : 'शब्द रचना र वर्ण विन्यास'-२०३१, (नवीन प्रकाशन, काठमाण्डौ)।
४२. शर्म्मा, वसन्तकुमार 'नेपाल' : 'नेपाली शब्दसागर'-२०५७, (भाभा पुस्तक भण्डार, चावेल, काठमाण्डौ, तेस्रो सस्करण २०६१)।
४३. शर्मा, हर्षनाथ : 'अनिवार्य नेपाली रचना'-२०२३, (साझा प्रकाशन, पुल्चोक, ललितपुर,प्रथम संस्करण २०२३)
४४. शास्त्री, पं.ऋषभदेव : 'व्याकरणको दन्त्य कथा'-२०२७, (साझा प्रकाशन, पुल्चोक, ललितपुर)।
४५. शिक्षा पदाधिकारीहरू : 'माध्यमिक नेपाली व्याकरण र रचना' (ई.स. १९८५, राष्ट्रिय पुस्तक प्रकाशन, वस्नेतमार्ग, विशालगाउँ, सिक्किम, ११ औं संस्करण)।
४६. सापकोटा, उत्तम/रेग्मी, हरिप्रसाद/घिमिरे, थिरप्रसाद : 'अनिवार्य नेपाली व्याकरण, अभिव्यक्ति र साहित्य'-२०६०,(रक्तकाली एजुकेशन फाउण्डेशन, क्षेत्रपाटी, काठमाण्डौ)।
४७. सिग्द्याल, सोमनाथ : 'मध्यचन्द्रिका'-१९७६, (साझा प्रकाशन, पुल्चोक, ललितपुर),२४ औं संस्करण २०५५।
४८. सिंह, डा.सत्यव्रत श्री विश्वनाथ कविराज प्रणीतः, 'साहित्य दर्पण' (सविमर्श शशिकला हिन्दी व्याख्योपेतः), चौखम्वा विद्याभवन, वाराणसी २००५।
४९. ज्ञवाली, रामप्रसाद/भट्टराई, गणेशप्रसाद : 'अनिवार्य नेपाली'-२०५५, (भुँडीपुराण प्रकाशन, काठमाण्डौं)।
५०. Gautam, Choodamani : **'Nepali-English, Dictionary'**-2058, Gautam Prakashan, Biratnagar, edition : 2062.
५१. Karmacharya, K.L. & Vaidya, P.R. : **'Ajanta's Advanced Dictionary'**, Ajanta Prakashna, Delhi.
५२. Wehmeir, Sally : 'Oxford Advanced learner's Dictionary'-1948 (Oxford University press, Newyork, sixth edition 2000)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकतन्त्र

ईश्वरकान्त झा
उपप्राध्यापक

"मानव समुदायलाई सवैभन्दा बढि आकर्षित पारी रहने शासन व्यवस्था "लोकतान्त्रिक" शासन व्यवस्था बनी सकेको छ । कारण यो "वहुजनहिताय, वहुजनसुखायमा आधारित शासन व्यवस्था हो ।" "वहुजन हिताय र वहुजन सुखाय" "लोकतान्त्रिक शासन व्यवस्था को आत्मा हो" अतः यसलाई वहुजातीय शासन व्यवस्था भन्दा गलत नहोला । जहाँ कहिँ व्यक्तिगत लाभका कारण, -सांप्रदायिक, जातीय, भाषिक तथा धार्मिक, सांस्कृतिक विषयलाई "लोकतान्त्रिक" आधार बनाई, लोकतान्त्रिक शासन व्यवस्था लाई डोहोऱ्याइएको छ - त्यहाँ पटक-पटक लोकतान्त्रिक शासन व्यवस्थाको घाँटी निमोठिएको छ । जनताहरुलाई लोकतान्त्रिक शासन व्यवस्थाका लागि पटक-पटक क्रान्ति गर्नु परेको छ । लोकतान्त्रिक शासन व्यवस्था सर्वमान्य शासन व्यवस्था रहेकाले यो सर्वव्यापक शासन व्यवस्था वनिसकेको छ र विश्वको विभिन्न भागमा विभिन्न नामले जानिन्छ । जस्तै विशुद्ध प्रजातन्त्र, उदारवादी प्रजातन्त्र, औद्योगिक प्रजातन्त्र, जन लोकतन्त्र, प्राथमिक प्रजातन्त्र, निर्देशित प्रजातन्त्र, भागिदारी प्रजातन्त्र आदि यसको सर्वव्यापकताको कारण त्यस्तो शासन व्यवस्थाका लागि पनि लोकतन्त्र शब्दको प्रयोग गरिएका पाइन्छ; जहाँ लोकतन्त्र जस्ता कुनै कुरा देखिँदैनन् । तर लोकतन्त्र सदैव त्यस शासन व्यवस्थाको प्रतिक हुन्छ, जहाँको राजनीतिक व्यवस्था लोकतान्त्रिक छ । त्यस राजनीतिक व्यवस्थामा लोकतान्त्रिक गुणहरु छन् । लोकतन्त्र शासन व्यवस्थाको सवैभन्दा लोकप्रिय रुप हो, यो एउटा नैतिक विचार तथा जीवन शैली हो" । राज्यको रुपमा लोकतन्त्र त्यहाँ विद्यमान रहन्छ जहाँ राज्यको सम्पूर्ण शासन व्यवस्था र सत्ता जनतामा निहित हुन्छ । संविधानले "संप्रभुता" जनतामा निहित रहेको कुरा कानूनको कितावमा मात्र सीमित नराखी व्यावहारिक रुपमा जनतामा निहित रहेको देखाउन तत्पर रहन्छ । जनताको प्राकृतिक मौलिक अधिकारहरु, स्वतन्त्रता, समानता र समान अवसर जस्ता अधिकारहरुको रक्षा गर्न संविधान सक्षम छ भनी घोषणा गर्दछन् । सरकार सम्पूर्ण जनताको अधिकारलाई सम्मान गर्दछ र शासन व्यवस्थालाई निष्ठापूर्वक कार्यान्वयन गर्दछ भने त्यो राज्य स्वतः लोकतान्त्रिक राज्य कहलाउन थाल्दछ । लोकतन्त्र शासन व्यवस्थाको लोकप्रिय रुप रहेकाले विभिन्न व्यवस्थावादी सरकारहरुले आफ्नो शासन व्यवस्थाको अघि वा पछि लोकतन्त्र शव्दको प्रयोग गर्न रुचाएका छन् । इण्डोनेशियाको सरकारले आफ्नो शासन व्यवस्थालाई "सुरक्षित प्रजातन्त्र" भन्ने गरेको छ । पाकिस्तानले आफ्नो शासनलाई आधारभूत लोकतन्त्र भन्दछ । नेपालमा वर्तमान समयमा समावेशी लोकतन्त्रको कुरा उठाइँदैछ । लोकतन्त्रको लोकप्रियताको कारण वि.सं. २०४६ साल उता अलोकतान्त्रिक शासन व्यवस्थाले युक्त नेपालका पंचायती शासकहरुले आफ्नो शासन व्यवस्थालाई निर्दलीय पंचायती प्रजातन्त्र भन्ने गरेका थिए । त्यस्तै अलोकतान्त्रिक शासन व्यवस्थाले युक्त साम्यवादी सोभियतका सरकारले आफ्नो साम्यवादी शासनलाई "साम्यवादी प्रजातन्त्र" भन्ने गरेका थिए । निर्दलीय पंचायती शासकले वि.सं. २०२६ सालमा भूमिसुधार जस्ता कान्तिकारी कदम चाले र त्यस्तै आफ्नो शासन व्यवस्था भित्र विभिन्न वर्गीय संगठन खोल्न पाउने अधिकार जनतालाई दिई आफ्नो शासन व्यवस्थालाई प्रजातान्त्रिक भन्ने गर्दथे । साम्यवादी सोभियत रुसमा डा. प्रेडानेभको संविधान १९७७ ले आफ्नो संघीय राज्यहरुलाई आत्मनिर्णयको अधिकार र निर्वाचित साम्यवादी नेतालाई उचित अभियोग लगाई फिर्ता बुझाउने अधिकार दिएकाले आफुलाई प्रजातान्त्रिक भन्ने गरेका थिए । यसरी भेद सैद्धान्तिक आधारमा गरिए पनि व्यावहारिक अर्थमा लोकतान्त्रिक राज्यको आशय लोकतान्त्रिक शासन व्यवस्था संग छ । जो जनताको ईच्छामा आधारित शासन व्यवस्था हो । सरकार जनताद्वारा बनाइएको हुन्छ र सरकार जनता प्रति उत्तरदायी रहन्छ ।

"प्रजातन्त्र" शासनको एउटा रुप भएकाले प्रजातन्त्रको अर्थले मानिसको ध्यानलाई आकर्षित गरेका छन् । अंग्रेजीको डिमोक्रेसी शव्द "ग्रेसेली" भाषाको डिमोस+क्रेसीया को अंग्रेजी रुपान्तर हो र अंग्रेजीको डिमोक्रेसी शब्दको अर्थ जनताको शासन "प्रजातन्त्र" हो । यसलाई अझ प्रस्ट गर्ने हो भने अंग्रेजीमा "डिमोस" को अर्थ जनता हुन्छन् र क्रेशियाको अर्थ शासन हुन्छ । अर्थात् जनताको शासन, जसमा जनता शक्तिशाली रहन्छन् । महान् ग्रीक नेता पेरिकिलीस यसको परिभाषा – यस्तो शासनको रुपमा गरेको जसमा मानिस (जनता) शक्तिशाली हुन्छ । "अस्तु" ले प्रजातन्त्रलाई धेरैको शासन भनी परिभाषित गरेका थिए । संयुक्त राज्य अमेरिकाको राष्ट्रपति लिंकनले सन् १८६३ मा गेटिस वगको एउटा भाषणमा भनेका थिए लोकतन्त्र जनताको, जनताको निमित्त जनताद्वारा गरिने शासन हो । एउटा अंग्रेजी लेखक "शीले" लोकतन्त्र को परिभाषा यस्तो शासनको रुपमा गरे जसमा प्रत्येक जनताको भागिदारी रहन्छ । "डायसी" को दृष्टिकोणमा यो शासनको यस्तो रुप हो जसमा शासन गर्ने निकाय तुलनात्मक दृष्टिले सम्पूर्ण राष्ट्रको ठूलो भाग हुन्छ । "व्राईस" को विचारमा "हेराडोटस"को समयदेखि लोकतन्त्र शब्दको प्रयोग शासनको त्यस रुपलाई व्यक्त गर्नैको लागि हुँदै आएको छ ; जसमा कुनै राज्यमा शासन गर्ने शक्ति कुनै खास विशेष वर्गको अथवा विशेष वर्गहरुमा नभई समग्र रुपमा समाजको सदरुयहरुमा समाहित रहन्छ । लोकतन्त्रका उक्त परिभाषाहरु जे.सी. जौहरी र सीमा जौहरीद्वारा लेखिएको पुस्तक "आधुनिक राजनीति विज्ञानको सिद्धान्त" पेज नं. ३३४ मा उल्लेख छ । "लोकतन्त्र" को सम्वन्धमा भारतीय राष्ट्रपिता महात्मा गान्धीले २८-७-१९४६ मा हरिजनमा लेख्नु भएको छ कि साँचो लोकतन्त्रको संचालन केन्द्रमा बसेका (२० विस) व्यक्तिहरुद्वारा गरिने शासन होइनन् । यसको संचालन हर एक गाउँका मानिसहरुद्वारा गर्नुपर्दछ। नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्री स्व. विश्वेश्वरप्रसाद कोइरालाले संसद सचिवालयमा हलो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हलगोरुको फोटो टाँग्न लगाएका थिए । जो साँचो प्रजातान्त्रिक शासन व्यवस्थातिर लक्षित थियो । भारतीय प्रथम प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरुले लोकतन्त्रको व्याख्या एउटा भाषणमा यसरी गरेका थिए - "हामी लोकतन्त्रको परिभाषा थुप्रै दिन सक्दछौं, तर लोकतन्त्रको एउटा निश्चित परिभाषा, समाजको आत्म अनुशासन हो ।" जवर्जस्ती माथिबाट लादिएको अनुशासन होइन । समाज जतिनै अनुशासित रहन्छ ; लोकतन्त्र त्यतिनै विकसित हुन्छ । के.पी. यादवद्वारा लिखित पुस्तक "राजदर्शन" पश्चात् एवं भारतीय विचारक पेज नं. ५०८-९ मा उक्त विचारको व्याख्या गरिएको छ । "जाँन भाँक" तथा "एडमण्डवर्क" जस्ता महान उदारवादीहरुले सिमित शासनको भावलाई विकास गरे । पछि "वेन्थम" र "जेम्स स्टुअर्ट मिल" जस्ता उपयोगितावादीहरुले "सर्वाधिक व्यक्तिहरुको सर्वाधिक कल्याण" मानी प्रजातान्त्रिक शासनको विषयलाई न्यायसंगत सिद्ध गरे र "जाँन स्टुअर्ट मिल" ले आफ्नो नैतिक तर्कको बलमा प्रजातन्त्रको समर्थन गरे । यसको अतिरिक्त प्रजातन्त्रको आदर्शवादी तर्कको "रुसों", ग्रिन, "लिण्डसे" को रचनाहरुमा महत्वपूर्ण अभिव्यक्ति पाईन्छ । साथै प्रजातन्त्रको सम्वन्धमा "कार्ल मार्क्स" "लेनिन" को आफ्नै विचार एक ठाउँमा छन् । वहुलवादी विचारको आधुनिककालमा बढी लोकप्रियता पाइएको छ, यी विभिन्न विचार र सिद्धान्तको स्पष्ट हुन्छ कि लोकतन्त्र सर्वमान्य, सर्वव्यापक र सर्वश्रेष्ठ रहेको छ । लोकतान्त्रिक शासन र सरकार सर्वश्रेष्ठ सरकार हुन्छ । यसमा जनताले जनताद्वारा पूर्ण शासन गर्ने योग्यता र क्षमता माथि विश्वास राख्दछ । यसमा समाजको सवै वर्गले आ-आफ्ना कल्याण हुने विश्वास राखेको हुन्छ ।

